नगर बृहत् योजना-२०७७

वालिङ नगरपालिका

वालिङ, स्याङ्जा,

गण्डकी प्रदेश, नेपाल ।

नगर बृहत् योजना-२०७७

वालिङ नगरपालिका

वालिङ, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल ।

वालिङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

(बृहत् योजना नगर विकासका क्षेत्रगत नीति, योजना तथा कार्यक्रमको मार्गदर्शक दस्ताबेज हो । व्यापक जनसहभागितामा आधारित विधिबाट तयार भएको यो योजना आवधिक रूपमा समीक्षा र अद्यावधिक गर्ने पद्धतिमार्फत् जीवन्त दस्ताबेजका रूपमा रहने छ ।)

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

पत्र सङ्ख्याः

चलानी नम्बर :

बृहत् योजना शुभकामना

कुनै पनिनगरको विकासका लागि निश्चित योजना Resilient र Sustainable आवश्यक हुन्छ । नगरमा रहेका वस्तुगत तथ्यांक बिना निर्माण गरिएका योजनाहरू परिणाममुखी हुन सक्दैनन् । वालिङ नगरपालिका नेपालकै व्यवस्थित योजना बनाई कार्य गर्ने नगरपालिका हो । नगरबासीहरूसँग वालिङलाई **स्मार्ट नागरिक : स्मार्ट वालिङ** शहरका रूपमा विकास गर्ने ठुलो लक्ष्य लिएको छ । त्यही आधारमा अघिल्लो वर्ष घरधुरी सर्वेक्षण गरेर नगरका सबै सूचनाहरू समेटिएको व्यवस्थित नगर प्रोफाइल निर्माण गरेका थियौं । तिनै तथ्यांकहरूको आधारमा रहेर नगरको न्यायोचित विकास र समृद्धिका लागि वालिङ नगरपालिकाले झण्डै एक वर्षको समय लगाएर नगरको बृहत् योजना निर्माण सम्पन्न गरेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापश्चात् पहिलो पटक सम्पन्न भएको स्थानीय तहको निर्वाचन पछि जनप्रतिनिधि समक्ष नगरबासीहरूका थुप्रै अपेक्षाहरू थिए, छन् । ती अपेक्षाहरूलाई साकार पार्दै स्मार्ट नगरीका रूपमा विकासको फराकिलो राजमार्गमा हिँडाउन विभिन्न चरणका छलफलपश्चात् हामीले गतवर्ष नगरको पार्श्वचित्र निर्माण सम्पन्न गऱ्यौं । नगरबासीका घर घर पुगेर हाम्रा गणकहरूले घरधुरी सर्वेक्षण र डिजिटलाइज गर्न जीपीएस तथ्यांक समेत संकलन गरेका छन् । यी तथ्यांकहरूको समुचित उपयोग गर्दै झण्डै एक वर्षको अवधिमा पटक पटक नागरिकस्तरमा छलफल गरेर, विशेषज्ञहरूसँग अन्तरक्रिया गरेर नागरिकको सहभागितामा हामीले नगरको बृहत् योजना निर्माण गर्न सफल भएका छौं । यो नगरलाई अघि बढाउने विकासको मार्गचित्र हुने आधार दस्ताबेजका रूपमा हामीले बृहत् योजनालाई लिएका छौं । नगरमा उपलब्ध प्रचुर सम्भावनाहरूलाई आत्मसातगर्दै हामीले दूरदृष्टि तय गरेका छौं । "स्मार्ट नागरिक : स्मार्ट वालिङ" आफ्नो दूरदृष्टि तय गरेको वालिङ नगरपालिकाले उपलब्ध श्रोत, साधन र अवसरको अधिकतम सदुपयोग गर्दै उक्त सोंचलाई सार्थक बनाउने विश्वास लिएको छु ।

योजना निर्माणमा तलबाट माथि (Bottom Up Approach) मान्यताका आधारमा यो आधार दस्ताबेज तयार गरिएको हो । यो तयार गर्न हामीले हाम्रा मात्रै कुराहरू समेटेका छैनौं । योजनाका महत्वपूर्ण पक्षहरू आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वनवातावरण तथा विपद्व्यवस्थापन र संस्थागत विकास तथा सुशासनका विविध आयाममाथि प्रत्येक वडामा सहभागितामूलक उपस्थितिमा नागरिकहरूका सुझाव तथा समस्याहरू संकलन गरिएको थियो । संकलित सुझावहरूका आधारमा निर्माण भएको बृहत् योजनाको दस्ताबेजमाथि पुनः नगर नीति तथा योजना परिषदमार्फत् सार्वजनिक सुनुवाई गरेर पृष्ठपोषण प्राप्त गरी योजनालाई अन्तिमरूप दिएको हुँदा यसमा प्रत्येक्ष रूपमा नागरिकहरूको सहभागिता रहेको छ । यसकारण पनि यो दस्ताबेज सम्पूर्ण वालिङ नगरपालिकाको प्रतिनिधिमूलक आधार दस्ताबेज हो । यस बृहत् योजनाबाट १० वर्षमा Basic City, १५ वर्षमा Sustainable City, र २० वर्षमा Smart City घोषणा गर्न सक्षम हुनेछ भन्ने विश्वास लिएका छौं । कुनै पनि योजना सधैं स्थिर हुँदैन । समय सापेक्ष रूपमा योजनाहरूमा आवश्यक परिमार्जन गर्नुपर्ने हुन्छ । नगर बृहत् योजनाको निरन्तर समीक्षा, आवधिक परिमार्जन र पूर्ण रूपमा कार्यान्वयन गर्दै योजनालाई जीवन्तता प्रदान गर्न नगरपालिका प्रतिबद्ध रहेको छ । कार्यान्वयन गर्दै जाँदा समय अनुकुल परिमार्जन र निरन्तर समीक्षाका क्रममा नगर बृहत् योजनाथप परिस्कृत र विस्तृत हुँदै जानेछ भन्ने विश्वास लिएको छु ।

नगर बृहत् योजना निर्माण गर्न हामीलाई सहयोग गर्ने The Asia Foundation र प्राविधिक तथा सहजीकरणमा सहयोग गर्ने COMMITTED Nepal को सम्पूर्ण टिम, वडास्तरमा गठन गरिएको वडास्तरीय विषयगत कार्यदलहरू, छलफलमा सहभागी हुनु भएका आमनागरिकहरू, सुझाव र सल्लाह प्रदान गर्ने नीति तथा योजना परिषद्का सम्पूर्ण सदस्यज्यूहरू, विषयगत समितिका संयोजकतथा सदस्यहरू, शाखा प्रमुखहरू लगायत नगरपालिकामा रहेर बृहत् योजना निर्माणका क्रममा सहयोग गर्ने कमिटेड नेपालका प्रतिनिधि तथा सम्पूर्ण कर्मचारीहरूप्रति आभार व्यक्त गर्दछु । आगामी दिनमा समेत रचनात्मक सुझाव, सहयोग र सल्लाहको अपेक्षा गरेको छु । नगर बृहत् योजना प्रकाशनको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

.....

दिलिप प्रताप खाँण

नगर प्रमुख

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

पत्र सङ्ख्याः

चलानी नम्बर :

मेरो भन्नु

हामी नेपाली जनताको चाहाना, आन्दोलनको उपलब्धी संस्थागत गर्ने शिलशिलामा नेपालको संबिधान बमोजिम स्थानीयतहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न स्थानीय तहले आफूसँग उपलब्ध स्रोत र साधनलाई प्रबर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता, सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दीगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक आचरणलाई संस्थागत गर्न लागि परिरहेका छौं । हामी निर्वाचित भएको पनि तीन वर्ष पूरा गरी चार वर्षमा प्रवेश गरेका छौं । हामीले तीन वर्षमा गरिएका विकास निर्माण कार्यलाई निरन्तरता दिँदै आयोजनाहरूलाई दीगो र प्रभावकारी बनाउनका लागि वालिङ नगरपालिकाको नगर बृहत् योजना तयार गरेका छौं ।

स्थानीयतहलाई संबिधान प्रदत्त अधिकारको उपयोग गरी नगरबासी नागरिकको जीवन सञ्चालनार्थ सर्वसुलभ सरल र सहज गुणस्तरीय वस्तुहरूको उपलब्धता र उपयोगका माध्यमबाट सहज जीवनयापन गराउन स्थानीय सरकार प्रतिबद्धछ, र यसै शिलशिलामा २० वर्षीय नगर बृहत् योजना वालिङ नगरपालिकाको विकास कार्यक्रम, योजना तर्जुमा र कार्यान्वयनलाई योजनाबद्ध बनाउन क्षेत्रगत नीति योजना तथा कार्यक्रमको मार्गदर्शक दस्ताबेज हो । यो वालिङ नगरपालिकाको टोल, वडा तथा नगरस्तरमा अध्ययन तथा छलफल र अन्तरक्रिया गरी तयार पारिएको २० वर्षे लक्ष्यसहितको गुरुयोजना हो । यसले नेपाल सरकारले लिएको दीगो विकासलाई पनि टेवा पुऱ्याउने छ भन्ने विश्वास मैले लिएको छु । वालिङ नगरको समग्र पक्षको विकासमा मार्गदर्शक दस्ताबेजको रूपमा रहने यो योजना समयानुकुल आवश्यकता बमोजिम परिमार्जित गर्दै लगिने छ ।

अन्त्यमा यो प्रकाशनमा अमुल्य सुझाब प्रदान गर्नु हुने आदरणीय नगरबासी दिदी-बहिनी दाजु-भाईहरू, विभिन्न सघंसंस्था लगायत प्रत्येक्ष अप्रत्येक्ष सुझाब राख्नु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।

.....

कल्पना तिवारी

नगर उपप्रमुख

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

पत्र सङ्ख्याः
चलानी नम्बर :

नगर बृहत योजनाको सन्दर्भ.....

नेपालको संविधान २०७२ ले स्थानीय तहहरूलाई दिएको अधिकार बमोजिम स्थानीय विकास र सेवा प्रवाहको प्रक्रियालाई व्यवस्थित गर्दै लाने अपेक्षा अनुसार प्रभावकारी स्थानीय सरकारको अनुभूति आम नागरिकमा दिलाउन वालिङ नगरपालिका प्रयत्नशील छ । नगरको विकास अभ्यासलाई थप प्रभावकारी बनाउन र सीमित स्रोत साधनको आदर्शतम उपयोगमार्फत् विकास र सम्बृद्धिको नगरबासीको अपेक्षा पूरा गर्न योजनाबद्ध विकास अपरिहार्य भएकोले वालिङ नगरपालिकाले जनसहभागितामा आधारित पद्धतिबाट नगर बृहत योजना २०७७ तयार गरेको छ । स्मार्ट वालिङः स्मार्ट नागरिक को दूरदृष्टि सहित निर्माण गरिएको बृहत योजनाले नगरको दिर्घकालीन लक्ष्य, उद्देश्य, नीति आवधिक प्राथमिकता तय गरेको छ । सवै किसिमका योजना तथा कार्यक्रम तयारीको मार्गदर्शक दस्तावेजका रुपमा रहने बृहत योजनामा निर्धारित प्राथमिकता अनुसार वार्षिक कार्यक्रम कार्यान्वयन गर्न सकेमा नगरको विकासमा गरिने लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुने विश्वास रहेको छ ।

पारिवारिक र संस्थागत सर्वेक्षणबाट संकलित तथ्यांक तथा वडागत रुमपा सञ्चालन गरिएको केन्द्रित समूह छलफलबाट प्राप्त नगरबासीका सुझावका आधारमा नगरपालिकाले तयार गरी नगरसभाबाट अनुमोदन गरिएको यो योजनामा सवै नगरबासीको अपनत्व रहेको हुनाले योजना कार्यान्वयनमा पनि सवैको साथ र सहयोग रहने विश्वास छ । योजना कार्यान्वयनलाई व्यवस्थित बनाउनका लागि मध्यमकालीन खर्च संरचना लगायतका सार्वजनिक वित्त व्यवस्थापनका विधिहरू तय गरी बृहत् योजनाले निर्धारण गरेको प्राथकितालाई बार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरिने छ । योजना कार्यान्वयनको अनुभवका आधारमा आवधिक रुपमा यसमा आवश्यक परिमार्जन गरी जीवन्तता प्रदान गर्नुका साथै क्रमशः थप विस्तृत बनाउँदै लगिने छ ।

अन्त्यमा, नगर बृहत योजना निर्माणमा महत्वपूर्ण सहयोग गर्ने The Asia Foundation र COMMITTED तथा स्थानीय रुपमा यो प्रक्रियामा संलग्न जनप्रतिनिधि, कर्मचारी नगरपालिका नीति तथा योजना परिषद्, वालिङ नगरबासी लगायत सम्वद्ध सबै प्रति आभार व्यक्त गर्दछौ ।

धन्यबाद ।

.....
जीवन ज्ञवाली
प्रमुख प्रशासकिय अधिकृत

विषय सूची

खण्ड १ : प्रारम्भिक **१**
१.१. परिचय १
१.२. बृहत् योजनाको कानुनी आधार र सान्दर्भिकता २
१.३. बृहत् योजनाको क्षेत्र र सीमा ३

खण्ड २ : बृहत् योजना तर्जुमा विधि **५**
२.१. योजना तर्जुमा प्रक्रियाको सामान्य झलक ५
२.२. वस्तुस्थिति विश्लेषण ७
२.३. प्रारम्भिक मस्यौदा तयारी ९
२.४. मस्यौदा स्वीकृति र सार्वजनिकीकरण ९
२.५. योजना कार्यान्वयन ९
२.६. बृहत् योजना परिमार्जन वा संशोधन १०

खण्ड ३ : नगर परिचय **११**
३.१. पृष्ठभूमि ११
३.२. नगरको अवस्था चित्रण १२
३.३. नगरको जनसाङ्खिक अवस्था १४
३.३.१. जनसंख्या प्रक्षेपण १७
३.३.२. जनसंख्या प्रक्षेपण विधि १७

खण्ड ४ : नगरको समष्टिगत लक्ष्य **२१**
४.१. नगरको मुख्य प्राथमिकता २१
४.२. नगरको दूरदृष्टि २१
४.३. नगरको दीर्घकालीन लक्ष्य २२
४.४. अपेक्षित उपलब्धी २३

खण्ड ५ : क्षेत्रगत योजना **२५**
५.१. आर्थिक विकास २७
५.१.१. सीप तथा रोजगारी २८
५.१.२. पर्यटन ३१
५.१.३. उद्योग र वाणिज्य ३६
५.१.४. कृषि तथा पशुपालन ४१
५.१.५. सहकारी ४८
५.१.६. आर्थिक पूर्वाधार र राजस्व परिचालन ५०
५.१.७. स्थानीय आर्थिक विकास अन्तर्गत संगठनात्मक क्षमता विकास ५४
५.२. सामाजिक विकास ५९
५.२.१. शैक्षिक विकास ५९
५.२.२. स्वास्थ्य ७५
५.२.३. सम्पदा संरक्षण १०१
५.२.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण १०८
५.३. पूर्वाधार विकास ११५
५.३.१. भू-उपयोग तथा आवास व्यवस्थापन ११५
५.३.२. पार्क तथा मनोरञ्जन १३०
५.३.३. यातायात १३६
५.३.४. सार्वजनिक निर्माण १५२
५.४. वन, वातावरण र विपद् व्यवस्थापन १८१
५.४.१. प्राकृतिक स्रोत र वातावरण १८१
५.५. संस्थागत विकास र सुशासन २१९
५.५.१. संस्थागत विकास २१९
५.५.२. सुशासन २२०

खण्ड ६ : अनुगमन र मूल्याङ्कन **२२७**

अनुसूची १ : बृहत् योजना कार्यान्वयनको आर्थिक पक्ष ***२२९***

तालिका सूची

तालिका २.२	: विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्र	८
तालिका २.६	: बृहत् योजना परिमार्जन वा संशोधन आधार	१०
तालिका १/३.३	: नगरको जनसाङ्खिक स्थिति	१४
तालिका २/३.३	: उमेरसमूह अनुसार जनसंख्याको विवरण	१५
तालिका ३/३.३	: अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसङ्ख्याको विवरण	१६
तालिका ३.३.२	: वि.सं. २०९८ सम्मको जनसंख्या प्रक्षेपण	१८
तालिका ४.३	: नगरको दीर्घकालीन लक्ष्य	२२
तालिका ४.४	: नगरको अपेक्षित उपलब्धी	२३
तालिका ५.१.१	: आवधिक प्राथमिकता : सीप तथा रोजगारी	३०
तालिका ५.१.२	: आवधिक प्राथमिकता : पर्यटन	३३
तालिका ५.१.३	: आवधिक प्राथमिकता : उद्योग र वाणिज्य	३८
तालिका ५.१.४	: आवधिक प्राथमिकता : कृषि तथा पशुपालन क्षेत्र विकास	४४
तालिका ५.१.५	: आवधिक प्राथमिकता : सहकारी	४९
तालिका ५.१.६	: आवधिक प्राथमिकता : पूर्वाधार तथा राजस्व परिचालन	५१
तालिका १/५.१.७	: आवधिक प्राथमिकता : आर्थिक विकासको संस्थागत क्षमता	५५
तालिका २/५.१.७	: आर्थिक विकास क्षेत्रको अपेक्षित उपलब्धी	५७
तालिका १/५.२.१	: आवधिक प्राथमिकता : शिक्षा विकास	६६
तालिका २/५.२.१	: शिक्षा विकासको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य	७३
तालिका १/५.२.२	: नगरपालिकाका स्वास्थ्य संस्था तथा तिनको पूर्वाधारको अवस्था	७६
तालिका २/५.२.२	: आवधिक प्राथमिकता : स्वास्थ्य	८१
तालिका ३/५.२.२	: स्वास्थ्य क्षेत्रको अपेक्षित उपलब्धी	९९
तालिका ४/५.२.२	: स्वास्थ्य क्षेत्रको परिमाणात्मक लक्ष्य	१००
तालिका १/५.२.३	: आवधिक प्राथमिकता : सम्पदा संरक्षण	१०४
तालिका २/५.२.३	: सम्पदा संरक्षणको अपेक्षित उपलब्धी	१०८
तालिका १/५.२.४	: आवधिक प्राथमिकता : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	११०
तालिका २/५.२.४	: लैंगिक समानता तथा सामाजिक समावेशीकरणको परिमाणात्मक लक्ष्य	११३
तालिका १/५.३.१	: आवधिक प्राथमिकता : भू-उपयोग र आवास व्यवस्थापन	१२०
तालिका २/५.३.१	: भू-उपयोग तथा आवास व्यवस्थापनको अपेक्षित उपलब्धी	१२८
तालिका १/५.३.२	: आवधिक प्राथमिकता : पार्क तथा मनोरञ्जन	१३३
तालिका २/५.३.२	: पार्क तथा मनोरञ्जनको अपेक्षित उपलब्धी	१३५
तालिका १/५.३.३	: आवधिक प्राथमिकता : यातायात	१४०
तालिका २/५.३.३	: पूर्वाधार निर्माण तथा स्तरोन्नतीका लागि नगरको प्राथमिकतामा रहेका सडक	१५०
तालिका ३/५.३.३	: यातायात क्षेत्रमा हाँसिल हुने अपेक्षित उपलब्धी	१५२
तालिका १/५.३.४	: आवधिक प्राथमिकता : सार्वजनिक निर्माण	१६६
तालिका २/५.३.४	: सार्वजनिक निर्माण क्षेत्रको परिमाणात्मक लक्ष्य	१८०
तालिका १/५.४.१	: आवधिक प्राथमिकता : प्राकृतिक स्रोत तथा वातावरण	१८८
तालिका २/५.४.१	: प्राकृतिक स्रोत र वातावरणको परिमाणात्मक लक्ष्य	१९९
तालिका १/५.४.२	: आवधिक प्राथमिकता : विपद् तथा आपत्कालीन व्यवस्थापन	२०४
तालिका २/५.४.२	: विपद् तथा आपत्कालीन व्यवस्थापनको परिमाणात्मक लक्ष्य	२१६
तालिका १/५.५.२	: आवधिक प्राथमिकता : सुशासन प्रवर्द्धन	२२२
तालिका २/५.५.२	: सुशासन प्रवर्द्धनको परिमाणात्मक लक्ष्य	२२४
तालिका ६.१	: लागत अनुमानको सार संक्षेप	२२९

नक्सा सूची

नक्सा ३.१	:	वालिङ नगरपालिकाको राजनीतिक विभाजन	११
नक्सा ५.१.१	:	नगरमा बेरोजगारीको अवस्था	२८
नक्सा ५.१.२	:	वालिङ नगरपालिकामा रहेको पर्यटकीय क्षेत्र	३२
नक्सा ५.१.४	:	वालिङ नगरपालिकाको कृषिका विशेष उत्पादन क्षेत्र	४१
नक्सा १/५.२.१	:	सामुदायिक र संस्थागत विद्यालयहरूको विवरण	६१
नक्सा २/५.२.१	:	नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूको विवरण	६१
नक्सा ३/५.२.१	:	आधारभूत विद्यालयको क्षमता	६२
नक्सा ४/५.२.१	:	माध्यमिक विद्यालयको क्षमता सम्बन्धी विवरण	६२
नक्सा ५/५.२.१	:	आभारभूत तहमा अध्ययन गर्ने उमेरका विद्यालय बाहिर रहेका बालबालिका विवरण	६६
नक्सा ६/५.२.१	:	माध्यमिक विद्यालयको भौतिक तथा शैक्षिक सुविधाको अवस्था सम्बन्धी विवरण	६९
नक्सा ७/५.२.१	:	आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक सुविधाको अवस्था सम्बन्धी विवरण	७०
नक्सा १/५.२.२	:	नगरमा रहेका स्वास्थ्य संस्था	७६
नक्सा २/५.२.२	:	स्वास्थ्य संस्थाको सेवा क्षेत्र	८४
नक्सा ३/५.२.२	:	दीर्घरोगी बढी भएको क्षेत्र र स्वास्थ्य संस्था	९७
नक्सा ४/५.२.२	:	अपाङ्गता बढी भएको क्षेत्र र स्वास्थ्य संस्था	९८
नक्सा १/५.२.३	:	नगरपालिकाको भू-उपयोग वर्गीकरण नक्सामा चित्रित प्रमुख सम्पदा स्थान	१०५
नक्सा १/५.३.१	:	राष्ट्रिय भू-उपयोग परियोजनाबाट प्रस्तावित भू-उपयोग वर्गीकरण	११८
नक्सा २/५.३.१	:	घरधुरी जी.पी.एस. तथ्याङ्क र जमिनको भिरालोपनको चित्रण	१२६
नक्सा १/५.३.२	:	भू-उपयोग वर्गीकरणमा आधारित पार्क तथा सार्वजनिक स्थल, मनोरञ्जनस्थल र खेलकुद मैदान	१३०
नक्सा ५.३.३	:	नगरका मुख्य सडक	१४५
नक्सा १/५.३.४	:	पाइपको खानेपानीको पहुँचमा नरहेका परिवार	१६७
नक्सा २/५.३.४	:	शौचालय नभएका वा साधारण चर्पी प्रयोग गर्ने परिवार	१७०
नक्सा ३/५.३.४	:	विद्युत सेवा नपुगेका वा मिटर जडान नभएका घरधुरी	१७५
नक्सा ४/५.३.४	:	मोबाइल फोन नभएका परिवार	१७७
नक्सा १/५.४.१	:	घरदैलोमा फोहोर संकलन गरिएका घरघुरीहरू	१९२
नक्सा २/५.४.१	:	वडाको केन्द्रीय विन्दुबाट फोहोर प्रशोधन केन्द्र सम्मको दुरी	१९२
नक्सा ३/५.४.१	:	काठ दाउरालाई खाना पकाउने ऊर्जाको प्रमुख स्रोत बनाउने घरधुरी	१९७
नक्सा १/५.४.२	:	डुबान र पहिरोबाट जोखिमयुक्त बस्ती	२०६
नक्सा २/५.४.२	:	नगरमा रहेका आपत्कालीन प्रतिक्रिया क्षमता	२११
नक्सा ३/५.४.२	:	वन्यजन्तु आतंकबाट प्रभावित बस्ती	२१४

खण्ड १
प्रारम्भिक

१.१. परिचय

वालिङ नगरपालिका स्याङ्जा जिल्लाका विभिन्न ग्रामीण इकाईहरू समेटेर २०५४ मा गठन गरिएको हो । नगरको प्रकृति अनुसार विगतमा छरिएका बस्तीका तत्कालीन आवश्यकता पूरा गर्ने किसिमले विकासका कार्यक्रम सञ्चालन हुँदै आयो । यहाँको विकास स्थानीय तत्कालीन आवश्यकता र सामुदायिक स्वविवेकमा आधारित भएकोले योजनावद्ध नगरको जस्तो आधारभूत नगर विशेषता यस नगरमा छैन । त्यसैले यहाँका स्थानीय भौतिक पूर्वाधार, सेवा प्रदायक निकाय वा सेवा केन्द्र तथा सम्बद्ध अन्य कतिपय संरचनाको अवस्थिती शहरी विकासको मापदण्ड अनुकुल छैनन् । नगरको विकासको साविक अभ्यासमा रहेका कमी पूरा गर्दै स्मार्ट, सुखी र समृद्ध वालिङ निर्माणका लागि स्मार्ट सिटी योजना निर्माण र कार्यान्वयन लगायत विकास र सेवा प्रवाह प्रक्रियालाई निर्देशित र व्यवस्थित गर्न यस बृहत् योजना अघि सारिएको हो । यस नगरपालिकाले महत्वपूर्ण आवधिक प्राथमिकता निर्धारण र विकास योजनावद्ध बनाउने तर्फ विभिन्न प्रयास भएको भए पनि समग्र विकास योजना निर्माण र कार्यान्वयनको अभ्यासलाई वैज्ञानिक र उपलब्धीमूलक बनाउन मार्गनिर्देशक नीतिको कमी महसुस गरिँदै आएको थियो । यस पृष्ठभूमिमा नगरले पहिलो पटक बृहत् योजना निर्माण गरेको हो । स्रोत साधनको उपयोगलाई थप उपलब्धीमूलक बनाउन, स्रोतको उपलब्धता र विकासको आवश्यकता बिचमा सन्तुलन कायम गर्न तथा योजना निर्माणलाई थप सहभागितामूलक र ब्यापक बनाउन यो योजना निर्माणले प्रक्रिया र अपेक्षित प्रतिफल दुबैलाई महत्व दिएको छ । पहिलो पटक योजना बनाउँदा कतिपय विषयको गहिराईका सीमतता रहेको हुनसक्ने भएता पनि जीवन्त दस्ताबेजका रूपमा रहने बृहत् योजना समय क्रममा थप विस्तृत बन्दै जाने अपेक्षा गरिएको छ ।

नगरपालिकाले नागरिक सहभागितामा आधारित विधिमार्फत् नगर बृहत् योजनाको मस्यौदा तयार पारेको हो । नगरको अवस्था पहिचान गर्नघरधुरी सर्वेक्षणको विधिबाट तयार गरिएको नगर पार्श्वचित्र २०७५ तथा १४ ओटै वडामा भएको व्यापक विषय केन्द्रित नागरिक अन्तरक्रिया, नगरका विषयगत शाखा केन्द्रित रहेर गरिएको क्षेत्रगत सबल र कमजोर पक्ष तथा अवसर र चुनौती (SWOT) विश्लेषण तथा नगरस्तरीय योजना तर्जुमा निर्देशक समितिको विस्तारित बैठक एवं नगर कार्यपालिका र विषयगत समितिस्तरमा भएको छलफलका आधारमा योजनालाई वर्तमान स्वरूप दिइएको छ। बृहत् योजनाको उद्देश्य विकासका कार्यक्रमलाई जन अपेक्षामा आधारित र उपलब्धीमूलक बनाउन तथा लगानीको मौद्रिक मूल्य सार्थकता हाँसिल गर्न सहयोग गर्नु हो । यसमा समेटिएका क्षेत्रको व्यापकताका कारणले आगामी २० वर्षसम्मका लागि तय गरिएको समग्र कार्यक्रमको लागत अनुमान गरी विश्वसनीय आँकडा प्रस्तुत गर्नु प्रायः असम्भव हुने भएपनि नगरलाई बृहत् योजनाले तय गरेका कार्यक्रम कार्यान्वनका लागि लाग्ने लागतको स्रोत जुटाउने आधारका रूपमा लागतको मोटामोटी अनुमान यो योजनाको अनुसूचीमा समेटिएको छ । स्मार्ट सिटी योजना प्रतिवेदनमा सुझाइएका क्षेत्रगत कार्यक्रम तथा लागत अनुमानले पनि कार्यक्रमगत लागत विश्लेषणमा सहयोग गर्नेछ । हाल लागत प्रक्षेपणका लागि गरिएको अभ्यासमा आधारित रही समग्र क्रियालाप र आयोजनाको लागत विश्लेषणको कार्य यस योजनामा निर्धारित प्राथमिकताको अधिनमा रही तयार हुने विस्तृत क्षेत्रगत वार्षिक योजना तयारीको क्रममा हुने यस क्रममा यस योजनालाई समेत थप विस्तृत र परिस्कृत बनाउँदै लगिने छ ।

१.२. बृहत् योजनाको कानुनी आधार र सान्दर्भिकता

नगरको समष्टीगत लक्ष्य, उद्देश्य नीति तथा प्राथमिकताका आधारमा विकासका कार्यक्रमलाई नतिजामूलक बनाउने कामको नेतृत्व स्थानीय तहले गर्नसके समृद्ध नेपालः सुखी नेपालीको सोच हाँसिल गर्नमा सहयोग पुग्ने हुनाले यस नगरपालिकाले नगरवासीको सुख र समुन्नतीलाई केन्द्रमा राखेर स्मार्ट वालिङको परिकल्पना साकार पार्न विस्तृत योजना निर्माणको कार्य अघि बढाएको हो । यो सीमित स्रोत र साधनको आदर्श उपयोगको सुनिश्चिततामा नगरवासीको चाहना पूरा गर्नका लागि योगदान गर्न नगरवासीकै सहभागितामा तयार गरिएको दस्ताबेज हो । नगरको सेवा प्रवाह र विकासका कार्यक्रम तर्जुमालाई निर्देशित गर्न तयार गरिएको नगर बृहत् योजनाले विकास र समृद्धिको जनचाहना पूरा गर्न लाग्ने अवधि कम गर्न र नगरको विकास प्रयासको प्रभावकारिता बढाउनमा योगदान गर्ने अपेक्षा रहेको छ । नगरले आफ्नो वार्षिक विकास योजना तर्जुमा र प्राथमिकीकरण गर्दा स्मार्ट नगरको सोच, दीर्घकालीन रणनीति र मध्यकालीन विकास योजनालाई आधार बनाउन सक्ने वातावरण बनाउन यो योजनाले मुख्य योगदान गर्नेछ । बृहत् योजनाले नगरपालिकाको राजस्व सुधारको विधि निर्धारण र कार्यान्वयन, पुँजी सुधार कार्यक्रम निर्माण तथा भू-उपयोग कार्यान्वयन योजना तयारीमा पनि योगदान गर्ने अपेक्षा गरिएको छ । दीर्घकालीन विस्तृत योजना, मध्यकालीन विकास योजना र वार्षिक विकास कार्यक्रम निर्माणको सबै प्रक्रियामा नागरिकहरूको कार्यात्मक संलग्नतामार्फत् मात्र विकास कार्यक्रमको प्रभावकारिता र दीगोपन सम्भव छ । विकास कार्यक्रमप्रति आमनगरवासीले अपनत्वको महसुस गर्ने वातावरणका लागि पनि सबै प्रक्रियामा बढी भन्दा बढी नागरिक संलग्नता आवश्यक हुन्छ । यसलाई दृष्टिगत गरी विद्यमान संवैधानिक र कानुनी व्यवस्थाको अधिनमा रही सहभागितामूलक पद्धतिबाट बृहत् योजना तयार गरिएको छ ।

नेपालको संविधान २०७२ को धारा ५७ (४) अनुसारको अनुसूची ८ मा उल्लिखित स्थानीय सरकारको अधिकारको सूची र धारा ५९ मा उल्लिखित विकास आयोजना सम्बन्धी प्रावधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११, १२, १४, १५ र २४ को अधिनमा रही दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नागरिकहरूको सहभागितामा व्यवस्थित र प्रभावकारी रूपमा नगरपालिकाको विस्तृत योजना (Comprehensive Plan) तर्जुमा गर्ने सम्बन्धमा आधारभूत प्रक्रिया र विधि निर्धारण गर्न वालिङ नगरपालिकाले विस्तृत योजना तर्जुमा कार्यविधि २०७६ जारी गरेको छ । सोही कार्यविधिका आधारमा पहिलो पटक नगर बृहत् योजना तयार गरिएको हो । यस क्रममा नगरको एकल अधिकार तथा संविधानले साझा अधिकारको रूपमा राखी स्थानीय सरकार सञ्चालन ऐनमार्फत् स्पष्ट गरिएका विषयका साथै, जनताको घरदैलोमा रहेको सरकारबाट जनताले गर्ने अपेक्षा पूरा गर्नमा निर्वाह गर्नुपर्ने व्यवहारिक जिम्मेवारीका विषयलाई समेत मध्यनजर गरिएको छ ।

कार्यविधिमा नगरको विस्तृत योजनाको अवश्यकता र उद्देश्य, योजना तर्जुमा प्रक्रिया, योजना तर्जुमाका क्रममा जनसहभागिताको विधि विभिन्न योजना तयारीका क्रममा विभिन्न पक्ष तथा निकायको भूमिका, योजना कार्यान्वयन तथा परिमार्जन लगायतका विधि निर्धारण गरिएको छ ।

कुनै पनि विकास योजना सम्बन्धित सरकारको कार्यकारीले अघि सार्ने विकासका कार्यक्रमको गन्तव्य निर्धारक र पथ प्रदर्शक हो । तथापि समय क्रममा आउने परिवर्तनलाई आत्मसात गरी त्यसमा आवश्यक सुधार र परिमार्जन गर्दै विकासका योजना कार्यान्वयन हुने कुराको प्रत्याभूति आमनागरिकलाई दिलाउन सकेमात्र सरकार प्रति नागरिकको विश्वास प्राप्त हुन्छ । त्यसैले वालिङ नगरपालिकाले बृहत् योजनामा नगरवासीको अपनत्व सुनिश्चिततताका साथै नगरवासीको परिवर्तित आवश्यकता सम्बोधन गर्दै यसलाई समयक्रममा अद्यावधिक गरी जीवन्त बनाउने छ ।

१.३. बृहत् योजनाको क्षेत्र र सीमा

वालिङ नगरपालिकाको बृहत् योजनाले नगरको विकास र सेवा प्रवाहका प्रमुख क्षेत्रहरूलाई समेट्ने प्रयास गरेको छ भने नगरको आन्तरिक स्रोत विस्तार र बाह्य स्रोत प्राप्तिमा समन्वयका विषय समेत समेटिएको छ । स्मार्ट सिटी निर्माणका लागि आवश्यक कतिपय विषयलाई पनि यसमा समेट्ने प्रयास गरिएको छ । नगरले गर्दै आएको विकास विषयगत विभाजनको अभ्यासमा प्रयोग गरिएको आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावारण र विपद् ब्यवस्थापन तथा संस्थागत विकास र सुशासन जस्ता विषयगत क्षेत्र अन्तर्गतका विशिष्ठ सेवा क्षेत्र यो योजनामा समेटिएको छ । जसमा विगतमा खास विषयगत क्षेत्रमा नरहेका भू-उपयोग, नगरको शान्ति सुरक्षा र आपत्कालीन व्यवस्थापन जस्ता विषयलाई पनि उपयुक्त विषयगत क्षेत्रभित्र राखिएको छ । सूचनाको विश्वसनीयताका लागि नगर आफैंले घरधुरी सर्वेक्षण गरी नगर पार्श्वचित्र तयारी तथा केन्द्रित समूह छलफलद्वारा आमनागरिकको धारणा संकलनको विधिमार्फत्बृहत् योजनालाई वास्तविक समस्याको केन्द्रसम्म पुगेर समस्या समाधानको आधार पहिल्याउने माध्यमका रुमपा अघि बढाउन खोजिएको छ । योजना तर्जुमा प्रक्रियामा भएका केन्द्रित समूह छलफल प्रतिनिधिमूलक रूपमा वडास्तरमा मात्र हुनु तथा वडास्तरसम्मका हरेक विशिष्ठ क्रियाकलाप र वार्षिक कार्यतालिकाको सूची र तिनको लागत समावेश गर्न नसकिनुलाई यो योजनाको सीमितताका रूपमा लिन सकिन्छ । तर वडागत कार्ययोजना वा समुदायगत स-साना क्रियाकलापको सूची बनाउने नभई समग्र विकास प्रयासलाई दिशानिर्देश गर्ने यस योजनाको ध्येय हो । बृहत् योजनाले सबै किसिमका विपद् तथा आपत्कालीन अवस्थाको सामान गर्न आवश्यक नीति निर्देशन गरेको भएपनि योजना तयारीको अन्तिम समयमा देखिएको कोभिड १९ को महामारीलाई अल्पकालीन कार्यक्रममा केही रूपमा समेट्नु पर्ने आवश्यकता देखिएकोले सहभागितामूलक पद्धतिको प्रक्रिया पूरा नगरी एकाध कार्यक्रम तय गरिएका छन् जसमा योजना तर्जुमामा जनसहभागिताको निर्धारित प्रक्रिया पालना गर्न नसकिनुलाई पनि योजनाको सीमा रूपमा लिइएको छ । यद्यपी जीवन्त दस्ताबेजका रूपमा पहिलोपटक तयार पारिएको यस बृहत् योजनालाई स्थानीय कार्यविधिमा तोकिए बमोजिम आवधिक रूपमा परिस्कृत गर्दा तथा क्षेत्रगत नीति, रणनीति तथा योजनामार्फत् यी सीमितता पूरा हुनेछ ।

खण्ड २
बृहत् योजना तर्जुमा विधि

२.१. योजना तर्जुमा प्रक्रियाको सामान्य झलक

वालिङ नगरपालिकाको नगर विस्तृत योजना तर्जुमा कार्यविधि २०७६ ले निर्धारण गरेका विधि र प्रक्रियामार्फत् बृहत् योजनाको यो मस्यौदा तयार परिएको हो । योजना तर्जुमाका लागि सुझाव संकलनका क्रममा सहभागी भएर आ-आफ्नो राय राख्न आमनागरिकलाई प्रदान गरिएको खुला अवसर, मस्यौदाको हरेक विषयमा नगरका जनप्रतिनिधिहरू तथा विषयगत शाखा बिचमा विस्तृत छलफलमार्फत् बृहत् योजनालाई अधिकतम जनसहभागितामा आधारित बनाएको छ । मस्यौदा अध्ययन र पृष्ठपोषणका लागि सार्वजनिक गरी सुझाव संकलन गर्ने विधिबाट नागरिक सहभागितामा रहेका कमी पूर्तिको प्रयास समेत गरी योजनालाई अन्तिम रूप दिइएको हो ।

वालिङ नगरपालिकाले बृहत् योजनाको समग्र प्रक्रियामा सहयोगी संस्थाको प्राविधिक सहयोग लिएको थियो । यसका लागि नगरले समस्या पहिचान, योजना तयारी, सार्वजनिकीकरण, पृष्ठपोषण प्राप्ति लगायत तल उल्लिखित चरण पूरा गरिएको थियो ।



वालिङ नरपालिकाले निर्धारण गरेको विस्तृत योजना तर्जुमा प्रक्रियामा आमनागरिकको अधिकतम् सहभागिताका लागि वडा तथा नगरस्तरमा नागरिक केन्द्रित संरचना अर्थात् वडास्तरीय विषयगत समिति, नगरस्तरीय नगरपालिका नीति तथा योजना परिषद् निर्माण गरेको थियो भने योजना तर्जुमाको मुख्य भूमिका भने नगरपालिका स्वयंले लिएको थियो । बृहत् योजनाको समग्र प्रक्रियामा विभिन्न पक्षको भूमिकालाई विस्तृत योजना तर्जुमा कार्यविधिमार्फत् व्यवस्थित गरिएको छ । जसको प्रमुख पक्ष यहाँ प्रस्तुत छ ।

बृहत् योजना तर्जुमामा संलग्न संरचना तलको प्रवाह चित्रमा प्रस्तुत गरिएको छ ।



क) नगरसभा : नगर कार्यपालिकाले अन्तिम स्वीकृतिका लागि सभामा पेश भएपछि बृहत् योजनामाथि छलफल गरी अन्तिम स्वीकृति प्रदान गर्ने ।

ख) योजना तर्जुमा निर्देशक समिति : योजना निर्माण प्रक्रियाको नेतृत्व र आवश्यक नीतिगत निर्णय, सोच, लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने ।

ग) नगर कार्यपालिका : योजनाको मस्यौदामाथि नागरिकस्तरमा छलफलको वातावरण बनाउने तथा नागरिक सुझाव समेत लिएर नगर बृहत् योजनाको मस्यौदा तयार पार्ने र आवश्यक परिमार्जन गर्ने । मस्यौदामाथि दफावार छलफल गरी नागरिक सुझाव समेत अध्ययन गरी त्यसका आधारमा बृहत् योजनाको अन्तिम मस्यौदा स्वीकृतिका लागि नगरसभामा पेश गर्ने ।

घ) विषयगत समिति र शाखा : योजना निर्माणमा आफ्नो क्षेत्रसँग सम्बन्धित सूचना संकलन, एकीकरण र विश्लेषण गरी योजना निर्माणको प्राविधिक कार्यको नेतृत्व र कार्यपालिकासँग समन्वय गर्ने ।

ङ) नगरपालिका नीति तथा योजना परिषद् : विषयगत समिति, नगर कार्यपालिका तथा वडास्तरीय नागरिक कार्यदलसँग निरन्तर सम्पर्क र समन्वयमा रही सबै क्षेत्रबाट आएका सुझाव एकीकृत गरी नागरिकका तर्फबाट योजनाको मस्यौदा माथि नगरपालिकालाई पृष्ठपोषण दिने । साथै नगरपालिकाको आवश्यकता अनुसार योजना तथा नीति निर्माणमा सहयोग र समन्वय गर्ने ।

च) वडा समिति : वडास्तरीय केन्द्रित समूह छलफल र नागरिक कार्यदलमा हुने छलफलहरूको सहजीकरण गर्ने र बृहत् योजनामा विषयगत कार्यदलले दिने सुझाव तथा पृष्ठपोषण, नगरपालिका नीति, योजना परिषद् तथा नगरपालिकामा पठाउने ।

छ) वडास्तरीय विषयगत कार्यदल : वडास्तरमा नागरिकका समस्या र समाधानका विकल्पबारे आमजनताको प्रतिनिधित्व गरी वडा वा नगरपालिका नीति तथा योजना परिषद्मार्फत् नागरिक आवाजलाई नगरपालिकासम्म पुऱ्याउने, केन्द्रित समूह छलफलमा सहभागिता जनाउने तथा सहभागी जुटाउने ।

ज) सहयोगी संस्था : योजना तर्जुमा प्रक्रिया अन्तर्गत पूर्वतयारी, सूचना संकलन, विभिन्न तहका छलफल र मस्यौदा तयारी लगायतमा नगरपालिकालाई प्राविधिक एवं विशेषज्ञ सेवा उपलब्ध गराउने ।

माथि उल्लिखित प्रक्रिया तथा संस्थागत संरचनाले बृहत् योजना तयारीमा आवश्यक भूमिका निर्धारण गरेको भएता पनि योजना निर्माणको समग्र प्रक्रियालाई मूलतः तीन प्रमुख चरणमा विभाजन गरिएको थियो । जसलाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।



२.२. वस्तुस्थिति विश्लेषण

बृहत् योजना निर्माणलाई नगरपालिकाको वास्तविक समस्या समाधानमा केन्द्रित गर्न नगरको वस्तुस्थिति विश्लेषण प्रक्रियालाई सकेसम्म वैज्ञानिक र सहभागितामूलक बनाउने प्रयास गरिएको थियो । वस्तुस्थिति विश्लेषणका लागि अवलम्बन गरिएको प्रमुख तीनवटा विधि तल प्रस्तुत छ ।

- घरधुरी सर्वेक्षण र संस्थागत सूचना संकलन विधिमार्फत् नगर पार्श्वचित्र तयारी तथा तथ्यांङ्कको थप विश्लेषण
- केन्द्रित समूह छलफलबाट नागरिक विचार संकलन
- नगरको विषयगत शाखाबाट नगरको क्षेत्रगत सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT) विश्लेषण

नगर बृहत् योजना तयारीको पूर्व तयारी स्वरूप नगरको जनसंख्या, विभिन्न विकास र सेवाको स्तर र पहुँचको अवस्था लगायत महत्वपूर्ण सूचना घरधुरी सर्वेक्षणमार्फत् संकलन गरिएको थियो । नगरपालिकाले निर्धारण गरेका तल उल्लिखित ५ वटा विषयगत क्षेत्र र बृहत् योजनाको लक्ष्य प्राप्तिमा योगदान पुग्ने गरी अन्य क्षेत्र समेत समेटेर नागरिकको आवश्यकता पहिचान र योजना निर्माण सम्बन्धी समुदायस्तरीय छलफल गरिएको थियो ।

सर्वसाधारण नगरवासीले नगरपालिका (सरकार) बाटप्राप्त गर्नुपर्ने आधारभूत सेवा जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, विद्युत, सिँचाइ, कृषि तथा पशु प्राविधिक सेवा आदिले बृहत् योजनामा पर्याप्त स्थान पाउने सुनिश्चिताका लागि विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्रको समूह बनाइएको थियो ।

तालिका २.२ : विभिन्न विषयगत क्षेत्र अन्तर्गतका उपक्षेत्र

क्रं.स.	विषयगत क्षेत्र	प्रमुख क्षेत्र अन्तर्गतका उपक्षेत्र
१	आर्थिक विकास	कृषि र पशुपालन, स्वरोजगार, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र
२	सामाजिक विकास	शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
३	पूर्वाधार विकास	सडक तथा पुल, झोलुङ्गे पुल, सिँचाइ, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, सञ्चार, पार्क, खेल मैदान आदि, यातायातको वैकल्पिक माध्यम
४	वातावरण तथा विपद् व्यवस्थापन	वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् पूर्वतयारी र प्रतिकार्य
५	संस्थागत विकास सेवा प्रवाह तथा सुशासन	मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवाप्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, सूचनाको हकको प्रत्याभूति, लेखांकन, राजस्व परिचालन, वित्तीय अनुशासन आदि ।

माथि उल्लिखित विषयगत क्षेत्रलाई तल उल्लिखित मुख्य विषयमा समाहित गरिएको थियो भने संस्थागत विकास र सुशासनलाई सबै क्षेत्रको अन्तरसम्बन्धित सवालका रूपमा समेटी समुदाय र नगरस्तरमा छलफल गरिएको थियो ।

क्षेत्र १ : भू-उपयोग
क्षेत्र २ : आर्थिक विकास
क्षेत्र ३ : यातायात
क्षेत्र ४ : सार्वजनिक निर्माण
क्षेत्र ५ : वातावरण
क्षेत्र ६ : शिक्षा
क्षेत्र ७ : स्वास्थ्य
क्षेत्र ८ : आपत्कालीन सेवा क्षेत्र
क्षेत्र ९ : प्राकृतिक स्रोत साधन
क्षेत्र १० : आवास विकास
क्षेत्र ११ : पार्क तथा मनोरञ्जन
क्षेत्र १२ : ऐतिहासिक/साँस्कृतिक सम्पदा संरक्षण

स्मार्ट सिटीको स्तरमा पुग्ने गरी मुलुकका केही नगरपालिकाभित्र समावेश भएको यस नगरलाई स्मार्ट सिटीको स्तरमा लैजानका लागि नागरिक सुझाव संकलनमा पनि केन्द्रित समूह छलफललाई उपयोग गरिएको थियो । सो क्रममा हरेक क्षेत्रका समस्या तथा समाधानका उपायका सम्बन्धमा नागरिकले आफ्नो राय स्वतन्त्र रूपमा राख्न सक्ने र खास व्यक्तिको धारणाले अन्यको भावना प्रस्तुतीलाई सीमित नगर्ने गरी वडास्तरमा भौगोलिक क्षेत्र, पेशा तथा व्यवसाय एवं महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकसहितको सहभागिता सुनिश्चित हुने गरी छलफल सञ्चालन गरिएको थियो । सहयोगी संस्था तथा नगरको सम्बन्धित शाखाका प्रतिनिधिको सहजीकरणमा केन्द्रित समूह छलफल गरी सबैको सुझाव छलफलकै समयमा टिपोट गर्ने व्यवस्था मिलाइएको थियो । नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष तथा कार्यपालिका र नगरसभा सदस्यबाट यो प्रक्रियाको अनुगमन र सुपरिवेक्षण तथा कतिपय अवस्थामा सहजीकरणको भूमिका पनि निर्वाह गरिएको थियो । वडागत छलफलको अन्त्यमा सहभागी मध्येबाट नगरको दूरदृष्टि निर्धारणका लागि सुझाव लिइएको थियो । प्रक्रियामा वालिङका १४ वटा वडाबाट झण्डै १ हजार ४ शय नगरवासीको प्रत्यक्ष सहभागिता थियो ।

केन्द्रित समूह छलफलबाट प्राप्त नागरिकको विचार तथा सुझाव एकीकृत गरी समस्या र समाधानका उपायको वडागत सँगालो पनि तयार गरिएको छ । तथापि त्यसलाई जस्ताको तस्तै बृहत् योजनाको अंग बनाइएको भने छैन । यसरी केन्द्रित समूह छलफल, नगर पार्श्वचित्र, अन्य नीतिगत दस्ताबेज तथा बाह्य स्रोतका सूचना समेत समावेश गरी सम्बन्धित क्षेत्रमा नगरको सवल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौति (SWOT) विश्लेषण गरिएको थियो । विश्लेषणको विस्तृत दस्ताबेज नगरले आन्तरिक प्रयोजनमा उपयोग गर्नेछ भने सो क्रममा प्राप्त तथ्याङ्कको विश्लेषण हरेक कार्यक्रमको सान्दर्भिकता विश्लेषण गरी यही योजनामा समावेश गरिएको छ ।

२.३. प्रारम्भिक मस्यौदा तयारी

नगरको वस्तुस्थिति विश्लेषणपछि सबै क्षेत्रका समस्या समाधानका उपायका सन्दर्भमा नागरिकको सुझाव पुनरावलोकन गरी नगर प्रमुखको संयोजकत्वमा नगर कार्यपालिका तथा विषयगत शाखासहितको बैठकबाट नगरको दूरदृष्टि र दीर्घकालीन लक्ष्य निर्धारण गर्नुका साथै प्राविधिक समूहले तयार पारेको क्षेत्रगत लक्ष्य, उद्देश्य, नीति तथा प्राथमिकतासहितको बृहत् योजनाको क्षेत्रगत प्रारम्भिक मस्यौदामाथि सम्बन्धित विषयगत समितिले विस्तृत रूपमा छलफल गरी नगर पार्श्वचित्रको प्रारम्भिक मस्यौदा तयार गरिएको हो । प्रारम्भिक मस्यौदा तयारी पछि मस्यौदालाई पूर्णता दिने र पृष्ठपोषण लिने प्रक्रिया निम्नानुसार निर्धारण गरिएको थियो ।

- नगर कार्यपालिकामा बृहत् योजनाको एकीकृत मस्यौदामाथि छलफल गरी आवश्यक परिमार्जनसहित नागरिकस्तरीय टिप्पणी तथा पृष्ठपोषणका लागि सार्वजनिकीकरण
- नगरपालिका नीति तथा योजना परिषद्को नेतृत्वमा वडागत छलफल तथा नगरस्तरीय सार्वजनिक सुनुवाई
- नगरपालिका नीति तथा योजना परिषद्बाट नागरिकस्तरमा संकलित सुझाव एकीकृत गरी विषयगत समितिमार्फत् नगर कार्यपालिकामा पेश

२.४. मस्यौदा स्वीकृति र सार्वजनिकीकरण

नगर कार्यपालिकाबाट सार्वजनिक गरिएको यस मस्यौदामाथि जनस्तरमा भएका छलफल तथा व्यक्तिगत टिप्पणी र सुझाव अध्ययन गरी बृहत् योजनालाई आवश्यकता अनुसार नगर कार्यपालिकाले आवश्यक परिमार्जनसहित अन्तिम स्वीकृतिका लागि नगर सभामा पेश गरेको थियो । नगरसभाले मस्यौदा अध्ययन गरी आवश्यक सुझावसहित स्वीकृत गरको हो । नगरसभाबाट स्वीकृत भएसँगै बृहत् योजना कार्यान्वयनमा जानेछ भने यसका आधारमा आमनगरिकले नगरपालिकालाई थप जवाफदेही बनाउन सुसूचित भूमिका निर्वाह गर्न सक्ने छन् । सार्वजनिक भएसँगै समय समयमा यो योजना परिमार्जन गर्नुपर्ने देखिएमा नगरवासीले निरन्तर सल्लाह, सुझाव र परामर्श दिने छन् । त्यस्ता पृष्ठपोषणले योननाको आवधिक समीक्षा र परिमार्जनमा समेत सहयोग पुग्नेछ ।

२.५. योजना कार्यान्वयन

बृहत् योजना समग्र विकास योजना तथा कार्यक्रमको मार्गदर्शक नीतिगत दस्ताबेजका रूपमा रहने छ । यसमा उल्लेखित नीति तथा कार्यक्रम नगरपालिकाले निर्धारित प्राथमिकता अनुसार नै कार्यान्वयन गर्नेछ । बृहत् योजना कार्यान्वयनको समीक्षा तथा परिमार्जन पनि आवश्यकता अनुसार समय समयमा गरिने छ । योजना कार्यान्वयन, परिमार्जन वा संशोधनको प्रक्रियालाई पनि अधिकतम् सहभागितामूलक बनाइने छ । यो योजनाले सुझाएका विभिन्न क्षेत्रगत नीति, कानुन, रणनीति तथा योजना निर्माण र कार्यान्वयनलाई पनि प्राथमिकताका साथ अघि बढाइने छ । यो प्रक्रियाको सहजीकरणका लागि प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षण हुने गरी एक नगरस्तरीय योजना शाखा निर्माण गरिने छ । यो प्रक्रियामा आवश्यक

सल्लाहकारी भूमिका नगर नीति तथा योजना परिषद्को रहने छभने यो प्रक्रियालाई संस्थागत गर्न दीर्घकालमा नगरस्तरको योजना आयोगको परिकल्पना पनि गरिएको छ । नगरमा रहेका विषयगत समितिले क्षेत्रगत कार्यक्रम कार्यान्वयनको समीक्षा, क्षेत्रगत कार्यक्रम वार्षिक कार्यक्रम तथा बजेट बिचको सामञ्जस्यता कायाम गर्ने जस्ता कार्यको समन्वयकारी भूमिका निर्वाह गर्नेछन् भने विषयगत शाखा तथा अन्तर्गतका इकाईहरूले कार्यान्वयनको मुख्य भूमिका निर्वाह गर्नेछन् । वडा समितिहरूले बृहत् योजना र समुदाय तहमा कार्यान्वयनहुने योजनाको बिच तालमेल कायम गर्नमा सम्बन्धित विषगत समितिलाई सहयोग गर्नेछन् भने कार्यक्रम कार्यान्वयनमा पनि भूमिका निर्वाह गर्नेछन् ।

योजनाको कार्यान्वन, समय समयमा नागरिक सुझावका आधारमा परिमार्जन तथा योजनाको तथ्यमा आधारित नागरिक खबरदारीको माध्यमबाट योजनाको सान्दर्भिकता निरन्तर कायम भइराख्ने अपेक्षा गरिएको छ । स्थानीय कानुन बमोजिम निर्माण भएको यो योजनामा थपघट तथा परिमार्जनका लागि पनि कानुनमा निर्धारित सहभागिता मुलक पद्धतिको अधिकतम् उपयोग गरिने छ ।

२.६. बृहत् योजना परिमार्जन वा संशोधन

यो योजनालाई जीवन्तता दिन नियमित समीक्षा र परिमार्जन अपरिहार्य हुन्छ । बृहत् योजना नीतिगत र कानुनी दस्ताबेज समेत भएकोले यसमा संशोधन र परिमार्जन गर्दा सहभागितामूलक पद्धति अवलम्बन गरिने छ । संशोधनको समहभागिमूलक पद्धति नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । योजना संशोधन र परिमार्जनको अन्तिम निर्णय नगर कार्यपालिका र सभाबाट नै हुन्छ । बृहत् योजनामा उल्लिखित लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम संशोधन वा परिमार्जन गर्दा यहाँ प्रयोग गरिएका क्रम संख्या वा अक्षरका संकेतलाई आधार मानी तलको तालिकामा प्रस्तुत गरिएको विधिलाई आधार मानिने छ ।

तालिका २.६ : बृहत् योजना परिमार्जन वा संशोधन आधार

संशोधन गर्नुपर्ने उद्देश्य, नीति वा कार्यक्रमको उदाहरण	हालको व्यवस्था	गरिएको परिवर्तन
उद्देश्य सम्बन्धी :पूर्वाधार विकास अन्तर्गत पार्क तथा मनोरञ्जन उपक्षेत्र (५.४.२) को नाम उद्देश्य नं. २ ।	उद्देश्य २ जस्ताको तस्तै	पूर्वाधार विकास अन्तर्गत पार्क तथा मनोरञ्जन उपक्षेत्र (५.४.२) को उद्देश्य नं. २ हटाइएको वा निम्नानुसार हुनेगरी परिमार्जन गरिएको ।
नीति सम्बन्धी: पूर्वाधार विकास अन्तर्गत पार्क तथा मनोरञ्जन उपक्षेत्रको उद्देश्य नं. २ को नीति ख ।	नीति ख. जस्ताको तस्तै	उल्लिखित नीति हटाइएको वा निम्नानुसार [...] हुनेगरी परिमार्जन गरिएको ।
कार्यक्रम सम्बन्धी : प्राथमिकता तालिका ५.४.२ को मुख्य कार्यक्रम (ख) अन्तर्गत म (२) अर्थात् मध्यकालीन कार्यक्रम नं. २ ।	मध्यकालीन कार्यक्रम नं. २ जस्ताको तस्तै	उल्लिखित कार्यक्रम सम्पन्न भइसकेकोले हटाइएको वा निम्नानुसार पारिमार्जन गरिएको वा सम्बन्धित कार्यक्रम २.१. थप गरिएको ।

हरेक पटक अल्पकालीन अवधि वा २ देखि ३ वर्ष (नगरले पहिलो पल्ट २ वर्ष राखेको भएपनि यसको अवधि ३ वर्षमा नबढाई परिवर्तन गर्न सक्छ । पहिलोपटक निर्धारित अल्पकालीन अवधि सामाप्त हुनुभन्दा केही अघि नै मध्यकाल र दीर्घकालका प्राथमिकतामा आधारित रहेर नगरस्तरमा छलफल तथा सुनुवाईको विधिबाट नयाँ अल्पकालीन कार्यक्रम तय गर्नुपर्ने र मध्यकाल र दीर्घकालका कार्यक्रममा परिमार्जन गर्नुपर्ने हुन्छ ।

खण्ड ३
नगर परिचय

३.१. पृष्ठभूमि

वालिङ आँधीखोलाको दायाँबाया फैलिएको सानो पहाडी उपत्यका हो। वर्तमान वालिङ नगरपालिकाको वर्तमान भूगोलमा भने सो उपत्यका लगायत अन्य पहाडी भू-भाग समेत समेटिएको छ। २०५४ सालमा स्थापना भएको यो नगरपालिका स्याङ्जा जिल्लाको करिब मध्य भाग भएर बग्ने आँधीखोलाले सिञ्चित भई, पर्यटकीय नगरी पोखरा र ऐतिहाँसिक स्थल लुम्बिनीलाई जोड्ने राष्ट्रियस्तरको सिद्धार्थ राजमार्गको परिधिमा अवस्थित छ। साबिक पेखुवाघखोर, वालिङ, धनुवासे गा.वि.स. मिलाई जम्मा ११ वटा वडा कायम गरी स्थापना भएको यस नगरपालिका २०७३, फागुन २७ गतेदेखि छिमेकी गा.वि.स. जगत भञ्ज्याङ, मल्याङकोट, केवरेभञ्ज्याङ, कालिकाकोट, सिर्सेकोट, थुमपोखरा, पेलाकोट, तिनदोबाटे, स्वरेक, छाङछाङदी, माझकोट, एलादी गा.वि.स. का पूरै वा आंशिक वडाहरू समावेश भई १४ वटा वडाको बृहत् नगरपालिका घोषणा भएको हो। वालिङ नगरपालिका समुन्द्र सतहबाट ७३१ मिटरदेखि १५९६ मिटर उचाईसम्म फैलिएको छ। यस नगरपालिकाको क्षेत्रफल १२८.४१ वर्ग कि. मि. रहेको छ।

नक्सा ३.१ : वालिङ नगरपालिकाको राजनीतिक विभाजन



नेपालको पर्यटकीय नगरी पोखरा र शान्तिका दूत गौतमबुद्धको जन्मस्थल लुम्बिनी जोड्ने सिद्धार्थ राजमार्ग क्षेत्रमा रहेको गण्डकी प्रदेशमा पर्ने स्याङ्जा जिल्लामा अवस्थित वालिङ नगरपालिका ऐतिहासिक, धार्मिक, प्राकृतिक र पर्यटकीय दृष्टिकोणले महत्वूर्ण नगरपालिका हो । गह्रौसुर कालिका मन्दिर, घ्याङलिङ, बाहुनथान, थामको चौर, चन्द्रकोट डाँडा, छाङ्छाङ्दी, अकलादेवी मन्दिरजस्ता धार्मिक तथा पर्यटकीय महत्वपूर्ण स्थलहरू रहेका छन् । नगरको सिद्धार्थ राजमार्ग क्षेत्र (वडा नं. १, ६, ८,९,१० र १३) मा व्यवसायिक गतिविधि र जनघनत्व बढी छ भने वडा नं. ११, १४ र १३ का तल्लो तटीय क्षेत्र कृषि उत्पादन सम्भाव्यता बढी भएका क्षेत्र हुन् । यस आधार यस नगरका विभिन्न वडाका फरक फरक आर्थिक सम्भाव्यता रहेका छन् । तथापि सिद्धार्थ राजमार्ग क्षेत्र बसोबासको हिसाबले बढी आकर्षक क्षेत्रका रूपमा रहेको छ । स्वास्थ्य, शिक्षा, सरसफाई आदिको सचेतनासहित सामाजिक विकासको स्तरमा भने नगरभरि धेरै हदसम्म समानता रहेको छ । सिद्धार्थ राजमार्ग क्षेत्रको तुलनामा सेवा प्रवाहका भौतिक पूर्वाधारको उपलब्धता बाह्य वडाहरूमा कम रहेको छ ।

सामान्यतया भू-उपयोग योजनामार्फत् बस्ती तथा अन्य क्षेत्र विभाजन गरी सोही अनुसारका पूर्वाधार विस्तार गरेर मात्र बसाइएको शहरलाई योजनावद्ध र सुब्यवस्थित शहरको रूपमा लिन सकिन्छ । नेपालका अधिकांश स्थानीय तह जस्तैः वालिङ पनि योजनावद्ध शहरी विकासको विधिमार्फत् निर्माण नभएको हुनाले सुव्यवस्थित नगरका सबै विशेषता यस नगरमा छैन । तथापि आगामी दिनमा हुने पूर्वाधार विकास र सेवा प्रवाहको विधिलाई थप व्यवस्थित बनाउन र विकास निर्माणको विगतको अभ्यासमा रहेका कमी कमजोरीलाई सुधार गर्दै वालिङवासीको सुख र समुन्नती तथा स्मार्ट नगर निर्माणको आधार तयार गर्न नगरवासीको अधिकतम सहभागिताका आधारमा नगरको पहिलो बृहत् योजना तयार गरिएको छ । यसबाट नगरको राजनीतिक र प्रशासनिक संयन्त्रलाई गतिशिल बनाई सीमित स्रोत र साधनको आदर्शतम् उपयोगमार्फत् वालिङको विशिष्ठ पहिचान निर्माणमा टेवा पुग्ने विश्वास गरिएको छ ।

३.२. नगरको अवस्था चित्रण

संघीय सरकार शहरी विकास मन्त्रालयले स्मार्ट सिटी योजनामा समेटेको पहिलो १० नगरपालिका मध्ये एक रहेको वालिङ नगरपालिका नियोजित शहरी विकासको विधिबाट विकास भएको होइन । त्यसैले छरिएर रहेका बस्ती, सिद्धार्थ राजमार्ग आसपास र बाहिरको विकासमा रहेको विविधता, सडक लगायतका भौतिक पूर्वाधारमा रहेको विविधता तथा आर्थिक र सामाजिक विकासको अवस्थामा ग्रामीण भेग र राजमार्ग आसपासको क्षेत्रका बिच रहेको अन्तर सम्बोधन गरी सन्तुलित स्थानीय विकास आगामी योजना निर्माण र कार्यान्वनको क्रममा मूल कार्यदिशा हुनुपर्नेछ । सम्बन्धित क्षेत्रको वर्तमान अवस्था सोही विषयगत क्षेत्रमा समेटिएको भएपनि नगरको सबल तथा कमजोर पक्ष, अवसर र चुनौती विश्लेषणको मुख्य निचोड तल प्रस्तुत छ ।

१) सवल पक्ष

- प्राकृतिक सौन्दर्य र साँस्कृतिक विविधता ।
- छाङ्छाङ्दी, अकला, गह्रौंसुर जस्ता धार्मिक तथा ऐतिहासिक महत्वका स्थानहरू ।
- पर्याप्त जल सम्पदा ।
- तल्लो तटीय क्षेत्रको कृषियोग्य भूमि
- वन जगंल तथा जडिबुटीका स्रोतहरू
- नगर तथा वडा एवं अन्य सेवा प्रदायक निकायका आधारभूत भौतिक पूर्वाधार
- संविधान र संघीय कानुन बमोजिम तयार भएका संरचना र स्थानीय कानुन
- सकारात्मक परिवर्तन भइरहेको भौतिक पूर्वाधारको स्तर

- शिक्षा, स्वास्थ्य, वातावरण, विपद् लगायतका सामाजिक विषयमा उच्च नागरिक सचेतनाको स्तर
- सरसफाईको आधारभूत पूर्वाधारको उपलब्धता

२) कमजोर पक्ष

- छरिएको बस्ती तथा कमजोर तथा अपर्याप्त भौतिक संरचना ।
- उत्पादन साधनहरूको कमी तथा यसको कमजोर व्यवस्थापन ।
- प्रविधिको कम पहुँचमा रहेको कमी र असमानता ।
- स्थानीय यातायातका पूर्वाधार र सेवाको कमीले गर्दा रहेको कमजोर अन्तर आवद्धता ।
- सामुदायिक विद्यालय शिक्षाको गुणस्तरप्रतिको विश्वसनीयतामा कमी ।
- स्वास्थ्य क्षेत्रको पूर्वाधार र प्राविधिक क्षमतामा रहेको सीमितता ।
- पर्याप्त स्थानीय कानुन र तिनको कार्यान्वयनका जटिलता ।
- जनशक्तिको अपर्याप्तता ।

३) अवसरहरू

- संविधानले स्थानीय तहलाई दिएको एकल र साझा अधिकार
- संघ, प्रदेश र बाह्य निकायबाट नगरस्तरका पूर्वाधारमा भएको र हुनसक्ने लगानी
- धार्मिक रूपमा विश्वमा नै परिचित लुम्बिनी र प्राकृतिक सौन्दर्यले सुशोभित पर्यटकीय स्थल पोखरा जोड्ने सिद्धार्थ राजमार्गमा अवस्थित रहेकोका कारण यसको स्तरोन्नतीसँगै बाह्य सम्पर्कमा हुने वृद्धिलाई आर्थिक विकाससँग आवद्ध गर्न सकिने
- समुदायको जागरणका आधारमा कृषि विकास तथा पशुपालन क्षेत्रको सम्भाव्यता
- स्थानीय संस्कृति र सम्पदामा आधारित पर्यटन विकासको अवसर
- वन पैदावारको विकास तथा जडिबुटीको प्रशोधन
- सहकारी तथा वित्तीय संस्थाहरूको पहुँच तथा उपलब्धतालाई स्वरोजगारी प्रवर्द्धनमा सहयोगको आधार बनाउन सकिने
- भूमि वर्गीकरण र भू-उपयोग योजनामार्फत् शहरी नियोजनको प्रक्रिया अघि बढाउन सकिने
- नगर प्रस्तावित स्मार्ट सिटीमा समावेश हुनु

४) चुनौतिहरू

- नगरको आवश्यकता र संघीय र प्रदेशको प्राथमिकताका बिच सामञ्जस्यता ल्याउने
- पानी लगायत प्राकृतिक स्रोतको संरक्षण र नगरको समग्र हितमा उपयोगमा ल्याउने
- आन्तरिक राजस्वको आकार वृद्धि गरी पूर्वाधार विकासमा पर्याप्त लगानी जुटाउने
- लगानीलाई नतिजामूलक बनाई शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर प्रवर्द्धन गर्ने
- अदक्ष जनशक्ति तथा परम्परागत उत्पादन प्रविधिमा परिवर्तन ल्याई उत्पादन र उत्पादकत्व बढाउने
- प्रविधिको वर्तमान अवस्थामा सुधार गरी सूचना प्रविधिमा आधारित नगर बनाउने प्रक्रियामा आम नगरवासीको सहभागिता जुटाउने
- बचत र अनुत्पादक क्षेत्रमा संलग्न वित्तीय संस्थाको लगानीलाई उत्पादनमूलक क्षेत्रमा लगाउने
- मिश्रित र अनुपयुक्त भू-उपयोग अभ्यासमा परिवर्तन ल्याउन समुदाय लगायत सबै पक्षको सहयोग प्राप्त गर्ने

३.३. नगरको जनसाङ्ख्यिक अवस्था

वालिङ नगरपालिकामा २०७५ सालमा सम्पन्न गरिएको घरपरिवार तथ्याङ्क सङ्कलनबाट प्राप्त तथ्याङ्क अनुसार चौध वटा वडा बिच कुल १२८.४१ वर्ग कि. मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको ११,३६६ घरपरिवारमा २१,१०८ पुरुष, २४,५०० महिला गरी कुल ४५,६०८ जनसङ्ख्या रहेको छ । तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरूमा पुरुषको जनसङ्ख्या भने कम अर्थात् ८६ देखिन्छ। जनघनत्वप्रति वर्ग किलोमिटर क्षेत्रफलमा २७७ जना रहेको छ । वडागतरूपमा तुलना गर्दा जनसंख्या, घरधुरी तथा जनघनत्वको हिसाबले वडा नं. ९ सबैभन्दा ठूलो वडा भएतापनि क्षेत्रफलको हिसाबले सबैभन्दा सानो वडा हो । त्यसैगरी जनसंख्या तथा घरधुरीको हिसाबले सबैभन्दा सानो वडाको रूपमा वडा नं. ३ र जनघनत्वको हिसाबले सबैभन्दा कम जनघनत्व भएको वडा नं. १ रहेको छ। क्षेत्रफलमा वडा नं. १४ सबैभन्दा ठूलो छ।

तालिका १/३.३ : नगरको जनसाङ्ख्यिक स्थिति

वडा नं.	परिवार संख्या	पुरुष	महिला	जम्मा	लैङ्गिक अनुपात	परिवारको औसत आकार	क्षेत्रफल (वर्ग कि.मि.)	जनघनत्व प्रति वर्ग कि.मि.
१	८५१	१,७३९	१,८५२	३,५९१	९३.९०	४.२२	३.९४	९०
२	५३४	१,०५५	१,२०६	२,२६१	८७.४८	४.२३	४.४३	५१०
३	३४६	६७२	५६८	१२४०	११८.३१	३.५८	७.४६	१६६
४	५१२	८९२	१,०४८	१,९४०	८५.११	३.७९	११.७०	१६६
५	५५७	१,१५३	१,२६५	२,४१८	९१.१५	४.२१	८.०७	३००
६	७४८	१,४८०	१,६२६	३,१०६	९१.०२	४.१५	६.७१	४६३
७	५१३	९९०	१,१०९	२,०९९	८९.२७	४.०९	१०.२३	२०५
८	१,४२५	२,४२२	२,८३०	५,२५२	८५.५८	३.६९	११.०५	४७५
९	१,७३२	२,९२९	३,५९९	६,५२८	८१.३८	३.७७	३.५६	१८३४
१०	७२४	१,४३८	१,६१८	३,०५६	८८.८८	४.२२	७.७४	३९५
११	६९०	१,१८७	१,४९८	२,६८५	७९.२४	३.८९	९.७५	२७५
१२	६१९	१,१५९	१,४५६	२,६१५	७९.६०	४.२२	१२.६३	२०७
१३	९८१	१,९६७	२,३०८	४,२७५	८५.२३	४.३६	१३.१६	३२५
१४	१,११६	२,०२५	२,५१७	४,५४२	८०.४५	४.०७	१७.९८	२५३
जम्मा	**११३६६**	**२१,१०८**	**२४,५००**	**४५,६०८**	**८६.१६**	**४.०१**	**१२८.४१**	**२७७**

स्रोतः नगर पार्श्वचित्र, २०७५

वडागत विवरणअनुसार वडा नं. ९ मा सबैभन्दा धेरै अर्थात् १७३२ घरपरिवार र सबैभन्दा कम वडा नं. ३ मा ३४६ परिवार रहेका छन् । त्यस्तै वडागत जनसङ्ख्याको महिला/पुरुषको अनुपात अर्थात् लैङ्गिक अनुपात विवरण असमान किसिमको देखिन्छ । वडा नं. ३ बाहेक सबैजसो वडामा महिलाको जनसङ्ख्या पुरुषको भन्दा बढी देखिन्छ । उमेर समूह अनुसार वालिङ नगरपालिकामा १५-१९ वर्षका बालबालिकाको संख्या सबैभन्दा उच्च अर्थात् ४,९१५ (१०.७८ प्रतिशत) देखिन्छ । कुल जनसंख्याको सबैभन्दा ठूलो हिस्सा अर्थात् ५० प्रतिशतभन्दा बढी ० देखि २९ वर्षसम्मको उमेर समूहकारहेका छन् ।

नगरपालिकामा रहेका कुल ११,३६६ परिवारमध्ये ४ देखि ५ जना सदस्य संख्या भएको परिवार सबैभन्दा धेरै ४,३८१ अर्थात् ३८.५८ प्रतिशत रहेको छ। दोस्रोमा २ देखि ३ जना सदस्य संख्या भएको परिवार ४,१५० अर्थात् ३६.५४ प्रतिशत र तेस्रोमा ६ देखि ७ जना सदस्य संख्या भएको परिवार १,५११ अर्थात् १३.३०

प्रतिशत रहेका छन् । त्यस्तै १ जना मात्र सदस्य संख्या भएको परिवार ७५७ अर्थात् ६.६७ प्रतिशत रहेका छन् भने ८ जनाभन्दा बढी सदस्य संख्या भएको परिवारको समेत रेकर्ड गरिएको छ । जसको संख्या ५५८ रहेको छ । २ देखि ३ जना मात्र भएको परिवारको संख्यासमेत ३६.५४ प्रतिशत हुनुले यो क्रम विस्तार भई दीर्घकालमा सानो आकारका धेरै परिवार हुनसक्ने देखिन्छ ।

तालिका २/३.३ : उमेरसमूह अनुसार जनसंख्याको विवरण

उमेर समूह	पुरुष	महिला	जम्मा	प्रतिशत
०-४ वर्ष	१,६८५	१,४०५	३,०९०	६.७८
५-९ वर्ष	१,८९२	१,६९८	३,५९०	७.८७
१०-१४ वर्ष	२,३१९	२,१७१	४,४९०	९.८४
१५-१९ वर्ष	२,४६७	२,४४८	४,९१५	१०.७८
२०-२४ वर्ष	१,८२३	२,५७५	४,३९८	९.६४
२५-२९ वर्ष	१,५९४	२,३००	३,८९४	८.५४
३०-३४ वष	१,३००	१,७५०	३,०५०	६.६९
३५-३९ वर्ष	१,१४४	१,७४७	२,८९१	६.३४
४०-४४ वर्ष	१,१०२	१,४१५	२,५१७	५.५२
४४-४९ वर्ष	९९४	१,३७५	२,३६९	५.१९
५०-५४ वर्ष	१,०५७	१,३४०	२,३९७	५.२६
५४-५९ वर्ष	८८९	१,०७५	१,९६४	४.३१
६०-६४ वर्ष	८३९	९८१	१,८२०	३.९९
६४-६९ वर्ष	७५१	८१२	१,५६३	३.४३
७०-७४ वर्ष	४७८	६४९	१,१२७	२.४७
७५± वर्ष	७६९	७५८	१,५२७	३.३५
उल्लेख नभएको	५	१	६	०.०१
कुल जम्मा	**२१,१०८**	**२४,५००**	**४५,६०८**	**१००.००**

स्रोतः नगर पार्श्वचित्र, २०७५

२०७५ को तथ्याङ्कका आधारमा तयार गरिएको माथिको तालिकाले वालिङ नगरपालिकाको जनसंख्याको लैङ्गिक अनुपात र विभिन्न उमेर समूहको संरचनाको चित्रण गरेको छ। नगरपलिकामा विभिन्न उमेर समूहको जनसंख्या मध्ये पुरुष १०-१४ र १५-१९ उमेर समूहमा सबभन्दा धेरै रहेको छ भने महिला १५-१९ र २०-२४ उमेर समूहमा सबभन्दा धेरै रहेका छन् । समग्रमा नगरको उमेर समूहको जनसंख्यालाई हेर्दा १०-१४, १५-१९, २०-२४ र २५-२९ का जनसंख्या सबैभन्दा धेरै रहेको छ जहाँ कुल जनसंख्याको सबैभन्दा ठूलो हिस्सा १ वर्षदेखि २९ वर्षसम्मको उमेर समूह रहेको छ। यो उमेर समूहको जनसंख्या भनेको आत्मनिर्भर भई नसकेको जनसंख्या पनि हो भने अहिलेको तुलनामा नगरपालिकाभित्र अर्को दुई, तीन दशकभित्र श्रमशक्ति धेरै संख्याले बढ्ने आधार पनि हो । जसले गर्दा नगरभित्र बढी भन्दा बढी रोजगारको आवश्यकता पर्छ । लैङ्गिक अनुपातको हिसाबले उक्त उमेर समूहका पुरुषको संख्या महिलाको तुलनामा घट्दो देखिन्छ । वैदेशिक वा अन्य अवसरका लागि नगर बाहिर जाने गरेका कारण गणनाका क्रममा पुरुषहरूको न्यून उपस्थिति भएको नगरको अनुमान छ । तथापि यसको यथार्थ विवरण छैन । वर्तमान अवस्थाले आगामी २० वर्षमा ज्येष्ठ नागरिकको संख्या बढ्ने देखिन्छ ।



तालिका ३/३.३ : अक्सर बसोबास गर्ने तथा अनुपस्थित जनसङ्ख्याको विवरण

वडा नं.	परिवार संख्या	अक्सर बसोबास गर्ने जनसंख्या			अनुपस्थित जनसङ्ख्या			जम्मा जनसङ्ख्या		
		पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
१	८५१	१,७३९	१,८५२	३,५९१	३७९	४५	४२४	२११८	१८५२	३९७०
२	५३४	१,०५५	१,२०६	२,२६१	३५१	३८	३८९	१४०६	१२०६	२६१२
३	३४६	६७२	५६८	१२४०	१७०	११४	२८४	८४२	५६८	१४१०
४	५१२	८९२	१,०४८	१,९४०	३५६	८२	४३८	१२४८	१०४८	२२९६
५	५५७	१,१५३	१,२६५	२,४१८	३५४	३९	३९३	१५०७	१२६५	२७७२
६	७४८	१,४८०	१,६२६	३,१०६	३९०	४५	४३५	१८७०	१६२६	३४९६
७	५१३	९९०	१,१०९	२,०९९	४०१	७६	४७७	१३९१	११०९	२५००
८	१,४२५	२,४२२	२,८३०	५,२५२	६९०	१४५	८३५	३११२	२८३०	५९४२
९	१,७३२	२,९२९	३,५९९	६,५२८	७७२	८२	८५४	३७०१	३५९९	७३००
१०	७२४	१,४३८	१,६१८	३,०५६	४०७	३०	४३७	१८४५	१६१८	३४६३
११	६९०	१,१८७	१,४९८	२,६८५	४०९	७९	४८८	१५९६	१४९८	३०९४
१२	६१९	१,१५९	१,४५६	२,६१५	४०४	३९	४४३	१५६३	१४५६	३०१९
१३	९८१	१,९६७	२,३०८	४,२७५	८५१	२२८	१०७९	२८१८	२३०८	५१२६
१४	१,११६	२,०२५	२,५१७	४,५४२	७७८	१५१	९२९	२८०३	२५१७	५३२०
जम्मा	**११३६६**	**२१,१०८**	**२४,५००**	**४५,६०८**	**६७१२**	**११९३**	**७९०५**	**२७८२०**	**२४५०**	**५२३२०**

स्रोतः नगर पार्श्वचित्र, २०७५

माथिको तालिकामा देखाइए अनुसार नगरमा स्थायी ठेगाना भई विभिन्न प्रयोजनमा नगर बाहिर रहने जनसंख्या ७९०५ रहेको छ। यो जनंख्या मध्ये केही हिस्सा कोभिड १९ को महामारीपछि नगरमा आई लामो समयसम्म बसोबास गर्न सक्ने अनुमान गरिएको छ।

३.३.१. जनसंख्या प्रक्षेपण

बृहत् योजनाले भविष्यको अनुमानित जनसंख्याको आवश्यकता सम्बोधन गर्नुपर्ने हुन्छ । वालिङ नगरपालिकाको दूरदृष्टि, दीर्घकालीन लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम तय गर्दा तलको तालिकामा उल्लेख गरिएको जनसंख्यालाई आधार बनाइएको छ। २०२८ सालदेखिको नगरको वर्तमान भूगोल अनुसारको पूरानो तथ्याङ्क प्राप्त हुन नसकेकोले राष्ट्रिय तथ्याङ्क विभागबाट प्राप्त नगरपालिकाको वि.सं २०५८ साल र २०६८ सालको जनगणना तथ्याङ्क तथा नगरले गरेको पारिवारिक सर्वेक्षणबाट संकलित तथ्याङ्कलाई लिइएको छ । नगरपालिकाको जनसंख्याको विश्लेषणका लागि विभिन्न समयमा भएको राजनीतिक परिर्वतनसँगै स्थानीय तहको पुनर्संरचनाको क्रममा वालिङ नगरपालिकामा गाभिन आएका क्षेत्रको जनसंख्या समेटी सम्पूर्ण वालिङको हालको संरचनासँग मिलाउने प्रयास गरिएको छ ।

वालिङ नगरपालिकाको सन्दर्भमा, वि.सं. २०५४ सालमा साबिक पेखुवाघखोर, वालिङ, धनुवासे गा.वि.स. मिलाई जम्मा ११ वटा वडा कायम गरी नगर स्थापना भएकोमा संघीय संरचना अनुसार २०७३, फागुन २७ गतेदेखि छिमेकी गा.वि.स. जगत भञ्ज्याङ, मल्याङकोट, केवरेभञ्ज्याङ, कालिकाकोट, सिर्सेकोट, थुमपोखरा, पेलाकोट, तिनदोबाटे, स्वरेक, छाङछाङदी, माझकोट, एलादी गा.वि.स.का पूरै वा आंशिक वडाहरू समावेश भई १४ वटा वडाको हालको वालिङ नगरपालिका घोषणा भएको हो ।

संघीय संरचना अनुसार साबिकको वालिङलाई वडा नं. १,२,६,८,९,१०,११ र १४ का केही भू-भाग, छाङछाङदीलाई वडा नं. १ र २ का केही भू-भाग, माझकोट शिवालयलाई वडा नं. ३, एलादीलाई र मल्याङकोटलाई वडा नं. ४, जगत भञ्ज्याङलाई वडा नं. ५ र ६ का केही भू-भाग, केवरेभञ्ज्याङलाई वडा नं.७ र ८ का केही भू-भाग, तीनदोबाटेलाई वडा नं. १० र १३ का केही भू-भागहरू, स्वरेकलाई वडा नं. ११, सिर्सेकोटलाई वडा नं. १२, थुमपोखरालाई वडा नं. १३ र १४ का केही भू-भाग, पेलाकोटलाई वडा नं. १३ र कालिकाकोटलाई वडा नं. १४ गरी जम्मा १४ वटा वडाहरू समेटेर वर्तमान वालिङ गठन भएको हो । त्यसकारण, बिगत २०५८ सालदेखिको हालको वालिङको जनसंख्या निकाल्दा साबिकको गाउँ विकास समितिहरू पेखुवाघखोर, वालिङ, धनुवासे, जगत भञ्ज्याङ, मल्याङकोट, केवरेभञ्ज्याङ, कालिकाकोट, सिर्सेकोट, थुमपोखरा, पेलाकोट, तीनदोबाटे, स्वरेक, छाङ्छाङ्दी, माझकोट, एलादीको जनसंख्यालाई लिन सकिन्छ ।

३.३.२ जनसंख्या प्रक्षेपण विधि

जनसंख्या प्रक्षेपणमा रेखीय वृद्धिदर (Linear Growth Rate) ज्यामितीय वृद्धिदर (Geometric Growth Rate), घातङ्कीय वृद्धिदर (Exponential Growth Rate) तथा समूहगत आंशिक पद्धति (Cohort Component Method) आदि उपयोग गर्न सकिने भएता पनि समूहगत आंशिक पद्धति (Cohort Component Method) निकै उपयुक्त हुन्छ । यस पद्धतिले प्रजनन्दर, मृत्युदर, तथा प्रवासनदरलाई मध्यनजर गर्दछ । तर, सानो क्षेत्रफल तथा समूहगत विभाजित जनसाङ्खिकीय तथ्याङ्कको अभावमा यी परिमाण अनुमान गर्न असम्भव हुन्छ ।

वालिङ नगरपालिकाको सर्न्दभमा २०५८–६८ को जनगणना अध्ययन गर्दा यस नगरको जनसंख्या १.०४% ले घटेको पाइन्छ । साथै, नगरपालिकाले २०७५ मा गरेको घरपरिवार तथ्याङ्क संकलन अनुसार २०६८ को भन्दा नगरको जनसंख्या –१.१६% ले घटेको छ । पहाडी भू-भागहरूमा भौतिक र सामाजिक पूर्वाधारको विकासको कमी, सडक सञ्जालको कमजोर अवस्था, ऊर्वर जमिनको अपर्याप्तता तथा राष्ट्रव्यापी रूपमा देखिएको बड्दो आन्तरिक तथा बाह्य प्रवासनले वालिङ नगरपालिकाको जनसंख्याको नकारात्मक वृद्धिदरलाई प्रभाव पारेको हो । यद्यपि, २०७३ मा भएको राज्य पुनर्संरचना, संघीय शासन प्रणालीको पूर्ण

कार्यान्वयन र स्मार्ट सिटीको लक्ष्य प्राप्तिका लागि नगर विकासमा गरिने लगानी तथा स्थानीय राजनीतिक स्थायित्वका कारण वालिङ हालको भन्दा थप आकर्षक बसोबास स्थल बन्न सक्ने तथा विभिन्न उद्देश्यले नगर बाहिर रहेको जनसंख्या पनि नगरमा फर्कन सक्ने भएकोले आगमी दिनमा नगरको जनसंख्या बढ्ने विश्वास लिइएको छ ।

तसर्थ, २०६८ सालको जनगणना अनुसार नेपालको औसत जनसंख्या वृद्धिदर १.३५% रहेकोले सोही वृद्धिदरलाई नगरको जनसंख्या वृद्धिदर मानेर २०७८ देखि २०९८ सम्मको समयलाई पाँच वर्षको अन्तरालमा विभाजित गरी घातङ्कीय वृद्धिदर पद्धतिको प्रयोगद्वारा उक्त समयको जनसंख्या प्रक्षेपण गरिएको हो । घातङ्कीय वृद्धिदर पद्धतिले दुईवटा समय अवधिको जनसंख्यामा हुने परिवर्तनलाई आधार बनाएर भावी जनसंख्याको अनुमान गर्दछ । यसका लागि नगरपालिका आफैंले गरेको २०७५ को घरधुरी सर्वेक्षणमा निर्धारित जनसंख्यालाई आधार वर्षको जनसंख्या मानिएको छ ।

घातङ्कीय वृद्धिदर (Exponential Growth Rate) $Pt = P_0 e^{rt}$

जहाँ, Pt = 't' समय पछि हुने जम्मा जनसंख्या; P_o = प्रारम्भिक जनसंख्या; e = २.७१८२८;
r= वृद्धिदर(%); र t= समय अवधि हो ।

माथिको शुत्रका आधारमा नगरपालिकाको आगामी वि.सं. २०९८ सम्मको जनसंख्या प्रक्षेपण तलको तालिकामा प्रस्तुत छ ।

तालिका ३.३.२ : वि.सं. २०९८ सम्मको जनसंख्या प्रक्षेपण

जनगणनात्मक जनसाङ्ख्यिक विवरण		जनसंख्या वृद्धिदर		पूर्वानुमानित जनसाङ्ख्यिक विवरण (वृद्धिदर = १.३५%)	
साल	जनसंख्या	साल	दर (%)	साल	जनसंख्या
२०५८	५६८६४	–	–	२०७८	४७४९४
२०६८	५१२४३	२०५८-६८	–१.०४	२०८३	५०८१०
२०७५	४५६०८	२०६८-७५	–१.१६	२०८८	५४३५८
				२०९३	५८१५४
				२०९८	६२२१५

स्रोतः केन्द्रिय तथ्याङ्क विभाग (वि.सं.२०५८-२०६८), नगर पार्श्वचित्र (वि.सं.२०७५)

२०७५ सालको जनसाङ्खिक विवरण, वालिङ नगरपालिकाको नगर पार्श्वचित्र निर्माणको क्रममा हरेक घरधुरीमा पुगेर गरिएको सर्वेक्षणमा आधारित रहेको छ । जसमा तत्कालीन समयमा नगरमा अनुपस्थित जनसंख्यालाई नगरको जनसंख्यामा समेटिएको छैन भने अस्थायी बसोबास गर्ने जनसंख्यालाई समेटिएको छ । त्यसैले जनसंख्या प्रक्षेपणका लागि सो तथ्याङ्कलाई आधार वर्षको तथ्याङ्क मानिएको छ । उक्त जनगणना अनुसार यस नगरपालिकाको जम्मा जनसंख्या ४५,६०८ रहेको थियो । २०७८ देखि २०९८ सम्मको समयलाई पाँच वर्षको अन्तरालमा विभाजित गरी, १.३५ % वृद्धिदरको प्रयोग गर्दा, २०७५ को जनसंख्यामा करिब १८०० ले वृद्धि भई २०७८ को जनसंख्या ४७,४९४ हुन आउने देखिन्छ । यसैगरी, सोही पद्धति र वृद्धिदरको प्रयोग गर्दा २०८३ को ५०,८१०; २०८८ को ५४,३५८ ; २०९३ को ५८,१५४ र २०९८ को ६२,२१५ जनसंख्या रहने अनुमान गरिएको छ ।



बृहत् योजनालाई सकेसम्म वैज्ञानिक बनाउन वर्तमान भावी जनसंख्याको आवश्यकता विश्लेषण गरी सो आवश्यकता सम्बोधन गर्न सहयोग पुगोस् भन्ने हेतुले नगरको जनसंख्या प्रक्षेपण गरिएको हो । नगरले स्थानीय तथ्याङ्कलाई निरन्तर अधवधिक गर्ने पद्धति समेत विकास गरिरहेकोले जनसाङ्खिक स्थितिलाई सम्बन्धी तथ्याङ्क निरन्तर तथा विश्वसनीय बन्दै जानेछ । २०७८ मा हुने राष्ट्रिय जनगणना तथा नगरले समयसमयमा विभिन्न प्रयोजनामा गर्ने घरधुरी सर्वेक्षण लगायतका क्रममा आवश्यकता अनुसार जनसंख्या प्रक्षेपण र सो संख्याका कारणले कार्यक्रमको सान्दर्भिकतामा पर्ने प्रभाव विश्लेषण गरी योजनाको निश्चित खण्डमा आवश्यकता अनुसार सुधार वा परिमार्जन गर्दै लगिने छ ।

खण्ड ४
नगरको समष्टिगत लक्ष्य

४.१. नगरको मुख्य प्राथमिकता

वालिङ नगरपालिकाद्वारा बृहत् योजना तयारीका क्रममा भएका वडास्तरीय विषय केन्द्रित छलफलमार्फत् नगरको विकासका प्राथमिकता निर्धारणमा नागरिक सुझाव संकलन गर्न विभिन्न विकास र सेवा क्षेत्र विभाजन गरी मत सर्वेक्षणको अभ्यास गरिएको थियो । सो विधिबाट पहिचान गरिएको प्राथमिकता तथा नगरको मुख्य प्राथमिकताको क्षेत्र सम्बन्धमा वडास्तरमा व्यक्त विचार समेतलाई नगरको योजना तर्जुमा निर्देशक समितिस्तरमा छलफल गरिएको थियो । मत सर्वेक्षणमा वालिङ नगरपालिकाले शिक्षा क्षेत्रलाई मुख्य प्राथमिकता दिनुपर्ने देखिएको थियो भने स्वास्थ्य, यातायात र आर्थिक विकासलाई दोस्रो, तेस्रो र चौथो प्राथमिकतामा राखिनुपर्ने देखिएको थियो । यसैगरि नगरको दुरदृष्टि निर्धारणका लागि सुझाव दिने क्रममा १४ वडाका नागरिकले नगरलाई कृषि र पर्यटनका आधारमा विकासर समृद्धिको मार्गमा लान सकिने धारणा सबैभन्दा बढी व्यक्त गरेकाथिए । यसरी नगरवासीको धारणा र नगरपालिकाको समग्र हितका लागि कार्यपालिका तथा विषयगत शाखाको सहभागितामा प्राप्त सुझाव समेत राखी पर्यटन र कृषि क्षेत्रलाई आर्थिक विकासका मुख्य क्षेत्रका रूपमा लिने र शिक्षा र स्वास्थ्यलाई सामाजिक विकासका मुख्य क्षेत्रका रूपमा प्राथमिकताका साथ अघि बढाइने गरी मूल प्राथमिकता निर्धारण गरिएको छ। यी आर्थिक र सामाजिक विकासलाई गति दिनमा मुख्य भूमिका खेल्ने यातायात लगायत पूर्वाधार विकासका कार्यक्रम कार्यान्वयनलाई प्राथमिकतामा राखिने छ ।

४.२. नगरको दूरदृष्टि

करिब १@*=$! वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको पश्चिम नेपालको सुन्दर वालिङ नगरपालिका समुन्द्र सतहबाट ७३१ मिटरदेखि १५९६ मिटर उचाईसम्म रहेको छ । सिद्धार्थ राजमार्गमा जोडिएको यस नगरपालिका गण्डकी प्रदेशको केन्द्र तथा नेपालकै पर्यटकीय केन्द्र पोखराबाट करिब ६५ किलोमिटर तथा लुम्बिनीबाट १४० किलोमिटरको दूरीमा अवस्थित छ। सानो उपत्यका र सुन्दर पहाडी भू-भागले बनेको यस नगरपालिकामा प्रशस्त प्राकृतिक विविधता रहेका छन् । यस नगरपालिकामा गह्रौसुर कालिका मन्दिर, घ्याङलिङ, बाहुनथान, थामको चौर, चन्द्रकोट डाँडा, छाङ्छाङ्दी, अकलादेवी मन्दिर जस्ता धार्मिक तथा पर्यटकीय महत्वपूर्ण स्थलहरू रहेका छन् । यहाँका स्थानीय जातजातिको विशिष्ठ पहिचान, आँधीखोलाको लामो करिडोरको विकास सम्भाव्यता, होम स्टेहरूको विकास आदिले नगरलाई पर्यटकीय गन्तव्यका थप सम्भावना प्रस्तुत गरेका छन् । यस आधारमा नगरलाई पर्यटकीय केन्द्रको रूपमा विकास गर्दै विकास र समृद्धिको आधार तय गर्न सकिने अवस्था छ । पोखरा र लुम्बिनी भ्रमण गर्ने बाह्य पर्यटकको पर्यटन हबको रूपमा विकास गर्न सकिने निष्कर्षका साथ नगरले पूर्वाधार तयारी लगायतको कार्य गरिरहेको छ । त्यसैगरी मुख्य नदी प्रणालीको किनारमा रहेका फाँटहरूको तरकारी र नगदेबाली उत्पादनमा उपयोग, सुन्तला लगायतको फलफूल उत्पादन, प्रशोधन तथा बजारीकरण र उद्यमशीलता विकासमार्फत् उच्च आयसहितको समृद्ध वालिङ निर्माण हुनसक्छ । यसरी नगरले कृषि र पर्यटनलाई आर्थिक विकास र समृद्धिको मुख्य दुई आधारका रूपमा पहिचान गरेको छ ।

उपलब्ध मानव संशाधन र पूर्वाधारको समुचित उपयोगमार्फत् विद्यालय शिक्षालाई गुणस्तरीय र पहुँचयोग्य बनाउने तथा स्वास्थ्य सम्बन्धी पर्याप्त सचेतना, स्थानीय स्वास्थ्य सेवाको स्तरोन्नती र विस्तारबाट शिक्षित र स्वस्थ नागरिकबाट मात्र विकसित र समृद्ध नगर सम्भव हुनेमा वालिङ नगरपालिका विश्वस्त छ । यससँगै क्षमतायुक्त, क्रियाशील नगरवासीमार्फत् उद्यमशीलता र स्वरोजगारीको माध्यमबाट नगर र नगरवासी समृद्ध हुने तथा नागरिक अग्रसरता र विकास प्रक्रियामा उनीहरूको सुसूचित सहभागिता विना पूर्ण जवाफदेही स्थानीय शासन सम्भव नहुने हुँदा आफ्नो अधिकार र जिम्मेवारीको बोध भएका, सूचना प्रविधिमैत्री स्मार्ट नागरिक यस नगरको दूरदृष्टि हो ।

पारदर्शिता, आन्तरिक सुशासन र चुस्त प्रशासनसहितको स्थानीय शासनको प्रत्याभूति आमनागरिकलाई दिलाउनु नगरको पहिलो कर्तव्य हो । विकासको प्रक्रिया र अवसरमा सबै नगरवासीको समान पहुँच सुनिश्चित गरी सामाजिक न्यायसहितको वालिङ निर्माण नगरको महत्वपूर्ण प्राथमिकता हो । सूचना प्रविधिको विकासलाई आत्मसाथ गर्दै नगरले उपलब्ध गराउने सेवा प्रवाह र प्राप्तिलाई सहज बनाउन सूचना प्रविधिको उच्चतम उपयोग आवश्यक छ । त्यसका लागि आन्तरिक तयारी र आमनागरिकको क्षमता विकासलाई सँगसँगै अघि बढाउनु पर्ने हुन्छ । त्यसैले योजनावद्ध शहरी विकास र पूर्वाधार व्यवस्थापन, सीमित स्रोत साधनको आदर्श उपयोगमार्फत् विकास प्रक्रियालाई प्राभावकारी बनाउँदै आन्तरिक सम्पर्क र भरपर्दो बाह्य आवद्धता, शासकीय पद्धतिमा आवश्यक सुधार र सूचना प्रविधिमा आधारित सुलभ सेवा प्रवाहलाई प्राथमिकतामा राखी नगर अघि बढ्ने छ । यसरी नगरपालिकालाई विकास र सेवाका दृष्टिकोणले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका अनुकरणीय शहरी इकाईको प्रतिस्पर्धी र स्मार्ट नगरको स्तर हाँसिल गर्ने सोच लिइएको छ । यसरी नगरले निम्नानुसारको दूरदृष्टि लिएको छ ।

स्मार्ट नागरिक : स्मार्ट वालिङ
स्फुर्त, आत्मनिर्भर, सुखी र समृद्ध नागरिक बसोबास गर्ने सुव्यवस्थित नगर

४.३. नगरको दीर्घकालीन लक्ष्य

नगरले आफ्नो दूरदृष्टि वा सोंच हाँसिल गर्नका लागि निम्नानुसारको दीर्घकालीन लक्ष्य तय गरेको छ ।

तालिका ४.३ : नगरको दीर्घकालीन लक्ष्य

स्मार्ट नागरिक	• स्वस्थ, शिक्षित, सशक्त र क्रियाशील नागरिक • सूचना प्रविधिको पर्याप्त ज्ञान र उपयोग • सिर्जनात्मक सोचमा आधारित उद्यम र स्वरोजगारी • जिम्मेवार, कर्तव्यनिष्ठ, जागरुक, सुखी र समृद्ध नगरवासी
स्मार्ट वालिङ	• ऊर्जा लगायत आर्थिक, भौतिक र मानवीय स्रोत साधनको आदर्श उपयोग • सूचना प्रविधिमा आधारित सुलभ शहरी सेवा • गुणस्तरीय, विश्वसनीय पहुँचयोग्य शिक्षा र स्वास्थ्य सेवा • सरसफाईका पूर्वाधारसहित स्वच्छ र सफा रोज पिंक सिटी • सामाजिक न्याय र समानता • भरपर्दो पर्यटन पूर्वाधार र स्थानीय पहिचानसहितको पर्यटकीय हब • कृषि उत्पादन विविधिकरण र उच्च उत्पादकत्व • यातायात र सञ्चारमार्फत् कसिलो आन्तरिक र बाह्य सम्पर्क • सार्वजनिक सेवाका पूर्वाधारको उपलब्धता, गुणस्तरीयता र पहुँच • सकारात्मक भू-उपयोगमा आधारित योजनावद्ध शहरी विकास • स्थानीय सुशासनसहितको विश्वसनीय नगर-नागरिक सम्बन्ध

४.४. अपेक्षित उपलब्धी

नगरले समग्रमा अपेक्षा गरेको उपलब्धीहरू निम्न रहेका छन् ।

तालिका ४.४ : नगरको अपेक्षित उपलब्धी

क्र.सं.	उपलब्धी सूचक	आधार वर्ष	अल्पकाल	मध्यकाल	दीर्घकाल
१.	अति विपन्न परिवार संख्या	३.२९	३	२	०.५
२.	आंशिक वा पूर्ण बेरोजगार जनसंख्या* (प्रतिशत)	३२.८४	३०	१५	५
३.	प्रतिव्यक्ति आय (अमेरिकी डलर) (गण्डकी प्रदेशको तथ्याङ्कमा आधारित)	१,०४३	१,९५६	२,८००	३,७२१
५.	३० मिनेटको पैदल यात्रमा सहकारीमा पहुँच भएका परिवारको प्रतिशत			७१.३	९०
६.	१५ वर्षमाथिको जनसंख्याको साक्षरतादर	६१	७०	८५	९५
७.	१६ देखि ४० वर्षको युवाहरूको साक्षरतादर(प्रतिशत)	८३	८५	९०	१००
८.	माध्यमिक तहको खुद भर्नादर (प्रतिशत)				
९.	आधारभूत तहमा विद्यालय छाड्नेदर (प्रतिशत)	७	६	३	०
१०.	मातृ मृत्यूदर				
११.	५ वर्ष मुनीको बाल मृत्यूदर (प्रति हजार जीवित जन्ममा)	२७	२२	१८	१०
१२.	औसत आयु	७१.४	७५	७८	८०
१३.	स्थानान्तरण वा जोखिम न्यूनिकरण आवश्यक रहेको जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या)	६६८१	४०००	१५००	०
१४.	कालोपत्रे सडकमा आवद्ध घरधुरी प्रतिशत)	२६.९३	३५	५५	८५
१५.	दीगो भरपर्दो र सुरक्षित यातायातका पूर्वाधारको पहुँचमा रहेको परिवार (प्रतिशत)		४०	७०	९५
१६.	समयवद्ध स्थानीय यातायात सेवाको पहुँचमा रहेका परिवार (प्रतिशत)		४०	६५	९५
१७.	घरधुरी धारासहित नगर मापदण्ड अनुसार सुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसंख्या (प्रतिशत)		२९.०३	३५	४५
१९.	खाना पकाउनको लागि काठदाउराको प्रयोग गर्ने परिवारको संख्या (प्रतिशत)	५३.३७	५०	४०	५
२०.	व्यवस्थित सेप्टिक ट्यांकसहितको शौचालय भएको परिवार (प्रतिशत)	६५.०७	७०	८०	१००
२१.	विद्युतीय भुक्तानी पद्धतिमा आवद्ध करदाता (प्रतिशत)		७५	१००	
२२.	इ-नक्सा स्वीकृति सेवा आवद्ध सेवाग्राही (प्रतिशत)			५०	१००
२३.	स्मार्ट सिटीका सूचकका आधारमा प्रगति (प्रतिशत)			४०	८०

स्रोत : आधार वर्षको सूचना सन्दर्भमा नगरपार्श्वचित्र, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना (स्वास्थ्य सम्बन्धी) र नगर तथा वडास्तरीय छलफलमा आधारित

* घरधुरी सर्वेक्षणमा आधारित यो तथ्यांकमा बेरोजगारी गणनाको वैज्ञानिक विधिबाट गरिने अध्ययनका आधारमा आवश्यक परिमार्जन गरिने छ ।

खण्ड ५
क्षेत्रगत योजना

यो खण्डमा नगरपालिकाले विगतदेखि विकास निर्माण र सेवा प्रवाहका लागि निर्धारण गरेको गरेको विषयगत क्षेत्र तथा ती क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूको नीति तथा प्राथमिकता प्रस्तुत गरिएको छ । कृषि, पशुपालन, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र राजश्व तथा आर्थिक पूर्वाधारलाई आर्थिक विकास अन्तर्गत समेटिएको छ । सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषय समेटिएको छ । भू-उपयोग तथा बस्ती व्यवस्थापन, पार्क तथा मनोरञ्जन, यातायात र खानेपानी, सरसफाई, सिँचाइ, सामुदायिक भवन, विद्युत र सञ्चार जस्ता सार्वजनिक निर्माण र सम्बन्धित सेवालाई पूर्वाधार विकास अन्तर्गत समेटिएको छ । त्यसैगरी वन, वातावरण र विपद् व्यवस्थापन अन्तर्गत प्राकृतिक स्रोत, वातावरण र विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी विषय समेटिएको छ । संस्थागत विकास र सुशासनको विषयलाई अन्तिम खण्डमा समेटिएको छ । सबै क्षेत्रको पृष्ठभूमिसहित लक्ष्य, उद्देश्य र नीति तथा प्राथमिकतालाई क्रमशः प्रस्तुत गरिएको छ ।

५.१. आर्थिक विकास

१. परिचय

वालिङ नगरपालिका एक ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्व बोकेको नगर हो । यहाँको अर्थतन्त्र मुख्यतयाः व्यापार, व्यवसाय, नोकरी, कृषि, वन, पशुपालन, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन सेवाजस्ता क्षेत्रमा आधारित छ । नगरपालिकाको सबै वडाहरूमा क्रमिक रूपमा सडक सञ्जालको विस्तार भई रहेका कारण सडक बाहेकका पूर्वाधार विकास पनि सहज हुँदै गएको छ । कृषि, व्यापार, सेवामूलक व्यवसाय र केही साना तथा घरेलु उद्योग व्यवसायहरू यहाँका आर्थिक उपार्जनका श्रोतहरू हुन् । वैदेशिक रोजगार पनि यस नगरको वैकल्पिक आर्थिक आधार हो । प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेको स्याङजा जिल्ला र विशेषतः वालिङ नगरपालिका नेपालको आकर्षक पर्यटकीय गन्तव्यहरू पर्यटकीय नगरी पोखरा र बुद्धको जन्मस्थल लुम्बिनीको संगम स्थलको रूपमा रहेको छ । विभिन्न किसिमका जातजातिको संस्कृति, रहनसहन तथा चाडपर्व लगायत उल्लेख्य सङ्ख्यामा रहेको धार्मिक र साँस्कृतिक महत्वका स्थलहरू नगरपालिकाको प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन् ।

उपयुक्त हावापानी, माटोको बनोट तथा कृषिको लागि उपयुक्त ऊर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा नगरपालिकाका अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन् । नगरपालिकाका सबै वडाहरूमा रणनीतिक तथा ग्रामीण सडक सञ्जालका कारण नगरपालिकाका सबै वडाहरूमा पहुँच वृद्धि हुँदै गएको छ । यद्यपि भर्खर निर्माण भइरहेका सडकहरू कच्ची र कम गुणस्तरका छन् । त्यसैगरी नगरपालिकामा रहेका नदीहरू, वनजंगल तथा जैविक विविधता स्थानीय विकासमा थप सम्भावना तथा अवसरका रूपमा रहेको आभाष हुन्छ । कृषि मिल, मौरीपालन, सुन्तला खेती, अदुवा खेती, कुखुरापालन, पशुपालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन् । यस नगरपालिकाका मानिसहरू क्रमशः साना उद्योगहरू स्थापना र सञ्चालनमा लागिरहेका छन् ।

नगरको तल्लो भेग (आँधीखोला कोरिडोर) मा रहेको खेतीयोग्य सिञ्चित जमिनमा तरकारी र आलु उत्पादनका लागि उपयुक्त हावापानी र माटो भएकोले योक्षेत्र कृषि उत्पादनका लागि आकर्षक क्षेत्रका रूपमा रहेको छ । यस नगरपालिकामा आधुनिक कृषि तथा पशुपालन र उपलब्ध कच्चा पदार्थको उपयोग गरी साना र मझौलास्तरको औद्योगिक विकास र पर्यटन पूर्वाधार विकास तथा ब्यवस्थापनलाई नगरपालिकाको आर्थिक विकास र समुन्नतीको मुख्य तीन आधारका रूपमा अघि बढाउन सकिने अवस्था छ ।

यस नगरपालिकामा विशेषत ढुङ्गा, चुनढुङ्गा, गिट्टी बालुवा लगायत खानी रहेको छ । वालिङ नगरपालिकाको वातावरणीय र पर्यावरणीय प्रभाव मुल्याङ्कन गरेर उक्त क्षेत्रमा उत्खनन सम्बन्धी काम हुन सक्ने सम्भावना पनि छ ।

यी सम्भावना हेर्दा वालिङ नगरपालिकाको आर्थिक विकास गर्न सहज हुने वातावरण देखिन्छ । नगरका लागि आन्तरिक राजस्व बढाउने तथा रोजगारीका नयाँ अवसर सिर्जना गर्ने विभिन्न अवसर पनि छन् । कुनै पनि नगरको स्थानीय आर्थिक विकासलाई प्राथमिकतामा राख्न सके नगरको हरेक पूर्वाधार तथा सामाजिक विकासमार्फत् गरिबी निवारणमा योगदान पुग्छ ।

यस पृष्ठभूमिमा वालिङ नगरपालिकाको स्थानीय आर्थिक विकास अन्तर्गत पर्यटन, उद्योग व्यापार व्यवसाय, कृषि तथा पशुपालन, सहकारी तथा पूर्वाधार विकासलाई प्रमुख रूपमा समेटी आर्थिक विकास नीति तथा प्राथमिकता तय गरिएको छ ।

२. आर्थिक विकासका स्तम्भहरू

माथि उल्लेख भए बमोजिम नगरपालिकाको आर्थिक विकास र समृद्धिका लागि (क) पर्यटन (ख) व्यवसायिक कृषि तथा पशुपालन (ग) स्थानीय कच्चा पदार्थमा आधारित उद्योग र (घ) आर्थिक विकासमैत्री पूर्वाधारहरूलाई आर्थिक विकासका प्रमुख स्तम्भका रूपमा पहिचान गरिएको छ। सहकारीलाई कृषि क्षेत्र र स्वरोजगारी प्रवर्द्धनको महत्वपूर्ण औजारको रूपमा अघि बढाउन सकेमा नगरको आर्थिक क्षेत्रलाई निरन्तर चलायमान बनाउन सकिन्छ। साथै, आर्थिक विकासको आधारका रूपमा पहिचान भएका क्षेत्रलाई नगरको आन्तरिक राजस्व बढाउने तथा रोजगारी सिर्जना गर्ने अवसरका रूपमा समेत लिन सकिन्छ।

हरेक क्षेत्रका लागि चाहिने सीपयुक्त जनशक्ति उत्पादन गर्नुका साथै रोजगारीका नयाँ अवसर सिर्जना गर्नु महत्वपूर्ण हुने भएकोले क्षेत्रगत उद्देश्य तथा नीतिको अभिन्न अंगका रूपमा रोजगारी र आर्थिक अवस्थाको चित्रण गरी रोजगार प्रवर्द्धनका नीति सर्वप्रथम प्रस्तुत गरिएको छ। तत्पश्चात कृषि तथा पशुपालन, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी र पूर्वाधार विकास आर्थिक विकासका प्राथमिकताका क्षेत्रका रूपमा समेटिएका छन्। समग्र विकास प्रक्रिया अघि बढाउनका लागि आन्तरिक स्रोतको उपलब्धता सुनिश्चितता गर्ने कुरा पनि आर्थिक विकासको महत्वपूर्ण प्राथमिकता रहने भएकोले राजस्वलाई पनि यो क्षेत्रको अभिन्न अंगका रूपमा समेटिएको छ।

५.१.१. सीप तथा रोजगारी

१. परिचय

नगर पार्श्वचित्र, २०७५ बमोजिम नगरमा काम गर्ने उमेर समूहका ३२.३४ प्रतिशत जनसंख्या आंशिक वा पूर्ण बेरोजगार रहेका छन्।

नक्सा ५.१.१ : नगरमा बेरोजगारीको अवस्था



Ward	HHs With Unemployed Person
1	267
2	149
3	91
4	71
5	148
6	200
7	109
8	324
9	334
10	206
11	138
12	142
13	245
14	283

माथिको नक्सामा काम गर्न सक्ने उमेरको जनसंख्यामध्ये बरोजगार जनसंख्या (स्वेच्छिक बेरोजगार समेत) को वडागत अवस्था देखाइएको छ । जस अनुसार वडा नं. ८ र ९ मा बढी बेरोजगार जनसंख्या देखिन्छ । नगरमा धेरै ३,७२५ घरपरिवारहरूको आम्दानीको प्रमुख स्रोत विप्रेषणबाट प्राप्त आम्दानी रहेको छ भने त्यसबाहेक क्रमशः सेवा, व्यापार व्यवसाय र पशुपंक्षी बिक्रीबाट भएको आम्दानीहरू पर्दछन् । नगर क्षेत्रभित्र वार्षिक रूपमा विप्रेषणबाट रु. १ अर्ब २९ करोड भित्रिने गरेको छ (वार्षिक औसत आम्दानीप्रति परिवार मा रु. ३ लाख ४६ हजार) छ । खेतीबाट आम्दानी गर्ने ७६७ परिवारहरूको वार्षिक औसत आम्दानी रु. ४८,४०५ रहेको छ भने पशुपंछी बिक्रीलाई आम्दानीको मुख्य स्रोत बनाएका १,६२२ घरपरिवारको वार्षिक आम्दानी औसतमा रु. २६,७२७ रहेको छ । त्यसैगरी पशुधन उत्पादनमा ३५६ परिवार संलग्न रहेका छन्, जसको वार्षिक औसत आय रु. ९०,४४१ रहेको छ । उद्योगबाट आम्दानी हुने परिवार संख्या १२६ रहेको छ, जसको वार्षिक औसत आय तुलनात्मक रूपमा अन्य क्षेत्रको भन्दा बढी रु. ४ लाख ९० रहेको छ । दैनिक ज्यालाबाट आम्दानी गर्ने परिवार संख्या १,३९३ छ । उनीहरूको वार्षिक औसत आम्दानी प्रति परिवार रु. १ लाख ८७ हजार रहेको छ ।

२. मुख्य अवसर र चुनौती

पोखराबाट नजिकै रहेको यस नगरपालिकामा हुने उत्पादन आन्तरिक र बाह्य बजारमा खपतको सम्भावना भएकोले यसका आधारमा व्यवसायिक उत्पादन केन्द्रित स्वरोजगारीलाई अघि बढाउने अवसर नगरमा छ । काम गर्न सक्ने उमेरको जनसंख्या बढी हुनु र त्यसमध्ये सबैभन्दा ठूलो हिस्सा १५ देखि २९ वर्ष उमेरसमूहको हुनुले श्रमशक्तिलाई उत्पादनमूलक कार्यमा लगाई रोजगारी बढाउने अवसर रहेको छ । विप्रेषणबाट प्राप्त आम्दानीलाई उत्पादनशील क्षेत्रमा लगानी गराई स्थानीय रोजगारी प्रवर्द्धनको अवसर पनि छ । अर्कातिर औद्योगिक विकास सीमित रहेको अवस्थामा यसमा सुधार र बेरोजगारको संख्या घटाउनका लागि आंशिक रूपमा रोजगारी उपलब्ध हुने कृषि, पशुपालन, व्यापार व्यवसाय आदिलाई पूर्ण रोजगारीको क्षेत्रमा रूपान्तरण गरी आम बेरोजगारी दर तल ल्याउने चुनौनी नगरलाई छ ।

३. लक्ष्य

वालिङलाई पूर्ण रोजगारयुक्त नगर बनाउने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य ५.१.१: दक्ष जनशक्ति तयार गरी रोजगारी सृजनामार्फत् स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याउने ।

नीति क. नगरमा बेरोजगारहरूको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन अद्यावधिक गर्दै स्वरोजगार तथा सीपमूलक कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ । आर्थिक तथा सामाजिक हिसाबले पछाडि परेका वर्गहरूलाई प्राथमिकतामा राखेर रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

नीति ख. कृषि, पर्यटन, उद्योग तथा अरु व्यवसाय चलाउन चाहिने जनशक्ति तयारीको लागि पूर्व व्यवसायिक र प्राविधिक शिक्षालाई आधारभूत र माध्यमिक शिक्षामा समावेश गरिनेछ ।

नीति ग. नगरपालिकामा स्थापना हुने तथा भइसकेका कल-कारखाना तथा व्यवसायहरू, भौतिक पूर्वाधार र सेवा प्रवाहको माग बमोजिम जनशक्तिको आवश्यकता पूरा गर्न दक्ष र अर्धदक्ष जनशक्ति उत्पादन गर्ने प्राविधिक शिक्षालयको व्यवस्था गरिनेछ ।

नीति घ. स्थानीय आर्थिक विकासको लागि चाहिने जनशक्तिको प्रकार र सीपको आवश्यकता परिवर्तन भइरहने सक्ने हुनाले सीप र सिकाईलाई समयानुकुल परिमार्जन गर्दै लगिनेछ ।

नीति ङ. शिक्षित विद्यार्थी तथा कामदारको रोजगारीको आवश्यकता र स्थापना भइसकेका तथा हुनलागेका उद्योग व्यापारहरू सञ्चालन गर्न चाहिने कर्मचारीको ज्ञान सीप र क्षमताका बिचमा सामञ्जस्यता ल्याउन नगरपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

नीति च. वैदेशिक रोजगारीमा जाने क्रम घटाउन कृषि, पशुपालन र उद्योग व्यवसायहरूको व्यवसायीकरणमा विशेष प्राथमिकतासहितको कार्यक्रम सञ्चालन गरिनेछ ।

नीति छ. स्वरोजगार तथा आत्मनिर्भर हुने गरी मौसमी तथा बेमौसमी तरकारी उत्पादनका लागि वैदेशिक रोजगारबाट फर्किएका बेरोजगार युवाहरूलाई प्रोत्साहन गरिनेछ ।

नीति ज. विप्रेषणबाट प्राप्त हुने रकमलाई उत्पादनशील तथा रोजगारीमूलक कार्यक्रममा लगानी गर्न प्रोत्साहित गरिनेछ । यसका लागि अनुदानसहित सहुलियत ऋणको समेत व्यवस्था गरिनेछ ।

नीति झ. स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरूको उचित मूल्य निर्धारण र बजार व्यवस्थापन गरी रोजगारीका अवसरहरू सृजना गरिनेछ ।

तालिका ५.१.१ : आवधिक प्राथमिकता : सीप तथा रोजगारी

क. नगरमा रहेको बेरोजगारीको समस्या समाधान तथा दक्ष, अर्धदक्ष र वैदेशिक रोजगारीमा जाने युवा जनशक्तिको प्रवासन न्यूनिकरण गरी नगरभित्रै रोजगारीका अवसर सृजना गर्न नगरपालिकामा स्पष्ट नीति र कानुन बनाउने आवश्यकता छ । साथै नगरपालिकाले गर्ने सार्वजनिक निर्माणका कार्य र अन्य सेवाका क्षेत्रहरूमा आवश्यक जनशक्ति उत्पादन गर्न, उद्योग व्यापार व्यवसाय तथा सेवा क्षेत्रमा सीपमूलक जनशक्तिको विकास गर्नका लागि आवश्यक नीति तथा कानुन आवश्यक पर्ने भएकाले प्राथमिकताका आधारमा देहाय बमोजिमका नीति तथा कानुन निर्माण गरिनेछ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. बेरोजगार र वैदेशिक रोजगारीबाट फर्केकाहरूका लागि अनुदान वा सहुलियत ऋण व्यवस्था सम्बन्धी कार्यविधि तयार गर्ने ।	१. विप्रेषणबाट प्राप्त रकम र सहकारीको पुँजीलाई उत्पादनशील तथा रोजगार कार्यक्रममा सदुपयोग सम्बन्धमा नीति तथा कार्यविधि बनाउने (नगरपालिकाबाट हुन सक्ने अनुदान तथा सहुलियत ऋणको व्यवस्थासहित) ।	१. सीप तथा रोजगारी प्रवर्द्धनका नीति तथा कानुन कार्यान्वयनको अवस्था विश्लेषण गरी आवश्यक परिमार्जन वा संशोधन गर्ने ।
१.१ कोभिड १९ को कारण बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केकाहरूको लागि रोजगारी व्यवस्था गर्ने सम्बन्धी अल्पकालीन कार्ययोजना तय गर्ने ।		
२. नगरस्तरीय दैनिक ज्यालादर सहितको दररेट निर्धारण गर्ने ।	२. स्थानीय दररेटलाई वार्षिक रूपमा अद्यावधिक गर्ने ।	२. श्रम र प्रविधिको उपयोगको विविधताका आधारमा ती क्षेत्रको विशिष्ट दररेटसहित स्थानीय दररेटलाई अद्यावधिक गर्ने ।

ख. बेरोजगारहरूको संख्या र वर्गीकरण, प्राथमिकता बमोजिम सार्वजनिक निर्माण तथा शहरी सेवा अनुरूप नगरपालिकाले माग बमोजिमका कार्य क्षेत्र, बजारको सम्भावना, शैक्षिक बेरोजगार तथा विदेशबाट फर्केका व्यक्तिहरूको चाहना र क्षमताका आधारमा रोजगारमूलक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नका लागि अध्ययन गर्नुपर्ने तथा यसका आधारमा आवश्यक पाठ्यक्रमको विकास गरी सीप विकास कार्यक्रम सञ्चालन गर्न तत्काल विज्ञ टोलीमार्फत् र भविष्यमा उपयुक्त शिक्षालय गठन गरी हालको बेरोजगार संख्यामा क्रमशः कम गर्दै लैजानुपर्ने देखिन्छ । तथापि नगर पार्श्वचित्र र नगरस्तरीय विभिन्न तहका छलफलका सुझाव बमोजिम केही तालिमका क्षेत्र पहिचान गरी तत्काल कार्यान्वयनमा लैजानको लागि समेत प्रस्ताव गरिएको छ । नगरमा विशेषत स्मार्ट सीप तथा रोजगारी वृद्धिका लागि तपसिलका कार्यहरू गरिन्छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. सीप र शैक्षिक योग्यताका आधारमा बेरोजगारीको अभिलेख अद्यावधिक गर्ने । दक्ष र अदक्ष जनशक्ति संख्याको सूचना प्रवाह गर्नका लागि सूचना बोर्ड स्थापना गर्ने ।	१. बेरोजगारको तथ्याङ्क विश्लेषणसहित त्यस्ता युवा र गृहिणीहरूको आवश्यकता, माग र उत्पादन सम्भाव्यतामा आधारित सीपमूलक तालिम सञ्चालन गर्ने ।	१. वार्षिक औसत ५०० का दरले ५,००० बेरोजगार युवा तथा महिलाहरूलाई उद्यमशीलमा आधारित सीपमूलक तालिमको व्यवस्था ।
२. पर्यटन, उद्योग व्यवसाय, कृषि, पशुपालन लगायत शहरी पूर्वाधार र सेवाको माग बमोजिम विभिन्न व्यवसायीहरूसँग समन्वय गरेर Labour Market अध्ययन गरी जनशक्तिको माग र उपलब्धता यकिन गर्ने ।	२. विदेशबाट फर्केका बेरोजगार युवाहरूलाई उनीहरूको क्षमता बमोजिम थप सीपमूलक तालिम सञ्चालन गर्ने र उद्यमशील व्यवसाय सञ्चालनका लागि सहुलियत ऋण उपलब्ध गराउने ।	२. नगरबाट ऋणका सीप प्राप्त गरेका तथा ऋण वा सहुलियत पाएका वैदेशिक रोजगारीबाट फर्केका लगायत स्थानीय उद्यमीका कार्यक्रमको प्रभावकारिता अध्ययन गरी सहजीकरण र आवश्यकता अनुसार सहयोगको विधि परिमार्जन गर्ने ।
३. बजारको माग बमोजिम विज्ञको समूह तयार गरी उद्यमशील व्यवसाय सञ्चालनका लागि अल्पकालीन तथा मध्यकालीन सीप विकास तालिमका लागि पाठ्यक्रम तयार गर्ने ।	३. संघ र प्रदेशको सहयोगमा नगरको माग बमोजिम पूर्व व्यवसायिक र प्राविधिक शिक्षा सम्बन्धी पाठ्यक्रम तयार गर्ने ।	३. विद्यालयमा पूर्व व्यवसायिक शिक्षा अनिवार्य रूपमा अध्यापन गराउने व्यवस्था गर्ने ।
४. बढी बेरोजगार भएका वडाहरू तथा विपन्न परिवारका महिला तथा सीमान्तकृत व्यक्तिहरूलाई बजारको माग बमोजिम सीप विकास कार्यक्रम कार्यान्वयन गर्ने ।	४. नगरक्षेत्रको माग बमोजिम सीपमूलक तालिम उपलब्ध गराउन एउटा प्राविधिक शिक्षालय स्थापनाका लागि पहल गर्ने ।	४. सम्बन्धित निकायको समन्वयमा प्राविधिक शिक्षालय वा सीप विकास केन्द्र स्थापना र सञ्चालन गर्ने ।
५. संघ तथा प्रदेश सरकारको समन्वयमा वैदेशिक रोजगारमा जान इच्छुकहरूका लागि माग बमोजिम क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने	५. प्रत्येक वडाका कम्तीमा ३ जनालाई कृषि, भेटनरी, इलेक्ट्रिसियन, इञ्जिनियरिङ आदि विषयमा अध्ययन गराई करार सम्झौतामार्फत् नगरक्षेत्रको सेवामा आवद्ध गराउने ।	५. स्थानीय प्राविधिक जनशक्तिलाई कृषि, भेटेरिनरी तथा अन्य स्थानीय उत्पादन प्रवर्द्धनमा संलग्न गराउने कार्यलाई थप विस्तार र व्यवस्थित गर्ने ।

५.१.२. पर्यटन

१. परिचय

वालिङ नगरपालिकाले आफ्नो प्राकृतिक स्वरूप तथा स्थानीय जातजातिको कला र संस्कृति जस्ता सम्पदामा आधारित पर्यटनलाई प्राथमिकता दिई नगरलाई स्याङ्जा जिल्लाको पर्यटन हबका रूपमा विकास गर्ने र नगरवासीलाई पर्याप्त आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गर्दै समृद्धि हाँसिल गर्ने दीर्घकालीन लक्ष्य राखेको छ ।

नक्सा ५.१.२ : वालिङ नगरपालिकामा रहेको पर्यटकीय क्षेत्र



यो लक्ष्य पूरा गर्नका लागि आधारभूत पूर्वाधार तयार भइनसकेकोले हाल पर्यटकीय गतिविधि सामान्य अवस्थामा मात्र भइरहेका छन् । हाल नगर क्षेत्रभित्र १० वटा होमस्टे र केही साना तथा मध्यमस्तरका होटलहरू सञ्चालनमा रहेका छन् । नगरभित्र के कति पर्यटकहरूले भ्रमण गरे र उनीहरूको बसाई अवधिको बारेमा तथ्याङ्क नगरपालिकासँग छैन । नगरले पर्यटनलाई उल्लेख्य स्थानीय आय र रोजगारीको स्रोत बनाउन सकेको अवस्था छैन ।

२. मुख्य अवसर र चुनौती

विश्वप्रसिद्ध पर्यटकीय नगरी पोखरा र भगवान बुद्धको जन्मस्थल लुम्बिनी जोड्ने मात्र नभई दुई प्रदेशको राजधानी समेत जोड्ने सिद्धार्थ राजमार्गमा अवस्थित यो नगर पर्यटकीय नगरलाई पर्यटनमार्फत् आर्थिक विकासमा अघि बढाउने अवसर छ । यो अवसरलाई आफ्नो अनुकुलन बनाउन साँस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन, पर्याप्त पर्यटन पूर्वाधारको व्यवस्थापन, सेवा क्षेत्रको व्यवसायिकता वृद्धि जस्ता कार्यलाई एकसाथ अघि बढाउनुपर्ने चुनौती छ । पर्यटन विकासमा आधारित रहेर आर्थिक समृद्धि हाँसिल गर्ने विचारलाई अघि बढाउने सोच पूरा गर्नका लागि पर्यटन क्षेत्रलाई नै प्राथमिकता दिई स्याङ्जा जिल्लाभित्रका छिमेकी नगरपालिकाहरूसँग पर्यटन क्षेत्रमा लगानी भित्र्याउन प्रतिस्पर्धा गर्नुपर्ने अवस्था छ ।

यसरी पर्यटन प्रतिस्पर्धामा आफुलाई अब्वल सावित गर्दै पर्यटनलाई आर्थिक विकास र समृद्धिको महत्वपूर्ण आधारका रूपमा विकास गर्दै पर्यटन क्षेत्रलाई स्मार्ट नगरको सोच प्राप्तिमा समेत योगदान गर्न सक्ने गरी तल उल्लिखित लक्ष्य, उद्देश्य तथा नीति तय गरिएको छ ।

३. लक्ष्य

पर्यटनलाई आर्थिक विकासको महत्वपूर्ण आधार बनाउने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य ५.१.२: वालिङ नगरपालिकालाई साँस्कृतिक तथा प्राकृतिक पर्यटकीय केन्द्रका रूपमा विकास गर्ने ।

नीति क. नगरपालिकाभित्र स्थानीय जातजातिका भाषा, संस्कृति तथा सम्पदाहरूको संरक्षणमा जोड दिइनेछ ।

नीति ख. नगरपालिकाभित्र रहेका अमुल्य प्राकृतिक स्रोतहरूलाई पर्यटनमा टेवा पुग्ने गरी प्रयोगमा ल्याउने र तिनको उपयुक्त ब्यवस्थापन र संरक्षण गरिनेछ ।

नीति ग. पर्यटकको उचित सेवा, सत्कार तथा सुरक्षा प्रबन्धसहितको पर्यटकीय आवास व्यवस्थापन गर्न नगर क्षेत्रभित्र रहेका सबै होटलहरूलाई करको दायरामा ल्याई तिनको वर्गीकरण, न्यूनतम सेवा, गुणस्तर मापदण्ड निर्धारण, अनुगमन र प्रमाणीकरण तथा नियमनको व्यवस्थापन गरिनेछ ।

नीति घ. समुदायको संस्कृति र कृषिमा आधारित होमस्टे सञ्चालन तथा प्रवर्द्धनका लागि होमस्टेहरूको क्षमता अभिवृद्धि, पूर्वाधारको विकास र पहुँच लगायत कार्य सञ्चालनको लागि आवश्यक सहुलियत ऋण लगायत वित्तिय सहयोगको व्यवस्था गरिनेछ । विपन्न वर्गलाई सहकारीमार्फत् होमस्टे सञ्चालनका लागि सहयोगको नीति ल्याइनेछ ।

नीति ङ. नगरभित्र रहेका सबै पर्यटकीय दृष्टिले महत्वपूर्ण क्षेत्रहरूमा पूर्वाधारको विकास गरिनेछ । पर्यटकले उपयोग गर्ने क्षेत्रहरूलाई एकीकृत गरी पर्यटन प्याकेजमार्फत् पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ ।

नीति च. पर्यटकहरूलाई आकर्षण गर्न स्थानीय सामाग्रीहरूको उत्पादनमा जोड दिइनेछ ।

नीति छ. प्याराग्लाइडिङ, क्यानोइङ, साइक्लिङ, जलबिहार, ‍्याफ्टिङ, केवलकार, स्तरीय होटल सञ्चालन जस्ता पर्यटन पूर्वाधारका परियोजनाहरूमा निजी क्षेत्रको लगानी आकर्षण गरिनेछ ।

नीति ज. आन्तरिक तथा बाह्य पर्यटक आकर्षणका लागि प्रविधियुक्त ज्ञान पार्क (Technology Knowledge Park) को निर्माण गरिनेछ ।

नीति झ. पर्यटनसँग सरोकार राख्ने व्यवसाय, पर्यटकीय स्थल, पर्यटन व्यवसायसँग सम्बन्धित संघ संस्था लगायत पर्यटकका लागि आवश्यक पर्ने सूचनाको उचित व्यवस्थापन गरी आधुनिक सूचना प्रविधिका माध्यममार्फत् पर्यटन सूचना प्रवाह हुने व्यवस्था मिलाइनेछ ।

नीति ञ. खेलकुद पर्यटनलाई पनि जोड दिइनेछ प्रदेश तथा सम्बन्धित निकायसँगको समन्वयनमा राष्ट्रिय खेलकुद प्रतियोगिताहरू नगरमा सञ्चालन गरिनेछ ।

तालिका ५.१.२ : आवधिक प्राथमिकता : पर्यटन

क. नगरक्षेत्रमा विभिन्न धार्मिक पर्यटकीय स्थलहरू र पर्यटकीय सम्भावना रहेको भएपनि पर्यटन प्रवर्द्धनका लागि नगरपालिकासँग स्पष्ट नीति तथा योजना नहुँदा ती सम्भावनाको पुँजीकरण गर्न सकिएको छैन । नगरपालिकाभित्र रहेका होटलहरूको वर्गीकरणसहित सोको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी स्पष्ट मापदण्ड निर्धारण हुन नसकेको अवस्थाले पर्यटकले पाउने सेवा र सुविधाको स्तर कायम गर्न कठिन हुने भएकोले होटलको वर्गीकरण र स्तरोन्नती गर्न आवश्यक देखिन्छ । ग्रामीण क्षेत्रमा होमस्टेहरू सञ्चालन भई रहेकाले सो सम्बन्धमा समेत स्पष्ट कार्यविधि निर्माण गर्नुपर्ने देखिन्छ । यसलाई दृष्टिगत गरी नीम्न नीति तथा कानुन सम्बन्धी प्राथमिकता तय गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. होटल, रेष्टुरेण्टको गुणस्तर मापदण्डको स्तर, अनुगमन, प्रमाणीकरण आदिका लागि कार्यविधि बनाउने ।	१. पर्यटन ऐन तथा नियमावलीहरू तर्जुमा गर्ने ।	१. पर्यटन सम्बन्धी स्थानीय कानुन कार्यान्वयनको समीक्षा र आवश्यक परिमार्जन ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१.१ पर्यटन तथा होटल व्यवसायमा कोभिड १९ ले पारेको असर र सो को न्यूनिकरणको लागि अध्ययन, परामर्श, वैकल्पिक योजना तयारी तथा सो क्षेत्रको पुनः शुरुवातको लागि समन्वयात्मक प्रयास गर्ने ।		
२. होमस्टे सञ्चालन व्यवस्थापन सम्बन्धी कार्यविधि बनाउने (मापदण्ड, स्तर, सञ्चालन व्यवस्थापन लगायत होमस्टेमा अनुदान तथा सहुलियत ऋण आदिको व्यवस्थासहित)	२. होमस्टे सञ्चालन र व्यवस्थापन सम्बन्धी थप आवश्यक कानुनी औजार विकास गर्ने ।	
३. पर्यटन प्रवर्द्धनको गुरुयोजना तयार गर्ने (मस्यौदा)	३. पर्यटन प्रवर्द्धन गुरुयोजना तयार गर्ने (अन्तिम प्रतिवेदन) र कार्यान्वयनको आवधिक समीक्षा गर्ने ।	३. पर्यटन गुरुयोजना कार्यान्वयनको आवधिक समीक्षा गर्ने र कमी पूर्तिका रणनीति बनाउने ।

ख. साँस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यताको धनी वालिङ नगरपालिकामा आन्तरिक तथा बाह्य पर्यटनको महत्वपूर्ण गन्तव्यस्थलको रूपमा परिचित हुँदै गएको छ । तथापि कतिपय पूर्वाधारको विकास तथा आवश्यक प्रचार प्रसार हुन नसकेका कारण पर्यटन क्षेत्र ओझेलमा परेको छ । पर्यटन प्रवर्द्धन तथा रोजगारी सृजनाका लागि आवश्यक पूर्वाधारको निर्माण सँगसँगै पर्यटकसँग सम्बन्धित सेवाका क्षेत्रहरूलाई विस्तार गरी प्रभावकारी कार्यान्वयन र गुणस्तरमा सुनिश्चितता गरिनुपर्दछ । यसर्थ स्मार्ट पर्यटनका लागि पर्यटन क्षेत्रको विकासमा आगामी वर्षदेखि तपसिलका कार्यक्रमहरू आवधिक रूपमा कार्यान्वयन गरिन्छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरपालिकाले नगरमा रहेको पर्यटकीय क्षेत्रको बारेमा आवश्यक प्रचार प्रसार गर्न IEC Material, Documentary आदि तयार गर्ने ।	१. नगरपालिकाभित्रका जातिगत, पर्व, बाजा, संस्कार, भेषभुषा, संस्कृतिको संरक्षण गर्न संग्रहालय निर्माण गर्ने र सोको प्रचार प्रसारलाई व्यवस्थित गर्ने ।	
२. आँधीखोला उच्चबाँध निर्माणको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने ।	२. फिसिङ, बोटिङ तथा स्वीमिङको सुविधासहितको आँधीखोलामा हाई ड्याम्प (उच्च बाँध) निर्माण कार्य अघि बढाउने ।	२. पर्याप्त सुरक्षाका पूर्वाधारसहित आँधीखोला उच्च बाँध निर्माणको सबै कार्य पूरा गर्ने ।
२.१. पर्यटन सूचना प्रणाली सम्बन्धी Software तयार गर्ने र पर्यटकहरूको अभिलेख अद्यावधिक गर्ने ।	२.१. सफ्टवेयरमार्फत् पर्यटक अभिलेख तथा पर्यटन सूचनालाई थप व्यवस्थित गर्ने ।	

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
३. होमस्टे, स्थानीय होटल तथा रेस्टुँराहरूको गुणस्तर मापदण्ड पूरा गर्न नगरबाट आवश्यक सहयोग र समन्वय गर्ने र कोभिड १९ जस्ता महामारीमा सुरक्षित पर्यटक सत्कारका विधिसम्बन्धी अनुशिक्षण दिने ।	३. समुदायलाई प्राविधिक सहयोग गरी कम्तीमा ५ वटा सुब्यवस्थित होमस्टे सञ्चालनमा ल्याउने ।	३. स्थानीय होटल र होमस्टेको न्यूनतम मापदण्ड कार्यान्वयनको सुनिश्चितता गर्ने र निजी क्षेत्रलाई उत्प्रेरित गरी सहभागितामा सुविधा सम्पन्न १ तारे होटल र १ रिसोर्ट स्थापना गर्ने ।
४. नगरका प्रमुख पर्यटकीय क्षेत्रमा Free WiFi को लागि उपकरणको व्यवस्था गर्ने र आधारभूत पर्यटन सूचना प्रवाहको ब्यवस्था पनि गर्ने ।	४. प्रविधियुक्त ज्ञान पार्क (Knowledge Park) निर्माणको गुरुयोजना तयार गर्ने र सोको अंगका रूपमा रिसोर्ट, मनोरञ्जन पार्क, तालिम केन्द्र निर्माण गर्ने (पहिलो चरण)	४. ज्ञान पार्क (Knowledge Park) मा इञ्जिनियरिङ कलेज, सफ्टवेयर कम्पनी, कृषि फार्म, ल्याब, अनुसन्धान केन्द्रसहित अन्य पूर्वाधार निर्माण गर्ने (दोस्रो चरण) ।
५. केवलकार निर्माण हुनसक्ने स्थानको सम्भावित क्षेत्रको DPR तयार गर्ने । (वालिङदेखि बाहुनथानसम्म तथा वालिङदेखि गह्रैकालिका, बायाँटारीदेखि अकलादेवी मन्दिरसम्म) ।	५. वालिङदेखि गह्रैंकालिकासम्म केवलकार निर्माण गर्ने (PPPModel) ।	५. वालिङदेखि बाहुनथानसम्म तथा बायाँटारीदेखि अकलादेवी मन्दिरसम्म केवलकार निर्माण गर्ने (PPP Model मा) ।
६. पर्यटकहरू आकर्षण गर्न स्थानीयरूपमा उत्पादन गर्न सकिने सामग्री र सेवाको अध्ययन गरी सूची तयार गर्ने ।		
	६.१. स्थानीय सामाग्री उत्पादन गर्न सक्ने सीप सम्बन्धी तालिमको व्यवस्था गर्ने र सहभागीमार्फत् पर्यटकीय सामाग्री उत्पादन गर्ने	६.१ स्थानीय सामाग्री उत्पादन तथा गुणस्तर सुधारका सीपमूलक तालिमलाई निरन्तरता दिने ।
	६.२. पर्यटक लक्षित स्थानीय उत्पादनको ब्राण्डिङ गर्ने र सेवालाई स्थानीय पहिचान दिने ।	६.२. स्थानीय उत्पादन सामाग्रीलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन प्रचार प्रसार तथा ब्राण्डिङ गर्ने ।
७. पदमार्ग तथा हाईकिङको लागि पूर्वाधार निर्माणको कार्य अघि बढाउने ।		
	७.१. बुढाकोटसम्म जानको लागि पदमार्ग निर्माण गर्ने ।	
	७.२. वडा नं. ६ मा नेचुरल भ्यू प्वाइण्टबाट थामडाँडा हुँदै वडा नं. ५ पित्लेकसम्म पदमार्ग निर्माण गर्ने ।	
	८. पर्यटकीय क्षेत्रमा सार्वजनिक शौचालयहरू निर्माण गरी सञ्चालन गर्ने ।	

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
	९. अकलादेवी मन्दिरसहित पर्यटकीय स्थानहरूमा उपयुक्त सडकको पहुँच पुऱ्याउने एवं पर्यटकीय स्थानहरू जाने बाटोहरूमा सूचना तथा संकेतहरूको व्यवस्था गर्ने ।	
	१०. वडा नं. ५, ६, ८ र १० मा संयुक्त, ११ मा सामुदायिक वनहरूमा बोटानिकल गार्डेन बनाउने ।	१०. सबै सामुदायिक वनहरूमा बोटानिकल गार्डेन बनाउने ।
	११. युवा लक्षित पर्यटन गाइड सम्बन्धी तालिम सञ्चालन गर्ने ।	११. साहसिक खेलका अन्य विकल्प पहिचान र प्रवर्द्धन गर्ने ।
	१२. वडा नं. १ मा पाराग्लाइडिङ लगायतका साहसिक खेल पर्यटनको शुरुवात गर्ने ।	

५.१.३. उद्योग र वाणिज्य

१. परिचय

यस नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका उद्योग तथा व्यापार व्यवसायहरू नगरपालिकाको अर्थतन्त्रका मेरुदण्ड हुन् । यस नगरमा वालिङसहित तल्लो वालिङ, भुम्रे, भकुण्डे, मिर्दी, रामबाच्छा, त्रियासी, खहरे, बायाँटारी, झोलुङ्गे जस्ता प्रमुख बजार केन्द्र रहेका छन् । यी बजार केन्द्रमा रहेका उद्योग तथा व्यापार व्यवसाय, सेवामूलक व्यवसायहरू हाल नगरपालिकाको आर्थिक क्रियाकलापलाई चलायमान बनाउने माध्यमहरू हुन् । नगर पार्श्वचित्र २०७५ बमोजिम नगरपालिका क्षेत्रभित्र ८७८ को संख्यामा उद्योगी व्यवसायीहरू रहेका छन् । ठूला उद्योगहरू नभएतापनि कृषि तथा वन पैदावरमा आधारित साना उद्योगहरू सञ्चालनमा रहेका छन् । जडिबुटीमा आधारित केही साना उद्योगहरूले व्यवसायिक उत्पादन शुरु गरेका छन् । परम्परागत उद्योगमा बाघमुखे चुलेसी जस्ता फलामका उत्पादनहरू बाहिरी जिल्लामा समेत प्रख्यात रहेका छन् । नगरभित्र वस्तु उत्पादन गर्ने उद्योगको संख्या २३ रहेको छ । स्थानीय उत्पादनसहित आयातित वस्तुहरू (खाद्य वस्तु, इलेक्ट्रिक र इलेक्ट्रोनिक्स आदि) हरूको व्यापार व्यवसाय हुने गरेको छ । धेरैजसो व्यवसायहरू सानो लगानीका रहेका छन् ।

कुल उद्योग व्यवसायी मध्ये रु. पाँच लाख भन्दा मुनी लगानी गरी व्यापार व्यवसाय गर्ने व्यवसायीहरूको संख्या अधिक रहेको छ । नगरका कुल व्यवसायीहरू मध्ये १५ जना उद्योग व्यवसायीले रु. ५ लाखदेखि १० लाखसम्म लगानी गरी व्यापार व्यवसाय गरेका छन् भने ९ जनाले मात्र रु. ५० लाख भन्दा बढी लगानी गरेको पाइन्छ । नगर क्षेत्रभित्र १४ वटा (क) वर्गका वाणिज्य बैंकहरू रहेका छन् भने ८ वटा (ख) वर्गका विकास बैंक, एउटा (ग) वर्गको फाइनान्स कम्पनी र ९ वटा (घ) वर्गका लघुवित्त वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन् । तर यी वित्तीय संस्थाहरूले के कस्तो क्षेत्रमा लगानी गर्ने गरेका छन् भन्ने विषयमा स्पष्ट सूचना नगरपालिकासँग छैन ।

२. मुख्य अवसर र चुनौती

फलफूल तथा स्थानीय कृषि उत्पादन तथा कच्चा पदार्थ र परम्परागत स्थानीय प्रविधिमा आधारित साना तथा मझौला उद्योगमा जोड दिई स्थानीय पहिचानयुक्त उत्पादन बढाउने र उत्पादित वस्तुको स्थानीय उपभोगका अतिरिक्त सिद्धार्थ राजमार्गले जोडेका नजिकका ठूलो बजारसँग जोडी स्थानीय अर्थतन्त्रका उद्योग क्षेत्रको योगदान बढाउने अवसर नगरलाई छ । बाह्य लगानीकर्ताको सेवा उद्योगमा लगानी गर्ने चाहना अभिव्यक्त हुनुलाई अवसरका रूपमा लिइएको छ । ठूला औद्योगिक उत्पादनका लागि पुग्ने कच्चा पदार्थ नभएकोले फलफूल, तरकारी लगायतका कृषि र पशुजन्य उत्पादनले व्यवसायिक रूप नलिएको अवस्थामा परिवर्तन ल्याई कृषिलाई उद्योगमा आवद्ध गर्दै स्थानीय अर्थतन्त्रमा योगदान गर्नसक्ने गरी उद्योग क्षेत्रको विकास लगानी सुरक्षाको प्रत्याभूतिसहित बाह्य लगानी आकर्षित गरी सेवा उद्योगको विस्तार र गुणस्तर प्रवर्द्धन गर्नु नगरका लागि चुनौतीको रूपमा रहेको छ ।

यस पृष्ठभूमिमा वालिङ नगरपालिकाका उत्पादनहरूलाई स्मार्ट उत्पादनको रूपमा विकास गर्न देहाय बमोजिमका उद्देश्य तथा नीति अवलम्बन गरिएको छ ।

३. लक्ष्य

स्थानीय अर्थतन्त्रमा उद्योग र वाणिज्य क्षेत्रको योगदान बढाउने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य ५.१.३ :स्मार्ट औद्योगिक तथा व्यापारिक क्रियाकलाप सञ्चालनार्थ उपयुक्त वातावरण निर्माण गरी पर्याप्त रोजगारीको अवसर सिर्जना गर्ने ।

नीति क. स्थानीय आर्थिक विकासलाई टेवा पुऱ्याउने किसिमले नयाँ व्यवसाय तथा कलकारखानाको स्थापना र सञ्चालनमा प्रोत्साहन गर्नाका लागि उपयुक्त नीति नियमहरू निर्माण गरिनेछ ।

नीति ख. सञ्चालनमा रहेका उद्योग व्यापार तथा कारखानाहरूलाई थप लगानीसहित रोजगारी अभिवृद्धिका लागि तिनको विकास र प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ ।

नीति ग. संघीय सरकार तथा प्रादेशिक सरकारको सहभागिता र समन्वयमा औद्योगिक क्षेत्रको विकास गरी निजी क्षेत्रको सहभागिता तथा वैदेशिक लगानीसहितका उद्योगहरू सञ्चालन गरिनेछ । यसका लागि उपयुक्त भू-उपयोग योजनाद्वारा जमिनहरूको पहिचान गरी त्यस्ता उद्योग व्यवसायहरूका लागि आवश्यक सेवाको व्यवस्थापन तथा सहजीकरण गरिनेछ ।

नीति घ. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका व्यापार/व्यवसायलाई नगर क्षेत्रभित्र स्थापना तथा सञ्चालनका लागि जमिनको व्यवस्था, निश्चित अवधिका लागि बहाल रकम छुट, भवन निर्माणको स्वीकृति प्रक्रियालाई सरल बनाई पूर्वाधार विकासमा समेत एकद्वार प्रणालीद्वारा सहयोग उपलब्ध गराइनेछ ।

नीति ङ. स्वच्छ तथा वातावरणमैत्री उद्योगहरूलाई प्राथमिकतासहित प्रोत्साहन गरिनेछ ।

नीति च. स्वदेशी र स्थानीयलाई रोजगारी उपलब्ध गराउने र स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योगहरूलाई करको छुट, अनुदान तथा सहुलियत ऋणका लागि सहजीकरण गरिनेछ ।

नीति छ. उद्योग व्यवसायको प्रकृति बमोजिम वस्तु वा सेवाको उत्पादन र बिक्री वितरणका लागि आवश्यक पर्ने जनशक्ति परिपूर्ति गर्न नगरका युवा प्रतिभाहरूलाई माग बमोजिम सीप विकास तालिमका लागि प्रोत्साहन गरी रोजगारीको अवसर सृजना गर्न सम्बन्धित उद्योग तथा व्यवसायहरूसँग समन्वय र सहजीकरण गरिनेछ ।

नीति ज. नगर क्षेत्रभित्र व्यापार व्यवसायको विविधिकरण गरी सबै प्रकारका वस्तु उपलब्ध हुने वातावरण सृजना हुने गरी बजारको व्यवस्थापन गरिनेछ। यसका लागि स्थानीय हाट बजारको व्यवस्थासहित सपिङ कम्प्लेक्स तथा डिपार्टमेण्टल स्टोर खोल्नका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

नीति झ. स्थानीय उद्योग व्यापार व्यवसायका कारोबार तथा सेवा प्रवाह इ-कमर्स (E-Commerce) मा आधारित हुनेगरी व्यवस्थापन गरिनेछ।

नीति ञ. नगरपालिकाको स्थानीय आर्थिक विकासको प्राथमिकता अनुसार समयानुकुल आवश्यक नीति तथा कानुन निर्माण तथा परिमार्जन गरिनेछ।

नीति ट. युवा तथा उद्यमशील व्यक्तिहरूलाई आर्थिक, प्राविधिक र विशेषज्ञ सहयोग गरी नयाँ व्यवसाय शुरुवात र सञ्चालनमा सहजीकरणका साथै उत्प्रेरणात्मकर समन्वयात्मक भूमिका निर्वाह गर्न नगरपालिकामा स्थानीय आर्थिक विकास इकाई (LED unit) लाई संस्थागत गरिनेछ।

तालिका ५.१.३ : आवधिक प्राथमिकता : उद्योग र वाणिज्य

क. वालिङ नगरपालिकाले वालिङसहित तल्लो वालिङ, भुम्रे, भकुण्डे, मिर्दी, रामबाच्छा, त्रियासी, खहरे, बायाँटारी, झोलुङ्गे जस्ता प्रमुख बजार क्षेत्रमा बजार व्यवस्थापनका लागि आदेश जारी गर्ने बाहेक अन्य नीति तथा कानुन तर्जुमा गरेको छैन । यस नगरभित्र विभिन्न किसिमका साना उद्योग तथा व्यापार व्यवसायहरू सञ्चालनमा छन् । तर तिनीहरूलाई आर्थिक तथा प्राविधिक सहयोगसहित थप व्यवस्थित गर्नुपर्ने देखिन्छ । यस नगरपालिकाको व्यापार व्यवसाय तथा उद्योगधन्दा लगायतको व्यवस्थापन र नियमन गरी नागरिकहरूको आर्थिक समृद्धि तथा थप रोजगारी सिर्जनाका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम नगरपालिकाले आवश्यक नीति विधिहरू निर्माण गरी स्मार्ट नगरपालिका निर्माणका लागि तल उल्लेख गरिए बमोजिमका अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन कार्यक्रमहरू सञ्चालन गरिन्छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी सार्वजनिक जग्गा लिजमा लिने तथा उद्योग व्यवसाय सञ्चालन व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्ने।	१. बजार क्षेत्र विस्तार तथा हाट बजारहरूको व्यवस्थापन गर्ने नीति निर्माण गर्ने ।	१. उद्योग तथा व्यवसाय प्रवर्द्धनका लागि आवश्यक थप नीति तथा कानुन निर्माण वा परिमार्जन गर्ने ।
२. उद्योग, व्यवसाय, बजार व्यवस्थापन, सहजीकरण, नियमन तथा नियन्त्रण सम्बन्धी ऐन नियम निर्माण गर्ने ।	२. औद्योगिक क्षेत्र विकास सम्बन्धी गुरुयोजना तयार गर्ने ।	२. औद्योगिक क्षेत्र व्यवस्थापन सम्बन्धी स्थानीय कानुन निर्माण गर्ने ।

ख. विशेषत यस नगरपालिकाभित्र वैदेशिक रोजगारी तथा बेलायती तथा भारतीय सैनिक परिवारहरूको बसोबास उल्लेखनीय रहेको छ। वैदेशिक रोजगारी तथा कच्चा पदार्थको अभाव वा उपलब्धताको पहिचान हुन नसकेका कारण उद्यमशील सोचको विकास हुन नसक्नु, उत्पादनशील क्षेत्र र उद्योगमा पुँजीको परिचालन र उपलब्धता हुन नसक्नु र लगानीका विषयहरू एकद्वार प्रणालीमा आवद्ध नहुनु, औद्योगिक उत्पादनहरू लागत प्रतिस्पर्धी तथा गुणस्तरीय नहुनु र निर्यातयोग्य वस्तुहरूको उत्पादन र विविधिकरण नहुनु उद्योग क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पुँजी, सीप, कच्चा पदार्थ र प्रविधिको संयोजन गराउन निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, औद्योगिकरणमा नवीन प्रविधि र उपकरणहरूको प्रयोग गर्न नसकिनु तथा नगरले पनि त्यसतर्फ पर्याप्त ध्यान दिन नसकेका कारण औद्योगिक क्षेत्रमा विकास र विस्तार हुन नसकिरहेको अवस्था रहेको छ। वालिङ नगरपालिका क्षेत्रभित्र साना उद्योग, व्यापार व्यवसायहरू सञ्चालनमा रहेका छन् तर सबैको यथार्थ विवरण नगरपालिकासँग छैन । तिनीहरूको अभिलेखीकरणको कार्य थप व्यवस्थित गर्नुपर्ने आवश्यकता छ। बजारको व्यवस्थापन ग्रामीण तहका वडाहरूसम्म छैन । प्रायः सामान किनमेल गर्न वालिङ नै आउनुपर्ने बाध्यता ग्रामीण भेगका नगरवासीहरूलाई रहेको छ।

स्थानीयस्तरमा उत्पादन भएका कृषि तथा पशुजन्य वस्तु लगायत यहाँका कच्चा पदार्थको उपयोग हुन नसकेको अवस्था पनि छ । अर्थात् त्यहाँ उत्पादन भएका वस्तुहरूले बजार नपाएको अवस्था छ । ग्रामीण क्षेत्रमा समेत बजार विस्तार गरी उपभोग्य सामान तथा हाटबजारको व्यवस्थासहित बजारको व्यवस्थापन गर्नु अपरिहार्य रहेको छ । हाल नेपाल सरकार र प्रदेश सरकारको औद्योगिक ग्राम स्थापना गर्ने योजना तथा नीति अनुरूप वालिङ नगरपालिकाको वडा नं. १० बैदीमा औद्योगिक ग्राम निर्माणको कार्य भई रहेको छ । यी सम्पूर्ण कार्य गर्नका लागि नगरपालिकाले संघ, प्रदेश, निजी क्षेत्र तथा समुदायसँग समन्वय र सहकार्य गरी आवश्यक पूर्वाधारको विकास गरिरहेकोछ । नगरपालिकामा नगर उद्योग वाणिज्य संघ, व्यापार संघ लगायतका विभिन्न व्यापारिक संघ संस्थाहरू रहेका छन् । यस नगरपालिकाको स्मार्ट व्यापार व्यवसाय तथा उद्योगधन्दा लगायतको व्यवस्थापन तथा नागरिकहरूको आर्थिक समृद्धि तथा रोजगरीको पर्याप्त व्यवस्था गर्नको लागि तपसिल अनुसारका कार्यक्रमहरू आवधिक रूपमा कार्यान्वयन गरिन्छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगर क्षेत्रको आर्थिक गतिविधिको अध्ययन (औद्योगिक/व्यवसायिक गणना) गर्ने (नगर क्षेत्रमा वस्तुको माग, आपूर्ति, स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण लगायत कुल ग्राहस्थ उत्पादन, प्रति व्यक्ति आय आदि)	१. औद्योगिक/व्यवसायिक गणनापछि स्थानीय उद्योग र व्यवसायको आवश्यकता विश्लेषणसहित नगरले गर्नुपर्ने सहजकीरणको कार्यसूची बनाई कार्यान्वयनमा लाने ।	१. व्यवसायिक तथ्याङ्क आवधिक रूपमा गणना र अद्यावधिक गर्ने ।
२. सार्वजनिक जग्गाको लगत तयार अद्यावधिक गर्ने र औद्योगिक प्रयोजनमा उपयोगमा ल्याउन सकिने जग्गाको अभिलेख तयार पार्ने ।	२. स्थानीय रूपमा उत्पादन भई रहेका खाद्यान्नहरूको प्रशोधनका लागि प्रशोधन उद्योगहरू खोल्ने (सार्वजनिक निजी सहकारी साझेदारी अनुरूप) । २.१. स्थानीय वस्तुको उत्पादनमा वालिङ मार्ट ब्राण्ड बमोजिम वस्तु उत्पादन गर्ने र होल्डिङ कम्पनी स्थापना गरी एकीकृत बजार श्रृंखला व्यवस्थित गर्ने ।	२. खुलेका प्रशोधन उद्योगको स्तरोन्नती र बजार श्रृंखला निर्माण र विस्तारका कार्यलाई चरणबद्ध रूपमा अघि बढाउने ।
३. वालिङमा उद्योग तथा पूर्वाधारमा लगानी गर्न चाहने आन्तरिक र बाह्य लगानीकर्ताहरूका बिच लगानी सम्मेलन गर्ने ।	३. लगानी सम्मेलनलाई निरन्तरता दिनुका साथै सार्वजनिक निजी साझेदारी बमोजिम उद्योग व्यवसाय परियोजना कार्यान्वयनका लागि मनसायसूची तयार गर्ने र विश्लेषणका आधारमा कम्तीमा २ ओटा त्यस्ता उद्योगको कार्य अघि बढाउने ।	३. मनसायसूची प्राप्ति र सम्भाव्य आयोजना अघि बढाउने कार्यलाई निरन्तरता दिने ।
४. समन्वयात्मक रूपमा औद्योगिक ग्राम स्थापनाको आधारभूत प्रक्रिया पूरा गरी उद्योग ग्राम क्षेत्रमा सडकको पहुँच, विद्युत, खानेपानी, सञ्चार आदि पूर्वाधार विकासका लागि अध्ययन गर्ने ।	४.१. वडा नं. १, ९, १०, ११, १२, १३ र १४ मा औद्योगिक क्षेत्र विकास तयार गरी विभिन्न उद्योग धन्दा तथा कलकारखानाहरू स्थापनाको कार्यलाई व्यवस्थित गर्ने ।	४.१. औद्योगिक ग्रामको पूर्वाधार सुधार र सञ्चानलमा सहजीकरणको कार्यलाई निरन्तरता दिने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
	४.२. मुख्य बजार क्षेत्रका वडाहरूमा डिपार्टमेण्ट स्टोर, सपिङ कम्प्लेक्स स्थापनाका लागि प्रोत्साहन गर्ने ।	४.२.प्रत्येक वडामा सपिङ कम्प्लेक्स तथा डिपार्टमेण्ट स्टोर खोल्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।
५. नगरभित्र विभिन्न मेला, जात्रा तथा खाद्य मेला (फुड फेष्टिवलहरू) को नियमित आयोजना गर्ने ।		
६. निश्चित उमेरमाथि (४० वर्ष) का तथा वैदेशिक रोजगारीबाट फर्किएर नगरमा बसोबास गर्ने नागरिकहरूले गर्न चाहेको र गर्न सक्ने पेशा व्यवसाय तथा उद्यम सम्बन्धी अध्ययन गर्ने ।		
७. स्थानीयस्तरमा रहेका खानी तथा प्राकृतिक स्रोतको उत्खननको सम्भाव्यता अध्ययनका लागि समन्वय गर्ने ।	८. सबै वडामा कृषि उपज बजार तथा संकलन केन्द्रहरू निर्माण गर्ने तथा आधुनिक प्रविधि तथा पूर्वाधारयुक्त १ वटा थोक बजार केन्द्र निर्माण गरी कृषि उत्पादकको नेटवर्कको स्थापना तथा बजारको व्यवस्थापन गर्ने ।	८.उपयुक्त सफ्टवेयर विकास गरी संघ र प्रदेश सरकार तथा निजी क्षेत्रको सहयोगमा उद्योग व्यवसायीहरूको विद्युतीय कारोवार (E-commerce) र अनलाइनमा आधारित कर संकलन पद्धति पूर्ण कार्यान्वयनमा ल्याउने ।
	९. प्लाष्टिक प्रशोधन तथा फोहोरमैला प्रशोधन उद्योग स्थापना र सञ्चालन गर्ने ।	
	१०. साना तथा घरेलु उद्योग विकासका लागि कोष स्थापना र साना तथा घरेलु उद्योगको क्षमता विकास योजना बनाई सम्बन्धित सेवा एजेन्सीको समन्वयमार्फत् कार्यान्वय गर्ने ।	१०. निरन्तर

५.१.४. कृषि तथा पशुपालन

१. परिचय

“स्मार्ट वालिङः स्मार्ट नागरिक अर्थात् स्फुर्त, आत्मनिर्भर, सुखी र समृद्ध नागरिक बसोबास गर्ने सुव्यवस्थित नगर” को रूपमा विकसित हुने दीर्घकालीन सोचसहितको वालिङ नगरपालिकाले कृषि उत्पादन विविधिकरण र उच्च उत्पादकत्वलाई एक महत्वपूर्ण उद्देश्यको रूपमा लिंदै स्मार्ट कृषि पद्धतिका माध्यमबाट सो उपलब्धी हाँसिल गर्नेछ। नगरबाट नजिकका पोखरा र बुटवल जस्ता दुई ठूला शहरहरूले प्रदान गरेको अवसर, स्थानीय सम्भावना, बढ्दो बजार माग र प्रतिस्पर्धा आदिलाई ध्यान दिई नगरले तय गरेको स्मार्ट कृषिको अवधारणा निश्चय नै समयानुकुल छ। कृषि क्षेत्रका अन्य समस्याहरूलाई पनि समाधान गर्दै चरणवद्ध रूपमा स्मार्ट कृषितर्फ रूपान्तरण गर्दै गएको खण्डमा सिङ्गै नगरलाई आधुनिक कृषि विकासमा अग्रणी नगरको रूपमा स्थापित गर्न सकिने छ।

नक्सा ५.१.४ : वालिङ नगरपालिकाको कृषिका विशेष उत्पादन क्षेत्र



लगभग ६२ प्रतिशत खेतीयोग्य जमिन भएको नगरमा कुल जनसंख्याको ६७ प्रतिशत घर परिवारसँग कृषि प्रयोजनका लागि जग्गा जमिन उपलब्ध छ। वैदेशिक रोजगारीको प्रभाव र शहर केन्द्रित जनजीवनको बढ्दो चाख भए पनि अझै ५७ प्रतिशत परिवार कृषिमा आवद्ध छन्। खेतीमा आवद्ध परिवार मध्ये ९९ प्रतिशतले अन्नबाली नै लगाउँछन्। परम्परागत खेती प्रणाली विद्यमान छ। त्यसैकारण हुनसक्छ, वालिङ नगरका बहुमत वडा (१४ मध्ये ८ वटा वडा) मा केन्द्रित समूह छलफलको क्रममा अभिव्यक्त धारणा अनुसार यहाँका बासिन्दा यहाँको कृषिमा व्यवसायीकरण नभएको ठान्दछन्। तथापि, त्यसतर्फ उन्मुख भएको छ। तरकारी र सुन्तला खेती बिस्तारै व्यावसायिक हुँदै गएको छ। साना तर व्यवसायिक कृषि फर्महरूको संख्या हाल ६८ रहेको र यो बढ्दो क्रममा छ। १५० भन्दा बढीले यसैमा रोजगारी पाएका छन्। उत्पादक किसानहरू विभिन्न समूह तथा सहकारीहरूमा आवद्ध भएका छन् र यस्ता समूह तथा सहकारीहरू नगर क्षेत्रभित्र ६६ वटा क्रियाशील छन्।

पशुपालनको हकमा, ५४ प्रतिशत घरपरिवारले घरायसी प्रयोजनका लागि पशुपंछी पाल्ने गरेका छन् । सो मध्ये करिब ३०० परिवारहरूले दुध र अण्डा बिक्री गर्छन् । पशुपालन गर्ने किसानहरूले पनि विभिन्न समूह तथा सहकारीहरूमा आवद्ध हुँदै आफ्नो व्यवसायलाई बढाउँदै गएको पाइन्छ । नगरभित्र उल्लेख्य संख्यामा पशुपंछी फर्महरू सञ्चालनमा छन् । हाल नगरमा दर्ता भै सञ्चालनमा रहेका १५२ वटा पशुपालन फर्महरू छन् ।

यस आधारमा नगरको कृषि क्षेत्र विस्तारै व्यवसायिकता तर्फ उन्मुख हुँदै गएको पुष्टि हुन्छ, जुन आफैंमा स्मार्ट कृषितर्फ गरिने यात्राको लागि राम्रो आधार हो । तथापि, कृषि क्षेत्रमा धेरै समस्या र आमसरोकारहरू छन् । नगर, प्रदेश र नेपाल सरकारबाट दिइने अनुदान सहयोगमा असन्तुष्टि, कामदारहरूको अभाव, लागत अनुरूपको प्रतिफल नहुनु लगायत संकलन, ढुवानी तथा बजारीकरणमा समस्या, प्राविधिक जनशक्तिको अभाव, उन्नत बिऊ विजनको सहज आपूर्ति नहुनु, उन्नत प्रविधि तथा औजारहरूको सहज उपलब्धता नहुनु केही प्रमुख समस्याहरू हुन् ।

२. मुख्य अवसर र चुनौती

यहाँको माटो सुहाउँदो तरकारी तथा फलफूलको व्यवसायिक उत्पादन र उत्पादकत्व वृद्धिमार्फत् स्थानीय अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान बढाउने, हालको स्थानीय व्यवसायिक उत्पादनका सफल अनुभवको प्रचार प्रसारमार्फत् त्यसतर्फ थप आकर्षण र सहभागिता बढाउने, कृषि उत्पादन प्रवर्द्धनमा संघ, प्रदेश तथा बाह्य निकायले बढाई रहेको सहयोगलाई उत्पादन प्रवर्द्धनमा लगाई कृषि उद्यममा संलग्न हुन चाहनेहरूलाई आकर्षण गर्न सकिने अवसर एकातिर छ भने छरिएर हुने गरेको उत्पादनलाई एकीकृत गरी बजारीकरणको लागत घटाउने, तत्काल लाभ खोज्ने सोचमा परिवर्तन ल्याई कृषिलाई दीगो प्रतिफल प्राप्त हुने क्षेत्रका रूपमा विश्वास बढाउने, काम गर्न सक्ने शिक्षित युवा वर्गलाई कृषि पेशालाई मर्यादित पेशा भएको अनुभूति दिलाउने, कृषि क्षेत्रमा गरिने लगानीको सुरक्षा प्रत्याभूति दिलाउने जस्ता चुनौती रहेको छ ।

उल्लिखित समस्याहरूको दीगो रूपमा समाधान गर्न उपलब्ध अवसरको अधिकतम उपयोग गरी भई रहेको कृषि तथा पशुपालनलाई अझ बढी उत्पादनशील र व्यवसायिक बनाउँदै क्रमिक रूपमा स्मार्ट कृषितर्फ अघि बढे दीगो, प्रतिस्पर्धी र व्यावसायिक कृषिका माध्यमबाट धेरै रोजगारीको अवसरहरू सिर्जना गर्दै सिँगो नगरलाई आर्थिक रूपमा सबल बनाउन सकिनेछ ।

३. लक्ष्य

कृषि उत्पादन उत्पादकत्व बढाई कृषि उत्पादनशील नगर बनाउने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य ५.१.४ (१) कृषि तथा पशुपालन क्षेत्रलाई व्यावसायिक र उत्पादनमूलक बनाउने ।

नगरको मुलधार कृषि अझै परम्परागत भएता पनि विस्तारै व्यवसायिकतातर्फ उन्मुख हुँदै गएको छ । किसानहरू बजारमुखी उत्पादनमा लाग्नु, व्यावसायिक कृषि तथा पशु फर्महरू उल्लेखनीय संख्यामा हुनु र क्रमशः बढ्दै जानु आदि यसैको संकेत हो । यद्यपि यो पर्याप्त छैन । उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अझै कम छ, किसानहरूमा व्यावसायिकताको अभाव छ, कृषि तथा पशुपालन कार्य युवा र बेरोजगारहरूको लागि आकर्षणको क्षेत्र बन्न सकेको छैन । कामको लागि नगर बाहिर (देशभित्र र बाहिर) जाने बहुसंख्यक युवाहरूलाई **"शहरबाट गाउँ जाउँ, उद्यम गरौं गाउँ बनाऔं"** अभियानमार्फत् समेट्दै कृषि र पशुपालन कार्यलाई अझ बढी व्यावसायिक र उत्पादनशील बनाइने छ ।

व्यावसायिकताको विकासका साथ साथै व्यावसायिक कृषकहरूको संख्या बढाई गाउँबाट भरिएको ट्रक बजारतर्फ फिर्ता गरौं भन्ने अभियानमार्फत् उत्पादनलाई बढावा दिंदै माथिको उद्देश्य हाँसिल गरिनेछ । योजना अवधिमा, कृषि कर्म गर्ने हालको संख्यामध्ये ७० प्रतिशत किसानहरूलाई व्यावसायिक कृषिकर्मीको रूपमा रूपान्तरण गरिनेछ ।

५.१.४ (१) नीतिहरू

नीति क. व्यवसायिक उत्पादन कार्यलाई प्रभावकारी रूपमा अघि बढाउन प्रोत्साहनसहित क्षमता विकास, सहुलियतपूर्ण वित्त, बीमा, प्रविधि, बजार आदिमा पहुँचको सुनिश्चितता गरिनेछ । युवा तथा वैदेशिक रोजगारमा गएर फर्केकाहरूका लागि विशेष व्यवस्था गरिनेछ ।

नीति ख. सहकारी संस्थाहरू एवं निजी उद्यमी व्यवसायीहरूको माध्यमबाट कृषि तथा पशुपालनका लागि आवश्यक सामग्रीहरू, प्रविधि तथा आधुनिक उपकरणहरूको आपूर्तिलाई सर्वसुलभ गराइनेछ ।

नीति ग. आवश्यक जनशक्तिको प्रबन्ध गरी तालिम तथा परामर्शको माध्यमबाट प्राविधिक तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ। स्थानीय निजी उद्यमी व्यवसायी (एग्रोभेट) तथा समूह/सहकारी प्रतिनिधि सदस्यहरूको पनि क्षमता अभिवृद्धि गरी सोमार्फत् अथवा सोसँगको समन्वयमा किसानहरूका लागि आवश्यक प्राविधिक सेवा, सूचना, परामर्श आदि नियमित प्रदान गरिनेछ ।

नीति घ. संकलन केन्द्र र कृषि हाटबजारको सुदृढीकरण, स्थानीय बजार तथा बजार सूचना प्रणाली र सहजीकरणमार्फत् स्थानीय कृषि तथा पशुजन्य उपजहरूलाई बाह्य बजारमा पहुँच दिलाइनेछ ।

नीति ङ. आवश्यकता अनुसार उपयुक्त प्रविधिका माध्यमबाट सिँचाइ सुविधा सुनिश्चित गरिनेछ ।

नीति च. पशुपालनतर्फ उन्नत पालन पद्धति र नश्ल सुधारमार्फत् उत्पादकत्व वृद्धिमा जोड दिइनेछ । पशु नश्ल सुधार कार्यलाई अभियानकै रूपमा लगिनेछ ।

नीति छ. साना तथा निर्वाहमुखी पशुपालक कृषकहरूलाई दाना, घाँस, गोठ, खोर निर्माणमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

नीति ज. बढी सम्भावनायुक्त कृषि बाली तथा पशुजन्य वस्तुहरूको मुल्य श्रृङ्खलामा आधारित रहेर उद्योग व्यवसायको प्रवर्द्धन गरिनेछ । स्थानीय उत्पादनमा आधारित, साना तथा मझौला तहको उद्योग व्यवसायहरूलाई प्राथमिकतामा राखि सोही अनुरूप प्रवर्द्धनात्मक नीति अवलम्बन गरिनेछ ।

नीति झ. कृषक समूह तथा सहकारीहरूलाई साना तथा मझौला उद्योग व्यवसायहरू सञ्चालनको लागि प्रोत्साहित गरिनेछ ।

नीति ञ. सीप, पूँजी, प्रविधि, क्षमता विकास, बजार सम्पर्क विस्तारका अलावा कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरूपको प्रभावकारी उपायहरू अवलम्बन गरिनेछ । बीमा, जोखिम कोष, क्षतिमा आधारित अनुदान आदि केही सम्भाव्य उपायहरूका लागि नगरले आवश्यक श्रोतहरूको व्यवस्था गर्नेछ ।

नीति ट. स्वच्छ र स्वस्थ उत्पादन, त्यस अनुसारको उत्पादन पद्धतिको अवलम्बन, सो को गुणस्तर मापन र प्रमाणीकरणको व्यवस्था गरिनेछ ।

नीति ठ. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटावेस तयार गरी अद्यावधिक गर्दै लगिनेछ ।

नीति ड. कृषि, मत्स्यपालन र पशुपालन गर्ने कृषकको लागि उत्पादन परिमाणका आधारमा अनुदान र बजार व्यवस्थापन गर्नका लागि नगरपालिकाले कृषि उपज वृद्धि कोष सृजना गर्ने नीति अवलम्बन गरिनेछ ।

उद्देश्य ५.१.४ (२) स्मार्ट कृषिमा अग्रणी नगरको रूपमा स्थापित हुने ।

नगरवासीहरूको स्मार्ट कृषिको सोच समयानुकुल छ। जलवायु परिवर्तनले सिर्जना गरेको समस्यासँग जुध्न होस् या बढ्दो बजार माग धान्न, प्रतिस्पर्धामा खरो उत्रिन होस् या कृषि कर्मलाई दीगो राख्न, स्मार्ट कृषि नै २१औं शताब्दीको उपयुक्त विकल्प हो । यसले आधुनिक प्रविधिहरूको प्रयोगमा जोड दिँदै "बढी उत्पादन" र "गुणस्तरयुक्त उत्पादन" सुनिश्चित गर्दछ । यही सोच अनुरूपको उपलब्धी हाँसिल गर्न योजना अवधिमा नगरको कृषि क्षेत्रलाई पूर्णरूपमा स्मार्ट कृषिमा रूपान्तरण गरिनेछ ।

५.१.४ (२) नीतिहरू

नीति क. विस्तृत अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन प्राथमिकतासहितको कृषि योजना बनाई कार्यान्वयन गरिनेछ ।

नीति ख. कृषि उत्पादकत्व वृद्धिका लागि आवश्यक जनशक्ति र पूर्वाधार विकासलाई प्राथमिकतामा राखी सोही अनुरूप विकास गर्दै लगिने छ ।

नीति ग. चरणवद्ध रूपमा स्मार्ट कृषिको अवधारणा अनुरूप अध्ययन, परीक्षण तथा पुष्ट्याईसहित विस्तार गर्दै लगिनेछ ।

नीति घ. स्मार्ट कृषिको अवधारणा अनुरूप लाभग्राही तथा अन्य सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।

नीति ङ. आवश्यकता अनुसार प्रदेश तथा संघीय सरकार र अन्य निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

नीति च. भूमिको उच्चतम उपयोग लागि भूमि बैंक स्थापना गरिने छ ।

तालिका ५.१.४ : आवधिक प्राथमिकता : कृषि तथा पशुपालन क्षेत्र विकास

क. कुल गार्हस्थ उत्पादनमा २७ प्रतिशत योगदान रहेको र ६०.४ प्रतिशत जनसंख्या आवद्ध भएको कृषि क्षेत्र आर्थिक समृद्धि हाँसिल गर्ने राज्यको मूल आधार हो । तसर्थ नगरमा कृषिलाई व्यावसायिक रूपमा अगाडि बढाउँदै चरणवद्ध रूपमा स्मार्ट कृषिमा रूपान्तरण गर्दै जाने कार्यलाई प्राथमिकता दिन हाल नगरमा भएका विद्यमान ऐन कानुनहरू पर्याप्त छैनन् । उक्त प्रयोजनका लागि निम्न नीति तथा कार्यक्रमहरू निर्माण तथा सो को कार्यान्वयन गरिन्छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को समीक्षा गरी त्यसलाई नयाँ प्राथमिकताका आधारमा परिमार्जन गर्दै, कार्यान्वयनका लागि नियमावली तथा कार्यविधिहरू बनाउने ।	१. नीतिहरूको समीक्षा गरी समयानुकुल परिमार्जन गर्ने ।	१. निरन्तर
२. स्मार्ट कृषि सम्बन्धी दीर्घकालीन नीति निर्माण गर्ने ।	२. नीति कार्यान्वयनको समीक्षा र समयानुकुल परिमार्जन गर्ने ।	२. निरन्तर
३. सहकारी ऐन कार्यान्वयनका लागि नियमावली र कार्यविधि बनाउने ।	३. ऐन कार्यान्वयनको समीक्षा र समयानुकुल परिमार्जन गर्ने ।	३. निरन्तर

ख. कृषि उत्पादकत्व वृद्धि गर्न अपरिहार्य स्रोत-साधन र सामग्रीहरूको न्यून उपलब्धता, आवश्यक भौतिक पूर्वाधारहरू जस्तै सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, चिस्यान केन्द्र, संकलन केन्द्र तथा बिजुली आदिको अपर्याप्तता मूल समस्याका रूपमा देखिएका छन । कृषिजन्य उत्पादनमा आशातीत उपलब्धी हाँसिल गर्न अत्यावश्यक उन्नत नश्ल तथा बिउको प्रतिस्थापन दर पनि अत्यन्तै कम छ। यसको अलावा बजार क्षेत्रमा जमिनको तीब्र खण्डीकरण तथा ग्रामीण क्षेत्रमा क्रमशः जग्गा जमिन बाँझो रहनु तथा कृषि उत्पादनमा वन्यजन्तुको प्रभाव एवं यसको उत्पादनमा असर प्रमुख समस्याको रूपमा रहेको छ । नगरले व्यावसायिक कृषिलाई अगाडी बढाउँदै क्रमिक रूपमा स्मार्ट कृषिमा रूपान्तरण गरी दीगो, प्रतिस्पर्धी र व्यावसायिक कृषिको माध्यमबाट अधिकतम रोजगारीको अवसरहरू सिर्जना गर्नका लागि निम्न कार्यक्रमहरू सञ्चालन गरिन्छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. हालको उत्पादन अवस्था, सम्भावना तथा चरणवद्ध रूपमा स्मार्ट कृषिमा रूपान्तरण गर्दै जाने योजना अनुरूप कृषि र पशुपालनको लागि पकेट क्षेत्र निर्धारण गर्ने ।	१. आवश्यकता अनुसार कृषि पकेट क्षेत्रको थप वर्गीकरण र सेवा व्यवस्थापन गर्ने ।	१. कृषि पकेट क्षेत्रहरूको उत्पादनशीलता अध्ययन गरी आवश्यक विस्तार, वर्गीकरण वा परिमार्जन गर्ने ।
२. पकेट क्षेत्रहरू र त्यससँग सम्बन्धित किसानहरू पहिचान गरी सोको आवश्यकताहरू अध्ययन गर्ने र त्यस अनुसारको उन्नत प्रविधि र पद्धतिसहितको उत्पादन योजना तयार गर्ने ।	२. कृषि क्षेत्रमा थपिने तथा कृषि पकेट क्षेत्र अन्तर्गतका उत्पादक लक्षित किसानहरू पहिचान गरी सोको आवश्यकताहरू अध्ययन गरी उत्पादन योजनालाई आवश्यकता अनुसार परिमाजनसहित कार्यान्वन गर्ने ।	२. कृषि उत्पादनलाई निरन्तरता दिने वा नयाँ आउने लक्षित किसानहरू पहिचान गरी सोको आवश्यकताहरू अध्ययन गर्ने र उत्पादन योजनालाई आवश्यकता अनुसार परिमार्जन र कार्यान्वनको निरन्तरता ।
३. कृषक समूह/सहकारी प्रतिनिधि र स्थानीय एग्रोभेट लगायतको क्षमता अभिवृद्धि गरी सोसँगको निरन्तर समन्वयमा कृषि उपजहरू, प्रविधि एवं प्राविधिक सेवाहरूको उपलब्धता सुनिश्चित गर्ने ।	३. उत्पादन योजनामा आधारित रहेर युवा तथा वैदेशिक रोजगारीको विकल्पका रूपमा कृषि पेशा अँगाल्नेहरूका साथै अन्य कृषकहरूलाई तालिम लगायत वित्त, बीमा, प्रविधि, बजारमा पहुँचको लागि सहजीकरण गर्ने ।	३. उत्पादन योजनामा आधारित रहेर योजना अवधिको लक्ष्य अनुसार युवा तथा वैदेशिक रोजगारमा जानेहरूका साथै अन्य कृषकहरूलाई तालिम लगायत वित्त, बीमा, प्रविधि, बजारमा पहुँचको लागि सहजीकरण गर्ने ।
४. व्यावसायिक उत्पादन कार्यलाई प्रभावकारी रूपमा अघि बढाउन युवा तथा वैदेशिक रोजगारीबाट फर्कनेलाई प्राथमिकतामा राख्दै क्षमता विकास, सहुलियतपूर्ण वित्त, बीमा, प्रविधि, बजार सम्बन्धी आवश्यकताहरू अध्ययन गरी तदनुरूपको योजनाहरू बनाई कार्यान्वयनमा जाने । साथै कृषकहरूलाई फसल (उत्पादन) बीमाका लागि अभिप्रेरित गर्न अभिमुखिकरण गर्ने । कोभिड १९ को कारण बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केकाहरूको लागि कृषि केन्द्रित अनुभव आदानप्रदान, सीप विकास, तालिम, कृषि तालिम आदिको कार्ययोजना बनाई लागु गर्ने ।	४. विभिन्न कृषि कार्यको पृष्ठभूमिका किसानमध्ये उनीहरूको उत्पादन, उत्पादकत्व तथा क्रियाशीलताका आधारमा उत्पादन सहजीकरणको कार्यलाई निरन्तरता दिने ।	४. निरन्तर

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
५. कृषक समूह तथा सहकारीहरूसँग सम्भाव्य उद्यम व्यवसायहरू सम्बन्धी अन्तर्क्रियाहरू गरी साना तथा मझौला उद्योग व्यवसायहरू सञ्चालनको लागि प्रोत्साहित गर्ने । पशु नश्ल सुधारको लागि इच्छुक किसानहरूको पहिचान गरी सुधार कार्य शुरु गर्ने ।	५. कृषि उद्यम प्रवर्द्धनात्मक गतिविधि र पशुनश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिने ।	५. निरन्तर
६. साना तथा निर्वाहमुखी पशुपालन गर्ने कृषकहरूको पहिचान गरी दाना, घाँस, गोठ, खोर निर्माणमा अनुदान दिने ।	६. निरन्तर	६. निर्वाहमुखी खेतीलाई व्यवसायिक खेतीले विस्थापित गर्न विशेष कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।
७. सिँचाइको आवश्यकता अध्ययन गरी उपयुक्त प्रविधि (कुलो, पोखरी, थोपा सिँचाइ, लिफ्टिङ आदि) हरूको छनौट गर्ने ।	७. उत्पादनको प्रकृति तथा पानीको उपलब्धता र आवश्यकताका आधारमा उपयुक्त प्रविधिको प्रयोग गरी सबै कृषि पकेट क्षेत्र तथा अन्य कृषियोग्य जमिनहरूमा सिँचाइ सुविधा पुऱ्याउने ।	७. निरन्तर
८. सञ्चालनमा रहेको हाट बजार र संकलन केन्द्रहरूको आवश्यकता अध्ययन गरी सुधारको योजना बनाउने ।	८. सञ्चालनमा रहेको हाट बजार र संकलन केन्द्रहरूको सुधारको योजना कार्यान्वयन गर्ने ।	८. निरन्तर
९. नयाँ हाट बजार र संकलन केन्द्रहरूको आवश्यकता अध्ययन गर्ने ।	९. आवश्यकता अनुसार नयाँ हाट बजार र संकलन केन्द्रहरूको स्थापना र सञ्चालनमा सहयोग गर्ने ।	९. निरन्तर
१०. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटावेस तयार गर्ने ।	१०. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने मिन/माटोको डाटावेस अद्यावधिक गर्ने ।	१०. किसान, उसले गरेको कृषि कर्म र त्यसमा प्रयोग हुने जमिन/माटोको डाटावेस अद्यावधिक गर्ने ।
११. स्वच्छ र स्वस्थ उत्पादन सुनिश्चित गर्न गुणस्तर मापन र आवश्यक प्रमाणीकरणको लागि सम्भावना अध्ययन गर्ने ।	११. नगरमा वस्तु तथा उत्पादित फसलहरूको गुणस्तर मापन र प्रमाणीकरण कार्य शुरु गर्ने ।	११. गुणस्तर मापन र प्रमाणीकरण कार्यलाई अत्याधुनिक गर्दै उक्त कार्यलाई निरन्तरता दिने ।
१२. कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरूपको प्रभावकारी उपायहरूको खोजी गर्ने ।	१२. बाली बीमा, क्षति मुल्यांकन तथा क्षतिपूर्ति प्रणाली आदिमार्फत् कृषकहरूलाई अनपेक्षित जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउन स्थायी स्वरूपको प्रभावकारी उपायहरू कार्यान्वयनमा लैजाने ।	१२. जोखिम (प्राकृतिक वा अन्य कुनै) बाट बचाउने उपायहरूको कार्यान्वयनलाई निरन्तरता दिने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१३. स्मार्ट कृषिको सम्भावना विस्तृत अध्ययन गरी योजना निर्माण गर्ने र स्मार्ट कृषिमा रूपान्तरण गर्न जनशक्ति र पूर्वाधार विकासका लागि आवश्यकता अध्ययन गरी क्षमता अभिवृद्धिको योजना बनाउने ।	१३. स्मार्ट कृषिमा रूपान्तरण गर्ने योजना कार्यान्वयनमा लाने र स्मार्ट कृषिको अवधारणा अनुरूप परीक्षण तथा पुष्ट्याईका लागि परीक्षणहरू गर्ने । स्मार्ट कृषिको लक्ष्य प्राप्तिमा केन्द्रित क्षमता अभिवृद्धिको योजना कार्यान्वयन गर्दै दक्ष जनशक्ति र पूर्वाधारको विकास गर्ने ।	१३. स्मार्ट कृषिको अवधारणा अनुरूप कृषि क्षेत्र रूपान्तरणको कार्यलाई विस्तारमा कार्यान्वयन गर्ने ।
१४. बाँदरको समस्या समाधानका लागि उपयुक्त प्रविधि प्रयोगमा ल्याउने ।	१४.बाँदर लगायतका जंगली जनावरहरूको नियन्त्रणको व्यवस्था मिलाउने ।	
	१५.सुन्तला प्रशोधन कार्यको लागि आवश्यक सीप विकास तथा उद्योग स्थापनाको लागि निजी क्षेत्र तथा सहकारीहरूलाई प्रोत्साहन गर्ने ।	१५. कृषि उत्पादनमा समय सापेक्ष अनुसन्धान तथा उन्नत खेती प्रणालीको सिफारिस गर्न विशेषज्ञसहितको संयन्त्रको विकास गर्ने

ग. नगरले राखेको उद्देश्य प्राप्त गर्ने गरी प्रस्ताव गरिएको कार्यक्रमहरू प्रभावकारी कार्यान्वयनका लागि दक्ष जनशक्ति र प्रभावकारी सेवा प्रवाहका साथै सामुदायिकस्तरको सचेतना र सरोकारवालाबिचको सहकार्य आवश्यक हुने भएकोले सोही अनुसार क्षमता विकास र समन्वयात्मक प्रयास गर्ने योजना रहेको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. पहिलो २ वर्षको लक्ष्य अनुरूप किसान, किसान समूह तथा सहकारीहरू, निजी उद्यमी व्यवसायी लगायत सरोकारवाला निकायहरूलाई आवश्यक तालिम, अभिमुखिकरण तथा परामर्श सेवाको व्यवस्था गर्ने ।	१. दोश्रो योजना कार्यकालको लक्ष्य अनुरूप, किसान समूह तथा सहकारीहरू, निजी उद्यमी व्यवसायी लगायत सरोकारवाला निकायहरूलाई आवश्यक तालिम, अभिमुखिकरण तथा परामर्श दिने ।	१. तेश्रो योजना कार्यकालको लक्ष्य अनुरूप, किसान समूह तथा सहकारीहरू, निजी उद्यमी व्यवसायी लगायत सरोकारवाला निकायहरूलाई आवश्यक तालिम, अभिमुखिकरण तथा परामर्श दिने ।
२. स्मार्ट कृषिको अवधारणा र आवश्यकता अनुसार कर्मचारी, किसान लगायत अन्य सरोकारवाला निकायहरूलाई क्षमता अभिवृद्धिको लागि तालिम, गोष्ठी, भ्रमण आदिको आयोजना गर्ने ।	२. निरन्तर	२. निरन्तर

५.१.५. सहकारी

१. परिचय

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। स्थानीयस्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोक्न र स्थानीय क्षेत्रमा नै लगानी गरी स्थानीय आयआर्जन वृद्धिका लागि सहकारी संघ संस्थाहरूले योगदान गर्न सक्छन्। नगरमा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ ६४ वटा सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन्, जसले २०८ जना भन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिइरहेको छ। नगरभित्र दर्ता भएका सहकारीहरू मध्ये एउटै सहकारीले सबैभन्दा बढी रु. ४० करोडसम्मको बचत र ऋण लगानी रु. ५२ करोडसम्म गरेको देखिन्छ। यी सहकारीहरूले के कस्तो क्षेत्रमा लगानी गरेका छन् भन्ने तथ्याङ्क नगरपालिकामा रहेको छैन।

२. मुख्य अवसर र चुनौती

नगरमा भएको सहकारीहरूले स-साना बचत कार्यक्रममार्फत् गरेको पुँजी एकीकरणलाई स्थानीय आर्थिक विकासका लागि उत्पादनमूलक लगानीको स्रोत बनाउने अवरसर नगरलाई छ। अनुत्पादक क्षेत्रको लगानी निरुत्साहित गर्दै छरिएर रहेका पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानीको वातावरण बनाउने तथा सहकारी संस्थाहरूको शासकीय सुधारमार्फत् भरपर्दो र विश्वसनीय वित्तीय मध्यस्तकर्ता बनाउने चुनौती पनि छ।

३. लक्ष्य

उत्पादनशीलता अभिवृद्धिमा सहकारी क्षेत्रको योगदान बढाउने।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य ५.१.५ : सहकारी : स्थानीयस्तरमा छरिएर रहेको पुँजी र प्रविधिलाई सहकारीमार्फत् उत्पादनशील क्षेत्रमा लगानी गरी सामाजिक न्यायका आधारमा आत्मनिर्भर र दीगो रूपमा स्थानीय आर्थिक विकास सुदृढ गर्ने।

नीति क. आर्थिक र सामाजिक रूपान्तरणमा योगदान गर्ने गरी सहकारीको माध्यमबाट स्थानीय स्रोत श्रम, साधन सीप र पुँजीको अधिकतम परिचालन गरिनेछ।

नीति ख. स्थानीय सहकारीहरूलाई विधिसम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकीकृत तथ्याङ्क निर्माण र अद्यावधिक गरिनेछ।

नीति ग. स्थानीय सहकारी संस्थाका पदाधिकारी, कर्मचारीहरूलाई लक्षित गरी सहकारी शिक्षाको माध्यमबाट सहकारी व्यवसाय प्रवर्द्धन गरिनेछ। सहकारीका सदस्यहरूलाई सहकारी शिक्षाको नियमित व्यवस्था मिलाउन सम्बन्धित सहकारी संस्थाहरूलाई जिम्मेवार बनाइने छ।

नीति घ. उत्पादनमा आधारित सहकारी संस्थाहरूको प्रबर्द्धन गरिने छ। उद्यम, कृषि र उपभोक्ता सहकारी स्थापनामा जोड दिइनेछ।

नीति ङ. सहकारी मर्जिङ कार्यलाई प्रोत्साहित गरिने छ।

नीति च. सहकारी संस्थाको तरल अवस्थामा रहेको पुँजीलाई उत्पादनमूलक र रोजगारी सृजना हुने कार्यमा लगानीको वातावरण तय गरिनेछ।

तालिका ५.१.५ : आवधिक प्राथमिकता : सहकारी

क. नगरपालिकालाई प्राप्त अधिकार बमोजिम सबै सहकारीहरूलाई नियमन गर्न आवश्यक देखिन्छ । हाल नगरपालिकामा रहेका सहकारीहरूको बचत तथा ऋण लगायत उत्पादन तथा आयमूलक क्षेत्रमा के कति लगानी भई रहेको छ सोको स्पष्ट सूचना नगरपालिकासँग छैन । सहकारीको पुँजीलाई विषयगत क्षेत्र तथा अन्य उत्पादन क्षेत्रमा केन्द्रिकृत गरी प्रभावकारी रूपमा सञ्चालन र नियमनका लागि सहकारीको व्यवसायकि योजना (Business Plan) को आवश्यक पर्दछ । अर्थात् सबै सहकारीहरूलाई सहकारीको सिद्धान्तअनुसार कार्य गर्न गराउन, अनिवार्यरूपमा व्यवसायिक योजना बनाई नगरपालिकामा पेश गर्नुपर्ने र सोही बमोजिम नगरपालिकाले नियमन गर्नुपर्ने व्यवस्थालाई कानुनद्वारा नै स्पष्ट गर्न आवश्यकतानुसार ऐन तथा नियमावलीको संशोधन गर्नुपर्ने हुन्छ । त्यसैले नीति तथा कानुनको निर्माण तथा उपयोगको कार्य तपसिल अनुसार गरिन्छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. सहकारी ऐन बमोजिम नियम बनाउने ।	१. सहकारीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न क्षेत्र पहिचान तथा विधि निर्धारण सम्बन्धी अध्ययन गरी ऐनमा आवश्यक संशोधन गर्ने।	१. सहकारी सम्बन्धी स्थानीय कानुन आवश्यक परिमार्जन ।
२. सहकारीहरूका लागि व्यवसायिक योजनाको खाका (Model) तयार गर्ने ।	२. सहकारीमा व्यवसायिक योजना कार्यान्वयनको प्रारूप कार्यान्वयनमा लान आवश्यक समन्वय र सहजीकरण गर्ने ।	२. व्यवसायिक योजना कार्यान्वयनको आवधिक समीक्षा गर्ने ।
	३. सहकारी नीति बनाउने	३. सहकारी नीति कार्यान्वयनको समीक्षा तथा कमी पूर्तिका रणनीति बनाउने ।

ख. हाल नगर क्षेत्रमा सबै नगरवासीको सहकारीमा पहुँच नभएको र विषयत सहकारी, उद्यम सहकारी, कृषि सहकारी पर्याप्त मात्रामा स्थापना भएको छैन । सहकारीहरू स्थापना हुने र सञ्चालन नहुने अर्थात् सम्बन्धित निकायबाट नियमन अभावका कारण सर्वसाधारणको रकम जोखिममा पर्ने सम्भावना बढ्दै गएकाले सहकारीप्रतिको विश्वास कम हुँदै गएको छ । दीगो विकासको लक्ष्य बमोजिम नगर क्षेत्रभित्रका न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्तालाई सहकारीमा पहुँच अभिवृद्धि गर्न आवश्यक रहेको छ । साथै उनीहरूको पुँजी तथा उत्पादनलाई एकीकृत गरी आर्थिक तथा सामाजिक विकासमा परिचालन गर्न, समुदायमा आधारित लोकतान्त्रिक स्वायत्त र स्वशासित संगठनका रूपमा विकास गर्न नगरपालिकाबाट प्रभावकारी नियमनका लागि सहकारीका क्षेत्रमा थप सुधार गर्नुपर्ने देखिन्छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. सबै वडाका सहकारी सञ्चालक र कर्मचारीहरूका लागि सहकारी शिक्षा सञ्चालन गर्ने ।		
२. नगर क्षेत्रमा रहेका सबै सहकारीको विस्तृत तयार गर्ने (पुँजी, बचत, क्षेत्रगत लगानी, सञ्चालन व्यवस्थापन, प्रविधिको प्रयोग आदि)	२. सबै सहकारीहरूको व्यवसाय योजना बनाउनका लागि समन्वय र नियमन गर्ने ।	२. निरन्तर
३. नगरस्तरका सहकारीको एकीकरण प्रक्रिया प्रारम्भ गर्ने ।	३. सहकारी गाभ्ने प्रक्रिया तथा विषयगत सहकारी नभएका स्थानमा स्थापनाका माध्यमबाट कम्तीमा ५ वटा वडाहरूमा विषयगत सहकारी संस्था स्थापनाको सुनिश्चितता तथा प्रत्येक वडाका १ बस्तीमा उद्यम सहकारी/कृषि सहकारी स्थापना गर्ने ।	३. प्रत्येक वडामा कम्तीमा १ र १ वटा विषयगत सहकारी संस्था स्थापना गर्ने जसमा प्रत्येक वडाका बस्तीमा उद्यम सहकारी/कृषि सहकारी स्थापना गर्ने र संख्या सीमित गराउने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
४. अन्तरनगर सञ्जाल भएका सहकारीको व्यवस्थापनका लागि अन्तरनगर समन्वयात्मक बैठक तथा अन्य समन्वय विधि कार्यान्वयन गर्ने ।		
	४.१. सहकारीको अनुगमनलाई संस्थागत र नतिजामा आधारित मुल्यांकन पद्धति (उद्देश्य अनुसारको सेवा, उत्पादनमूलक क्षेत्रमा लगानी जस्ता मापदण्ड) का आधारमा वार्षिक रूपमा उत्कृष्ठ सहकारी पहिचान गरी सोका आधारमा प्रोत्साहन प्याकेज उपलब्ध गराउने ।	४.१ निरन्तर
	४.२. सहकारी संस्थाहरूको विवरण एकीकृत अद्यावधिक तथा Online System बाट नियमनका लागि Software बनाउने ।	४.२ सहकारी अनुगमन र नियमनलाई अनलाइन पद्धतिमा आधारित बनाउने ।
		५. सहकारी तथा लघुकर्जा उपलब्ध गराउने संघ संस्थाहरूद्धारा उपलब्ध गरेको सेवा सुविधामा बढोत्तरी गराउन आवश्यक समन्वय, साझेदारी तथा अनुगमनको व्यवस्था गर्ने ।

५.१.६. आर्थिक पूर्वाधार र राजस्व परिचालन

१. परिचय

नगरको वार्षिक आन्तरिक राजस्व संकलन ४.५ करोड आसपास रहेको छ। राजस्वको आधार वृद्धि स्थानीय आर्थिक विकासका पर्यटन, उद्योग व्यवसाय, कृषि, पशुपालन, सहकारी, रोजगारी आदि क्षेत्रमा व्यवस्था भए बमोजिम नीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र सोका लागि आवश्यक पूर्वाधार निर्माण गरी स्मार्ट रोजगारीका साथै राजस्व अभिवृद्धि गर्न नगरले राजस्व र पूर्वाधार विकासलाई सन्तुलित रूपमा अघि बढाउनु पर्ने आवश्यकता छ।

२. मुख्य अवसर र चुनौती

बजार र व्यवसायिक क्षेत्रको विस्तारले स्थानीय राजस्वमा समेत योगदान गर्न सक्ने देखिएको छ। यातायात लगायतका पूर्वाधारमा नगरका अतिरिक्त बाह्य तवरबाट समेत भइरहेको लगानीले व्यवसायिक र उत्पादनमूलक गतिविधि बढाई राजस्व तथा आर्थिक सम्भाव्य पूर्वाधारको कमी पूर्तिमा पनि योगदान गर्न सक्ने अवस्था रहेको छ भने भौतिक पूर्वाधारको सीमितता तथा स्रोतको अपर्याप्तताका बिच आर्थिक सम्भाव्य पूर्वाधार ब्यवस्थापन र राजस्व संकलनको अपेक्षित स्तर हाँसिल गर्नु चुनौतीपूर्ण छ। स्थानीय सकरार र नगरवासी सम्बन्ध अक्षुण राख्दै घरभाडा लगायतका कर तथा राजस्व संकलनमा व्यवस्थापन गर्ने चुनौती पनि रहेको छ।

३. लक्ष्य

राजस्व अभिवृद्धि र आर्थिक सम्भाव्य पूर्वाधारमार्फत् स्थानीय आर्थिक विकासलाई गति दिने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य ५.१.६ : आर्थिक सम्भाव्य पूर्वाधारको विकासमा जोड दिई नगरको आर्थिक वृद्धि, रोजगारी सृजना र आन्तरिक स्रोत अभिवृद्धि गर्ने ।

नीति क. स्थानीय आर्थिक विकासलाई प्रवर्द्धन गर्न रोजगारी अभिवृद्धि र आन्तरिक स्रोत अभिवृद्धि हुने खालका आर्थिक पूर्वाधारमा जोड दिइनेछ । यस्ता पूर्वाधारहरूको निर्माण कुल बजेटको (सशर्त अनुदान बाहेक हुन आउने) निश्चित प्रतिशत रकमसहित ऋण वा सार्वजनिक निजी साझेदारी अनुरूप सञ्चालन गरिनेछ ।

नीति ख. ठूला प्रकृतिका आयोजनाहरूमा लागत साझेदारीको अवधारणालाई अवलम्बन गरी आयोजनाहरूको सम्भाव्यता अध्ययन गराई Project Bank तयार गरिनेछ । जसमा निजी क्षेत्रको लगानी, नेपाल सरकार र प्रदेश सरकारको स्रोतहरूलाई समेत उपयोग गरिनेछ ।

नीति ग. न्यून सम्भाव्यता भएका पूर्वाधार विकास तथा सेवाहरूमा निजी क्षेत्रलाई आकर्षण गर्न सम्भाव्य परिपूर्ति कोष (Viability Gap Fund) को व्यवस्था गरिनेछ । कोषको रकमलाई आवश्यकतानुसार वृद्धि गरिँदै लगिनेछ ।

नीति घ. नगरपालिकाको आन्तरिक स्रोतमा अभिवृद्धिका लागि पूर्वाधार विकासमा जोड दिइनेछ । पूर्वाधारलाई सेवा शुल्कमा आवद्ध गरिनेछ र सोबाट प्राप्त रकमसहित अन्य स्रोतबाट समेत रकम छुट्याई मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ ।

नीति ङ. GIS को माध्यमबाट Tax Mapping Data Base System स्थापना गरी राजस्व अभिवृद्धि गरिनेछ । Online मार्फत् कर तिर्ने प्रणालीको विकास गरिनेछ ।

नीति च. आर्थिक विकासको समग्र पक्षमा आन्तरिक समन्वय र सहजीकरणका लागि नगरपालिकामा स्थानीय आर्थिक विकास शाखालाई प्रभावकारी र जिम्मेवार बनाइनेछ ।

नीति छ. समग्र नगरपालिकाको योजना तथा पूर्वाधार विकासमा निजी तथा वैदेशिक लगानी भित्र्याउनका लागि आवश्यक सहयोग, सम्पर्क र समन्वय, सहजीकरण तथा स्थानीय आर्थिक विकासको नीति तथा कार्यक्रम तयका लागि विज्ञ टोलीको गठन गरिनेछ । साथै समग्र वालिङ नगरपालिकाको योजना तथा विकास निर्माणका लागि वालिङ नगर योजना आयोग गठन गरिनेछ ।

तालिका ५.१.६ : आवधिक प्राथमिकता : पूर्वाधार तथा राजस्व परिचालन

क. नगरपालिकाको सीमित स्रोतबाट मात्र आर्थिक तथा सामाजिक पूर्वाधार लगायत विकास निर्माणका कार्यहरू गर्न प्राय असम्भव देखिन्छ । यसका लागि वैकल्पिक स्रोतको आवश्यकता पर्दछ । वैकल्पिक स्रोतका लागि ऋण, सार्वजनिक निजी साझेदारी, प्रभावकारी भू-उपयोग लगायत अन्य नविनतम उपायमार्फत् स्रोतको व्यवस्थापन गर्न सकिन्छ । हाल नगरपालिकाले ऋणमार्फत् केही आयोजनाहरूको निर्माणकार्य अगाडि बढाएको छ, तथापि आन्तरिक स्रोत न्यून भएका कारण बैंक तथा वित्तीय संस्थाबाट ठूला आयोजनाका लागि थप ऋण लिन सक्ने अवस्था छैन । सार्वजनिक निजी साझेदारीमार्फत् सीमित कार्यहरू हुँदै आएका छन् । निजी क्षेत्रलाई पूर्वाधार विकासमा आकर्षण गर्न, उनीहरूको लगानीलाई सुनिश्चित गर्न, जोखिम न्यूनिकरण वा कम सम्भाव्य भएका क्षेत्रमा निजी क्षेत्रको रकमलाई समेत आकर्षण गर्न स्पष्ट सार्वजनिक निजी साझेदारी ऐन आवश्यक देखिन्छ तर नगरपालिकासँग स्पष्ट ऐन तथा नियमावली छैन । यसका अलावा निजी क्षेत्रले सञ्चालन व्यवस्थापन गर्ने परियोजना वा नगरपालिकाले अन्य कुनै पूर्वाधारका क्षेत्रमा लागत उठ्ती र सञ्चालन तथा मर्मत खर्चलाई ध्यानमा राखी सेवा शुल्क लगाउन र संकलनका लागि सेवा शुल्क निर्धारण सम्बन्धी कार्यविधिको समेत आवश्यक छ ।

सार्वजनिक जग्गा तथा सम्पत्तिको उपयोगमार्फत् स्रोत परिचालन तथा पूर्वाधारको विकास गरी आर्थिक वृद्धि गर्न सकिन्छ, यसका लागि नगरपालिकासँग स्पष्ट नीति हुनु आवश्यक छ । छिमेकी गाउँपालिका वा नगरपालिकाहरूको संयुक्त प्रयासबाट समेत आवश्यक स्रोत जुटाई केही ठूला साझेदारी आयोजनाहरू निर्माण गर्न सकिने भएकाले उक्त साझेदारीमार्फत् कार्यान्वयनका लागि आर्थिक, मानवीय, भौतिक स्रोत साधनको समुचित परिचालन तथा व्यवस्थापनका कानुनी संरचनासहितको कार्यविधि आवश्यक छ । माथि उल्लेख भएका सम्पूर्ण स्थानीय आर्थिक विकासका पक्षहरू पर्यटन, कृषि तथा पशुपालन, उद्योग तथा व्यापार, सहकारी लगायत पूर्वाधार विकासलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नका लागि देहाय बमोजिमका आवधिक कार्यहरू तय गरी कार्यान्वयन गरिन्छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. सार्वजनिक निजी साझेदारी ऐनको संशोधन गर्ने (सम्भाव्य परिपूर्ति कोष (Viability Gap Funding, निजी साझेदारी प्रवर्द्धन समितिमा आर्थिक विकास समितिका पदाधिकारी र पूर्वाधार विकास शाखाका प्रमुखको सहभागिता, आयोजना लेखाजोखा समिति (Project Appraisal Committee)को कानुनी व्यवस्थासहित)	१. सार्वजनिक निजी साझेदारी प्रवर्द्धनका लागि आवश्यक सहयोगी दिग्दर्शन तथा कानुनी औजार विकास गर्ने ।	१. सार्वजनिक निजी साझेदारी नीति र ऐन समयानुकुल परिमार्जन गर्ने संशोधन गर्ने ।
२. स्थानीय आर्थिक विकास तथा पूर्वाधार लगानी र सेवा शुल्क निर्धारण सम्बन्धी कार्यविधि तयार गर्ने ।		२. वालिङ नगर योजना आयोग सम्बन्धी स्थानीय कानुन बनाउने ।
३. शहरी पूर्वाधार मर्मत सम्भार कोष सम्बन्धी नीति तथा कार्यविधि बनाउने ।		

ख. नगरस्तरीय ठूला पूर्वाधारका योजनाहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न माथि उल्लेख भए बमोजिम नगरपालिकाले नीति तथा कानुनको तर्जुमा, जग्गाको व्यवस्थापन, आर्थिक लाभ तथा रोजगारी उपलब्ध गराउने खालका सम्भाव्य पूर्वाधारका क्षेत्रहरूको पहिचान र कार्यान्वयनमा नगरपालिकालाई सहयोग गर्न विज्ञ टोलीको आवश्यक पर्दछ । यस्ता खालका ठूला आयोजनाहरू बहुवर्षिय हुने र सोको प्रभावकारी र नतिजान्मुख कार्यान्वयनका लागि पुँजी सुधार कार्यक्रम Capital Improvement Program तथा मध्यकालीन खर्चको संरचना (Mid Term Expenditure Framework-MTEF) जस्ता वित्तीय औजारको प्रयोग गर्नुपर्ने हुन्छ । हालको अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले समेत मध्यकालीन खर्च संरचनालाई स्थानीय तहमा अनिवार्य रूपमा लागु गर्नुपर्ने कानुनी व्यवस्था गरेकाले सोको कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

हाल आन्तरिक आयबाट पुँजीगत खर्चमा भन्दा चालु क्षेत्रमा बढी खर्च भई रहेकोले आन्तरिक आयको अभिवृद्धि सँगसँगै पुँजीगत क्षेत्रमा लगानी बढाउन आवश्यक देखिन्छ । नगर क्षेत्रमा पुँजीगत क्षेत्रमा लगानीको अभिवृद्धि सँगसँगै आर्थिक वृद्धि हुन गई आन्तरिक स्रोतसमेत बढ्दै जान्छ । हाल नगरपालिकाले सबै करदातालाई करको दायरामा ल्याउन नसकेको सन्दर्भमा सूचना प्रविधिको प्रयोगमार्फत् तथ्याङ्कको अद्यावधिकसहित राजस्व संकलन सकिन्छ । राजस्व प्रशासनको सुदृढीकरण र सूचना प्रविधिको उपयोगमार्फत् आन्तरिक स्रोत अभिवृद्धि गर्नु आवश्यक देखिन्छ । यस आधारमा आवधिक प्राथमिकता देहाय बमोजिम हुने गरी कार्यान्वयन गरिन्छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरको अग्रसरतामा छिमेकी स्थानीय तहसँगको सामूहिक रूपमा आयोजना निर्माण र कार्यान्वयनका लागि संयन्त्रको गठन गर्ने ।	१. छिमेकी स्थानीय तहहरूसँग पारस्परिक हित बमोजिम गर्न सकिने कार्यक्रमहरूको सूची तयार गर्ने ।	१. छिमेकी पालिकाहरूलाई पारस्परिक हित बमोजिमका आयोजनाहरूको कार्यान्वयन गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२. वालिङ लगानी सम्मेलन आयोजना गर्ने (उद्योग, वाणिज्य खण्डमा पनि उल्लेख भएको) ।	२.१. सार्वजनिक निजी साझेदारी बमोजिम आर्थिक सम्भाव्य पूर्वाधार परियोजना कार्यान्वयनका लागि मनसायसूची तयार गर्ने र लाभदायक योजना छनोट गरी कार्यान्वयन गर्ने । २.२. आयोजना निर्माण सम्पन्न भएका आयोजनाहरूबाट सेवा शुल्क निर्धारण गरी संकलन गर्ने ।	२. मनसायसूची अध्ययन र प्रस्ताव मुल्यांकनका आधारमा निजी साझेदारीमा कार्यान्वयन गरिने पूर्वाधार निर्माणलाई निरन्तरता दिने ।
३. नगरको मध्यमकालीन खर्च संरचना र आर्थिक सम्भाव्य पूर्वाधारको सूचीसहितको पुँजी सुधार कार्यक्रमको प्रारूप निर्माण गर्ने ।	३. Capital Imrovement Program (CIP) कार्यान्वयन गर्ने (थप परिमार्जनसहित) ।	३. निरन्तर
४. सम्भाव्यता भएका आयोजनाहरूको Project Bank तयार गर्ने ।	४. परियोजना बैंक अद्यावधिक गर्ने र साझेदारीमा वा निजी क्षेत्रबाट हुने पूर्वाधार विकासका कार्यलाई सहजीकरण गर्न सम्भाव्य परिपूर्ति कोष (Viability Gap Funding) का लागि अध्ययन गरी आवश्यक बजेट छुट्याउने ।	४. निरन्तर
५. GIS Tax Mapping Database स्थापना र करदाताको लगत अद्यावधिक गर्ने । ६. हालको Softwareमा सुधार गरी Online मार्फत् कर संकलन गर्ने ।		५. निरन्तर
७. हालको राजस्व अभिवृद्धि कार्ययोजना (Revenue Improvement Action Plan-RIAP) को पुनरावोलकन गरी प्रचलित कानुन बमोजिम कर तथा गैरकर र सम्भावित आर्थिक पूर्वाधारबाट उठ्न सेवा शुल्क बमोजिम राजस्व अभिवृद्धि कार्य योजना तयार गर्ने । साथै नगरभित्रको विभिन्न आम्दानीको श्रोतहरूको पहिचान गरी करको दायरालाई फराकिलो बनाउने ।	७. राजस्व सम्भाव्य पूर्वाधारको मर्मत सम्भार कोषमा आवश्यक बजेट छुट्याउने र खर्च गर्ने ।	७. निरन्तर

नोटः **पर्यटन, कृषि तथा पशुपालन, उद्योग व्यापार व्यवसाय र पूर्वाधारका क्षेत्रमा निजी क्षेत्रको सहभागिता सुनिश्चितताका लागि वालिङ नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐनमा संशोधन हुनुपर्ने देखिन्छ । यी क्षेत्रसँग सम्बन्धित पूर्वाधारमा न्यून आर्थिक सम्भाव्य भएका क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षण गर्न सम्भाव्य परिपूर्ति कोष (Viability Gap Funding) को व्यवस्थासहित बजेटको आवश्यकता हुने भएकाले सो को ऐनमा व्यवस्थासहित कार्यान्वयनका लागि कार्य योजनामा राखिएको ।

माथि उल्लेख भए बमोजिम लगानी सम्मेलनबाट प्राप्त हुने आयोजना लगायत आर्थिक पूर्वाधारसँग सम्बन्धित पर्यटन, कृषि तथा पशुपालन, उद्योग व्यवसाय, लगायत अन्य Physical works, Land Use Plan, Transportation sector र यससँग सम्बन्धित अन्य क्षेत्रहरूमा परेका प्राथमिकता बमोजिमका पुँजीगत आयोजनाहरूको सूची बमोजिम Capital Improvement Program-CIP तयार गरी कार्यान्वयन गरिनेछ ।

५.१.७. स्थानीय आर्थिक विकास अन्तर्गत संगठनात्मक क्षमता विकास

१. परिचय

वालिङ नगरपालिमा कृषि तथा पशुपालन, सहकारी, राजस्व, लेखा जस्ता आर्थिक विकास र आर्थिक प्रशासन सम्बन्धी शाखा तथा इकाई रहेका भएपनि उद्योग, वाणिज्य, पर्यटन जस्ता क्षेत्र हेर्ने कर्मचारीको व्यवस्था छैन । समग्र आर्थिक विकासको बेग्लै शाखा पनि स्थापना भएको छैन ।

२. मुख्य अवसर र चुनौती

संघीय सरकारबाट उपलब्ध हुने कृषि तथा पशुपालन क्षेत्रका प्राविधिक जनशक्ति आर्थिक विकासका उपक्षेत्र अन्तर्गतका थप जनशक्ति आर्थिक विकासमा नगरलाई परामर्श सेवा दिन सक्ने स्वयंसेवी नागरिकहरू तथा आर्थिक विकास र वित्त व्यस्थापनको नीतिगत कार्यमा सहयोग गर्ने सहयोगी संस्थाहरूसँगको सम्बन्धमा नगरको आर्थिक विकासको संस्थागत क्षमताका लागि अवसरका रूपमा लिइएको छ भने स्थानीय विकासको व्यापकतालाई नगरबाट समन्वयकारी रूपमा अघि बढाउन चाहिने जनशक्ति व्यवस्थापन र उपयुक्त क्षमता प्राप्त गर्ने चुनौती रहेको छ ।

३. लक्ष्य

स्थानीय आर्थिक विकासमा नगरको प्रभावकारिता अभिवृद्धि गर्ने ।

४. उद्दश्य तथा नीतिहरू

उद्देश्य ५.१.७ : आर्थिक विकासका गतिविधिहरूलाई संस्थागत गरी स्थानीय विकासका कार्यहरूलाई मूलप्रवाहीकरण गर्नु ।

नीति क. कृषि तथा पशु सेवा, पर्यटन, उद्योग, राजस्व तथा सहकारी हेर्ने आवश्यक जनशक्तिसहितको आर्थिक विकास शाखा स्थापना गरिने छ ।

नीति ख. आर्थिक विकास शाखालाई व्यवसायिक योजना निर्माणका लागि सम्बन्धित व्यक्ति तथा फर्मलाई सहयोग उपलब्ध गराउनुका साथै आर्थिक र व्यवसायिक क्षेत्रका सरोकारवालासँग समन्वय गर्ने सचिवालयको भूमिका निर्वाह गर्न सक्ने स्तरमा पुऱ्याइने छ ।

नीति ग. नगरमा रहेको श्रमको माग र आपूर्ति विश्लेषण गरी माग र आपूर्तिका बिचमा सामञ्जस्यता कायम गर्नका लागि आर्थिक विकास शाखाबाट आवश्यक भूमिका निर्वाह गरिने छ ।

नीति घ. आर्थिक निति निर्माण, कार्यान्वयन, समीक्षा र परिमार्जन गर्ने जस्ता नीतिगत कार्यलाई व्यवस्थित गर्ने तथा बजेट तथा राजस्व समितिका लागि प्राविधिक सहयोग गर्ने भूमिका पनि निर्वाह गर्न सक्ने गरी यस शाखाका जनशक्तिलाई सार्वजनिक वित्त व्यवस्थापन लगायतको सीप विकास तथा तालिम उपलब्ध गराइने छ ।

नीति ङ. नगरको बजेट तथा योजना नीति र प्रक्रियामा सहयोग पुऱ्याउन विज्ञ टोलीसहित स्थानीय नगर योजना आयोगको गठन गरिनेछ । साथै स्थानीय राजस्व परामर्श समिति तथा आर्थिक विकास समितिको सचिवालयलाई व्यवस्थित र क्रियाशील गराइने छ ।

तालिका १/५.१.७ : आवधिक प्राथमिकता : आर्थिक विकासको संस्थागत क्षमता

क. स्थानीय आर्थिक विकासको समग्र पक्ष हेर्न सक्ने गरी जनशक्ति तथा पूर्वाधारयुक्त आर्थिक विकास शाखा नगरमा छैन । तथापि आर्थिक विकास अन्तर्गतका विभिन्न शाखा तथा इकाईले भने काम गरिरहेका छन् । नगर कार्यपालिका अन्तर्गतको आर्थिक विकास समितिलाई पनि क्रियाशील बनाउन आवश्यक छ । आर्थिक विकाससँग सम्बन्धित नीति तर्जुमा तथा पूर्वाधार विकासका लागि आर्थिक विकास समितिका पदाधिकारी र आर्थिक विकास शाखाका कर्मचारीहरूलाई जिम्मेवारी बनाउन आवश्यक छ । त्यसैले नगरमा कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, रोजगार, सहकारी तथा आर्थिक पूर्वाधार आदि क्षेत्रका नीति तथा प्राथमिकता बमोजिम कार्यक्रमहरूको कार्यान्वयनका लागि आर्थिक विकास शाखालाई नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने शाखाका रूपमा रूपान्तरण देहाय बमोजिमका क्रियाकलाप गर्नुपर्ने देखिन्छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. संगठन तथा व्यवस्थापन सर्वेक्षणमा अन्यथा भएकोमा वाहेक नगरपालिकाको आर्थिक विकास शाखालाई अधिकृतस्तरको कर्मचारीको नेतृत्वमा कृषि तथा पशुपालन, उद्योग र वाणिज्य, पर्यटन, राजस्व, सहकारी क्षेत्र हेर्ने जिम्मेवार कर्मचारीको व्यवस्था गरी विशेष शाखाको रूपमा विकास गर्ने ।	१. आर्थिक विकास शाखालाई आधारभूत जनशक्तियुक्त शाखा बनाउने र सबै इकाई तथा जनशक्तिको जिम्मेवारी परिभाषित गर्ने ।	१. वालिङ नगर योजना (नीति तथा योजना) आयोग गठन गर्ने र आर्थिक विकास शाखा समेतसँगको आयोगको सम्बन्ध परिभाषित गर्ने ।
		१.१. आर्थिक विकास शाखामा आवश्यकता अनुसार इकाई तथा जनशक्ति थप गर्ने ।
२. नगरस्तरीय पर्यटन समिति गठन गर्ने ।		
२.१. नगरपालिकामा पर्यटन डेस्कको स्थापना गर्ने ।	२.१. नगरपालिकामा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने र पर्यटन प्रचार प्रसार तथा Online मार्फत् अभिलेखीकरण अद्यावधिकका लागि Software तयार गर्ने ।	
२.२. नगरपालिकामा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने ।	२.२. पर्यटन प्रहरीको व्यवस्था गर्ने ।	

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
३. कृषि शाखाको वर्तमान अवस्था विश्लेषणका आधारमा नगरपालिकामा कृषिकार्यमा सहयोगका लागि लागि विशेषज्ञ तथा अन्य जनशक्तिको व्यवस्थापन गर्ने ।	३.व्यावसायिक उत्पादनको लागि प्राविधिक जनशक्तिको व्यवस्थापनका लागि एक वडा एक कृषि प्राविधिकको व्यवस्था गर्ने ।	
३.१. स्थानीय तरकारी तथा फलफूल लगायतका उत्पादनको वैज्ञानिक मुल्य निर्धारणका लागि उत्पादक कृषक, स्थानीय व्यवसायी र नगर प्रतिनिधि सम्मिलित एक बजार मूल्य निर्धारण समिति गठन गर्ने ।	३.१. शीत भण्डार सञ्चालनका लागि आर्थिक विकास अन्तर्गत कृषि शाखाबाट समन्वय हुने व्यवस्था मिलाउने ।	
४. सम्बन्धित कर्मचारी तथा उत्पादक लक्षित उत्पादन (कृषि र औद्योगिक) र बजारीकरण सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।		
	४.१. आर्थिक विकास शाखालाई श्रम सर्वेक्षण, औद्योगिक गणना, पर्यटन सूचना व्यवस्थापन आदि गर्न सक्ने गरी आवश्यक क्षमता विकास तथा सीप उपलब्ध गराउने ।	४.१. नयाँ कर्मचारीलाई स्थानीय आवश्यकता अनुसारको आर्थिक क्षेत्रको क्षमता विकास कार्यक्रममा सहभागी गराउने ।
	४.२. आर्थिक विकास शाखामा समग्र नगरको आर्थिक क्रियाकलापको अद्यावधिक गर्ने प्रणालीको विकास गर्ने र कर्मचारीहरूलाई नगरको वार्षिक कुल ग्राहस्थ उत्पादनको विश्लेषण गर्ने सम्बन्धी तालिम प्रदान गर्ने ।	४.२. क्षमता विकासका क्षेत्रगत (कषि, पर्यटन, उद्योग वाणिज्य, राजस्व आदि) कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिने ।
५. विषयगत सहकारी (कृषि, उद्यम, बहुउद्देश्यीय) कृषि सहकारीहरूको क्षमता विकास र सेवा विस्तारमा लागि आवश्यक सहयोग गर्न कर्मचारीहरूलाई सहजीकरण तालिम कार्यक्रम तय गरी कार्यान्वयन गर्ने ।	५. आर्थिक विकास शाखाका सम्बन्धित इकाईका कर्मचारीलाई स्वरोजगारी र उद्यमशीलता सम्बन्धी परामर्श सेवा र वित्तीय सहजीकरण सम्बन्धी तालिम उपलब्ध गराउने ।	
६. ठूला पूर्वाधार, निजी क्षेत्रको लगानी तथा नीतिगत रूपमा सहयोगका लागि विज्ञटोली गठन गर्ने ।		

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
७.जनप्रतिनिधि, आर्थिक विकास शाखा तथा पूर्वाधारसँग सम्बन्धित शाखाका कर्मचारीहरूलाई परियोजना विकास, PPP Financing तथा परियोजनाको आर्थिक तथा वित्तीय विश्लेषण सम्बन्धी तालिम उपलब्ध गराउने । ७.१. जनप्रतिनिधि, आर्थिक विकास शाखा, आर्थिक प्रशासन, पूर्वाधार आदिसँग सम्बन्धित शाखाका कर्मचारीहरूलाई Capital Improvement Program तथा मध्यकालीन खर्च संरचना (Mid Term Expenditure Framework-MTEF) सम्बन्धी तालिम दिने । ७.२. आर्थिक विकास सम्बन्धी जिम्मेवारी लिएका नगर कार्यपालिका अन्तर्गतका इकाईलाई बजेट, राजस्व, योजना प्राथमिकीकरण, आर्थिक विकासका आधारभूत पक्ष आदिको अनुशिक्षण दिने । ७.३ स्थानीय आर्थिक विकास सहजीकरण र प्रवर्द्धनका लागि आर्थिक विकास समितिका पदाधिकारीहरूलाई जिम्मेवार बनाउन आवश्यक अनुशिक्षण दिने ।	७. सम्बन्धित कर्मचारी र जनप्रतिनिधि लक्षित आर्थिक विकास सम्बन्धी अनुशिक्षणलाई वार्षिक रुमपा निरन्तरता दिने ।	७. कर्मचारी र जनप्रतिनिधिलाई आर्थिक विकासका समग्र पक्षको अनुशिक्षण वार्षिक रूपमा सञ्चालन गर्ने ।

तालिका २/५.१.७ : आर्थिक विकास क्षेत्रको अपेक्षित उपलब्धी (आ.व. २०९६/९७ को अन्त्यसम्ममा)

(क) कृषि तथा पशुपालन

उपलब्धी सूचक	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
कृषि क्षेत्रमा रोजगारी (%)	१९	२२	२८	३७
कृषि क्षेत्रबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष)	४८४०५	७५०००	१२५०००	३०००००
पशुपालन क्षेत्रबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष)	२६७२७	५००००	१०००००	२०००००
व्यावसायिक कृषिबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष)	४८४०५	१०००००	७५००००	१५०००००
व्यावसायिक पशुपालनबाट हुने आम्दानीमा वृद्धि (रु., प्रति वर्ष)	२६७२७	७५०००	४०००००	१००००००

(ख) पर्यटन

उपलब्धी सूचक	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०८७/८८	२०९६/९७
आन्तरिक पर्यटक आवगमन संख्या		५०,०००	१००,०००	२००,०००	३००,०००
बाह्य पर्यटक आवगमन संख्या		२०,०००	४०,०००	८०,०००	१००,०००
पर्यटकहरूको बसाई (औसत दिनमा)		१	१.५	१.५	२

नोट : आधार वर्षका लागि हाल नगरपालिकामा पर्यटकहरूको संख्या र बसाई अवधिको सम्बन्धमा कुनै तथ्याङ्क उपलब्ध हुन सकेन। प्रस्तावित मुख्य आयोजना जस्तैः Knowledge Park निर्माण, प्याराग्लाइडिङ, पदयात्रा, केवलकार आदिका कारण पर्यटकहरूको संख्यामा वृद्धि भई आर्थिक वर्ष २०९६/९७ को अन्त्यमा कम्तीमा ३ लाख आन्तरिक पर्यटक र १ लाख बाह्य पर्यटक पुग्ने र औसत बसाई अवधि २ दिनको हुनेछ।

(ग) उद्योग र वाणिज्य

उपलब्धी सूचक	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
स्थानीय उद्योग व्यवसाय (व्यवसायी) संख्या	८४८	१,२००	३,५००	१०,०००

नोट : आधार वर्षमा उद्योग व्यवसायीहरूको संख्या र भविष्यमा नगर क्षेत्रमा पर्यटकीय गतिविधि, उद्योगग्राम स्थापना तथा आधारभूत पूर्वाधार विकासका कारण उद्योग व्यवसायमा समेत वृद्धि हुने अनुमानका साथ प्रक्षेपण गरिएको।

(घ) रोजगारी

उपलब्धी सूचक	आधार वर्ष *	२०७८/७९	२०८३/८४	२०९६/९७
बेरोजगार प्रतिशत *	९	४	३	१
प्रति व्यक्ति आय (औसत अमेरिकी डलरमा)	१,०४३	१,९५६	२,८००	५०००

** स्रोतः प्रदेश नीति तथा योजना आयोग, पोखरा (२०७६ माघ ६ गते)*

नोट : गण्डकी प्रदेशको प्रदेश नीति तथा योजना आयोगबाट प्राप्त विवरण अनुसार न्यूनतमरूपमा हाँसिल हुने गरी प्रक्षेपण गरिएकोछ। हाल नगरपालिकासँग यस सम्बन्धमा पर्याप्त सूचनाका कारण यकिन हुन नसकेको र माथि उल्लेख भए बमोजिम नगरपालिकाले नगर क्षेत्रको कुल गार्हस्थ उत्पादनको अध्ययन गरेपछि हुन आउने आर्थिक विवरण बमोजिम उपरोक्त सूचकाङ्क संशोधन हुन सक्ने।

(ङ) सहकारी

उपलब्धी सूचक	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०८७/८८	२०९६/९७
सहकारीमा पहुँच भएका परिवारको प्रतिशत (घरबाट ३० मिनेट पैदल यात्रामा)			७१.३	८०	९०

(च) आर्थिक पूर्वाधार तथा राजस्व परिचालन

उपलब्धी सूचक	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०८७/८८	२०९६/९७
कुल बजेटमा आन्तरिक स्रोतको अंश (प्रतिशतमा)	५	७	९	१२	१५
कुल बजेटमा पुँजीगत खर्चको अंश (प्रतिशतमा)	३६	४२	५०	६०	६५

५.२. सामाजिक विकास

यो खण्डमा वालिङ नगरपालिकाको सामाजिक विकास अन्तर्गत शिक्षा र स्वास्थ्य क्षेत्रको नीति तथा आवधिक प्राथमिकता समावेश गरिएको छ । यसबाहेक सम्पदा संरक्षण तथा सामाजिक समावेशीकरणको विषय पनि यस खण्डमा रहेको छ। नगरपालिकाले सामाजिक विकास अन्तर्गत समेट्दै आएको खानेपानी तथा सरसफाई क्षेत्रको नीति तथा कार्यक्रम भने पूर्वाधार विकास अन्तर्गत सार्वजनिक निर्माणमा समेटिएको छ ।

५.२.१. शैक्षिक विकास

१. परिचय

शिक्षा विकासको आधार हो । साथै मर्यादित एवम् परिष्कृत जीवन सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दीगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रूपमा स्वीकार गरिँदै आएको छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक प्रत्याभूत गरेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने,प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक तथा सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ ।

नेपालको शिक्षा क्षेत्रमा विगतमा भएका लगानी र शैक्षिक पूर्वाधारको विकासबाट उल्लेखनीय उपलब्धीहरू प्राप्त भएका छन् । पूर्व-प्राथमिक शिक्षामा कुल भर्नादर ८४.७ प्रतिशत पुगेको छ । प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ६६.९ पुगेको छ । प्राथमिक तह (कक्षा १ देखि ५), आधारभूत तह (कक्षा १ देखि ८), र माध्यमिक तह (कक्षा ९ देखि १२) को खुद भर्नादर क्रमशः ९६.९, प्रतिशत ९२.७ प्रतिशत र ४६.४ प्रतिशत पुगेको छ । कक्षा ५ र ८ सम्मको टिकाउदर क्रमशः ८९.६ र ७७.९ प्रतिशत रहेको छ । आधारभूत तथा माध्यमिक तहमा ७२ लाख १४ हजार ५२५ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेका छन् । प्रारम्भिक बालविकास तथा शिक्षामा ९ लाख ७४ हजार बालबालिका अध्ययनरत छन् । लैंङ्गिक समता सूचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमशः ०.९८ र १.०१ रहेको छ । विद्यालय दोहोऱ्याउने दर आधारभूत तह (कक्षा १ –५) मा ३.८ प्रतिशत र आधारभूत तह (कक्षा ६–८) मा ४.४ प्रतिशत तथा माध्यमिक तह (कक्षा ९–१२) मा ३.७ प्रतिशतमा झरेको छ । मुलुकभर सार्वजनिक र निजी लगानीका गरी ३५०५५ ओटा विद्यालयहरू स्थापना भई सञ्चालनमा रहेका छन् । शिक्षामा पहुँच बढाउन वैकल्पिक तथा खुला शिक्षाका अवसरहरू उपलब्ध छन् । अभिभावकको लगानी परिचालन गरी निजी क्षेत्रले नेपालको विद्यालय शिक्षामा करिब २३ प्रतिशत विद्यार्थीहरूलाई सेवा प्रवाह गरिरहेको स्थिति छ । वि.सं. २०६८ सालको जनगणनामा १५ वर्ष माथिको जनसंख्याको साक्षरतादर ५८ प्रतिशत रहेको थियो । भने आ.व. २०७४/०७५ मा १५ देखि २४ वर्षको उमेर समूहको साक्षरतादर ८८.६ प्रतिशत पुगेको छ । (स्रोतः राष्ट्रिय शिक्षा नीति २०७६)

२. वालिङ नगरपालिकाको शिक्षाको अवस्था

वालिङ नगरपालिकामा ७३ ओटा सामुदायिक विद्यालय र १५ ओटा संस्थागत विद्यालय गरी जम्मा ८८ ओटा विद्यालय रहेका छन् जसलाई नक्सा नं. १/५.२.१ मा देखाइएको छ । ७२ ओटा सामुदायिक विद्यालय मध्ये १६ ओटा माध्यमिक विद्यालय र ५७ ओटा आधारभूत विद्यालय रहेका छन् जसलाई नक्सा नं. २/५.२.१ मा देखाइएको छ भने संस्थागत तर्फ ११ ओटा माध्यमिक र ४ ओटा आधारभूत विद्यालय रहेका छन् । प्राविधिक विद्यालय १ ओटा संस्थागत माध्यमिक विद्यालयमा सञ्चालन भइरहेको छ । प्राविधिक शिक्षा खहरेमा रणविरजनहित मा.वि.मा इलेक्ट्रिक, पूर्णामृतमा कृषि अन्तर्गत बाली विज्ञान, आँधीखोला बहुप्राविधिकमा कम्प्युटर र सिभिल इञ्जिनियरिङ सञ्चालन भइरहेको छ । ७३ ओटा सामुदायिक विद्यालयमा विद्यार्थी संख्याको आधारमा कक्षाकोठा संख्या पर्याप्त रहेको छ तर कक्षागत आधारमा यसलाई मापन गरिएको छैन ।

वालिङ नगरभित्रका ७३ ओटा सामुदायिक विद्यालयमा प्रति कक्षाकोठा ४० जना विद्यार्थीको आधारमा सबै सामुदायिक विद्यालया क्षमता भन्दा कम बालबालिका अध्ययन गरिरहेका छन् जसलाई नक्सा नं. ३/५.२.१ र ४/५.२.१ मा संकेत गरिएको छ । नगरपालिकाभित्र रहेका १६ ओटा माध्यमिक ५७ ओटा आधारभूत विद्यालय मध्ये ९ ओटा मा.वि र ५७ ओटा आ.वि.मा विज्ञान प्रयोगशाला स्थापना भएको छैन । ३ ओटा मा.वि र ४४ ओटा आधारभूत विद्यालयमा कम्प्युटर ल्याव स्थापन हुन बाँकी रहेको छ । ३ ओटा मा.वि.र ४५ ओटा आ.वि.मा पुस्तकालय सुविधा पुगेको छैन । ९ ओटा मा.वि.र ४० ओटा आ.वि.मा प्राथमिक उपचार कक्ष व्यवस्था हुन बाँकी रहेको छ । ८ ओटा मा.वि. र २७ ओटा आधारभूत विद्यालयमा घेराबारको निर्माण भएको छैन । ३ ओटा मा.वि. र २२ ओटा आ.वि.मा बालक र बालिकाको लागि छुट्टाछुट्टै शौचालयको निर्माण भएको छैन । ३ ओटा माध्यमिक र ७ ओटा आधारभूत विद्यालयमा खानेपानीको सेवा पुग्न बाँकी रहेको छ जसलाई नक्सा नं. ४/५.२.१ र नक्सा नं. ५/५.२.१ मा देखाइएको छ ।

शैक्षिक सत्र २०७५/०७६ को अन्त्यसम्ममा १५ वर्षमाथिको जनसंख्याको साक्षरतादर ६२.७६ प्रतिशत रहेको छ भने ५ देखि माथि ६० वर्ष उमेर समूहसम्मको साक्षरतादर ८२ प्रतिशत रहेको छ । १५ देखि २४ को साक्षरता दर ९७ प्रतिशत पुगेको छ । पूर्व-प्राथमिक शिक्षाको कुल भर्नादर ८५ प्रतिशत पूर्व प्राथमिकको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्या ८० प्रतिशत पुगेको छ । प्राथमिक तह (कक्षा १ देखि ५), आधारभूत तह (कक्षा १ देखि ८), र माध्यमिक तह (कक्षा ९ देखि १२) को खुद भर्नादर क्रमशः ९९, प्रतिशत ९७ प्रतिशत र ६० प्रतिशत पुगेको छ । कक्षा ५ र ८ सम्मको टिकाउदर क्रमशः ९२.५३ र ९३.१ प्रतिशत रहेको छ । आधारभूत तथा माध्यमिक तहमा १०,७१२ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेका छन् । प्रारम्भिक बालविकास तथा शिक्षामा १७८६ बालबालिका अध्ययनरत छन् । लैङ्गिक समता सूचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमशः ०.८६ र १ रहेको छ । विद्यालय दोहोऱ्याउने दर आधारभूत तह (कक्षा १–५) मा २.६७ प्रतिशत र आधारभूत तह (कक्षा ६–८) मा १.१४ प्रतिशत तथा माध्यमिक तह (कक्षा ९–१२) मा ०.६ प्रतिशत रहेको छ । बिचैमा विद्यालय छाड्ने १ देखि ५ मा ७.४७ प्रतिशत, ६ देखि ८ मा ६.९९ प्रतिशत र ९ देखि १२ मा ४.०५ प्रतिशत रहेको छ । आधारभूत तहको औसत सिकाई उपलब्धीदर ६५ प्रतिशत र माध्यमिक तहको सिकाई उपलब्धीदर ५५ प्रतिशत रहेको छ । विद्यार्थी शिक्षक अनुपात आधारभूत तहको १:१ रहेको छ भने माध्यमिक तहमा १९ : १ रहेको छ । अभिभावकको लगानी परिचालन गरी निजी क्षेत्रले नगरपालिकाको विद्यालय शिक्षामा करिब ४७.३५ प्रतिशत विद्यार्थीहरूलाई सेवा प्रवाह गरिरहेको स्थिति छ ।

वालिङ नगरपालिकाले सामुदायिक विद्यालयमा बालबालिकाको पहुँच वृद्धि र टिकाउका लागि कक्षा १ देखि ५ सम्मलाई दिवा खाजा कार्यक्रम शुरुवात गरेको छ (सीमान्तकृत बालबालिकाहरूका लागि मात्र) साथै भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने नीति लिएको छ । अंग्रेजी भाषाको सुधार गर्नका लागि अंग्रेजी माध्यमबाट पठनपाठन शुरुवात गर्ने नीति लिएको छ । सबै बालबालिकाहरूको विद्यालयमा पहुँच र गुणस्तर सुधारका लागि प्रयास भएता पनि बालबालिकाको सिकाई उपलब्धी वृद्धि, शिक्षकको सीप र क्षमता कक्षाकोठामा पुऱ्याउने, पाठ्यक्रमका आधारमा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने, शिक्षकको नियमित उपस्थिति, कक्षा समयसम्म शिक्षकलाई कक्षाकोठामा टिकाउने, पठनपाठनका सम्बन्धमा अभिभावक सचेतना बढाउने, विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन र शिक्षकहरूलाई क्षमता विकास गर्ने साथै पारदर्शी र जवाफदेही बनाई विद्यालय सुशासनको प्रत्याभूति दिने कार्यका लागि केही प्रयास नभएका होइनन् तर योजनावद्ध प्रयासको आवश्यकता देखिन्छ ।

नक्सा १/५.२.१ : सामुदायिक र संस्थागत विद्यालयहरूको विवरण



माथिको नक्सामा हरियो रंगको संकेतमा सामुदायिक विद्यालय र रातो रंगको संकेतमा संस्थागत विद्यालय संकेत गरिएको छ भने गुलाबी रंगको संकेतले मर्ज भएका विद्यालयको संकेत गरेको छ ।

नक्सा २/५.२.१ : नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूको विवरण



माथिको नक्सामा हरियो रंगको संकेतले माध्यमिक विद्यालय र रातो रंगको संकेतले आधारभूत विद्यालय जनाउँछ र निलो रंगको संकेतले मर्ज भएका विद्यालयको संकेत गरेको छ ।

नक्सा ३/५.२.१ : आधारभूत विद्यालयको क्षमता



नक्सामा जनाइएको रातो बिन्दुले कक्षाकोठाको क्षमता भन्दा कम विद्यार्थी भएको विद्यालयको स्थान जनाउँछ। प्रति कक्षाकोठा ४० जना भन्दा कम विद्यार्थी भएको विद्यालयलाई Under Utilized classroom भनिएको छ तर कक्षाकोठाको स्तरको आधारमा मापन नगरिएको हुँदा बालमैत्री, भयरहीत वातावरण र आधुनिक प्रविधिको प्रयोग गर्न उपयुक्त कक्षाकोठा निर्माण र मर्मत गर्नुपर्ने आवश्यकता रहेको छ। निलो रंगले मर्ज भएर खाली रहेको विद्यालयको संकेत गरेको छ जसको वैकल्पिक उपयोग योजना बनाउनुपर्ने हुनसक्छ।

नक्सा ४/५.२.१ : माध्यमिक विद्यालयको क्षमता सम्बन्धी विवरण



नक्सामा जनाइएको रातो बिन्दुले कक्षाकोठाको क्षमता भन्दा कम विद्यार्थी भएको विद्यालयको स्थान जनाउँछ। प्रति कक्षाकोठा ४० जना भन्दा कम विद्यार्थी भएको विद्यालयलाई Under Utilized Classroom भनिएको छ तर कक्षाकोठाको स्तरको आधारमा मापन नगरिएको हुँदा बालमैत्री वातावरण निर्माण र आधुनिक प्रविधिको प्रयोग गर्न उपयुक्त कक्षाकोठा निर्माण र मर्मत गर्नुपर्ने आवश्यकता रहेको छ।

३. मुख्य अवसर तथा चुनौती

शिक्षालाई मौलिक हकको रूपमा अधिकार र जिम्मेवारीसहित स्थानीय सरकारलाई एकल अधिकारको रूपमा संवैधानिक व्यवस्था भएकोले विद्यालय शिक्षमा सहभागिता र पहुँच वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, विद्यालय छाड्नेदर कम हुँदै जानु, प्राविधिक विद्यालय संख्या वृद्धि हुँदै जानु, नगरलाई शैक्षिक हबको रूपमा विकास गर्नका लागि भौगोलिकरूपमा उपयुक्त हुनु यस वालिङ नगरको शिक्षाको मुख्य अवसरको रूपमा रहेको छ।

विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच, उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चिततासहित सामुदायिक विद्यालयप्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाई वातावरण विकास गर्नु, शिक्षण सिकाई पद्धतिलाई व्यवहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भर्ना गरी टिकाउदरमा वृद्धि गर्नु, कक्षा छाड्नेदर शुन्यमा झारी अपेक्षित उपलब्धी दर हाँसिल गर्नु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकासको लागि भौतिक पूर्वाधार र प्राविधिक जनशक्तिको उपलब्धता र स्रोतको व्यवस्थापन, शिक्षकको ज्ञान र सीप कक्षाकोठामा पुऱ्याई सिकाई उपलब्धी दरमा वृद्धि गर्नु प्रमुख चुनौतिको रूपमा रहेको छ।

माथिका सवालको सम्बोधन गरी शैक्षिक क्षेत्रको दीगो विकासका लागि निश्चित उद्देश्यका साथ ठोस नीति अवलम्बन गर्नु पर्ने विषयलाई दृष्टिगत गरी निम्न अनुसारको लक्ष्य उद्देश्य तथा नीति तय गरिएको छ।

४. लक्ष्य

गुणस्तरीय र पहुँचयोग्य आधारभूत र माध्यमिक शिक्षासहितको शिक्षित नगर बनाउने।

५. उद्देश्य तथा नीतिहरू

उद्देश्य १. विद्यालयको पूर्वाधार बालमैत्री र अपाङ्गतामैत्री बनाई विद्यालयको भौतिक र शैक्षिक वातावरण भयरहीत बनाउनु।

सामुदायिक विद्यालयको पूर्वाधार पूर्णरूपमा बालमैत्री र अपाङ्गतामैत्री हुन सकेको छैन साथै २७ ओटा आधारभूत विद्यालय र ८ ओटा मा.वि.मा घेराबार नहुँदा बालबालिकाहरूको विद्यालय समय भयरहीत हुन सकेको छैन। बालमैत्री कक्षाकोठा व्यवस्थापन, व्यवस्थित खेलमैदान, बालमैत्री शौचालय लगायतका सेवाको विस्तारले बालबालिकाको विद्यालयप्रतिको आकर्षण बढी अनियमितता र कक्षा छाड्नेदर कम गर्न मद्दत पुग्दछ। साथै सिकाई उपलब्धी दरमा वृद्धिका लागि पनि आधार तयार गर्न सहयोग गर्दछ।

नीति क. सामुदायिक विद्यालयको भौतिक संरचना बालमैत्री र अपाङ्गमैत्री बनाइनेछ।

नीति ख. सबै सामुदायिक विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, विज्ञान प्रयोगशाला, शौचालय, खानेपानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार पूरा गरिनेछ।

नीति ग. सबै सामुदायिक विद्यालयमा बालमैत्री घेराबारको निर्माण गरिनेछ ।

नीति घ. विद्यालयमा बालमैत्री खेल मैदानको निर्माण गरिनेछ ।

नीत ङ. विद्यालयको स्तर अनुसार खेलकुद सामाग्रीको न्यूनतम मापदण्ड तयार गरी सबै विद्यालयमा आवश्यक मात्रामा विद्यालय खेलकुद सामाग्रीको व्यवस्था गरिनेछ । बौद्धिक खेललाई पनि विद्यालयस्तरीय खेलकुदको अंग बनाइने छ ।

नीति च. विद्यालयमा बालमैत्री र दण्डरहीत शिक्षण सिकाई वातावरण तयार गरिनेछ ।

नीति छ. विद्यालय क्षेत्रमा शिक्षण सिकाई र विद्यालय शान्तिमा असर पर्ने क्रियाकलाप सञ्चालनका लागि निरुत्साहित गरिनेछ ।

नीति ज. शिक्षण सिकाईलाई सहभागितामूलक र भयरहीत बनाउनका लागि आधुनिक सिकाई विधिको विकास गरी पूर्ण कार्यान्वयन गरिनेछ ।

उद्देश्य २. आधारभूत र माध्यमिक शिक्षालाई व्यवहारिक, गुणस्तरीय र पहुँचयोग्य बनाउनु ।

नगर पार्श्वचित्र २०७५ अनुसार वालिङ नगरभित्रका आधारभूत तहमा अध्ययन गर्ने उमेरका २.५४ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको देखिन्छ त्यसमा पनि कमजोर आर्थिक अवस्था भएका, असहाय र अपाङ्गता भएका बालबालिकाहरूको विद्यालयमा सहज पहुँच हुन सकेको छैन । सामुदायिक विद्यालयहरूले संस्थागत विद्यालयको तुलनामा सिकाई उपलब्धी दरमा वृद्धि गरी सामुदायिक विद्यालयप्रतिको अभिभावकको विश्वास जित्नु पर्ने अवस्था रहेको छ । विद्यालय प्रशासन र अभिभावक बिचमा सुमधुर सम्बन्ध कायम गर्नका लागि विद्यालय सुशासनलाई प्रभावकारी बनाउनु पर्ने हुन्छ ।

नीति क. पूर्व-प्राथमिक ,आधारभूत र माध्यमिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित र गुणस्तर सुधार गर्न आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।

नीति ख. शिक्षकको ज्ञान र सीप कक्षाकोठामा पुऱ्याई बालबालिकाको सिकाई उपलब्धी दर उच्च बनाउनका लागि अनुगमन, सुपरिवेक्षण तथा मुल्यांकनको पद्धति निर्माण गरी कार्यान्वयन गरिनेछ ।

नीति ग. बालविकासकेन्द्रको बसाई व्यवस्थापन बालमैत्री बनाई सबै बालविकास केन्द्रलाई मन्टेश्वरी विधिबाट शिक्षणसिकाई वातावरण सिर्जना गरिने छ ।

नीति घ. निःशुल्क र अनिवार्य विद्यालय शिक्षाको नीति व्यवहारिक कार्यान्वयनमा लगिने वातावरण निर्माण गरिनेछ ।

नीति ङ. निरन्तर मुल्यांकन प्रणालीको व्यवहारिक कार्यान्वयनको अभ्यासलाई संस्थागत गरिनेछ ।

नीति च. अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाई प्रकृयामा सुधार, पेशागत नैतिकताको प्रवर्द्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्धारा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।

नीति छ. राष्ट्रिय शिक्षा नीति २०७६ मा व्यवस्था भए अनुसार आधारभूत तहको कक्षा एकदेखि तीनसम्म एकीकृत पाठ्यक्रममा आधारित कक्षा शिक्षण वा बहु कक्षाशिक्षण पद्धतिलाई व्यवहारिक कार्यान्वयनमा लगिने छ।

नीति ज. सामुदायिक विद्यालयका शिक्षकले विषयगत शिक्षण,बहु-कक्षा शिक्षण,कक्षा शिक्षण पद्धति सम्बन्धी ज्ञान र सीप हाँसिल गरी पठनपाठनमा सो को प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

नीति झ. निःशुल्क र अनिवार्य विद्यालय शिक्षाको व्यवहारिक कार्यान्वयनमा रहेका समस्या विश्लेषण गरी कमी पूर्तिका लक्षित कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ ।

नीति ञ. सामुदायिक विद्यालयमा विज्ञान र प्राविधिक धारतर्फको विषय समावेश गरी नमूनाका रूपमा सञ्चालन गराउन सम्बन्धित सरोकारवालाहरूसँगको सहकार्य गर्ने नीति लिइनेछ ।

नीति ट. व्यवहारिक र जीवनपयोगी शिक्षाको कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

नीति ठ. सामुदायिक विद्यालयमा पुस्तकालय, कम्प्युटर र इ-हाजिरीको व्यवस्था क्रमशः गरिनेछ ।

नीति ड. अपाङ्गता भएका बालबालिकाको पहुँच वृद्धिमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

नीति ढ. विद्यालय सुशासन प्रणालीलाई व्यवहारिक कार्यान्वयनमा लगिनेछ ।

नीति ण. अन्तर विद्यालय अनुभव आदानप्रदान तथा सिकाई पद्धतिमा सामन्जस्यता ल्याउन समन्वयकारी भूमिका निर्वाह गरिनेछ ।

उद्देश्य नं. ३. नगरको शिक्षा शाखा, विद्यालय शिक्षक, कर्मचारी र विभिन्न संरचनाको क्षमता विकास गर्नु ।

नेपालको संविधान २०७२ ले आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहको एकल अधिकारको रूपमा व्यवस्था गरेको अवस्थामा नगरमा स्थापना भएको शिक्षा शाखा, नगरदेखि वडा तहसम्म स्थापना हुने शिक्षा संरचना, विद्यालयका शिक्षक र कर्मचारीहरूको क्षमता विकास गरी विद्यालय शिक्षालाई थप व्यवस्थित गर्न मद्दत पुग्दछ ।

नीति क. शिक्षकहरूलाई मागमा आधारित तालिमको व्यवस्था गरिनेछ ।

नीति ख. विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्र.अ.लाई विद्यालय व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

नीति ग. नगर शिक्षा समिति र वडा शिक्षा समितिलाई क्षमता विकास गरिनेछ ।

नीति घ. नगरमा निर्माण भएका विभिन्न शिक्षा संरचनालाई जनशक्ति र प्राविधिक रूपमा सबल बनाइनेछ ।

नीति ङ. नगरमा निर्माण भएका शिक्षा संरचनाको क्षमता विकास गरी पारदर्शिता र सुशासन सुनिश्चितताका लागि आवश्यक क्षमता विकास गरिनेछ ।

नीति च. विद्यालय सूचना प्रणाली प्रभावकारी बनाउन नगरपालिकास्तरमा सूचना व्यवस्थापन सम्बन्धी एप्स निर्माण र कार्यान्वयन गरिनेछ ।

नीति छ. सिकाई उपलब्धीका आधारमा शिक्षकलाई पुरस्कार र दण्डको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।

उद्देश्य ४. विद्यालयको क्षमता र सेवाक्षेत्र सुनिश्चित गर्नु ।

सामुदायिक विद्यालयको भौतिक र शैक्षिक क्षमताका वृद्धि गर्ने लक्ष्य प्राप्तिका लागि नगरभित्रका सबै सामुदायिक विद्यालयको भौतिक क्षमता मापन गरी आवश्यक विद्यालयमा भौतिक निर्माण गर्नुपर्ने हुन्छ । विद्यालयको सेवाक्षेत्र प्रभावकारी रूपमा कार्यान्वयनमा नआउँदा सेवा क्षेत्रका विद्यालय खाली हुने र सेवा क्षेत्र बाहिरको विद्यालयमा विद्यार्थीको चाप वृद्धि भई भौतिक व्यवस्थापन र गुणस्तर कायम गर्न समस्या हुने भएकोले विद्यालयको क्षमता र सेवा क्षेत्र सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

नीति क. विद्यालयको क्षमता मापनमा आधारहरू तयार गरी क्षमता यकिन गरिनेछ ।

नीति ख. विद्यालयको सेवाक्षेत्र सम्बन्धी आधारहरू तयार गरी सेवाक्षेत्र सुनिश्चित गरिनेछ ।

नीति ग. विद्यालयको सेवा क्षेत्रभित्रका बालबालिकाहरूलाई सेवा क्षेत्रभित्र नै अध्ययन गर्नका लागि प्रोत्साहन गरिनेछ ।

नीति घ. विद्यालय मर्जिङको प्रक्रियालाई निरन्तरता दिइनेछ । यातायात लगायतको पूर्वाधार विकास र विद्यालयको सेवाक्षेत्र र विद्यालय गाभ्ने प्रक्रियाका बिचमा सामञ्जस्यता कायम गरिनेछ ।

उद्देश्य ५. प्राविधिक शिक्षाको विकासका लागि आवश्यक पूर्वाधार र वातावरण तयार गर्नु ।

विद्यालय शिक्षालाई थप आकर्षक, व्यवहारिक र जीवन उपयोगी बनाउनका लागि प्राविधिक शिक्षा सहज र सुलभ बनाउनु पर्ने पक्षमा आमअभिभावकको अपेक्षा रहेको छ। अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको व्यवहारिक कार्यान्वयनका लागि नगरले प्राविधिक शिक्षामा बढी जोड दिनु पर्ने आवश्यकता महसुस गरेको छ।

नीति क. सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक धार सञ्चालनमा प्रोत्साहन गरिनेछ।

नीति ख. बहु प्राविधिक विद्यालय सञ्चालन गर्नका लागि सामुदायिक निजी साझेदारी नीति अवलम्बन गरिनेछ।

नीति ग. सम्भाव्यताका आधारमा नगरमा मेडिकल कलेज, इञ्जिनियरिङ कलेज, कृषि क्याम्पस खोल्नका लागि आवश्यक पहल गरिनेछ।

उद्देश्य ६. नगरभित्र सञ्चालित विभिन्न संस्थागत तथा महाविद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नु।

नीति क. यस नगरभित्रका संस्थागत विद्यालय तथा क्याम्पसहरूको भौतिक तथा शैक्षिक गुणस्तर वृद्धिका लागि नगरका तर्फबाट सहयोग र सहजीकरण गरिने छ।

तालिका १/५.२.१ : आवधिक प्राथमिकता : शिक्षा विकास

क. नगर पार्श्वचित्र २०७५ अनुसार वालिङ नगरपालिकामा आधारभूत तहमा अध्ययन गर्ने उमेरका २.५४ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् जसलाई नक्सा नं. ५/५.२.१ मा देखाइएको छ। सामुदायिक विद्यालयको गुणस्तर संस्थागत विद्यालयको तुलनामा कमजोर रहेको छ। नगरले शिक्षा ऐन निर्माण गरेको छ तर सामुदायिक विद्यालयमा बालबालिका आकर्षित गर्ने ठोस नीति, नियम र कार्यविधि निर्माण हुन सकेको छैन। त्यसैले सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित र गुणस्तर सुधार, अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्नका लागि आवश्यक शिक्षा नियमावली, निर्देशिका र कार्यविधि निर्माण गरी आवश्यक कानुनी प्रकृया पूरा गर्ने र तिनको कार्यान्वनलाई व्यवस्थित गर्न निम्न अनुसारका प्राथमिकता निर्धारण गरिएको छ।

नक्सा ५/५.२.१ : आभारभूत तहमा अध्ययन गर्ने उमेरका विद्यालय बाहिर रहेका बालबालिका विवरण



माथिको नक्सामा कलेजी रङको बिन्दुले ५ देखि १२ वर्ष उमेर समूहका विद्यालय नगएका घर परिवारको संकेत गर्दछ भने हरियो रंगले विद्यालयको संकेत गरेको छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. शिक्षा नियमावली निर्माण गर्ने ।	१. शिक्षा ऐन तथा नियमावली कार्यान्वयनको समीक्षा गरी आवश्यक संशोधन तथा परिमार्जन गर्ने ।	१. शिक्षाको विकासका लागि निर्माण गरिएको नीति नियमको आवश्यक परिमार्जन गर्ने ।
२. नगरको नीति, शिक्षा ऐन तथा नियमावली अन्तर्गत निम्न कार्यविधि बनाउने । ● निःशुल्क र अनिवार्य आधार भूत तथा माध्यमिक शिक्षा कार्यान्वयनका कार्यविधि ● संवैधानिक अधिकार बमोजिम आधारभूत तहसम्म मातृभाषाको कक्षा सञ्चालन गर्ने सम्बन्धी कार्यविधि निर्माण गर्ने । ● हरेक विद्यालयको आफ्नो सेवा निर्धारण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि । ● सबै बालबालिकको शिक्षामा पहुँच ● अपाङ्गता भएका र विपन्न बालबालिकाको शिक्षामा पहुँच र त्यस्ता बालबालिकाको संरक्षण सम्बन्धी कार्यविधि । ● सबै बालबालिकाहरूको शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धिका लागि कार्यविधि । ● शिक्षाको गुणस्तर वृद्धिको लागि सामुदायिक विद्यालयहरूमा आंशिक तथा पूर्ण छात्रावासको व्यवस्था गर्ने सम्बन्धी कार्यविधि ।	२. शिक्षा सम्बन्धी स्थानीय नीति तथा कानुन कार्यान्वयनका लागि अल्पकालनमा निर्माण भएका कार्यविधि कार्यान्वय र प्रभावकारिताको समीक्षा गरी आवश्यकता अनुसार संशोधन वा परिमार्जन गर्ने ।	२. शिक्षा क्षेत्रका कार्यविधिमा आवश्यक परिमार्जन र थपघट र एकीकरण गरी शिक्षा सम्बन्धी स्थानीय कानुन कार्यान्वयन म्यानुअल तयार गर्ने ।
३.प्राविधिक शिक्षाको विकासका लागि निजी तथा सामुदायिक क्षेत्रको लगानी सम्बन्धी नीति निर्माण गर्ने ।	३.प्राविधिक शिक्षाको विकास र प्रवर्द्धन गरी दक्ष जनशक्ति उत्पादनका लागि निजी सामुदायिक लगानी सम्बन्धी नीतिमा कार्यान्वयन र सो क्रममा नगरको अनुभवका आधारमा नीति परिमार्जन गर्ने ।	३. प्रविधिक शिक्षा प्रवर्द्धनमा केन्द्रित नीति कार्यान्वयनको समीक्षा तथा आवश्यक परिमार्जन ।

ख. वालिङ नगरपालिकामा विद्यालय शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक संरचना निर्माण हुन बाँकी रहेकाले निर्माण हुन बाँकी संरचनाको निर्माण गरी उक्त संरचनाको क्षमता विकास गर्नुका साथै शिक्षामा भएका प्रगतिको समीक्षा, प्रभावकारी अनुगमन, शिक्षाको विकासका लागि आवश्यक योजना निर्माण र कार्यान्वयन जस्ता पक्षलाई प्रभावकारी रूपमा अघि बढाउन लागि तपसिल अनुसारका प्राथमिकता निर्धारण गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. वडा शिक्षा समिति गठन र क्षमता विकास गर्ने ।	१.नगर र वडा शिक्षा समितिको नियमित क्षमता अभिवृद्धि गर्ने ।	१.गठन भएका समितिहरूको स्वपरिचालनका लागि आवश्यक वातावरण निर्माण गर्ने ।
२. वडा शिक्षा समितिमार्फत् विद्यालयको प्रगतिको नियमित समीक्षा गर्ने ।	२. वडा शिक्षा समितिमार्फत् विद्यालयको प्रगति समीक्षा गर्ने परिपाटी वार्षिक योजनामा अभिलेख गर्ने ।	
३. वडा शिक्षा योजना निर्माण गर्ने ।	३. वडा शिक्षा योजनाको नियमित समीक्षा र अद्यावधिक गर्ने ।	
४. विद्यालयको भौतिक, शैक्षणिक र व्यवस्थापन तथा शिक्षक/कर्मचारीको जवाफदेहिता लाई केन्द्रित गरेर नगर शिक्षा योजना निर्माण गर्ने ।	४. नगर शिक्षा योजनाको नियमित समीक्षा र अद्यावधिक गर्ने ।	४. शिक्षाको योजनावद्ध विकासका लागि योजना शाखामा पर्याप्त जनशक्तिको व्यवस्थापन गर्ने प्रभावकारी योजना निर्माण गर्ने ।
५. सबै विद्यालयको विद्यालय सुधार योजना निर्माण गर्ने विद्यालयको अभिलेख तयार गर्ने ।	५. विद्यालय सुधार योजना र विद्यालय अभिलेखको अद्यावधिक गर्ने ।	
६. नगर तथा वडाहरूमा शिक्षा अनुगमन समिति गठन गर्ने ।	६. प्रत्येक वडामा वडा शिक्षा समितिको माध्यमबाट अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।	

ग. नगरपालिका भित्रका बाल विकास केन्द्रमा भर्ना हुने उमेरका बालबालिका सबै बाल विकास केन्द्रमा भर्ना भएका छैनन् । बाल विकास केन्द्रको सिकाई वातावरण बालमैत्री बनाई सबै बाल विकास उमेरका बालबालिकाहरूलाई बाल विकासमा भर्ना गरी बाल विकासको खुद भर्नादर शत प्रतिशतमा पुऱ्याउन बाल विकासको शैक्षिक एवं भौतिक वातावरण प्रभावकारी बनाउनका लागि निम्न अनुसारका प्राथमिकता निर्धारण गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१.बाल विकास केन्द्र नभएका विद्यालयमा वा समुदायमा आवश्यक भएका स्थानमा बाल विकास केन्द्र स्थापना गर्ने ।	१. स्थापना भएका बाल विकास केन्द्रको भौतिक व्यवस्थापन गर्ने ।	१. बाल विकास केन्द्र सञ्चालन भएका भवन वा कक्षाकोठा अपाङ्गतामैत्री बनाउने ।
२.अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरी बालविकास केन्द्रमा भर्ना हुने उमेरका सबै बालबालिकाहरूलाई बालविकासमा ल्याउने ।	२. बाल विकास केन्द्रका अभिभावकहरू लाई बालविकासमा नियमित पठाउन थप प्रोत्साहनका कार्यक्रम निर्माण गर्ने ।	२. बाल विकास केन्द्र सबै अभिभावकको आकर्षणको केन्द्रको रूपमा विकास गरी शत प्रतिशत बालबालिका बाल विकासबाट कक्षा १ मा भर्ना हुने वातावरण तयार गर्ने ।
३.बालविकास केन्द्रको बसाई व्यवस्थापन र सिकाई वातावरण बालमैत्री र भयरहीत बनाउने ।	३.बालविकास केन्द्रको सिकाई वातावरण निरन्तर बालमैत्री र भयरहीत बनाउन थप प्रोत्साहन गर्ने ।	३. बाल विकास केन्द्रलाई बालविकास उमेरका बालबालिकाहरूको लागि पूर्ण बालमैत्री वातावरण तयार गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
४.बालविकास केन्द्रका सबै सहजकर्ताहरूलाई मन्टेश्वरी शिक्षण विधि सम्बन्धी तालिम प्रदान गर्ने । ५.बाल विकास केन्द्रका सहजकर्ताहरूलाई उचित पारिश्रमिकको व्यवस्था गर्ने ।	४.तालिम प्राप्त सहजकर्ताहरूलाई उनीहरूको सीप र क्षमता कक्षाकोठामा लैजाने वातावरण तयार गर्ने । ५.बाल विकास शिक्षा सहज र सर्वसुलभ बनाउन नगरबाट विनियोजन हुने रकममा बालविकासका लागि विशेष प्राथमिकता दिने ।	
घ. वालिङ नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा खानेपानी, शौचालय, घेराबार, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, प्राथमिक उपचार कक्ष, खेलकुद सामाग्री, शैक्षिक सामाग्री लगायत धेरैजसो विद्यालयहरूमा अपाङ्गतामैत्री विद्यालय भवन र शौचालयको व्यवस्था हुन सकेको छैन जसलाई नक्सा नं. ६/५.२.१ र ७/५.२.१ मा सूचित गरिएको छ । जसले गर्दा सबै प्रकारका बालबालिकाको विद्यालय पहुँच, बालमैत्री र भयरहीत सिकाई वातावरण तयार गर्नका लागि चुनौती देखिएको छ ।		

नक्सा ६/५.२.१ : माध्यमिक विद्यालयको भौतिक तथा शैक्षिक सुविधाको अवस्था सम्बन्धी विवरण



माथि नक्सामा देखाइएको S,C,L,F,B,T,D संकेतले क्रमशः विज्ञान र कम्प्युटर प्रयोगशाला, पुस्तकालय, प्राथमिक उपचार कक्ष, घेराबार, बालबालिकाको लागि छुट्टै शौचालय र खानेपानी सुविधा नभएको जनाउँछ ।

नक्सा ७/५.२.१ : आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक सुविधाको अवस्था सम्बन्धी विवरण



माथि नक्सामा देखाइएको S,C,L,F,B,T,D संकेतले क्रमशः विज्ञान र कम्प्युटर प्रयोगशाला, पुस्तकालय, प्राथमिक उपचार कक्ष, घेराबार, बालबालिकाको लागि छुट्टै शौचालय र खानेपानी सुविधा नभएको जनाउँछ ।

पूर्वाधारको वर्तमान अवस्थालाई आधारबनाई पर्याप्तता, गुणस्तरीयता आदि समेतको विश्लेषणका आधारमा विद्यालयको भौतिक पूर्वाधार विकास र विस्तार गर्नुका साथै विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तर सुधार, सुरक्षा र सेवा सुविधा प्रभावकारी बनाउने साथै आवश्यकता अनुसार प्राविधिक विद्यालय स्थापना र सञ्चालनका लागि निम्न अनुसारका प्राथमिकता निर्धारण गरिएको छ ।		
अल्पकालीन (पहिलो २ वर्ष)	**मध्यकालीन (३ देखि ७ वर्ष)**	**दीर्घकालीन (८ देखि २० वर्ष)**
१. सामुदायिक विद्यालयको क्षमता तथा विद्यार्थी संख्या तथा भएका पूर्वाधारको गुणस्तरीयता विश्लेषण गरी सामुदायिक विद्यालयको भौतिक पूर्वाधारका कार्य (नयाँ भवन निर्माण, कक्षाकोठा मर्मत) अघि बढाउने ।	१. आवश्यकता अनुसार भौतिक पूर्वाधारनिर्माण तथा सुधारका कार्यलाई निरन्तरता दिई आधारभूत पूर्वाधार तयारीको सुनिश्चितता गर्ने ।	१.भौतिक निर्माण गर्दा अपाङ्गतामैत्री र बालमैत्री संचनाको लागि विशेष आधार तयार गरी पूर्ण कार्यान्वयन गर्ने ।
२.खानेपानी सेवा नपुगेका सबै सामुदायिक विद्यालयमा खानेपानी सेवा विस्तारको गर्ने कार्य सम्पन्न गर्ने ।	२.खानेपानी सेवा नपुगेका सबै सामुदायिक विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थालाई प्रभावकारी बनाउने ।	
३. छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालय नभएका सामुदायिक विद्यालयहरू मध्ये ३ ओटा सामुदायिक विद्यालयमा शौचालय निर्माण सम्पन्न गर्ने ।	३. छात्रा र छात्रहरूका लागि कम्तीमा ८ ओटा सामुदायिक विद्यालयमा छुट्टाछुट्टै शौचालय निर्माण सम्पन्न गर्ने ।	३. छात्रा र छात्रहरूका लागि सबै सामुदायिक विद्यालयमा छुट्टाछुट्टै शौचालय निर्माण सम्पन्न गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
४. घेराबार निर्माण नभएका सामुदायिक विद्यालय मध्ये ८ ओटा विद्यालयमा घेराबार निर्माण सम्पन्न गर्ने ।	४. घेराबार नभएका कम्तीमा २० ओटा सामुदायिक विद्यालयमा घेराबार निर्माण सम्पन्न गर्ने ।	४. घेराबारको व्यवस्थापनका साथै अन्य विधिबाट सामुदायिक विद्यालयलाई भौतिक र मनोवैज्ञानिक रूपमा सुरक्षित बनाउने ।
५. पुस्तकालय नभएका ७ ओटा विद्यालयहरूमा पुस्तकालय निर्माण र सञ्चालन गर्ने ।	५.पुस्तकालय नभएका १५ ओटा सामुदायिक विद्यालयमा पुस्तकालयको निर्माण र सञ्चालन गर्ने ।	५. पुस्तकालय नभएका सबै सामुदायिक विद्यालयहरूमा पुस्तकालय निर्माण र सञ्चालन सम्पन्न गर्ने ।
६. विज्ञान प्रयोगशाला नभएका सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माणका सम्पन्न गर्ने ।	६. विज्ञान प्रयोगशाला नभएका सामुदायिक आधारभूत विद्यालय मध्ये ४ ओटामा विज्ञान प्रयोगशाला निर्माण र सञ्चालन गर्ने ।	६. कक्षा ६ भन्दामाथिका विद्यार्थीका लागि सबै सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण सम्पन्न गर्ने ।
७. अपाङ्गता भएका बालबालिकाहरूको लागि नगरपालिकास्तरमा आवासीय विद्यालय निर्माणका लागि आधार तयार गर्ने ।	७. अपाङ्गता भएका बालिकाहरूको लागि आवासीय विद्यालय सञ्चालन गर्ने ।	७. अपाङ्गता भएका भएका बालबालिकाहरूको लागि आवासीय विद्यालय निरन्तरताका लागि कोषको व्यवस्था गर्ने ।
८. विद्यालयहरूको पूर्वाधारको अवस्था, विद्यार्थी संख्या र छात्रावासको आवश्यकता विश्लेषण गर्ने ।	८. विद्यालय शिक्षाको गुणस्तर वृद्धिको लागि सामुदायिक विद्यालयहरू मध्ये लागत लाभ विश्लेषणका आधारमा नगर भरिबाट २ वटा विद्यालयलाई आवासीय विद्यालयमा रूपान्तरण गर्ने गरी छात्रावासको व्यवस्था गर्ने ।	८. छात्रावासको प्रभावकारिताका आधारमा आवश्यक पूर्वाधारसहित आवासीय सामुदायिक विद्यालयको संख्या बढाउँदै लाने ।
९.मर्ज गर्न सकिने सम्भावना भएका विद्यालयहरूलाई मर्ज गर्ने आवश्यक अध्ययन पूरा गरी विद्यालय गाभ्न शुरु गर्ने ।	९.मर्ज गर्न सकिने सबै सामुदायिक विद्यालय मर्ज गर्ने र मर्ज भएर खाली भएका विद्यालय भवनलाई अन्य सामुदायिक प्रयोगमा ल्याउने ।	
१०. स्थानीय सामाग्री प्रयोग गरेर शैक्षिक सामाग्रीको निर्माण र प्रयोग गराउने ।	१०. शैक्षिक सामाग्री निर्माण र प्रयोगका लागि सबै विद्यालयलाई अनिवार्य गराउने ।	१०.शैक्षिक सामग्रीको निर्माण र प्रयोगका आधारमा विद्यालयलाई पुरस्कृत गर्ने ।
११. सबै सामुदायिक विद्यालयमा प्राथमिक उपचार बक्सको व्यवस्था गर्ने गरी माध्यमिक तहका ९ ओटा विद्यालय प्राथमिक उपचार कक्ष निर्माणका गर्ने ।	११.सामुदायिक विद्यालयको आधार भूत तहमा २१ ओटा प्राथमिक उपचार कक्षको निर्माण गर्ने ।	११.सबै सामुदायिक विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१२.सबै सामुदायिक विद्यालयमा कम्तीमा २ कक्षासम्म अंग्रेजी माध्यमबाट पठनपाठन अनिवार्य शुरुवात गर्ने ।	१२.सामुदायिक विद्यालयको कक्षा ५ सम्म अंग्रेजी माध्यमबाट पठनपाठनका लागि वातावरण तयार गरी पठनपाठन शुरुवात गर्ने।	१२.आधारभूत तहसम्म अंग्रेजी माध्यमबाट पठनपाठन अनिवार्य गर्ने ।
१३.सबै सामुदायिक विद्यालयलाई निरन्तर मुल्यांकन प्रणाली कार्यान्वयनका लागि तालिम प्रदान गर्ने ।	१३.निरन्तर मुल्यांकन प्रणाली सबै सामुदायिक विद्यालयमा अनिवार्य र व्यवहारिक बनाउने ।	१३. निरन्तर मुल्यांकन प्रणालीप्रति अभिभावक र सरोकारवालाको विश्वास जित्ने वातावरण तयार गर्ने ।
१४.पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलापको लागि शिक्षकलाई अभिप्रेरित हुने तालिम प्रदान गर्ने ।	१४.सबै सामुदायिक विद्यालयमा पाठ्यक्रमका आधारित शिक्षण सिकाई क्रियाकलाप अनिवार्य गर्ने ।	१४.पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलापको आधारमा विद्यालयलाई थप प्रोत्साहन गर्ने ।
१५.प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मुल्यांकन प्रकृयालाई पारदर्शी तथा नतिजामा आधारित बनाउन कार्य सम्पादन सम्झौता गर्ने ।	१५. शिक्षकहरूलाई कार्यप्रगतिका आधारमा थप प्रोत्साहनको व्यवस्था गर्ने ।	१५.शिक्षकहरूलाई कार्यसम्पादनका आधारमा ग्रेड वृद्धि गर्ने ।
१६.सामुदायिक विद्यालयको औसत सिकाई उपलब्धी वृद्धिका आधारहरू तयार गर्ने ।	१६.विद्यालयहरूलाई औसत सिकाई उपलब्धीका आधारमा पुरस्कृत गर्ने ।	१६.सामुदायिक विद्यालयको औसत सिकाई उपलब्धी दर तहगत र कक्षागत रूपमा कम्तीमा बी प्लस श्रेणीमा पुऱ्याउने ।
१७.सामुदायिक विद्यालयमा विद्यालय बसको व्यवस्थाका लागि पूर्व तयारी गर्ने ।	१७.विद्यालय बस सञ्चालनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने ।	१७.सबै सामुदायिक विद्यालयमा विद्यालय बसको व्यवस्था गर्ने ।
१८.सामुदायिक विद्यालयको कम्तीमा ३ कक्षासम्म दिवा खाजाको व्यवस्था गर्ने ।	१८. सामुदायिक विद्यालयको कक्षा ५ सम्म दिवा खाजाको व्यवस्था गर्ने ।	१८.सबै सामुदायिक विद्यालयको आधारभूत तहसम्म दिवा खाजाको व्यवस्था गर्ने ।
१९.माध्यमिक विद्यालयमा एक विद्यालय एक नर्सको व्यवस्थाको लागि वातावरण तयार गर्ने ।	१९.माध्यमिक तहमा एक विद्यालय एक नर्सको व्यवस्था कार्यान्वयन गर्ने ।	
२०.सामुदायिक विद्यालयमा इ-हाजिरीको श्रोत व्यवस्थापन गर्ने।	२०.सामुदायिक विद्यालय सबैमा इ-हाजिरीको व्यवस्था गर्ने ।	
२१.माध्यमिक तहमा प्राविधिक धार सञ्चालनका लागि आवश्यक आधार तयार गर्ने ।	२१.सबै माध्यमिक तहमा प्राविधिक धार सञ्चालन गर्ने ।	२१.सामुदायिक विद्यालयको माध्यमिक तह सबैमा प्राविधिक धार सञ्चालन गर्ने ।
२२.विद्यालयका शिक्षकहरूलाई क्षमता विकास तालिम प्रदान गर्ने ।	२२.विषयगत शिक्षकहरूलाई क्षमता विकास तालिम प्रदान गर्दै प्रविधिमैत्री बनाउने ।	२२.विद्यालयका सबै शिक्षकहरूलाई प्रविधिमैत्री तालिम प्रदान गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२३.बहु प्राविधिक विद्यालय सञ्चालनका लागि आधार तयार गर्ने ।	२३.नगरपालिकाभित्र बहु प्राविधिक विद्यालय सञ्चालन गर्ने ।	
ङ. विद्यालय प्रशासन तथा व्यवस्थापनको अभिभावकप्रति जवाफदेहिता प्रभावकारी हुन सकेको छैन । विद्यालय प्रशासन र व्यवस्थापनलाई क्षमता विकास गरी अभिभावकप्रति जवाफदेहिता बढाउन सकेमा सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास बढाउन सकिने छ । जसले गर्न सामुदायिक विद्यालयमा बालबालिकाको नियमितता, गुणस्तर अभिवृद्धि जस्ता पक्षमा सहयोग पुग्ने भएकोले विद्यालय प्रशासन र व्यवस्थापनको क्षमता विकास गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नका लागि निम्न अनुसारका प्राथमिकता तय गरिएको छ ।		
अल्पकालीन (पहिलो २ वर्ष)	**मध्यकालीन (३ देखि ७ वर्ष)**	**दीर्घकालीन (८ देखि २० वर्ष)**
१.विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको प्रभावकारी व्यवस्थापनको लागि तालिम प्रदान गर्ने ।	१.विद्यालय व्यवस्थापन समितिलाई विद्यालय व्यवस्थापन र विद्यालय सुधार योजना निर्माण र अद्यावधिक सम्बन्धी क्षमता विकास तालिम प्रदान गर्ने ।	१.नगरपालिकामा शिक्षाको विकासका लागि बटम अप योजना तर्जुमा प्रकृयाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने ।
२.पारदर्शिता र जवाफदेहिता अभिवृद्धि साथै सूचनाको स्वतः प्रकाशन सम्बन्धी विद्यालयका शिक्षक र व्यवस्थापन समितिलाई क्षमता विकास तालिम दिने ।	२.पारदर्शिता र जवाफदेहिता प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उत्कृष्ट विद्यालयहरूलाई पुरस्कृत गर्ने ।	२.विद्यालय शासनलाई पारदर्शिता र जवाफदेहिताको सुनिश्चित गर्ने ।
३.शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनका लागि प्राविधिकको क्षमता विकास गर्ने ।	३.सबै सामुदायिक विद्यालयमा आवश्यक उपकरणसहित प्रभावकारी शैक्षिक सूचना व्यवस्थापन प्रणाली स्थापना र प्रभावकारी कार्यान्वयन गर्ने ।	
४. अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने ।	४. अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको व्यवहारिक र नतिजामुखी बनाउने ।	

तालिका २/५.२.१ : शिक्षा विकासको अपेक्षित उपलब्धी/परिमाणात्मक लक्ष्य

क्र.सं.	उपलब्धी सूचक	एकाइ	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
१.	१५ वर्षमाथिको जनसंख्याको साक्षरता दर	प्रतिशत	६३	६५	८०	९५
२.	१६ देखि ४० वर्षको युवाहरूको साक्षरता दर	प्रतिशत	९३	९५	९८	१००
३.	प्रारम्भिक बालविकासको खुद भर्नादर	प्रतिशत				१००
४.	आधारभूत तह (१-५) को खुद भर्नादर	प्रतिशत	९९	९९.५	१००	१००
५.	आधारभूत तह (१-८) को खुद भर्नादर	प्रतिशत	९७	९७.५	९८.५	९९
६.	माध्यमिक तहको खुद भर्नादर	प्रतिशत	६०	६२	७७	९५
७.	आधारभूत तहको औसत सिकाई उपलब्धी दर	प्रतिशत	६५	६७	७५	८०
८.	माध्यमिक तहको सिकाई उपलब्धी दर	प्रतिशत	५५	५०	७०	७५
९.	विद्यालय छाड्नेदर (कक्षा १ देखि ५)	प्रतिशत	७.४७	६	४	०.५
१०.	विद्यालय छाड्नेदर (कक्षा ६ देखि ८)	प्रतिशत	६.९९	६	३	०.५

क्र.सं.	उपलब्धी सूचक	एकाइ	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
११.	विद्यालय छाड्नेदर (कक्षा ९ देखि १२)	प्रतिशत	४.०५	३.५	२	०
१२.	सामुदायिक विद्यालयमा पुस्तकालयको स्थापना र सञ्चालन शतप्रतिशत विद्यालय	संख्या	२५	३२	४७	७३
१३.	छात्रछात्राको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था शत प्रतिशत विद्यालय	संख्या	४८	५१	५९	७३
१४.	कम्प्युटर प्रयोगशालाको व्यवस्था शत प्रतिशत विद्यालयमा गर्ने	संख्या	२६	४०	६२	७३
१५.	सामुदायिक विद्यालयमा (पिउन योग्य) स्वच्छ सफा खानेपानीको व्यवस्था शत प्रतिशत विद्यालय गर्ने	संख्या	६३	७३	७३	७३
१६.	विद्यालयमा घेराबारको व्यवस्था शत प्रतिशत सामुदायिक विद्यालयमा गर्ने	संख्या	३८	४६	६६	७३
१७.	माध्यमिक तहमा विज्ञान प्रयोगशाला शत प्रतिशत माविमा सञ्चालन गर्ने	संख्या	१०	१४	१६	१६
१८.	आधारभूत तहमा विज्ञान प्रयोगशाला सञ्चालन कम्तीमा ८ वटा विद्यालयमा	संख्या	०	०	४	८
१९.	विद्यालय शिक्षामा महिला शिक्षिका	प्रतिशत	४८	४८.५	४९	५०
२०.	सामुदायिक विद्यालयको माध्यमिक तह सञ्चालन भएका विद्यालयहरूमा प्राविधिक धार सञ्चालन	संख्या	२	१	३	२
२१.	माध्यमिक विद्यालयमा प्राथमिक उपचार कक्ष निर्माण शत प्रतिशत मा.वि.मा	संख्या	७	१६	१६	१६
२२.	आधारभूत विद्यालयमा प्राथमिक उपचार कक्ष निर्माण शत प्रतिशत आ.वि.मा	संख्या	१८	२५	३९	५७
२३.	आधारभूत तहसम्म अंग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन गर्नका लागि शिक्षकलाई तालिम	पटक		१	२	२
२४.	निरन्तर मुल्याङ्कन प्रणाली सम्बन्धी शिक्षकलाई तालिम/पुनर्ताजकीय	पटक	१ (७३ शिक्षक)	१(४६० शिक्षक)	२(४६० शिक्षक)	२(४६० शिक्षक)
२५.	पाठ्यक्रममा आधारित शिक्षण सिकाई क्रियाकलाप सम्बन्धी शिक्षक तालिम	पटक	१	२	३	२
२६.	शैक्षिक सामाग्री सहयोग	पटक		२	५	१३
२७.	खेलकुद सामाग्री सहयोग (नगरमा भएका ७३ वटै विद्यालयलाई)	पटक	०	१	२	७
२८.	विद्यालय बस सञ्चालनमा सहयोग (पहिलो २ वर्ष तयारी मध्यकालीनमा मा.वि.सबैमा र दीर्घकालीनमा ४० आ.वि.मा)	ओटा	०	०	१६	४०
२९.	सामुदायिक विद्यालयको आधारभूत तहसम्म दिवा खाजाको व्यवस्था	संख्या		१५०० विद्यार्थी	२६०० विद्यार्थी	४५०० विद्यार्थी
३०.	विद्यालयमा इ-हाजिरीको व्यवस्था	संख्या		१६	४०	१७
३१.	बहुप्राविधिक विद्यालय सञ्चालन	संख्या	१	०	०	१
३२.	शैक्षिक सूचना व्यवस्थापन प्रणालीका लागि आवश्यक प्रविधि र उपकरण सहयोग शत प्रतिशत विद्यालय	संख्या	२२	३२	६२	७३

क्र.सं.	उपलब्धी सूचक	एकाइ	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
३३.	शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी शिक्षकलाई तालिम	संख्या	३७	१६	२०	०
३४.	शिक्षा ऐन, नियम र कार्यविधि निर्माण सम्बन्धी जनप्रतिनिधिलाई अभिमुखिकरण, निर्माण र नियमित अद्यावधिक (प्रत्येक पटक निर्वाचित)	संख्या	०	८०	८०	१६०
३५.	नगर शिक्षा समिति गठन र समितिका पदाधिकारीहरूलाई क्षमता विकास तालिम/पुनर्ताजकीय तालिम	पटक	०	१	२	७
३६.	वडा शिक्षा समिति गठन, पुनर्गठन र क्षमता विकास तालिम (१४ वटा वडा प्रत्येक वडामा ७ जना, पदावधि २ वर्ष)	संख्या	०	९८	१९६	५८८
३७.	नगर शिक्षा योजना निर्माण र अद्यावधिक	पटक	०	१	१	३
३८.	वडा शिक्षा योजना निर्माण र अद्यावधिक (१४ वटै वडामा एक पटक निर्माण गर्ने र २ वर्षको अवधिमा अद्यावधिक गर्ने)	पटक	०	१४	२८	८४
३९.	विद्यालय सुधार योजना निर्माण र अद्यावधिक	पटक	१ पटक ७३ वि.	१ पटक ७३ वि.	१ पटक ७३ वि.	२ पटक ७३ वि.
४०.	बाल विकास केन्द्रमा बालमैत्री कक्षाकोठा व्यवस्थापन शत प्रतिशत बालविकास केन्द्र	ओटा	६०	६०	७०	७५
४१.	बाल विकास केन्द्रका सहजकर्ताहरूलाई मण्टेश्वरी विधिबाट शिक्षण सिकाई क्रियाकलाप सम्बन्धी तालिम/पुनर्ताजकीय तालिम	पटक		१	२	६
४२.	बाल विकास केन्द्रका अभिभावकहरूलाई अभिभावक सचेतना कार्यक्रम (प्रत्येक वर्ष १ पटक ७३ ओटा बाल विकासलाई)	पटक	०	१	२	६
४३.	विद्यालय भवन/कक्षाकोठा मर्मत शतप्रतिशत विद्यालय	पटक		३०	७०	७३
४४	अपाङ्गता भएका बाल बालिकाहरूको लागि आवासीय विद्यालय भवन निर्माण	संख्या	०	०	१	१
४५	नगरभित्र कम्तीमा ७ वटा स्तरीय भवन निर्माण गर्ने	संख्या		०	२	५

५.२.२. स्वास्थ्य

१. परिचय

वालिङ नगरपालिकामा नगरका विभिन्न वडाहरूमा अवस्थित १५ शैयाको गह्रै प्राथमिक अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र र ती अन्तर्गत रहेका प्रसुती केन्द्रहरू, घुम्ती शिविरहरू, टि.बी. उपचार केन्द्र, ART उपचार केन्द्र, १५ शैयाको निजी अस्पताल तथा विभिन्न निजी क्लिनिक जस्ता स्वास्थ्य संस्थामार्फत् स्वास्थ्य सेवा प्रवाह भइरहेको छ। सामान्य स्वास्थ्य सेवाहरू नगरका निजी अस्पताल, प्राथमिक अस्पताल, शहरी स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूबाट प्राप्त भए पनि गम्भीर प्रकृतिका विरामीको उपचारका लागि भने जिल्ला बाहिर नै धाउन पर्ने बाध्यता रहेको छ।

स्वास्थ्य सेवामा नगरका केन्द्र आसपासका जनताहरूको पहुँच तुलनात्मक रूपमा सहज देखिएता पनि नगरका ग्रामीण वडा तथा बस्तीका जनताको पहुँच स्वास्थ्य चौकीमा सीमित रहेको छ, जहाँ कतिपय

जटिल स्वास्थ्य समस्याको समाधान सम्भव छैन । साथै, महिला स्वास्थ्य स्वयंसेविकाहरूले आ–आफ्नो समुदायमा प्राथमिक उपचार, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन् । नगरसँगको सहकार्यमा स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक कार्य गर्नका लागि अन्य संघ संस्थाहरू समेत कार्यरत रहेका छन् । ती संघ संस्थाहरूले विभिन्न स्वास्थ्य सम्बन्धी कार्यक्रम गर्दै आएका छन् । नगरले स्वास्थ्य सेवा सुधार तथा सबै नगरवासी माझ स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरू आफ्नो वार्षिक नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्दै आएको छ । केन्द्रले दिएको स्थानीय अधिकार अनुरूप स्वास्थ्य सम्बन्धी ऐन "स्वास्थ्य तथा सरसफाई सेवा ऐन" निर्माण भइसकेको भए पनि उक्त ऐन कार्यान्वयनका लागि केही निर्देशिका, कार्यविधिहरू निर्माण हुन भने बाँकी रहेको छ ।

नक्सा १/५.२.२ : नगरमा रहेका स्वास्थ्य संस्था

माथिको नक्सामा नगरमा रहेका सबै स्वास्थ्य संस्थाको अवस्थिति देखाइएको छ ।
नगरपालिकाका स्वास्थ्य संस्था तथा तिनको पूर्वाधारको अवस्था यस प्रकार छ ।

तालिका १/५.२.२ : नगरपालिकाका स्वास्थ्य संस्था तथा तिनको पूर्वाधारको अवस्था

वडा नं.	स्वास्थ्य चौकीको नाम	भवन	कैफियत
१	शहरी स्वास्थ्य केन्द्र, खहरे	छैन	भवन निर्माणका लागि बजेट विनोजन भएको
१	धनुवासे आयुर्वेद औषधालय	छ	
२	धनुवासे स्वास्थ्य चौकी	छ	
३	माझकोट स्वास्थ्य चौकी	छ	
४	एलादी स्वास्थ्य चौकी	छ	
५	जगत भञ्ज्याङ स्वास्थ्य चौकी	छैन	
६	शहरी स्वास्थ्य केन्द्र, मिर्दी	छ	
७	केबरे स्वास्थ्य चौकी	छ	
८	शहरी स्वास्थ्य केन्द्र, काफलडाँडा	छैन	भवन निर्माणका लागि बजेट विनोजन भएको

वडा नं.	स्वास्थ्य चौकीको नाम	भवन	कैफियत
९	गह्रै प्राथमिक अस्पताल, वालिङ	छ	विस्तार गर्न आवश्यक
	शहरी स्वास्थ्य केन्द्र, डुडखोला	छैन	
१०	शहरी स्वास्थ्य केन्द्र, मदीखोला	छैन	भवन निर्माणका लागि बजेट विनियोजन भएको
११	शहरी स्वास्थ्य केन्द्र, कागती भञ्ज्याङ	छैन	
	स्वरेक स्वास्थ्य चौकी भञ्ज्याङ	छ	
१२	सिर्सेकोट स्वास्थ्य चौकी	छैन	
१३	शहरी स्वास्थ्य केन्द्र, बायाँटारी	छैन	भवन निर्माणका लागि बजेट विनियोजन भएको
१४	थुमपोखरा स्वास्थ्य चौकी	छ	
	पेखु वाघखोर स्वास्थ्य चौकी	छैन	

नगरपालिकाका सबै वडाहरूमा शहरी स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी रहेका छन् तर केही वडाहरू आवश्यक भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण, सामग्री, जनशक्तिको अपर्याप्तता रहेको छ। अझै पनि नगरका अस्पतालहरूमा ICU, NICU सेवा साथै आधुनिक उपकरणहरू इन्डोस्कोपी, सिटी स्क्यान, एम.आर.आई. आदिको उपलब्धता तथा उपकरण चलाउन सक्ने दक्ष जनशक्ति छैनन् । साथै, शहरी स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरूमा बिरामीको चाप अनुसार चिकित्सक तथा स्वास्थ्यकर्मीहरू नभएको तथा जाँच परीक्षण प्रक्रियालाई अपेक्षित रूपमा छिटो गराउन सकिएको छैन ।

दीगो विकास लक्ष्य प्राप्तिका सन्दर्भमा नेपाल सरकारले मातृ मृत्युदर सन् २०१५ मा प्रति १ लाख २३८ रहेकोमा २०३० सम्म ६९ मा झार्ने, तालिम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसुती गराउनेको अनुपात ५८ प्रतिशत रहेकोमा ९० प्रतिशत पुऱ्याउने, ५ वर्षमुनीको बाल मृत्युदर प्रति १ हजारमा ३९ जनाबाट घटाई २२ र नवजात शिशु मृत्युदर २३ बाट १० मा ल्याउने तथा कम उमेरमा बच्चा जन्माउने दर प्रति हजारमा ८८ बाट ३० मा झार्ने लक्ष्य राखेको छ। पोषण सुरक्षा कार्यक्रममार्फत् सन् २०३० सम्म कुपोषणदर ३६ बाट ३ प्रतिशतमा झार्ने र असुरक्षित गर्भपतनलाई शून्यमा झार्ने लक्ष्य राखिएको छ। त्यसैगरी ३० मिनेटभित्र स्वास्थ्य संस्थाको पहुँच प्राप्त भएका परिवारको अनुपात ६८ बाट बढाएर ९० प्रतिशत पुऱ्याउने लक्ष्य पनि सरकारले राखेको छ भने सरुवा रोग तथा पानीजन्य रोगलाई नगण्यस्तरमा झार्ने लगायत स्वास्थ्य क्षेत्रका समग्र सूचकमा सुधार ल्याउने लक्ष्य पनि लिएको छ।

नगरपालिकामा पछिल्लो समय देखा परेका ५ प्रमुख रोगहरू ग्यासट्राइटिस, स्वासनलीको तल्लो भागको संक्रमण, स्वासनलीको माथिल्लो भागको संक्रमण, टाउको दुख्ने र चोटपटक रहेका छन् । साथै, दीर्घ रोगहरूमा रक्तचाप, बाथ/हाडजोर्नीसम्बन्धी, ग्यास्ट्रिक/अल्सर/आन्द्राको रोग हुनेहरू, मुटुसम्बन्धी रोग रहेका छन् । नगरपालिकाको स्वास्थ्य सम्बन्धी सूचाङ्कहरू जस्तैः कुपोषण १.३% छ भने स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत र दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने ५८ प्रतिशत, गर्भवती जाँच पहिलो पटक गराउने शतप्रतिशत र गर्भवती जाँच चौथो पटकसम्मको करिब ६१ प्रतिशत र सुत्केरीपश्चात् जाँच गराउन आउने करिब ३१ प्रतिशत रहेको छ। त्यसैगरी, गह्रैं प्राथमिक अस्पताल र केवरे स्वास्थ्य चौकीबाट सुरक्षित गर्भपतन सेवा सञ्चालनमा रहेको छ। नगरपालिकालाई पूर्ण खोप नगर घोषणा गरिएको छ।

कानुनी र प्रजनन स्वास्थ्यको दृष्टिकोणबाट २० वा सो वर्षभन्दा कम उमेरमा आमा बन्नु गैरकानुनी र मातृ तथा शिशु दुबैको स्वास्थ्यका दृष्टिकोणबाट जोखिमपूर्ण मानिन्छ। शारीरिक, मानसिक, आर्थिक रूपमा अपरिपक्व अवस्थामा गर्भाधान र सन्तान जन्माउँदा एकातर्फ अपरिपक्व, कम तौलको, शारीरिक र बौद्धिक रूपमा विकलाङ्ग शिशु जन्मन सक्ने जोखिम उच्च रहन्छ भने अर्को तर्फ गर्भावस्थाको हेरविचार, मातृ तथा शिशुको स्याहार, खानपान, सरसफाई जस्ता विषयमा पर्याप्त जानकारी नहुँदा आमा र शिशु विभिन्न प्रकारका संक्रमणको शिकार हुन सक्ने सम्भावना रहन्छ । यस नगरपालिकामा अझै पनि किशोरीहरू कम उमेरमा आमा बनेको तथा १५-१९ वर्षको बिचमा सन्तान जन्माएको तथ्याङ्क पनि रहेको देखिन्छ। यस पृष्ठभूमिमा नगरको स्वास्थ्य सेवाको स्तर सुधार गर्ने तथा आधारभूत स्वास्थ्य सेवामा सबैको सरल र सहज पहुँच सुनिश्चित गर्नका लागि नगरले निम्न उद्देश्य तथा नीति तय गरेको छ।

२. मुख्य अवसर र चुनौती

वालिङ नगरपालिकाले संविधानले दिएको आधारभूत स्वास्थ्यको स्थानीय अधिकारका आधारमा स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, खोप केन्द्र, गाउँघर क्लिनिक र प्रसुती सेवा केन्द्र आदिबाट प्रवाह गरिने सेवा र तिनको मापदण्ड व्यवस्थित गरी स्थानीयस्तरमा स्वास्थ्य सेवाको स्तर सुधारको अवसर नगरलाई छ । संघीय नीति अनुरूपको नगरमा स्वास्थ्य संस्थाहरूको स्तरोन्नती र अन्य स्थानीय तह तथा सरोकारवालासँगको साझेदारीमा १०० शैया वा सो भन्दा बढी क्षमताको शिक्षण अस्पताल स्थापना र सञ्चालन गर्ने अवसर रहेको छ। स्वास्थ्य सम्बन्धी नगरवासीमा रहेको चेतनाको स्तरलाई स्वास्थ्य समस्या रोकथाम र महामारी नियन्त्रणमा समुदायसँगको सहकार्य र साझेदारीको अवसरमा रूपान्तरण गर्ने अवसर पनि रहेको छ । पोखरामा रहेका अस्पताल र त्यहाँ रहेको विशेषज्ञ चिकित्सकको सेवा शिविर लगायतका माध्यमबाट नगरले केही रूपमा उपयोग गर्ने अवसर छ ।

सीमित पूर्वाधार, अपर्याप्त जनशक्ति र नगरको स्रोत सीमितताका बिच स्वास्थ्य क्षेत्रको पूर्वाधार र सेवा सुधार एवं स्तरोन्नतीका कार्य सम्पन्न गरी स्वस्थ नगर बनाउने नगरवासीको अपेक्षा पूरा गर्ने चुनौती नगरलाई छ । आधारभूत स्वास्थ्यको अस्पष्ट परिभाषाका बिच मृगौला रोग, क्यान्सर, मुटुरोग जस्ता गम्भीर प्रकृतिका बिरामीको नगरभित्रै उपचार पाउने जनअपेक्षा सम्बोधन गर्ने चुनौती पनि नगरलाई छ ।

स्वास्थ्य क्षेत्रको वर्तमान अवस्थामा सुधार गर्नमा रहेका विभिन्न चुनौतीहरूको सामना गर्दै र उपलब्ध अवसरहरूको सदुपयोग गर्ने गरी स्वास्थ्य क्षेत्रको निम्नानुसार, लक्ष्य, उद्देश्य, नीति र कार्यक्रम तय गरिएको छ।

३. लक्ष्य

स्वस्थ वालिङ बनाउने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य १: स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी, गुणस्तरीय, समतामूलक र जवाफदेही बनाई आधारभूत स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्नु ।

नीति क. राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक वडाहरूमा रहेका स्वास्थ्य संस्थाबाट पूर्ण रूपमा निःशुल्क गरिने छ ।

नीति ख. स्वास्थ्य सेवामा गरिब, सीमान्तकृत, दलित, महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका तथा दीर्घ रोगीहरूको पहुँच बढाउन स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रमहरू तय गरी लागु गरिनेछ । स्वास्थ्य संस्थामा त्यस्ता पक्षको पहुँचका सरल बनाउन भौतिक पूर्वाधारहरूको र सेवाको अभ्यासमा आवश्यक सुधार गरिने छ ।

नीति ग. नगरको प्रत्येक वडाहरूमा आफ्नै भवनसहित स्वास्थ्य चौकी र विकट वडाको गाउँ गाउँमा जनशक्तिसहित गाउँघर क्लिनिक स्थापना गरिने छ । स्वास्थ्य संस्थाको नयाँ भवन निर्माण, सेवा सञ्चालन वा विस्तार गर्दा सकेसम्म बढी जनघनत्व तथा पायक पर्ने स्थान छनोट गरिनेछ ।

नीति घ. नगरको ग्रामीण वडाहरूलाई थप प्राथमिकतामा राखी हरेक बस्तीमा स्वास्थ्य सेवा विस्तार गर्न हाल सञ्चालनमा रहेका गाउँघर क्लिनिकहरूलाई थप व्यवस्थित बनाई स्वास्थ्य चौकीबाट टाढा रहेका बस्तीहरूमा गैरसरकारी संस्था र निजी क्षेत्रसँग सहकार्यमा समय समयमा घुम्ती शिविर सञ्चालन गरिने छ ।

नीति ङ. स्वास्थ्य बीमा सेवालाई थप व्यवस्थित र विस्तार गरी विपन्न, दलित, पिछडिएका वर्ग र जेष्ठ नागरिक मात्र भएको परिवारको स्वास्थ्य बीमा वडास्तरबाटै निःशुल्क रूपमा गर्न आवश्यक प्रबन्ध मिलाइने छ ।

नीति च. सामुदायिक र सरकारी अस्पतालमा बालरोग, स्त्री तथा प्रजनन स्वास्थ्य तथा नसर्ने प्रकृतिका रोगको पहिचान र उपचार सेवा सुधार गर्न दक्ष जनशक्ति तथा न्यूनतम स्वास्थ्य उपकरणको व्यवस्थापन गरिने छ । साथै अस्पताल लगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर निर्धारण र मापन प्रणाली कार्यान्वयन गरिने छ। स्वास्थ्य सेवाको विस्तारमा बाह्य संघ संस्थासँगको साझेदारीलाई प्राथमिकता दिइने छ ।

नीति छ. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको विकास तथा विस्तार गरी समन्वयात्मक रूपमा सेवा प्रवाह गरिने छ ।

उद्देश्य २ : नगरका सबै बस्तीहरूमा सबै किसिमका स्वास्थ्य सेवा विस्तार र गुणस्तरीयता सुधार गर्नु ।

नीति क. सामुदायिक स्वास्थ्य संस्थामा उपचार सेवाबाहेक अन्य आधारभूत सेवा सुविधा जस्तैः खानेपानी, सरसफाई, विश्राम वा प्रतिक्षा स्थल, सेवा प्राप्त गर्न लाग्ने समय, बिरामीलाई हुने ब्यवहार आदिको न्यूनतम स्तर कायम गरिने छ ।

नीति ख. संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनुका साथै विभिन्न साझेदारीका विकल्प खोजी गरी नगरमा ५० शैयाको अस्पताल, आयुर्बेद महाविद्यालय र सम्भाव्यताका आधारमा शिक्षण अस्पताल स्थापना गरिने छ ।

नीति ग. नगरका ग्रामीण वडाका स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रहरूको स्तरोन्नती गरी पूर्वाधाहरूलाई थप सुधार गर्ने र हाल प्राथमिक स्वास्थ्य केन्द्रहरूमा उपलब्ध हुने सेवाहरूलाई स्वास्थ्य चौकीसम्म विस्तार गरिने छ । कुनै स्वास्थ्य चौकी केन्द्रित रही नगरको आवश्यकता अनुसार अपुग पूर्तिमा योगदान गर्न चाहने संघसंस्थाहरूलाई सेवा प्रदानको लागि प्रोत्साहित गरिने छ ।

नीति घ. नगरमा नयाँ स्वास्थ्य संस्थाको भवन निर्माण गर्दा तथा पूराना स्वास्थ्य संस्थाको भवनको स्तरोन्नती तथा पुनर्निर्माण गर्दा नेपाल सरकारको शहरी विकास मन्त्रालय अर्न्तगतको शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको योजना संहिता तथा मापदण्ड (Planning Norms & Standard) बमोजिम गरिने छ ।

नीति ङ. नगरको सबै अस्पताल, स्वास्थ्य चौकीहरूसम्म पक्की सडक र यातायातको पहुँच पुऱ्याई आपत्कालीन स्वास्थ्य सेवा तुरुन्त उपलब्ध हुने गरी निःशुल्क रूपमा निश्चित ''ख'' वर्गको मापदण्डको एम्बुलेन्स सञ्चालन गरिने छ ।

नीति च. नगरका सबै स्वास्थ्य संस्थाहरूको पूर्वाधार र प्राविधिक क्षमता सुधार गरी आपत्कालीन र नियमित प्रसुती सेवालाई थप व्यवस्थित गराइनुका यो सेवालाई क्लस्टरस्तरमा विस्तार गरिने छ। संस्थागत सुत्केरी सेवामा वृद्धि गरी घरमै हुने सुत्केरीलाई शुन्यमा झारिने छ ।

नीति छ. वडाका सबै अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रहरूमा एम्बुलेन्स सेवा सञ्चालन तथा सहज रूपमा उपलब्ध गराइने छ ।

उद्देश्य ३ : स्वास्थ्य सेवालाई थप जवाफदेही र संवेदनशील क्षेत्रका रूपमा स्थापित गर्नु ।

नीति क. नगर र वडास्तरमा स्वास्थ्य अनुगमन समिति पुर्नगठन तथा क्रियाशील गराई नगरको स्वास्थ्य शाखा, स्वास्थ्य चौकी र सरकारी/सामूदायिक अस्पतालका ब्यवस्थापन समितिसँगको समन्वयमा स्वास्थ्य सेवाको प्रभावकारी अनुगमन गरिने छ। साथै, नगरका सबै स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रमा स्वास्थ्य ब्यवस्थापन समितिको भूमिका थप प्रभावकारी बनाइने छ ।

नीति ख. नगरमा रहेको मातृ मृत्यूदर, शिशु मृत्युदर, विभिन्न उमेर समूहका बाल मृत्युदर, कुपोषण, खोप, प्रोटोकल अनुसार गर्भ जाँच, दक्ष स्वास्थ्यकर्मीबाट प्रसुती सेवा लिने संख्या, सूचिकृत स्वास्थ्यकर्मीबाट मात्र सुरक्षित गर्भपतन सेवा प्रदान आदिमा सुधार गर्न दीगो विकास लक्ष्य र नेपालको पन्ध्रौं योजना आधार पत्र र केन्द्र र प्रदेशको स्वास्थ्य नीतिलाई समेत आधार मानी नगरले ती राष्ट्रिय लक्ष्य समयमा नै पूरा गर्ने गरी उपलब्धी समीक्षा र सुधारको पद्धति कार्यान्वयनमा ल्याउने छ ।

नीति ग. नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको रोक्न सकिने मृत्यु शुन्य गराउनका लागि बालबालिका लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।

नीति घ. औषधी, उपकरण र प्रविधिजन्य स्वास्थ्य सामाग्रीको मूल्य, गुणस्तर निर्धारण, खाद्य पदार्थ सुरक्षा, औषधी गुणस्तर र बजार मुल्य नियन्त्रणका लागि निश्चित मापदण्ड बनाई नगरको स्वास्थ्य शाखा तथा स्वास्थ्य समितिमार्फत् नियमन गरिने छ ।

नीति ङ. विपद् तथा महामारीको पूर्वतयारी यसका लागि कन्टेन्जेन्सी प्लान तयार गरी प्रतिकार्यका लागि वडास्तरको समेत प्रतिनिधित्व हुने गरी द्रुत प्रतिकार्य टोली पुर्नगठन र थप क्रियाशील गराइने छ ।

नीति च. किशोरकिशोरी, परिवार नियोजन, सुरक्षित गर्भपतन लगायत यौन तथा प्रजनन सम्बन्धी स्वास्थ्य सेवा र सूचना तथा शिक्षा सबैको पहुँचमा हुने गरी नगर र वडास्तरबाट प्रतिकारात्मक, प्रवर्द्धनात्मक र सेवामूलक गतिविधि सञ्चालन गरिने छ ।

नीति छ. स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन महिला स्वास्थ्य स्वयंसेविकाको भूमिका बढाउनुका साथै बाह्य संघ संस्थासँग समन्वयात्मक रूपमा सचेतनामूलक गतिविधि सञ्चालन गरिने छ ।

नीति ज. आचारसंहितामार्फत् चिकित्सक/स्वास्थ्यकर्मी र बिरामी बिचको सुमधुर सम्बन्ध कायम गर्दै सद्भावपूर्ण व्यवहार सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ ।

नीति झ. द्रुत प्रतिकारात्मक योजना निर्माण तथा कार्यान्वयनमार्फत् Rapid Response Team (RRT) लाई थप प्रभावकारी बनाइने छ ।

नीति ञ. नगर अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूलाई क्रमशः सूचीकृत गरी महिला र किशोरीहरूको सेवामा पहूँच बढाउने र असुरक्षित गर्भपतनलाई शून्य बनाउनका लागि सम्बन्धित सहयोगी संस्था लगायत प्रदेश तालिम केन्द्रसँग आवश्यक सम्न्वय गर्ने ।

उद्धेश्य ४: स्वास्थ्य सेवा सूचना प्रविधिमैत्री बनाउनु ।

नीति क. स्वास्थ्य संस्था तथा सेवालाई थप पारदर्शी र व्यवस्थित गर्न डिजिटल सूचनापाटी, डिजिटल टिकट काउन्टर, डिजिटल हाजिरी तथा डिजिटल टोकन प्रणाली आदिको ब्यवस्था गरिने छ ।

नीति ख. सबै स्वास्थ्य चौकी तथा अस्पतालमा बिरामीहरूको डिजिटल प्रोफाइल राखिने छ । नगरको स्वास्थ्य शाखामा स्वास्थ्य सूचना संकलन तथा डिजिटल स्वास्थ्य तथ्याङ्क व्यवस्थित आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ । हाल प्रयोगमा रहेको स्वास्थ्य सूचना प्रणालीमा सुधार, व्यवस्थित र नगरका लागि थप उपयोगी बनाइने छ ।

नीति ग. नगरवासीका लागि विभिन्न सामाजिक सञ्जाल, नगरको वेभसाइट र स्वास्थ्य सूचना सम्बन्धी एप्समार्फत् नगर तथा बाह्य संघ संस्थामार्फत् उपलब्ध हुने स्वास्थ्य सेवाको जानकारी र सचेतनामूलक सन्देश प्रवाह गरिने छ ।

नीति घ. निश्चित मापदण्ड बनाई नगरमा अनलाइनमार्फत् निस्शुल्क र सशुल्क स्वास्थ्य परामर्श सेवा प्रवाहको व्यवस्था गरिने छ ।

नीति ङ. स्वास्थ्य तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाई अध्ययन, अनुसन्धान, सर्वेक्षण, विश्लेषणमार्फत् नगरको सबै तहमा हुने स्वास्थ्य सम्बन्धी निर्णय र नीति निर्माण प्रक्रियामा तथ्याङ्कको प्रयोगलाई बढावा दिइने छ ।

उद्देश्य ५ : स्वास्थ्य सेवा प्रवाहमा नगरको क्षमता विकास गर्नु ।

नीति क. नगरपालिकाको स्वास्थ्य शाखा तथा नगरभित्रका सबै स्वास्थ्य संस्थामा आवश्यक जनशक्तिको व्यवस्थापन गरिने छ । त्यसका लागि आवश्यकता अनुसार थप जनशक्तिको व्यवस्था तथा उपलब्ध जनशक्तिको क्षमता विकासलाई समान प्राथमिकतामा राखिने छ ।

नीति ख. स्वास्थ्यसेवामा संलग्न कर्मचारी तथा स्वास्थ्यकर्मीको मनोबल वृद्धि गर्दै भौतिक तथा पेशागत सुरक्षा सुनिश्चित गरिने छ ।

नीति ग. स्वास्थ्य सेवा प्रवाह र स्वास्थ्य क्षेत्रमा हाँसिल भएको उपलब्धी मापन र विश्लेषण गर्न सक्ने गरी आन्तरिक तथ्याङ्क व्यवस्थापन प्रणालीमा सुधार गरिने छ ।

नीति घ. नगरको स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाहरू तथा स्वास्थ्य क्षेत्रमा काम गर्ने कर्मचारी तथा स्वयंसेवकहरूको कार्यका बिच प्रभावकारी समन्वय सुनिश्चित गरिनुका साथै उत्कृष्ट स्वास्थ्यकर्मी तथा स्वयंसेविकालाई पुरस्कार र क्षमता विकासका अवसर उपलब्ध गराइने छ ।

तालिका २/५.२.२ : आवधिक प्राथमिकता : स्वास्थ्य

क. नेपालको संविधान २०७२ को धारा ३५ ले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबै नागरिकको समान पहुँच रहने कुरालाई मौलिक हकको रूपमै प्रत्याभूत गरेको छ । वालिङ नगरपालिकामा स्थानीय अधिकार अनुरूप स्वास्थ्य तथा सरसफाई ऐन निर्माण भइसकेको भए पनि उक्त ऐनको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक नियमावली, निर्देशिका कार्यविधिहरू निर्माण हुन बाँकी रहेको छ । नेपाल सरकारको न्यूनतम मापदण्ड अनूरूप आधारभूत स्वास्थ्य सेवाहरू नगरका स्वास्थ्य संस्थाहरूबाट पूर्ण रूपमा निःशुल्क र सबै नगरवासीहरूको पहुँचमा सुनिश्चित गर्न स्वास्थ्य तथा सरसफाई ऐन प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक थप कानुनी औजार निर्माण गर्नु आवश्यक छ ।

संघीय सरकारले निर्माण गरेका जनस्वास्थ्य ऐन २०७५, राष्ट्रिय नीति २०७६, स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा, स्वास्थ्य पूर्वाधार विकास मापदण्ड र शहरी विकास मन्त्रालय अर्न्तगतको शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको स्वास्थ्य पूर्वाधार सम्बन्धी संहिता तथा मापदण्डलाई आधार मानी नगरको स्थानीय परिवेश अनुसार स्वास्थ्य सेवा तथा पूर्वाधारको स्थानीय मापदण्ड निर्माण गर्न आवश्यक छ ।

वालिङ नगरपालिकाले "स्मार्ट नागरिक : स्मार्ट वालिङ" दूरदृष्टि र स्मार्ट नगर निर्माण गर्ने लक्ष्यसहित अघि बढिरहेको छ त्यसका लागि बृहत् प्रतिवेदन समेत तयार भइसकेकोले स्मार्ट नगर अवधारणा अनुरूप नगरको स्वास्थ्य क्षेत्रलाई समेत सोही अनुसार विकास गर्न नगरको स्वास्थ्यका पूर्वाधार तथा सेवाहरूलाई आधुनिक प्रविधिमैत्री बनाउन आवश्यक छ । त्यसकारण नगरले निर्माण गर्ने स्वास्थ्य सेवाका कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्डमा स्मार्ट नगर निर्माण गर्न स्वास्थ्य क्षेत्रमा गर्नुपर्ने आवश्यक विकास तथा सुधारको न्यूनतम मापदण्डलाई समेत समेटेर अघि बढ्नु आवश्यक छ ।

यस पृष्ठभूमिमा दीगो विकास लक्ष्य प्राप्तिका सन्दर्भमा नेपाल सरकारले निर्धारण गरेको समग्र स्वास्थ्यसूचक र नेपाल सरकारको पन्ध्रौं योजनाको आधार पत्रको अपेक्षित उपलब्धीमा उल्लेख भएका लक्ष्य हाँसिल गर्न नगरको स्वास्थ्य क्षेत्रलाई थप प्रभाकारी र उपलब्धीमूलक बनाई स्वास्थ्य सेवाका कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्ड तत्काल निर्माण गरी लागुगर्ने र कार्यान्वयनको अवस्थाको आवधिक समीक्षा, आवश्यक परिमार्जन तथा संशोधन गर्ने लगायतका सम्बन्धित आवधिक प्राथमिकता तल प्रस्तुत छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरको स्वास्थ्य तथा सरसफाई ऐन कार्यान्वयनका लागि आवश्यक नियमावली, निर्देशिका र निम्नानुसारका कार्यविधिहरू निर्माण गर्ने ।	१. स्वास्थ्य ऐन तथा नीति कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने ।	१.स्वास्थ्य सम्बन्धी नीति तथा कानुनको पुनरावलोकन, परिमार्जन र संशोधन ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
• निःशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि • स्वास्थ्य बीमाका लागि स्थानीय प्रेषण प्रणाली सम्बन्धी कार्यविधि • एम्बुलेन्स सेवा सञ्चालन र निःशुल्क सेवा सम्बन्धी कार्यविधि • अन्य सान्दर्भिक कार्यविधिहरू		
२. स्वास्थ्य सेवा तथा पूर्वाधारको स्थानीय मापदण्ड तयार गर्ने ।	२. स्वास्थ्य सेवा तथा पूर्वाधारको मापदण्ड कार्यान्वनयको समीक्षा तथा आवश्यक परिमार्जन गर्ने ।	२. स्वास्थ्य सेवा तथा पूर्वाधारको मापदण्ड कार्यान्वनयको समीक्षा तथा आवश्यक परिमार्जन गर्ने ।
	३. स्वास्थ्य क्षेत्रको उपलब्धीको आवधिक समीक्षा गरी मध्यकालीन लक्ष्य प्राप्तिमा भएका प्रगतिको लेखाजोखा गर्ने ।	३. स्वास्थ्य क्षेत्रका अपेक्षित उपलब्धी प्राप्तिमा भएको प्रगतिको आवधिक समीक्षा गरी आवश्यकता अनुसार थप नीतिगत र कानुनी प्रबन्ध गर्ने ।
	४. "ख" वर्गको एम्बुलेन्स सेवा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्ने ।	४. "ख" वर्गको एम्बुलेन्स सेवा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यविधि आवश्यक परिर्मान ।
	५. विशिष्ठ स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन एवं अनलाइन स्वास्थ्य परामर्श सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्ने ।	५. विशिष्ठ स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन एवं अनलाइन स्वास्थ्य परामर्श सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि कार्यन्यनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन ।
६. स्वास्थ्य ऐन, नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटका बिचमा सामञ्जस्यता विश्लेषण शुरु गर्ने ।	६. स्वास्थ्य ऐन, नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटका बिचमा सामञ्जस्यता विश्लेषण गर्ने ।	६. स्वास्थ्य ऐन, नीति, वार्षिक नीति तथा कार्यक्रम र बजेटका बिचमा सामञ्जस्यता विश्लेषण गर्ने ।
७. स्वास्थ्य सम्बन्धी ऐन र नियमावली कार्यान्वयन र लक्षित कार्यक्रम, परियोजना र लक्ष्य प्राप्ति गर्ने सन्दर्भमा भएका प्रगतिको वार्षिक समीक्षाको पद्धति विकास गर्ने ।	७. स्वास्थ्य सम्बन्धी ऐन र नियमावली कार्यान्वयन र लक्षित कार्यक्रम, परियोजना र लक्ष्य प्राप्ति गर्ने सन्दर्भमा भएका प्रगतिको वार्षिक समीक्षा पद्धतिलाई निरन्तरता दिने ।	७.स्वास्थ्य सम्बन्धी ऐन र नियमावली कार्यान्वयन र लक्षित कार्यक्रम, परियोजना र लक्ष्य प्राप्ति गर्ने सन्दर्भमा भएका प्रगतिको वार्षिक समीक्षा पद्धतिलाई निरन्तरता दिने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
		८. नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निःशूल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रूपमै प्रत्याभूत गरेकोले सोको नगरवासीलाई पूर्ण रूपले सुनिश्चित गर्ने ।

ख."स्मार्ट नागरिक :स्मार्ट वालिङ" जहाँ स्वस्थ, शिक्षित, सशक्त र क्रियाशील नागरिक बनाउने वालिङ नगरपालिकाको दूरदृष्टि रहेको हुँदा नगरको स्वास्थ्य सेवा सुधार तथा सबै नगरवासीमाझ स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम आफ्नो वार्षिक निति तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्दै आएको छ । नगरको स्वास्थ्य क्षेत्रको दीर्घकालीन लक्ष्य हाँसिल गर्नका साथै बृहत् योजनाका आवधिक कार्यक्रमहरूलाई समेत सहयोग हुने हिसाबले नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रम बनाउनेमा मात्र सीमित नभई नेपाल सरकारको राट्रिय स्वास्थ्य नीति २०७६ र पन्ध्रौ योजना आधार पत्रलाई समेत आधार मानी नगरको छुट्टै दीर्घकालीन स्वास्थ्य नीति निर्माण गरी कार्यन्वयन गर्न आवश्यक छ । तिनको आवधिक प्राथमिकता तल प्रस्तुत छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१.नगरको दीर्घकालीन स्वास्थ्य नीति निर्माण गर्ने ।	१.स्वास्थ्य नीतिको कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने ।	१.स्वास्थ्य नीतिको कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने ।
२. नगरको वार्षिक नीति तथा बजेट कार्यक्रममा तथा कुनै पनि स्वास्थ्य सम्बन्धी परियोजनामा बजेट विनियोजन गर्दा कार्यक्रम तथा परियोजनालाई नगरवासीको आवश्यकता अनुरूप प्राथमिकरणको आधारमा बजेट विनियोजन गर्ने नीति, नियम निर्माण गर्ने ।	२. नगरको वार्षिक नीति तथा बजेट कार्यक्रममा तथा कुनै पनि स्वास्थ्य सम्बन्धी परियोजनामा बजेट विनियोजन गर्दा कार्यक्रम तथा परियोजनालाई नगरवासीको आवश्यकता अनुरूप प्राथमिकीकरणको आधारमा बजेट विनियोजन गर्ने नीतिलाई कार्यन्वयन गर्ने ।	२. नगरको वार्षिक नीति तथा बजेट कार्यक्रममा तथा कुनै पनि स्वास्थ्य सम्बन्धी परियोजनामा बजेट विनियोजन गर्दा कार्यक्रम तथा परियोजनालाई नगरवासीको आवश्यकता अनुरूप प्राथमिकीकरणको आधारमा बजेट विनियोजन गर्ने नीतिलाई कार्यन्वयनलाई निरन्तरता दिने ।

ग. नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको स्वास्थ्य पूर्वाधार सम्बन्धी संहिता तथा मापदण्ड अनुसार वालिङ जस्तो नगरपालिकामा (४०,०००-१००,००० जनसंख्या भएको नगर) २०,००० जनसंख्या बराबर ०.२५ हेक्टर क्षेत्रफलमा निर्माण भएको ५ देखि १५ शैयाको एक प्राथमिक स्वास्थ्य स्याहार केन्द्रर ५०,००० जनसंख्या बराबर १.३ हेक्टर क्षेत्रफलमा निर्माण भएको २५ देखि ५० शैयाको एक अस्पताल हुनपर्ने हुन्छ । हाल वालिङ नगरपालिकाको जनसंख्या नगर पार्श्वचित्र, २०७५ अनुसार ४५,६०८ रहेको छ भने अबको २० वर्षमा करिब ६२,२१५ पुग्ने अनुमान रहेको छ ।

नगरको स्वास्थ्य सेवाको जि.आई.एस. नक्सा अनुसार स्वास्थ्य संस्थाबाट २ कि.मि. भन्दा टाढा रहेको घरधुरी सबभन्दा धेरै वडा नं. १३ र त्यसपछि क्रमशः १०, १२ र १४ रहेका छन् । त्यसकारण स्वास्थ्य संस्थाबाट तुलनात्मक रूपमा टाढा रहेका बस्तीको समस्या समाधानका लागि अल्पकाल र दीर्घकालमा नयाँ निर्माण हुने स्वास्थ्य संस्थाहरू यी बस्तीहरूलाई समेट्ने गरी पायक पर्ने स्थानमा निर्माण गर्न आवश्यक छ । जसलाई तलको नक्सामा देखाइएको छ ।

नक्सा २/५.२.२ : स्वास्थ्य संस्थाको सेवा क्षेत्र



Wards	HHs Outside 2km Buffer
1	12
2	69
3	9
4	55
5	20
6	15
7	58
8	2
9	0
10	105
11	0
12	159
13	564
14	202

नगरको प्रत्येक वडाहरूमा स्वास्थ्य चौकी हुनु पर्ने नेपाल सरकारको नीति अनुरूप वालिङ नगरपालिकाको सन्दर्भमा १४ वटै वडामा सरकारीस्तरको स्वास्थ्य संस्था रहेको छ । एउटा १५ शैयाको प्राथमिक अस्पतालसहित १७ वटा स्वास्थ्य संस्थाहरू छन् ती मध्ये ८ वटा स्वास्थ्य संस्थाहरूको मात्र पक्की भवन छ । पक्की भवन भएका स्वास्थ्य संस्थाहरूको पनि केहीको मात्र न्यूनतम राष्ट्रिय मापदण्ड अनुसारको भौतिक पूर्वाधारहरू छन् भने बाँकी आफ्नै भवन नभएका स्वास्थ्य संस्थाहरू वडा भवन र सामुदायिक भवनहरूमा अस्थायी रूपमा सञ्चालन भइरहेको छ । यसकारण कम्तीमा पनि नगरका सबै स्वास्थ्य संस्थाहरूको स्तरोन्नती गर्दै न्यूनतम राष्ट्रिय मापदण्डमा पूर्वाधारहरू तयार गर्न तथा नगरको माग अनुसार नयाँ अस्पताल निर्माण गर्दै स्वास्थ्य सेवामा सुधार तथा गुणस्तर प्रवर्द्धन गर्न निम्नानुसारको प्राथमिकताका आवधिक कार्यक्रमहरू तय गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक स्वस्थ्य संस्थाहरूको मर्मत सम्भारमार्फत् उपयुक्त मापदण्डमा पुऱ्याउन सकिने भवनको मर्मत सम्भारको कार्य शुरुवात गर्ने । २. कोभिड-१९ को महामारीलाई ध्यान राख्दै नगरमा रहेको १५ शैयाको प्राथमिक अस्पताललाई आवश्यकता अनुसार थप स्तरोन्नती गर्दै आई.सी.यु. बेड र आइसोलेसन बेड तयार गरी WHO को मापदण्डमा रही छुट्टै कोरोना परीक्षण प्रयोगशाला र उपचार कक्षको व्यवस्था गर्ने ।	१ नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक स्वस्थ्य संस्थाहरूको मर्मत सम्भारमार्फत् उपयुक्त मापदण्डमा पुऱ्याउन सकिने भवनको मर्मत सम्भारको कार्य पूरा गर्ने । २. नगरको आवश्यकता र माग अनुसार प्राथमिक अस्पताललाई थप स्तरोन्नती गर्दै लाने ।	१ नगरमा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूमा बिरामीका चाप हेरी आवश्यक देखिएकामा स्वास्थ्य सेवा तथा पूर्वाधार विस्तार गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२.१ कोरोना संक्रमण हुन सक्ने सम्भावित मानिसहरूलाई राख्न नगरले तोकिएका Quarantine Centers थप व्यवस्थित गर्दै नगरमा रहेका अन्य सार्वजनिक भवनहरूलाई पनि तयारी अवस्थामा राख्ने ।		
३. वालिङ नगरपालिका क्षेत्रभित्र ५० शैया अस्पतालको विस्तृत परियोजना प्रतिवेदन तयार गरी आवश्यक प्रक्रिया पूरा गर्ने ।	३. संघ र प्रदेश सरकारको समन्वयमा वालिङ नगरपालिका क्षेत्रभित्र ५० शैयाको अस्पताल निर्माण गरिसक्ने ।	
	४. वालिङ नगरपालिका क्षेत्रभित्र टिचिङ्ग अस्पताल निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन पूरा गर्ने ।	४. विस्तृत परियोजना प्रतिवेदनको आधारमा संघ र प्रदेश सरकारको समन्वयमा वालिङ नगरपालिका क्षेत्रभित्र टिचिङ्ग अस्पताल निर्माण गरिसक्ने ।
५. स्वास्थ्य संस्थाका आफ्नै भवन नभएका वडाहरू ५, ८, ९, ११, १३, १२, १४, १० र १ मा स्वास्थ्य संस्थाका भवन निर्माणका लागि आवश्यक प्रक्रिया पूरा गर्ने ।	५. स्वास्थ्य संस्थाका आफ्नै भवन नभएका वडाहरू १, ८, १० र १३ मा स्वास्थ्य संस्थाका भवन निर्माण गरिसक्ने र बाँकी ५, ९, ११, १२ र १४ मा स्वास्थ्य संस्थाका भवन निर्माणका लागि आवश्यक प्रक्रिया पूरा गर्ने ।	५. स्वास्थ्य संस्थाका आफ्नै भवन नभएका ५, ९, ११, १२ र १४ वडाहरूमा स्वास्थ्य संस्थाका भवन निर्माण गरिसक्ने र प्रसुती केन्द्र स्थापना र सञ्चालन गरिसक्ने ।
६. हाल नगरमा सञ्चालनमा रहेका स्वास्थ्य चौकी, प्रसुती सेवा केन्द्र, शहरी केन्द्रहरूमा बिरामीका चाप हेरी आवश्यक देखिएकोमा सेवा तथा पूर्वाधार थप विस्तार गर्ने र कोभिड-१९ को महामारीलाई ध्यानमा राख्दै नगरका प्रमुख नाकाहरूमा आवश्यक स्वास्थ्य सामाग्री र स्वास्थ्यकर्मीसहित स्वास्थ्य जाँचको पूर्वाधार तयार गर्ने ।	६. आवश्यकता र नगरको माग अनुसार नगरमा सञ्चालनमा रहेका स्वास्थ्य चौकी, प्रसुती सेवा केन्द्र, शहरी केन्द्रहरूमा बिरामीका चाप हेरि आवश्यक देखिएकोमा सेवा तथा पूर्वाधार थप विस्तार गर्दै जाने ।	६. नगरमा सञ्चालनमा रहेका स्वास्थ्य चौकी, प्रसुती सेवा केन्द्र, शहरी केन्द्रहरूमा बिरामीका चाप हेरी आवश्यक देखिएकोमा सेवा तथा पूर्वाधार थप विस्तार गर्दै जाने ।

घ. नगरपालिकासँग रहेको तथ्याङ्क अनुसार सुरक्षित मातृत्व अन्तर्गत प्रोटोकल अनुसार (चौथो, छैठौं, आठौं र नवौं महिनामा) प्रसुती पूर्व जाँच गराउने महिलाका प्रतिशत ६१, स्वास्थ्य संस्थामा भएको कुल डेलिभरी (सुत्केरी) मध्ये तालिम प्राप्त स्वास्थ्यकर्मीको अनुगमनमा भएका डेलिभरीहरूको प्रतिशत ५८, प्रोटोकल अनुसार प्रसुती पछिको स्याहारको लागि स्वास्थ्य संस्थामा जाने महिलाहरूको प्रतिशत ३१ र शिशु मृत्यु संख्या प्रति वर्ष २ जना रहेको छ । नगरभरि एक मात्र बर्थिङ सेन्टर रहेको छ, जुन प्रयाप्त छैन ।

नगरको सुरक्षित मातृत्व सेवालाई थप सुधार गर्न प्रोटोकलअनुसार पहिलो पटक गर्भ जाँच सेवा लिनेको संख्या, प्रोटोकलअनुसार ४ पटक गर्भ जाँच सेवा लिनेको संख्या, दक्ष प्रसुतीकर्मीबाट (चिकित्सक, नर्स, तालिम प्राप्त अ.न.मि.) प्रसुती गराउनेको संख्या, प्रोटोकलअनुसार ३ पटक सुत्केरी जाँच गरेको संख्या लगायत असुरक्षित गर्भपतन शून्य बनाउने जस्ता विषयहरूलाई सुधार गर्न जरुरी छ । नगरपालिकाको केन्द्रका नगरवासीहरूको पहुँच सहज देखिएता पनि विकट वडाहरूमा गुणस्तरीय प्रसुती सेवाको अझै पहुँच पुग्न सकेको छैन । मातृ मृत्यु तथा नवजात शिशु मृत्युदर घटाउन निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. प्रसुती सेवाको पहुँच पुग्न नसकेको वडा तथा बस्तीहरूका स्वास्थ्य संस्थाहरूमा प्रसुती केन्द्र स्थापनाका लागि प्रक्रिया शुरु गर्ने ।	१. नगरका सबै वडाका आफ्नै भवन भएका स्वास्थ्य संस्थाहरूमा स्थापना गरी क्लस्टरस्तरमा प्रसुती केन्द्र स्थापना र सञ्चालन गरिसक्ने ।	१. नगरका वडा वा क्लस्टरस्तरमा प्रसुती केन्द्र र नगरस्तरमा आपत्कालीन प्रसुती सेवा(Emergency Obstetric Care) स्थापना र सम्बन्धित विशेषज्ञको निगरानीमा सेवा सञ्चालन गर्ने ।
२. प्रत्येक वडामा सुत्केरी लगायत अन्य आपत्कालीन सेवाको लागि हेलिप्याडको लागि उपयुक्त स्थान व्यवस्थापन गरी हेलिप्याडका लागि समन्वयात्मक भूमिका निर्वाह गर्ने ।	२. प्रत्येक वडामा सुत्केरी लगायत अन्य आपत्कालीन सेवाको लागि हेलिप्याडको लागि उपयुक्त स्थान व्यवस्थापन गरी सक्ने ।	
३. नगर अन्तर्गत कम्तीमा ५ वटा स्वास्थ्य चौकीबाट पाँचै थरीका परिवार नियोजन सेवा र सुरक्षित गर्भपतन सेवा प्रदान गर्नका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने ।	३. नगर अन्तर्गत कम्तीमा ७ वटा स्वास्थ्य चौकीबाट पाँचै थरीका परिवार नियोजन सेवा र सुरक्षित गर्भपतन सेवा प्रदान गर्नका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने ।	३. नगर अन्तर्गत रहेको गह्रैं प्रथमिक अस्पतालबाट १२ हप्तासम्मको सुरक्षित गर्भपतन सेवा र सोभन्दा माथिको सेवाका लागि प्रदान गर्नका लागि समेत पहल गर्ने ।

ङ. वालिङ नगरपालिकामा हाल नगरभर एउटा मात्र रक्त सञ्चार केन्द्र रहेको छ । गर्भवती महिला, विभिन्न दुर्घटनामा परेका बिरामीहरू रगतको अभावको कारण अकालमा मृत्यु हुने सम्भावना अन्त्यका लागि नगरमा रहेको रक्त सञ्चार सेवा र रक्त सञ्चार केन्द्रलाई थप प्रभावकारी र व्यवस्थित बनाउन निम्नानुसारको आवधिक कार्यक्रम तय गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. रेडक्रसको स्थानीय इकाईको समन्वयमा सञ्चालन भइरहेको रक्त सञ्चार केन्द्र (Blood Bank) लाई थप व्यवस्थित र स्तरोन्नती गर्ने ।	१. रेडक्रसको स्थानीय इकाई तथा स्वास्थ्य संस्थाहरूसँगको समन्वयमा आवश्यक अनुसार नगरमा थप नयाँ रक्त सञ्चार केन्द्र(Blood Bank) स्थापना र स्तरोन्नती गर्ने ।	१. रेडक्रसको स्थानीय इकाई तथा स्वास्थ्य संस्थाहरूसँगको समन्वयमा आवश्यक अनुसार नगरमा थप नयाँ रक्त सञ्चार केन्द्र (Blood Bank) स्थापना र स्तरोन्नती गर्ने ।

च. वालिङ नगरपालिकाको बजार क्षेत्रका वडाहरू बाहेक अन्य वडाहरू भौगोलिक हिसाबले तुलनात्मक रूपमा विकट छन् । भौगोलिक विकटताको कारण नगरका केही बस्तीहरूमा सडक यातायातको पहुँच पुग्न सकेको छैन । नगरका ग्रामीण वडाहरूका प्रत्येक बस्तीदेखि स्वास्थ्य संस्थाहरूसम्म एम्बुलेन्स र अन्य यातायातको साधन पुग्नेगरी सडक सञ्जाल विस्तार र स्तरोन्नती गर्नुपर्नेछ । यसरी एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउन निम्न आवधिक प्राथमिकता निर्धारण गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरका ग्रामीण वडाहरूको प्रत्येक बस्तीहरूमा कम्तीमा एम्बुलेन्स र अन्य यातायातका साधानहरू जान नसक्ने बस्तीहरूको पहिचान गरी त्यस्ता बस्तीहरूमा सडक विस्तारको लागि पहल शुरु गर्ने ।	१. एम्बुलेन्स र अन्य यातायातका साधन जान नसक्ने बस्तीहरूको पहिचान गरी सडकका नयाँ कार्यक्रममा ती क्षेत्रलाई समेटेर प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।	१. नगरको सबै बस्तीदेखि वडाका सबै शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, अस्पतालहरूसम्म सडक र यातायातको पहुँचको बिस्तार गरिसक्ने ।

छ. वालिङ नगरपालिकामा १५ शैयाको एक प्राथमिक अस्पताल, १५ शैयाको एक निजी अस्पताल र प्रत्येक वडामा स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य चौकी रहेको छ जहाँ साधारण स्वास्थ्य सेवा मात्र सम्भव छ । जटिल र ठूला रोगहरूको उपचारको लागि पोखरा र पाल्पा धाउन पर्ने बाध्यता रहेको छ । नगरमा रहेको एक मात्र प्राथमिक अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूमा आधुनिक र विशिष्ठ स्वास्थ्य सेवाहरू सञ्चालन गर्दै अन्य स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरूको स्तरोन्नतीमार्फत् सकेसम्म नगरवासीलाई नगरभित्रका स्वास्थ्य संस्थाहरूबाट आधुनिक स्वास्थ्य सेवा उपलब्ध गराउन निम्नानुसार आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगर अस्पतालमा सडक दर्घटना तथा प्राकृतिक प्रकोपका कारण हुने गम्भीर प्रकृतिका चोटपटक तथा आपत्कालीन स्वास्थ्य सेवाका लागि स्थानीय ट्रमा सेवा शुरु गर्न आवश्यक प्रक्रिया पूरा गरी पूर्वाधार तयार गर्ने ।	१. नगरमा स्थानीय ट्रमा सेवा शुरु गर्ने ।	१.सम्भाव्यताको आधारमा केन्द्र र प्रदेशको समन्वय र सहयोगमा स्थानीय ट्रमा सेवा केन्द्र स्थापना गर्ने ।
२. नगरमा किड्नी डाइलासिस् केन्द्र स्थापना गर्न आवश्यक प्रक्रिया पूरा गरी पूर्वाधार तयार गर्ने ।	२. नगरमा किड्नी डाइलसिस् केन्द्र स्थापना गर्ने ।	
३. नगरमा रहेका स्वास्थ्य संस्थाहरूमा तत्काल आवश्यक स्वास्थ्य उपकरणहरू र उपकरणहरू चलाउन सक्ने आवश्यक जनशक्तिहरूको व्यवस्थापन गर्ने ।	३. आवश्यकताको आधारमा थप स्वास्थ्य उपकरणहरू चलाउन सक्ने आवश्यक जनशक्तिहरूको व्यवस्थापन गर्दै जाने ।	३. विभिन्न निकायसँगको समन्वयमा नगरको सरकारी अस्पतालमा पोष्टमार्टम्, इडोस्कोपी सेवा, OT, USG, BCH, CR, X-ray, CT Scan, फार्मेसी सेवाको प्रभावकारी सञ्चालन र व्यवस्थापन गर्न आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गर्ने ।
३.१ संघ, प्रदेश र अन्य गैरसरकारी संस्थाहरूको सहयोग र सहकार्यमा कोभिड-१९ को परीक्षणका र उपचारको आधारभूत ब्यवस्था गर्ने र यसको रोकथाममा खटिएका स्वास्थ्यकर्मी लगायतका अन्य कर्मचारीहरूको लागि आवश्यक सामाग्रीहरू जस्तैः PPE, माक्स, पञ्जा आदि, औषधी उपकरण तथा अन्य उपकरणको ब्यवस्था गर्ने ।		४.स्वास्थ्य तथ्याङ्क तथा स्वास्थ्य प्रोफाइलको अध्ययन र विश्लेषणका आधारमा वार्षिक रूपमा प्रमुख स्वास्थ्य समस्या पहिचान गरी तिनको न्यूनिकरणमा केन्द्रित स्वास्थ्य शिविर लगायत विशिष्टीकृत अस्थायी स्वास्थ्य सेवा सञ्चालन गर्ने ।

ज. संघीय सरकारले विभिन्न ८ वटा गम्भीर किसिमका रोगहरू क्यान्सर, मुटुरोग, मृगौला,अल्जाइमर्ज, पारकिनीजम, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिकलसेल एनिमियाको लागि नेपालभित्रै उपचार गरेमा १ लाखदेखि ८ लाखसम्म आर्थिक सहयोग गर्ने ब्यवस्था रहेको छ ।

वालिङ नगरपालिकाले पनि अति विपन्न वर्गहरूलाई ठूलो खर्च लाग्ने तथा गम्भीर प्रकृतिका रोगहरूको उपचारमा सम्बन्धित विरामीलाई आर्थिक सहयोगमा गर्दै आएको छ । नगरको गरिब तथा विपन्न वर्गका नागरिकहरूसम्म स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन थप आर्थिक सहयोगमा वृद्धि गर्दै संघीय सरकारले दिँदै आएका आर्थिक सहयोगलाई समेत नगरका गरिब तथा विपन्न वर्गका नागरिकहरूसम्म सेवा विस्तार गर्न नगरपालिकाको तर्फबाट समन्वयकारी भूमिका निभाउँदै निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. अति विपन्न वर्गहरूलाई ठूलो खर्च लाग्ने तथा गम्भीर प्रकृतिका रोगहरूको उपचारमा सम्बन्धित विरामीलाई आर्थिक सहयोगमा वृद्धि गर्ने ।	१. विपन्न वर्गहरूलाई ठूलो खर्च लाग्ने तथा गम्भीर प्रकृतिका रोगहरूको उपचारमा सम्बन्धित विरामीलाई निश्चित मापदण्ड बनाई आर्थिक सहयोगलाई निरन्तर र थप विस्तार गर्ने ।	१. उपयुक्त मापदण्ड र प्रक्रियाका आधारमा आर्थिक हैसित कमजोर भएका नागरिक, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकमध्ये क्यान्सर, मुटुरोग, पक्षघात, दुबै मृगौलाले काम नगर्ने जस्ता गम्भीर प्रकृतिका बिरामीको उपचार नगरभित्र वा बाहिरका अस्पतालमा निःशुल्क रूपमा हुने व्यवस्था मिलाउने ।

झ. शिशु र बाल्य अवस्थामा उनीहरूलाई बी.सी.जी. एकपटक, डि.पि.टी. हेप.बी हिब तीनपटक, पोलियो तीनपटक, पि.सी.भी. तीनपटक, दादुरा रुबेला दुईपटक तोकिएको मात्रामा दिनै पर्दछ । विभिन्न किसिमका ११ वटा प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १५ महिनाभित्र सबै खोप पूरा लगाई सक्नुपर्ने कुरालाई नगरले उच्च प्राथमिकतामा राखेको छ ।

नगरमा हाल १४ वटै वडाहरूमा रहेका विभिन्न खोप क्लिनिकमार्फत् सेवा दिँदै आए पनि स्वास्थ्य संस्था बाहिरका खोप स्थलहरूलाई व्यवस्थित बनाउन सकिएको छैन । यसकारण खोप सेवाको गुणस्तरीताका केही सीमितता रहेका छन् । वालिङ नगरपालिका पूर्ण खोपयुक्त नगर हो । पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता र सुधारका लागि निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१.स्वास्थ्य संस्था बाहिरका खोप स्थल निर्धारित र व्यवस्थित गर्ने ।	१. नगरको सबै वडाहरूमा व्यवस्थित तथा निश्चित ठाउँमा खोप केन्द्र स्थापना गर्ने ।	१. आवश्यकता अनुसार थप खोप केन्द्र स्थापना गर्ने
२. पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता दिने ।	२. पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता दिने ।	२. पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई निरन्तरता दिने ।
२.१ कोभिड-१९ को कारण खोप कार्यक्रमलाई प्रभावित हुन नदिन नगर स्वास्थ्य विभाग, प्रत्येक वडाका स्वास्थ्य चौकी/शहरी स्वास्थ्य केन्द्र र निर्धारितखोप केन्द्र बिचको सम्वन्यनमा खोप सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउने । .		
३. खोप सेवालाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यकताको आधारमा नयाँ भ्याक्सिन थप गर्ने र आपूर्ति व्यवस्थापनमा नगरको क्षयमता अभिवृद्धि गर्ने ।	३. निरन्तर	३. निरन्तर

ञ. पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रूपमा हेर्न सकिन्छ। बाल अधिकार सम्बन्धी महासन्धी १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेल्चक्र्याई, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नगरमा रहेका बालबालिकाको पोषणलाई ध्यानमा राख्दै बालबालिकामा देखिने कुपोषणजस्ता समस्यालाई कम गर्न निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१ नगरको कुपोषण न्यूनिकरण कार्यक्रमलाई थप प्रभावकारी बनाउन केन्द्रसँग समन्वय गरी नगरका संयन्त्रलाई सक्षम बनाउने। २. कुपोषित बच्चाहरूको व्यवस्थापनका लागि पोषण पुनर्स्थापना केन्द्र निर्माण गर्न आवश्यक प्रक्रिया पूरा गर्ने।	१. नगरको कुपोषण न्यूनिकरण कार्यक्रम हेर्ने संयन्त्रलाई थप सक्षम बनाउँदै तुलनात्मक रूपमा कम पहुँचयुक्त वडाको बस्तीमा थप प्रभावकारी बनाउने। २. कुपोषित बच्चाहरूको व्यवस्थापनका लागि पोषण पुनर्स्थापना केन्द्र निर्माण गर्ने।	१. नगरमा सबै किसिमका कुपोषणहरूको पूर्ण रूपमा अन्त्य गर्ने।

ट. नगरका ग्रामीण वडाहरूका नागरिकहरूमा स्वास्थ्य सम्बन्धी जनचेतना तुलनात्मक रूपमा कम रहेको छ। अझै पनि लामा, धामी झाँक्रीको चलन विद्यमान रहेको छ। नगरमा देखिएका प्रमुख सर्ने, नसर्ने रोगहरू तथा दीर्घ रोगहरू, यौन तथा प्रजनन शिक्षा, पोषण तथा अन्य स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरूसम्बन्धी विभिन्न शिविर तथा जनचेतनाका कार्यक्रमहरू साथै संघ, प्रदेश, नगर र अन्य संघ संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाहरूबारे जानकारीमूलक कार्यक्रमहरू कम मात्रामा हुने गरेको छ। नगरमा कार्यरत विभिन्न राष्ट्रिय तथा अन्तर्राट्रिष्य गैरसरकारी संस्था तथा नगरका स्वास्थ्य संस्थासँग साझेदारी र सहकार्यमा यस्ता जनचेतनामूलक कार्यक्रम गर्न आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरको आफ्नै कार्यक्रम र सशर्त अनुदान वा संघ संस्थाको साझेदारीमा प्रवाह हुने स्वास्थ्य सेवा तथा निःशुल्क औषधी सम्वन्धमा महिला स्वयंसेविका, स्वास्थ्य आमा समूह, टोल विकास संस्थामार्फत् वा अन्य विधिबाट प्रचारप्रसार गर्ने। यस्ता निःशुल्क रूपमा प्रदान हुने औषधीहरूको विवरण तथा सेवनहरू सबै नागरिकले देखिने गरीसूचना उपलब्ध गराउन सबै स्वास्थ्य संस्थाहरूमा अनिवार्य रूपमा वडापत्र र डिजिटल बोर्ड राख्न शुरुवात गर्ने। २. सर्ने र नसर्ने रोगको रोकथाम र उपचार, मातृ शिशु स्वास्थ्य, पोषण, पानीजन्य रोग तथा सरसफाई, मनोसामाजिक समस्या,महामारीको रूपमा फैलिरहेको कोभिड-१९ लगायत सामुदायिक स्वास्थ्य सम्बन्धी सचेतनामूलक गतिविधि सञ्चालन गर्ने।	१. नगरको आफ्नै कार्यक्रम र सशर्त अनुदान वा संघ संस्थाको साझेदारीमा प्रवाह हुने स्वास्थ्य सेवा तथा निःशुल्क औषधी र अन्य कार्यक्रमहरूलाई प्रचारप्रसार गर्दै थप प्रभावकारी र उपलब्धीमूलक बनाउन महिला स्वयंसेविकाहरूलाई थप सक्रिय पार्नुका साथै यस्ता सेवाको जानकारीका लागि नगर कार्यालय र सबै स्वास्थ्य संस्थाहरूमा अनिवार्य रूपमा वडापत्र र डिजिटल बोर्डको व्यवस्था गरिसक्ने। २. नगरमा देखिएका प्रमुख नसर्ने रोगहरू तथा दीर्घ रोगहरू जस्तैः ग्यास्ट्रिक/अल्सर/आन्द्राको रोग, रक्तचाप, बाथ/ हाडजोर्नी दुख्ने, मुटुसम्बन्धी रोग, दमरोगहरू न्यूनिकरण गर्ने सम्बन्धी सचेतनामूलक गतिविधि तथा लक्षित कार्यक्रम गर्ने।	१. नगरको आफ्नै कार्यक्रम र सशर्त अनुदान वा संघ संस्थाको साझेदारीमा प्रवाह हुने स्वास्थ्य सेवा तथा निःशुल्क औषधी र अन्य कार्यक्रमहरूलाई थप प्रभावकारी र उपलब्धीमूलक बनाउन महिला स्वयंसेविकामार्फत् वा अन्य विधिबाट प्रचारप्रसार गर्दै सबै नगरवासीलाई पूर्णरूपमा यस्ता कार्यक्रमबारे सूचित गर्ने। २. नगरमा देखिएका प्रमुख नसर्ने रोगहरू तथा दीर्घ रोगहरू न्यूनिकरण गर्ने कार्यमा प्रगतिको आवधिक समीक्षा गर्ने र लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
३. नगरका केही वडाहरूमा (वडा नं. १ का गाउँडाडा २ सिहाल, धौखोला, तिलडाडा, छप्रराक) अझै पनि महिनावारी हुँदा महिलाहरूलाई गोठ र आटीमा ७ दिनसम्म राख्ने गरेको, धामी झाँक्रीको चलन रहेको हुँदा यस्ता सामाजिक र कुरीति हटाउन उक्त स्थानहरूमा लक्षित जनचेतनामूलक कार्यक्रमहरू गर्ने।	३. स्वास्थ्य क्षेत्रको चुनौतीका रूपमा रहेको परम्परागत अभ्यास कम गर्न छाउपडी प्रथा, धामी, झाँक्री, लामालाई लक्षित गरी स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई निरन्तर दिने ।	
४. धुम्रपान, मध्यपान र लागुपदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने ।	४. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रमहरूलाई निरन्तरता दिने ।	४. धुम्रपान, मध्यपान र लागु पदार्थ सेवन निरुत्साहित गर्न प्रवर्द्धनात्मक र नियन्त्रणका कार्यक्रमहरूलाई निरन्तरता दिने ।
५. विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा लगायत तथा २० वर्ष भन्दा कम उमेरमा विवाह गर्ने, बच्चा जन्माउने अभ्यास अन्त्य गर्ने गरी सचेतना लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्ने ।	५. विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्दै प्रगतिको आवधिक समीक्षा गर्ने र लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने ।	५. विद्यालयमा किशोर किशोरी, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्दै प्रगतिको आवधिक समीक्षा गर्ने र लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने ।
६. महिलाहरूमा पाठेघरका समस्या र स्तन क्यान्सरबारे समय समयमा शिविर, स्क्रिनिङ शिविर र जनचेतनामूलक कार्यक्रम लगायतका लक्षित कार्यक्रम सञ्चालन गर्ने ।	६. महिलाहरूमा पाठेघरका समस्या र स्तन क्यान्सरबारे समय समयमा शिविर, स्क्रिनिङ शिविर र जनचेतनामूलक कार्यक्रमको प्रगतिको आवधिक समीक्षा गर्दै लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने ।	६. महिलाहरूमा पाठेघरका समस्या र स्तन क्यान्सरबारे समय समयमा शिविर, स्क्रिनिङ शिविर र जनचेतनामूलक कार्यक्रमको प्रगतिको आवधिक समीक्षा गर्दै लक्षित कार्यक्रममा आवश्यक परिमार्जनसहित निरन्तरता दिने ।
७. प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रमलाई विस्तार गरी अस्पताल, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र घुम्ती शिविरहरू महिला स्वास्थ्य स्वयंसेविकाद्वारा सेवा थप प्रभावकारी बनाई निरन्तर तथा आवश्यक थप विस्तार गर्ने ।		
७.१ माथिका नियमित क्रियाकलाप बाहेक केन्द्र सरकारको नीति अनुसार आवश्यक स्वास्थ्य सुरक्षाका सामाग्रीहरू उपलब्ध गराई कोभिड-१९ सम्बन्धी सचेतनामूलक गतिविधि तथा रोकथामका कार्यक्रमहरूमा पनि खटाउने ।		

ट. नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अर्न्तरगत ५ जना सदस्य भएको परिवारको लागि रु ३५०० बीमा किस्तामा १ वर्षको अवधिभर रु. १००,००० सम्मको स्वास्थ्य सेवा लिन सकिने छ भने ५ सदस्यीय भन्दा बढी भएका परिवारमा थप प्रति सदस्य ७०० किस्ताबाट २०,००० सम्मको स्वास्थ्य सेवा लिन सकिने छ साथै ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक र बीमा किस्ता तिर्न नसक्ने परिवारको लागि भने नेपाल सरकारले नै निःशुल्क गरिदिने व्यवस्था रहेको छ ।

नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम वालिङ नगरपलिकामा लागु भइसकेको छ । स्वास्थ्य बीमा कार्यक्रमको सेवा लिन यस नगरपालिकामा झण्झटिलो, स्वास्थ्य बीमा अन्तर्गतका औषधीहरूको अभाव, सेवा लिन धेरै समय लाग्ने गरेको छ । अति विपन्न, गरिब, जेष्ठ नागरिक, अपाङ्ग लगायत सबै नगरवासीसम्म स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न नेपाल सरकारको बीमा कार्यक्रमलाई नगरको हिसाबले थप प्रभावकारी बनाउन निम्न प्राथाकिताका आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नेपाल सरकारको स्वास्थ्य बीमा सेवालाई थप विस्तार र बीमामार्फत् उपलब्ध हुने स्वास्थ्य सेवा प्राप्ति सहज बनाउन टोकन प्रणाली लागु गर्नुका साथै प्रेषण प्रक्रियालाई सरल बनाउने । प्रत्येक वडाबाटै विपन्न, जेष्ठ नागरिक, अपाङ्ग, असक्तहरूलाइ वडास्तरबाटै निःशुल्क बीमा गराउन शुरुवात गराउने । १.१ यसैगरी, कोभिड-१९ को परीक्षण, उपचार र यसको रोकथाममा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका अन्य कर्मचारीहरूका लागि कोरोना बीमाको व्यवस्था गर्ने ।	१. स्वास्थ्य बीमा सेवालाई थप विस्तार र व्यवस्थित बनाउने । निश्चित मापदण्डका आधारमा निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा समिटिने परिवारको सूची तयार गरी वार्षिक रूपमा ती परिवारको बीमा समयवद्ध रूपमा गराउने ।	१. नगरमा रहेको सबै अति विपन्न, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा असहाय नागरिकहरूलाई निःशुल्क बीमा सेवाको पहुँचमा ल्याइसक्ने ।

ठ. नगरपालिकामा रहेका प्राथमिक स्वास्थ्य केन्द्र लगायतका केही स्वास्थ्य संस्थाहरूमा नगरवासीहरूले स्वास्थ्य सेवा लिन लामो समय पालो विशेषगरी टिकट काट्न र सेवा लिन धेरै समय खर्चनु परेको छ । साथै, स्वास्थ्य संस्थाहरूमा प्रविधिहरू कम प्रयोगमा आउने गरेको छ । जस्तो स्वास्थ्य सम्बन्धी तथ्याङ्क राख्ने कुराहरूमा तथा सेवा दिने कुराहरूमा आदिमा त्यसकारण स्वास्थ्य सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउन तथा डिजिटल तथ्याङ्कहरूलाई थप व्यवस्थित गर्दै निम्न आवधिक कार्यक्रमहरू तय गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. हाल नगरमा सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरूमा बिरामीको चापअनुसार टिकट काउन्टरहरू थप गर्ने, डिजिटल टोकन सिस्टम र हेल्प डेस्कको व्यवस्था गर्न शुरुवात गर्ने ।	१. हाल नगरमा सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरूमा बिरामीको चाप अनुसार टिकट काउन्टरहरू थप गर्ने, डिजिटल टोकन सिस्टम र हेल्प डेस्कको व्यवस्था गरी सक्ने ।	
२. नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वस्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरू(GIS मा आधारित) तथा अन्य स्वास्थ्य सेवाका तथ्याङ्क संकलन गर्ने ।	२. नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वस्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरू (GIS मा आधारित) तथा अन्य स्वास्थ्य सेवाका तथ्याङ्क अद्यावधिक भएको सुनिश्चित गर्ने ।	२. नगरमा सञ्चालनमा रहेका सरकारी तथा सामुदायिक र निजी स्वस्थ्य संस्थाहरूको भवनका भौतिक पूर्वाधारहरू (GIS मा आधारित) तथा अन्य स्वास्थ्य सेवाका तथ्याङ्कहरू नियमित अद्यावधिक र थप परिवर्तित समयका लागि उपयोगी बनाउने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
३. नगरका स्वास्थ्य संस्थाहरूमा आउने बिरामीहरूको डिजिटल प्रोफाइल राख्न शुरु गर्ने । ४.नगरका स्वास्थ्य सेवा सूबिधाबारे र स्वास्थ्यबारे जनचेतना जगाउन नगरको आफ्नै Mobile Apps शुरुवाट गर्ने र नगरका प्रत्येक स्वास्थ्य संस्थामा सेवा प्रवाहमा विवरणको विद्युतीय अभिलेख राख्न र प्रतिवेदन गर्न IOT माध्यमबाट रिपोटिङ्ग गर्न शुरुवात गर्ने ।	४. सबै वडाका स्वास्थ्य संस्थाहरूबाट नगरको स्वास्थ्य शाखामा गरिने प्रतिवेदन प्रणालीलाई डिजिटाइज र अनलाइन गर्ने ।	

ढ. नेपाल सरकारले हाल ७० भन्दा बढी औषधीहरू स्थानीय तहका स्वास्थ्य संस्थाहरूबाट वितरण गर्दै आएको छ। वालिङ नगरपालिकाका स्वास्थ्य संस्थाहरूमा निःशुल्क औषधीहरूको अभाव हुने गरेको छ। संघीय सरकारबाट वितरण हुने निःशुल्क औषधीहरूको सहज वितरण गर्न र नगरको पहलमा यस्ता सेवाहरू थप गरी तथा औषधी आदिको उपलब्धतामा सहज गर्न निम्न प्राथमिकताका कार्यक्रमहरू प्रस्तुत गरिएको छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरमा रहेका स्वास्थ्य संस्थाहरूमा न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी तथा आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक सामग्री तथा औषधी आदिको उपलब्धता र उपयुक्त मौज्दात कायम राख्ने । २. नेपाल सरकारको कार्यक्रम अनुसार निःशुल्क औषधी वितरणलाई निरन्तरता दिने । विरामीको स्वास्थ्य जाँच प्रतिवेदनका आधारमा नसर्ने रोगको निश्चित औषधी स्थानीय स्वास्थ्य संस्थाबाट निःशुल्क रूपमा उपलब्ध गराउने व्यवस्था गर्ने ।	१. नगरमा रहेका स्वास्थ्य संस्थाहरूमा न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी तथा आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक सामग्री तथा औषधी आदिको उपलब्धता र उपयुक्त मौज्दातलाई थप ब्यवस्थित बनाउने ।	१. नगरमा रहेका स्वास्थ्य संस्थाहरूमा न्यूनतम स्वास्थ्य उपकरण, निःशुल्क औषधी तथा आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक सामग्री तथा औषधी आदिको उपलब्धता र उपयुक्त मौज्दातलाई थप ब्यवस्थित बनाउने ।

ण. नगरपालिकाको स्वामित्वमा रहेको र प्राथमिक अस्पतालबाट सञ्चातित एक एम्बुलेन्स र निजी क्षेत्रबाट समेत एम्बुलेन्स सञ्चालनमा रहेको छ। नगरस्तरबाट सञ्चालित एक मात्र एम्बुलेन्स नगरभरिका लागि पर्याप्त छैन। मध्यकालसम्म नगरमा आधुनिक र सुबिधासम्पन 'ख' वर्गको एम्बुलेन्स सेवा शुचारु गर्दै आपत्कालीन तथा ट्रमा प्रणाली सदृढीकरण गर्न निम्न प्राथकिमताका आवधिक कार्यक्रमहरू प्रस्तुत गरिएको छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. प्रदेश सरकारसँगको समन्वमा नगरमा "ख" वर्गको एम्बुलेन्स सेवा सञ्चालनका लागि प्रशासनिक प्रक्रिया पूरा गर्ने ।	१. नगरको विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी, जेष्ठ नागरिकहरूका लागि निश्चित मापदण्ड बनाई कम्तीमा पनि "ख"वर्गको एम्बुलेन्स सञ्चालन गर्ने ।	१. "ख" वर्गको एम्बुलेन्सको संख्या र सेवा विस्तार गरी सबै वडा र बस्तीलाई यो सेवाको पहुँचमा ल्याइ सक्ने । यसका लागि आवश्यकताअनुसार स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२. नगरका विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी र जेष्ठ नागरिकहरूका लागि निश्चित मापदण्ड बनाई निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्ने ।	२. नगरका विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी र जेष्ठ नागरिकहरूका लागि निश्चित मापदण्डको आधारमा निःशुल्क एम्बुलेन्स सेवालाई थप व्यवस्थित गर्दै निरन्तरता दिने ।	२. नगरका विकट वडाहरूमा विपन्न, गर्भवती र सुत्केरी र जेष्ठ नागरिकहरूका लागि निश्चित मापदण्डको आधारमा निःशुल्क एम्बुलेन्स सेवालाई थप व्यवस्थित गर्दै निरन्तरता दिने ।

त. नगरको स्वास्थ्य क्षेत्रमा एक प्रमुख समस्या मध्य दक्ष जनशक्तिको अपर्याप्ता पनि एक हो । वालिङ नगरपालिकामा दरबन्दी अनुसारका स्वास्थ्य शाखामा आवश्यक कर्मचारी र स्वास्थ्य संस्थाहरूमा दक्ष र प्रयाप्त स्वास्थ्यकर्मी, विशेषज्ञ डाक्टर, स्वास्थ्य उपकरण चलाउन सक्ने दक्ष जनशक्तिहरूको कमी रहेको छ । प्राथमिक अस्पतालमा अन्यत्रको तुलनामा स्वास्थ्य सेवाको उपलब्धता केही राम्रो भएता पनि नगरमा विशेषज्ञ चिकित्सक र वडाका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रहरूमा स्वास्थ्यकर्मीहरू पर्याप्त छैनन् । केन्द्र, प्रदेशबाट आउने कर्मचारी बाहेक नगरको आफ्नै लगानीमा पनि आवश्यक जनशक्तिको ब्यस्थापन गर्न जरुरी छ । यसैगरी नगरमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक क्षेत्रका) नेपाल सरकारबाट नियमित रूपमा उपलब्ध हुने बाहेकको स्वास्थ्यकर्मीको क्षमता विकासका छोटो र मध्यम अवधिका तालिम कार्यक्रम नगरको तर्फबाट न्यून मात्रामा मात्र सञ्चालन गर्न सकिएको छ । नगरका स्वास्थ्य संस्थाहरूमा दक्ष जनशक्तियुक्त बनाई स्वास्थ्य क्षेत्रलाई थप सुधार र प्रभावकारी बनाउन निम्न आवधिक प्राथमिकताका कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. संगठन र व्यवस्थापन सर्वेक्षणमार्फत्, तत्काल, मध्यकाल र दीर्घकालका लागि चाहिने स्वास्थ्य क्षेत्रको जनशक्तिको संख्या र स्तर प्रक्ष्येपण गर्ने ।	१. संगठन र व्यवस्थापन सर्वेक्षण नतिजा अनुसार मध्यकालका लागि निर्धारित नगरको संगठन ठाँचा बमोजिम स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थालाई जनशक्ति व्यवस्थापन गरिसक्ने ।	१. नगरको सरकारी अस्पताललाई राष्ट्रिय मापदण्ड अनुसारको प्रविधिक र पूर्वाधार र जनशक्तियुक्त बनाउने ।
२. नगर अस्पताल र सबै स्वास्थ्य संस्थामा अल्पकालका लागि आवश्यक न्यूनतम जनशक्ति व्यवस्थापन गरिसक्ने ।		
३. वडास्तरका स्वास्थ्य चौकी वा आधारभूत स्वास्थ्य केन्द्रमा महिनाको एकपटक विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य परीक्षणका लागि आवश्यक प्रबन्ध मिलाउने । छिमेकी स्थानीय तहसँगको समन्वयमा स्थानीयस्तरमा सरुवारोग विशेषज्ञ राख्न समन्वय गर्ने ।	३. वडास्तरका स्वास्थ्य चौकी वा आधारभूत स्वास्थ्य केन्द्रमा महिनाको एक पटक डाक्टरबाट स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिने ।	३. आवश्यकता र सम्भाव्यताको आधारमा प्रत्येक वडाका स्वास्थ्य संस्थालाई पूर्वाधार र सेवामा स्तरोन्नती गर्दै कम्तीमा पनि एक जना डाक्टरको आवश्यक प्रबन्ध मिलाउने ।
४. नगर कार्यपालिका अन्तर्गतको सामाजिक विकास समितिमा स्वास्थ्य स्रोत व्यक्ति तोक्ने ।		
५. नेपाल सरकारबाट नियमित रूपमा उपलब्ध हुने बाहेकको स्वास्थ्यकर्मीको क्षमता विकासका छोटो र मध्यम अवधिका तालिम कार्यक्रम तय गर्ने ।	५. स्वास्थ्य सूचनामा आधारित अनुगमन, मूल्याकंन, समीक्षा, नीति निर्माण तथा निर्णय प्रक्रिया व्यवस्थित गर्ने गरी स्वास्थ्य शाखाको क्षमता विकास गर्ने ।	५. शाखालाई सबै स्तरका स्वास्थ्य सेवाको अनुगमन र सुपरिवेक्षण गर्नसक्ने गरी आवश्यक जनशक्ति, उपकरण र सूचना प्रविधियुक्त बनाउने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
६. नगरका स्वास्थ्यकर्मी र कर्मचारीहरूको भौतिक र व्यवसायिक सुरक्षाका मापदण्ड तयार गर्ने ।	६. नगरका स्वास्थ्यकर्मी र कर्मचारीहरूको भौतिक र व्यवसायिक सुरक्षाका मापदण्ड तय गरी कार्यान्वयन गर्ने ।	६. नगरका स्वास्थ्यकर्मी र कर्मचारीहरूको भौतिक र व्यवसायिक सुरक्षाका मापदण्ड कार्यान्वयनको आवधिक समीक्षा गरी समयअनुकुल परिमार्जन गर्दै जाने ।
७. नगरका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू(प्रशासन, व्यवस्थापन र प्राविधिक) का लागि कार्यसम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणालीको शुरुवात गर्ने ।	७. नगरका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राविधिक) का लागि कार्य सम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणाली तय गरी वार्षिक रूपमा कार्यान्वयन गर्ने ।	७. नगरका स्वास्थ्य सेवाका क्षेत्रमा कार्यरत कर्मचारीहरू (प्रशासन, व्यवस्थापन र प्राबिधिक)का लागि कार्यसम्पादनमा आधारित क्षमता विकास र पुरस्कार प्रणालीलाई निरन्तरता दिने ।
८.नगरका स्वास्थ्य चौकी, अस्पतालका स्वास्थ्य कर्मचारीहरूलाई थप जबाफदेही र उत्तरदायी बनाउन कर्मचारी आचारसंहिता निर्माण गर्ने ।		
९. नगरका केही विकट वडाहरूमा आवश्यक शिक्षित(कम्तीमा माध्यमिक तह उर्त्तीण भएको) स्वयंसेविकाहरू जनसंख्याको आधारमा थप गर्नका साथै आवश्यक क्षमता विकासका तालिम र थप सेवा सुविधाको माध्यमबाट स्वास्थ्य परामर्श तथा सामुदायिक प्रेषण सेवामा थप प्रभावकारी बनाउने ।		

थ. नगरको स्वास्थ्य शाखामा पर्याप्त भए पनि वडाहरूमा रहेका अस्पताल, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रमा प्रशासन कार्य गर्नको निम्ति, बिरामीहरूको डिजिटल प्रोफाइल राख्न तथा अन्य तथ्याङ्कको डिजिटल अभिलेख राख्नको लगि आवश्यक कम्प्युटर लगायतका उपकरणको अपर्याप्तता छ । उपलब्ध भएका सामाग्रीहरूको प्रयोग पनि सीमित मात्रामा मात्र भएको छ। नगरका स्वास्थ्य संस्थाहरूमा प्रयाप्त र व्यवस्थित तथ्याङ्क डिजिटल अभिलेख नहुँदा नगरको वास्तविक स्वास्थ्य सूचाङ्कहरू निकाल्न सकिने अवस्था छैन । त्यसकारण नगरका तथ्याङ्कको डिजिटल अभिलेखलाई अझ व्यवस्थित गर्न तथा विभिन्न रिपोर्टिङ र दस्ताबेजहरूमा प्रयोग गर्नका लागि निम्न कार्यक्रमहरू प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगर र वडास्तरका सबै स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य सम्बन्धी तथ्याङ्कको डिजिटल अभिलेख राख्न आवश्यक कम्प्युटर, प्रिन्टर र इन्टरनेटको व्यवस्था गर्ने । स्वास्थ्य कर्मचारीहरूका लागि विद्युतीय हाजिरको व्यवस्था गर्ने ।		

द. नगर अन्तर्गतका स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाका व्यवस्थापन समिति, जनप्रतिनिधि, सबै स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरीर अन्य सरोकारवालाहरू बिच स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्य तथा उपलब्धीबारे, लक्ष्य प्राप्तिमा भएका प्रगति समीक्षाका आधारमा कमी देखिएमा कमी पूर्तिको रणनीति समेत बनाउने गरी आवधिक प्राथमिकता तल प्रस्तुत गरिएको छ ।		
अल्पकालीन (पहिलो २ वर्ष)	**मध्यकालीन (३ देखि ७ वर्ष)**	**दीर्घकालीन (८ देखि २० वर्ष)**
१. उपयुक्त कार्यविधि निर्माण गरी स्वास्थ्य सेवाको अनुगमन प्रभावकारी बनाउन नगर स्वास्थ्य अनुगमन समिति गठन गरी स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र अनुगमन समितिसहितको समन्वय बैठक-लाई संस्थागत र नियमित गर्ने । १.१ कोभिड-१९ महामारीका कारण नगरका स्वास्थ्य संस्थाहरूको नियमित सेवाहरू प्रभावित हुन नदिन व्यवस्थापन समिति, अनुगमन समिति र नगरको समन्वयमा स्वास्थ्य संस्थाहरूको सेवाहरूलाई थप प्रभावकारी बनाउने ।	१. उपयुक्त कार्यविधि निर्माण गरी स्वास्थ्य सेवाको अनुगमन प्रभावकारी बनाउन नगर स्वास्थ्य अनुगमन समिति गठन, पूर्नगठन गरी स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र अनुगमन समितिसहितको समन्वय बैठकलाई नियमित गर्ने ।	१. उपयुक्त कार्यविधि निर्माण गरी स्वास्थ्य सेवाको अनुगमन प्रभावकारी बनाउन नगर स्वास्थ्य अनुगमन समिति गठन, पूर्नगठन गरी स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र अनुगमन समितिसहितको समन्वय बैठकलाई नियमित गर्ने ।
२. स्वास्थ्य शाखाले मातहतका स्वास्थ्य संस्थासँगको मासिक बैठक गर्ने र स्वास्थ्य समिति तथा सम्बन्धित स्वास्थ्य संयन्त्र बिचमा नियमित समन्वयात्मक बैठक गर्ने । ३. अनुशिक्षण र बैठकहरूमार्फत् नगरमा रहेका स्वास्थ्य संस्थाहरूको व्यवस्थापन समितिलाई थप उत्तरदायी र सक्रिय बनाउने । ४. नगरका १४ वटै वडाहरूमा भविष्यमा देखा पर्न सक्ने महामारीका रोगलाई नियन्त्रण गर्ने हिसाबले स्वास्थ्य संयन्त्र तयार गर्ने । साथै, RRT, CRRT थप प्रभावकारी बनाउन आवश्यक तालिम उपलब्ध गराउने र उपकरणको पूर्व व्यवस्था गर्ने ।	२. नगर, नगर अन्तर्गतका स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्यको प्रभावकारिताको वार्षिक समीक्षा गर्ने ।	२. नगर, नगर अन्तर्गतका स्वास्थ्य संस्था तथा समग्र स्वास्थ्य क्षेत्रबाट भएका स्वास्थ्य सम्बन्धी कार्यको प्रभावकारिताको वार्षिक समीक्षाको निरन्तरता दिने ।
ध. सुरक्षित खानेपानी, सरसफाईका पर्याप्त पूर्वाधार र तिनको उचित व्यवस्थापनसहित स्वास्थ्य संस्थालाई स्वच्छ, सफा र समुदायका लागि समेत अनुकरणीय बनाउनु सामुदायिक स्वास्थ्य र स्वास्थ्य सेवाको दृष्टिकोणले अपरिहार्य हुन्छ । त्यसैलाई दृष्टिगत गरी खानेपानी र सरसफाई सम्बन्धी प्राथमिकता निम्नानुसार तयार गरिएको छ ।		

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. सबै स्वास्थ्य संस्थामा खानेपानी र सरसफाईका पूर्वाधार र सेवालाई नगर मापदण्डमा पुऱ्याउने र विश्राम वा प्रतिक्षास्थल आदिका लागि पूर्वाधार व्यवस्थापनको कार्य शुरु गर्ने ।	१. सबै स्वास्थ्य संस्थामा खानेपानी र सरसफाईका पूर्वाधार र सेवालाई नगर मापदण्डमा पुऱ्याउने र विश्राम वा प्रतिक्षास्थल आदिका लागि पूर्वाधार व्यवस्थापनको कार्य गरिसक्ने ।	
२. सवै स्वास्थ्य संस्थाको सरसफाईको निर्धारित मापदण्ड कायम गर्ने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोरहरूलाई ब्यवस्था गर्ने ।	२. सबै स्वास्थ्य संस्थाको सरसफाईको निर्धारित मापदण्ड कायम गर्ने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोर हरूलाई दीर्घकालीन ब्यवस्था गर्ने ।	२. सबै स्वास्थ्य संस्थाको सरसफाईको निर्धारित मापदण्ड कायम गर्ने र स्वास्थ्य संस्थाबाट निस्कने फोहोरहरूलाई दीर्घकालीन ब्यवस्था गर्ने ।

न. नगरमा हाल वडा नं. १ मा अवस्थित धनुवासे आयुर्वेद औषधालयद्धारा नगर भरि आयुर्वेद सम्बन्धी स्वास्थ्य सेवा प्रवाह भइरहेको छ, जुन पर्याप्त छैन । स्थानीयस्तरमा उपलब्ध औषधीजन्य वनस्पती, जडिबुटी र अन्य औषधीजन्य वस्तुको पहिचान, संकलन, संरक्षण र प्रवर्द्धनको लागि पनि संरचना निर्माण गर्न आवश्यक छ । साथै, प्रचलित प्राकृतिक चिकित्सा, वैकल्पिक तथा अन्य चिकित्सा पद्धति तथा सेवालाई निश्चित मापदण्डको आधारमा सूचीकृत तथा ब्यवस्थित गर्दै आयुर्वेद, योग र प्राकृतिक चिकित्सा सेवासहितको आयुर्वेद, योग र प्राकृतिक चिकित्सा केन्द्र स्थापना गरी स्वास्थ्य पर्यटनलाई समेत प्रवर्द्धन गर्न निम्न आवधिक कार्यक्रमहरू प्रस्तुत छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. आयुर्वेद महाविद्यालय निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने ।	१. आयुर्वेद महाविद्यालय निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी आवश्यक प्रक्रिया पूरा गर्ने ।	१. वालिङ नगरपालिका क्षेत्रभित्र आयुर्वेद महाविद्यालय अस्पताल निर्माण गरिसक्ने ।
२. पतञ्जली योग पिठको केन्द्र निर्माण गर्नको लागि आवश्यक प्रक्रिया पूरा गरी जग्गा उपलब्ध गराइसक्ने ।	२. पतञ्जली योग पिठको केन्द्र तोकिएको समयमा निर्माण गर्नको लागि नगरबाट सम्बन्धित पक्षसँग समन्वय गर्ने ।	२. पतञ्जली योग पिठको केन्द्र निर्माण गरी सक्ने ।
३. प्राकृतिक चिकित्सालाई प्रोत्साहन गर्न नगरका प्रत्येक वडाहरूमा योग तथा सामुदायिक ब्यायाम केन्द्र सञ्चालनका लागि आवश्यक प्रक्रिया शुरु गरी पूर्वाधार तयार गर्ने ।	३. प्राकृतिक चिकित्सालाई प्रोत्साहन गर्न विभिन्न वडा र समुदायलाई पायक पर्ने गरी क्लस्टर निर्धारण गरी क्लस्टर स्तरमा योगा तथा सामुदायिक ब्यायाम केन्द्र सञ्चालन गर्ने ।	३. क्लस्टरस्तरमा योगा तथा सामुदायिक ब्यायाम केन्द्रलाई थप व्यवस्थित गर्दै लैजाने ।
४. स्थानीयस्तरमा औषधीजन्य वनस्पती जडिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन, वितरण केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने ।	४. सम्भाव्यता अध्ययनको आधारमा स्थानीयस्तरमा औषधीजन्य वनस्पती जडिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन, वितरण केन्द्र स्थापना गर्न सम्पूर्ण प्रक्रिया पूरा गर्ने ।	४. सम्भाव्यताका आधारमा संघ र प्रदेश सरकारसँगको समन्वयमा स्थानीयस्तरमा औषधीजन्य वनस्पती जडिबुटी र अन्य औषधीजन्य वस्तुको उत्पादन, प्रशोधन, वितरण केन्द्र स्थापना र सञ्चालन गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
५. नगर स्वास्थ्य अनुसन्धान केन्द्र र स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने ।	५. सम्भाव्यता अध्ययनको आधारमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्सँग समन्वय गरी नगर स्वास्थ्य अनुसन्धान केन्द्र र स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्न सम्पूर्ण प्रक्रिया पूरा गर्ने ।	५. नेपाल स्वस्थ्य अनुसन्धान परिषद्सँग समन्वय गरी नगरको छुट्टै नगर स्वास्थ्य अनुसन्धान केन्द्र र स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्ने ।

प. नगरको २०७५ को घरधुरी सर्वेक्षण अनुसार स्वास्थ्य संस्थाबाट २ कि.मि. बफर क्षेत्र भन्दा बाहिर रहेका दीर्घरोगी र अपाङ्गहरूको संख्या वडा नं. १२, १३, १४ र २ मा अधिक रहेको छ । दीर्घरोगीहरू स्वास्थ्य चौकी धाइरहन पर्ने बिरामी हुन भने अपाङ्गता भएका व्यक्ति आफैंमा शारीरिक र मानसिक हिसाबमा अशक्त भएकाले यस्ता बिरामीहरूका सकेसम्म कम दूरीमा स्वास्थ्य संस्था हुन आवश्यक छ । यसकारण, दीर्घरोगी र अपाङ्गता भएका व्यक्तिहरूको माझ छिटो छरितो रूपमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न निम्न प्राथमिकताका आवधिक कार्यक्रमहरू प्रस्तुत छ ।

नक्सा ३/५.२.२ : दीर्घरोगी बढी भएको क्षेत्र र स्वास्थ्य संस्था



नक्सा ४/५.२.२ : अपाङ्गता बढी भएको क्षेत्र र स्वास्थ्य संस्था



२०७५ को तथ्याङ्क अनुसार नगरका रहेका स्वास्थ्य संस्था र नगरमा भएका दीर्घरोगी र अपाङ्गहरू भएका घरधुरी बिचको दूरी र त्यस्ता घरधुरी संख्या माथिको नक्सामा देखाइएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरका स्वास्थ्य संस्थाबाट टाढाको दूरीमा रहेका अर्थात् २ कि.मि. बफर क्षेत्र भन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम, घुम्ती शिविरहरू, निःशुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रमको शुरुवात गर्ने । १.१ कोभिड-१९ महामारीका कारण बढी प्रभावित हुने विशेषगरीCardiovascular Diseases (Hypertension, Heart Attack), Chronic Respiratory Diseases (Asthma, Lung Diseases, Pneumonia), Diabetes,Cancer भएका दीर्घरोगीहरू, अपाङ्ग, ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी र बालबालिकाहरूका लागि लागि विशेष घरदैलो स्वास्थ्य कार्यक्रम गर्ने ।	१. नगरका स्वास्थ्य संस्थाबाट टाढाको दूरीमा रहेका अर्थात् २ कि.मि. बफर क्षेत्र भन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम,घुम्ती शिविरहरू, निःशुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रमको निरन्तरता गर्ने ।	१.नगरका स्वास्थ्य संस्थाबाट टाढाको दूरीमा रहेका अर्थात् २ कि.मि. बफर क्षेत्र भन्दा बाहिर रहेको दीर्घरोगी र अपाङ्गहरूको लागि घरदैलो स्वास्थ्य कार्यक्रम, घुम्ती शिविरहरू, निःशुल्क एम्बुलेन्स तथा अन्य विशेष कार्यक्रम कार्यान्वयनको आवधिक समीक्षा गर्दै निरन्तरता गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२. अल्पकालीनमा नयाँ निर्माण र स्तरोन्नती हुने स्वास्थ्य संस्थाका पूर्वाधारहरूलाई राष्ट्रिय मापदण्ड अनुरूप बालमैत्री, जेष्ठ नागरिकमैत्री तथा अपाङ्गतामैत्री बनाउने । ३. स्वास्थ्य संस्थाबाट २ कि.मि. भन्दा टाढा रहेका वडाका बस्ती लक्षित गरी आवश्यकता अनुसार गाउँघर क्लिनिक स्थापना गर्ने र उपलब्ध गाउँघर क्लिनिक थप व्यवस्थित बनाउने ।	२. मध्यकालमा नयाँ निर्माण र स्तरोन्नती हुने स्वास्थ्य संस्थाका पूर्वाधारहरूलाई राष्ट्रिय मापदण्ड अनुरूप बालमैत्री, जेष्ठ नागरिकमैत्री तथा अपाङ्गतामैत्री बनाउने ।	२.नगरका सबै स्वास्थ्य संस्थाहरूको सबै भौतिक पूर्वाधारहरू राष्ट्रिय मापदण्डअनुरूप बालमैत्री, जेष्ठ नागरिकमैत्री तथा अपाङ्गतामैत्री बनाइसक्ने ।
फ. नगरमा रहेका विभिन्न निजी स्वास्थ्य संस्थाहरूलाई कम नाफामूलक, बढी सेवामूलक र नगरवासीप्रति थप उत्तरदायी बनाउन नगरमा रहेका विपन्न, बालबालिका, महिला, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई नगरको सिफारिस र समन्वयमा निश्चित कोटाका आधारमा निःशुल्क उपचार सेवा प्रवाह हुने व्यवस्था मिलाउन र विश्वसनीय स्वास्थ्य सेवाको अनुभूति गराउनका लागि निम्न कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ ।		
अल्पकालीन (पहिलो २ वर्ष)	**मध्यकालीन (३ देखि ७ वर्ष)**	**दीर्घकालीन (८ देखि २० वर्ष)**
१. सामुदायिक, सरकारी तथा निजी स्वास्थ्य संस्थाको सेवा अनुगमन तथा नियमन गर्ने । विपद्का बेला नगरमा रहेका निजी क्षेत्रका अस्पताल तथा अन्य सार्वजनिक भवनहरूलाई उपयोगमा ल्याउन सकिने व्यवस्था गर्ने ।	१. विपन्न तथा अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक आदिका लागि निश्चित संख्या छुट्याई निजी क्षेत्रका स्वास्थ्य संस्थाबाट त्यस्तो सुविधाबाट सेवा प्रवाहको शुरुवात गर्ने ।	१. नगरका विपन्न वर्गका लागि कम्तीमा पनि १०% कोटाको व्यवस्थापन गर्न नगरले निजी स्वास्थ्य संस्थाहरूसँग समन्वय गर्ने ।

तालिका ३/५.२.२ : स्वास्थ्य क्षेत्रको अपेक्षित उपलब्धी

सूचकाङ्कहरू	एकाई	हालको (२०७६/७७)	अल्पकालीन	मध्यकालीन	दीर्घकालीन
क. बाल स्वास्थ्य					
खोप सेवा					
पुर्ण खोप लगाएका बालबालिकाहरूको (१२ देखि २३ महिना) प्रतिशत	प्रतिशत	१००		०	०
TD2 र 2+ खोप लगाएका गर्भवती महिलाहरूको प्रतिशत	प्रतिशत	९७.५		१००	१००
पोषण					
० देखि ११ महिनासम्मका बालबालिकाहरूको वृद्धि अनुगमन गरेको प्रतिशत	प्रतिशत	८९		९५	१००
० देखि २३ महिनासम्मका बालबालिकाहरूको वृद्धि अनुगमन गरेको प्रतिशत	प्रतिशत	१००		१००	१००
औसत वृद्धि अनुगमन गरेको संख्या (२ वर्ष मुनिका बालबालिका)	प्रतिशत	४		१५	२४
कुपोषित बालबालिकाहरूको प्रतिशत (<२ वर्ष)	प्रतिशत	१.३		१	०

सूचकाङ्कहरू	एकाई	हालको (२०७६/७७)	अल्पकालीन	मध्यकालीन	दीर्घकालीन
ख. पारिवारिक स्वास्थ्य					
सुरक्षित मातृत्व					
प्रोटोकल अनुसार (चौथो, छैठौँ, आठौं र नवौं महिनामा) प्रसूति पूर्व जाँच गराउने महिलाहरूको प्रतिशत	प्रतिशत	६१		८०	१००
गर्भावस्थामा १८० दिनको लागि आइरन र फोलिक एसिड खाने महिलाहरूको प्रतिशत	प्रतिशत	६१		८०	१००
संस्थागत सुत्केरी हुने महिलाहरूकोप्रतिशत	प्रतिशत	५८	७०	९०	१००
स्वास्थ्य संस्थामा भएको कुल सुत्केरी मध्ये दक्ष प्रसुतिकर्मीबाट सुत्केरीहरूको प्रतिशत	प्रतिशत	५८	७०	९०	१००
प्रोटोकलअनुसार ३ पटक सुत्केरी जाँच गराउने महिलाहरूको प्रतिशत	प्रतिशत	३१	५०	७०	९०
शिशु मृत्यु संख्या	जना	२		१	०
सुत्केरी मृत्यु संख्या	जना	०		०	०
सुरक्षित गर्भपतन तथा परिवार नियोजन					
परिवार नियोजनका साधन प्रयोग गर्नेको दर (CPR) (आधुनिक विधि)	प्रतिशत	१२	१५	२५	४०
सुरक्षित गर्भवतन सेवा पश्चात् परिवार नियोजन सेवा लिनेको प्रतिशत	प्रतिशत				
महिला स्वास्थ्य स्यमंसेविका (FCHV)					
आमा समूहको बैठक बसेको	प्रतिशत	९६	१००	१००	१००
ग. क्षयरोग					
नयाँ विरामी पत्ता लागेको दर (सबै PBC)	प्रतिशत	१००		१००	१००
उपचार सफलता दर (सबै PBC)	प्रतिशत	९४		१००	१००
खकार परिवर्तन दर (सबै PBC)	प्रतिशत	१००		१००	१००
घ. कुष्ठरोग					
नयाँ रोगी पहिचान दर (NCDR)	प्रति लाख	२.२		५	१०
ङ. एचआइभी/एड्स					
प्रसूति पूर्वको जाँच दौरान एचआइभीको जाँच गराउने महिलाको प्रतिशत	प्रतिशत	७४	९०	१००	१००

तालिका ४/५.२.२ : स्वास्थ्य क्षेत्रको परिमाणात्मक लक्ष्य

क्र.सं.	उपलब्धी सूचक	एकाई	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
१	शिक्षण अस्पताल निर्माण	संख्या	०	०	०	१
२	नगरस्तरको अस्पताल भवन	संख्या	०	०	१	०
३	प्राथमिक स्वास्थ्य केन्द्र भवन	संख्या	१	आवश्यकता अनुसार स्तारोन्नती गर्ने		
४	स्वास्थ्य चौकी भवन	संख्या	६	०	०	३
५	शहरी स्वास्थ्य केन्द्र भवन/आधारभूत स्वास्थ्य केन्द्र	संख्या	१	०	४	२

क्र.सं.	उपलब्धी सूचक		एकाई	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
६	गाउँघर क्लिनिक		पटक		आवश्यकता अनुसार		
७	प्रसुति गृह		संख्या	०	०	०	०
८	बर्थिङ सेन्टर		संख्या	१	१	३	२
९	आपत्कालीन प्रसुति सेवा केन्द्र (Emergency Obstetric Care)		संख्या	०	१	०	०
१०	आयुर्वेद औषधालय केन्द्र		संख्या	१	०	०	२
११	प्राकृतिक चिकित्सा केन्द्र		संख्या	०	०	१	०
१२	ट्रमा सेन्टर		संख्या	०	०	०	१
१३	किड्नी डाइलसिस् केन्द्र		संख्या	०	०	१	०
१४	खोप केन्द्र		संख्या	१८	आवश्यकता अनुसार		
	रक्त सञ्चार केन्द्र		संख्या	१	२	३	०
१५	एम्बुलेन्स	सामान्य	संख्या	१	०	२	२
		'ख' वर्ग	संख्या	०	०	१	२
१६	योगा सेन्टर तथा सामुदायिक ब्यायाम सेन्टर		संख्या	०	१	४	४
१७	विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य सेवा उपलब्ध हुने स्वास्थ्य संस्था		संख्या	१			
१८	सर्ने नसर्ने रोग बारेको सचेतनायुक्त परिवार		%				
१९	स्वास्थ्य बीमामा आवद्ध परिवार		%				
२०	नेपाल सरकारको मापदण्ड अनुसार निःशुल्क औषधी उपलब्ध हुने स्वास्थ्य संस्था		संख्या	१	३	५	१०
२१	वार्षिक समीक्षा बैठक (स्वास्थ्य शाखा)		पटक	०	२	७	१३
२२	स्वास्थ्य संस्थाका व्यवस्थापन समितिको बैठक		पटक		२४	६०	१८०

५.२.३. सम्पदा संरक्षण

१. परिचय

ऐतिहासिक दृष्टिले बाइसे-चौबिसे राज्य अन्तर्गत पर्ने स्याङजाका ६ वटा टुक्राको एक टुक्रा गल्मै राज्य थियो । यस राज्यमा दशरथ खाँणका वंशधरहरूले २८४ वर्षसम्म शासन गरेको पाइन्छ । सन् १८७५ ताका अभिमान सिंह बस्न्यात समेतको पाल्पा हिँडेको फौजले गल्मै राज्य पनि एकीकृत गरेको इतिहास छ । यसै गल्मैकोट राज्य अन्तर्गत पर्ने महत्वपूर्ण धार्मिक स्थल अहिले गल्मैसुर मन्दिरको रूपमा चिनिन्छ । यस राज्यको राजधानी भुम्रे हटिया बजार भएको पाइन्छ । वर्तमान वालिङको पेखु बाघखोर दरबार क्षेत्रलाई पनि यस ठाउँको ऐतिहाँसिक धरोहरको रूपमा लिने गरिन्छ । पेखु नेपालको पुरानो शासकीय केन्द्रकै रूपमा विकसित भएको देखिन्छ । नेपालको तत्कालीन शासन व्यवस्था अनुसार गल्मैकोटे अन्तिम शासक गुप्तबहादुर खाँणसम्मको परम्परा पेखुले धानेको थियो ।

सामाजिक-साँस्कृतिक दृष्टिले वालिङ बहुजातिय, बहुधार्मिक बहुभाषिक नगर हो । यस आधारमा ब्राह्मण, क्षेत्री, सन्यासी, गुरुङ, मगर, ठकुरी, कुमाल, माझी, सार्की, भुजेल सबैको आ-आफ्नै धर्म संस्कृति रहेको छ । यी जातजातिहरूमा नेपाली, मगर, गुरुङ र नेवारी भाषा प्रचलनमा देखिन्छ भने छुट्टाछुट्टै चाडपर्व पनि मनाउने गरिन्छ । यहाँ ऐतिहासिक दरबारहरूको साथै गल्मैकोट कालिका मन्दिर, घ्याङलिङ, बाँहुनथान, थामको चौर, चन्द्रकोट डाँडा, छाङ्छाङ्दी, अकलादेवी मन्दिरजस्ता धार्मिक तथा पर्यटकीय महत्वका स्थलहरू रहेका छन् ।

विशेषगरी ऐतिहाँसिक-सामाजिक-साँस्कृतिक सम्पदाहरू चिनारीको रूपमा रहेको यस नगरपालिकामा सम्पदा संरक्षण मात्र नभई प्रवर्द्धनमा पनि उत्तिकै ध्यान पुर्‍याउनु पर्ने हुन्छ । सम्पदाको संरक्षण र प्रवर्द्धन गर्न, सम्पदा र सम्पदाको महत्वबारे प्रस्ट हुन जरुरी छ । पूर्खाहरूबाट परम्परागत रूपमा प्राप्त गरी वर्तमान र भावी सन्ततीहरूमा हस्तान्तरण हुने परम्परा एवं मानवसभ्यता र संस्कृति झल्काउने जीवन्त अभिव्यक्ति सम्पदा हो । यस्ता अभिव्यक्तिहरूमूर्त र अमूर्त रूपमा रहन्छन् । संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठनको अनुसार मूर्त सम्पदा स्मारक, वास्तुकला, मुर्ति, उपकरण, औजार आदि हुन् भने, अमूर्त सम्पदामा मौखिक परम्परा, प्रस्तुति कला, सामाजिक अभ्यास, रीतिरिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सीपहरू समावेश हुन्छन् । सामान्यता हरेक किसिमको सम्पदालाई प्राचीन, ऐतिहाँसिक, धार्मिक र साँस्कृतिक सम्पदाका रूपमा वर्गीकरण गर्न सकिन्छ ।

विश्वव्यापीकरण, आधुनिकीकरण, जनसंख्या वृद्धि, बढ्दो शहरीकरण र अव्यवस्थित विकास निर्माणको कारण सम्पदा तथा साँस्कृतिक विविधताको संरक्षण कार्य स्थानीय सरकार र नागरिकको लागि प्रमुख चुनौतीको रूपमा रही आएको छ । विभिन्न कारणले शहर तथा बजार क्षेत्रको जनसंख्यामा उच्च वृद्धि देखिन्छ भने, ग्रामीण क्षेत्रको जनसंख्यामा गिरावट देखिन्छ । यस्ता प्रवृत्तिले गर्दा मूर्त सम्पदाहरूमा क्षति, हानी, नोक्सानी, चोरी, अतिक्रमण हुने र सम्पदा जीर्ण हुने समस्या रहन्छ । त्यस्तै शताब्दीऔं पूराना अमूर्त सम्पदा जस्तैः परम्परा, संस्कृति, भाषा, कला तथा जीवनशैलीहरू अपरिवर्तनीय रूपले हराउँदै गएको छ । त्यसर्थ विद्यमान सन्दर्भमा विकास र सम्पदा संरक्षण बिच सन्तुलन ल्याई दीगो विकास हाँसिल गर्नु प्रमुख चुनौतीको रूपमा प्रस्तुत छ ।

कुनै पनि सम्पदा ऐतिहाँसिक, सामाजिक, सौन्दर्य, वैज्ञानिक, वा आर्थिक हिसाबले महत्वपूर्ण हुन्छ । ऐतिहाँसिक सम्पदाहरूले विगतको सभ्यता, संघर्ष, मान्यता तथा दर्शन झल्काएको पाइन्छ । सामाजिक सम्पदाहरू, मुख्यतः अमूर्त सम्पदाले सामुदायिक सद्भाव एवं भाइचारा कायम गर्नमा टेवा दिइरहेको हुन्छ । सौन्दर्यताको पाटोबाट पनि सम्पदाले बस्ती, शहर, वा क्षेत्रको भौतिक विशेषता, पहिचान तथा विशिष्ठता जनाउँदछ । त्यस्तै वैज्ञानिक हिसाबले पनि पुरातात्विक र प्राचीन स्मारक, वस्तु, उपकरण, औजार, प्रविधि, विद्या आदिको खोज र अध्ययनका लागि सम्पदा र संस्कृति महत्वपूर्ण हुन्छन् । आर्थिक हिसाबले मूलतः पर्यटक आकर्षित गर्न र रोजगारी सिर्जना एवं राजस्व अभिवृद्धिको लागि सम्पदा अत्यन्त महत्वपूर्ण छ ।

२. मुख्य अवसर र चुनौती

नेपालको संविधान, अनुसूची ८, (भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास) र स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ बमोजिम संस्कृति र सम्पदा जोगाउने पहिलो दायित्व स्थानीय सरकारको रहने कुरालाई सम्पदा संरक्षणको अवसरका रूपमा लिइएको छ । नगरका युवा वर्गमा स्थानीय कला र संस्कृति जगेर्ना गर्नुपर्छ भन्ने भावनाको विकास हुँदै गरेको तथा समुदायस्तरबाट पनि यहाँको भाषा, कला र संस्कृति संरक्षण र प्रवर्द्धनमा लिइएको अग्रसरता पनि यो क्षेत्रमा सुधारको अवसर हो । विश्वव्यापीकरणको प्रभाव, स्थानीय जीवन शैलीमा बढ्दो बाह्य प्रभाव र सामाजिक सम्बन्धहरूमा आइरहेको परिवर्तनले स्थानीय कला र संस्कृति संरक्षणले न्यून प्राथमिकता पाइरहेको अवस्थाका बिच यहाँको सम्पदा संरक्षण र ऐतिहाँसिक र साँस्कृतिक आधारमा विशिष्ठ पहिचान निर्माण चुनौतीपूर्ण छ ।

३. लक्ष्य

स्थानीय सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य १: सम्पदा संरक्षणलागि नगरस्तरीय समिति र इकाई गठन तथा परिचालन गर्नु ।

नीति क. सबै वडा र नगरपालिकाबाट प्रतिनिधित्व हुने गरी तथा प्राविधिक जनशक्ति/क्षेत्रगत जानकार नागरिकसहितको स्थानीय सम्पदा समिति गठन गरिने छ ।

नीति ख. प्राविधिक जनशक्ति र विशेषज्ञसहितको सम्पदा संरक्षण र व्यवस्थापन इकाई गठन गरिने छ ।

नीति ग. सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, समन्वय, अनुगमन, नियमन, पहिचान आदिमा समिति र इकाईको विशेष भूमिका सुनिश्चित गरिने छ ।

नीति घ. गठन भए पश्चात् समिति र इकाईमार्फत् सबै खाले भौतिक/साँस्कृतिक सम्पदाको अध्ययन तथा तथ्याङ्क संकलनको कार्य व्यवस्थित गरिने छ ।

नीति ङ. संघीय सरकारको पूरातत्व विभागको प्राचीन स्मारक संरक्षण नियमावली अनुरूप सम्पदाको पहिचान र सूचीकृत गर्न आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरिने छ ।

उद्देश्य २: नगरपालिकाको सम्पूर्ण सम्पदा सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्नु ।

नीति क. सम्पदा संरक्षण एवं व्यवस्थापनका निम्ति आवश्यक उपकरण/प्रविधि व्यवस्था गरिने छ ।

नीति ख. लोपोन्मुख भाषा, लिपि र विभिन्न कला संरक्षण गर्न अभिलेखीकरण र Knowledge Management गरिने छ ।

नीति ग. प्रभावकारी सम्पदा संरक्षण र व्यवस्थापनका लागि सम्पूर्ण साँस्कृतिक, धार्मिक, ऐतिहाँसिक, पुरातात्विक सम्पदाको तथ्याङ्क संकलन तथा अद्यावधिक गरी नगरपालिकाको सम्पदा स्रोत नक्सासहितको Heritage Register निर्माण गरिने छ ।

उद्देश्य ३: सम्पदा/संस्कृतिको प्रभावकारी व्यवस्थापन र प्रवर्द्धनद्वारा पर्यटन, स्थानीय आर्थिक विकास लगायतका क्षेत्रको थप सबलीकरण गर्ने ।

नीति क. नगरपालिकाको पर्यटकीय र स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने सम्पूर्ण सम्पदा क्षेत्र/स्थान र संस्कृति झल्काउने समुदायको संरक्षण र व्यवस्थापनमा विशेष ध्यान दिइने छ ।

नीति ख. अन्य विभाग र क्षेत्र (जस्तैः स्थानीय आर्थिक विकास/राजस्व, यातायात, भू-उपयोग आदिसँग समन्वय गरी सम्पदा संरक्षण एवं व्यवस्थापन गुरुयोजना निर्माण गरिने छ ।

नीति ग. गुरुयोजनालाई भू-उपयोग योजना, वर्गीकरण Zoning आदिसँग आवद्ध गराइने छ ।

उद्देश्य ४: सबै खाले सम्पदा रसम्पदा क्षेत्रलाई जीर्ण हुनबाट र निजी तथा सार्वजनिक गतिविधिबाट हानी/नोक्सानी हुनबाट संरक्षण गर्ने ।

नीति क. सम्पदा/संस्कृतिलाई असर गर्ने सबै खाले गतिविधिको रोकथाम, नियन्त्रण र नियमन गरिने छ ।

नीति ख. विकास निर्माण परियोजना सञ्चालन गर्दा सम्पदा क्षेत्रलाई जोगाएर अगाडी बढ्ने नीति अवलम्बन गरिने छ ।

नीति ग. सम्पदा संरक्षणका लागि नगरभित्र संरक्षण क्षेत्रहरू कायम गरिने छ ।

नीति घ. सम्पदा संरक्षणका लागि विभिन्न खाले प्रोत्साहन तथा सहयोगको व्यवस्था गरिने छ ।

उद्देश्य ५: सम्पदा संरक्षण र व्यवस्थापनमा जनचेतना, जनसहभागिता तथा साझेदारी वृद्धि गर्ने ।

नीति क. सूचना प्रवाहका विभिन्न माध्यमको प्रयोगद्वारा र कार्यक्रममार्फत् नागरिकलाई र विशेषगरी नयाँ पुस्तालाई सम्पदा र सो को संरक्षणबारे सचेत गराइने छ ।

नीति ख. संरक्षणमा नागरिकको र विशेष गरी नयाँ पुस्ताको प्रत्यक्ष संलग्नता सुनिश्चित गराइने छ ।

नीति ग. सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समूह आदिसँग समन्वय र साझेदारीमार्फत् अगाडी बढ्ने नीति अवलम्बन गरिने छ ।

तालिका १/५.२.३ : आवधिक प्राथमिकता : सम्पदा संरक्षण

क. नेपालको संविधान अनुसार भाषा, संस्कृति, ललितकलाको संरक्षण र सम्बन्धित गतिविधिको व्यवस्थापन एवं जिम्मेवारी नगरपालिकाको रहेको छ । नगरले सम्पदाको महत्वलाई हृदयंङ्गम गर्दै समस्त स्थानीय सम्पदाको संरक्षण र व्यवस्थापन कार्यलाई नियमन तथा सहजीकरण गर्न बहुपक्षीय समन्वयसहित नियम कानुन निर्माण र मार्गनिर्देशनको लागि योजना तर्जुमा गर्ने जस्ता क्रियाकलाप तल उल्लिखित प्राथमिकताका आधारमा अघि बढाउने छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरूप सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेस र सवालहरूलाई समेटी प्रदेश र केन्द्रसँग समन्वय गर्ने ।	१. नेपालको संविधान, अनुसूची ८, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास र स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ बमोजिम नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने । १.१. स्थानीय सम्पदा संरक्षण ऐन, नियमावली निर्माण तथा अन्य आवश्यक कानुनी व्यवस्था गर्ने । साथै सम्पदा संरक्षण गुरुयोजना निर्माण गर्ने ।	१. सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी प्रभावकारी ऐनसहितको संरक्षण र व्यवस्थापनमा सबल नगरपालिका बन्ने ।

ख. यस नगरपालिका बाइसे-चौबीसे राज्यमध्यको एक प्रमुख सभ्यता भएको, र सम्भवत: त्यो भन्दा पहिले देखि नै मानव बसोबास र गतिविधि रहेकाले प्राचीन बस्तीहरूको सम्भावना रहन्छ । तसर्थ नगरमा यस्ता बस्तीहरू भए नभएबारे बस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७३ को आधारमा खोज, अनुसन्धान तथा पहिचान कार्य गर्ने योजना रहेको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरभित्र १०० वर्ष भन्दा पुराना बस्तीहरू भए नभएबारे वडास्तरीय परामर्श गर्ने । (जस्तै: भुम्रे नेवार बस्ती)	१. बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७३ अनुरूप सम्पदा बस्तीहरू खोज तथा पहिचान कार्य थालनी गर्ने ।	१.सम्पदा बस्तीहरूको सूचीकरण, संरक्षण, व्यवस्थापन र प्रचार प्रसार ।

ग. सम्पदा संरक्षण एवं व्यवस्थापनको निम्ति तथ्याङ्कको प्रयोग प्रमुख हुन्छ । नगरमा यस्ता तथ्याङ्कहरू न्यून र पुराना, छरिएको, र अपूर्ण अवस्थामा छ । यस अवस्थाबाट आधुनिकतातर्फ उन्मुख हुन र तथ्याङ्कको प्रयोगबाट वैज्ञानिक व्यवस्थापन हाँसिल गर्न, नगरले विभिन्न चरणमा तथ्याङ्क सम्बन्धी कार्यहरू गर्नेछ । साथै तथ्याङ्कको प्रयोगबाट विभिन्न सूची तथा सम्पदा वर्गीकरण पनि गरिने छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. जारी रहेका सबै भू-उपयोग सुची (Land use inventory) संकलन कार्यमा सबै खाले सम्पदा क्षेत्र र स्थानको तथ्याङ्क समेटिने गरी निरन्तरता दिने र थप प्रभावकारी बनाउने । साथै उपलब्ध सूची र नयाँ सूचीलाई अद्यावधिक गरेर एकरूपता दिने ।	१. सम्पदा क्षेत्र र स्थान सम्बन्धी विभिन्न तथ्याङ्क र (Land use inventory) लाई प्रयोगमा ल्याई सम्पदा क्षेत्रहरूको प्रभावकारी व्यवस्थापन र संरक्षण कार्य गर्ने ।	१.मध्यकालका सबै सम्पदा संरक्षण सम्बन्धी मध्यकालीन प्राथमिकताका कार्यक्रमलाई निरन्तता दिने ।
२. नगरमा अवस्थित सम्पूर्ण धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक, पर्यटकीय महत्वका सम्पदा क्षेत्र र स्थलहरूको अध्ययन, सूचीकरण र वर्गीकरणको थालनी ।	२. संकलित तथ्याङ्क, अध्ययन, सूचीकरण र वर्गीकरणको आधारमा सम्पदा गुरुयोजना र Heritage register निर्माण कार्य गर्ने ।	

नक्सा १/५.२.३ : नगरपालिकाको भू-उपयोग वर्गीकरण नक्सामा चित्रित प्रमुख सम्पदा स्थान



यस नक्साले नगरको फरक-फरक भू-उपयोग क्षेत्रमा अवस्थित सम्पदा स्थललाई इंगित गर्छ । यस प्रकारको तथ्याङ्कसहितको नक्साङ्कनले सम्पदा संरक्षण एवं व्यवस्थापन प्रभावकारी बनाउन मद्दत पुऱ्याँउछ । साथै ठूलो संख्यामा रहेका सम्पदा स्थानको यस नक्साले भौगोलिक अवस्थिति मात्र जनाएपनि, विद्युतीय (Digital) माध्यमद्वारा प्रयोजनमा ल्याउँदा प्रत्येक स्थानको विस्तृत जानकारी लिन मिल्ने गरी भण्डारण गरिएको हुन्छ ।

घ. अमूर्त सम्पदा अन्तर्गत परम्परागत ज्ञान तथा कला संरक्षण पनि महत्वपूर्ण हुन्छ। विशेषगरी नगरको आदिबासी, जनजाति र लोपोन्मुख समुदायको परम्परागत ज्ञान तथा कला लोप हुँदै गएको सन्दर्भमा सो को संरक्षण जरुरी छ । अभ्यासमा आउने तर कुनै पनि किसिमको अभिलेखीकरण नहुने हुँदा कतिपय मौखिक परम्परा, भाषा, लिपि, साहित्य, प्रस्तुति कला, सामाजिक अभ्यास, रीतिरिवाज, चाडपर्व, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सीपहरू जोगाउन चुनौतीपूर्ण हुन्छ । तसर्थ यस्तो किसिमको ज्ञान तथा कलालाई जगेर्ना गर्न नगरले अभिलेखीकरण तथा व्यवस्थित तरिकाले सम्बर्धन, अद्यावधिक तथा वितरण गर्ने कार्यक्रम राखेको छ ।		
अल्पकालीन (पहिलो २ वर्ष)	**मध्यकालीन (३ देखि ७ वर्ष)**	**दीर्घकालीन (८ देखि २० वर्ष)**
१. लोपोन्मुख र जनजाति भाषा, लिपि र विभिन्न कलाको पहिचान र त्यसपश्चात् सो को संरक्षण गर्न अभिलेखीकरण र Knowledge management को थालनी ।	१. भाषा तथा लिपिको अभिलेखीकरण र Knowledge management लाई निरन्तरता तथा अद्यावधिक ।	१. भाषा तथा लिपिको अभिलेखीकरण र Knowledge management लाई निरन्तरता तथा अद्यावधिक गरी स्थानीय पहिचान निर्माण गर्ने ।
ङ. सेवा प्रवाह अन्तर्गत सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी विभिन्न कार्य पहिचान गरिएको छ । नगरमा अवस्थित सम्पदा स्थान/क्षेत्रको संरक्षण र व्यवस्थापनमा सुधार तथा प्रवर्द्धन, नयाँ सम्पदा स्थान/क्षेत्रको पहिचान, जारी रहेका योजना/परियोजना समापन लगायत कार्यक्रमहरू विभिन्न चरणमा तय गरिएको छ ।		
अल्पकालीन (पहिलो २ वर्ष)	**मध्यकालीन (३ देखि ७ वर्ष)**	**दीर्घकालीन (८ देखि २० वर्ष)**
१. प्रस्तावित प्राचीन संस्कृतिको अध्ययन केन्द्र र साँस्कृतिक संग्रहालयहरू निर्माण सम्पन्न गरी प्रयोगमा ल्याउने । पर्यटकीय हिसाबले महत्वपूर्ण सम्पदा क्षेत्र र स्थलहरूको प्रचार प्रसार, पूर्वाधार निर्माण, र सूचना केन्द्रहरू स्थापना गर्ने । २. सबै सम्पदा स्थलमा पुग्ने बाटोको सुधार कार्य थालनी गर्ने, विशेषगरी वडा नं. २ को तिलडाँडा गुफा, वडा ७ को सिद्धबाबा मन्दिर, वडा ८ काफल डाँडा र बोगटी डाँडा धुनी लगाउने स्थानहरूको बाटो सुधार गर्ने ।		
३. वडा नागरिकहरूको अनुरोधलाई मध्यनजरमा राख्दै महत्वपूर्ण स्थानीय सम्पदा र संस्कृति जस्तैः वडा नं. ११ स्थित बाइसे चौबीसे राज्य दरबार, गह्रैकालिका मन्दिर, मगर तथा गुरुङ भेषभुषा, भाषा, लिपि, घटु नाच र अन्य सबैको संरक्षण, व्यवस्थापन र प्रचार प्रसारको लागि विशेष कार्यक्रम तर्जुमा र आर्थिक तथा गैर-आर्थिक सहयोग गर्ने ।	३. स्थानीय कला र संस्कृति संरक्षण र प्रवर्द्धनमा नगरले गर्ने सहयोग र सहकार्यलाई निरन्तरता दिने । स्थानीय कला र संस्कृति संरक्षणलाई अन्य क्षेत्रको कार्यक्रममा समेत समावेश गर्ने ।	३. स्थानीय कला र संस्कृति संरक्षण र प्रवर्द्धनमा नगरले गर्ने सहयोग र सहकार्यको पद्धतिमा आवश्यक परिमार्जनसहित निरन्तरता दिने ।

च. सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यसम्पादनको निम्ति नगरपालिकामा सक्षम जनशक्ति, शाखा, संयन्त्र, तथा अन्तरिक तथा बाह्य सरोकारवालाहरूको सक्रियता आवश्यक हुन्छ । साथै विभिन्न स्तर तथा चरणमा निरन्तर क्षमता अभिवृद्धि, सहकार्य र समन्वय पनि महत्वपूर्ण हुने हुनाले यस सम्बन्धी कार्यक्रमहरू पनि तर्जुमा भएको छ । त्यस्तै यस क्षेत्रमा सचेतना र जागरूकताको पनि उत्तिकै महत्व हुने भएकोले र यस्ता क्षेत्र र स्थानको सुरक्षामा पनि ध्यान दिनुपर्ने हुन्छ । यस विषयलाई पनि मध्यनजर गर्दै आवश्यक कार्यक्रम निर्धारण गरिएको छ । विशेषगरी युवा पुस्तामा कला र संस्कृतिको मोह कम हुँदै गएको महसुस गरिएकोले, युवा पुस्ता लक्षित सचेतना अभिवृद्धिमा कार्यक्रम तय गरिएको हो ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को संगठन संरचना बमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा वा सामाजिक विकास शाखा अन्तर्गत सम्पदा संरक्षण इकाई स्थापना गर्ने ।	१. आवश्यकता अनुसार सम्पदा संरक्षण इकाईलाई सामाजिक विकास शाखा अन्तर्गत विस्तार गर्ने ।	१. सम्पदा संरक्षणसँग सम्बन्धित क्षमता विकास कार्यक्रममा आवश्यक परिमार्जन गरी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने ।
२. सम्पदा संरक्षण इकाईको विभिन्न तालिम, सेमिनार, सिकाई कोर्षको माध्यमद्धारा क्षमता अभिवृद्धि गर्ने ।	२. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने ।	२. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने ।
३. सम्पदा व्यवस्थापन एवं संरक्षणको लागि नगरस्तरीय समिति गठन तथा परिचालन गर्ने ।		

च.१. बाह्य पक्ष र सरोकारवालाको लागि :

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरपालिकाको आन्तरिक क्षमता विकासमा मात्र नभई सम्पदा संरक्षण क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने नागरिक, बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना वृद्धिमा पनि ध्यान दिने ।	१. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन र नियमन ।	१. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन र नियमन ।
२. सम्पदा संरक्षण र व्यवस्थापनको लागि सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समूह आदिसँग साझेदारी विकास गर्ने ।	२. सम्पदा संरक्षणका नगरको आन्तरिक संयन्त्र र सम्बन्धित सरोकारवालासँगको सहकार्यलाई संस्थागत र व्यवस्थित गर्ने ।	२. सम्पदा संरक्षणमा सहकार्य र साझेदारीलाई उपलब्धीमूलक बनाउन सम्बन्धित सरोकारवाला सहितको नगरस्तरीय संयन्त्रको भूमिका परिभाषित गरी थप व्यवस्थित बनाउने ।
३. विशेषगरी नयाँ पुस्तालाई संलग्न गराउने खाले सचेतना कार्यक्रमहरू आयोजना गर्ने । साथै नगर प्रहरी र अन्य सुरक्षा संयन्त्र (प्रहरी, सेना आदि) को सहयोगमा सम्पदा क्षेत्र संरक्षण गर्ने ।	३. नयाँ पुस्ताको संलग्नता र सम्पदा सुरक्षाको निरन्तर सुनिश्चितता ।	३. नयाँ पुस्ताको संलग्नता र सम्पदा सुरक्षाको निरन्तर सुनिश्चितता ।

तालिका २/५.२.३ : सम्पदा संरक्षणको अपेक्षित उपलब्धी

क्र. स.	उपलब्धी सूचक	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
१.	Museum/Art Gallery (संख्या)				५
२.	व्यवस्थित शवदाह स्थल/स्थान (संख्या)			८	१२
३.	लोपोन्मुख/आदिबासी भाषा, लिपि र विभिन्न कला, संस्कार, संस्कृतिको आधारमा समुदाय पहिचान कार्य (प्रतिशत)		३०	५०	९०
४.	लोपोन्मुख/आदिबासी भाषा, लिपि र विभिन्न कला, संस्कार, संस्कृति संरक्षण गर्न अभिलेखीकरण तथा Knowledge management कार्यमा समग्र प्रगति (प्रतिशत)		३०	५०	१००
५.	सम्भावित सम्पदा महत्वका (सबै किसिमको) स्थान, क्षेत्रको पहिचान, अध्ययन, अनुसन्धान, उत्खनन् कार्य (संख्या)			२	४
६.	नगरपालिकाले गर्दै आएको साँस्कृतिक सहयोग र सहकार्य (संख्या वा रूपैयाँ)				
७.	सम्पदा संरक्षण र व्यवस्थापनको लागि गुठी, मन्दिर व्यवस्थापन समिति, गुम्बा व्यवस्थापन समिति लगायत सरोकारवाला संघ संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था र जानकार समूह आदिसँग गरिएको साझेदारी (संख्या)		२	४	६
८.	सम्पदा संरक्षण र व्यवस्थापनको लागि सचेतना कार्यक्रमहरूबाट लाभान्वित जनसंख्या		५५	८०	१००

५.२.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१. परिचय

नेपालको सन्दर्भमा लैङ्गिक समानता अन्तर्गत मूलतः महिला तथा लैङ्गिक अल्पसंख्यकको सम्मान, सुरक्षा, अवसर र न्यायको विषय पर्छन् । सामाजिक समावेशीकरण भन्नाले विविध कारणले बहिष्करणमा परेका वर्ग क्षेत्र, लिङ्ग र सम्प्रदायका नागरिकको राज्य सञ्चालन प्रक्रियामा मूल प्रवाहीकरण गर्ने विषय पर्छन् । विभिन्न जातजातिको समिश्रण रहेको वालिङ नगरपालिका जनसाङ्खिक अवस्थाका आधारमा एक समावेशी नगरपालिका हो । वालिङ बसोबास गर्ने सबै जातजाति लगायत महिला, अपाङ्गता भएका व्यक्ति लगायत सबैको बराबर सम्मान र समान अवसरको सुनिश्चितताका लागि नगरले विभिन्न प्रयास गरिरहेको छ । नागरिकका बिच उत्पत्ति धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य कुरामा भेदभाव नगरिने कुरा नेपालको संविधानले मौलिक हकका रूपमा समावेश गरेको सन्दर्भमा निर्वाचित स्थानीय सरकार गठनसँगै संविधान प्रदत्त समानताको हक सुनिश्चिततालाई स्थानीय सरकारको प्रमुख दायित्व हुनेमा वालिङ दृढ छ । वालिङ नगरपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यक्रम अन्तर सम्बन्धित विषयका रूपमा समावेश गरी कार्यान्वयन गर्दै आएता पनि स्थानीय रूपमा कानुनी र नीतिगत प्रबन्ध गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सेवालाई सम्बोधन गर्ने सवालमा कमी महसुस गरिएको छ ।

वालिङ नगरपालिकाको नगर पार्श्वचित्र २०७५ का अनुसार ५ वर्षमाथिका महिला र पुरुषको साक्षरतादर क्रमशः ७२.७ प्रतिशत र ८४.३ प्रतिशत रहेको छ । सम्पत्तिमा स्वामित्व (विशेषगरी घर जग्गामा) पुगेको महिला २६ प्रतिशत रहेको छ । मातृ मृत्यूदर प्रति लाख जीवित जन्ममा १ प्रतिशत भन्दा कम रहेको छ । संवैधानिक प्रावधान कार्यान्वयनसँगै नगरको निर्णय प्रक्रियामा महिला, दलित लगायतको प्रतिनिधित्व विस्तार भएको छ । तथापि सबै स्तरमा समान प्रतिनिधित्व, पहुँच र अवसरका लागि थप प्रयत्न गर्नुपर्ने आवश्यकता छ ।

२. मुख्य अवसर र चुनौती

नगरवासीमा रहेको समान तथा समावेशीकरण सम्बन्धी जनचेतनाको उच्चतम् स्तरलाई रहेका क्षेत्रमा सहभागितामूलक निर्णय प्रक्रिया अवलम्बन गर्नमा समुदायको साथ र सहयोग हाँसिल गर्ने अवसर छ। सबै क्षेत्रका पूर्वाधार तथा सेवामा महिला, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिको पहुँच बढाउने सम्बन्धमा संघ तथा प्रदेश सरकार एवं संघसंस्थाहरूको प्राथमिकतालाई यो क्षेत्रको अवसरका रूपमा लिइएको छ। यसका बाबजुद नगरको आन्तरिक प्रशासनिक स्वरूपलाई थप समावेशी बनाउने, उपभोक्ता समितिको निर्णायक तहमा महिलाको भूमिका बढाउने, पूर्वाधार र सेवालाई अपाङ्ग एवं लैंगिकमैत्री बनाउने जस्ता चुनौती नगरलाई छ।

३. लक्ष्य

विकास, सेवा र अवसरहरूमा सबै नगरवासीको समान पहुँच र न्याय सुनिश्चित गर्ने।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य १ : नीतिगत र कानुनी रूपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु।

नीति क. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सन्दर्भमा नेपालको कानुनमा भएको व्यवस्थालाई व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, तथा कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ।

नीति ख. नीति तथा कानुनी प्रावधानका आधारमा लक्षित कार्यक्रम तय गरी नगरमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तिकरण गरिने छ।

नीति ग. बालअधिकारलाई सुनिश्चित गर्नका लागि आवश्यक नीतिको कार्यान्वयनलाई निरन्तरता दिनेछ।

नीति घ. संविधानको धारा १० मा व्यवस्था भएअनुसार अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक नीति नियम तयार गरी कार्यान्वयन गरिनेछ।

नीति ङ. महिला सशक्तिकरण सम्बन्धी नीतिगत व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

नीति च. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई सबै क्षेत्रका नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गर्दै लगिने छ।

उद्देश्य २: नगरको विकास निर्माण र सेवा प्रवाहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई व्यवहारिक कार्यान्वयन गर्नु।

नीति क. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रवर्द्धन गर्नुका साथै महसुस हुने गरी नगरको सेवालाई पहुँचयोग्य बनाइने छ।

नीति ख. नगरको राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गरिनेछ।

नीति ग. नगरमा निर्माण हुने हरेक सार्वजनिक संरचना अपाङ्गतामैत्री, बालमैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइनेछ।

नीति घ. दुर्व्यवहार/बेचबिखनको जोखिममा परेका महिलाहरूको सुरक्षा र सुरक्षित बसोबासका लागि आवश्यक प्रबन्ध गरिनेछ।

नीति ङ. आर्थिक, सामाजिक र राजनीतिक गतिविधिहरूमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिने छ।

नीति च. आर्थिक, सामाजिक र राजनितिक गतिविधिहरूमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिने छ।

नीति छ. नगरमा रहेका संघ संस्था तथा समितिहरूमा विभिन्न पक्षको प्रतिनिधित्वको अवस्था, पूर्वाधार हरूको पहुँचयोग्यता र सम्बन्धित पक्षले पाउने सेवाप्रतिको अवधारणा आदि मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखाजोखा प्रणालीलाई संस्थागत गरिनेछ ।

उद्देश्य ३. सामाजिक समावेशीकरण प्रवर्द्धनको भूमिकामा रहेको नगर संयन्त्रलाई क्षमतायुक्त बनाउनु ।

नीति क. नगरमा रहेका महिला तथा बालबालिका शाखामा आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।

नीति ख. महिला तथा बालबालिका शाखालाई प्रविधिमैत्री बनाइनेछ ।

नीति ग. महिला तथा बालबालिका शाखाका कर्मचारीहरूको क्षमता विकासका कार्यक्रम तय गरी कार्यान्वयन गरिने छ ।

नीति घ. तालिम, अनुशिक्षण लगायतका विधिमार्फत् महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक आदिको अधिकार, पहुँच तथा नगरको भूमिका सम्बन्धमा सबै नगर अन्तर्गतका इकाई तथा कर्मचारी बिचमा स्पष्टता ल्याइने छ ।

नीति ङ. नगरभित्र, नगरमा रहेका संघ संस्था तथा समितिमा विभिन्न पक्षको प्रतिनिधित्वको अवस्था, पूर्वाधारहरूको पहुँचयोग्यता, सम्बन्धित पक्षले पाउने सेवाप्रतिको अवधारणा आदि मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखाजोखा प्रणालीलाई संस्थागत गरिने छ ।

उद्देश्य ४. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरबाट प्रवाह गरिने सेवा प्रभावकारी बनाउनु ।

नीति क. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता वितरण थप प्रभावकारी बनाइनेछ ।

नीति ख. सामाजिक सुरक्षा सेवा प्राप्त गर्ने व्यक्तिहरूको प्रभावकारी तथ्याङ्क व्यवस्थापन गरिनेछ ।

नीति ग. सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनको प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ ।

नीति घ. ज्येष्ठ नागरिक, दीर्घरोगी तथा अपाङ्गता भएका व्यक्तिको सम्मान र सुरक्षाका लागि पारिवारिक संरक्षणमा जोड दिइने छ ।

तालिका १/५.२.४ : आवधिक प्राथमिकता : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

क. वालिङ नगरपालिकाले सेवा प्रवाह र विकास निर्माणलाई ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिने र योजना तथा विकास निर्माणको अभ्यासमा सहभागिता प्रवर्द्धनका अभ्यास गरिरहेको छ । तथापि लैङ्गिक समनता र सामाजिक समावेशीकरणको नीति तथा बेग्लै कानुन नभएको तथा सबै क्षेत्रका नीति तथा कानुनमा यो पक्ष विश्लेषण गर्नुपर्ने आवश्यकता देखिएकोले नीतिगत र कानुनी व्यवस्था निर्माणको आवधिक कार्यसूची यहाँ प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू निर्माण गर्ने ।	१. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरू अद्यावधिक गर्ने ।	१.लैङ्गिक समानता र सामाजिक समावेशीकरणका नीति नियम र कार्यविधिहरूलाई थप व्यवहारिक र समय सापेक्ष बनाउने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२. नगरको पूर्वाधार व्यवस्थापन तथा सेवा प्रवाहसँग सम्बन्धित नीति तथा कानुनमा सामाजिक समेवेशीकरणको पक्ष विश्लेषण गरी आवश्यक परिमार्जनको शुरुवात गर्ने ।	२. नगरका सबै नीति तथा कार्यक्रमलाई सामाजिक समावेशीकरणको नीति अनुकुल भएको सुनिश्चिता गर्ने ।	२. क्षेत्रगत नीतिहरूमा रहेका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षको पुनरावलोकन र आवश्यक परिमार्जन गर्ने ।
ख. नगरपालिकाले विभिन्न कार्यक्रम कार्यान्वयका लागि गठन हुने उपभोक्ता समितमा महिला लगायत सबै पक्षको प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ भने संरचनाहरूलाई अपाङ्गता भएका, बालबालिका र महिलामैत्री बनाउँदै लगिएको भएपनि सहभागिता तथा संरक्षण र पहुँच वृद्धिका लागि थप कार्य गर्नुपर्ने आवश्यकता महसुस गरी निम्न प्राथमिकता तय गरिएको छ ।		
अल्पकालीन (पहिलो २ वर्ष)	**मध्यकालीन (३ देखि ७ वर्ष)**	**दीर्घकालीन (८ देखि २० वर्ष)**
१. उपभोक्ता समिति र कार्यक्रम अनुगमन समितिमा महिलाको सहभागिता कम्तीमा ४० प्रतिशत पुऱ्याउने साथै दलित, जनजाति र पछाडी परेका समुदायको सहभागिता सुनिश्चित गर्ने ।	१. विभिन्न समितिमा महिला, दलित जनजातिको वा लोपोन्मुख जातिको सहभागिता सुनिश्चितताको व्यवहारिक कार्यान्वयनमा जोड दिने ।	
२. नगरमा निर्माण भएका र निर्माण हुने सार्वजनिक पूर्वाधार अपाङ्गतामैत्री बनाउन थालनी गर्ने ।	२. नगरभित्र निर्माण भएका सबै पूर्वाधार अपाङ्गतामैत्री बनाउने ।	२. नगरपालिकाबाट सञ्चालन हुने सबै पूर्वाधार र सेवा सम्बन्धी कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाल समेट्ने अभ्यासलाई संस्थागत गरिसक्ने ।
३. महिलाहरूको आर्थिक, सामाजिक र राजनितिक सहभागिता सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।	३. महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न गरिने प्रवर्द्धनात्मक कार्यक्रमलाई थप प्रभावकारी बनाउने ।	
४. दुर्व्यबहार/बेचबिखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माणका लागि अध्ययन र पूर्व तयारी गर्ने ।	४. दुर्व्यवहारमा/बेचविखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृह निर्माण गर्ने ।	४.दुर्व्यवहार/बेचबिखनको जोखिममा परेका महिलाहरूको लागि आवास गृहलाई थप व्यवस्थित र प्रभावकारी बनाउने ।
५. नगरलाई बालमैत्री नगरको अवस्थामा पुऱ्याउने गरी सार्वजनिक पूर्वाधार सुधारको थालनी गर्ने ।	५. नगरलाई बालमैत्री नगरको अवस्थामा पुग्नेगरी सार्वजनिक पूर्वाधार सुधार गरिसक्ने ।	५. नगरलाई बालमैत्री पूर्वाधारयुक्त नगरको रूपमा स्थापित गर्ने ।
६. लैङ्गिक हिंसा न्यूनिकरणका लागि नगरपालिकामा लैङ्गिक हिंसा न्यूनिकरण कोष स्थापना गर्ने ।	६. लैङ्गिक हिंसा न्यूनिकरण कोषका माध्यमबाट लैङ्गिक हिंसा न्यूनिकरणका लागि विविध कार्यक्रम सञ्चालन गर्ने ।	

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
७. नगरपालिकाबाट प्रवाह हुने सेवामा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको सहज पहुँचका लागि सेवा प्रवाहको विधि परिमार्जनका लागि आधारहरू तयार गर्ने ।	७. नगरपालिकाबाट प्रवाह हुने सेवामा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको सहज पहुँचका लागि सेवा प्रवाहको विधि परिमार्जनसहित कार्यान्वयन गर्ने ।	

ग. नगरमा रहेको महिला तथा बालबालिका शाखालाई थप क्षमतायुक्त बनाउन तथा सबै संयन्त्रको कार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई समेट्ने गरी संगठन संरचना र क्षमता विकासका लागि निम्न अनुसारका प्राथमिकता निर्धारण गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१.महिला तथा बालबालिका शाखालाई व्यवस्थित गर्दै आवश्यक उपकरण व्यवस्था गर्ने ।	१. महिला तथा बालबालिका शाखालाई आधुनिक प्रविधियुक्त बनाउने ।	१. महिला तथा बालबालिका शाखालाई जनशक्ति, पूर्वाधार र प्रविधियुक्त बनाउने ।
२. महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने ।	२. महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीको क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिने ।	
३. सामाजिक सुरक्षा सम्बन्धी सेवालाई प्रविधिमैत्री बनाउन थालनी गर्ने ।	३. सबै प्रकारका सामाजिक सुरक्षा सेवा वितरणलाई सूचना प्रविधिमा आधारित बनाउने ।	
४. महिला तथा बालबालिका शाखालाई अपाङ्गतामैत्री र बालमैत्री बनाउन थालनी गर्ने ।	४. महिला तथा बालबालिका शाखालाई पूर्ण अपाङ्गतामैत्री र बालमैत्री बनाउने ।	
५. एकल महिला स्वरोजगार कार्यक्रमका लागि आधार तयार गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने ।	५. एकल महिला स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।	
६. एकल तथा असहाय महिला सुरक्षा कोष स्थापना र सञ्चालन गर्ने ।	६. एकल तथा असहाय महिला सुरक्षा कोषलाई थप प्रभावकारी बनाउने ।	
७. महिला उद्यममा पहिला भन्ने नारालाई साकार पार्न महिला लक्षित साना तथा लघु उद्यम प्रवर्द्धन कार्यक्रम तय गरी आर्थिक विकासको अंगका रूपमा लागु गर्ने ।		
८. महिलाको क्षमता अभिवृद्धि तथा नेतृत्व विकासमा एवं व्यवसायिकता अभिवृद्धि गर्नका लागि महिला सहकारी संस्थाहरूलाई विशेष प्राथमिकताका साथ सञ्चालन र प्रवर्द्धनमा सहयोग गर्ने ।	८. निरन्तर	

तालिका २/५.२.४ : लैंगिक समानता तथा सामाजिक समावेशीकरणको परिमाणात्मक लक्ष्य

क्र.सं.	उपलब्धी सूचक	एकाई	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
१.	लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी ऐन, नियम र कार्यविधि निर्माण सम्बन्धी जनप्रतिनिधिलाई अभिमुखिकरण, निर्माण र नियमित अद्यावधिक (प्रत्येक पटक निर्वाचित)	संख्या	०	८०	८०	१६०
२.	नगरमा निर्माण हुने र निर्माण भएका सबै सरकारी संरचना अपाङ्गमैत्री बनाउने (निर्माण भइसकेका १५० संरचनामा ऱ्याम बनाउने	संख्या	०	५०	७०	३०
३.	महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सहभागिता सुनिश्चित गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने	पटक		२	१०	१५
४.	दुर्व्यवहार/बेचविखनको जोखिममा परेका महिलाहरूको लागि नगरस्तरीय आवास गृह	संख्या	०	१	१	१
५.	लैगिक हिंसा न्यूनिकरणका लागि नगरपालिकामा लैंगिक हिंसा न्यूनिकरण कोष स्थापना र परिचालन (रकम)	रु. लाख		२	५	१०
६.	महिला तथा बालबालिका शाखालाई व्यवस्थित गर्दै आवश्यक उपकरण व्यवस्था गर्ने	पटक		१	१	१
७.	महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई क्षमता विकास तालिम	पटक		२	५	१३
८.	सामाजिक सुरक्षा सम्बन्धी सेवालाई प्रविधिमैत्री बनाउन बनाउनमा वार्षिक लगानी (रकम)	रु. हजार		१००	१००	१००
९.	महिला तथा बालबालिका शाखाको भौतिक संरचना अपाङ्गतामैत्री र बालमैत्री बनाउने	संख्या	०	०	१	०
१०.	नगरस्तरीय एकल तथा असहाय महिला सुरक्षा कोष स्थापना र सञ्चालन	संख्या		१	१	१

५.३. पूर्वाधार विकास

यो खण्डमा वालिङ नगरपालिकाको भू-उपयोग र आवास व्यवस्थापन, पार्क तथा मनोरञ्जनका पूर्वाधार, यातायात, खानेपानी, सार्वजनिक सरसफाई, सार्वजनिक भवन तथा पुस्तकालय, सिँचाइ, विद्युत र सञ्चार सम्बन्धी पूर्वाधार र सेवाको नीति तथा आवधिक प्राथमिकता समेटिएको छ । यी सेवाका पूर्वाधार तयारी वा स्तरोन्नतीको विधि र मापदण्ड निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयनमार्फत् सुव्यवस्थित र पूर्वाधारयुक्त स्मार्टवालिङ निर्माणको नीति र प्राथमिकता यो क्षेत्रमा समेटिएको छ ।

५.३.१. भू-उपयोग तथा आवास व्यवस्थापन

१. परिचय

वालिङ नगरपालिकाको बस्ती एवं मानव गतिविधिको विकासक्रमलाई नियाल्दा शुरुमा आँधीखोला किनार आसपासको क्षेत्रबाट भएको भन्ने विश्वास रहेको छ । त्यसपछि बाइसे-चौबीसे राज्य अन्तर्गत पर्ने स्याङजाका ६ वटा टुक्राको एक टुक्रा गह्रौ राज्य थियो । सन् १८७५ ताका अभिमान सिंह बस्न्यात समेतको पाल्पा हिँडेको फौजले गह्रौ राज्य पनि एकीकृत गरेको इतिहास छ । यस राज्यको राजधानी भुम्रे हटिया बजार भएको पाइन्छ । वर्तमान वालिङको पेखु पनि नेपालको पुरानो शासकीय केन्द्रकै रूपमा विकसित भएको देखिन्छ ।

विभिन्न राज्य तथा प्रसासनिक प्रणाली हुँदै, समकालीन इतिहाससम्म आइपुग्दा २०५४ सालमा नगरपालिका स्थापना भए पश्चात् साबिक पेखुवाघखोर, वालिङ, धनुवासे गा.वि.स. मिलाई जम्मा ११ वटा वडा कायम गरिएको थियो । हाल संघीय संरचना अनुसार २०७३, फागुन २७ गतेदेखि छिमेकी गा.वि.स. जगत भञ्ज्याङ, मल्याङकोट, केवरेभञ्ज्याङ, कालिकाकोट, सिर्सेकोट, थुमपोखरा, पेलाकोट, तिनदोबाटे, स्वरेक, छाङछाङदी, माझकोट, एलादी गा.वि.स. का पूरै वा आंशिक वडाहरू समावेश भई १४ वडाको बृहत् वालिङ नगरपालिका गठन भएको हो ।

नगरपालिका गठन र विस्तारका क्रममा भू-उपयोगको विषयले प्राथमिकता पाउन नसकेको भएपनि आगामी दिनमा नगरपालिकालाई स्मार्ट सिटीको रूपमा विकसित गर्ने परिकल्पना रहेको हुनाले, समग्र भू-उपयोग अभ्यासलाई पनि संस्थागत गराई आधुनिक बनाउनु आवश्यक छ ।

नेपाल सरकार, भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयका (२०७२) अनुसार सीमित भूमि र भूमिस्रोतको संरक्षण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापन सम्बन्धी कार्यलाई मार्गनिर्देशन गर्न तर्जुमा गरिएको नीतिगत दस्ताबेज भू-उपयोग नीति हो । भूमि तथा भूमिस्रोतको संरक्षण, उपयोग र व्यवस्थापनका लागि आवश्यक पर्ने कानुनी एवम् संस्थागत व्यवस्था यसै नीतिको आधारमा गरिन्छ । यस नीतिले भूमि तथा भूमिस्रोतको उपयोगबाट प्राप्त हुने लाभलाई न्यायोचित ढंगबाट वितरण गर्न सक्ने अवस्था सिर्जना गर्दछ । भू-उपयोग नीति, नियम, योजनाको साथै सोको प्रभावकारी कार्यान्वयन र अभ्यास स्थानीय सरकारको लागि महत्वपूर्ण हुन्छ । नगरपालिकाहरूको औद्योगिक, व्यापारिक वा आवासीय क्षेत्र लगायत शहरी ग्रामीण/योजनालाई वैज्ञानिक बनाउन भू-उपयोग योजना आवश्यक हुन्छ ।

त्यस्तै भू-उपयोग योजनाले स्थानीय सरकारको अन्य नीतिमा सकारात्मक प्रभाव पर्दछ । उदाहरणको लागि स्थानीय सरकारले कुनैपनि निर्माण संस्थालाई आवासीय वा व्यापारिक प्रयोजनको लागि ठूला अपार्टमेन्टहरू निर्माणको अनुमति दिन लागेको, विद्यालयको कक्षाकोठा वा नयाँ भवन निर्माणको तयारी, बाटो निर्माण वा अस्पताल निर्माणजस्ता कार्यहरू सञ्चालन गर्न भू-उपयोग योजना छ भने सो निर्माण गर्दा बढी प्रभावकारी निर्णय गरी निर्माण प्रकृयामा शुरु गर्न सकिन्छ । भू-उपयोग नीति, नियम, योजनाले स्थानीय सरकारलाई जमिनको प्रकृति अनुसारको क्षेत्र छुट्याउन तथा विकास निर्माणका कार्यहरू विस्तार गर्न

सहयोग पुऱ्याउँछ । नेपालको संविधान २०७२ ले स्थानीय सरकारहरूलाई आफ्नो क्षेत्रभित्रका विभिन्न किसिमका विकासका योजनाहरू तथा स्थानीय आवश्यकता अनुसारका विकास निर्माण कार्यहरू गर्न पाउने अधिकार प्रदान गरेको छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी काम कारवाहीमा अधिकार सुनिश्चित गरेको छ । भू-उपयोग ऐन २०७६ ले पनि स्थानीय सरकारलाई विभिन्न भू-उपयोग संरचनासहित, भू-उपयोग क्षेत्र नक्सा तयारी, परिमार्जन, र कार्यान्वयन एवं भू-उपयोग योजना तर्जुमा गर्न निर्देशित गरेको पाइन्छ । विस्तृत रूपमा हेर्दा भू-उपयोग नीति, नियम, योजना बनाउने कार्य संघीय र प्रदेश सरकारको कार्यसूची भित्र परेका छन् र थप स्थानीय नीति, नियम, भू-उपयोग योजना बनाउने कार्य स्थानीय सरकारको कार्य हो भनी शहरी विकास मन्त्रालयले प्रकाशन गरेको भू-उपयोग नीतिमा उल्लेख गरेको छ ।

वालिङ नगरपालिका राष्ट्रिय भू-उपयोग परियोजनामा समावेश भएको र यस परियोजनाबाट नक्सा, तथ्याङ्क, प्रतिवेदन समेत नगरपालिकाले प्राप्त गरिसकेको हुनाले भू-उपयोग योजना निर्माणका लागि तुलनात्मक रूपमा सहज वातावरण तयार भएको छ । साथै, नगरले विभिन्न कृषि पकेट क्षेत्र निर्धारण औद्योगिक क्षेत्र निर्धारण, भूमि एकीकरण (Land Pooling) लगायतका कार्य प्रारम्भ पनि गरेको छ । तथापि कतिपय संरचना निर्माण भइसकेको तथा समुदायलै आफ्नै विवेकका आधारमा विकास गरेका कृषि, आवास तथा व्यवसायिक क्षेत्रमा ठूलो परिवर्तन गरी पूर्ण रूपमा वैज्ञानिक भू-उपयोग योजना बनाउन भने सहज छैन ।

शहरी विकासको अभिन्न अंगका रूपमा रहेको भवन निर्माण व्यवस्थित गर्न नगरले भवन संहिताको कार्यान्वयन गरिरहेको छ । साथै नगरका भवनहरूमा एउटै रंग लगाएर पिंक सिटीको स्वरूप दिने प्रयास पनि नगरले गरेको छ । तथापि पहिले नै बनेका भवन तथा संरचनाहरूलाई भवन संहिता तथा मापदण्ड अनुकुल बनाउनमा कमी महसुस गरिएको छ ।

भू-उपयोग, भू-सीमाङ्कन तथा जग्गा नापी तथ्याङ्क (Land Use, Boundary and Land Parcel Data),भवन निर्माण तथा व्यवस्थापन तथ्याङ्क (Building Construction and Management Data), भू-उपयोग अवस्था (Land Use Pattern), पुनर्विकास (Redevelopment) आदि भू-उपयोग र शहरी विकासका महत्वपूर्ण पक्ष हुन् ।

अधिकांश स्थानीय सरकारहरूले जस्तैः यस नगरले पनि नक्सा निर्माण र स्वीकृति प्रक्रिया कार्य परम्परागत रूपमा गर्दै आएको हुनाले यसलाई थप आधुनिकीकरण र प्रविधिमूलक बनाउन जरुरी छ । हालसम्म कागजी प्रक्रियाबाट हुने नक्सा नर्माण र स्वीकृति कार्यलाई विद्युतीय (Digital) माध्यमद्वारा अगाडी बढाउन पर्ने आवश्यकता छ भने सबै अन्तरसम्बन्धित विभाग र निकाय जस्तैः सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणाली एकीकृत गर्ने Integrated building permit system तिर उन्मुख हुनुपर्छ । यी कार्यका लागि तथ्याङ्क व्यवस्थापन र प्रयोगको मुख्य भूमिका हुन्छ ।

भूमिको अवैज्ञानिक प्रयोग तथा तालमेल नमिल्नाले वा परस्पर बिरोधी प्रयोग (Land use conflict), अव्यवस्थित र असुरक्षित बसोबास/भू-प्रयोग विद्यमान छ । विभिन्न किसिमका भू-तथ्याङ्क, आर्थिक-सामाजिक-साँस्कृतिक तथ्याङ्क आदि संकलन गरी र प्रयोगमा ल्याउनु पनि अपरिहार्य छ ।

पुनरविकास अर्थात् साना टुक्रे कित्ताहरू तथा पूराना अव्यवस्थित किसिमले बनेका संरचनाहरूलाई व्यवस्थित ढंगले पुनर्स्थापना गर्नु पनि भू-उपयोग अन्तर्गतको कार्य हो । यस क्रममा नगरपालिकामा जोखिम तथा अव्यवस्थित बसोबास गर्ने परिवारको तथा जमिनको पहिचान र उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

२. मुख्य अवसर र चुनौती

संघीय भू-उपयोग ऐन निर्माण भएको र वालिङ नगरपालिका राष्ट्रिय भू-उपयोग परियोजनाले पहिलो चरणमा नै समेटेको नगर भएको कारण कानुनको अधिनमा रही परियोजनाबाट प्राप्त तथ्याङ्कको आधारमा स्थानीय भू-उपयोग योजना बनाई नगरलाई सुव्यवस्थित नगर बनाउने अभियान शुरु गरिहाल्ने अवसर नगरलाई छ। रोज पिङ्क सिटीको अभियानले मूर्त रूप पाउँदै गरेकोले त्यसको जगमा भवनको शैली समेतमा क्रमशः एकरूपता ल्याई नगरका भवनको विशेषतामा समानता ल्याउने, स्मार्ट सिटी निर्माणको प्रक्रिया अघि बड्ने क्रममा शहरी सेवा व्यवस्थापन र परस्पर विरोधी भू-उपयोग अभ्यासमा सुधार ल्याउने तथा शहरीकरणतर्फ उन्मुख क्षेत्रको पूर्वाधार विकास तथा भवन निर्माण गर्दा भू-उपयोगर आवास व्यपस्थापनको वैज्ञानिक पद्धतिमा आधारित बनाउने अवसर नगरलाई छ।

शहरी नियोजन वा योजनावद्ध शहरी विकासको मापदण्ड पूरा नगरी बनाइएका भवन तथा सार्वजनिक पूर्वाधारलाई सकारात्मक भू-उपयोगमा आधारित बनाउने, जोखिमयुक्त बस्तीहरूलाई सुरक्षित ठाउँमा सार्ने र १४ वडाका सयौं गाउँ तथा टोलका रूपमा छरिएको बस्तीलाई एकीकृत गर्दै सेवा प्रवाह र प्राप्तिमा सहज हुने गरी उपयुक्त अवस्थामा लाने र नगरलाई सुव्यवस्थित शहर र ग्रामीण बस्तीसहितको नगर बनाउनु भने चुनौतीपूर्ण छ।

३. लक्ष्य

सकारात्मक भू-उपयोगमा आधारित सुव्यवस्थित वालिङ बनाउने।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य १: नगरपालिकाको सबै अन्तर वडा तहका सीमाहरू भौगोलिक सूचना प्रणाली GIS **आधारमा अद्यावधिक/परिमार्जन गर्नु।**

नीति क. निर्वाचन आयोग र नापी कार्यालयसँग समन्वय गरी हरेक वडाको राजनीतिक र भौगोलिक सीमा यकिन गरी नगरपालिकाको सीमामा एकरूपता ल्याइने छ।

नीति ख. प्रत्येक वडाभित्र पर्ने हरेक घरधुरी तथा सेवा प्रवाह सोही वडाभित्र पर्ने गरी सीमा तथ्याङ्क कायम गरिने छ।

नीति ग. नगरपालिकासँग जोडिएका छिमेकी नगरपालिका/गाउँपालिका बिच समन्वय गरी नगरपालिकाको सीमा सही रूपमा कायम गरिने छ।

उद्देश्य २: नगरपालिकाभित्र पर्ने हरेक जमिनको कित्ता (Land Parcel) तथ्याङ्क निरन्तर संकलन तथा अद्यावधिक/परिमार्जन गर्नु।

नीति क. नापी कार्यालयसँग समन्वय गरी हरेक जमिन कित्ताको GIS आधारमा सर्वेक्षण तथ्याङ्क अद्यावधिक गरिने छ।

नीति ख. नापी तथा मालपोत कार्यालयसँग समन्वय गरी पुनरनापीमार्फत् लालपुर्जा तथा नापी नक्साको क्षेत्रफलमा एकरूपता ल्याइने छ।

नीति ग. नगरपालिको ऐलानी, सार्वजनिक, सरकारी, र निजी तथा जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी तथा अन्य परिवारको तथा यसरी प्रयोग भइरहेको जमिनको तथ्याङ्क संकलन गरिने छ।

नीति घ. ऐलानी, सार्वजनिक, सरकारी, र निजी तथा जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरूको वास्तविकता यकिन गरिने छ।

नीति ङ. सम्बन्धित पक्षसँगको समन्वयमा नगरपालिकाभित्रका जमिन कित्ताको सबै खाले तथ्याङ्क व्यवस्थापन गरी सर्वसाधारणले सहज रूपमा विद्युतीय (डिजिटल) माध्यमबाट हेर्ने र प्राप्त गर्ने प्रबन्ध गरिने छ।

उद्देश्य ३ : नगरपालिकाभित्र रहेका हरेक पूर्वाधार/भवनको तथ्याङ्क संकलन सम्पन्न गरी निरन्तर अद्यावधिक गर्नु।

नीति क. नगरपालिकाबाट नक्सा पास/स्वीकृति प्राप्त भवनहरूको थप तथ्याङ्क जस्तैः संरचनागत प्राविधिक (Engineering requirement), विद्युतीय लाइन, खानेपानी लाइन, सञ्चार, कर तथा शुल्क, भवन/संरचनाको प्रस्तावित प्रयोग आदिलाई अद्यावधिक गरिने छ । भवन अनुमति नभएको संरचनाहरूको हकमा नक्सा नियमित र अभिलेखीकरणका लागि तथ्याङ्क संकलन गरिने छ ।

नीति ख. नगरपालिको भवन अनुमति प्रणालीलाई (Building permit system) वैज्ञानिक तथा डिजिटल माध्यममा ल्याई सर्वसाधारणले सहज रूपमा आवेदन प्रक्रिया, आवेदनमाथि भएको प्रगती (Process tracking) आदिको जानकारी लिन मिल्ने व्यवस्था गरिने छ ।

नीति ग. घर नम्बर प्रणाली क्रमशः पूर्ण कार्यान्वयनमा ल्याइने छ ।

नीतिघ. सम्पूर्ण भवन अनुमतिको तथ्याङ्कलाई छनौट गरी आवश्यकता अनुसार सर्वसाधारण/संघसंस्थालाई समेत उपलब्ध हुने खाले डिजिटल प्रविधि तयार गरिने छ ।

नक्सा १/५.३.१ : राष्ट्रिय भू-उपयोग परियोजनाबाट प्रस्तावित भू-उपयोग वर्गीकरण



भू-उपयोग ऐन २०७६ को दफा ५, उपदफा ३ बमोजिम मन्त्रालय (अर्थात् राष्ट्रिय भू-उपयोग परियोजनाबाट) तयार भएको नक्साहरूलाई स्थानीय भू-उपयोग परिषदले आवश्यकता अनुसार अद्यावधिक गरी लागु गर्नुपर्ने हुनाले यस वर्गीकरण नक्साको पनि अध्ययन एवं नगरलाई सुहाउँदो र आवश्यक परिमार्जन पश्चात् वर्गीकरणका आधार, मापदण्डसहित लागुगरिने छ ।

उद्देश्य ४ : भू-उपयोग अभ्यासमा उपयुक्तता र सामञ्जस्याता कायम गर्नु ।

नीति क. भू-उपयोग ऐन २०७६ अनुरूप नगरपालिकालाई विभिन्न क्षेत्रमा वर्गीकरण (Zoning) गरिने छ । साथै वर्गीकरण अनुसारको प्रयोग पनि सुनिश्चित गरिने छ ।

नीति ख. हरेक क्षेत्रको लागि तोकिएको भू-उपयोग बमोजिम नगरपालिकाले आफ्नो बृहत् उद्देश्य प्राप्तिका लागि त्यस्ता क्षेत्रका लागि परिपूरक नीति नियमको व्यवस्था मिलाइने छ ।

नीति ग. बस्ती विकासका अवसरहरू खोजी वडाहरूमा नयाँ बस्ती विकास परियोजना अगाडी बढाइने छ ।

नीति घ. भू-उपयोग क्षेत्र तोक्दा सम्बन्धित समुदायको पहिचान जनाउने तथा सडक/यातायात पहुँचको हिसाबले उपयुक्त किसिमको हुने गरी तोकिनेछ ।

नीति ङ. अतिक्रमणमा परेका सम्पूर्ण जग्गा फिर्ता लिन आवश्यक कदम चालिने छ ।

नीति च. खोला नजिकका तथा वातावरणीय हिसाबले जोखिममा रहेका सम्पूर्ण बस्तीलाई उचित स्थानको पहिचान गरी पुनर्स्थापनाको वातावरण तयार गरिने छ ।

नीति छ. विभिन्न भू-उपयोग क्षेत्र अन्तर्गत आवासीय क्षेत्र तोक्दा, यातायातको कारण दैनिक प्रयोजनको लागि चाहिने उपोभोक्ता वस्तु तथा कारोबारका लागि लामो दूरी तय गर्न नपरोस् भन्नका लागि सकेसम्म मिश्रित किसिमको (Mixed land use) प्रयोग सृजना हुने गरी योजना बनाइने छ ।

नीति ज. एकल किसिमको भू-उपयोग क्षेत्र जस्तैः आवासीय, ब्यापारिक, औद्योगिक क्षेत्र तोक्न परेको खण्डमा सो क्षेत्रहरूमा आवश्यकता अनुसार खुद्रा ब्यापारिक स्थानहरूको (Retail centre) पनि प्रावधान ल्याइने छ ।

नीति झ. समुदायले परम्परागत रूपमा प्रयोजनमा ल्याइरहेको मध्यम तथा ठूला वर्गका बजार क्षेत्रलाई व्यवस्थापन गरिनुका साथै नयाँ इलाकामा बजार क्षेत्र विस्तार गरिने छ ।

नीति ञ. आवासीय क्षेत्रहरू तोक्दा र आवासहरूको निर्माण गर्दा/गराउँदा सबै किसिमका आवासहरू (Single family detached dwelling, townhouse, अपाङ्गमैत्री आवास (Special needs housing), अपार्टमेन्टहरू, किफायती आवास (Affordable housing) आदि सबैको प्रावधान राखेर योजना बनाइने छ ।

नीति प. आवासीय क्षेत्र तथा अन्य व्यापारिक क्षेत्रहरू तोक्दा यात्राको समय घटाउने गरी निर्धारण गरिने छ । त्यसैगरी नयाँ क्षेत्र तोक्दा सर्वसाधारणसम्म पहुँच हुने गरी तोकिने छ (बसपार्क, बसस्टप, पार्क इत्यादि) ।

नीति फ. नगरपालिकाले विभिन्न भू-उपयोग क्षेत्र छुट्याउने क्रममा चलि आएका प्रयोजन/संरचनालाई यथावत रहन दिने व्यवस्था (Grandfather Clause) राखेता पनि भविष्यमा सो प्रयोजन/संरचनालाई निर्धारित प्रयोजनमै ल्याउने प्रावधान बनाइने छ ।

नीति ब. नगरपालिकाले भू-उपयोग योजना बनाउँदा अन्तर नगर/गाउँपालिका, प्रादेशिक सरकार तथा संघीय सरकारको अन्य योजना तथा आवश्यकतालाई मध्यनजर राखेर बनाइने छ ।

नीति भ. नगरपालिकाको भू-उपयोग योजनामा आवश्यकता अनुसार संरक्षित क्षेत्रहरू भनी-प्राकृतिक स्रोतहरू, खानि खनिज क्षेत्र, खुल्ला क्षेत्र, साँस्कृतिक सम्पदा क्षेत्र आदि छुट्याइने छ । सो कार्यको लागि नगरपालिकाले यस्ता सबै क्षेत्रहरूको पूर्वअध्ययन गरी निर्धारण गर्नेछ र संरक्षण प्रयोगका लागि नीति नियम निर्माण तथा कार्यान्वयन गर्नेछ ।

उद्देश्य ५: पुराना, अव्यवस्थित, जीर्ण भवन, सडक, तथा अन्य शहरी संरचनालाई सोही ठाउँमा अझ प्रभावकारी, आधुनिक र वातावरणमैत्री तवरले पुनर्स्थापना गर्नु ।

नीति क. कृषि योग्य क्षेत्र, वन क्षेत्र, संरक्षित क्षेत्र बाहेक अरु बसोबास गर्न मिल्ने क्षेत्रमा खाली, बाँझो/प्रयोगविहीन, पुरानो बस्ती, तथा अन्य पुराना भवन भएका जमिनहरूमा मात्र पुनरविकास गर्न पाइने छ ।

नीति ख. निजी जमिन प्लटिङ्ग गर्दा नगरपालिकाको सडक, ढल, विद्युत, पानी आदि सेवाको सञ्जालसँग मेल हुने गरी नगरपालिकामा निवेदन दिएपश्चात्, नगरपालिकाको मुल्याकंन र स्वीकृति भएपछि मात्र मालपोत/नापी कार्यालयमा सिफारिस हुने व्यवस्था मिलाइने छ।

नीति ग. Land pooling गर्दा राष्ट्रिय तथा स्थानीय मापदण्ड अनुरूप उपयुक्त निश्चित प्रतिशत जग्गा/कित्ता pooling को योजनामा हुनु पर्नेछ। Pooling को योजनामा नआएका जग्गाधनीको हकमा भने सो जग्गा/कित्तालाई न्यूनतम असर पर्ने गरी बाँकी Pooling को काम अगाडी बढाइने छ।

उद्देश्य ६: ऐलानी, सार्वजनिक, र सरकारी जग्गामा बसोबास गर्ने सुकुम्बासी परिवारलाई सुरक्षित पुनर्स्थापना तथा उक्त जमिनहरूको उचित व्यवस्थापन गर्नु।

(यस उद्देश्य अन्तर्गतका नीति कार्यान्वयका क्रममा वास्तविक सुकुम्बासी वा विपन्न परिवारका हकमा आवश्यक लचकताका अपनाइने छ।)

नीति क. संकलित भूमि सम्बन्धी तथ्याङ्कको आधारमा, संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी, सम्बन्धित सबै निकाय, संघसंस्था, सरोकारवालाको सहयोगमा ऐलानी, सार्वजनिक र सरकारी जग्गामा बसोबास गर्ने सुकुम्बासी परिवारलाई उचित स्थान निर्धारण गरी पुनर्स्थापना गरिने छ ।

नीति ख. संकलित तथ्याङ्कको अधारमा, संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी, सम्बन्धित सबै निकाय, संघसंस्था, सरोकारवालाको सहयोगमा यसरी प्रयोग भई आएका सबै जमिनको उचित व्यवस्थापन तथा पुनरविकास गरिने छ।

उद्देश्य ७: माथिल्लो तहका सरकारको मार्गदर्शन अनुरूप नगरपालिकाको भू-उपयोग योजना तयारगर्नु।

नीति क. नगरपालिकाको भू-उपयोग योजना संघीय सरकार तथा प्रादेशिक सरकारको अधिनमा रही, राष्ट्रिय भू-उपयोग ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा निर्धारित व्यवस्था अनुसार तयार गरिने छ।

नीति ख. योजना बनाउँदा तथा संशोधन गर्दा मान्यता प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुणस्तर (NS, ISO quality standards), दीगो विकास लक्ष्य (SDG), अन्तर्राष्ट्रिय Best practice आदिसमावेश गरिने छ।

उद्देश्य ८: भू-उपयोग योजनालाई जीवन्तता प्रदान गर्नु।

नीति क. स्थानीय भू-उपयोग योजना आवश्यकता अनुसार संशोधन गरिने छ, जसमा हेरफेर भएका खण्डहरूलाई मात्र परिमार्जन गरेर बाँकीलाई यथावत राखिने छ।

नीति ख. भू-उपयोग योजना संशोधन गर्दा अपनाउने प्रक्रियामा अधिकतम नागरिक सहभागिता सुनिश्चित हुने पद्धति अपनाइने छ।

तालिका १/५.३.१ : आवधिक प्राथमिकता : भू-उपयोग र आवास व्यवस्थापन

क. वालिङ नगरपालिकाले निकट भविष्यबाटै स्मार्ट सिटीको परिकल्पना साकार पार्ने गरी कार्य अघि बढाउने र उत्थानशील, आकर्षक, सुरक्षित तथा तालमेल मिलेको समुदाय, गाउँ तथा शहर सृजना गर्ने उद्देश्य लिएको हुनाले यो कार्यलाई मूर्त रूप दिन विभिन्न कानुनी व्यवस्था एवं औजारको आवश्यक हुन्छ। हालको सन्दर्भमा यस नगरपालिकामा भू-उपयोग, शहरी विकास, बस्ती विकास, र भवन निर्माण सम्बन्धी गतिविधि नियमन गर्ने कानुनी औजारहरू न्यून छन्।

पहाडी नगरपालिका भएकोले भौगोलिक जटिलतालाई ध्यानमा राख्दै भवन निर्माण सम्बन्धी कानुन तथा मापदण्डको पनि स्थानीयकरण गर्नु आवश्यक छ। त्यस्तै संघीयस्तरमा भू-उपयोग ऐन २०७६ लागु भई सकेको

सन्दर्भमा नगरले प्राथमिकताको आधारमा सान्दर्भिक ऐन कानुन निर्माणको लागि संघ तथा प्रदेशसँग समन्वयगरी नगरको क्षेत्राधिकार भित्र रही मौजुदा ऐन, कानुन, मापदण्डलाई स्थानीय परिवेश सुहाउँदो गरी परिमार्जन/संशोधन तथा आवश्यक ऐन कानुन निर्माण गर्नेछ ।		
अल्पकालीन (पहिलो २ वर्ष)	**मध्यकालीन (३ देखि ७ वर्ष)**	**दीर्घकालीन (८ देखि २० वर्ष)**
१. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरूप स्थानीय भू-उपयोग ऐन,नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटी प्रदेश र संघसँग समन्वय गर्ने । २. स्थानीय सरकार सञ्चालन ऐन, परिच्छेद ७ बमोजिम नक्सा पास तथा भवन निर्माण सम्बन्धी सम्पूर्ण कार्यको लागि थप प्रभावकारी नीति, नियम र कार्यान्वयन कार्यविधि (Enforcement guideline) बनाउने ।	१. स्थानीय सरकार सञ्चालन ऐन, परिच्छेद ३ बमोजिम, संघीय तथा प्रदेश कानुनको अधिनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने । २.आवश्यक ऐनहरू: ● स्थानीय भू-उपयोग ऐन/नीति ● भू-उपयोग योजना तर्जुमा सम्बन्धी कार्यविधि ● स्थानीय भूमि ऐन ● जग्गा प्लटिंग ऐन/कार्यनीति ● ल्याण्ड पुलिङ सम्बन्धी ऐन/कार्यनीति ● स्थानीय शहरी (तथा ग्रामीण) योजना/व्यवस्थापन ऐन ● भवन निर्माण/घर नक्सा सम्बन्धी मापदण्ड र ऐन (परिमार्जित र स्थानीय परिवेशलाई सुहाउँदो) ● अव्यवस्थित, असुरक्षित, र गैरकानुनी बस्ती व्यवस्थापन ऐन	१. प्रदेशमा भूमि तथा वातावरण अदालत (Land/Planning and Environment Court) जस्तो विशेष संरचनासहितको कानुनी रूपमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण मामिलामा सक्षम नगरपालिका बन्ने ।
ख. सामान्यता भू-उपयोग तथा शहरी नियोजन र बस्ती विकासको (Land use and urban planning) नीति नियम निर्माण र अभ्यासमा ल्याउने क्रममा यो विषयलाई अन्य क्षेत्रबाट अलग्याएर हेर्ने गरिन्छ । तर यस क्षेत्रको प्रभावकारी अभ्यास र अपेक्षित प्रतिफल हाँसिल गर्न आगामी दिनमा नगरपालिकाले यस क्षेत्रसँग अन्य विभिन्न क्षेत्र तथा सवाललाई जोडेर वा समेटेर अगाडी बढ्नुपर्ने हुन्छ । त्यसैले सामान्य अर्थमा भू-उपयोग भनेको उपलब्ध जमिनको प्रयोग भन्ने बुझिएतापनि भू-उपयोगको अर्थ र प्रयोगको दायरा व्यापक रहेको छ । भू-उपयोगमा योजनावद्ध विकास तथा शासकीय अभ्यासलाई प्रभाव पार्ने आर्थिक, राजनीतिक, सामाजिक, कानुनी तथा प्रशासनिक विषय तथा सवाल समेत समेटिन्छ । भू-उपयोग सम्बन्धी निर्णय र अभ्यासका क्रममा विभिन्न क्षेत्रको आवश्यकता र भू-उपयोग अभ्यासका बिचमा सामञ्जस्यता कायम गर्नु अत्यावश्यक हुन्छ । प्रभावकारी भू-उपयोग अभ्यास कार्यान्वयनका लागि नगरपालिकाले विभिन्न पक्षसँग सहकार्य र साझेदारी गर्नुपर्ने हुन्छ भने त्यसका लागि स्पष्ट र अन्तरसम्बन्धित कानुनी आधार, आवश्यकता अनुसार परम्परागत अभ्यास र आधुनिक प्रविधिको उपयुक्त प्रयोग तथा राजनीतिक इच्छाशक्ति र प्रतिवद्धता आवश्यक पर्छ । त्यसैले अन्तरसम्बन्धित क्षेत्रका रूपमा भू-उपयोग र अन्य नीतिको सामञ्जस्यताका लागि निम्नानुसार नीतिगत प्राथमिकता निर्धारण गरिएको छ ।		
अल्पकालीन (पहिलो २ वर्ष)	**मध्यकालीन (३ देखि ७ वर्ष)**	**दीर्घकालीन (८ देखि २० वर्ष)**
१. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण विषयलाई कम्तीमा आधारभूत क्षेत्रहरूको नीति नियम निर्माणमा सँगै जोडेर लैजाने जस्तैः शिक्षा, स्वास्थ्य, कृषि, वातावरण/सरसफाई, यातायात ।	१. अन्य सबै क्षेत्र र उपक्षेत्रको (वातावरण, सामाजिक, भौतिक र आर्थिक) ऐन, कानुन, नीति निर्माणको क्रममा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण विषयलाई मध्यनजरमा राखेर अघि बढ्ने ।	१. अन्तरसम्बन्धित कानुनी अभ्यासको सुनिश्चितता ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२. नगरपालिका भित्रको सबै तहमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषयलाई वातावरण, सामाजिक, नीतिगत, भौतिक र आर्थिक क्षेत्रसँग जोडेर लैजाने र सो को अन्तरसम्बन्ध बारे स्पष्टता कायम गर्ने ।	२. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषयलाई वातावरण, सामाजिक, नीतिगत, भौतिक र आर्थिक क्षेत्रसँग जोडेर र अन्तरसम्बन्धित रूपमा काम कारवाही अगाडी बढाउने ।	२. सबै क्षेत्रको अन्तरसम्बन्ध बोधसहित प्रभावकारी काम कारवाही, अनुगमन, मुल्यांकन आदि ।

ग. कुनैपनि क्षेत्रको नीति नियम कानुन जतिकै महत्व बोकेको नीतिगत दस्ताबेज सो क्षेत्रको योजना वा गुरुयोजना हुन्छ । नीति नियम कानुनले सम्बन्धित क्षेत्रको कार्य गर्न मार्ग प्रशस्त तथा नियमन गर्छ भने योजना वा गुरुयोजनाले सो क्षेत्रको कार्यसम्पादन गर्न मार्गनिर्देशन गर्दछ । विभिन्न राष्ट्रिय नीति तथा भू-उपयोग ऐन २०७६ बमोजिम तथा नगरको आन्तरिक आवश्यकताको आधारमा पनि भूमिको वैज्ञानिक उपयोग तथा भूमिमा हुने सम्पूर्ण गतिविधिको व्यवस्थित कार्यान्वयन सुनिश्चितताको लागि भू-उपयोग योजना निर्माण गर्न नगरपालिका तत्पर छ । त्यसकारण आवश्यक समन्वय तथा अध्ययन पूरा गरी नगरलाई सुहाउँदो योजना तर्जुमा गरी लागु गरिने छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. भू-उपयोग ऐन २०७६, परिच्छेद २ बमोजिम भू-उपयोग योजना तर्जुमाका लागि संघीय र प्रदेश सरकारसँग समन्वय शुरुवात गर्ने ।	१. भू-उपयोग ऐन २०७६, परिच्छेद २ बमोजिम भू-उपयोग योजना तर्जुमाका लागि नगरपालिकाले भूमिको वस्तुस्थिति, जनसंख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार निर्माणको लागि भूमिको मागमा हुने वृद्धि लगायतका विषयमा अध्ययन गर्ने । आवश्यकता अनुसार ग्रामीण र शहरी क्षेत्रको बेग्लाबेग्लै योजना तर्जुमा गरेर कार्यान्वयन गर्ने ।	१. संकलित सबै तथ्याङ्कको नियमित अद्यावधिक गर्ने । तर्जुमा भएका योजनाहरूको अल्पकालीन र मध्यकालीन समीक्षा/पुनरावलोकन गर्दै अद्यावधिक गर्ने र पुनः कार्यान्वयन गर्ने साथै यस विधिलाई दीगोरूपमा निरन्तरता दिने ।

घ. स्मार्ट सिटीकोएक महत्वपूर्ण अंग बृहत् रूपमा तथ्याङ्कको प्रयोगद्वारा सुशासन कायम गर्नु पनि हो । भू-उपयोग, शहरी विकास, बस्ती विकास र भवन निर्माण क्षेत्रमा तथ्याङ्कको प्रयोग प्रमुख हुन्छ । विशेषगरी भूमिसँग सम्बन्धित विभिन्न भौगोलिक तथ्याङ्क तथा त्यस्ता तथ्याङ्कहरूलाई अझ प्रस्ट रूपमा चित्रण गर्ने नक्साहरूको प्रयोग यो क्षेत्रमा बृहत्रूपमा गरिन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्तम अभ्यासहरूलाई नियाल्दा भूमिको वस्तुस्थिति, खाद्य तथा आवासको आवश्यकता, भूमिको माग, विभिन्न परियोजना कार्यान्वयन र अन्य निर्णय तथा नीति निर्माण प्रक्रियामा आवश्यक पर्ने अध्ययन, मुल्यांकन आदिका लागि यस क्षेत्रमा व्यापक तथ्याङ्क तथा नक्साहरूको प्रयोग हुने गर्छ । यस सन्दर्भमा नगरमा तथ्याङ्क र नक्साको संकलन/निर्माण गर्ने अभ्यासविभिन्न चरणमानगरपालिका तथा संघसंस्थाबाट भएको भएपनि निरन्तर रूपमा व्यवस्थितर एकीकृत भण्डारण, प्रयोग तथा अद्यावधिक गर्ने कार्य भने हुन बाँकी छ । तथ्याङ्क, नक्सा, तथा भू-सूचना प्रणाली र विद्युतीय प्रविधिको प्रयोगद्वारा नगरका विभिन्न कार्यमा सहजीकरण र योजना तर्जुमा तथा निर्णय प्रक्रियालाई वैज्ञानिक बनाउने सोच र स्मार्ट सिटी अवधारणालाईमूर्त रूप दिन निम्न बमोजिमका कार्यक्रम तय गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. जारी रहेका सबै भू-उपयोग सूची (Land Use Inventory) संकलन कार्यलाई निरन्तरता दिने र थप प्रभावकारी बनाउने । साथै उपलब्ध सूची र नयाँ सूचीलाई अद्यावधिक गरेर एकरूपता दिने ।	१. भू-उपयोग ऐन २०७६, परिच्छेद २ र मन्त्रालयको राष्ट्रिय भू-उपयोग परियोजना (National Land Use Project) बमोजिम स्थानीय भू-उपयोग वर्गीकरण (Zoning), स्थानीय भू-उपयोगनक्सा तयारी,	१. उच्च श्रेणीको भू वर्गीकरण नक्सासहितको प्रभावकारी भू-उपयोग, शहरी विकास तथा भवन निर्माण अभ्यास गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
विशेषगरी नगरवासीको माग अनुरूप कृषि जमिनको र जंगल क्षेत्रको (माटोको प्रकार र उब्जनी सम्भाव्यता राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) प्रतिवेदनमा समेटिएकोले सोलाई प्रयोगमा ल्याउने) । १.१. उपलब्ध सम्पूर्ण सीमाना, कित्ता तथा भवन नक्सा, घर नम्बर नक्सा, सडक सञ्जाल नक्सा, विद्युतीय नक्सांकन, पानी वितरण नक्सांकन लगायत अन्य भूगोल र सेवा सम्बन्धी सबै नक्साहरूको केन्द्रिकृत र व्यवस्थित भण्डारण प्रयासको थालनी गर्ने र थप Digitization गर्दै लैजाने ।	मन्त्रालयबाट तयार गरिएको नक्सा प्राप्ति र परिमार्जन, प्राकृतिक जोखिम क्षेत्रको पहिचान र नक्सांकन लगायत सम्पूर्ण कार्य सम्पन्न गर्ने ।	

ङ. भूमिको अवैज्ञानिकतथा परस्पर विरोधी (Land use conflict) प्रयोग, अव्यवस्थित र असुरक्षित बसोबास र समस्यायुक्त भू-प्रयोग नगरपालिकामा विद्यमान छ । शहरी वडाहरूमा विशेष गरी व्यवसायिक/औद्योगिक र आवासीय क्षेत्रसँगै हुनाले भिंडभाड तथा ध्वनी प्रदुषण र ग्रामीण वडाहरूमा बाढी तथा पहिरोको जोखिमयुक्त क्षेत्रमा खेती तथा बस्ती रहेको, वन क्षेत्र आसपासको बस्तीर खेतीमा वन्यजन्तुले दुःख दिने जस्ता समस्या रहँदै आएको छ । त्यस्तै भवनहरूमा एकरूपता नहुनु (Uniform urban character), भूमि वर्गीकरण (Zoning) अनुसार भूमिको प्रयोग नहुनु, भूमि र निर्माणमा हुने गैरकानुनी गतिविधि, अवैज्ञानिक रूपमा भू-खण्डीकरण (Plotting) हुनु पनि नगरमा देखा परेका भू-उपयोग तथा शहरी विकास सम्बन्धी मुख्य समस्याहरू हुन् ।

त्यस्तै जनसंख्या पूर्वानुमानको आँकडा हेर्दा हालको ४५,६०८ जनसंख्या, १.३५ प्रतिशत, राष्ट्रिय वृद्धिदरले २०९८ साल सम्म ६२,२१५ पुग्ने छ । घरधुरी तथ्याङ्क सङ्कलन, २०७५ को औसत परिवार संख्या ४.०१ ले नगरपालिकाको त्यसबेला को परिवार संख्या १५,५१५ हुनेछ । यो हालको परिवार संख्या ११,३५७ मा करिब ४,१५८ परिवार थप हो । यो हिसाबमा प्रति परिवार एक आवासको प्रक्षेपण गर्दा नगरपालिकामा त्यस बेलासम्म क्रमिक रूपमा ४,१५८ आवासको आवश्यकता पर्ने देखिन्छ । यसकारण आवासको माग पूर्ति गर्न नगरले विभिन्न किसिमको आवास व्यवस्थापन गर्ने गरी अगाडी बढ्ने छ ।

यसकारण नगरले प्राप्त गरेको राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) नक्सा, प्रतिवेदन, तथ्याङ्कसहित विभिन्न किसिमका स्थानीय भू-तथ्याङ्क, आर्थिक-सामाजिक-साँस्कृतिक तथ्याङ्क आदि संकलन र प्रयोगमार्फत् विभिन्न अवधिमा तल उल्लेख गरिएका कार्यहरू सम्पन्न गरिने छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धीसबै किसिमका गुणस्तरीय नक्सा (कित्ताको नक्सा समेत) (Parcel level data) तयारीमा जोड दिने र प्रयोगमा ल्याउने, राष्ट्रिय भू-उपयोग परियोजनाले (National Land Use Project) हालै मात्र नगरपालिकालाई हस्तान्तरण गरेको भू-उपयोग तथा वर्गीकरण नक्सा, प्रतिवेदन र तथ्याङ्कहरूको अध्ययन, विश्लेषण र परिमार्जन गरी प्रयोगमा ल्याउने ।	१. भू-सूचना प्रणाली र विभिन्न नक्सा, नीति नियम कानुन, भू वर्गीकरण, भू-उपयोग योजना आदिको सहायता र आधारमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (Desirable outcome) हाँसिल गर्न नगरमा देखापरेका सबै किसिमको नकारात्मक/अनपेक्षित भू-उपयोग अभ्यासको न्यूनिकरण र निरुत्साहित गर्ने ।	१. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलब्धीहरू (Desirable outcome) पूर्ण रूपमा हाँसिल गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
त्यस्तै यी स्रोतको आधारमा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण आदि विषय सम्बन्धी अपेक्षित उपलव्धीहरू (Desirable outcome) को पहिचान गर्ने र भू-उपयोग योजनामा समावेश गर्ने ।	१.१ राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) नक्सा र तथ्याङ्कसहित अन्य सबै भू नक्सा, तथ्याङ्क, योजना, सूचनालाई केन्द्रिकृत गर्दै सेवा प्रवाह, योजना तर्जुमा र नीति, नियम, निर्णय प्रक्रियामा प्रयोग गर्ने ।	
२. हालको जनसंख्यालाई अधार मानी, भावी जनसंख्या वृद्धिदर र पूर्वानुमानको हिसाबले नगरमा आवश्यक पर्ने आवासीय घर तथा फ्ल्याट निर्धारण गर्ने । त्यस्तै व्यवस्थित बस्ती विकासका लागि सम्भाव्यताको आधार नगरभरि जग्गा विकास, Land pooling परियोजना अगाडी बढाउने ।	२. भविष्यमा आवश्यक पर्ने आवासहरू उपयुक्त, व्यवस्थित तथा सुरक्षित ठाउँमा निर्धारण गर्ने, साथै नगरले आफै पनि Land pooling तथा किफायती बसोबास (Affordable housing) परियोजना, निजी क्षेत्रको कोलोनी र High-rise अपार्टमेन्टहरू, एकल आवासीय गृह (Detached dwelling) आदि विविधतासहितको आवासीय घर तथा फ्ल्याटको माग पूर्ति हुने गरी व्यवस्थापन गर्ने । साथै यसो गर्दा निश्चित संख्यामा अपाङ्गमैत्री आवासहरूको पनि व्यवस्था गर्ने ।	२. निरन्तर रूपमा पूर्वानुमानको हिसाबले नगरमा आवश्यक पर्ने आवासीय घर तथा फ्ल्याट संख्या निर्धारण तथा उपलब्ध गर्ने ।

च. यस नगरको वडास्तरीय केन्द्रित समूह छलफल तथा नगरस्तरीय परामर्शको क्रममा नगरमा लालपुर्जा/नक्सामा उल्लेखित जग्गाको नापी विवरण र जमिनको वास्तविक साँध/सीमानामा प्रायः समानता नभएको भन्ने समस्यालाई मध्यनजर गर्दै र भावी भू-उपयोग योजनाको एक प्रमुख आधार र कर प्रयोजनमा समेत अति महत्वपूर्ण भएकोले हरेक कित्ताको सही र वास्तविक तथ्याङ्क तथा विवरण कायम गर्न नगरले विभिन्न अवधिमा निम्न बमोजिम कार्ययोजना तोकेको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नापी कार्यालयसँग समन्वय गरेर समस्या रहेको सम्पूर्ण कित्ता नक्सालाई पुनर नापीमार्फत् सच्च्याउने प्रयासको थालनी गर्ने । यसका लागि आवश्यकता अनुसार पुनरनापी (Field work) र Desk work दुवै विधि अवलम्बन गर्ने ।	१. कित्ता नक्सालाई सच्च्याउने कार्यलाई समापनतिर लैजाने र निरन्तर अद्यावधिक गर्ने प्रणाली स्थापना गरेर भण्डारण गर्ने । यस प्रणालीलाई सेवा प्रवाहमा पनि प्रयोग गर्ने जस्तैः नयाँ नक्सा वितरण, जग्गा नामसारी, कित्ताकाट तथा सीमा हेरफेर, कर तथा सम्पति विवरण प्रयोजन आदि ।	१. सच्चाइएको सम्पूर्ण कित्ता नक्सालाई भू-उपयोग नक्सा, भू-उपयोग योजना, केन्द्रिकृत नक्सा प्रणाली, भवन निर्माण स्वीकृति प्रणाली, र अन्य भू-सूचना तथा सेवा प्रणालीसँग एकीकृत गरेर सेवा प्रवाह गर्ने ।

छ. नगरपालिकामा नक्सा पास प्रक्रिया परम्परागत रूपमा हुँदै आएको भएपनि स्मार्ट सिटीको स्तरमा पुग्ने लक्ष्य हाँसिल गर्न प्रक्रियालाई थप आधुनिकीकरण र प्रविधिमूलक बनाउने क्रम जारी रहेको छ । हालसम्म कागजी विधिबाट हुने नक्सा पास प्रक्रियालाई विद्युतीय (Digital) माध्यमद्वारा अगाडी बढाउने र सबै अन्तरसम्बन्धित विभाग र निकाय जस्तैः सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग क्रमशः तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणालीलाई एकीकृत गर्ने (Integrated Building Permit System) नीतिसहित नगर अगाडी बढ्ने छ । विशेषगरी सेवाग्राहीको सहजता र शुलभतालाई ध्यानमा राख्दै र अन्तरसम्बन्धित निकायहरूको तालमेलको कमीले गर्दा शहरी र प्राकृतिक वातावरणमा पर्ने नकारात्माक असर न्यूनिकरण गर्न यो कार्यलाई प्राथमिकतामा राखिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. इलेक्ट्रोनिक भवन निर्माण स्वीकृति प्रणालीलाई (Electronic Building Permit System) यथा शीघ्र सञ्चालनमा ल्याउने ।	१. भवन निर्माण स्वीकृति कार्य र प्रणालीलाई थप आधुनिकीकरण र प्रभावकारी बनाउन अन्य सबै अन्तरसम्बन्धित विभाग र निकायसँग समन्वय गर्ने र एकीकृत स्वीकृति प्रणालीको (Integrated building permit system) प्रयास थालनी गर्ने ।	१. सबै अन्तरसम्बन्धित विभाग र निकाय जस्तैः सडक, बिजुली, पानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी इत्यादिसँग तालमेल मिलाई भवन निर्माण स्वीकृति प्रणाली एकीकृत गर्ने ।

ज. नगरको बसोबास र बस्तीको समग्र सुरक्षाको अवस्था हेर्दा भुकम्पीय जोखिम, भिरालो भू-भाग भएकोले विभिन्न भेगमा पहिरो, भू-क्षय तथा बाढी र अधिक रूपमा बाँदर लगायत वन्यजन्तुको समस्या विद्यमान छ । कानुनी आधारमा पनि सम्पूर्ण जोखिममा रहेका बस्ती तथा गैरकानुनी र अव्यवस्थित बस्तीलाई सुरक्षित एवं दीगो व्यवस्थापन गर्नु स्थानीय सरकारको दायित्व हो र वर्तमान परिस्थितिमा समुदायस्तरमा पनि स्थानीय सरकारप्रति नै अपेक्षा रहेको हुँदा यसका लागि आवधिक रूपमा निम्न बमोजिम कार्य प्राथमिकीकरण गरिएको छ । यसक्रममा नगरले कमजोर तथा सीमान्तकृत वर्गको विशेष ध्यान राख्ने छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. स्थानीय सरकार सञ्चालन ऐन, परिच्छेद ७ बमोजिम भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नु पर्ने हुनाले यस कार्य यथाशीघ्र सम्पन्न गर्ने ।	१. भू-जोखिम संवेदनशील जग्गामा पूर्वाधार निर्माण, बसोबास निरुत्साहित गर्ने र स्थानान्तरण गर्ने नीति बनाई कार्यान्वयन गर्ने ।	
२. जोखिम बस्ती, असुरक्षित बस्ती, अव्यवस्थित बस्ती, ऐलानी, सार्वजनिक, सरकारी जग्गाका सुकुम्बासी बस्ती, अतिक्रमित जग्गा र अन्य गैरकानुनी बस्तीको पहिचान, व्यवस्थापन/नियन्त्रण एवं स्थानान्तरणको निम्ति आवश्यक अध्ययन, तथ्याङ्क संकलन, नीति कानुन निर्माणका कार्य र समन्वय अघि बढाउने ।	२. महिला तथा बालबालिका, अपाङ्गता भएका, कमजोर आर्थिक अवस्थामा रहेका, दलित, जनजाति, लोपोन्मुख र सीमान्तकृत नगरिककालागि सुरक्षित, किफायती र वातावरणमैत्री आवासको व्यवस्था गर्ने ।	२. दीगो विकास लक्ष्यको लक्ष्य ११ (SDG Goal 11) र राष्ट्रिय योजना आयोगको पन्ध्रौ योजना अनुरूप समावेशी, सुरक्षित, सबल र दीगो शहर र समुदाय (Inclusive, Safe, Resilient, and Sustainable Cities and Communities) हाँसिल गर्ने ।

नक्सा २/५.३.१ : घरधुरी जी.पी.एस. तथ्याङ्क र जमिनको भिरालोपनको चित्रण



Slope Class	Settlement	Area (hectare)
I (<2° Slope)	974	1890.41
II (2°-5° Slope)	1639	1426.07
III (5°-30°)	4421	13106.17
IV (Too Steep/Cold)	2260	18113.42
Unclassified	293	NA

राष्ट्रिय भू-उपयोग परियोजनाद्वारा निर्मित जमिनको भिरालोपन वर्गीकरणनक्सा, जसमा समतल जमिनदेखि अधिक भिरालो जमिनको वर्ग निर्धारण गरिएको छ। वर्ग I देखि वर्ग II ले २ डिग्री भन्दा कमदेखि ५ डिग्रीसम्मको भिरालो जमिन इंगित गर्दछ। वर्ग III ले ५ देखि ३० डिग्रीसम्मको भिरालो जमिन इंगित गर्दछ भने वर्ग IV र सो भन्दामाथिले अधिक भिरालो जमिन इंगित गर्दछ। यस नक्सामा नगरको सम्पूर्ण बसोबास बिन्दु अर्थात् जी.पी.एस.तथ्याङ्कको बिन्दुलाई ओभरले (Overlay) को रूपमा राखेर हेर्दा भिरालोपनको आधारमा बसोबास अवस्था एवं संख्या प्रष्ट हुन्छ। सामान्यता जोखिम बस्तीको दृष्टिकोणबाट हेर्दा अधिक भिरालो भेग अर्थात् वर्ग IV को बस्तीहरू पहिरो र भू-क्षय, मौसमी प्रतिकुलता, न्यून तथा कम गुणस्तरीय कृषिबाली उब्जनी र सेवा सुबिधाको सहज पहुँचबाट वञ्चित हुन सक्ने सम्भावनाको आधारमा यी बस्तीहरू जोखिममा रहेको भन्ने बुझ्न सकिन्छ। त्यस्तै वर्ग III को उच्च भेगमा भवन तथा विकास निर्माण कार्यमा सतर्कता अपनाउनुको साथै कृषि प्रयोजनमा गह्रा खेती (Terrace farming) अनिवार्य गरिने छ । नक्साले नगरमा करिब २२६० घरहरू वर्ग IV को अति भिरालो जमिनमा अवस्थित देखिने हुनाले सो घरहरूको वास्तविक जोखिम पहिचान गर्न आवश्यक छ। तसर्थ यो नक्सा जोखिम बस्ती पहिचान एवं स्थानन्तरण कार्यमा सहयोगी छ।

झ. वडा तथा नगरस्तरीय परामर्शको आधारमा वालिङ पिङ्ग नीतिप्रति नगरवासी सकारात्मक रहेको देखिएको छ। त्यसकारण वालिङ पिङ्ग नीतिलाई निरन्तरता दिँदै वडा तथा टोलमा अवस्थित र भविष्यमा बन्ने भवन तथा व्यक्तिगत घरहरूको शैलीमा थप एकरूपता (Uniform urban character) ल्याउने नीति र सोको कार्यान्वयनलाई नगरले अघि बढाउने छ। तसर्थ सामुदायिक मौलिकता झल्किने, कम्तीमा समान रंगरोगन वा अघिल्लो मोहडालाई, र केही हदसम्म भवनको उचाईमा एकरूपता ल्याउँदा टोल तथा बस्तीको स्वरूपमा समानता देखिने र यसको प्रमुख उद्देश्य सामाजिक विभेद न्यूनिकरण र बस्तीको भौतिक सुन्दरता र पहिचान कायम गर्नु नै हो। एकरूप भवनहरूले सामाजिक विभेद न्यूनिकरण हुने कारण भनेको घरको आधारमा सामाजिक अस्तित्व वा वर्ग नछुट्टिनु वा नदेखिनु हो। यसकारण नगरले यसका लागि विशेष नीति तथा कार्यक्रमहरू अगाडी बढाउने छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. भवनहरूलाई एकरूपता दिने वालिङ पिङ्ग नीतिलाई कायम राख्दै आवासीय तथा आवश्यक अन्य भवनहरूमा थप एकरूपता ल्याउन अध्ययन, परामर्श तथा नीतिगत तयारी सम्पन्न गर्ने।	१. भवनहरूमा एकरूपता ल्याउन नीतिगत निर्णय गरी कार्यान्वयनमा ल्याउने।	१. एकरूप तथा समान भवनहरू भएका टोल, वडा र नगरपालिकाको रूपमा स्थापित हुने।

ञ. भू-उपयोग, शहरी विकास, बस्ती विकास तथा भवन निर्माण प्राविधिक विषय भएकोले कार्यसम्पादनको लागि पनि प्राविधिक जनशक्तिको आवश्यकता पर्दछ । हालको अवस्थामा नगरपालिकामा पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा भएतापनि सिमित इञ्जिनियर तथा अमिनहरूद्वारा कार्यसम्पादन भइरहेको छ। यसकारणले विभिन्न कालखण्डमा नगरले हालको शाखालाई पूर्णता दिंदै थप दक्ष प्राविधिक जनशक्ति नियुक्ति गर्ने, कर्मचारीहरूको विभिन्न विधिद्वारा क्षमता अभिवृद्धि गर्ने र शाखालाई निरन्तर विस्तार गर्दै थप प्रभावकारी बनाउने योजना राखेको छ ।		
अल्पकालीन (पहिलो २ वर्ष)	**मध्यकालीन (३ देखि ७ वर्ष)**	**दीर्घकालीन (८ देखि २० वर्ष)**
१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को संगठन संरचना बमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा र त्यसका उपशाखाहरूलाई यथाशीघ्र पूर्णता दिने ।	१. विशेषगरी भवन तथा बस्ती/शहरी विकास शाखालाई अझै आधुनिक र प्रभावकारी बनाउन Urban planner, Architect, Geologist, GIS technician, Transportation planner/engineer, वातावरणविद आदि थप प्राविधिक जनशक्तिसहितको महाशाखा बनाएर काम कारवाहीको थालनी गर्ने । साथै यस क्षेत्रमा लाग्ने सबै किसिमका आधुनिक प्रविधि र उपकरणहरू भित्र्याउँदै प्रयोगमा ल्याउँदै जाने ।	१. भवन तथा बस्ती/शहरी विकास महाशाखालाई वातावरण, विपद व्यवस्थापन, यातायात/सडक, पार्क/खुला क्षेत्र, सम्पदा संरक्षण र अन्य पूर्वाधार शाखा समेत भएको छुट्टै र विशेष अधिकारसहितको विभागको रूपमा विकसित गरेर लैजाने ।
२. कर्मचारीलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न तालिम, सेमिनार, सिकाई कोर्षको माध्यमद्धारा क्षमता अभिवृद्धि गर्ने साथै नयाँ दक्ष प्राविधिक कर्मचारी नियुक्ति गर्ने ।	२. कर्मचारीलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी Professional exchange program, Exposure visit, Field visit द्धारा क्षमता अभिवृद्धिलाई निरन्तरता दिने ।	२. विभिन्न अन्तरिक तथा बाह्य क्षमता अभिवृद्धि कार्यक्रम र विधिहरूलाई निरन्तरता दिने ।
ट. भू-उपयोग ऐन २०७६ ले व्यवस्था गरे बमोजिम भू-उपयोग संयन्त्रहरू गठन गरी क्रियाशील बनाउने र सम्बन्धित शाखा तथा कर्मचारीहरूसँगको निकट समन्वयमा काम गर्ने गरी प्राथमिकीकरण गरिएको छ ।		
अल्पकालीन (पहिलो २ वर्ष)	**मध्यकालीन (३ देखि ७ वर्ष)**	**दीर्घकालीन (८ देखि २० वर्ष)**
१. भू-उपयोग ऐन २०७६, परिच्छेद ४ बमोजिम भू-उपयोग संरचनाहरू (स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समिति) यथाशीघ्र स्थापना गरी क्रियाशील गर्ने ।	१. स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समितिलाई माथि उल्लेखित महाशाखासँगको बलियो तालमेल भएको संयन्त्रको रूपमा विकास गर्दै लैजाने ।	१. स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समितिलाई माथि उल्लेखित विभागसँगको बलियो तालमेल भएको संयन्त्रको रूपमा विकास गर्दै लैजाने ।
ठ. भू-उपयोग, सोको अभ्यास र सम्बन्धित विषयवस्तुहरू नगरपालिकाको लागि तुलनात्मक रूपमा नयाँ हो । प्राविधिक विषय भएकोले कम्तीमा यसको नीतिगत तथा व्यवहारिक पाटो जनप्रतिनिधि तथा इच्छुक सबै नगर कार्यपालिका कार्यालय अधिकारीहरूले बुझ्न जरुरी छ भने बाह्य सरोकारवाला संघसंस्था तथा व्यक्तिलाई पनि यस विषयमा थप अभिमुखीकरण तथा सचेतना वृद्धि गराउन जरुरी छ । यसकारण नगरले विभिन्न सचेतना अभिवृद्धि कार्यक्रम तय गरेको छ ।		
अल्पकालीन (पहिलो २ वर्ष)	**मध्यकालीन (३ देखि ७ वर्ष)**	**दीर्घकालीन (८ देखि २० वर्ष)**
१. जनप्रतिनिधिलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न सचेतना अभिवृद्धि कार्य गर्ने ।	१. जनप्रतिनिधिलाई भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने ।	१. भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी परिवर्तित सन्दर्भ तथा आयामका आधारमा सचेतनामूलक कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२. नगरपालिकाको आन्तरिक क्षमता विकासमा मात्र नभई भू-उपयोग, शहरी विकास तथा भवन निर्माणसँग प्रत्यक्ष सरोकार राख्ने बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना वृद्धि र Licensing कार्यलाई पनि अगाडी बढाउने । जस्तैः घर जग्गा निर्माण व्यवसायी, भवन निर्माणकर्मी, Engineering Consultancy आदि ।	२. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन तथा आवश्यक परिमार्जनसहित क्षमता विकासका कार्यक्रमको निरन्तरता ।	२. नगरपालिकाको आन्तरिक संरचना तथा भू-उपयोग, शहरी विकास तथा भवन निर्माण क्षेत्रका सरोकारवालाहरूको क्षमता विकास कार्यक्रमको निरन्तरता ।

तालिका २/५.३.१ : भू-उपयोग तथा आवास व्यवस्थापनको अपेक्षित उपलब्धी

क्र.सं.	उपलब्धी सूचक	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
१.	पहिचानमा आएका अन्तर वडा र पालिका बिच सीमा समस्या समाधान कार्य (संख्या)		सबै समाधान गरी सक्ने		
२.	पहिचानमा आएका नक्सा/लालपुर्जा विवरण र जग्गाको वास्तविक क्षेत्रफल, साँध-सीमाना बिचका असमानता (प्रतिशत)		३०	५०	८०
३.	स्थानान्तरण आवश्यक रहेको ऐलानी, सार्वजनिक, सरकारी, र निजी जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या)				०
४.	स्थानान्तरण वा जोखिम न्यूनिकरण आवश्यक रहेको जोखिमयुक्त जग्गामा बसोबास गर्ने सुकुम्बासी र अन्य परिवारहरू (संख्या)	६६८१	४०००	१५००	०
५.	गैरकानुनी र जोखिमयुक्त तवरले प्रयोग भई आएका सबै जमिनको उचित व्यवस्थापन कार्य (प्रतिशत)			५०	७५
६.	भवन अनुमति प्राप्त भवन र संरचनाहरूको थप तथ्याङ्क संकलन कार्य (जस्तैः संरचनागत प्राविधिक (Engineering requirement), विद्युतीय लाइन, खानेपानी लाइन, सञ्चार, कर तथा शुल्क, भवन/संरचनाको प्रस्तावित प्रयोग आदि) (प्रतिशत)			१००	१००
७.	इलेक्ट्रोनिक भवन निर्माण स्वीकृति प्रणाली-लाई (Electronic Building Permit System) र त्यस पश्चात् एकीकृत स्वीकृति प्रणालीको (Integrated Building Permit System) तिर उन्मुख हुने कार्य उपर प्रगति (प्रतिशत)			५०	१००
८.	भवन अनुमति नभएको भवन र संरचनाहरूलाई स्वीकृति प्रणालीको दायराभित्र ल्याउने कार्य (प्रतिशत)			५०	१००
९.	घर नम्बर प्रणालीमा आउन बाँकी भवन र संरचनाहरू (प्रतिशत)			२०	०

क्र.सं.	उपलब्धी सूचक	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
१०	बस्ती क्षेत्र तथा मानव स्वास्थ्यलाई असर गर्ने १. पशुपंछी पालन २. उद्योग, व्यवसाय ३. भू-वर्गीकरण विपरित सबै प्रयोजनलाई अन्यत्र स्थानान्तरण कार्य				
११	भावी जनसंख्या वृद्धिदर र पूर्वानुमानको हिसाबले नगरमा आवश्यक पर्ने आवासीय घर तथा फ्ल्याटको उपलब्धता - प्रति परिवार एक आवासको प्रक्षेपणले (संख्या)				४१५८
१२	छरिएका सबै बस्तीहरूलाई एकीकृत गर्ने कार्य (संख्या वा %)				०
१३	आवासीय तथा आवश्यक अन्य भवनहरूमा एकरूपता ल्याउने कार्य (% मा)				१००
१४	भू-उपयोगको क्षेत्र वर्गीकरण	वर्गीकरण नभएको	राष्ट्रिय भू-उपयोग परियोजनाको (National Land Use Project) बाट प्राप्त नक्सा, प्रतिवेदन र तथ्याङ्कको विश्लेषण, परिमार्जन, स्थानीयकरण कार्य	वर्गीकरणको शुरुवात र वर्गीकरण समाप्ति	वर्गीकरण अनुरूप अभ्यास र निरन्तर मुल्यांकन र अद्यावधिक
१५	भू-उपयोग योजना तयारी	योजना नभएको	भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ग. अल्पकालीन. १ समापन	भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ग. मध्यकालीन.१ समापन	भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ग. दीर्घकालीन.१ समापन
१६	भू-उपयोग सूचना प्रणाली (नक्सा तथा डाटावेस) स्थापित भई सरोकारवालाको सहज पहुँच हुने	नभएको	शुरुवात गर्ने	समापन गर्नेर प्रयोगमा ल्याउने	निरन्तर अद्यावधिक र सुधार
१७	भू-उपयोग व्यवस्थापनकोलागि विभाग एवं जनशक्ति	अपर्याप्त अवस्थामा	भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ञ. अल्पकालीन. १ बमोजिम	भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ञ. मध्यकालीन. १ बमोजिम	भू-उपयोग तथा आवास व्यवस्थापन आवधिक प्राथमिकता तालिका - ञ. दीर्घकालीन. १ बमोजिम
१८	भू-उपयोग संरचनाहरू (स्थानीय भू-उपयोग परिषद र स्थानीय भू-उपयोग कार्यान्वयन समिति) निर्माण	नभएको	पूरा गरी परिचालित अवस्थामा आउने		
१९	भू-उपयोग, शहरी विकास तथा भवन निर्माण सम्बन्धी विभिन्न आन्तरिक तथा बाह्य क्षमता अभिवृद्धि कार्यक्रमहरूबाट लाभान्वित कर्मचारी तथा जनप्रतिनिधि				

५.३.२. पार्क तथा मनोरञ्जन

१. परिचय

पार्क तथा मनोरञ्जनका माध्यम वा स्थल सार्वजनिक प्रयोजनको लागि बनेका फुर्सदको समयमा उपयोगी, व्यायाम र मनोरञ्जनात्मक गतिविधि तथा मनोविनोदमा सहजीकरण गर्ने स्रोत, साधन र स्थलहरू हुन् । आम नागरिकको दैनिक जीवनको गुणस्तरीयताका लागि यस्ता स्रोतहरू अपरिहार्य हुन्छन् । यस्ता स्रोतहरू सार्वजनिक स्थल, खुला क्षेत्र र सुबिधाहरू जस्तैः पार्क, शहरी प्लाजा वा स्क्वेर (City plaza and square), हरित क्षेत्र, उद्यान, बगैंचा, पैदल मार्ग (Tracks and trails), तथा निर्मित संरचनाहरू जस्तैः खेलकुद मैदान, मनोरञ्जनात्मक स्थल, ज्ञान/कलात्मक स्थल, सभा, सम्मेलन, मेला, सांगीतिक कार्यक्रम स्थल आदिहुन् । पार्क तथा मनोरञ्जन स्थल तथा सेवा/सुबिधाहरूले आर्थिक, सामाजिक, स्वास्थ्य तथा वातावरणीय महत्व बोकेको पाइन्छ ।

नक्सा १/५.३.२ : भू-उपयोग वर्गीकरणमा आधारित पार्क तथा सार्वजनिक स्थल, मनोरञ्जनस्थल र खेलकुद मैदान



प्रत्येक वडामा कम्तीमा एउटा पार्क/सार्वजनिक स्थल व्यवस्था गर्ने उत्तम अभ्यास, तथा संघीय सरकारको पार्क तथा मनोरञ्जनस्थल सम्बन्धी मापदण्ड पालना गर्न यो नक्सा सहयोगी छ ।

आर्थिक दृटिकोणले यस्ता सेवा सुबिधा सम्पन्न क्षेत्रले स्थानीय राजस्वमा योगदान गर्नुका साथै जमिनको मूल्यमा पनि वृद्धि हुन्छ । साथै सो क्षेत्रले थप बसाइँ सराइँ एवं व्यापार व्यवसायलाई पनि आकर्षित गर्दछ । सामाजिक हिसाबले पार्क तथा मनोरञ्जन सामुदायिक जीवनस्तर गुणस्तर र पहिचानको मूर्त प्रतिबिम्ब हो । प्रायः समुदायको बसोबास योग्यता (Livable community) मापनको प्रमुख सूचकको रूपमा पनि पार्क तथा मनोरञ्जन सेवा सुबिधाको उपलब्धतालाई लिइन्छ । त्यस्तै सामुदायिक मेलमिलाप, अन्तर्क्रिया, विविध

सिकाई र आपत्कालीन आश्रयको लागि पनि यस्ता स्थानहरू महत्वपूर्ण हुन्छन् । नागरिक स्वास्थ्यको कोणबाट शारीरिक रूपमा सक्रिय हुने अवसर प्रदान गर्ने हुनाले, बालबालिका, युवा, जेष्ठ नागरिक लगायतको हितमा पार्क तथा मनोरञ्जन सेवाले विशेष टेवा दिन्छ । पार्क, हरित क्षेत्र, उद्यान तथा बगैंचाको वातावरणीय सन्तुलन र सुधारमा पनि ठूलो भूमिका रहन्छ जसले गर्दा मानव स्वास्थ्यमा समेत सकारात्मक प्रभाव पर्छ । यी स्थानहरूबाट पानीको गुणस्तर सुधार, भूमिगत पानीको संरक्षण, बाढी/कटान न्यूनिकरण, हावाको स्वच्छता वृद्धि, विभिन्न प्रदुषण नियन्त्रण, वन्यजन्तु र वनस्पति संरक्षण लगायत धेरै प्राकृतिक एवं वातावरणीय लाभ लिन सकिन्छ । सही स्थानमा विकास भएका पार्क, हरित क्षेत्र र पैदल मार्ग, उद्यान तथा बगैंचाले आवासीय र सडक वा औद्योगिक क्षेत्र बिच बफरको (Buffer) रूपमा पनि काम गर्दछ ।

२. मुख्य अवसर र चुनौती

नगरका सबैजसो वडामा रहेका सामुदायिक वन तथा खुला क्षेत्रलाई व्यवस्थित पार्क तथा मनोरञ्जन स्थलको रूप दिने अवसर नगरलाई छ । योग तथा ध्यान जस्ता विषयमा नगरवासीमा रहेको चेतनाले खुला क्षेत्र तथा पार्क व्यवस्थापनमा स्थानीयको सहभागिता बढाउने अवसर दिएको छ । खेलकुद क्षेत्रमा टोल टोलमा रहेको लगावलाई खेल क्षेत्रको पूर्वाधार विकासमा सहभागिता र स्रोत जुटाउने अवसरका रूपमा लिइएको छ ।

शहरी क्षेत्रमा खुला स्थान नराखी आवासीय भवन तथा अन्य पूर्वाधार बनाउने अभ्यासका कारण सबै वडा तथा टोलमा न्यूनतम खुला स्थान, पार्क तथा मनोरञ्जन स्थलको व्यवस्थापन गर्ने, पहाडी धरातल भएका कारण समथर क्षेत्रको विकास गर्न आवश्यक जमिनको उपलब्धता नहुने र वन क्षेत्रको उपयोगका सम्बन्धमा रहेका कानुनी अस्पष्टताका बिच पर्याप्त पार्क तथा मनोरञ्जन स्थलसहितको नगर बनाउने चुनौती पनि रहेको छ ।

३. लक्ष्य

पार्क तथा मनोरञ्जन क्षेत्रको उचित ब्यवस्थापनमार्फत् नगरवासीको आर्थिक, सामाजिक र वातावरणीय हित प्रवर्द्धन गर्ने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य १: उपयुक्त संयन्त्रमार्फत् पार्क तथा मनोरञ्जन क्षेत्रका संरक्षण एवं व्यवस्थापन गर्नु ।

नीति क. सबै वडा र नगरपालिकाबाट प्रतिनिधित्व हुने गरी तथा प्राविधिक जनशक्ति/क्षेत्रगत जानकार नागरिकसहितको स्थानीय पार्क तथा मनोरञ्जन समिति गठन गरिने छ ।

नीति ख. प्राविधिक जनशक्ति र विशेषज्ञसहितको पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापन र इकाई गठन गरिने छ ।

नीति ग. पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, नियमन, पहिचान आदिमा समिति र इकाईको विशेष भूमिका सुनिश्चित गरिने छ ।

नीति घ. गठन भए पश्चात् समिति र इकाईद्वारा सबै खाले पार्क तथा मनोरञ्जन स्थान/क्षेत्र अध्ययन तथा तथ्याङ्क संकलन थालनी गराइने छ ।

उद्देश्य २: हालको तथा भविष्यको जनसंख्या पूर्वानुमानलाई आधार मानी पार्क, खेल क्षेत्र, शहरी खुल्ला क्षेत्रहरूको व्यवस्थापन गर्नु ।

नीति क. नगरपालिकाभित्र रहेका सबै खाले पार्क तथा खुल्ला क्षेत्रको निम्न बमोजिम वर्गीकरण गरिने छ ।

क. शहरी प्लाजा, पाटी, चौतारा, चोक

ख. टोलस्तरीय पार्कहरू (केही मनोरञ्जन/व्यायामका उपकरणसहित) प्रत्येक ८०० जनसंख्यालाई एक

ग. वडा सामुदायिक पार्कहरू (विभिन्न मनोरञ्जन सुविधाहरूका साथ) - प्रत्येक १०,००० जनसंख्यालाई एक

घ. नगरपालिका पार्कहरू (समारोहका मैदान) - प्रत्येक २०,००० जनसंख्यालाई एक, प्रत्येक शहरलाई एक

ङ. प्राकृतिक संरक्षण पार्क - प्रकृति संरक्षण वा अन्य ऐन, कानुन, निर्देशिकामा तोकिए बमोजिम ।

च. विशेष पार्क - वालिङ स्मार्ट सिटीलाई उपयुक्त मनोरञ्जन, Botanical, Children, Knowledge, Resort समेट्ने पार्क

नीति ख. पार्क तथा खुल्ला क्षेत्रको संरक्षण तथा व्यवस्थापनका योजनाहरू बनाइने छ र भविष्यमा आवश्यकता अनुसार यस्ता क्षेत्रहरू थप गरिने छ ।

नीति ग. पार्क तथा खुलाक्षेत्र प्रयोजनकालागि संघ, प्रदेश तथा नगरपालिकाको स्वामित्व रहेको उचित तथा खाली जमिनहरू प्रयोगमा ल्याइने छ ।

नीति घ. पार्क तथा खुल्ला जमिनको अभावलाई सुल्झाउन घर, जग्गा, निर्माण व्यवसायी तथा निजी क्षेत्रसँग साझेदारी गरी व्यवस्थापन गरिने छ ।

नीति ङ. पार्क तथा खुला क्षेत्र व्यवस्थापन गर्दा न्यूनतम मापदण्डहरू पालनामा ल्याइने छ ।

नीति च. हरेक पार्कको संरक्षणका साथै गुणस्तरीय मनोरञ्जनका अवसरहरू र प्राकृतिक र साँस्कृतिक पक्षका बिचमा सन्तुलन कायम गरिने छ ।

नीति छ. पार्कको लागि चाहिने जमिनको व्यवस्थापन हाल तथा भावी जनसंख्या तथा विद्यमान मापदण्ड अनुसार गरिने छ ।

नीति ज. नयाँ बन्ने हाउजिङ्ग कोलोनी तथा आवासीय क्षेत्रहरूमा पनि पार्क तथा खुल्ला क्षेत्र नगरपालिका/शहरी विकास मापदण्ड अनुसार अनिवार्य गरिने छ ।

नीति झ. हालका र भविष्यमा निर्माण हुने पार्क तथा मनोरञ्जन स्थलहरूलाई महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गतामैत्री बनाइने छ ।

नीति ञ. पार्क, खेलमैदान तथा खुल्ला क्षेत्र अतिक्रमण हुनबाट जोगाइने छ ।

उद्देश्य ३: नगरपालिकामा रहेका पार्क, मनोरञ्जन तथा खेलमैदानको संरक्षण र व्यवस्थापन गर्ने ।

नीति क. पार्कभित्र रहेका सेवा/सुबिधाका उपकरण/संरचनाको उचित संरक्षण र व्यवस्थापन गरिने छ र आवश्यकता अनुसार थप गरिने छ ।

नीति ख. खेलकुद विकास तथा नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै नगरपालिकामा अवस्थित खेलमैदानहरूको उचित संरक्षण र व्यवस्थापन तथा नयाँ रगंशाला निर्माण गरिने छ र आवश्यकता अनुसार खेलमैदानहरू थप गरिने छ ।

नीति ग. पार्क तथा मनोरञ्जन सेवाको पहुँच बढाउन नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक विद्यालयका खेलमैदानलाई अझ व्यवस्थित र सुबिधायुक्त बनाई विद्यालय र विद्यालय समयलाई प्रतिकुल असर नपर्ने गरी सर्वसाधारणका लागि खुला गरिने छ ।

नीति घ. मनोरञ्जनका सेवा/सुबिधा/संरचना स्थापना गर्दा वरिपरिका आवासीय तथा अन्य क्षेत्रलाई असर नपर्ने गरी स्थापना तथा व्यवस्थापन गरिने छ ।

तालिका १/५.३.२ : आवधिक प्राथमिकता : पार्क तथा मनोरञ्जन

क. नगरमा पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान सम्बन्धी ऐन कानुन तथा योजनाहरू न्यून छन् । विभिन्न कानुनी व्यवस्था र वडा तथा नगरस्तरीय परामर्शद्वारा नगरपालिकाले अब यस्ता कानुनी औजारहरूलाई प्रयोगमा ल्याएर यस क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने भएको छ । नागरिकको स्वास्थ्य, वातावरणीय, तथा राजस्व अभिवृद्धिको दृष्टिकोणबाट समेत महत्वपूर्ण यस क्षेत्रको उचित व्यवस्थापनको लागि नगर विभिन्न कानुन, मापदण्ड तथा योजना बनाएर अघि बढ्ने छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. स्थानीय सरकारले पाएको अधिकार र प्रचलित ऐन कानुन अनुरूप स्थानीय पार्क तथा मनोरञ्जन ऐन, नीति, नियम, निर्देशिका, कार्यविधिहरू निर्माणलाई स्थानीय परिवेश र सवालहरूलाई समेटिने गरी बनाउने।	१. स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३, दफा ११.फ, को उपदफा ४. क बमोजिम पार्क तथा मनोरञ्जन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, योजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने । २. आवश्यक ऐन, योजना, मापदण्डः पार्क, मनोरञ्जन स्थल, खेलकुद मैदान संरक्षण र व्यवस्थापन सम्बन्धी आवश्यक नियम, कानुन, कार्यविधि र योजना ।	१. पार्क तथा मनोरञ्जन सम्बन्धी प्रभावकारी कानुनी प्रबन्धसहित पार्क तथा मनोरञ्जन संरक्षण र व्यवस्थापनमा सबल नगरपालिका बन्ने ।

ख. अन्य क्षेत्रझै यस क्षेत्रको व्यवस्थापनको निम्ति पनि तथ्याङ्कको प्रयोग अपरिहार्य छ । नगरमा यस्ता तथ्याङ्कहरू रहे तापनि पुराना, छरिएको र अपूर्ण अवस्थामा छ । यस अवस्थाबाट आधुनिकता तर्फ उन्मुख हुन र तथ्याङ्कको प्रयोगबाट वैज्ञानिक व्यवस्थापन गर्न, नगरले तथ्याङ्क सम्बन्धी कार्यहरू पनि विभिन्न चरणमा सम्पन्न गर्नेछ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. जारी रहेका सबै भू-उपयोग सूची (Land Use Inventory) संकलन कार्यमा सबै खाले पार्क, मनोरञ्जन क्षेत्र, खेलमैदान आदिको तथ्याङ्क समेटिने गरी निरन्तरता दिने र थप प्रभावकारी बनाउने । साथै उपलब्ध सूची र नयाँ सूचीलाई अद्यावधिक गरेर एकरूपता दिने ।	१. पार्क, मनोरञ्जन, खुला क्षेत्र, खेल मैदान सम्बन्धी विभिन्न तथ्याङ्क र Land Use Inventory लाई प्रयोगमा ल्याई पार्क, खेलमैदान तथा मनोरञ्जन क्षेत्रहरूको प्रभावकारी व्यवस्थापन र संरक्षण कार्य गर्ने । २. शहरी र ग्रामीण पार्कका वर्गीकरणका साथै यस्ता पार्कहरूको पूर्वाधार आवश्यकता मापन (Infrastructure need assessment) गर्ने र आर्थिक स्रोतले भ्याएसम्म पूर्वाधार निर्माण /व्यवस्थापन कार्य गर्ने ।	१. संकलित सबै तथ्याङ्कको नियमित अद्यावधिक साथै तथ्याङ्कको प्रयोगद्वारा सेवा प्रवाह र माग आपूर्ति, अन्तर पहिचान आदिमा निरन्तरता ।

ग. सेवा प्रवाह अन्तर्गत पनि पार्क, मनोरञ्जन स्थल तथा मनोरञ्जनात्मक गतिविधि, खेल तथा खेलकुद मैदान सम्बन्धी विभिन्न कार्य पहिचान गरिएको छ । नगरमा अवस्थित यस्ता सेवा सुबिधाको गुणस्तर वृद्धि तथा प्रवर्द्धन, नयाँ अवसर पहिचान, जारी रहेका योजना/परियोजना समापन र नयाँ सेवा सुबिधा निर्माण तथा विस्तार लगायत कार्यक्रमहरू विभिन्न चरणमा तय गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. चलि आएका Mountain bike, Rock climbing, Paragliding, Canyoning, Rafting को थप प्रवर्द्धन र अन्य पर्यटकीय खेलहरूको अध्ययन तथा पूर्वाधार विकासको शुरुवात । १.१. पर्यटकीय हिसाबले महत्वपूर्ण पार्क, मनोरञ्जन स्थल आदिको प्रचार प्रसार, पूर्वाधार निर्माण र सूचना केन्द्रहरू स्थापना गर्ने ।	१. पहिचानमा आएका सम्पूर्ण पर्यटकीय खेल क्षेत्र र पार्कहरूको निरन्तर प्रचार प्रसार र व्यवस्थापन गर्ने । साथै नयाँ बन्ने वा पहिचा भएका र निर्माण हुने यस्ता क्षेत्रको लागि बजेट तर्जुमा गर्ने ।	१. विभिन्न पर्यटकीय खेल र Trekking, Hiking, Camping, Zip line जस्ता गतिविधि उपलब्ध भएको नगरपालिकाको रूपमा प्रस्तुत हुने ।
२. प्रस्तावित र निर्माणाधीन घ्हवांग खोला पार्क, भौभका पार्क, पहेले पार्क, बाहुन थान पार्क, धाङ्गिसया पार्क, पित्लेक पार्क लगायत, खेलमैदानहरूको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने ।	२. हरेक वडा अन्तर्गत कम्तीमा एक सेवा/सुबिधाका उपकरण/संरचनायुक्त वडा सामुदायिक पार्कको व्यवस्थापन गर्ने ।	
३. नगरमा रहेको सम्पूर्ण पार्क, खेलमैदान, मनोरञ्जन स्थलको गुणस्तर वृद्धि, तारबार, संरचना निर्माण, उपकरण जडान आदिको थालनी र सोसम्म पुग्न बाटो व्यवस्थापन गर्ने । ३.१. नगरस्तरीय बृहत् पार्क र रंगशाला निर्माणको निम्ति सम्भाव्यता अध्ययन थालनी गर्ने ।	३. वडा नागरिकको सुझाव अनुरूप नगरस्तरीय कभर्ड हल र वडाहरूको विशिष्ठ आवश्यकता अनुसार फुटबल, भलिबल वा ब्याडमिन्टन (बहुउपयोगी) खेलमैदानको व्यवस्था गर्ने । ३.१. नगरस्तरीय बृहत् पार्क निर्माण गर्ने । नगरस्तरीय रंगशाला निर्माण सम्पन्न गर्ने र सञ्चालनमा ल्याउने ।	

घ. उल्लेखित सम्पूर्ण नीतिगत तथा अल्पकालीन, मध्यकालीन, र दीर्घकालीन प्राथमिकता कार्यसम्पादनको निम्ति नगरपालिकामा सक्षम जनशक्ति, शाखा, संयन्त्र, तथा सरोकारवालाहरूको आवश्यकता पर्ने हुनाले साथै विभिन्न स्तर तथा चरणमा निरन्तर क्षमता अभिवृद्धि र सहकार्य पनि महत्वपूर्ण हुनाले यस सम्बन्धी कार्यक्रमहरू पनि तर्जुमा भएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७४) को संगठन संरचना बमोजिम पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा वा शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत पार्क तथा मनोरञ्जन इकाई स्थापना गर्ने । १.१ पार्क तथा मनोरञ्जन व्यवस्थापन को लागि नगरस्तरीय समिति गठन तथा परिचालन गर्ने ।	१. पार्क तथा मनोरञ्जन इकाईमा प्राविधिक जनशक्ति र आधुनिक प्रविधि र उपकरणहरू भित्र्याउँदै र प्रयोगमा ल्याउँदै जाने ।	

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२. पार्क तथा मनोरञ्जन इकाईको विभिन्न तालिम, सेमिनार, सिकाई कोर्षको माध्यमद्धारा क्षमता अभिवृद्धि गर्ने ।	२. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने ।	२. कर्मचारी क्षमता अभिवृद्धिलाई निरन्तरता दिने ।
३. नगर प्रहरी र अन्य सुरक्षा संयन्त्र (प्रहरी, वन विभाग आदि) को सहयोगमा पार्क, मनोरञ्जन, खुला क्षेत्र र खेलकुद मैदानहरू-को संरक्षण गर्ने । त्यस्तै नगरपालिकाको आन्तरिक क्षमता विकासमा मात्र नभई पार्क तथा मनोरञ्जन क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने नागरिक, बाह्य जनशक्ति र संघ संस्थाहरूको सीप विकास, सचेतना वृद्धिमा पनि ध्यान दिने ।	३. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन र नियमन ।	३. तालिम प्राप्त जनशक्ति र संघ संस्थाहरूको निरन्तर अनुगमन, मुल्यांकन र नियमन ।

तालिका २/५.३.२ : पार्क तथा मनोरञ्जनको अपेक्षित उपलब्धी

क्र.सं.	उपलब्धी सूचक	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
१.	टोलस्तरीय पार्कहरू (केही मनोरञ्जन/व्यायामका उपकरणसहित)				प्रत्येक ८०० जनसंख्यालाई १
२.	वडा सामुदायिक पार्कहरू (विभिन्न मनोरञ्जन सुविधाहरूका साथ)				प्रत्येक १०००० जनसंख्यालाई १
३.	नगरपालिका पार्कहरू (समारोहका मैदान, बृहत् पार्क)				प्रत्येक २०००० जनसंख्यालाई १
४.	वडास्तरीय खेलमैदान (विशिष्ठ आवश्यकता अनुसार फुटबल, भलिबल, ब्याडमिन्टन वा बहुउपयोगी)	प्रत्येक वडालाई १			प्रत्येक ५०००० जनसंख्यालाई १
५.	Meetings, Conference, Exhibition hall				प्रत्येक ५०००० जनसंख्यालाई १
६.	शहरी प्लाजा वा स्क्वेर (City plaza and square) पाटी, चोक, शहरी पैदल क्षेत्र/मार्ग तथा अन्य शहरी सार्वजनिक स्थल (संख्या)			१४	२८
७.	व्यवस्थित हरित क्षेत्र, उद्यान, बगैंचा, हरित पैदल मार्ग (Green tracks and trails) तथा अन्य हरित सार्वजनिक स्थलवा विशेष पार्क (संख्या)				५
८.	पर्यटकीय खेल र Trekking, Hiking, Camping, Cycling, Rock climbing जस्ता गतिविधिसहित मनोरञ्जनका बहुविधाको प्रवर्द्धन (संख्या)				१२
९.	नगरस्तरीय बृहत् पार्क र रंगशाला	०/० वटा			१/१ वटा
१०	पार्कहरूको समग्र पूर्वाधार आवश्यकता Infrastructure need का पर्याप्तता (प्रतिशत)			३५	५५
११	खेलमैदानहरूको समग्र पूर्वाधार आवश्यकता Infrastructure need का पर्याप्तता (% मा)			३५	५५
१२	पार्क, मनोरञ्जन, खेलमैदान तथा खुला क्षेत्र प्रयोजनका लागि नगरमा जमिनको उपलब्धता (क्षेत्रफल)				

५.३.३. यातायात

१. परिचय

विकासको आधारभूत पूर्वाधारको रूपमा रहेका यातायातका साधनहरूको माध्यमबाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीतला प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ। हालसम्म नेपालमा सडकलाई यातायातको मुख्य माध्यमको रूपमा लिइँदै आएको भएतापनि, हवाईमार्ग, रेलमार्ग, जलमार्ग, राजमार्गजस्ता अन्य माध्यमहरूको विकासबाट पनि पर्याप्त फाइदा लिन सकिने सम्भावना रहेको छ। कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशील बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन कृषि तथा गैरकृषि क्षेत्रको विकास गर्न सडक तथा यातायात सेवा एउटा महत्वपूर्ण पूर्वाधारको रूपमा रहेको हुन्छ। तसर्थ, सडक सञ्जाल तथा यातायात आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो ।

यातायात तथा भू-उपयोग योजना स्थानीय सरकारको लागि महत्वपूर्ण तथा सगँसँगै लिएर जान जरुरी छ । भू-उपयोग योजनालाई आधार मानेर सबै किसिमको सेवाका पूर्वाधार निर्माण गर्दा सडक र यातायातको पहुँच सुनिश्चित हुने गरी निर्माण नगर्दासम्म त्यसबाट समग्र विकासमा पर्याप्त योगदान हुँदैन ।

पोखराबाट ६५ किलोमिटर तथा जिल्ला सदरमुकामबाट २७ किलोमिटरमा रहेको यस नगर व्यापारिक केन्द्रको रूपमा विकास हुँदै गइरहेको यस नगरको विकासमा यातायात क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ। सिद्धार्थ राजमार्गमा नगरका ५ वटा वडा (वडा नं. १,६,८,९,१० र १३) पर्ने तथा ३ वटा वडा (२, ११ र १४) सडकको नजिकै रहेको तथा नगरस्तरका प्रमुख सडक राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ। विशेषगरी नगरपालिकाभित्र पर्ने सिद्धार्थ राजमार्गमा रणनीतिक सडक सञ्जालको सेरोफेरोमा बस्ती बढिरहेको छ। यस नगरका अधिकांश टोललाई सडक सञ्जालले समेटको तथा एक चौथाई भन्दा बढी घर कालोपत्रे सडकमा जोडिए पनि अझै २० प्रतिशत भन्दा बढी घरमा सडक नपुगेको अवस्थामा छ। नगरपालिकाभित्र सार्वजनिक सवारीको लागि अटोरिक्सा, टेम्पो तथा जिपको उपयोग बढी हुने गरेको छ । सिद्धार्थ राजमार्गले छोएका वडाहरू तथा मिर्दी भिमाद सडक खण्डमा सार्वजनिक यातायातको सामान्य पहुँच रहेको भएता पनि अन्य धेरैजसो वडाका लागि समयवद्ध र व्यवस्थित यातायातको पहुँच छैन ।

नेपाल सरकारले अनुकुलन गरेको सडक सुरक्षामा सुधार गर्दै सुरक्षित, धान्न सकिने, सहज र दीगो यातायात व्यवस्थामा पहुँच उपलब्ध गराउने लक्ष्य वालिङ नगरपालिकाले पछ्याइरहेका छ। यस अन्तर्गत २०३० सम्म ५० प्रतिशत जनसंख्यामा सुरक्षित सडक तथा भरपर्दो यातायातको पहुँच सुनिश्चित गर्न वालिङ नगरपालिका सक्षम हुने देखिन्छ। तथापि स्माट सिटीको सोचसहित अघि बढिरहेको नगरपालिका यो लक्ष्य भन्दा अघि बढ्नुपर्ने हुन्छ।

२. मुख्य अवसर चुनौती

नेपालको संविधान २०७२ ले पनि स्थानीय सरकारहरूलाई आफ्नो क्षेत्रभित्रका विभिन्न किसिमका शहरी विकासका योजनाहरू तथा स्थानीय आवश्यकता अनुसारका विकास निर्माण कार्यहरू गर्न पाउने अधिकार प्रदान गरेको छ। विस्तृत रूपमा हेर्दा संघीय सरकार तथा प्रादेशिक सरकारको जिल्ला अन्तर राज्यीय तथा अन्तर स्थानीय क्षेत्राधिकारको सडकहरू परे तापनि कृषि सडक, स्थानीय सडकहरू तथा नगरपालिकास्तरका सडकहरू स्थानीयले नै योजना बनाई अगाडि बढाउन सक्ने प्रावधान रहेको, संघ, प्रदेश तथा अन्य तहबाट यस क्षेत्रको यातायात पूर्वाधारमा गरिने लगानीको लाभ नगर र नगरवासीले पाउने अवस्था पनि रहेको, यातायातको पूर्वाधार विकासका समुदायको सहभागिता र लगानीमा आम सहमति सहज रूपमा प्राप्त हुने, सिद्धार्थ राजमार्गको पूर्वाधार विकासले अन्यत्रको यातायात सेवा र पूर्वाधारमा समेत सहयोग पुग्ने जस्ता विषयलाई अवसरका रूपमा लिइएको छ।

सडक सञ्जाल जोडिएको भएपनि अधिकांश सडक सुरक्षित र भरपर्दो नरहेको अवस्थामा परिवर्तन ल्याई सबैलाई दीगो, भरपर्दो र सुरक्षित यातायात सेवा उपलब्ध गराउने, पूर्वाधार विकासमार्फत् स्थानीय यातायात सेवा सञ्चालन लाभदायक हुने महसुस निजी क्षेत्रलाई गराउने, यातायातका पूर्वाधार विकास र वातावरण र प्राकृतिक स्रोत संरक्षण जस्ता विषयका बिचमा सन्तुलन कायम गर्ने, पूर्वाधार र सेवालाई व्यवस्थित गर्ने जस्ता चुनौती नगरलाई छ ।

यसरी समस्यालाई मध्यनजर राख्दै, आफ्नो अधिकारको प्रयोग गरी, अवसरको प्रयोगमा ल्याई चुनौती सामना गर्दै वालिङ नगरपालिकाले यातायात क्षेत्रको समस्या समाधानका केन्द्रित भई आर्थिक वर्ष २०९६/९७ को अन्त्यसम्ममा कम्तीमा ९५ प्रतिशत जनसंख्यामा सुरक्षित सडक तथा भरपर्दो यातायातको पहुँच सुनिश्चित गर्ने तथा नगरको यातायात सेवालाई स्मार्ट यातायातको स्तरमा पुऱ्याउने गरी यातायात क्षेत्रको उद्देश्य तथा नीति तय गरिएको छ ।

३. लक्ष्य

नगरवासीलाई दीगो, भरपर्दो र सुरक्षित यातायातका पूर्वाधार र सेवाको पहुँच सुनिश्चित गर्ने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य १: आम नगरवासीमा व्यवस्थित तथा सुरक्षित सडकको पहुँच सुनिश्चित गर्नु ।

नीति क. सडक सञ्जाल निर्माण र विस्तार गर्दा अधिकतम नगरवासीलाई नगरभित्र र बाहिरको आवतजावतमा सहजीकरण गर्ने गरी आर्थिक, सामाजिक तथा वातावरणीय पक्षहरूमा पर्याप्त ध्यान दिई सबै (अपाङ्गता भएका व्यक्ति समेत) को पहुँच सुनिश्चित कुरामा जोड दिइने छ ।

नीति ख. नगरपालिकाभित्र तथा बाहिरको सडकहरूलाई एकीकृत तवरले यातायातको सुविधा पुऱ्याउन नगर यातायात गुरुयोजना [Municipal Transportation Master Plan (MTMP)] तयार गरिनेछ र सडक सञ्जाल निर्माण र विस्तार गर्दा MTMP अनुरूप गरिने छ ।

नीति ग. सडक पूर्वाधार निर्माण गर्दा उपयुक्त डिजाइन गरी सडकको आधिकारिक रूपमा तोकिएको कार्यात्मक वर्गीकरण प्रणाली (Functional classification system) प्रयोग गरिन्छ ।

नीति घ. सिद्धार्थ राजमार्गको चाप कम गर्ने तथा नगरको यातायात र पर्यटन क्षेत्रमा योगदान गर्ने गरी आँधीखोला करिडोर निर्माणको कायलाई उच्च प्राथमिकतामा राखिने छ ।

नीति ङ. सडक योजना तथा निर्माण गर्दा सरोकारवाला समुदाय तथा बस्तीको समस्या पहिचान गरी सो समस्या समाधानमा केन्द्रित गरी बनाइने छ ।

नीति च. नगरपालिकाको सामाजिक, आर्थिक विकास तथा हरेक जरुरी सेवा प्रवाहको लागि चाहिने सडक तथा यातायातको सुविधा हुने गरी यातायातको सोच राखिने छ । विशेषगरी कृषि क्षेत्र, उद्योग व्यवसाय, पर्यटन क्षेत्र र सेवा क्षेत्रका आवश्यकता सम्बोधनलाई प्राथमिकतामा राखिने छ ।

नीति छ. सडकको डिजाइन तथा निर्माण संघीय सरकारको सडक विभागद्वारा तोकिएको न्यूनतम मापदण्डभित्र रही गरिने छ । नगरपालिकाभित्रका हरेक सडकलाई विस्तार गर्दा डिजाइन तथा निर्माणमा इञ्जिनियरिङ्ग मापदण्ड पूरा गरेर मात्र विस्तार गरिनेछ ।

नीति ज. सडक सुरक्षाको दृष्टिकोणबाट दुर्घटनाको सम्भाव्यतालाई मध्यनजर गर्दै "Road Safety Audit/Inspection" गरी सडक सुरक्षा सम्बन्धी विभिन्न उपायहरू अपनाइने छ । गति नियन्त्रणका लागि गतिको अधिकतम सीमा तोकिनेछ ।

नीति झ. रातको समयमा पनि सडकलाई सुरक्षित र सहज बनाउनका लागि सडक निर्माण र मुख्य बजार तथा बस्ती क्षेत्रमा सडक बत्ती जडानको कार्यलाई सँगसँगै लगिने छ ।

उद्देश्य २: सार्वजनिक यातायातको सहज र सरल पहुँच सुनिश्चित गर्नु ।

नीति क. नगरपालिकाले सबै बजार, जनसंख्या तथा यातायात सेवाको मागको अध्ययन गरी न्यूनतम हरेक वडासम्म पुग्ने गरी नगर बस सेवा सञ्चालनमा ल्याइने छ । त्यसका लागि साझेदारीका सबै विकल्प खुला गरिने छ ।

नीति ख. सार्वजजिनक यातायातको सेवा र गुणस्तरलाई प्रतिस्पर्धी बनाई सार्वजनिक यातायातलाई क्रमशः निजी सवारी साधनको विकल्पका रूपमा विकास गर्दै लगिने छ । टेम्पो, तथा इ-रिक्साहरूले मात्र दीगो यातायात सेवाको आवश्यकता पूरागर्न नसक्ने भएकोले पूर्व तयारीका साथ वैकल्पिक र उपयुक्त सार्वजनिक यातायात सेवा सञ्चालनलाई प्राथमिकता दिइनेछ ।

नीति ग. वालिङ नगरपालिकालाई केन्द्र बनाई नगर बाहिर सञ्चालन हुने सार्वजनिक यातायात सेवा प्रवर्द्धनका लागि समन्वयकारी भूमिका निर्वाह गरिने छ ।

नीति घ. सामान ओसार पसारमा प्रयोगमा आउने ग्राभिटी रोप वे तथा यातायात र पर्यटन प्रवर्द्धनमा योगदान गर्ने यातायातका विकल्पहरू आवश्यकता अनुसार तयार गरिने छ ।

नीति ङ. यात्रु प्रतीक्षालय र बस बिसौनी विकास गरिँदै लगिने छ । सिद्धार्थ राजमार्गका यात्रु प्रतीक्षालयहरूमा विश्राम तथा रिफ्रेसमेन्ट केन्द्रका रुमपा समेत विकास गरिने छ ।

नीति च. नगरपालिकास्तरीय बसपार्क निर्माण सम्पन्न गरिनुका साथै सेवा केन्द्रहरू, औद्योगिक, व्यवसायिक र पर्यटकीय क्षेत्र लक्षित पार्किङको व्यवस्थापनलाई प्राथमिकता दिइने छ ।

उद्देश्य ३ : यातायातका कार्यक्रम विस्तार गर्दा समुदायमा पर्ने नकारात्मक भौतिक र वातावरणीय प्रभाव न्यूनिकरण गर्नु ।

नीति क. यातायातका पूर्वाधारको कार्यक्रम तय गर्दा संरक्षण गर्न तोकिएको पानीका स्रोतहरू, वनजंगल क्षेत्रहरू, प्राकृतिक स्रोतहरू, साँस्कृतिक तथा धार्मिक क्षेत्रहरू अथवा भविष्यमा तोकिन सक्ने पानी तथा वातावरणका कुनै संरक्षण हुन सक्ने क्षेत्रहरूलाई विस्थापित नहुने गरी डिजाइन गरिने छ । साथै, सडकका कारण अन्य सामाजिक तथा भौतिक पूर्वाधारमा असर नपर्ने गरी पर्याप्त सावधानीको उपाय अवलम्बन गरिने छ । क्षति भएमा तत्काल सुधार गर्न सडक निर्माणको कार्यक्रमकै अंगका रूपमा रहनेछ ।

नीति ख. यातायातका लागि प्रयोजनमा आउने गाडी तथा उपकरणहरूले न्यून सवारी साधन प्रदुषण हुने गरी राष्ट्रिय प्रदुषण मानक पूरा गर्नुपर्ने व्यवस्था गरिने छ ।

नीति ग. समुदाय तथा बस्ती र बासिन्दाहरूलाई न्यून नकारात्मक प्रभाव हुने गरी यातायातका योजनाहरू तथा यातायात सेवा र सुविधाहरूको डिजाइन गरिने छ ।

नीति घ. समग्र नगरपालिकाको ट्राफिक व्यवस्थापनको लागि ठूलो सेवा सुविधा दिने कार्यालय निर्माण गर्नु पर्दा ट्राफिक प्रभाव मूल्यांकन Traffic Impact Assessment (TIA)गर्नुपर्ने प्रावधान बनाइने छ । विभिन्न बाटोहरूलाई एकतर्फी गरी ट्राफिक व्यवस्थापनलाई चुस्त दुरुस्त गरिनेछ ।

नीति ङ. सडकमा भएका फोहोर, धुलोले सामुदाय तथा सडक प्रयोग गर्ने सर्वसाधारणलाई न्यून असर पर्ने गरी सडकको संरचना निर्माण वा अवस्था कायम गरिने छ ।

नीति च. सडकबाट बगेको वर्षात्को पानीलाई प्रभावकारी आधुनिक नवीन विधिहरूबाट व्यवस्थित गरिने छ ।

नीति छ. सक्दो पैदल यात्रुलाई प्रोत्साहन तथा सुरक्षाको लागि बस्ती नजिकका हरेक सडकमा फुटपाथको सुबिधा दिइने छ । सडक तथा अन्य सुबिधाको निर्माणको समयमा पैदल यात्रुलाई सहज तथा सुरक्षा हुने गरी निर्माणको व्यवस्था गरिने छ ।

नीति ज. सडकमा पैदल यात्रु तथा अन्य गाडी चालकहरूको सुरक्षाको लागि ध्वनी प्रदुषण कमगर्ने उपाय अपनाइनुका साथै ट्राफिक प्रहरीसँग समन्वय गरी ध्वनी प्रदुषण निरुत्साहित गर्ने कानुनी प्रबन्ध गरिने छ ।

नीति झ. आम नागरिकको यातायात तथा सडक र सवारी सुरक्षा सम्बन्धी आधारभूत शिक्षाको लागि गोष्ठी, तालिम, सेमिनारहरू आयोजना गरिने छ । सवारी चालक तथा सार्वजनिक सवारी साधनमा काम गर्ने कर्मचारीलाई लक्षित गरी सडक र सवारी सुरक्षाका गतिविधि सञ्चालन गरिने छ ।

नीति ञ. सडकको ट्राफिकलाई बाधा पुऱ्याउने प्राकृतिक अवरोधहरू तथा जीवजन्तुको कारण हुने नकारात्मक प्रभाव शुन्य गराउने गरी उपयुक्त व्यवस्थापन र सुरक्षाको व्यवस्था गरिने छ ।

नीति ट. मापदण्ड पुगेका सडक आसपास वृक्षारोपण गरी सडक क्षेत्रलाई हरियालीयुक्त बनाउँदै लगिने छ ।

उद्देश्य ४ : सडक निर्माण गर्दा भू-उपयोग योजानासँग तादम्यता मिलाउनु र लागत प्रभावकारिता हाँसिल गर्नु ।

नीति क. यातायातका परियोजना (Project) र कार्यक्रमहरू बनाउँदा भू-उपयोग योजनामा तालमेल मिल्ने गरी बनाइने छ । विशेषगरी आवास क्षेत्रमा सार्वजनिक यातायातको पहुँच सुनिश्चितता हुने कुरामा मुख्य प्राथमिकता दिइने छ भने सार्वजनिक यातायातको मागको आधारमा सम्पदा क्षेत्र, पर्यटन, बजार क्षेत्रहरू तथा बस्ती क्षेत्र लक्षित आयोजनालाई पनि प्राथमिकता दिइने छ ।

नीति ख. वार्षिक बजेट तथा पुँजी सुधार कार्यक्रम तथा सडक गुरुयोजनामा उल्लेखित बढी लाभका सडक पूर्वाधार आयोजनामा प्राथमिकताका साथ बजेट विनियोजन गरिने छ ।

नीति ग. सञ्चालन तथा मर्मत सम्भार खर्चसहित प्रत्यक्ष तथा अप्रत्यक्ष लागतहरूलाई विचार गरेर मात्र यातायातका कार्यक्रमका निर्णयहरू लिइनेछ ।

नीति घ. परियोजनाको लागत घटाउन तथा प्रतिकुल प्रभावहरू घटाउन परियोजनाको शुरुवात हुने भन्दा पहिले नै सडकले लिने क्षेत्रलाई नगरको स्वामित्व तथा सडक क्षेत्र अन्तर्गत ल्याइने छ ।

नीति ङः सडकमा रकम विनियोजन गर्दा निश्चित कार्य पूरा हुने गरी विनियोजन गरिने छ । पर्याप्त स्रोत नभएको अवस्थामा प्राथमिकता प्राप्त सडकको निश्चित खण्ड पूरा गर्नमा जोड दिइने छ । सडक निर्माणका लागि निर्माण व्यवसायी छनोट गर्दा बढी भन्दा बढी प्रतिस्पर्धात्मक बनाइने छ ।

नीति च. हरेक सडक तथा यातायातको कार्यक्रम निर्णय गर्दा महिला, वृद्ध, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिको पहुँचमा पर्याप्त ध्यान दिइने छ ।

उद्देश्य ५: यातायात सेवा प्रवाहको नगरको क्षमता विकास गर्नु ।

नीति क. नगरभित्र यातायातको पूर्वाधार तथा यातायात सेवाको व्यवस्थान, समन्वय र निगरानीका लागि निश्चित जनशक्ति तथा उपकरणसहितको यातायात शाखाको विकास गरिने छ ।

नीति ख. यायायात क्षेत्रको भू-सूचना संकलन, विश्लेषण र अद्यावधिक गर्न सक्ने गरी नगरको जनशक्तिको क्षमता विकास गरिने छ ।

नीति ग. नगरका प्राविधिक जनशक्तिलाई आवश्यक पर्ने उपकरणको उपलब्धता गराइनुका साथै कार्य सम्पादनमा आधारित पुरस्कार र क्षमता विकास पद्धति विकास गरिने छ ।

तालिका १/५.३.३ : आवधिक प्राथमिकता : यातायात

क. संविधानतः स्थानीय सडक, कृषि सडक र ग्रामीण सडक स्थानीय सरकारको एकल अधिकारभित्र रहेको सडक निर्माण तथा व्यवस्थापनको काम नगरपालिका स्वयंको हो । यही अधिकारका आधारमा नगरपालिकाले नीतिगत निर्णयहरूमार्फत् नगरले यातायात क्षेत्रको पूर्वाधार र व्यवस्थापकीय कार्य गरिरहेको छ । नगरले सडकको राष्ट्रिय मापदण्डमा अर्थात् योजना तथा भवन निर्माण मापदण्ड २०६० (परिमार्जन २०७२) मार्फत् स्थानीय सडकको मापदण्ड निर्धारण गरी सडकको चौडाई तथा सेटव्याक कायाम गर्ने कुरालाई भवन निर्माण अनुमति प्रक्रियाको अभिन्न अंगका रूपमा कार्यान्वयन गरिरहेको छ । तथापि सबै किसिमका सडकको स्तरोन्नती तथा विकासमा नगरको भूमिका तथा त्यसका विधि निर्धारणका लागि स्थानीय कानुन बनाउन भने बाँकी नै रहेको अवस्था छ । स्थानीय सडकको पूर्वाधार व्यवस्थापन सम्बन्धी कानुन बनाउने तथा सबै किसिमका सडकको निर्माण, विकास र सेवा सञ्चालनको प्राथमिकतासहितको नगर यातायात गुरुयोजना निर्माण गर्ने कार्य नगरको प्राथमिकताका नीतिगत कार्य हुन् । संघीय तथा प्रदेशको अधिकार अन्तर्गत रहेका नगरपालिका क्षेत्रभित्रका सडकको व्यवस्थापनमा संविधानतः नगरको भूमिका नहुने भएपनि आम हितलाई दृष्टिगत गरी वालिङ नगरपालिकाले ती सडकको स्तरोन्नती र व्यवस्थापनमा समेत लगानी गरिरहनु परेको छ । ती सडकका सन्दर्भमा गरिने कार्यका लागि समेत नीतिगत र कानुनी प्रष्टता ल्याउन नगरले समन्वयात्मक प्रयास गर्नुपर्ने आवश्यकता छ ।

संविधानको अनुसूची ८(१६) मा रहेको नगरको सडक सम्बन्धी एकल अधिकार तथा अनुसूची ९(१५) मा रहेको सवारी अनुमति सम्बन्धी साझा अधिकार मध्ये स्थानीय सडक, कृषि सडक तथा ग्रामीण सडकमा सञ्चालन हुने यातायात सेवा र स्थानीय सरकार सञ्चालन ऐनको दफा ११(ख) ले दिएको अधिकार प्रयोग गरी नगरले टेम्पो तथा अटोरिक्सा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ जारी गरी अटो रिक्सा सञ्चालनको नीतिगत प्रबन्ध गरेको छ । यद्यपि सबै किसिमका स्थानीय सवारी साधनको रुट, सेवा तथा भाडादर निर्माण र यातायात क्षेत्र नियमन र व्यवस्थापन सम्बन्धी समग्र पक्ष समेटेर यातायात सम्बन्धी समग्र कानुन निर्माण नगरको तात्कालिक प्राथमिकता हो भने संघीय र प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका नगर क्षेत्रको सडकमा सञ्चालन हुने यातायात सेवा सम्बन्धी अधिकार र दायित्वमा समेत प्रष्टता ल्याउनु जरुरी छ । सबैका लागि दीगो, भरपर्दो र सुरक्षित यातायात सेवाको पहुँच सुनिश्चित गर्ने दीगो विकासको नगर अनुकुलित लक्ष्य प्राप्तिमा केन्द्रित गर्न थप रणनीति निर्माण र स्थानीय यातायात कानुनको समयवद्ध समीक्षा र परिमार्जन नगरको मध्यकालीन र दीर्घकालीन प्राथमिकता हो ।

माथि उल्लिखित प्राथमिकता अनुसार यातायातका पूर्वाधार र सेवा सम्बन्धी नीति तथा कानुन र यातायात गुरुयोजना निर्माण मुख्य अल्पकालीन प्राथमिकता हो भने यातायातको पूर्वाधार र सेवा सम्बन्धी नीति तथा गुरुयोजनाको समयवद्ध समीक्षा र परिमार्जन गर्ने तथा यो क्षेत्रमा आउने नवीनता तथा परिवर्तित सन्दर्भमा नयाँ नीति तथा कानुन बनाउनु नगरपालिकाको मध्यकालीन तथा दीर्घकालीन प्राथमिकता हो ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१.१. संघ र गण्डकी प्रदेश सरकारसँगको समन्वयमा स्थानीय राजमार्गमा तथा संविधानमा नगरको एकल अधिकारभित्र नरहेका सडकको व्यवस्थापन तथा उपयोग सम्बन्धी नगरको भूमिकामा स्पष्टता ल्याउने ।	१.१. नीतिगत स्पष्टताका आधारमा राजमार्ग क्षेत्र लगायत सबै सडक उपयोग तथा यातायात सेवा व्यवस्थापन सम्बन्धी विषयलाई स्थानीय यातायात कानुनको अंग बनाउने ।	१.१ सडक र यातायातको क्षेत्रमा आउने नवीनतालाई आत्मसात गर्दै सडक तथा यातायात सम्बन्धी कानुन, निर्माण परिमार्जन तथा कानुन कार्यान्वयनको थप रणनीति तयार पार्ने ।
१.२. सबै प्रकारका सडकमा सञ्चालन हुने बस, मिनिबस, माइक्रो बस, जिप, अटोरिक्सा लगायत स्थानीय सवारी साधनको अनुमति, भाडादर, सेवा तथा रुट निर्धारण, सडक प्रयोगकर्ताको सुरक्षा आदि समेटेको स्थानीय यातायात ऐन र नियमावली बनाई अटो रिक्सा व्यवस्थापन कार्यविधि २०७५ लाई विस्थापित गर्ने ।	१.२. स्थानीय यातायात व्यवस्थापन कानुन कार्यान्वयनको समीक्षा तथा समयानुकुल परिमार्जन र संशोधन गर्ने । कानुनमा विद्युतीय सवारी साधन तथा पैदल यात्रीको सुरक्षा, सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकको सुरक्षित पहुँच सुनिश्चितता जस्ता प्रावधान पनि समेट्ने ।	१.२. नगरको यातायात क्षेत्रलाई, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकमैत्री सुनिश्चित गर्न आवश्यक थप कानुनी व्यवस्था तथा रणनीति तयार गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२. नगरको यातायात गुरुयोजना बनाउने र गुरुयोजना अन्तर्गत 'घ'वर्गका सडकका लागि जनसहभागिता सम्बन्धी मापदण्ड बनाउने ।	२. नगरको यातायात नीति तर्जुमा गर्ने र यातायात गुरुयोजनामा आवश्यक परिमार्जन गरी यातायात नीतिको अंग बनाउने ।	२. यातायात नीति तथागुरुयोजना कार्यान्वयनको आवधिक समीक्षा गर्ने र सोका आधारमा आवश्यकता अनुसार कमी पूर्तिको रणनीति बनाउने ।
३. स्थानीय सडकको नामसहित वर्गीकरण, मापदण्ड र सडक उपयोग तथा व्यवस्थापन सम्बन्धी ऐन, सम्बन्धित नियम र निर्देशिका निर्माण गर्ने ।		
४. बजेट सीमा निर्धारण गरी निश्चित रकम भन्दा बढीका सडक आयोजनामा वातावरणीय प्रभाव (विपद् जोखिम समेत) मुल्यांकन गर्नुपर्ने व्यवस्था गर्ने ।	४. यातायात तथा अन्य पूर्वाधार निर्माण अघि वातावरणीय प्रभाव मुल्यांकन, विपद् तथा जलवायु अनुकुलन सम्बन्धी दिग्दर्शन तयार गर्ने ।	
५. नगर बस वा स्थानीय बस सेवा सञ्चालनका लागि निजी क्षेत्र वा सामुदायिक संघ संस्था तथा नगर बिचको साझेदारीको विधि तयार गर्ने ।	५. सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुन चाहने यातायात सेवाका लागि सम्भाव्य परिपूर्ति कोष (Viability Gap Funding) सम्बन्धी मापदण्ड तयार गर्ने ।	
	६. वार्षिक नीति तथा कार्यक्रममा सडक र यातायात क्षेत्रको दीगो विकास लक्ष्य (सबैका लागि दीगो, भरपर्दो र सुरक्षित यातायात सेवा) स्थानीयस्तरमा अनुकुलन गरी लक्ष्य प्राप्तिका विषयलाई प्राथमिकतामा राख्ने ।	६. आवश्यकता अनुसार यातायात क्षेत्रको नगर अनुकुलित दीगो विकास लक्ष्य प्राप्तिको थप रणनीति निर्माण गर्ने ।
	७. यातायात नीति तथा कार्यक्रम तथा बस्ती तथा पूर्वाधार विकास नीति तथा कार्यक्रम बिचको सामञ्जस्यता परीक्षण विधि तय गर्ने ।	७. यातायात सञ्जाल तथा बस्ती विकास योजना बिचको असमान्जस्यतालाई क्रमशः घटाउँदै जाने गरी विधि निर्धारण गर्ने तथा नयाँ बस्ती तथा बढी मानिसको बसोबास वा आवतजावत हुने नयाँ बस्ती वा पूर्वाधार विकास गर्दा सवारी व्यवस्थापनको विषयलाई समग्र कार्यक्रमको अभिन्न अंगका रूपमा समेट्ने अनिवार्य व्यवस्था गर्ने ।
	७.१. धेरै सवारी साधनको आवत जावत हुन सक्ने गरी कुनै क्षेत्र विशेषमा विकास वा सेवाका पूर्वाधार निर्माण गर्नुअघि सवारी प्रभाव मुल्यांकन (Traffic Impact Assessment) सम्बन्धी नीति निर्माण र कार्यान्वयन गर्ने ।	

ख. स्मार्ट नगरको सोचसहित अघि बढिरहेको यस नगरपालिकाले महत्वपूर्ण सडकको नामाकरण गरेको भएपनि सबै सडकको सूची बनाई तिनको स्तर निर्धारण र वर्गीकरण र नामाकरण गर्न बाँकी रहेको छ । सबैजसो सडकको शुरु बिन्दु र अन्तिम बिन्दसहितको सूचना नगरमा रहेको भएपनि सबै सडकको समग्र सूचनासहितको इन्भेन्टरी छैन । त्यसैले यो क्षेत्रका लागि पर्याप्त तथ्याङ्क संकलन र व्यवस्थापनको कार्य प्राथमिकता रहेको छ । यातायातको पूर्वाधार विकासलाई तथ्यपरक प्राथमिकीकरणमा आधारित बनाउन र यातायात क्षेत्रको व्यवस्थापन सुधार स्मार्ट नगरको अभिन्न अंगको रूपमा रहेको स्मार्ट यातायात सुनिश्चित गर्न सडक र यायायात सूचना प्रणाली विकास नगरको नगरको तत्काल तथा निरन्तर प्राथमिकताको कामका रूपमा अगाडी बढाइने छ भने सो क्रममा बाटो तथा गल्लीहरूको नामाकरणको कार्य पनि सम्पन्न गरिने छ । जस अनुसार सडक तथा यातायात सम्बन्धी सूचना व्यवस्थापनका कार्यको प्राथमिकता तल प्रस्तुत छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगर सडकको वर्गीकृत (स्थानीय सडक, कृषि सडक र ग्रामीण सडक) विवरण, सडकको नाम र नक्सालाई अन्तिम रूप दिने र सबै सडकको आधारभूत सूचना समेटिएको सडकको इन्भेन्टरी (लगत) तयार गर्ने ।	१. सडक इन्भेन्टरी अद्यावधिक गर्ने, विश्लेषण गर्ने र सडक तथा यातायात सम्बन्धी निर्णयका लागि सहयोगी सूचना प्रणाली (सिजन सपोर्ट सिष्टमका रूपमा यातायात सेवा व्यवस्थापन गर्ने)	१. यातायात तथ्याङ्क व्यवस्थापन तथा उपयोग पद्धतिलाई स्मार्ट यातायातको मापदण्ड अनुकुल बनाउने ।
१.२. नगरका सबै सडक तथा गोरेटो बाटोको नामाकरण (Street Naming) को कार्य पूरा गर्ने र नयाँ खुल्ने सडकको नामाकरणबाट तयार गर्ने क्रममा नै गरिसक्ने ।	१.२. बाटोको नामाकरण (Street Naming) लाई थप वैज्ञानिक बनाउने कार्यलाई निरन्तरता दिने ।	

ग. सिद्धार्थ राजमार्गमा नगरका ५ वटा वडा (वडा नं. १,६,८,९,१० र १३) पर्ने, थप ३ वटा वडा (२,११ र १४) सो सडकको नजिकै रहेको तथा वडास्तरका विभिन्न सडक राजमार्गमा जोडिएको हुनाले नगरको राष्ट्रिय सडक सञ्जालसँगको सम्बन्ध बलियो रहेको छ भने सडकमा गरिने लगानीको रणनीतिक लाभ पनि नगरले उठाउन सक्ने अवस्था छ ।

२०७५ को तथ्याङ्क अनुसार नगरका सबै वडा र अधिकांश टोल तथा बस्ती सडक सञ्जालमा जोडिएका छन् । नगरका करिब ३० प्रतिशत घरलाई कालोपत्रे सडकले छाएको छ । तथ्याङ्क अनुसार अझै २१ प्रतिशत परिवारको घरसम्म सडक सञ्जाल पुगेको छैन । करिब ४५ प्रतिशत परिवारको घर अगाडीका सडक कच्ची अवस्थामा रहेका छन् । कम्तीमा सबै घरमा सबै समयमा आपत्कालीन सेवा दिन समस्या नहुने गरी तिनलाई व्यवस्थित सडक सञ्जालमा ल्याउनु नगरको तत्कालीन प्राथमिकता हो । संघीय सरकारमार्फत् स्तरोन्नती हुने अपेक्षा रहेको सिद्धार्थ राजमार्ग संघीय प्राथमिकतामा नपरेको कारण नगर क्षेत्रमा हुने दुर्घटना न्यूनिकरणका लागि नगर आफैंले लगानी गरिरहेको र त्यसमा निरन्तरता दिनुपर्ने आवश्यकता पनि रहेको छ । नगरभित्र रहेका सडकको पूर्वाधारको वर्तमान अवस्थामा सुधार ल्याई स्मार्ट सडकसहितको स्मार्ट पूर्वाधारयुक्त नगर बनाउने लक्ष्य पूरा गर्नेगरी आवधिक कार्यक्रम तय गर्नुपर्छ ।

यातायातका पूर्वाधारको वर्तमान अवस्थामा सुधार गरी दीगो भरपर्दो र सुरक्षित सडकको पहुँचमा आम नगरवासीलाई ल्याउनका लागि योजनावद्ध रूपमा सडकको सीमा निर्धारण र नक्सांकन, चौडा, ग्राभेल र अन्य पूर्वाधार विकास र कालोपत्रे वा बाटो पक्की बनाउने वैकल्पिक उपायसहित लगानीलाई प्राथमिकीकरण गरी कार्य अघि बढाउनुपर्ने अवस्था छ ।

सडक निर्माण र स्तरोन्नतीको कार्यलाई प्राथमिकतामा आधारित बनाई सीमित स्रोतको उपयोगबाट अधिकतम् प्रतिफल हाँसिल गर्न सकिने हुनाले बढी जनसंख्या समेट्ने, वडाको बढी क्षेत्र जोड्ने तथा वालिङको आर्थिक सामाजिक विकासमा ती सडकले गर्ने आधारमानी प्राथमिकताका आधारमा सडकको कार्य गरिने छ । प्राथमिकताका आधारमा क्रमशः सबै सडकलाई चौडा गर्ने, नाला तथा कल्भर्ट तयार गर्ने र पूर्वाधार विकासका अन्य काम गरी सडकलाई पूर्वाधारको निश्चित मापदण्डमा पुऱ्याउने सडकको पूर्वाधार सम्बन्धी कार्यक्रम आवधिक प्राथमिकतामा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । जसमध्ये आम नागरिकको सुझाव तथा नगरको प्राथमिकताको आधारमा नगरको सबैभन्दा बढी प्राथमिकतामा रहेका सडकको सूचीतालिका नं. ५.४.३ मा प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. कम्तीमा नगरस्तरका सडकको लगत कट्टा गर्ने प्रक्रिया पूरा गर्ने ।	१. सडक मापदण्डको पूर्ण रूपमा कार्यान्वयन गरी लगत कट्टासहित नगरका सबै सडकको अन्तिम नक्सा तयार पार्ने ।	
२.नगरस्तरका सबै स्थानीय सडक (एक भन्दा बढी वडा जोड्ने, नगर केन्द्र र वडा केन्द्र जोड्ने वा एक भन्दा बढी वडाका कम्तीमा ५०० घरधुरीलाई समेट्ने) मापदण्ड अनुसार चौडा गर्ने र ग्रेड मिलाउने कार्य सम्पन्न गर्ने ।	२. नगर केन्द्रबाट सबै वडा केन्द्रसम्मको बाटो आवश्यक पूर्वाधार (स्थायी नाला, टेवा पर्खाल, खोला खोल्सीका व्यवस्थित निकास) सहित कालोपत्रे वा पक्की बनाउने कार्य गरिसक्ने तथा घुम्तीको न्यूनतम मापदण्ड कायम गर्ने, वडा केन्द्रबाट स्वास्थ्य संस्था तथा माध्यमिकस्तरको विद्यालयसम्मको सडक पक्की बनाउने कार्य सम्पन्न गर्ने ।	२. नगर र वडास्तरका सबै सडक पक्की वा कालोपत्रे ललगायत पूर्वाधारयुक्त बनाई कम्तीमा ९५ प्रतिशत जनसंख्यालाई दीगो, भरपर्दो र सुरक्षित सडकको पहुँच सुनिश्चित गर्ने ।
३. बढी जनसंख्यालाई यातायातको पहुँच दिने तथा पर्यटन, शिक्षा तथा स्वास्थ्य जस्ता सामाजिक सेवाको पहुँच वृद्धि, कृषि क्षेत्र विकासमा योगदान गर्ने आधारमा नगरस्तरका अति महत्वपूर्ण सडक आयोजना निर्धारण गर्ने ।	३. चक्रपथ बाहेक नगरका अति महत्वपूर्ण सडकको सबै पूर्वाधारसहित पक्की वा कालोपत्रे गर्ने काम सम्पन्न गर्ने । त्यस्ता सडक अन्तर्गत बस्ती तथा बजार क्षेत्रमा सडकपेटी व्यवस्थापन समेत गरिसक्ने ।	३. नगर गौरबका महत्वपूर्ण सडकमा आवश्यक सडक फर्निचरका कार्य पूरा गर्ने ।
४. सडक सञ्जाल बाहिर रहेका बस्ती लक्षित सडकको नयाँ मार्ग खोल्ने कार्य सम्पन्न गर्ने ।	४. वडास्तरका सडक (कम्तीमा १०० घरलाई लाभ दिने एक भन्दा बढी बस्ती समेट्ने) मापदण्ड अनुसार चौडा गर्ने, घुम्तीको न्यूनतम मापदण्ड कायम गर्ने, ग्रेड मिलाउने तथा नाला ब्यवस्थापन गर्ने कार्य सम्पन्न गर्ने ।	४. सबै घरलाई उपयुक्त सडक सञ्जालमा आवद्ध गरिसक्ने र निजी बाटो बाहेक सबै समुदायस्तरका बाटो समेतलाई कम्तीमा कालोपत्रे बाहेकको पूर्वाधारयुक्त बनाइसक्ने ।
५. सडकको नियमित मर्मत सम्भार हुने गरी सडक मर्मत सम्भार सम्बन्धी बेग्लै बजेट वार्षिक रूपमा विनियोजनको पद्धतिलाई संस्थागत गर्ने ।	५. वडा कार्यालयको सीमित सहयोग रहने गरी वडा र बस्तीस्तरका सडकको समुदायस्तरबाटै नियमित मर्मत सम्भार हुने व्यवस्था गर्ने ।	५. मर्मत सम्भार कोषको निरन्तर परिचालनका आधारमा सबै सडकको समयवद्ध मर्मत सम्भारको सुनिश्चितता गर्ने ।

६. नगरको भू-उपयोग योजना कार्यान्वयनको क्रममा नयाँ खुल्न सक्ने औद्योगिक क्षेत्र वा सेवा केन्द्र लक्षित सडक आयोजनाको प्रस्ताव तयार गर्ने ।	६. मध्यकालमा पहिचान र प्रस्ताव हुने भू-उपयोग योजना, बस्ती विकास योजना, औद्योगिक र पर्यटन नीति आदिमा केन्द्रित रहेर सडक तथा वैकल्पिक यातायात (रोप वे लगायत) को सम्भाव्यता अध्ययन गरी सम्भाव्य देखिएका परियोजनाका लागि विस्तृत परियोजना प्रतिवेदन बनाई कार्यान्वयन शुरु गर्ने । ७ पहिरोको जोखिम रहेका क्षेत्र तथा बिन्दुहरूमा सडकको कार्य गर्दा पहिरो नियन्त्रणको कार्यक्रम समावेश गर्ने तथा बायो इञ्जिनियरिङ प्रविधिको प्रयोगमा पनि गर्ने ।	६. मध्यकालमा पहिचान र प्रस्ताव हुने भू-उपयोग योजना, बस्ती विकास योजना, औद्योगिक र पर्यटन नीति आदिमा केन्द्रित रहेर सडक तथा वैकल्पिक यातायात (रोप वे लगायत) का पूर्वाधार निर्माण सञ्चालन गर्ने ।

घ. यस नगरमा आन्तरिक सडक सञ्जालको पूर्वाधार विकासका लागि महत्वपूर्ण भूमिका खेल्ने अधिकांश पुलको निर्माण भएका छन् । तैपनि सबै याममा सहज रूपमा यातायात सेवा सञ्चालन हुने अवस्थामा सडक पूर्वाधार पुऱ्याउनका लागि केही संख्यामा साना तथा मझौला पुल तथा धेरै संख्यामा कल्भर्ट तथा खोलाखोल्सीको पानी तथा वर्षे भेलको भरपर्दो निकासको व्यवस्था गर्नुपर्ने आवश्यकता छ। सडक पूर्वाधारको दीगोपन सुनिश्चितताका लागि पनि त्यस्ता पूर्वाधार जरुरी हुन्छन् । तसर्थ खोलाखोल्सीको उपयुक्त निकासका पुल, कल्भर्ट वा पूर्वाधार तयार गर्न पुल तथा कल्भर्ट तथा वैकल्पिक पूर्वाधारहरूको सूची बनाई तल उल्लिखित प्राथमिकताका आधारमा तिनको निर्माण र पूर्वाधार विकास गरिने छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	**मध्यकालीन (३ देखि ७ वर्ष)**	**दीर्घकालीन (८ देखि २० वर्ष)**
१. सबै सडकमा आवश्यक देखिएका कल्भर्ट वा पुल तथा खोला तथा भल व्यवस्थापनका अन्य पूर्वाधारको सूची बनाई वडा र नगरस्तरीय सडकमा सम्बन्धित पूर्वाधार निर्माणको प्राथमिकीकरण गर्ने ।	१. नगर र वडास्तरका प्रमुख बाटोका लागि आवश्यक पुल तथा कल्भर्टहरूको व्यवस्थापन गरिसक्ने । पुल तथा कल्भर्ट नचाहिने स्थानमा भल निकासको स्थायी संरचना निर्माण गरिसक्ने । २. वर्षाको भल व्यवस्थापनको पूर्वाधार निर्माणको प्रक्रियासँगै मुख्य सडकको पानीको निकासको कार्यलाई एकीकृत गर्न शुरु गर्ने ।	१. सबै वडास्तरसम्मका सडकका लागि पुल, कल्भर्ट वा पानी निकासका अन्य पक्की पूर्वाधार तयार गरिसक्ने । २. सबै सडकको पानीको व्यवस्थित निकासको सुनिश्चितता गर्ने ।

ङ. नगरपालिकाको सीमित स्रोत र निश्चित क्षेत्रका कारण ठूला सडक पूर्वाधार निर्माण वा स्तरोन्नतीका लागि संघ, प्रदेश, संघ तथा प्रदेश अन्तर्गतका निर्वाचन क्षेत्र विकास कार्यक्रम, विभिन्न दातृ संस्था तथा छिमेकी स्थानीय तह लगायत विभिन्न निकायसँग सहकार्य र साझेदारी गर्नुपर्ने आवश्यकता छ। नगर चक्रपथको कार्य सम्पन्न गरी नगर बस सञ्चालन हुने अवस्थामा पुऱ्याउने, सिद्धार्थ राजमार्गको वालिङ खण्डको लक्षित पूर्वाधारको कार्य पूरा गर्ने र ठूला पर्यटकीय सडक बनाउने जस्ता कार्यका लागि सम्भाव्य नयाँ कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत प्राप्तिका लागि नगरले नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गर्नेछ। नगर चक्रपथ बाहेक नगरको आफ्नो स्रोत र बाह्य स्रोत समेतका आधारमा निर्माण वा स्तरोन्नती गरिने सडकको नाम तालिका नं. ५.४.३ (१) मा प्रस्तुत गरिएको छ। जसलाई तलको नक्सामा पनि प्रस्तुत गरिएको छ ।

नक्सा ५.३.३ : नगरका मुख्य सडक



अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. संघ र प्रदेश सरकारसँग को समन्वयमा सिद्धार्थ राजमार्गको वालिङ नगरपालिकाको खण्ड मापदण्ड अनुसार चौडा गरी पूर्वाधार विकासका कार्य सम्पन्न गर्ने ।		
२. नगर चक्रपथ निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गरी स्रोत सुनिश्चितताका लागि केन्द्र वा प्रदेश सरकारसँग संस्थागत समन्वय गर्ने ।	२. नगर चक्रपथको चक्रपथको पक्की गर्ने बाहेकको पूर्वाधार सम्पन्न गरिसक्ने ।	२. कालोपत्रे लगायत पूर्वाधारका कार्य सम्पन्न गरी नगर चक्रपथलाई पूर्ण सञ्चालनमा ल्याउने ।
३. केन्द्र, प्रदेश तथा बाह्य निकायबाट प्रत्यक्ष रूपमा निर्माण भइरहेका (वालिङ-हुवास, बायाँटारी-पिडिखोला, वालिङ, काफलडाँडा, रोग्दी, वालिङ, जगत, किसान, चापाकोट, वालिङ, डौवा, मैदान, आमडाली, पित्लेक, डेलडाँडा, लखने, तल्लो पेखु, बाहुनथान, सिमलचौपारी, कट्केरी, सिंगारकोट, राम्चे, तिनधार र त्रियासी, रत्ने, यलादि, मनकामना)	३. अल्पकालमा निर्माणको प्रक्रियामा रहेका संघ, प्रदेश, निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम तथा बाह्य निकायबाट सञ्चालित सबै सडक निर्माणको कार्य सम्पन्न गर्ने गरी समन्वयात्मक र सहयोगी भूमिका निर्वाह गर्ने ।	३. बस्ती विकास तथा भू-उपयोग योजनाका आधारमा निर्माणको आवश्यकता देखिएका सडक पूर्वाधारको छोटो सूची बनाई स्रोत प्राप्तिका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
निर्माणको कार्य समयमा पूरा गर्न नगरको तर्फबाट सहजीकरण र समन्वयकारी भूमिकालाई संस्थागत रूपमा अघि बढाउने । ४. सिद्धार्थ राजमार्गबाट गह्रौंसुर कालिका, स्वरेक मैदान, बाहुनथान, बुढाकोट भ्यूटावर, मन्स्याङकोट, पित्लेक आरूपाटा, विभिन्न पूराना होमस्टे, अकला मन्दिर, शिर्सेकोट, छाङ्छाङ्दी जानेबाटोलाई पर्यटन मार्गका रूपमा अघि बढाउने गरी आवश्यकता अनुसार रणनीतिक साझेदारीका लागि अन्तर नगर समन्वय तथा केन्द्र र प्रदेशसँग पहल शुरु गर्ने ।	४. स्मार्ट यातायातको लक्ष्य प्राप्तिमा भएका प्रगति समीक्षा तथा सम्बन्धित कार्यक्रम र परियोजनाका लागि संघीय शहरी विकास मन्त्रालयसँग समन्वय गर्ने।	

च. वालिङ नगरपालिकाको सिद्धार्थ राजमार्ग क्षेत्रमा सार्वजनिक बसको सुविधा सामान्य रहेको छ भने पछिल्लो समयमा अटोरिक्सा सञ्चालन भएसँगै नगर केन्द्र र आसपासका कतिपय क्षेत्रमा यातायातको सेवामा सुधार भएको छ । त्यसबाहेक काठमाडौं र पोखराबाट वालिङ चल्ने बस नगरका वडा नं. २,४,५ र ७ का निश्चित स्थानसम्म जाने गरेकोले ती क्षेत्रका लागि पनि केही रूपमा सार्वजनिक बसको सेवा उपलब्ध छ। तर नगरका अधिकांश ग्रामीण क्षेत्रको यातायात सेवाको विकल्प भने स्थानीय जीप लगात ढुवानीका साधनहरू हुन् । जुन यातायात सुरक्षाका दृष्टिकोणले संवेदनशील अवस्थाको उदाहरण हो । ती सवारी साधन पनि मिर्दी वा वालिङ जाने र फर्कने समय बिहान र बेलुका मात्र भएकोले आफ्नो अनुकुलमा नगरभित्रको आन्तरिक आवतजावतमा कठिनाई ब्योहोर्नु परेको छ ।

यो समस्या समाधानको लागि नगर बस सञ्चानल हुनुपर्ने नगरवासीको माग रहेको भएपनि नगर आफैंले नगर बस सञ्चालन गर्ने भन्दा पनि तत्काल बाह्य यातायातका साधनलाई स्थानीय वैकल्पिक रुट निर्धारण गरी यातायात सेवा विस्तार गर्ने र निजी क्षेत्र वा सहकारीमार्फत् नगर बस सञ्चालन नगरको तत्कालीन र मध्यकालीन प्राथमिकता हो । सडक पूर्वाधारको अपर्याप्तताका कारण स्थानीय सवारी साधन सञ्चालन निजी क्षेत्रका लागि तुलनात्मक रूपमा कम लाभदायक हुने भएकोले महत्वपूर्ण सडक तथा नगरबाट निर्धारित बस सञ्चालनको रुटलाई व्यवस्थित गरी नगरका वडा नं. ३, १२ लगायत बढी समस्यामा रहेका क्षेत्र राजमार्गबाट नगरका सबैजसो वडा केन्द्रसम्मको यातायात सेवा सरल र सहज बनाउने गरी पूर्वाधार सुधार गर्दै सो भेगमा बस सञ्चालनका लागि निजी क्षेत्रलाई उत्प्रेरित गरिनुका साथै स्थानीय बस सेवा सञ्चालनमा बस व्यवसायीलाई सहजीकरण गर्न नगरका तर्फबाट सहयोगका लागि सम्भाव्य परिपूर्तिकोषबाट सहयोगको प्रबन्ध मिलाइने छ । त्यसैगरी नगरका प्राथमिकता प्राप्त सडकमा क्रमशः समयवद्ध रूपमा बस सेवा सञ्चालन गर्नु पनि अल्पकालीन र मध्यकालीन प्राथमिकता हो । त्यसका साथै बस बिसौनी, बसपार्क तथा सवारी साधनको पार्किङको लागि आवश्यक क्षेत्र तथा सेवा व्यवस्थान पनि नगरको प्राथमिकतामा रहेको छ । त्यस आधारमा यातायात सेवा व्यवस्थान सम्बन्धी प्राथमिकता आवधिक रूपमा तल प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगर सार्वजनिक यातायात योजना बनाई यातायात व्यवसायीसँगको समन्वयमा स्थानीय बस सेवा शुरु गर्ने ।	१. नगरको समन्वयकारी र सहयोगी भूमिका रहनेगरी निजी वा सहकारीबाट नगर बस सञ्चालन गर्ने । जसमा अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला तथा जेष्ठ नागरिकलाई न्यूनतम सुविधा हुने गरी सिट आरक्षणको व्यवस्था गर्ने ।	१. सेवा र सुविधाको न्यूनतम मापदण्डका आधारमा नगर बस सेवालाई बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र महिलामैत्री सुनिश्चितता गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१.१. राजमार्गमा बस चल्ने समय र क्षेत्रमा नसमेटिएको समय र क्षेत्रलाई स्थानीय बस सञ्चालनको रुटका रूपमा निर्धारण गरी यो सेवा शुरु गर्ने । हाललाई नगर केन्द्रबाट वडा केन्द्रसम्मको यातायात सेवा शुरु गराउने ।	१.१. स्थानीय यातायातको सेवा तथा भाडादरको समयवद्ध मुल्यांकन तथा पुनरावलोकन गर्ने । स्थानीय साना सवारी तथा नगर बसमा इ-विलिङ तथा भुक्तानी प्रणाली लागु गर्ने ।	१.१. छिमेकी स्थानीय तह (भिरकोट, मनकामना, गल्याङ) सँगको साझेदारीमा सडक सञ्जार विस्तार गरी अन्तरपालिका यातायात सेवा सेवा सञ्चालन वा सुधार गर्ने । १.२. चक्रपथ तथा स्थानीय सडकहरूमा सबै समय (हिउँद वर्षा तथा रात्री अबेरसम्म) साना तथा ठूला स्थानीय सवारी साधन सञ्चालनको सुनिश्चितता गर्ने ।
२. शहरी विकास विभागले स्मार्ट सिटी निर्माणका सन्दर्भमा तयार गरेको मस्यौदा प्रतिवेदमा उल्लिखित मिर्दीमा नगर बसपार्क निर्माणको कार्य अन्तिम चरणमा पुऱ्याउने ।	२. नगर बसपार्क निर्माण गरिसक्ने ।	२. नगर बसपार्क थप विस्तारित र पूर्वाधारयुक्त बनाउने ।
३. नगर केन्द्र, स्वास्थ्य चौकी तथा वडा कार्यालय आसपास एवं अन्य बजार क्षेत्रमा सबै किसिमका सवारीको पार्किङ स्थलहरू निर्धारण गर्ने ।	३. सार्वजनिक यातायात सञ्चालन हुने नगर र वडास्तरका सबै सडकमा बस बिसौनीको न्यूनतम पूर्वाधार तयार गर्ने र यात्रुको चाप बढी हुने बस बिसौनीहरूलाई लक्षित गरी पहिलो चरणमा १० व्यवस्थित यात्रु प्रतीक्षालय निर्माण गर्ने ।	३ आवश्यकता अनुसार पार्किङ स्थल तथा बस बिसौनी थप गर्दै लाने ।

छ. वालिङ नगरपालिकाले स्मार्ट नगर र स्मार्ट नागरिकको दूरदृष्टि प्राप्त गर्नका लागि कृषि र पर्यटन क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेको छ । नगरमा रहेका गह्रैसुर, स्वरेक मैदान, बाहुनथान, बुढाकोट भ्यूटावर, मन्स्याङकोट, पित्लेक आरूपाटा, विभिन्न पुराना होमस्टे, अकला मन्दिर, शिर्सेकोट, छाङ्छाङ्दी आदि जोड्ने सडकलाई पर्यटकीय सडकका रूपमा सम्बन्धित सम्पदाको विशेषता झल्कने गरी सडक सुन्दरताको कार्य अघि बढाइने छ । सडक क्षेत्र निर्धारणसँगै सडक दायाँबायाँ वृक्षारोपण, सडक साजसज्जा, रोज पिंक सिटीको झलक, तथा सडकसरसफाई लगायत सबै किसिमका सडकको सुन्दरताका सम्बन्धी मापदण्ड बनाई सोको कार्यान्वयनलाई आवधिक प्राथमिकतामा राखिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. कालोपत्रे तथा पक्की बनाउने काम सम्पन्न भएका सडकमा सडक साजसज्जाका कार्य शुरु गर्ने नगर सरसफाईको अभिन्न अंगका रूपमा सडक सरसफाईका कार्य शुरु गर्ने ।	१. सडक सुन्दरताका लागि वृक्षारोपण लगायतका कार्य गर्ने । पर्यटन मार्गहरूमा गन्तव्य झल्कने गरी सडक सुन्दरताका कार्य गर्ने । रोज पिंक सिटीको झल्को दिने किसिमका पेन्टिङ वा सुन्दरताका उपयुक्त कार्य गर्ने ।	१. सबै बजार र बस्ती क्षेत्रका सडकको सफाई र सुन्दरतालाई निर्धारित नगर मापदण्डमा पुऱ्याउने ।

ज. नगरका यातायात सेवाको माग र आपूर्ति बिचमा अन्तर रहेता पनि सवारी साधनको संख्या, विविधता र उपयोग बढिरहेको तथा यातायातको बढी समस्या रहेका क्षेत्रका सडकको पूर्वाधार सुरक्षित र भरपर्दो यातायात सेवाका लागि अपर्याप्त भएकोले यसबाट सडक दुर्घटनाको जोखिम बढ्न सक्ने अवस्था छ । यस्तो जोखिम न्यूनिकरणका लागि सडक सुरक्षा र यातायात सेवा प्रवाहका कार्यलाई नगरले सँगसँगै अघि बढाउनु पर्ने आवश्यकता छ । पूर्वाधार विस्तार र विकाससँगै स्थानीय र बाह्य यातायातका साधनको उपयोगमा हुने विस्तारले यो जोखिम अझै बढाउन सक्छ । यसलाई दृष्टिगत गरी सडक सुरक्षाका निम्नानुसारका प्राथमिकता तय गरी आवधिक प्राथमिकतासहित प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. जिल्ला ट्राफिक कार्यालयको समन्वयना नगरभित्र नगर ट्राफिक कार्यालय स्थापनाका लागि नगरको तर्फबाट प्रक्रिया पूरा गर्ने ।	१. सम्बन्धित निकायसँगको समन्वयमा नगरमा ट्राफिक प्रहरी कार्यालय स्थापना गर्ने ।	१. नगर ट्राफिक प्रहरी कार्यालय स्थापना गर्ने ।
२. नगर क्षेत्रका सडकमा सडक चिन्ह, मार्किङ तथा अन्य सडक फर्निचर आवश्यकता अनुसार आवश्यकता अनुसार राख्न शुरु गर्ने ।	२. अल्पकालमा तयार भएका सबै पक्की सडकमा सडक सवारी संकेत तथा चिन्ह, जेब्राक्रस, मार्किङ, ट्राफिक लाइट तथा अन्य सडक साजसज्जा सडक सज्जाका कार्य गरिसक्ने ।	२. नगरका सबै पक्की सडकमा सडक सवारी संकेत तथा चिन्ह, जेब्राक्रस मार्किङ, ट्राफिक लाइट तथा अन्य सडक साजसज्जा सडक सज्जाका कार्यको निरन्तरता ।
३. नगरस्तरका सडकको बजार र सघन बस्ती क्षेत्रमा सडक पेटी निर्माणको कार्य शुरु गर्ने ।	३. चक्रपथ र नगरस्तरीय सडकका सडक अन्तर्गत बस्ती तथा बजार क्षेत्रमा सडक पेटी व्यवस्थापन गरिसक्ने र आवश्यकता अनुसार वडास्तरका सडकमा पनि सो कार्य शुरु गर्ने ।	३. सबै बस्ती र बजार क्षेत्रमा रेलिङसहितको सडक पेटी निर्माण गर्ने ।
४. वालिङ, भुम्रे, रामबाच्छा, मिर्दी लगायतका मुख्य बजार क्षेत्र तथा सघन बस्ती क्षेत्रमा नगर समुदाय वा सार्वजनिक निजी साझेदारीको माध्यमबाट सडक बत्ती व्यवस्थापन गर्ने ।	४. सम्बन्धित पक्षसँगको समन्वय र सहकार्यमा सडक बत्ती स्थापना तथा महत्वपूर्ण बजार (वालिङ, भुम्रे, रामबाच्छा लगायत) सडक क्षेत्रमा सिसी क्यामेरा जडानको कार्य गर्ने ।	४. उपयुक्त साझेदारीमार्फत् सबै बजार र बस्ती क्षेत्रमा सडक बत्ती तथा CCTV स्थापन गरिसक्ने ।
५. यातायात सेवा सञ्चालनका लागि रुट निर्धारणका क्रममा दुर्घटना सम्भाव्य क्षेत्र विश्लेषण गरी जोखिम अल्पीकरणका आधारभूत संरचनागत कार्य गर्ने । सडक र सवारी सुरक्षा सम्बन्धी सचेतनामूलक र प्रवर्द्धनात्मक कार्यक्रम बनाई नियमित कार्यान्वयन गर्ने ।	५. सिद्धार्थ राजमार्गमा ट्राफिक प्रहरीको समन्वयमा चोक व्यवस्थापनका न्यूनतम पूर्वाधार तयार गर्ने र नगरको एउटा प्रमुख चोकमा सवारी बत्तीको अभ्यास शुरु गर्ने ।सडक सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रमलाई थप प्रभावकारिताका साथ निरन्तरता दिने ।	५. सडक सुरक्षाका संरचनागत र प्रवर्द्धनात्मक कार्यलाई निरन्तरता दिने ।। सडक र सवारी सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रमलाई आवश्यक परिमार्जनसहित प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

झ. पहिलो पटक बृहत् योजना निर्माणको समयनगरपालिकामा ३ जना इञ्जिनियर र २ जना सब-इञ्जिनियर र १ जना अमिनसहितको प्राविधिक कर्मचारीको उपलब्धता रहेको छ भने सडक सम्बन्धी सूचना संकलन र व्यवस्थापनमा समेत सहयोग गर्न सक्ने दुई सूचना प्रविधि अधिकृत पनि नगरमा रहेका छन् । तथापि सडक तथा यातायात सेवा व्यवस्थापनका लागि आवश्यक प्राविधिक र प्रशासनिक कर्मचारीको अपर्याप्तताका कारण पूर्वाधार निर्माण तथा स्तरोन्नतीका कार्यको अनुगमन र सुपरिवेक्षणका कतिपय क्षेत्रमा कमी कमजोरी हुनसक्ने अवस्था रहेको छ ।

सडक लगायत सबै पूर्वाधार निर्माण र ब्यवस्थापनमा नगरकार्यपालिका बिचको समन्वयकारी भूमिका निर्वाह गर्नका लागि ७ जना वडा अध्यक्ष रहेको समिति पनि रहेको छ । स्थानीय यातायात सेवाको नियमन, सडक सुरक्षा तथा यातायात सेवा लगायतमा नगरको भूमिका वृद्धि, सडक र यातायात क्षेत्रको नियमित अध्ययन, तथ्याङ्क संकलन र व्यवस्थापन एवं विकास र सेवाको सुपरिवेक्षणसहितको कार्यलाई प्रभावकारी बनाउन यातायात शाखा निर्माण लगायत यो क्षेत्रको संस्थागत विकासका कार्यलाई तल प्राथमिकीकरण गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरको संगठन व्यवस्थापन सर्वेक्षणका क्रममा नेपाल सरकारले उपलब्ध गराउने तथा नगरमा हाल उपलब्ध रहेको जनशक्तिको आधारमा मानव संशाधन विश्लेषण गरी नगरको प्राविधिक शाखा अन्तर्गत अधिकृतस्तरको कर्मचारीसहितको बेग्लै यातायात एकाई निर्माण गर्ने ।	१. नगरको यातायात एकाईमा न्यूनतम जनशक्ति (अधिकृत तथा सहायकस्तरका प्राविधिक र एकजना सूचना प्रविधि तथा प्रशासनिक कर्मचारी) व्यवस्थापन गर्ने । एकाईलाई न्यूनतम उपकरण र प्रविधियुक्त बनाउने ।	१. नगरमा प्राविधिक र प्रशासनिक कर्मचारीसहितको यातायात शाखा स्थापना गर्ने र सो अन्तर्गत यातायात सेवा र पूर्वाधारका कार्य हेर्न बेग्लाबेग्लै इकाई गठन गर्ने र शाखालाई शहरी विकास महाशाखाको अंग बनाउने ।
२. यातायात एकाईबाट सडक तथा यातायातका पूर्वाधारको डिजिटल इन्भेन्टरी तयारी र स्वतः अद्यावधिक हुने प्रणाली विकास गर्ने ।	२. यातायातका पूर्वाधार र सेवा सम्बन्धी सूचना नियमित अद्यावधिक भएको सुनिश्चितता गर्ने ।	२. स्मार्ट यातायातको उद्देश्य हाँसिल हुने गरी सूचना प्रविधिमा आवद्ध यातायात सेवाको प्राविधिक निगरानी गर्न सक्ने गरी यातायात सूचना प्रणाली विकास र सञ्चालन गर्ने ।
३. यातायात इकाईको मुख्य प्राविधिक भूमिका हुने गरी यातायातका पूर्वाधार र सेवाको गुणस्तर निर्धारण, अनुगमन, मुल्यांकन पद्धतिमा आवश्यक परिमार्जन गर्ने ।	३. हाल अभ्यासमा रहेको सडक निर्माणको अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई यातायात इकाईको आवधिक (मासिक) परिचालन योजनाबाट थप व्यवस्थित गर्ने । ३.१. प्राविधिक इकाईको कार्यलाई कार्यसम्पादन सूचकका आधार मुल्यांकन गरी पुरस्कार र क्षमता विकासमा आवद्ध गर्ने ।	३. पूर्वाधार निर्माणको सुपरिवेक्षणमा खट्ने प्राविधिक तथा अन्य जनशक्तिको भौतिक र सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।
४. यातायात सेवा र पूर्वाधार क्षेत्रको प्राविधिक पक्षलाई सुव्यवस्थित गर्न आवश्यक ज्ञान र सीप परिपूर्ति गर्न प्राविधिक एकाईको क्षमता विकासका छोटा, मध्यम र लामो अवधिका कार्यक्रम तय गर्ने ।	४. प्राविधिक एकाईका क्षमता विकासका निर्धारित कार्यक्रमलाई नियमित नगर आफैं वा सम्बन्धित निकायसँगको समन्वयमा नियमित रूपमा कार्यान्वयन गर्ने ।	४. यातयायात सम्बन्धी नवप्रवर्द्धन समेत समावेश गरी स्मार्ट यातायात सम्बन्धी तालिम र क्षमता विकासका कार्य सञ्चालन गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
५. सडक सञ्चालन र मर्मत सम्भारका लागि नगर र वडास्तरमा संयन्त्र विकास गर्ने ।	५. सडक सञ्चालन र मर्मत सम्भारका लागि गठित नगर र वडास्तरका समितको कार्य प्रवर्द्धनका लागि अनुशिक्षण, न्यूनतम सीप तथा उपकरणको ब्यवस्था गर्ने । ५.१ सडकको गुणस्तर परीक्षणका लागि नमूना जाँच गर्ने उपकरण नगरस्तरमा आफैं वा छिमेकी स्थानीय तहसँगको समन्वयमा उपयुक्त स्थानमा व्यवस्था गर्ने ।	५. स्थानीय यातायात पूर्वाधार मर्मत सम्भारमा जिम्मेवार संयन्त्रका लागि वार्षिक अनुशिक्षण सञ्चालन गर्ने ।
६.१ नगरस्तरको भौतिक पूर्वाधार समिति तथा संयन्त्र एवं नगर र वडास्तरको अनुगमन समितिका लागि वार्षिक अनुशिक्षण सञ्चालन गर्ने । ६.२. उपभोक्ता समिति गठन तथा सञ्चालन एवं स्थानीय अनुगमन समितिको भूमिका सन्दर्भमा अनुशिक्षण दिग्दर्शन तयार सबै उपभोक्ता समिति तथा मध्यमस्तरका सडक आयोजनासँग सम्बन्धित सबै स्थानीयनिगरानी समूह वा समितिलाई अनुशिक्षण दिने ।	६. पूर्वाधार समितिलगायत यातायात क्षेत्रको मख्य भूमिकामा रहने संयन्त्रको क्षमता विकासका कार्यलाई निरन्तरता दिने ।	६. विभिन्न समिति तथा संयन्त्रको यातायात क्षेत्र अनुगमन र सुपरिवेक्षण सम्बन्धी सीप विकासका कार्यलाई निरन्तरता दिने ।

नगरपालिकाको यातायात गुरुयोजना बनाउन बाँकी रहेको हुनाले हरेक सडकको प्राथमिकता चयन गर्न नसकिएकोले नगर र समुदायस्तरीय छलफलका आधारमा निम्न सडकलाई प्रमुख प्राथमिकतामा राखिएको छ। उक्त सडकलाई ५.५ मिटरको लेन (मध्यम लेन) को अवस्थामा आवश्यक नाला तथा कल्भर्ट समेत रहने गरी कालोपत्रे गर्न लाग्ने आवश्यक रकम पनि उक्त तालिकामा प्रस्तुत गरिएको छ। उल्लिखित सबै सडक कम्तीमा मध्यकालीन अवधिसम्म कालोपत्रे गरिसकिने अपेक्षा गरिएको छ। यातायात गुरुयोजना अनुसार सडकहरूको लम्बाई केही फरक पर्नसक्ने र सोही अनुरूप लागत पनि परिमार्जन हुनसक्ने अवस्था आउन सक्छ। तसर्थ आहिले अनुमान गरिएका उपलब्धी र लागतलाई समय क्रममा यातायात गुरुयोजना अनुरूप परिमार्जन गरिने छ।

तालिका २/५.३.३ : पूर्वाधार निर्माण तथा स्तरोन्नतीका लागि नगरको प्राथमिकतामा रहेका सडक

सडक जाने मार्ग	समेटिने जनसंख्या	हालको अवस्था	लम्बाई (कि.मि. मा)	जम्मा लागत (रु. लाखमा)*
भुम्रे, रावतडाँडा, देउराली, थाना, दाङ्से, कोखे, कपासे, सिरवानी, सडक	३००००	कच्ची	१३	१,५६०
सिद्धार्थ राजमार्ग, वडहर्दी, वर्तुङ, घ्वाङखोला	३०००	पक्की र कच्ची	३.५	४२०
त्रियासी, वेलपोखरी, मन्स्याङकोट, भिरकोट, दभुङ, छप्राक, रानखोला, त्रियासी चक्रपथ	४०००	पक्की र कच्ची	१२	१,४४०

सडक जाने मार्ग	समेटिने जनसंख्या	हालको अवस्था	लम्बाई (कि.मि. मा)	जम्मा लागत (रु. लाखमा)*
सुकौदी, अमले, टापु, स्वरेक मैदान	५०००	कच्ची	१६	१,९२०
अमले, सिम्ले, पञ्चमुल, तितापानी	५००	कच्ची	६	७२०
बाँयाटारी रिठेवारी कोखे चन्द्रकोट देविस्थान काउले ग्रामीण सडक	५०००	पक्की र कच्ची	१४	१,६८०
पिपलटारी, बोधी भञ्ज्याङ, झलुङ्गे	२५००	पक्की र कच्ची	५.५	६६०
आपडाली, रसखोला, केवरे	२०००	कच्ची	६	७२०
वालिङ मोड, बी.पी. चोक, चिथाक, काफलडाँडा, रोग्दिठाटी	४०००	पक्की र कच्ची	८	९६०
लखने, कागतिभञ्ज्याङ, बाघखोर, बाहुनथानसम्म र वाघखोर, जामुने, देउराली सडक	२०००	कच्ची	७	८४०
सिमलचौपारी सिरुवारे सिगांरकोट माझकोट एलादी रत्ने	६०००	कच्ची	१८	२,१६०
त्रियासी रत्ने मनकामना				-
त्रियासी तिलडाँडा धौखोला				-
मदिखोला देविस्थान बजाकोट	३०००	कच्ची	८	९६०
आमडाली पुड्केचौर पित्लेक सिरवानी	२०००	आधा कच्ची	७	८४०
डुम्रिकोट बी.पी.चोक भिमटारी मिर्दी खरिबोट				-
राम्बाच्छा सियाले कसेदी रत्ने	१२००	कच्ची	४	४८०
आँधीखोला करिडोर				-
जगत मिनाङकोट पित्लेक सडक	२०००	कच्ची	५	६००
लसुने मण्डलीथान सडक	५००	कच्ची	४	४८०
जगत ढकलपाखा हुकडाँडा विनदी	५००	कच्ची	२	२४०
केवरे वनकट्टा काफलडाँडा	६००	कच्ची	३	३६०
सपाउदे ताप्के धुरकोट	५००	कच्ची	७	८४०
डौवा पञ्चमुल तितापानी पिरतिप स्वरेक	२०००	कच्ची	६	७२०
सनराइज पाण्डेगाँउ थामडाडाँ		कच्ची	३	३६०
मिर्दी कालीमाटी, केवरेभञ्ज्याङ, पित्लेक	२०००		७	८४०
भुम्रे पाठाखोला सडक	४०००		४	४८०
मुभ्रे मादिखाला बजाकोट	४०००		८	९६०
जम्मा		धुले	**१६९**	**२१,२४०**

* माथि तालिकामा आएको जम्मा लागत आन्तर्गत ५.५ कि.मि. चौडाई, कल्भर्ट तथा नाला पनि पर्दछन् ।

माथि उल्लिखित कार्यक्रम कार्यान्वयनबाट यातायात क्षेत्रमा हाँसिल हुने अपेक्षित उपलब्धी नगरको आन्तरिक छलफलबाट निम्नानुसार तय गरिएको छ ।

तालिका ३/५.३.३ : यातायात क्षेत्रमा हाँसिल हुने अपेक्षित उपलब्धी

उपलब्धी सूचक	आधार वर्ष	अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
दीगो भरपर्दो र सुरक्षित यातायातका पूर्वाधारको पहुँचमा रहेको परिवार (प्रतिशत)		४०	७०	९५
समयवद्ध स्थानीय यातायात वा नगर बसको पहुँचमा रहेका घरधुरी (प्रतिशत)		४०	६५	९५
सडक सञ्जालमा जोडिएका घरधुरी (प्रतिशत)	७८.४८	९०	१००	
कालोपत्रे सडकमा आवद्ध घरधुरी (प्रतिशत)	२६.९३	३५	५५	८५
ग्राभेल सडकमा आवद्ध घरधुरी (प्रतिशत)	६.११	३०	३०	१०
कच्ची सडकमा आवद्ध घरधुरी (प्रतिशत)		३५	१५	५
थप कालोपत्रेको लम्बाई (किमी)	-	२०	६०	१००
थप ग्राभेल सडकको लम्बाई (कि.मि.)	-	३०	७५	१००
नगरको यातायात क्षेत्रको नीति तथा कानुन निर्माण	-	३	५	७
पूर्वाधारयुक्त नगर चक्रपथ संख्या	-	-	१	१
ट्राफिक लाइटसहितको चोक व्यवस्थापन (थप)	-	-	१	१
नगर बस सञ्चालन (सम्बन्धित पक्षबाट)	-	-	२	४
बसपार्क बाहेक निर्धारित पार्किङ स्थल(थप)	-	१	३	५
सघन बस्ती क्षेत्रमा जम्मा पक्की सडक पेटी तयारी (कि.मि.)	-	३	१०	२५
स्थानीय बस सञ्चालन हुने रुटमा यात्रु प्रतीक्षालयसहितको बस बिसौनी (थप)	-	३	१५	४०
पूर्वाधारयुक्त नगर बसपार्क	१	१	२	२
सडकमा सडक बत्ती जडान गर्ने (मिति सडक)	-	३	३०	४०
सडक पेटीमा रेलिङ ब्यवस्थापन (कि.मि.)	-		१५	२५

५.३.४. सार्वजनिक निर्माण

१. परिचय

नगरपालिकाको सार्वजनिक निर्माणका सेवा अर्न्तगत नगर स्वयं, बाह्य सहयोग वा साझेदारीमा नगरवासीलाई विभिन्न सेवा प्रवाहको सहजताका निर्माण गरिने भौतिक संरचना वा पूर्वाधारहरू पर्दछन् । यो खण्डमा सार्वजनिक निर्माण अन्तर्गत खानेपानी र सरसफाईका पूर्वाधार, सिँचाइका पूर्वाधार, सरकारी, सार्वजनिक वा सामुदायिक भवनहरू, विद्युत र सञ्चार जस्ता पूर्वाधारका नीति तथा कार्यक्रम समेटिएका छन् । यसमा उल्लेखित प्रमुख क्षेत्र बाहेक सामाजिक विकास अन्तर्गत पर्ने सेवा प्रवाह गर्न आवश्यक हुने प्रमुख संरचना तथा यातायात बाहेक आर्थिक र सामाजिक विकासमा योगदान गर्ने अन्य भौतिक पूर्वाधार निर्माण वा स्तरोन्नतीका विषय पनि खण्डमा समेटिएको छ ।

वालिङ नगरपालिका योजनावद्ध रूपमा तयार भएको शहरी एकाई नभई ग्रामीण परिवेशमा विकास भएका बस्ती समेटेर गठन तथा विस्तार भएको नगरपालिका भएकोले संस्थागत रूपमा योजनावद्ध विकासको सीमित अनुभव भएको वालिङ नगरपालिका योजनावद्ध सहरी विकासको आफ्नै अनुभवको सीमितता रहेको नगर हो । त्यसैले यो नीति निर्माण गर्दाका बखत यो नगरका भौतिक पूर्वाधार विकासको अभ्यास मूलतः मिश्रीत भू-उपयोगमा आधारित भएर अघि बढेको छ । त्यसैले तत्काल विशिष्ठ सेवाकाका पूर्वाधार तोकिएको स्थानमा सार्न सक्ने अवस्था नरहेकोमा सोको यथा स्थितीमा व्यवस्थापन तथा नयाँ निर्माणका सन्दर्भमा सकेसम्म वैज्ञानिक भू-उपयोगको अवस्थामा हुने गरी निर्माण गर्ने नीति नगरले लिनुपर्ने अवस्था छ ।

यो खण्डमा यातायात बाहेकका सार्वजनिक सेवाका पूर्वाधार विकासको विधिलाई व्यवस्थित र योजनावद्ध बनाउन आगामी दिनमा नगरले अवलम्बन नर्ने विधिहरू प्रस्तुत गरिएको छ । खानेपानी, सरसफाई, सिँचाइ, सार्वजनिक/सामुदायिक भवन, विद्युत र सञ्चारका पूर्वाधार निर्माण, सञ्चालन र व्यवस्थापनका कार्यको प्रभावकारिता बढाउन यो नीति तय गरिएको हो । शिक्षा, स्वास्थ्य, आर्थिक विकास, पार्क तथा मनोरञ्जन जस्ता सेवाका पूर्वाधार निर्माणलाई निर्देशित र व्यवस्थित आधारभूत नीतिहरू पनि यो खण्डमा प्रस्तुत गरिएको छ । यो क्षेत्रको नीति निर्धारण गर्दा निम्न विषयलाई नियमित र व्यवस्थित गर्ने कुरामा विशेष जोड दिइएको छ ।

- सार्वजनिक निर्माणका मुलभूत पक्षहरू
- सार्वजनिक सेवाका पूर्वाधार निर्माण र सञ्चालन र व्यवस्थापनमा नगरपालिका तथा अन्य निकायको भूमिका
- सार्वजनिक निर्माण सेवाको प्राथमिकताका निर्धारणका आधारहरू
- विशिष्ट सार्वजनिक निर्माणको स्थानको छनोट, ओगट्ने क्षेत्र, सडक तथा त्यहाँसम्मको पहुँच
- पूर्वाधारबाट प्राप्त सेवाको मापदण्ड, उपलब्ध सेवाको स्तर र सोको प्राप्तिका लागि अपनाइने प्रक्रिया ।
- सार्वजनिक निर्माणअन्तर्गत निर्धारित आयोजना निर्धारित समयमा शुरुवात तथा समापन गरी सञ्चालनमा ल्याउनका लागि बहुवर्षीय पुँजी सुधार योजना तथा कार्यतालिका निर्धारण

यहाँ उल्लेख गरिएका उद्देश्यहरू हरेक विशिष्ट सार्वजनिक निर्माणका कार्यक्रम सञ्चालन गर्दा नगरभित्रका सम्बन्धित समुदायको लागि लाभदायक, किफायती तथा समुदायको स्वास्थ्य, सुरक्षा, सम्मान तथा भू-उपयोगको उपयुक्तता समेतलाई ध्यान दिई तयार गरिएका छन् । पहिलो खण्डमा सबैखाले सार्वजनिक सेवाका पूर्वाधार सम्बन्धी उद्देश्य तथा नीति प्रस्तुत गरिएको छ भने दोस्रो खण्डमा विशिष्ठ सेवाका पूर्वाधार सम्बन्धमा अवस्था विश्लेषणका साथै क्षेत्रगत लक्ष्य,उद्देश्य तथा नीति प्रस्तुत छन् ।

२. समग्र लक्ष्य

दीगो र पहुँचयोग्य पूर्वाधारसहितको सुब्यवस्थित नगर बनाउने ।

३. उद्देश्य तथा नीतिहरू

उद्देश्य १: नागरवासीले पाउनुपर्ने आधारभूत सेवा व्यवस्थित र प्रभावकारी रूपमा प्रवाह गर्न सक्ने अवस्थामा नगरलाई पुऱ्याउनु ।

नीति क. नगरमा रहेको प्राविधिक शाखालाई जनशक्ति र उपकरणयुक्त बनाई हरेक सार्वजनिक सेवा प्रवाह व्यवस्थित गराउन आवश्यक भौतिक पूर्वाधार निर्माणका लागि नगरका तर्फबाट समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने सार्वजनिक पूर्वाधार निर्माण शाखा र सो अन्तर्गतका विशिष्ठ एकाई गठन गरिनेछ ।

नीति ख. सार्वजनिक निर्माणसँग सम्बन्धित शाखाका लागि चाहिने न्यूनतम प्राविधिक र व्यवस्थापकीय क्षमता निर्धारण गरी सो स्तरमा पुग्ने गरी नगर आफैं वा अन्य पक्षको सहयोग र साझेदारीमा क्षमता विकासका उद्देश्यमूलक कार्यक्रम चरणवद्ध रूपमा सञ्चालन गरिने छ ।

नीति ग. सार्वजनिक निर्माण शाखा तथा अन्तर्गतका एकाईहरूलाई आवश्यक पर्ने उपकरण तथा पूर्वाधारका लागि सालबसाली रूपमा बजेट सुनिश्चित गरिने छ ।

नीति घ. सार्वजनिक निर्माण शाखा तथा एकाई सूचना प्रविधि शाखा लगायत नगरका अन्य शाखा तथा एकाईसँगको समन्वयन र परस्पर सहयोग अभिवृद्धिका लागि आवश्यक संरचनागत सुधार गरिने छ ।

नीति ङ. प्रमुख प्रशासकीय अधिकृतको समयलाई प्रशासनिक मात्र नभई नीतिगत र आन्तरिक एवं बाह्य समन्वयको भूमिका निर्वाहमा पनि पर्याप्त रूपमा उपलब्ध हुने व्यवस्था गर्ने र सार्वजनिक निर्माण शाखाका लागि पनि साप्ताहिक रूपमा प्रमुख प्रशासकीय अधिकृतको समय उपलब्ध हुने व्यवस्था मिलाइने छ ।

उद्देश्य २: सार्वजनिक पूर्वाधारमा आधारित सेवाको पहुँच बाहिर रहेका नगरवासीलाई पहुँचमा ल्याउनु ।

नीति क. सार्वजनिक संचरचना निर्माण गर्दा बढी जनसंख्याले लाभ पाउने कार्यक्रमलाई मुख्य प्राथमिकता दिइने छ ।

नीति ख. साझा हितका संरचना बनाउँदा अधिकतम समुदाय तथा परिवारलाई पायक पर्ने स्थानमा बनाइने छ ।

नीति ग. सार्वजनिक भौतिक संरचना निर्माण गर्दा न्यूनतम मात्रा तथा गुणस्तरको सेवा प्रवाह हुने गरी गरिने छ । सेवा प्रवाहको क्षमता र उपयोगिताको बिचमा सन्तुलन आउने कुरालाई ध्यान दिइने छ । अर्थात् अधिक उपयोग वा न्यून उपयोग नहुने कुरामा विशेष ख्याल गरिने छ ।

नीति घ. सबै किसिमका पूर्वाधार निर्माण गर्दा अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक विशेष रेखदेख पाउनुपर्ने अवस्थाका नागरिकको पहुँच सुनिश्चिता गर्ने कुरालाई समग्र निर्माण कार्यको अभिन्न मापदण्ड बनाइनेछ।

उद्देश्य ३: सार्वजनिक निर्माणको कार्यमा मितव्ययिता, कार्यकुशलता र समयवद्धता हाँसिल गर्नु ।

नीति क. सार्वजनिक सेवाका नगरस्तरीय पूर्वाधार निर्माण गर्दा पुँजी सुधार कार्यक्रम (Capital Improvement Program (CIP) मार्फत् गरिने छ । यसरी निर्माणका कार्यक्रम अघि बढाउँदा निम्न विषयलाई आधार बनाइने छ ।

- बृहत् योजनाको प्राथमिकतामा उल्लेख भएका कार्यक्रम
- समुदायको स्वास्थ्य, सुरक्षा, स्याहार र हेरविचारको विशेष कारणले निर्माण आवश्यक देखिएको
- विशेष प्रयोजनमा गठन भएको एकाईको सिफारिस, नगरको योजना तथा बजेट शाखामार्फत् बृहत्तर नगर हितका कार्यक्रमका रूपमा पर्याप्त आधारसहित आर्थिक विकास, बजेट तथा योजना समितिमा पेश भई तथा नगर कार्यपालिका समेतबाट निर्णय भई प्रशासनिक प्रक्रिया पुगेका कार्यक्रम ।

नीति ख. सार्वजनिक सेवाका पूर्वाधार निर्माण गर्दा सम्बन्धित समुदायको न्यूनतम आवश्यकता पूरा हुने तथा गुणस्तरका नगर मापदण्ड पुग्ने गरी मात्र गरिने छ ।

नीति ग. निर्माण गरी सञ्चालनमा आइसकेका सार्वजनिक सेवाका पूर्वाधारलाई अपुग विश्लेषणका आधारमा न्यूनतम मापदण्डमा पुऱ्याइनेछ ।

नीति घ. सार्वजनिक निर्माणका कार्यक्रम सञ्चाल गर्दा दोहोरोपनालाई निरुत्साहित र नियन्त्रित गरिने छ । सोही प्रकृतिको कार्य पुनः गर्नुपर्दा अपुग पूरा गर्नमा केन्द्रित हुने गरी मात्र कार्यक्रम सञ्चालन गरिने छ ।

नीति ङ : अन्तर क्षेत्र तथा समुदाय तथा माथिल्लो सरकारीस्तरबाट हुने विकासका कार्यक्रमको नकारात्मक प्रभाव नियन्त्रण, दीगोपन तथा गुणस्तरीयता कायम गर्नमा नगरबाट समन्वयकारी भूमिका निर्वाह गरिने छ ।

उद्देश्य ४: पूर्वाधारको माग र नगरको क्षमताका बिचमा सन्तुलन हाँसिल गर्नु ।

नीति क. सार्वजनिक सेवाका नयाँ पूर्वाधार निर्माणमा ती संरचनाको आकार वा क्षमता निर्धारण गर्दा विद्यमान जनसंख्या र भविष्यको प्रक्षेपण समेतलाई आधार बनाइने छ ।

नीति ख. बृहत् योजनाले तय गरेका प्राथमिकताका आधारमानगरको आन्तरिक स्रोत, सम्भाव्य बाह्य स्रोत तथा साझेदारी समेतको सम्भावना विश्लेषण गरी पूर्वाधारका प्रमुख प्राथमिकताका परियोजना समेटेको बहुवर्षीय पुँजी सुधार कार्यक्रम निर्माण गरिने छ । नगरवासीको बृहत्तर आर्थिक सामाजिक हित गर्ने पूर्वाधारमा लगानी गर्नुपर्दा पुँजी सुधार कार्यक्रममा समेटेर मात्र गरिने छ ।

नीति ग. उत्तम विकल्पको कार्यक्रम बृहत् योजना तथा पुँजी सुधार कार्यक्रममा समावेश गर्नु अघि सार्वजनिक निर्माणहरूका सुविधाहरूको पर्याप्तताको मुल्याकंन गरिने छ । पर्याप्तता नहुने देखिएमा परिमार्जन गरेर मात्र बृहत् योजनामा र पुँजी सुधार कार्यक्रम समावेश गरिने छ ।

नीति घ. भविष्यमा सार्वजनिक सेवाको मागमा हुने वृद्धि मध्यनजगर गर्दै सार्वजनिक निर्माणका लागि भविष्यमा आवश्यक पर्ने जमिनको सुनिश्चिता पहिले नै गर्नमा जोड दिइने छ । महत्वपूर्ण सार्वजनिक सेवा पूर्वाधार विकासका लागि आवश्यक सार्वजनिक साधन (जमिन लगायत) सुनिश्चित गर्न आवश्यकता अनुसार सम्बन्धित निकायसँगको समन्वयमा अधिग्रहण वा निःशुल्क प्राप्ति गरिनेछ ।

नीति ङ. हाल सञ्चालमा रहेका वा विगतमा सञ्चालनमा रहेका सार्वजनिक सेवाका पूर्वाधार कुनै कारण बन्द भएमा त्यस्ता पूर्वाधारले चर्चेको क्षेत्र वा अन्य संरचना सार्वजनिक सेवाका अन्य पूर्वाधार निर्माण र सञ्चालनका लागि मात्र उपयोग गरिने छ ।

उद्देश्य ५: सार्वजनिक सेवाका पूर्वाधार निर्माणलाई भू-उपयोग योजना अनुकुल बनाउनु ।

नीति क. सार्वजनिक सेवाका पूर्वाधारहरूको स्थान तय गर्दा भू-उपयोगको योजना अनुसार हुने गरी गरिने छ ।

नीति ख. लागत प्रभावकारी तथा एउटै पूर्वाधारबाट एकभन्दा बढी समुदायलाई लाभ हुने पूर्वाधार निर्माणमा जोड दिइने छ तर यसबाट सम्बन्धित समुदायको भू-उपयोगमा नकारात्मक प्रभाव हुन नदिन पर्याप्त सावधानीका उपाय अपनाइने छ ।

नीति ग. सार्वजनिक पूर्वाधारको डिजाइन गर्दा नगरको विशिष्ठ पहिचान, स्थानीय विशेषतामा र सामुदायिक विशिष्ठतामा ध्यान दिइने छ ।

नीति घ. सार्वजनिक सेवाका सबै पूर्वाधार निर्माण गर्दा नगरले तोकेको संहिता तथा मापदण्डको पूर्ण पालना गरिने छ । यदि स्थान विशेषका लागि कुनै संरचनाको स्थान, आकार, उचाई, ओगट्ने अधिकतम वा न्यूनतम क्षेत्र आदि कानुनमा तोकिएको भए ती सबै व्यवस्थाको पूर्ण पालना गरिने छ ।

उद्देश्य ६ : सार्वजनिक सेवाका पूर्वाधारको क्षेत्र निर्धारण गर्दा पर्याप्तता, उपयुक्तता र पहुँच सुनिश्चित गर्नु ।

नीति क. पूर्वाधार निर्माणको विकल्प छनोट गर्दा पूर्वाधारको प्रकृति अनुसार पूर्वाधार रहेको क्षेत्रसम्म न्यूनतम मापदण्ड पुगेका दुईतर्फी रूपमा ठूला गाडी आवतजावत गर्नसक्ने सडक भएको वा हुने यकीन गरिने छ । सामुदायिक पार्क, विद्यालय तथा सामुदायिक पुस्तकालयहरू, जेष्ठ नागरिक हेरचाह केन्द्र, बालगृह आदि निर्माण गर्दा सडक मार्गको अतिरिक्त पैदलमार्गको उपलब्धता पनि सुनिश्चित गरिने छ ।

नीति ख. सार्वजनिक निर्माणका साइड छनोट गर्दा वर्तमान समस्या समाधान तथा भविष्यको चापलाई सम्बोधन र वर्तमान र भविष्यको पहुँच समेत ख्याल गरिने छ। जग्गा प्राप्ति वा अधिग्रहण गर्नुअघि यो विषयको समेत विश्लेषण गरिने छ।

नीति ग. सेवाको प्रकृति अनुसार सार्वजनिक सेवाका पूर्वाधारको मूख्य संरचना रहने स्थानमा बिजुली, सञ्चार, पानी तथा ढलको लाइन जोडिएको हुनु पर्नेछ। त्यसका लागि सार्वजनिक जमिनको प्रयोग गर्दा अधिकतम् उपयोगिता सुनिश्चित गरिने छ।

नीति घ. ठूला लगानीका सार्वजनिक निर्माणको प्रक्रिया शुरु गर्नु अघि भू-वैज्ञानिक परीक्षण तथा वातावरणीय प्रभाव मुल्यांकन गरिने छ।

सार्वजनिक निर्माणहरूका विभिन्न पक्ष

नगरपालिकाको सार्वजनिक निर्माणसँग सम्बन्धित सेवा अन्तर्गत पर्ने क) खानेपानी वितरण, ख) सार्वजनिक सरसफाई (ढल, फोहोर संकलन र व्यवस्थापन तथा नाला व्यवस्थापन), ग) सिँचाइ,घ) विद्युत, ङ) सार्वजनिक भवन तथा पुस्तकालय, च) सञ्चारलाई यो भागमा समेटिएको छ।

नगरवासीको दैनिक जनजीवन तथा औद्योगिक र व्यवसायिक गतिविधि सञ्चालनका लागि नगरले उपलब्ध गराउने यी क्षेत्रका सेवाले समग्र नगरको विकास र समृद्धि प्रभावित हुने भएकोले तल उल्लिखित नीतिमार्फत्सम्बन्धित क्षेत्रका निर्माण सम्बन्धी कार्यलाई व्यवस्थित गरिएको छ।

क. खानेपानी

१. परिचय

स्मार्ट सिटीको हैसियतमा पुग्न पर्यत्नशील वालिङ नगरपालिका केही क्षेत्र शहरउन्मुख भइरहेका छन् भने ग्रामीण क्षेत्रको विकासको स्तरमा समेत क्रमशः सुधार भइरहेको छ। यससँगै सुरक्षित र पहुँचयोग्य खानेपानी सेवाको माग पनि बढिरहेको छ। २०७५ सालको तथ्याङ्क अनुसार नगरका ८९.४७ प्रतिशत परिवारले धारा वा पाइपको पानीलाई खानेपानीको प्रमुख स्रोतको रूपमा उपयोग गरिरहेको अवस्थाले सुरक्षित पानीको औसत पहुँच देखाउँछ। नगरमा २३ ओटा मध्यमस्तरका खानेपानी आयोजनाबाट खानेपानी सेवा प्रवाह भएता पनि वालिङ साना शहरी खानेपानी आयोजना बाहेक अन्यत्र नगरस्तरको खानेपानी आयोजना सञ्चालन गरी खानेपानी व्यवस्थापनलाई समान गुणस्तर र परिमाणात्मक मापदण्डमा आधारित बनाउन सकिएको छैन। हालसम्म २९ प्रतिशत परिवारको मात्र महशुल प्रणालीसहितको निजी धाराको पानी उपभोग गरिरहेको देखिन्छ। हाल सञ्चालमा रहेका खानेपानी आयोजनामा शुद्धिकरणका न्यूनतम उपाय अपनाउँदा २०२२ सम्ममा ६८ प्रतिशत र २०२५ सम्ममा ७६.५ प्रतिशत र २०३० सम्ममा ९० प्रतिशत जनसंख्यामा सुरक्षित खानेपानीको पहुँच पुऱ्याउने दीगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तिमा भने नगर सफल हुने देखिन्छ।

२. मुख्य अवसर र चुनौती

वालिङको शहरी क्षेत्रको वर्तमान अनुभवका आधारमा नगरका शहरी र ग्रामीण वडाहरूमा रहेका खानेपानीका बहुस्रोतको उपयोग गरी घर घरमा धारासहितको खानेपानी सुविधा नगरभरि विस्तार गर्ने अवसर रहेको छ।

कतिपय स्थानमा हाल सम्पन्न भएका सामुदायिक धारासहितका खानेपानी आयोजनालाई सामान्य बाह्य सहयोग र सम्बन्धित परिवारको सहभागितामार्फत् घरधुरीस्तरको धारामा रूपान्तरण गर्ने, घरमा पानीको मिटर जडान गरी महशुलमार्फत्सम्बन्धित उपभोक्ता समितिले खानेपानी आयोजनाको निरन्तर व्यवस्थापन गर्ने जस्ता अवसर रहेका छन्।

अव्यवस्थित रूपमा र व्यक्तिगत रूपमा समेत उपयोगमा रहेका पानीका स्रोतको साझा उपयोगका सन्दर्भमा रहेका समस्या समाधान गरी सामुहिक हितमा एकीकृत रूपमा स्रोतको उपयोग गर्ने तथा भएका मुहानको संरक्षण गर्ने चुनौती छ ।

छरिएका पानीका स्रोतलाई एकीकृत गर्ने तथा बहुयोजनालाई एउटै व्यवस्थापन मातहत ल्याएर मिटर समेत जडान गरी सामुदायिक धारालाई निजी धाराको स्तरमा लैजानु तथा घरधुरीस्तरमा धारा जडान गर्दा बढ्ने उपयोग समेत धान्ने गरी घरधुरीस्तरमा धारा पुऱ्याउने तथा छरिएका विभिन्न वडा तथा बस्तीमा छरिएका खानेपानी आयोजनाबाट वितरित खानेपानीलाई व्यवस्थित शहरको खानेपानी वितरणको मापदण्डमा पुऱ्याउने जस्ता चुनौती यस क्षेत्रमा छन् । पानीका स्रोतको स्वामित्वका सम्बन्धमा रहेको गलत बुझाई हटाई यसलाई साझा प्राकृतिक स्रोतको रूपमा उपयोगमा ल्याउने चुनौती पनि रहेको छ ।

यसरी सुरक्षित खानेपानीको राष्ट्रिय लक्ष्य पूरा गर्दै २०३० सम्ममा सबै घरमा निजी धारासहित सुरक्षित पानीको पहुँच सुनिश्चित गर्ने तथा आ.व. २०९६/९७ को अन्त्यसम्ममा सबै घरमा नगर मापदण्ड अनुरूपको परिमाण र गुणस्तरमा सुरक्षित पानी उपलब्ध गराइसक्नगरी यो क्षेत्रको लक्ष्य, उद्देश्य तथा नीति निर्धारण गरिएको छ ।

३. लक्ष्य

सबै नगरवासीलाई सुरक्षित र पर्याप्त पानीको पहुँच उपलब्ध गराउनु ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य ७: हरेक घर, संघ संस्था र व्यवसाय, कारखानासम्म सुरक्षित पानीको पहुँच पुऱ्याउनु ।

नीति क. साना तथा मझौला खानेपानीका स्रोत तथा योजनालाई एकीकृत गरी वालिङ नगरपालिकाभरका लागि समान पानी वितरण प्रणाली तय गरिने छ । यसका लागि आवश्यकता अनुसार सम्बन्धित उपभोक्ता, निजी क्षेत्र तथा सामुदायिक संघसंस्थासँग सहकार्य गरिने छ ।

नीति ख. खानेपानीका स्रोत संरक्षण गर्ने तथा उपयुक्त पूर्वाधार विकास गरी हरेक घर तथा भवनमा खानेपानीको पहुँच पुऱ्याउनु नगरको उत्तिकै महत्वपूर्ण दुई प्राथमिकता हुनेछ ।

नीति ग. जनसंख्याको चाप र अधिकतम पहुँच दिलाउने गरी आवश्यकता अनुसार क्लस्टर, वडा, बस्ती वा समुदायस्तरमा उपयुक्त स्थानहरूमा पानी संकलन तथा वितरण केन्द्र निर्माण गर्नुका साथै हालका संरचनाको वितरण प्रणाली व्यवस्थापनलाई पनि समान प्राथमिकतामा राखी एउटै वितरण केन्द्रमार्फत् सबै उपभोक्तालाई सुरक्षित पानी वितरण गरिने छ ।

नीति घ. एकीकृत पानी वितरण प्रणालीमा आवद्ध गर्न जटिल हुने र अधिक लागत लाग्ने तर बस्ती सार्न नसकिने साना वा छरिएका बस्तीका लागि भने नगर मापदण्ड प्रतिकुल नहुने गरी साना खानेपानी आयोजनाको व्यवस्थापन गरिने छ ।

नीति ङ. खानेपानीका पूर्वाधारको प्राविधिक मापदण्डकै रूपमा तीपूर्वाधारले ओगट्ने क्षेत्र र चर्चेको क्षेत्र समेत जोडी न्यूनतम जग्गाको क्षेत्रफल निर्धारण गरिने छ ।

नीति च. पानीको स्रोतबाट भण्डारण तथा वितरणमा चाहिने पूर्वाधार निर्माणका लागि चाहिने जमिन व्यवस्था गर्दा अन्य भू-उपयोमा असर नगर्ने सार्वजनिक जग्गा, सामुदायिक योगदानका जग्गा वा खरिद गर्नुपर्ने जग्गा निर्माण प्रक्रिया शुरु हुनु अघि नै प्राप्ति वा अधिग्रहण गरी सकिने छ ।

नीति छ. नयाँ बस्ती विकास गर्नु अघि नै भू-उपयोग योजनाद्धारा निर्धारित क्षेत्रहरूमा पानीको बन्दोबस्त गर्ने विकल्प तयार गरी सम्बन्धितपूर्वाधारको लागि चाहिने जमिनको पूर्व व्यवस्था गरिने छ ।

नीति ज. पानीको संकलन तथा वितरणका लाइन बनाउँदा वातावरण संरक्षण वन, तथा पानीका भौगर्भिक वा सिमसार क्षेत्रहरूमा प्रतिकुल असर नगर्ने गरी व्यवस्थापन गरिने छ ।

नीति झ. शहरी विकास मन्त्रालयद्धारा स्थापित संहिता तथा मापदण्डलाई वालिङ नगर मापदण्डमा अनुकुलन गरी न्यूनतम ८० लिटर प्रति व्यक्ति प्रति दिनको दरमा पानीको आपूर्ति हुने गरी स्रोत र संरचनाको व्यवस्थापन गरिनेछ ।

नीति ञ. सम्भाव्य आगलागी नियन्त्रणका सबै पानी संकलन ट्यांकीमा कम्तीमा १ चौथाई पानी रहिरहने कुराको सुनिश्चिता गरिने छ भने व्यापारिक कम्प्लेक्स तथा उद्योग परिसरमा २४सै घण्टा न्यूनतम पानी संकलन गर्नुपर्ने व्यवस्था गरिने छ ।

नीति ट. हरेक नगरस्तरीय खानेपानी आयोजनाका लागि पुँजी सुधार कार्यक्रम अनुसार निर्माण सम्पन्न नभएसम्मका लागि वार्षिक रूपमा श्रोत उपलब्ध हुने व्यवस्था गरिनेछ ।

नीति ठ. खानेपानीका सबै उपभोक्ताले मिटर जडान गरी पानीको वितरणको आधारमा बिलिङ्ग गर्ने तथा समय बिल भुक्तानी नगर्ने उपभोक्तालाई विलम्ब दस्तुर तथा जरिवाना तथा अन्य सेवाबाट वञ्चित गर्नेसम्मको कानुनी व्यवस्था गरिने छ । साथै, खानेपानीको चुहावट हुने तथा संरचना बिगारेको प्रमाणित भएमा त्यसलाई पनि कानुनी दायरामा ल्याइने छ ।

नीति ड. खानेपानी व्यवस्थापनको लागि उपयुक्त स्थानमा, वातावरणमा प्रतिकुल असर नपर्ने गरी, भूमिगत पानीको प्रयोग गर्ने व्यवस्था मिलाइने छ ।

ख. सार्वजनिक सरसफाई

१. परिचय

खुला दिसामुक्त भइसेकको वालिङ नगरपालिकामा शौचालय प्रयोग गर्ने जनसंख्याको आधारमा दीगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तिका सन्दर्भमा २०२२ सम्ममा प्राप्त हुने अपेक्षित उपलब्धी हाँसिल गरिसकेको छ । तर करिब ३५ प्रतिशत परिवारले साधारण चर्पी वा साझा चर्पी प्रयोग गरिरहेकोले सुदृढ सरसफाई संरचनाको उपयोग गर्ने जनसंख्या २०२२ सम्ममा ७० प्रतिशत र २०३० सम्ममा ९५ प्रतिशत पुऱ्याउन नगरले यो क्षेत्रलाई पनि प्राथमिकतामा राख्नुपर्ने देखिन्छ ।

नगरका धेरैजसो ब्यस्त क्षेत्रमा सार्वजनिक शौचालयको अभाव नगरवासीले महसुस गरिएको सन्दर्भमा यो समस्या समाधानका लागि पनि नगरले कदम चाल्नुपर्ने अवस्था छ । ढल निकासको व्यवस्था नगरमा गर्न सकिएको छैन । घरधुरीस्तरको शौचालयको सेप्टिक ट्यांकको फोहोर व्यवस्थापन सुरक्षित रूपमा गर्ने प्रबन्ध गर्न पनि बाँकी रहेको छ । दिसाजन्य फोहोरको वैज्ञानिक विसर्जन वा व्यवस्थापन तथा भौगोलिक अवस्था तथा बस्तीको सघनताका आधारमा ढल ब्यवस्थापन समेत सरसफाई क्षेत्रमा नगरको प्राथमिकता रहेको छ ।

यस नगरमा शुन्य फोहोरको अवधारणा कार्यान्वयनमा सघाउने गरी सरसफाई केन्द्र सञ्चालमा रहेको छ । ठोस फोहोर स्रोतमा नै छुट्याउने, संकलन गर्ने र सरसफाई केन्द्रमा प्रशोधन गर्ने अभ्यास पनि नगरले गरेको अवस्था छ । तथापि यो सेवाको पहुँचमा सबै वडा र टोलका बासिन्दालाई पूर्ण रूपमा ल्याउन भने सकिएको छैन ।

२. मुख्य अवसर र चुनौती

स्मार्ट सिटी योजना कार्यान्वयनका क्रममा संघीय सरकारका तर्फबाट नगरमा सार्वजनिक ढल प्रणालीको प्रबन्ध हुनसक्ने कुरालाई अवसरका रूपमा लिइएको छ । नगरको सचेतना र प्राविधिक सहयोगका आधारमा घरधुरी स्तरको सरसफाईकापूर्वाधार तयारीमा सम्बन्धित परिवारले नै आवश्यक कार्य गर्ने र सामुदायिक सरसफाईमा समुदायसँगको साझेदारीको सम्भावनालाई अवसरका रूपमा लिइएको छ । ठोस

फोहोर व्यवस्थापनका नगरको आफ्नो अनुभवका आधारमा यो सेवा विस्तारका लागि निजी क्षेत्र लगायतसँग सहकार्यको अवसर रहेको छ । तथापि छरिएर रहेको बस्तीलाई समानरूपमा सार्वजनिक ढल, ठोस फोहोर व्यवस्थापन र सरसफाईका अन्य सेवामा समान पहुँच दिलाई स्वच्छ र सफा नगर बनाउने चुनौती रहेको छ ।

यस पृष्ठभूमिमा सार्वजनिक सरसफाईका क्षेत्रसँग सम्बन्धित वर्तमान समस्या समाधानका लागि निम्न लक्ष्य, उद्देश्य तथा नीतिहरू तय गरिएको छ ।

३. लक्ष्य

पहुँचयोग्य र दीगोसरसफाईका पूर्वाधारसहितको सफा र स्वच्छ वालिङ निर्माण गर्ने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य ८ : आवासीय तथा गैरआवासीय संरचनाहरूबाट निस्केका मानव फोहोरको सुरक्षित व्यवस्थापन गर्नु ।

नीति क. सार्वजनिक ढल व्यवस्थापन र दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रशोधन प्रणाली स्थापनाको कार्य सँगसँगैअघि बढाइने छ । प्रशोधन गरी पानी र ठोस फोहोर छुट्याउने र व्यवस्थापन गर्ने प्रणाली स्थापना र सञ्चालन योग्य नहुँदासम्म ढलमा मानवजन्य फोहोर बगाइने छैन । आधारभूत रूपमा मानवीय फोहोर संकलन र व्यवस्थापनका लागि न्यूनतम मापदण्डमा आवश्यक परिमार्जन गरी घरधुरी स्तरको सेप्टिक ट्यांक निर्माणलाई अनिवार्य बनाउने अभ्यासलाई नीतिगत निरन्तरता दिइने छ । नगरपालिका भर निजी तथा सार्वजनिक सेप्टिक ट्यांक प्रणाली र ढल व्यवस्थापनका विविध पक्षमा प्रवर्द्धनात्मक र सचेनात्मक गतिविधि सञ्चालन गरिने छ ।

नीति ख. सेप्टिक ट्यांक घरघरमा स्थापना गर्न उपयुक्त मापदण्ड बनाई शौचालय निर्माणलाई सबै किसिमका घर निर्माणको अनुमति प्रक्रियामा अन्तरनिहीत गर्ने ।

नीति ग. नगरको व्यवस्थापकीय भूमिका रहने गरी दिसाजन्यफोहोर प्रशोधनसहितको ढल प्रणाली विकास गर्न बाह्य सहयोगको उपयोगमा जोड दिइने छ। नयाँ बस्ती विकास गर्दा पानी र फोहोर छुट् याउने प्रविधिसहितको सामुदायिक सेप्टिक ट्यांकी निर्माणमा नगरले सहुलियतको व्यवस्था गर्नेछ ।

नीति घ. सबै प्रकारका सेप्टिक ट्यांक निर्माण गर्दा आम सरसफाईमा नकारात्मक प्रभाव पर्ने तथा पानीका स्रोत प्रदुषित हुने जोखिमको अवस्था स्वमुल्यांकनको विधि निर्धारण गरिने छ ।

नीति ङ. नगरपालिकाले बिग्रिँदै जाने सेप्टिक ट्यांकबाट जमिनमुनीको पानी तथा स्वास्थ्यमा हानी हुने भएकोले हरेक सेप्टिक ट्यांकको अवस्था जाँच गरी मर्मत सम्भार गर्ने निर्देशिका तथा जनशक्तितयार गरिने छ ।

उद्देश्य ९ : प्रभावकारी फोहोरमैला व्यवस्थापन कार्यक्रममार्फत् नगरलाई पूर्ण सरसफाईयुक्त बनाउनु ।

नीति क. आ.व. २०८०/८१ भित्र नगरका सबै घर, व्यवसाय तथा कारखानालाई ठोस फोहोरको पुनःचक्रण तथा व्यवस्थापन सेवाको पहुँचमा ल्याइसकिने छ । सरसफाई केन्द्रको प्राविधिक तथा जनशक्तिगत क्षमता क्रमशः विस्तार गरिँदै लगिने छ ।

नीति ख. सरसफाई केन्द्र सञ्चादन तथा यहाँबाट उत्पादन हुने वस्तुको बिक्री वितरण र उपयोगको कार्य गर्न पूर्ण वा आंशिक रूपमा निजी क्षेत्रलाई सेवा करार गर्न सकिने छ । त्यस्तो अवस्थामा नगरले सेवाको मापदण्ड र सेवा करारको प्रारूप अग्रीम रूपमा तयार पार्नेछ ।

नीति ग. आफैंले सेवा प्रवाह नगरी सेवा करार गर्दाको अवस्थामा फोहोर संकलन गर्दा प्रयोगकर्ता शुल्क संकलन, संकलनको बारम्बारता, प्रशोधनका क्रममा उत्पादित जैविक मलको मुल्य निर्धारण आदिका लागि नगरको सरसफाई एकाईले समन्वयात्मक र नियमनकारी भूमिका निर्वाह गर्नेछ ।

नीति घ. नगरको फोहोर मैला व्यवस्थापन कार्यविधिलाई सन्दर्भका रूपमा लिएर फोहोरमैला व्यवस्थापन सम्बन्धी नगर कानुनमा पुनःचक्रण हुने तथा नहुने तथा सड्ने र नसड्ने फोहोरको विवरण तथा विभिन्न पक्षको भूमिका संकलनका बिन्दुहरू लगायतको विषय समेटिने छ ।

नीति ङ. फोहोरमैला बिसर्जन, प्रशोधन तथा व्यवस्थापन हुने मुख्य केन्द्र तथा संकलन बिन्दु तय गर्दा बसोबास क्षेत्रको वातावरण तथा भू-उपयोगको तालमेत बिग्रन नदिने गरी साइट छनोट गरिने छ । सरसफाइ केन्द्र सञ्चालन भइरहेकोमा त्यसको निश्चित दूरीसम्म सरसफाई प्रयोजन बाहेकका भवन निर्माणको अनुमति दिइने छैन ।

नीति च. कम फोहोर उत्पादन गर्ने, पुनःप्रयोग तथा पुनःचक्रणका जनचेतना कार्यक्रमहरू समुदाय तथा विद्यालयहरूमा पुऱ्याइने तथा घरधुरीस्तरबाट फोहोर कम गर्ने, पुनरप्रयोग गर्ने तथा अन्तिम विकल्पका रूपमा पुनरचक्रण गरिने आवधारणालाई आधार बनाई उत्प्रेरणात्मक र सचेतनात्मक गतिविधि सञ्चालन गरिने छ ।

नीति छ. छनोट गरिएका फोहोर व्यवस्थापन केन्द्रको अवधि ख्याल राखी, भविष्यको लागि वैकल्पिक साइटहरू गरी नगरको स्वामित्वमा ल्याइने छ ।

ग. विद्युत

१. परिचय

२०७५ को तथ्याङ्क अनुसार वालिङ नगरपालिका झण्डै सबैजसो (७१ परिवार बाहेक) ले विद्युत सेवाको पहुँच पाएको देखिन्छ भने ९७ प्रतिशत घरधुरीमा आफ्नै विद्युत मिटर जडान भएको अवस्था छ । आफशत भन्दा बढी परिवारमा जलविद्युत सेवाको पहुँचमा रहेको देखिन्छ । छिटफुट रूपमा सौर्य ऊर्जाको प्रयोग पनि हुने गरेको छ । बत्ती बाल्नका लागि विद्युत प्रयोग बढी गरिने भएता पनि ५३ प्रतिशत परिवारको खाना पकाउने इन्धनको प्रमुख स्रोत भने काठ दाउरा रहेको र झण्डै ४४ प्रतिशतले पेट्रोलियम ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ ।

कतिपय स्थानमा घर छेवैमा, सडकको सेटव्याकभित्र लगायत अव्यवस्थित रूपमा रहेका विद्युत पोल हटाउन बाँकी रहेको छ भने उपयुक्त उचाई र मापदण्डका पोलको पर्याप्त व्यवस्थापन हुन पनि बाँकी रहेको छ । कतिपय स्थानमा विद्युतीय जोखिम विपद्को कारक समेत हुनसक्ने अवस्था महसुस गरिएको छ ।

नगरको विकास र समृद्धिका लागि विद्युत आपूर्ति महत्वपूर्ण हुन्छ । तर विद्युत सम्बन्धीसेवा प्रवाहमा संविधानतः नगरको मुख्य भूमिका नहुने भएपनि नगरको समग्र विकासका सन्दर्भमा विद्युतको सेवाको जिम्मेवारी अन्यत्र पन्छाउन सक्ने अवस्थामा पनि नगरपालिका रहँदैन ।

२. मुख्य अवसर र चुनौती

काली गण्डकी ए जलविद्युत आयोजनाका कारण नगरवासीले सहुलियत दरमा प्राप्त गरिरहेको जलविद्युत सेवालाई ऊर्जा क्षेत्रको महत्वपूर्ण असरका रूपमा लिइएको छ । आँधीखोला जलविद्युत आयोजना निर्माण भएसँगै भविष्यमा नगरका लागि सहज ऊर्जाको स्रोत उपलब्ध हुनसक्ने सम्भावना रहनु, १ मेगावाटसम्मको जलविद्युत उत्पादन तथा वैकल्पिक ऊर्जा सम्बन्धी अधिकार स्थानीय तहलाई हुनु, नगरवासीमा स्वच्छ ऊर्जा उपयोगको फाइदा सम्बन्धी सचेतना रहनु जस्ता विषयलाई अवसरका रूपमा लिइएको छ भने सीमित संवैधानिक अधिकारभित्र रहेर विद्युत आपूर्ति, विद्युतीय जोखिम न्यूनिकरण, ऊर्जामा आधारित औद्योगिक गतिविधि प्रवर्द्धन जस्ता कार्यमा नगरको भूमिकालाई नगरवासीको अपेक्षा अनुकुल बनाउने चुनौती रहेको छ ।

३. लक्ष्य

नगरवासीलाई पहुँचयोग्य र भरपर्दो विद्युत सेवाको पहुँच सुनिश्चित गर्नु ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य १० : सबैलाई भरपर्दो विद्युत सेवाको पहुँचमा ल्याउनु ।

नीति क. बिजुलीको सेवा नपुगेका घरधुरीहरूमा बिजुली पुऱ्याउन उपकरण तथा लाइन विस्तारका लागि नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वयन गरी नगरको तर्फबाट यस कार्यको सहजीकरण गरिने छ ।

नीति ख. सबै घरमा विद्युतको मिटर जडानलाई निर्माण सम्मन्न प्रमाणपत्र वितरणमा आवद्ध गरी आ.व. २०७८/७९ सम्म सबै घरमा मिटर जडान भएको यकिन गरिने छ । मिटर र महशुलका लागि लालपुर्जाको समस्या रहेको पाइएमा वैकल्पिक विधिमार्फत् यो सेवा उपलब्ध गराउन समन्वयात्मक भूमिका निर्वाह गरिने छ ।

नीति ग. विद्युतीय जोखिम न्यूनिकरण तथा विद्युत प्राधिकरणबाट स्रोत उपलब्ध नभएका स्थानका लागि विद्युत सेवा प्रवाहमा न्यूनतम बजेट व्यवस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

उद्देश्य ११ : नगरवासीलाई अविछिन्न रूपमा विद्युत उपलब्ध गराउनु ।

नीति क. बिजुलीको सेवामा समस्या भएका अथवा बढाउनु पर्ने अवस्थामा सो लाइनसँग जोडिएका उपकरणहरूको विस्तार गर्ने चाहिने जमिनको बन्दोबस्त गर्न नगरका तर्फबाट सहयोग र सहजीकरण गरिनेछ ।

नीति ख. राष्ट्रिय रूपमा विद्युत आपूर्तिमा हुने वृद्धिलाई मध्यनजर गरी दाउरा विस्थापन गर्दै खाना पकाउने ऊर्जाका रूपमा विद्युत प्रयोग गर्ने गरी उत्प्रेरणात्मक गतिविधि सञ्चालन गरिने छ ।

नीति ग. विद्युतीय पोल तथा तार वा अन्य उपकरण व्यवस्थापन गर्दा सडक, ढल, दूरसञ्चार, इन्टरनेट सेवा क्षेत्रका बिचको समन्वय सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निर्वाह गरिने छ ।

नीति घ. दीर्घकालमा बिजुलीका तारहरू बिछ्याउँदा सडकको फैलावट तथा सार्वजनिक सेवाका लाइनहरूमा अवरोध हुन नदिन शहरी क्षेत्रमा जमिन मुनीबाट लाइन विस्तार गर्न विद्युत प्राधिकरणसँग सहकार्य गरिने छ ।

नीति ङ. भू-उपयोग योजनाले निर्धारण गरेको क्षेत्रमा ठूला कलकारखाना, व्यापारिक कम्प्लेक्स तथा सेवा केन्द्र स्थापनापूर्व पर्याप्त विद्युत आपूर्ति यकिन गर्न सम्बन्धित पक्षकै तर्फबाट नगरले पहल कदमी लिने छ ।

नीति च. थ्रिफेज लाइन विस्तारका लागि ऊर्जाको माग विश्लेषण नगरपालिकाको तर्फबाट गरी सोका आधारमा नेपाल विद्युत प्राधिकरणमा सहयोगका लागि औपचारिक समन्वयन गरिने छ ।

घ. सञ्चार सेवा

१. परिचय

वालिङ नगरपालिकामा ९४ प्रतिशत परिवारले कुनै न कुनै किसिमको मोबाइल टेलिफोन सेवा उपयोग गरिरहेको अवस्था छ । वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । ११ प्रतिशत घरधुरीले मोबाइल (२जी, ३ जी) बाहेकको इन्टरनेट सेवा प्रयोग गरिरहेका छन् । तथापि बेला बखत टेलिफोनको नेटवर्क नआउने समस्या धेरै टोल तथा बस्तीहरूले महसुस गरेको अवस्था छ । नगरमा दुईवटा रेडियो, एक टेलिभिजन तथा पत्रपत्रिकाहरूले नागरिकका जान्न पाउने हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताका लागि योगदान गरिरहेका छन् ।

२. मुख्य अवसर र चुनौती

स्मार्ट सिटीको अवधारणा कार्यान्वयनका क्रममा नगरलाई सूचना प्रविधिको पहुँचयुक्त नगर बनाउनमा प्राप्त हुनसक्ने बाह्य सहयोग, नगरवासीमा इन्टरनेटप्रतिको आकर्षण र बढ्दो उपयोग, निजी क्षेत्रमार्फत् भइरहेको सूचना तथा सञ्चार सेवाको विस्तार र आमसञ्चारका माध्यमको विस्तारलाई यस क्षेत्रको अवसरका रूपमा लिइएको छ भने अझैसम्म मूलतः ग्रामीण भेगका नगरवासीमा इन्टरनेट र सूचना प्रविधिप्रतिको आधारभूत ज्ञानको कमी, टेलिफोन लगायतका सञ्चार सेवाको गुणस्तरमा रहेको सीमितता तथा सेवा विस्तारका लागि प्रतिकुल हुने गरी छरिएका बस्तीको बिच सबै नगरवासीलाई सूचना तथा सञ्चार सेवाको पहुँचसहित सूचना प्रविधियुक्त वालिङ निर्माणको चुनौती छ ।

यस पृष्ठभूमिमा सञ्चारको सेवाका लागि ताररहित विधिलाई प्रश्रय दिने गरी सञ्चारको सेवा नगरपालिकाभित्रको सबै घर तथा व्यवसायसम्म पुऱ्याउने र यसको लागि चाहिने एन्टेना, पोल, तार तथा अन्य उपकरण स्थापनामा सहजीकरण समेत गर्ने तथा सञ्चार क्षेत्रलाई नागरिकको आवाज मुखरित गर्ने तथा नगरको कार्यको नागरिक निगरानीकर्ताका रूपमा प्रवर्द्धन गर्ने गरी यो क्षेत्रको लक्ष्य, उद्देश्य तथा नीति निर्धारण गरिएको छ ।

३. लक्ष्य

नगरलाई सूचना प्रविधियुक्त नगर बनाउने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य १२: सञ्चार सुविधालाई आम नगरवासीको अधिकतम पहुँचमा पुऱ्याउनु ।

नीति क. नगरपालिकाका हरेक घर तथा व्यवसायको लागि आवश्यक सञ्चार सुविधा (टेलिफोन र इन्टरनेट) उपलब्ध गराउन सेवा प्रदायकका लागि उपयुक्त वातावरण निर्माण गरिने छ ।

नीति ख. हरेक किसिमको सञ्चारको माध्यमको सेवाको गुणस्तर बढाउन सेवा प्रदायकहरूसँग गुणस्तर नियन्त्रणका नियम बनाई नगरको सूचना प्रविधि एकाईमार्फत् अनुगमन र नियमन गर्ने ।

नीति ग. सबै वडा केन्द्र, पार्क तथा मनोरञ्जन स्थल, समुदाय तथा टोलहरूमा सशुल्क ताररहित इन्टरनेट सेवा उपलब्ध गराउनका लागि नगर केन्द्रमा सेवा प्रदान गरिरहेका सेवा प्रदायकहरूलाई उत्प्रेरित गरिने छ ।

नीति घ. मोवाइल टेलिफोनको नेटवर्क राम्रो नभएको स्थानमा टेलिफोन टावर स्थापनाका लागि नेपाल टेलिकम लगायतका सेवा प्रदायकसँग आवश्यक समन्वयन गरिने छ । टेलिफोनका टावर स्थापना गर्दा समुदायबाट टाढा, सुरक्षित र शहरी सौन्दर्यमा नकारात्मक असर नगर्ने गरी स्थापना गर्न लगाइने छ ।

नीति ङ. बिजुली/टेलिफोन/टेलिभिजन इत्यादिको लागि प्रयोगमा आउने टावरहरूको क्षमता बढाउने सम्भावनाको अधिकतम उपयोग गर्न सेवा प्रदायकलाई उत्प्रेरित गरी अनावश्यक टावरहरू घटाउन प्रयास गरिने छ ।

नीति च. सञ्चारका उपकरण स्थापना तथा सञ्चालन गर्दा ऐतिहासिक तथा साँस्कृतिक महत्वका सम्पदामा हानी नपुग्ने स्थान तथा भू-उपयोगका उद्देश्यमा नकारात्मक प्रभाव पर्न नदिने व्यवस्था गरिने छ । साथै, हाल तथा भविष्यमा यातायात तथा अन्य सार्वजनिक सुविधाको विस्तारमा असर नपर्ने कुरामा विशेष ध्यान पुऱ्याउने गरी कानुनी व्यवस्था गरिने छ ।

नीति छ. स्थानीय एफ. एम. रेडियोलाई किसानको समय समेत विचार गरी वालिङ नगर केन्द्रित कृषि कार्यक्रम उत्पादन र प्रशारण तथा यहाँको पर्यटन र सेवा क्षेत्रको गुणस्तर र पहुँच प्रवर्द्धनका कार्यक्रम उत्पादन र प्रवर्द्धनका लागि प्रोत्साहित गरिने छ ।

नीति ज. इन्टरनेट, दूरसञ्चार, एफ.एम. रेडियो तथा छापा तथा अनलाइन सञ्चार माध्यमलाई नगरपालिकाबाट हुने आर्थिक गतिविधि तथा सेवा प्रवाहका सन्दर्भमा आमसरोकारका जानकारी उपलब्ध गराउन अधिकतम उपयोग गरिने छ ।

नीति झ. सूचना तथा प्रविधिमा आउने द्रुत परिवर्तनलाई आत्मसात गर्दै यो क्षेत्रको नीतिमा समयवद्ध परिमार्जन गर्दै लगिने छ ।

ङ. सिँचाइ

१. परिचय

यस नगरमा विभिन्न परम्परागत कुला तथा विभिन्न निकायको सहयोगमा सञ्चालनमा रहेका मध्यमस्तरका सिँचाइ आयोजनामार्फत् खेतीयोग्य जमिनमा सिँचाइ भइरहेको अवस्था छ। संघ र प्रदेश सरकारको सहयोगमा पनि केही आयोजना सञ्चालनमा रहेका छन् । कृषि पकेट क्षेत्र निर्धारण गर्न बाँकी रहेको सन्दर्भमा सम्बन्धित क्षेत्रमा सिँचाइ सुविधा अपुग विश्लेषण हुन बाँकी रहेको भएपनि कतिपय खेतीयोग्य जमिनमा मौसमी सिँचाइको भर पर्नुपर्ने अवस्था छ। मूलतः तरकारी उत्पादन, नगदेबाली उत्पादन तथा सबै किसिमका सिँचाइका कार्यक्रमबाट उपलब्ध हुने पानी वितरण र आयोजनाको निरन्तर सञ्चालनमा पनि नगरको भूमिका रहनुपर्ने देखिन्छ ।

२. मुख्य अवसर र चुनौती

नगरमा रहेको नदी प्रणालीमा आधारित पानी तथा नदी छेउका खेतीयोग्य जमिन सिँचाइ क्षेत्रको मुख्य अवसर हो । कृषि उत्पादन वृद्धि गर्न व्यवसायिक खेतीको वातावरण निर्माण गर्ने संघ तथा प्रदेश सरकारको प्राथमिकता र सिँचाइ क्षेत्रमा संघ तथा प्रदेश सरकारबाट भइरहेको र हुनसक्ने लगानीलाई सिँचाइका पूर्वाधार विकासको अवसरको रूपमा लिइएको छ । चक्लाबन्दी खेती शुरु नभएको, भू-उपयोग योजना बनिनसकेको तथा कृषि क्षेत्रमा लाग्ने व्यवसायिक कृषकको संख्या उल्लेख्य नरहेको अवस्थामा पनि सिँचाइका पूर्वाधारमा हुने लगानीलाई लाभदायक बनाउने वैज्ञानिक योजना निर्माण र कार्यान्वयन गर्ने चुनौती नगरलाई छ ।

३. लक्ष्य

उपयुक्त पूर्वाधारमार्फत् कृषियोग्य भूमि सिञ्चित गरी कृषि उत्पादन बढाउने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य १३ :कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउनु ।

नीति क.भू-उपयोग योजना बनाई वालिङ नगरपालिकाको कृषि पकेट क्षेत्र निर्धारण गरी उत्पादनको प्रकृति अनुसार सिँचाइका लाभदायक विकल्प छनोट गरी सबै समयमा सिँचाइ सुविधा उपलब्ध हुने व्यवस्था गरिने छ। यसका लागि गुरुत्वाकर्षणमा आधारित पानी प्रवाह हुने, निर्माण भई सञ्चालनमा रहेका कुलोको स्तरोन्नतीलाई मुख्य प्राथमिकता दिइने छ। लाभ लागत विश्लेषणका आधारमा लिफ्टिङ र अन्य वैकल्पिक सिँचाइका कार्यक्रम सञ्चालनलाई पनि प्राथमिकतामा राखिने छ ।

नीति ख. परम्परागत कुलोको मर्मत सम्भार र सञ्चालनका लागि सम्बन्धित कृषक समूहसँग आवश्यक समन्वय र साझेदारी गरिने छ ।

नीति ग. सबैखाले सिँचाइ आयोजनाको पानी वितरणलाई प्रभावकारी बनाउन नगरबाट मापदण्ड निर्माण गरी सोको कार्यान्वयनको जिम्मा सम्बन्धित उपभोक्ता समिति वा कृषक समूहलाई दिइने छ। नगर र वडाका तर्फबाट कार्यान्वयन र अनुगमनको भूमिका निर्वाह गरिने छ ।

नीति घ. व्यवसायिक खेती गर्न चाहनेहरूका लागि पानी संकलन र व्यवस्थापनको आन्तरिक संरचना निर्माणमा प्रस्तावनामा आधारित रही नगरबाट सहयोग गरिने छ ।

नीति ङ नाला वा खुला रूपमा अन्यत्र बग्ने आकासे पानी व्यवस्थापन र दिसाजन्यफोहोर प्रशोधनबाट निस्कने पानी पनि अधिकतम रूपमा सिँचाइमा लगाउन पर्यत्न गरिने छ ।

नीति च. नगरभित्र वा बाह्य स्रोतबाट निर्माण वा स्तरोन्नतीबाट तयार हुने सिँचाइका ठूला तथा मझौला आयोजनाको नियमित मर्मत सम्भार र सञ्चालनका लागि शुल्क संकलन, मर्मत सम्भार कोष स्थापना र सञ्चालन लगायतका लागि नगरस्तरीय संयन्त्रबाट समन्वयकारी र सहयोगी भूमिका निर्वाह गरिने छ ।

च. सार्वजनिक भवन तथा पुस्तकालय

१. परिचय

नगरपालिकाको स्वामित्व वा अधिनमा विभिन्न १७वटा भवन रहेको नगरपार्श्वचित्र २०७५ मा उल्लेख छ । नगरका भवनहरू सेवा प्रवाहमा तथा आन्तरिक राजस्वको स्रोतका रूपमा व्यवसायिक प्रयोजनमा लगाइएका छन् । नगरका वडा तथा समुदायस्तरमा विभिन्न प्रयोजनाका ५० वटा सामुदायिक भवन रहेको नगर पार्श्वचित्र २०७५ मा उल्लेख छ । ती सामुदायिक भवन समुदायले आफ्नो साझा हितमा उपयोग गरिरहेको अवस्था छ । केही सामुदायिक भवन भने आधुनिक पूर्वाधारयुक्त पनि रहेका छन् ।

नगरपालिकाको कार्यालयका लागि दुई वटा पक्की भवन रहेका छन् भने ७वटा वडा कार्यालयको आफ्नो भवन रहेको छ । आफ्नो वडा कार्यालय भवन रहेका वडाका लागि चाहिने कम्प्युटर लगायत उपकरणको आधारभूत व्यवस्थापन गरिएको छ । तर, वडा कार्यालयलाई सूचना प्रविधिमैत्री बनाउन थप उपकरणको व्यवस्थापन गर्नुपर्ने छ । नगरमा विद्यालय तथा क्याम्पस बाहेकमा सार्वजनिक पुस्ताकालय व्यवस्थापन भएको छैन । नगरपालिकाको बैठककक्षलाई न्यूनतम पूर्वाधारसहितको बनाइएको भएपनि नगरमा सार्वजनिक सभाकक्षहरूको वैकल्पिक व्यवस्था गर्न बाँकी रहेको छ । संख्यात्मक रूपमा धेरैवटा सामुदायिक भवन नगरभित्र रहेता पनि नगर तथा वडास्तरमा विभिन्न आवश्यकताका उद्देश्यमूलक भवन निर्माण हुनुपर्ने जनचाहना रहेकोमा कमी पूर्तिका लागि नगरले धेरै काम गर्नुपर्ने आवश्यकता छ ।

२. मुख्य अवसर र चुनौती

समुदायस्तरबाट स्रोत संकलन र जनसहभागितामा आधारित रहेर सामुदायिक भवन निर्माणको अभ्यास रहेकोमा त्यसलाई प्रवर्द्धन गरी आर्थिक सामाजिक हित प्रवर्द्धनका भवन तथा पूर्वाधार तयारीमा नगर समुदाय साझेदारीको अवसर रहेको छ । वडा कार्यालय तथा अन्य सेवा प्रदायकका भवन निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापनमा समुदायको योगदान प्राप्तिको अवसर छ । सामुदायिक भवनहरूलाई सामुदायिक अध्ययन केन्द्रका रूपमा समेत प्रयोग गर्न सकिने अवसर छ ।

विकासको जनचाहना सम्बोधनको प्राथमिकतामा कुनैपनि सम्झौता नगरी नगर तथा वडाका भवन निर्माण र तिनलाई पूर्वाधारयुक्त बनाई सेवा ब्यवस्थापन गर्ने, शहरी विकासको मापदण्ड अनुसार कम्तीमा १० हजार जनसंख्यामा एउटा व्यवस्थित पुस्तकालय भवन तथा सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन तथा आर्थिक सम्भाव्य भवनको उपलब्धता सुनिश्चित गर्ने चुनौती रहेको छ ।

३. लक्ष्य

उपयुक्त भवन र पूर्वाधारसहित स्थानीय सेवा लगायत, नगरवासीको आर्थिक, सामाजिक र आर्थिक हित प्रवर्द्धन गर्नु ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य १४ : नगरपालिकाले आधारभूत सार्वजनिक सेवा प्रवाहका लागि पर्याप्त भवनको उपलब्धता सुनिश्चित गर्नु ।

नीति क : वालिङ नगरपालिकाको हालको संगठन संरचना तथा विषयगत विभाग, शाखा वा एकाईसहितको भावी संगठन संरचना समेतलाई दृष्टिगत गरी आवधिक रूपमा कमी विश्लेषण गरिने छ । यसका आधारमा पर्याप्त कार्य कक्ष, बैठक कक्ष तथा सभाहलसहितको भौतिक पूर्वाधारको उपलब्धता सुनिश्चित गरिने छ ।

नीति ख : सबै वडामा न्यूनतम प्राविधिक कर्मचारी समेत रहने गरी बैठक कक्षसहितको आफ्नै वडा कार्यालय भवनको पूर्वाधार तयार गरिने छ ।

नीति ग : नगरपालिकाले प्रवाह गर्ने खानेपानी तथा सरसफाई सेवा, स्वास्थ्य सेवा, शैक्षिक सेवा जस्ता सेवा प्रवाहका लागि आवश्यक भवनहरू निर्माण वा मर्मत सम्भारको कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ । भवन निर्माणको निर्णय गर्नु अघि उपलब्ध भवनको क्षमता आँकलन गरिने छ ।

नीति घ : नगरपालिकाबाट सबै किसिमका भवन निर्माण गर्दा भवन संहिता तथा मापदण्ड एवं भू-उपयोग योजनाको पूर्ण कार्यान्वयन गरिने छ । सार्वजनिक भवन निर्माणमा बढी भन्दा बढी जनसंख्यालाई पायक पर्ने स्थानमा निर्माण गरिने छ ।

उद्देश्य १५ : सार्वजनिक भवनमार्फत् बौद्धिक अभ्यास तथा आर्थिक र सामाजिक हित प्रवर्द्धन गर्नु ।

नीति क : आर्थिक गतिविधिमा योगदान गर्ने तथा आन्तरिक राजस्वको भरपर्दो स्रोतका रूपमा योगदान गर्न सक्ने गरी लागत प्रभावकारिता विश्लेषणका आधारमा भू-उपयोगको तालमेत नबिग्रने जग्गामा व्यापारिक प्रयोजनमा भाडामा उपलब्ध गराउनयोग्य भवन निर्माणका लगानीको विषय नगरको प्राथमिकतामा रहने छ । यस्तो कार्यक्रमलाई पुँजी सुधार कार्यक्रमको अंग बनाइने छ ।

नीति ख : नगरमा उपलब्ध प्रयोगविहीन वा मर्मत सम्भार गरी प्रयोगमा ल्याउन सकिने भवनको वास्तविक अवस्था यकिन गरी एक वडा एक पुस्तकालय तथा बजार र शहरी इलाकामा १ हजार परिवारमा एक पुस्तकालय हुने गरी पुस्तकालय भवन निर्माण, मर्मत सम्भार र सञ्चालन गरिने छ । यसका लागि बुहपक्षीय साझेदारीमा जोड दिइने छ ।

नीति ग : आरोग्य केन्द्र, योग शिविर सञ्चालन हुने भवन, जेष्ठ नागरिक हेरविचार केन्द्र, बाल मनोरञ्जन केन्द्र जस्ता भवन निर्माण पनि नगरपालिकाको प्राथमिकतामा रहनेछ । यसका लागि साझेदारीका विकल्पहरूको खोजी गरिने छ ।

नीति घ : स्थानीय संस्कृतिको जगेर्ना तथा प्रवर्द्धन गर्ने तथा स्वरोजगारीका क्रियाकलाप सञ्चालन हुने भवन निर्माणका लागत प्रभावकारी प्रस्तावलाई बृहत् योजनाको अभिन्न अंगको रूपमा समावेश गरी कार्यान्वयनमा लगिने छ ।

तालिका १/५.३.४ : आवधिक प्राथमिकता : सार्वजनिक निर्माण

क. नेपालको संविधानले नगरपालिका लगायत स्थानीय तहलाई खानेपानी सम्बन्धी अधिकारलाई एकल अधिकारको रूपमा समेटेको छ । वालिङ नगरपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रम तथा कार्यपालिका र नगरसभाको विभिन्न निर्णयमार्फत् यो अधिकार अनुसारको जिम्मेवारी निर्वाह गरिरहेको छ । स्मार्ट नगर निर्माणको अठोटसहित अघि बढेको यस नगरपालिकाले स्मार्ट सिटीको एउटा सूचकको रूपमा खानेपानीका पूर्वाधारलाई स्मार्ट बनाउनेतर्फ पनि काम गर्नुपर्ने छ। त्यसैले खानेपानीको आवश्यकता परिपूर्तिगरी खानेपानी क्षेत्रबाट स्मार्ट सिटीको लक्ष्य प्राप्तिमा समेत टेवा दिने गरी खानेपानी तथा सरसफाईका नीति तथा सम्बन्धित स्थानीय कानुन बनाई यो क्षेत्रका कार्यलाई थप व्यवस्थित बनाउने प्रण नगरले लिएको छ।

नगरपालिकाले मूलतः खानेपानीको राष्ट्रिय मापदण्ड पालना गरिरहेको भएपनि शहरी खानेपानीको मापदण्ड सम्पूर्ण नगर क्षेत्रमा कार्यान्वयनमा ल्याउने भने सकिएको छैन । सो मापदण्ड अनुसार वालिङको वर्तमान र प्रक्षेपित जनसंख्या विश्लेषण गर्दा आगामी २० वर्षमा ६० हजार भन्दा बढी जनसंख्या हुने अनुमानका आधारमा यस नगरमा नगरबाट घरधुरी तहमा २४ घण्टा पानी उपलब्ध हुने, प्रतिव्यक्ति प्रतिदिन ८० देखि १०० लिटर पानी आवश्यक पर्ने र कम्तीमा ९० प्रतिशत परिवारले ५० मिटरको दूरीमा खानेपानी पाउनुपर्ने जस्ता मापदण्ड शहरी योजना संहिता तथा मापदण्ड २०७२ मा उल्लेख छ । यस आधारमा भौगोलिक विविधता र फरक आवश्यकताको सम्बोधन हुने तथा स्मार्ट गाउँ र स्मार्ट शहरसहितको स्मार्ट नगरको लक्ष्य पनि हाँसिल गर्न सहयोग पुग्नेगरी खानेपानी सम्बन्धी मापदण्ड तय गरी कार्यान्वयन गर्नु आवश्यक छ।

दीगो विकास लक्ष्य अनुरूप २०३० सम्ममा सबै नगरवासीलाई सुरक्षित पानीको उपलब्धता सुनिश्चित गर्ने तथा बृहत् योजना तर्जुमाका बखत निर्धारित पछिल्लो समयसीमा अर्थात् आर्थिक वर्ष २०९६/९७ को अन्त्यसम्ममा सबैलाई सुरक्षित खानेपानी उपलब्ध गराउने लक्ष्य पूरा गर्नेगरी खानेपानीका कार्यक्रमलाई थप उपलब्धीमूलक बनाउनु पर्ने भएकोले खानेपानी तथा सरसफाईको नीति, कानुन तथा मापदण्ड तत्काल निर्माण गरी लागु गर्ने र कार्यान्वयनको अवस्थाको समयवद्ध लेखाजोखा र आवश्यक परिमार्जन र कमी पूर्तिका थप रणनीति समेत बनाउने गरी यो क्षेत्रको आवधिक प्राथमिकता तय गरिएको छ । यस क्रममा नगर अनुकुलित दीगो विकास लक्ष्यलाई ध्यान दिइएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
१. नगरले खानेपानी आपूर्तिका लागि नगरोन्मूख ग्रामीण क्षेत्र र शहरी क्षेत्रको न्यूनतम मापदण्ड निर्धारण (८० देखि १०० लिटर प्रतिव्यक्ति प्रतिदिनको राष्ट्रिय मापदण्ड प्रतिकुल नहुने गरी) गर्ने । मापदण्डलाई खानेपानीका पूर्वाधार निर्माण र पानी वितरणको प्राविधिक कार्यसँग आवद्ध गर्ने कार्यविधि बनाउने ।	१. खानेपानी तथा सरसफाइको कानुन तथा मापदण्ड कार्यान्वयनको समीक्षा, पुनरावलोकन र आवश्यक परिमार्जन गर्ने ।	१. खानेपानी तथा सरसफाई सम्बन्धी कानुन कार्यान्वयनको आवधिक समीक्षा तथा आवश्यक परिमार्जन ।
२. खानेपानी, सिँचाइ तथा ऊर्जाको स्रोतका रूपमा उपयोग हुने सबै प्रकारका पानीको सार्वजनिक स्वामित्वको सुनिश्चिता हुने गरी पानीका स्रोतको उपयोग र व्यवस्थापन सम्बन्धी नीति निर्माण गर्ने । स्थानीय कानुनमा पानीका स्रोतमा निजी स्वामित्व दाबीलाई निरुत्साहित गर्ने र कारवाहीको दायरामा ल्याउने व्यवस्था गर्ने ।	२. पानीका स्रोतको उपयोग र व्यवस्थापन सम्बन्धी नीति कार्यान्वयनको समीक्षा गर्ने । खानेपानीमा सबैको शुलभ पहुँच सुनिश्चिता र सबैका लागि सुरक्षित खानेपानी उपलब्ध गराउने लक्ष्यका साथ नगरको दीर्घकालीन खानेपानी तथा सरसफाई नीति बनाउने ।	२. सबैका लागि सफा पानी र सरसफाईको पहुँचमा पुग्ने दीगो विकासका लक्ष्य प्राप्तिका सन्दर्भमा प्राप्त उपलब्धीको आवधिक समीक्षा गर्ने र आवश्यकता अनुसार लक्ष्य प्राप्तिको अल्पकालीन रणनीति बनाउने (सन् २०२५ र २०२९)

ख. वालिङ नगरपालिकाले नगरले आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममार्फत् एक घर एक धारा सबै वडामा विस्तार गर्ने रणनीति लिएको छ। खानेपानीका सबै योजनालाई नगरस्तरीय खानेपानी, सरसफाई र स्वच्छता समन्वय समिति अन्तर्गत ल्याई व्यवस्थापन गर्ने नीति पनि अख्तियार गरेको छ। त्यसैले यो नीतिगत प्रतिवद्धता कार्यान्वयन गरी सबैका लागि सुरक्षित खानेपानी उपलब्ध गराउने लक्ष्य हाँसिल गर्नमा केन्द्रित रही खानेपानी सम्बन्धी पूर्वाधार निर्माण र सेवा प्रवाहका कार्यक्रमलाई प्राथमिकीकरण गरिएको छ।

२०७५ को तथ्याङ्क अनुसार नगरको मुख्य शहरी क्षेत्रमा वालिङ साना शहरी खोपानी तथा सरसफाई आयोजनामार्फत् घरधुरीस्तरमा पानी वितरण भइरहेको छ भने एलादी खानेपानी आयोजना, पेखुगब्दे खानेपानी, चोकठाँटी खानेपानी जस्ता साना तथा मझौला खानेपानी आयोजना समेत गरी करिब ९० प्रतिशत परिवारले निजी वा सामुदायिक स्रोतमा आधारित खानेपानी सेवा उपभोग गरिरहेका छन्। जसमध्ये करिब २९ प्रतिशत परिवारको आफ्नै घर कम्पाउण्डभित्र खानेपानी धारा रहेको छ। यस आधारमा शहरी मापदण्डअनुसार घरधुरीस्तरको धारा र पर्याप्त पानी उपलब्ध गराउनु नगरको प्राथमिकताको कार्य हुनेछ। नगरमा अहिले पनि कतिपय स्थानमा पानीका स्रोतको कमी रहेकोले बस्ती भन्दा मुनीको पानी लिफ्ट गरेर तुलनात्मक रूपमा बढी लागतको खानेपानी सेवा उपभोग गर्नुपर्ने अवस्था छ। यसको दीगो समाधानका लागि भू-उपयोग योजनाले समेत बस्ती सम्बन्धी उपयुक्त निर्णय गर्नुपर्ने हुन्छ।

तलको नक्सामा सुरक्षित खानेपानीको पहुँच सुनिश्चिततामा रहेको कमी प्रस्तुत गरिएको छ। २०७५ को तथ्याङ्कका आधारमा तयार गरिएको नक्सानं. (२/५.३.४) अनुसार वडा नं. ९,११,७ र १४ मा तुलनात्मक रूपमा बढी परिवारले ढुंगेधाराको पानीलाई खानेपानीको मुख्य स्रोत बनाएको देखिन्छ भने अन्य वडामा पनि छिटफुट मात्रामा ढुंगे धारा, कुवा वा धारा पाइप बाहेक अन्य स्रोतको पानीलाई खानेपानीको मुख्य स्रोत बनाएको देखिन्छ। नगरले सर्वप्रथम यस अवस्थालाई शुन्यमा ल्याउने तथा क्रमशः सबै घरमा २४ घण्टा पानी आउने गरी एक घर एक धारा जडान गर्ने गरी खानेपानीका कार्यक्रमलाई प्राथमिकीकरण गरेको छ।

नक्सा १/५.३.४ : पाइपको खानेपानीको पहुँचमा नरहेका परिवार



२०७५ को घरधुरी सर्वेक्षण अनुसार नगरका वडा नं. ३,४,८,१०, १३ र १४ मा अन्य वडामा भन्दा बढी घर कम्पाउण्डभित्र धारा भएका परिवार रहेका छन्। नगरको नं. १,८, ९ र १० का बजार क्षेत्रमा घरधुरीस्तरको धारा र मिटर समेत जडान गरिएको छ भने अन्यत्र पनि यो अभ्यास क्रमशः अघि बढेको छ।

यस पृष्ठभूमिमा खानेपानीका संरचनाको अवस्था, पानीको स्रोत तथा शुद्धता आदिको यथार्थ अवस्था अद्यावधिक गर्ने र कमी पूर्तिमा केन्द्रित रही सबैका लागि सुरक्षित र पर्याप्त खानेपानी घरधुरीस्तरमा नै उपलब्ध गराउने गरी खानेपानी सम्बन्धीतथ्याङ्क संकलन र व्यवस्थापन, भौतिक संरचना निर्माण र सेवा प्रवाहका कार्यको प्राथमिकीकरण गरिएको छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
१. हाल उपलब्ध रहेको तथ्याङ्कलाई आधार बनाई नगरभित्रका खानेपानीका सबै मुहान र तिनको अवस्था तथा सञ्चालनमा रहेका वा निर्माणाधीन खानेपानी आयोजनाको विवरणसहित जी.पी.एस.मा आधारित तथ्याङ्क तयार पार्ने र पानीको पहुँचमा रहेको वास्तविक कमी यकिन गर्ने।	१. खानेपानी सम्बन्धी तथ्याङ्कको नियमित अद्यावधिक गरी नगरको तथ्याङ्क व्यवस्थापन प्रणालीको अंगका रूपमा विकास गर्ने ।	१. नगरभरको खानेपानी र सेवा सम्बन्धी सूचना व्यवस्थित गरी सेवा वितरण र बिल भुक्तानी प्रणालीलाई अनलाइन पद्धतिमा आधारित बनाउने ।
२. जोखिममा रहेका मुहान पहिचान र तिनको वडागत सूची बनाई न्यूनतम पानी भएका स्रोतका आधारमा संरक्षणका कार्यक्रम वडागत रूपमा कार्यान्वयन शुरु गर्ने ।	२. मुहान संरक्षणका न्यूनतम कार्य(वृक्षारोपण र घेराबार लगायत संरचनागत कार्य) पूरा गर्ने र त्यसको उपयुक्त अवस्था कायम गर्न समुदायलाई जिम्मा दिई वडाको तर्फबाट नियमित अनुगमनको व्यवस्था गर्ने ।	
३. एक भन्दा बढी खानेपानी आयोजनाको वितरण प्रणाली एकीकृत गर्न सकिने सम्भावनाको अध्ययन गरी नगर मापदण्ड अनुसारको समान पानी वितरण प्रणाली कार्यान्वयन शुरु गर्ने ।	३. छरिएका सबै खानेपानी आयोजना मध्ये मझौला (५० घरधुरीसम्म समेट्ने) आयोजनालाई कम्तीमा वडास्तरको एकीकृत वितरण प्रणालीमा आवद्ध गरी पानी वितरणमा एकरूपता ल्याउने ।	३. बहुस्रोत एकीकरण र पानी संकलन ट्यांकी लगायतका संरचना तयार गरी सबै घरधुरीस्तरमा मिटरसहितको धारा जडान गरी २४ घण्टा पानी आपूर्ति हुने व्यवस्था मिलाउने ।
४. सञ्चालनमा रहेका मध्यमस्तरका १०० घरधुरीसम्म समेट्ने खानेपानी आयोजनाको वितरण प्रणालीमा रहेका समस्या नगर वा वडाले सम्बन्धित उपभोक्ता समितिसँगको साझेदारीमा समाधान गरी बाँकी जिम्मेवारी पूर्ण रूपमा सम्बन्धित उपभोक्ता समितिमा हस्तान्तरण गर्ने।	४. व्यवस्थापन एकीकरण गरिएका खानेपानी आयोजनाको व्यवस्थापनको भूमिका पूर्ण रूपमा उपभोक्ता समितिमा ल्याउने र त्यसको नियमन र नगरको सहयोगी भूमिका निर्धारण गर्ने ।	४. सबै खानेपानी आयोजनाबाट वितरण हुने पानीको उपयोगका आधारमा सञ्चालन र मर्मत सम्भारका लागि योगदान (महशुल) प्रणालीलाई व्यवस्थित गर्ने ।
	५. त्रियासीदेखि बायाँटारी झोलौंगेसम्म दायाँबायाँ एक किलोमिटर आसपासका सबै बजार क्षेत्रमा मिटरसहितको घरधुरीस्तरको धारा जडान र नगर मापदण्ड अनुसार खानेपानी वितरण शुरु गरिसक्ने गरी पूर्वाधार (मेनलाइन, ट्यांकी, विपिटी र वितरण प्रणाली) निर्माण वा सुधारको कार्य सम्पन्न गर्ने र अन्य क्षेत्रमा समेत एक घर एक धाराको व्यवस्थापनको कार्य अघि बढाउने ।	

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
	६. कम्तीमा ९५ प्रतिशत जनसंख्यालाई पाइपमा आधारित धाराको पानीको पहुँचमा पुऱ्याउने गरी खानेपानी आयोजना निर्माण वा स्तरोन्नतीको कार्य गर्ने ।	

ग. यस नगरपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत् Zero Waste, फोहोरलाई स्रोतको रूपमा उपयोग गर्ने तथा शौचालयबाट निस्कने फोहोर प्रशोधन र व्यवस्थापन गर्ने नीति लिएको छ । फोहोर व्यवस्थापन र ढल निकासको विषयलाई साझेदारीको प्राथमिकताका क्षेत्रका रूपमा सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐनमा पनि समेटिएको छ ।

आधारभूत स्वास्थ्य तथा सरसफाईको अधिकार संविधानतः स्थानीय सरकारलाई रहेअनुसार नगरले यस नगरपालिकाले ठोस फोहोर व्यवस्थापनको सहजीकरणका लागि फोहोर मैला व्यवस्थापन कार्यविधि २०७६ जारी गरेको छ । स्थानीय कानुन तथा मापदण्डको आधारमा फोहोरमैला संकलन र व्यवस्थापनको कार्य गरिरहेको भए पनि सरसफाईका कतिपय विषय समेटेर विद्यमान कानुनको दायरा विस्तार तथा सरसफाईका विभिन्न मापदण्ड बनाई लागु गर्नुपर्ने आवश्यकता छ ।

सार्वजनिक सरसफाई अन्तर्गत खानेपानीसँगै जोडिएर आउने सरसफाईका कार्यक्रम तथा ठोस फोहोर र दिसाजन्य फोहोर व्यवस्थापनको उपयुक्त विधिमार्फत् नगरपालिकालाई सफा र स्वच्छ नगर बनाउने सम्भाव्य बाह्य साझेदारीको प्रारूप समेत बनाई यो क्षेत्रको दीर्घकालीन नीति, कानुन र मापदण्ड बनाउनु पर्ने हुनाले तिनको आवधिक प्राथमिकता तल प्रस्तुत छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
१. नगरलाई पूर्ण सरसफाईयुक्त नगर बनाउने लक्ष्यसहित नगरको जिरो वेस्टको नीति तथा फोहोर पुनरचक्रणको अभ्यासलाई थप व्यवस्थित गर्न र दिसाजन्य फोहोर व्यवस्थापन (घरधुरी शौचालय, ढल, सार्वजनिक शौचालय) को विषय समेत समेटी उपयुक्त कानुन बनाउने । यसमा फोहोर पुनरचक्रणबाट निस्किएका उत्पादनको उपयोग वा बिक्री वितरणको विषय पनि यो नीतिमा समेट्ने ।	१. पूर्ण सरसफाईयुक्त नगरको वालिङ मापदण्ड बनाई प्रगती मापन वा समीक्षा पद्धति विकास गर्ने । जसमा ठोस फोहोर उत्पादन र व्यवस्थापन, विभिन्न किसिमका शौचालयका पूर्वाधार तथा तिनको सरसफाई, दिसाजन्य लेदो व्यवस्थापन, सार्वजनिक सरसफाई र स्वच्छता सम्बन्धी नगरवासीको व्यवहार तथा स्मार्ट सिटी प्रयोजनाका लागि सरसफाईको अवस्था आदि समेट्ने ।	१. सरसफाई सम्बन्धी विद्यमान कानुनमा आवश्यक परिमार्जन तथा पूर्ण सरसफाईयुक्त नगर निर्माणका लागि आवश्यक थप कानुन, नीति वा रणनीति बनाउनुका साथै नगरलाई पूर्ण सरसफाईयुक्त नगरको अवस्थामा पुऱ्याउने लक्ष्य प्राप्तिका दिशामा भएको प्रगतिको आवधिक समीक्षा गर्ने ।
२. ठोस फोहोर व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारीको प्रारूप तयार पार्ने ।	२. सरसफाई क्षेत्रमा निजी साझेदारीको अभ्यासलाई समयानुकुल बनाई निजी क्षेत्रलाई थप जिम्मेवार बनाउन सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐनमा समयानुकुल संशोधन वा परिमार्जन गर्ने ।	

घ. नगरले जिरो वेस्ट (शुन्य फोहोर) को अवधारणा अनुसार फोहोर संकलन र व्यवस्थानका लागि सरसफाई केन्द्र निर्माण गरी सञ्चालन गरिरहेको छ। कुहिने, नकुहिने र शिशाजन्य फोहोर समयवद्ध र व्यवस्थित रूपमा संकलन र व्यवस्थापन गर्नमा नगरले आफुलाई सबल नगरको रूपमा प्रस्तुत गरिरहेको छ। तथापि पूर्वाधारको सीमितता तथा भैगोलिक जटिलताका कारणले यो सेवा सबै टोल बस्तीमा समान रूपमा उपलब्ध गराउन सकिएको छैन।

नगरका सबैजसो घरमा शौचालयको ब्यवस्था भएपनि २०७५ को तथ्याङ्कले झण्डै ९८ प्रतिशत परिवारको आफ्नै शौचालय रहेको देखाउँछ भने केही करिब १.५ प्रतिशत परिवारको भने शौचालय नभएको देखिन्छ। कम्तीमा ३३ प्रतिशत परिवारले व्यवस्थित सेप्टिक ट्यांक नभएको साधारण चर्पी प्रयोग गरिरहेको तथ्याङ्क छ। शौचालय नभएका तथा साधारण चर्पी प्रयोग गर्ने परिवार तलको नक्सामा देखाइएको छ।

नक्सा २/५.३.४ : शौचालय नभएका वा साधारण चर्पी प्रयोग गर्ने परिवार



Ward	HHs Without Toilet	HHs With Ordinary Toilet
1	10	235
2	33	293
3	3	202
4	0	209
5	21	111
6	17	318
7	18	54
8	24	324
9	14	493
10	4	136
11	18	185
12	27	576
13	28	174
14	39	290

यसलाई दृष्टिगत गरी शौचालय निर्माण बाँकी रहेको देखिएको त्यसलाई पूरा गर्ने र उपयुक्त मापदण्डसहितको पक्की शौचालयको उपलब्धता सबै घरमा सुनिश्चित गर्ने विषयलाई सरसफाई क्षेत्रको प्राथमिकतामा समेट्नु पर्ने आवश्यकता छ। आफ्नै शौचालय ब्यवस्थापन नभएका वा साधारण चर्पी प्रयोग गरिरहेको परिवार तलको नक्सामा देखाइएको छ। नगरमा ढल ब्यवस्थापन वा दिसाजन्य फोहोर व्यवस्थापनको पूर्वाधार र सेवा व्यवस्थापन हुन बाँकी रहेको छ। यस पृष्ठभूमिमा सार्वजनिक सरसफाईका आवधिक प्राथमिकता तल प्रस्तुत गरिएको छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
१. दिसाजन्य फोहोर ब्यवस्थापनका लागि ढल निर्माण तथा फोहोर प्रशोधन प्रणालीको सम्भाव्यता अध्ययन पूरा गर्ने।	१. सिद्धार्थ राजमार्ग क्षेत्रका बस्ती तथा नयाँ विकास हुने सघन बस्तीका लागि आवश्यक प्रशोधन र प्रणालीसहितको ढल निकास आयोजनाको पूर्वाधार निर्माणका कार्य सम्पन्न गर्ने तथा छरिएका बस्ती क्षेत्रका लागि शौचालयको फोहोर सुरक्षित रूपमा संकलन गरी सोही प्रशोधन केन्द्रबाट व्यवस्थापन गर्न शुरु गर्ने।	१. सबै घरलाई ढल वा दिसाजन्य लेदो ब्यवस्थापन सेवाको पहुँचमा ल्याई सक्ने गरी पूर्वाधार तयार गरी सञ्चालनमा ल्याउने।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
२. ठोस फोहोर व्यवस्थापन र पुनरचक्रणको वर्तमान क्षमतामा आवश्यक विस्तार वा सुधार गरी सबै वडालाई फोहोर व्यवस्थापन सेवामा आवद्ध गर्ने ।	२. सबै वडा तथा बस्तीबाट नकुहिने प्रकारका सबै फोहोर संकलन तथा प्रशोधन केन्द्रसम्म आउने अवस्थामा पुऱ्याउने ।	२. ठोस फोहोर व्यवस्थापनलाई नगरको राजस्वको आधारका रूपमा विकास गर्दै नगरलाई प्लास्टिकजन्य फोहोर रहित नगर बनाउने ।
३. नेपाल सरकार शहरी विकास विभागले स्मार्ट सिटी योजना अन्तर्गत पहिचान गरेको सम्भावित स्थान (वडा नं. ११) मा नयाँ फोहोर व्यवस्थापन केन्द्र निर्माणको सम्भाव्यता अध्ययन गर्ने ।	३. सम्भाव्यताका आधार आधुनिक पुनरचक्रण प्रणालीसहितको सरसफाई केन्द्र स्थापना गर्ने ।	३. पूर्वाधार र सेवामा आवश्यक सुधार र विस्तारसहित सरसफाई सेवालाई निरन्तरता दिने ।
४. बस पार्क तथा बसबिसौनी क्षेत्रलाई पहिलो प्राथमिकतामा राखि कम्तीमा २ वटा सार्वजनिक शौचालय निर्माण गर्ने ।	४. सामुदायिक संस्थाहरूबाट व्यवस्थापन हुने गरी बजार तथा बढी जमघट हुने स्थाहरूमा कम्तीमा थप दुईवटा सार्वजनिक शौचालयको व्यवस्था गर्ने ।	४. बढी जमघट हुने क्षेत्र, व्यापारिक केन्द्र तथा बढी जमघट हुने सेवा प्रदायक निकायको नजिकमा सार्वजनिक शौचालय निर्माण गरी सार्वजनिक शौचालयको न्यूनतम माग पूरा गर्ने ।
५. शौचालय नभएका सबै घरमा शौचालय भएको सुनिश्चितताका लागि आवश्यक सहयोग गर्ने ।	५. प्रवर्द्धनात्मक कार्यक्रममार्फत् घरधुरीस्तरका कच्ची शौचालयलाई पक्की शौचालयले विस्थापन गरी पक्की शौचालय रहेका परिवार ८० प्रतिशतमा पुऱ्याउने ।	५. प्रवर्द्धनात्मक र उत्प्रेरणात्मक विधिबाट घरधुरीस्तरका कच्ची शौचालयलाई पक्की र फ्लससहितको शौचालयले विस्थापित गरिसक्ने ।

ङ. कृषिलाई आर्थिक विकासको प्रमुख क्षेत्रका रूपमा लिई स्मार्ट नगर र स्मार्ट नागरिकको गन्तव्य प्राप्तिमा टेवा दिने मुख्य क्षेत्रका रूपमा कृषिलाई समेटेको यस नगरपालिकाले नगरको भू-उपयोग योजना निर्माणसँगै सिँचाइ सुविधा व्यवस्थापनलाई थप वैज्ञानिक बनाउनुपर्ने अवस्था छ। एकल अधिकारका रूपमा स्थानीय तहले पाएको संवैधानिक अधिकार कार्यान्वयन गर्न सबै किसिमका सिँचाइका पूर्वाधार निर्माण र सेवा व्यवस्थापन गर्न सिँचाइ नीति बनाउनु पर्ने भएकोले कृषि नीतिको अंगका रूपमा सिँचाइ नीति तथा सान्दर्भिक कानुन निर्माण नगरको अल्पकालीन प्राथमिकता हो भने ती नीति तथा कानुन कार्यान्वयनको समीक्षा तथा परिमार्जन र संशोधनको कार्य मध्यकालीन र दीर्घकालीन प्राथमिकता हुन् । त्यस आधारमा नगरको सिँचाइ क्षेत्रको नीति तथा कानुन सम्बन्धी आवधिक प्राथमिकता तल प्रस्तुत छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
१. भू-उपयोग योजनामार्फत् निर्धारिण हुने कृषि क्षेत्रमा सबै समयमा सिँचाइको सुविधा सुनिश्चित गर्ने लक्ष्यसहित कृषि नीतिको अभिन्न अंगका रूपमा नगरको सिँचाइ नीति बनाउने ।	१. सिँचाइ नीति कार्यान्वयनको आवधिक समीक्षा र आवश्यक परिमार्जन गर्ने ।	१. सिँचाइ नीति अनुसार सिँचाइका कार्यक्रमको प्राथमिकीकरण तथा उपलब्ध विश्लेषण गरी सिँचाइ क्षेत्रको नीति निर्धारण गर्ने ।
२. सिँचाइका पूर्वाधार सञ्चालन तथा व्यवस्थापनमा नगर, वडा तथा स्थानीय उपभोक्ताको भूमिका सहितको सिँचाइ सेवा व्यवस्थापन सम्बन्धी निर्देशिका बनाउने ।	२. सिँचाइ सेवा निर्देशिका तथा अन्य कानुनी औजार विकास गरी नगरपालिकाभित्रका सबै सिँचाइ आयोजनाको व्यवस्थापन उपभोक्तामार्फत् हुने सुनिश्चिता र नगरपालिकाको भूमिका परिभाषित गर्ने ।	२. सिँचाइ निर्देशिका र सम्बन्धित कानुनी प्रावधान कार्यान्वयनको समीक्षा र आवश्यक परिमार्जन ।
३. सिँचाइ प्रयोजनमा उपयोग हुने पानीको स्रोतको उपयोग सम्बन्धी विषयलाई मुहान तथा पानीका स्रोत व्यवस्थापन सम्बन्धी स्थानीय कानुनमा समावेश गर्ने ।		

च. यस नगरमा सिँचाइको पानीको स्रोतको रूपमा आँधीखोला, अर्मादी खोला, बायाँखोला, च्याङ्दीखोला, मिर्दीखोला लगायत नदी रहेका छन् । सिँचाइ सुविधा उपलब्ध भएमा तरकारी, अन्नबाली र फलफूल उत्पादनको सम्भाव्यता भएका खेतीयोग्य जमिन पनि यस नगरमा छन् । डहुवा सिँचाइ आयोजना, पिपलटारी सिँचाइ आयोजना (वडा नं. ९) फौदीखोला बाह्रविसे मैदानी सिँचाइ आयोजना र रियाले माथिल्लो कुला सिँचाइ आयोजना (वडा नं. १३) जस्ता केही सिँचाइ आयोजनाका लागि केन्द्र वा प्रदेश सरकारबाट पनि आर्थिक सहयोग भएको छ भने स्थानीयस्तर र समुदायबाट पनि सिँचाइका योजना सञ्चालन भइरहेका छन् । त्यसैले उत्पादन सम्भाव्यताका आधारमा बढी उत्पादन हुने र भू-उपयोग योजनामार्फत् कृषि प्रयोजनमा प्रयोगमा आउने भनी निर्धारित हुने कृषि क्षेत्र लक्षित गरी उत्पादनको सम्भाव्यताका आधारमा निम्नानुसार सिँचाइ क्षेत्रका कार्यक्रम प्राथमिकीकरण गरिने छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
१. केन्द्र वा प्रदेश सरकारको सहयोगमा निर्माणाधीन डहुवा सिँचाइ आयोजना, पिपलटारी सिँचाइ आयोजना (वडा नं. ९) फौदीखोला बाह्रविसे मैदानी सिँचाइ आयोजना र रियाले माथिल्लो कुला सिचाईं आयोजना जस्ता कार्यक्रम समयमा पूरा गर्नका लागि नगरका तर्फबाट आवश्यक समन्वय गर्ने ।	१. अल्पकालमा निर्माणाधीन संघ तथा प्रदेशस्तरका सबै आयोजना निर्माणको कार्य सम्पन्न हुने गरी नगरबाट आवश्यक कदम चाल्ने । अन्य आयोजना मध्ये उच्च प्राथमिकताका आयोजनाका लागि संघ र प्रदेश सरकारमा सहयोगका लागि प्रस्ताव पठाउने ।	

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
२. हाल सञ्चालन वा कार्यान्वयनमा रहेका सिँचाइ आयोजनाले समेट्ने क्षेत्र बाहिर तरकारी खेती, विभिन्न नगदेबाली र धान, गहुँ जस्ता प्रमुख कृषि बाली उत्पादन बढी हुने क्षेत्र लक्षित बहुउद्देश्यीय सिँचाइ आयोजनाको प्रस्ताव तयार गरी प्रदेश सरकारमा पेश गर्ने । त्यस मध्ये नगरको उच्च प्राथमिकताका एक वा दुई आयोजनाको कार्य नगरका तर्फबाट शुरु गर्ने ।	२. कृषि पकेट क्षेत्र लक्षित सिँचाइ आयोजनाको प्राथमिकीकरण गरी स्रोत प्राप्तिका लागि समन्वय गर्ने तथा वैकल्पिक स्रोत समेत खोजी गरी स्रोत प्राप्तिको सुनिश्चिततासहित निर्धारित कृषि पकेट क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याइसक्ने ।	२. कृषि उत्पादनका लागि वर्गीकृत सबै जमिनमा बाह्रै महिना भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराइसक्ने गरी नगरस्तरीय सिँचाइ आयोजना सम्पन्न गर्ने ।
३. उत्पादनको प्रकृति तथा सम्भावनाका आधारमा वर्षेपानी संकलन, थोपा सिँचाइ, पोखरी निर्माण वा सुधार जस्ता स-साना योजनाको वडागत सूची तयार पारी समुदायसँगको साझेदारीका आधारमा कार्यान्वयनमा नगरका तर्फबाट न्यूनतम सहयोग गर्ने ।	३. साना तथा मझौला सिँचाइका आयोजनामध्ये समुदायबाट कम्तीमा ५० प्रतिशत लागत र श्रम सहभागिता तथा संरक्षण र ब्यवस्थापनको सुनिश्चितता भएका आयोजना सम्पन्न गर्ने ।	३. सबै किसिमका सिँचाइ आयोजनाका सम्बन्धित उपभोक्ता समितिबाट सञ्चालन र व्यवस्थापनको सुनिश्चितता गर्ने ।

ञ. वालिङ नगरपालिकाले स्थानीय भवन निर्माण संहिता तथा मापदण्ड कार्यान्वयन गरिरहेको छ । हाल सबै किसिमका भवनमा संरचनागत मजबुती र भुकम्पीय सुरक्षाका मापदण्ड पालनालाई अनिवार्य गरिएको छ । संरचनागत मजबुतीका मापदण्ड (भवन संहिता) सबै किसिमका भवनमा समान रूपमा लागु हुने भएता पनि विशिष्ठ उद्देश्यसहित निर्माण हुने संस्थागत तथा सामुदायिक भवन तथा पुस्तकालय आदिको कोठाको आकार, तिनमा अपाङ्गता भएका व्यक्ति तथा बालबालिका लगायतको पहुँच तथा भुकम्पबाहेकको जोखिम न्यूनिकरणका मापदण्ड समेत समेटी तिनको मापदण्ड मापदण्ड बनाउनु पर्ने आवश्यकता महसुस गरी त्यसको प्राथमिकता तल प्रस्तुत छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
१. नगरपालिकाभित्रका कार्यालय (नगरपालिका, वडा कार्यालय र अन्तर्गतका निकाय) सामुदायिक भवन, बालगृह वा जेष्ठ नागरिक हेरचाह केन्द्र, पुस्तकालय आदि सार्वजनिक भवन (संरचनागत बाहेकका) को पूर्वाधारको न्यूनतम मापदण्ड तयार गर्ने ।	१. सामुदायिक तथा संस्थागत भवनको न्यूनतम मापदण्ड कार्यान्वयनको समीक्षा गर्ने तथा विशेष प्रयोजनमा निर्माण हुने भवनको आवश्यकता अनुसार फरक मापदण्ड बनाउने ।	१. भवनको संरचनागत मजबुती बाहेकका मापदण्ड (कोठाको आधार, प्रयोग हुने समाग्री, खुला क्षेत्र, पार्किङ आदि) कार्यान्वयनको समीक्षा तथा आवश्यकता अनुसार प्रावधान परिमार्जन ।

ट. आ.व. २०७६/७७ को मध्यावधिसम्ममा यस नगरका १४ मध्ये ७ वटा वडा (२, ४, ८, ९, १०, ११, १३) को आफ्नो कार्यालय भवन छैन । त्यसैले सबै वडाको आफ्नै भवन बनाउनु मुख्य प्राथमिकता रहेको छ । नगरपालिका तथा वडाका भवन तथा आवश्यक पूर्वाधार उपकरणको ब्यवस्थापन नगरको एउटा प्रमुख प्राथमिकता हो ।

विभिन्न उद्देश्यले समुदायस्तरबाट निर्माण भएका केही व्यववस्थित र केही सामान्य प्रकृतिका सामुदायिक भवन नगरभित्र रहेता पनि नगर तथा वडास्तरमा सामुदायिक भवनको ठूलो माग रहेको छ । वालिङ बजारमा एउटा सामुदायिक पुस्तकालय निर्माणको कार्य स्थानीय संस्थामार्फत् भइरहेको भएपनि नगरको जनसंख्या अनुसार प्रति दश हजार जनसंख्यामा एउटा सामुदायिक सभाहल तथा पुस्तकालय रहनुपर्ने र सोको क्षेत्रफल ०.५ हेक्टर हुनुपर्ने शहरी विकास मन्त्रालयको योजना संहिता तथा मापदण्ड २०७२ उल्लेख भए पनि नगरको फैलावट तथा जनघनत्व विविधतालाई आधार बनाई नगर केन्द्रमा सोही मापदण्ड अनुसार एउटा पुस्तकालय तथा अन्यत्रका लागि एक वडा एक न्यूनतम नगर मापदण्ड अनुसारको पुस्तकालयको ब्यवस्थापन गर्ने लगायतका प्राथमिकतासहित आवधिक कार्यक्रम तल प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
१. नगरपालिकाको कार्यालयको न्यूनतम भौतिक पूर्वाधार तयारी, सबै वडा कार्यालयको आफ्नै भवन निर्माणको शुरुवात । आफ्नै भवनबाट सेवा सञ्चालन गर्ने वडा कार्यालयको संख्या १० पुऱ्याउने ।	१. सबै वडा कार्यालयको आफ्नै कार्यालय भवन निर्माण गरिसक्ने ।	१. नगरपालिका तथा वडा कार्यालय भवनमा सेवाग्राही प्रतिक्षालय, डिजिटल सूचना केन्द्र तथा अन्य आवश्यक पूर्वाधार व्यवस्थापन गर्ने र स्मार्ट सिटीको स्वरूप दिने गरी प्रविधि र उपकरणको व्यवस्था गर्ने।
२. वडा र नगरस्तरीय पुस्तकालयहरूको स्तरोन्नतीको सम्भाव्यता विश्लेषण गर्ने ।	२. छरिएको बस्ती क्षेत्रमा कम्तीमा एक वडा एक पुस्तकालय र सघन बस्ती क्षेत्रमा १० हजार जनसंख्यामा एक सभाहल र पुस्तकालय हुने गरी पूर्वाधार निर्माण वा उपलब्ध पूर्वाधार व्यवस्थापनको कार्य शुरु गर्ने । ३. सामुदायिक संघ संस्थासँगको साझेदारीमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको रेखदेख तथा मनोरञ्जन हुने प्रकृतिका सामुदायिक भवन क्लष्टरस्तरमा निर्माण गर्न प्रारम्भ गरी कम्तीमा दुईवटा भवन निर्माण गर्ने ।	२. पुस्तकालय भवनहरूलाई अनलाई स्रोत तथा पुस्तक सहित व्यवस्थित अध्ययन केन्द्रको स्वरूप प्रदान गर्ने ।

झ. वैकल्पिक ऊर्जा सम्बन्धी अधिकार र एक मेघावाटसम्मको साना जलविद्युत सम्बन्धी अधिकार संविधानतः स्थानीय सरकारसँग रहेको छ । विद्युत सेवा सम्बन्धी अधिकार संघ प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा रहेकोले नगरपालिकाको अधिकार क्षेत्रको निर्क्यौल हुन बाँकी छ । त्यसैले एक मेगावाटसम्मको जलविद्युत आयोजना सम्बन्धी अधिकारको उपयोगलाई कानुनी रूपमा व्यवस्थित गर्ने तथा तार, पोल वा विद्युत वितरणमा देखिएका समस्या समाधानका लागि नगरपालिकाले सम्बोधन गर्नुपर्ने जलविद्युत सम्बन्धी सेवाका सन्दर्भमा आफ्नो भूमिकामा स्पष्टता ल्याउनु आवश्यक रहेको महसुस गरी सो कार्यलाई अल्पकालीन कार्यका रूपमा समेटिएको छ । अन्य सान्दर्भिक विषयलाई आवधिक प्राथमिकतामा राखिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
१. एक मेगावाटसम्मको जलविद्युत उत्पादन गर्न चाहने फर्म वा कम्पनीलाई अनुमति दिने प्रक्रिया निर्धारण गर्ने ।	१.आवश्यकता अनुसार जलविद्युत उत्पादन अनुमति प्रक्रियामा आवश्यक परिमार्जन गर्ने ।	
२. विद्युतको पोल तथा ट्रान्सफर्मर परिवर्तन, थ्रिफेज लाइन विस्तार, विद्युत चुहावट नियन्त्रण आदि कार्यमा नगरको भूमिका सम्बन्धमा नीतिगत स्पष्टता हाँसिल गर्ने ।	२. स्मार्ट सिटी अन्तर्गत स्मार्ट विद्युतको मापदण्डमा स्पष्टतासहित जलविद्युत तथा वैकल्पिक ऊर्जा सम्बन्धी संक्षिप्त नीति तय गर्ने ।	२. स्मार्ट विद्युतको लक्ष्य प्राप्तिमा भएका प्रगतिको आवधिक समीक्षा गर्ने ।

ञ. २०७५ को तथ्याङ्क अनुसार यस नगरपालिकामा जलविद्युत सेवाको पहुँच नपुगेको परिवार नगन्य (जम्मा ७१) संख्यामा मात्र रहेको अवस्था छ । विद्युतीय मिटर जडना नगरी विद्युत उपयोग गरेका परिवार संख्या भन करिब २ प्रतिशत रहेको छ । जलविद्युत सेवा नपुगेका र मिटर जडान हुन बाँकी घरको संख्या र क्षेत्र तलको नक्सामा प्रस्तुत छ ।

नक्सा ३/५.३.४ : विद्युत सेवा नपुगेका वा मिटर जडान नभएका घरधुरी



Ward	HHs Without Meter	HHs Without Electricity
1	4	2
2	24	12
3	0	3
4	5	0
5	11	1
6	18	3
7	26	9
8	8	1
9	15	4
10	9	4
11	28	8
12	9	5
13	16	8
14	75	8

जिल्लामा रहेको जल विद्युत आयोजनाका कारण नगरले विद्युत महशुलमा पाएको छुट यहाँको सबल पक्ष हो । यस नगरपालिकामा जलविद्युत सेवाको पहुँचमा ठूलो समस्या नरहेता पनि ग्रामीण क्षेत्रमा विद्युतको थ्रिफेज लाइन विस्तार नभएकोले विद्युतीय ऊर्जामा आधारित व्यवसाय सञ्चालनमा समस्या रहेको छ । कतिपय ठाउँमा काठका पोल विस्थापन हुन बाँकी रहेको छ भने बाटो तथा बस्तीमा जाखिम हुने गरी पोल तथा तारहरू अव्यवस्थित रूपमा रहेकोले पनि समस्या भइरहेको छ । राष्ट्रिय प्रशारण लाइनबाट वितरण हुने विद्युत सेवा व्यवस्थापनमा नगरको भूमिका कम रहने भएपनि विद्युतका पूर्वाधार विकासमा ती समुदायलाई समेट्न नगरपालिका नै भूमिका खेलिरहनु परिरहेको अवस्था छ भने टान्सफर्मरमा आउने समस्या, पोलको व्यवस्थापन लगायतमा समेत नगरको सहयोगको अपेक्षा नागरिकले गरेका छन् । मुलुकभर जलविद्युत उत्पादनमा हुने वृद्धिलाई मध्यनजर गरी बत्ती बाल्ने बाहेक भान्छाको इन्धनको प्रमुख स्रोत तथा सडक बत्ती लगायतमा जलविद्युतको उपयोग बढ्ने गरी पूर्वाधार विकास तथा उत्प्रेरणात्मक गतिविधि पनि नगरको प्राथमिकता हो । यी विषयलाई दृष्टिगत गरी विद्युत क्षेत्रका आवधिक प्राथमिकता निम्नानुसार तय गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
१. विद्युत प्राधिकरणको समन्वयमा सबै काठका पोललाई सिमेन्ट वा फलामे पोलले विस्थापित गरिसक्ने । २. कम्तीमा १४ वटै वडा केन्द्र सम्म थ्रिफेज लाइन विस्तार गर्ने ।	२. विद्युत प्राधिकरणसँगको समन्वय र सहयोगमा सबै बजार क्षेत्र तथा लिफ्ट सिँचाइ आयोजना सञ्चालन हुने क्षेत्र तथा विद्युतीय ऊर्जामा आधारित उद्योग वा कलकारखाना शुरु हुन लागेका क्षेत्र सम्म थ्रिफेज लाइन विस्तार गरिसक्ने ।	

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
३. विद्युतीय जोखिम रहेका क्षेत्रमा रहेका भौतिक पूर्वाधार तथा रुख विरुवाको उचित व्यवस्थापन गरिसक्ने । ४. सडक वा बस्ती क्षेत्रमा असुरक्षित रूपमा रहेका पोल सार्न नगरका तर्फबाट समन्वयकारी भूमिका निर्वाह गर्ने ।		३. भू-उपयोग योजनामार्फत् औद्योगिक क्षेत्र अन्तर्गत पर्ने सबै क्षेत्र, ठूला व्यवसायिक कम्प्लेक्स निर्माण हुने क्षेत्र लगायतमा थ्रिफेज लाइन विस्तार गर्ने ।
	५. घरयासी ऊर्जाको प्रमुख स्रोतका रूपमा विद्युतको उपयोग हुने गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।	५. नगरमा दाउरा वा पेट्रोलियमको विकल्पका रूपमा जलविद्युतलाई भान्छाको प्रमुख ऊर्जाको रूपमा उपयोग हुने अवस्थामा पुऱ्याउने गरी सहयोगात्मक र प्रवर्द्धनात्मक गतिविधिलाई निरन्तता दिने ।
	६. आँधीखोला ड्याम निर्माण तथा त्यसबाट जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गर्ने ।	६. सम्भाव्यताका आधारमा आँधिखोलाबाट जलविद्युत उत्पादन गर्ने ।

छ. संविधानतः दूरसञ्चार सम्बन्धी अधिकार संविधान अनुसार स्थानीय तहलाई नभए पनि रेडियो सञ्चालन सम्बन्धी अधिकार संविधानले एकल अधिकारका रूपमा समेटेको छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सञ्चार सम्बन्धी नगरको क्षेत्रको भूमिका सम्बन्धमा गरेको स्पष्टताका आधारमा सञ्चार सम्बन्धी नीतिगत तथा कानुनी प्रबन्ध गर्न बाँकी रहेको छ । रेडियो सञ्चालन ताथ स्थानीय सेवा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग सम्बन्धी स्थानीय अधिकारलाई व्यवस्थित गर्न सूचना तथा सञ्चार सम्बन्धी निम्न नीतिगत कार्यतालिका बनाएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
१. स्थानीय एफ. एम. रेडियो (१०० वाटसम्मको) तथा सञ्चार माध्यम सञ्चालन, इन्टरनेट सेवा व्यवस्थापन लगायत सूचना तथा सञ्चार सम्बन्धी स्थानीय कानुन तर्जुमा गर्ने ।	१. नगरलाई सूचना प्रविधिमैत्री नगर निर्माणका लागि नगर, निजी क्षेत्र तथा सञ्चार क्षेत्रको पक्षको भूमिका स्पष्ट गर्ने गरी वार्षिक नीति तथा कार्यक्रममा यो विषय समावेश गर्ने ।	
		२. स्मार्ट सिटीको अवधारणा अन्तर्गत स्मार्ट टेलिकम्युनिकेशनको अवधारणालाई स्थानीय सञ्चार नीतिको अंग बनाउने ।

ज. वालिङ नगरपालिकामा २ वटा एफ.एम. रेडियो, ६ वटा पत्रपत्रिका १ टेलिभिजन एवं अनलाइन सञ्चार माध्यमबाट सूचना तथा सञ्चार सेवा उपलब्ध भई रहेको छ । इन्टरनेट सेवा विस्तारको क्रममा रहेको छ भने टेलिफोन सेवाको पहुँच सामान्य रहेको छ। टेलिफोन नेटवर्क राम्रो नहुने समस्या वडा नं. ८, ९, १० र १३ बाहेक अधिकांश वडाका राजमार्ग बाहिरका बस्तीमा अनुभव गरिएकोले ती क्षेत्रमा नेटवर्क विस्तारको आवश्यकता छ। यसका लागि टेलिकम लगायत सेवा प्रदायकसँग समन्वय गर्नुपर्ने आवश्यकता छ। ल्याण्डलाइन फोन सेवा वडा नं. १, ५, ६, ८, ९ र १० मा उपलब्ध भए पनि अन्यत्र एकाध लाइन बाहेक पुगेको छैन । करिब १२ प्रतिशत परिवारले मात्र मोबाइल डाटा बाहेकको इन्टरनेट सेवा उपयोग गरेका छन् । मोबाइल फोनको प्रयोग परिवारमा एक भन्दा बढीले गरिरहेको भए पनि २०७५ को तथ्याङ्क अनुसार करिब ५.५ प्रतिशत परिवारले मोबाइल फोन प्रयोग नगरेको देखिन्छ । जसलाई तलको नक्सामा प्रस्तुत गरिएको छ ।

नक्सा ४/५.३.४ : मोबाइल फोन नभएका परिवार



Ward	HHs Without Mobile Phone
1	24
2	42
3	90
4	25
5	20
6	48
7	40
8	38
9	25
10	32
11	60
12	23
13	39
14	86

यसलाई दृष्टिगत गरी नगरलाई सूचना प्रविधिमैत्री र सबै सेवालाई सूचना प्रविधिमा आधारित बनाई स्मार्ट नगर बनाउन, दूरसञ्चार सेवालाई नगर मापदण्ड अनुकल बनाउन सूचना र सञ्चारको सेवालाई थप पहुँचयोग्य बनाउन संघीय सरकारको क्षेत्राधिकारमा असर नपर्ने गरी यो क्षेत्रको प्राथमिकता निम्नानुसार तय गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
१. नेपाल टेलिकम तथा अन्य सेवा प्रदायकसँगको समन्वयमा टेलिफोनको नेटवर्क राम्रो नभएको क्षेत्रमा टावरहरू थप गर्न वा हालका टावरको क्षमता वृद्धिका लागि संस्थागत समन्वय गर्ने ।	१. टेलिकम र निजी क्षेत्रसँगको समन्वयमा सबै टोलसम्म वाइफाईको पहुँच सुनिश्चित गर्ने ।	
२. स्थानीय सञ्चार माध्यममा नगर सुशासन प्रवर्द्धन, स्मार्ट सिटी आवधारणाको प्रचार प्रसार तथा लोक कल्याणकारी सन्देश प्रवाहका लागि आवश्यक सहयोग र साझेदारी गर्ने ।	२. स्थानीय सञ्चार माध्यमसँगको समन्वय र साझेदारीलाई निरन्तरता दिने ।	
	३. निजी क्षेत्रसँगको समन्वयमा नगरबाट उपलब्ध हुने सेवा तथा राजस्व भुक्तानी समुदाय वा घरबाटै हुन सक्ने गरी इन्टरनेट सेवा विस्तार गर्ने ।	३. नगरका सबै परिवारमा सशुल्क इन्टरनेट सेवा जडा हुन सक्ने वातावरण बनाई घरबाटै राजस्व भुक्तानी, नाता प्रमाणित, विभिन्न सिफारिस जस्ता सेवा प्राप्त गर्न सक्ने अवस्थामा पुऱ्याउने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
	४. नगरको महत्वपूर्ण पार्क तथा सशुल्क प्रवेश स्थल वा पर्यटकीय क्षेत्रमा निःशुल्क इन्टरनेट सेवा व्यवस्थापन गर्ने ।	

ठ. नगरले उपभोक्ता समितिमार्फत् हुने सार्वजनिक निर्माणका सबै कार्य सम्पन्न भएपछि सार्वजनिक परीक्षण अन्तिम भुक्तानी लिनु अघि अनिवार्य गर्ने पद्धति अवलम्बन गरी रहेको छ । साथै, सबै किसिमका आयोजनाका लागि स्थानीय अनुगमन समिति रहने व्यवस्था पनि गरेको छ । योजना तर्जुमा प्रक्रियामा विभिन्न चरणमा टोलस्तरीय भेला गर्ने पद्धतिलाई निरन्तरता दिइएको र टोल विकास संस्थाको सकृय सहभागिता रहने गरेको छ । तथापि यी सबै गतिविधि व्यवस्थापनका लागि स्थानीय कानुन निर्माण गर्न बाँकी रहेको छ ।

सार्वजनिक निर्माणका कार्य गर्दा त्यसको वातावरणीय प्रभाव विश्लेषण अपरिहार्य हुने भएपनि सबै आयोजनाको वैज्ञानिक तवरले वातावरणीय प्रभाव मुल्यांकन गर्नु लागत र समयका आधारमा व्यवहारिक नहुने हुनाले आयोजनाको लागत र प्रकृति र दायराअनुसार वातावरणीय प्रभाव मुल्यांकनको सरल विधि तय गर्नुपर्ने आवश्यकता पनि महसुस गरिएको छ ।

यस पृष्ठभूमिमा स्थानीय पूर्वाधार व्यवस्थापनमा सुधारका लागि निम्न नीतिगत कार्यसूचीको प्राथमिकीकरण गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
१. उपभोक्ता समिति वा निर्माण व्यवसायीबाट निर्माण हुने सबै किसिमका कार्यक्रम कार्यान्वयन, अनुगमन र निगरानीमा नागरिक सहभागिता र समावेशीकरण सुनिश्चित गर्ने गरी विकास योजना सञ्चालन, व्यवस्थापन तथा अनुगमन कार्यविधि वा ऐन बनाउने ।	१. स्थानीय पूर्वाधार व्यवस्थापन तथा नागरिक सहभागिता प्रवर्द्धन सम्बन्धी कानुन कार्यान्वयनको समीक्षा र आवश्यक परिमार्जन ।	१. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र निगरानीमा जनसहभागिताको पद्धतिलाई थप प्रभावकारी बनाउन आवश्यक कानुनी प्रबन्ध गर्ने ।
२. सबै खाले पूर्वाधार आयोजनाको मर्मत सम्भार कार्यविधि बनाई खानेपानी तथा सिँचाइका आयोजना मर्मत सम्भारको जिम्मेवारी समुदायमा हस्तान्तरण गर्ने र नगरको भूमिका सीमित बनाउने ।	२. खानेपानी तथा सिँचाइ बाहेकका पूर्वाधार मर्मत सम्भार तथा व्यवस्थापनको जिम्मेवारी नगर र वडामा विभाजन गर्ने ।	
	३. स्थानीय पूर्वाधार विकास आयोजनाको सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्यांकनको दिग्दर्शन तयार गरी लागु गर्ने ।	

ड. यस नगरपालिकामा आ.व. २०७५/७६ नगरपालिकामा ३ जना इञ्जिनियर र २ जना सब-इञ्जिनियरसहितको प्राविधिक कर्मचारीको उपलब्धता भएकोले उपभोक्ता समिति र अन्य तवरबाट निर्माण हुने खानेपानी तथा सिँचाइको पूवार्धार निर्माणको प्राविधिक सुपरिवेक्षण र अनुगमनका लागि न्यूनतम जनशक्तिको व्यवस्था भएको भए पनि सीमित स्रोत सधनबाट स-साना तर धेरै निर्माणका कार्यक्रम अनुगन, सुपरिवेक्षण र निगरानीमा समस्या हुने गरेको छ भने क्षेत्रगत विशिष्ठताको अभाव पनि रहेको छ ।

खानेपानी तथा सरसफाईका कार्यमा समन्वय र सबैका कामका बिचमा सामञ्जस्यता ल्याउन नगर र वडामा खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति रहेको र सबै उपभोक्ता समितिबिचमा समन्वयको भूमिका निर्वाह समेत सो समितिबाट अपेक्षित रहेकोले समितिलाई पनि प्राविधिक सहयोगको आवश्यकता रहेको छ ।

यस पृष्ठभूमिका सार्वजनिक निर्माणका सन्दर्भमा संगठन तथा संस्थागत विकासको प्राथमिकता निम्नानुसार तय गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ५ वर्ष)	दीर्घकालीन (५ देखि २० वर्ष)
१. संघ र प्रदेश सरकारसँगको समन्वयन र सहयोगमा प्राविधिक शाखामा निर्धारित संगठन संरचना अनुसार रिक्त प्राविधिक पदपूर्ति गरी भवन र यातायात बाहेक खानेपानी, सिँचाइ तथा सरसफाईका पूर्वाधारजन्य कार्यको प्राविधिक नेतृत्व गर्ने स्रोतव्यक्ति तोक्ने । २. नगरको प्राविधिक शाखा र फोहोरमैला व्यवस्थापन शाखाको प्रशासनिक र समन्वयात्मक सहयोग रहने गरी जिम्मेवारी थप परिभाषित गर्ने । ३. नगर र वडास्तरको खानेपानी, सरसफाई र स्वच्छता समन्वय समितिलाई क्रियाशील गराउन वार्षिक अनुशिक्षण सञ्चालन गर्ने । ३.१. खानेपानी तथा सरसफाई क्षेत्रको जिम्मेवारी लिएका कर्मचारी, समन्वय समिति तथा सामाजिक विकास समितिका बिचमा समन्वय बैठक गर्ने । ४. खानेपानी, सरसफाई र स्वच्छताका नगर र अन्य मापदण्ड तथा भूमिका सम्बन्धमा प्राविधिक र प्रशासनिक कर्मचारी तथा नगरस्तरीय समन्वय समितिलाई तालिम दिने । ५. नगरको समग्र मानव संशाधन विश्लेषण पद्धति विकास गरी यो क्षेत्रको जनशक्तिको संख्या तथा क्षमता विकासका वार्षिक कार्यक्रम निर्धारण गर्ने ।		१.खानेपानी, सरसफाई र स्वच्छता शाखा तथा सम्बन्धित एकाईलाई शहरी विकास विभाग (वा महाशाखा) को अंगको रूपमा विकास गर्ने । ५. क्षमता विकास र कार्यसम्पादन मुल्यांकन तथा उत्प्रेरणा प्रणालीलाई सुधारसहित संस्थागत गर्ने । ६. वडास्तरमा खानेपानी तथा सरसफाई लगायात पूर्वाधारको सुपरिवेक्षण गर्ने कम्तीमा १ जना प्राविधिक र १ प्रशासनिक कर्मचारीको व्यवस्थापन गर्ने र नगरका शाखा र एकाईलाई ठूला आयोजनाको अनुगमन र सुपरिवेक्षणको भूमिकामा केन्द्रित गर्दै लैजाने ।

तालिका २/५.३.४ : सार्वजनिक निर्माण क्षेत्रको परिमाणात्मक लक्ष्य

विषय	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
धारा पाइपको पहुँच पुगेको परिवार (प्रतिशत)	८९.४७	९२	९५	१००
घरधुरीमा धारा जडान भएको परिवार (प्रतिशत)	२९.०३	३५	४५	८०
व्यवस्थित सेप्टिक ट्यांकसहितको शौचालय भएको परिवार संख्या (प्रतिशत)	६५.०७	७०	८०	१००
व्यवस्थित सार्वजनिक ढलको पहुँचमा रहेका परिवार (प्रतिशत)			१०	४५
सार्वजनिक ढल वा दिसाजन्य लेदो व्यवस्थापन सेवामा आवद्ध परिवारको समग्र हिस्सा (प्रतिशत)		२०	४०	९५
सार्वजनिक शौचालय संख्या	३	५	७	१५
स्रोतमा फोहोर छुट्याई ठोस फोहोर व्यवस्थापन सेवाको पहुँचमा रहेका परिवार (प्रतिशत)			४०	८०
नगर मापदण्ड अनुसार सुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसंख्या (प्रतिशत)				८०
सार्वजनिक पुस्तकालयको पहुँचमा भएको जनसंख्या (प्रतिशत)				५०
फोहोर मैला संकलन तथा व्यवस्थापन केन्द्र संख्या (प्रतिशत)	१	१	२	२

५.४. वन, वातावरण र विपद् व्यवस्थापन

यो खण्डमा वालिङ नगरपालिकाको प्राकृतिक स्रोत, वातावरण, विपद् तथा आपत्कालीन व्यवस्थापन नीति तथा प्राथमिकता समेटिएको छ । वन लगायत स्थानीय प्राकृतिक स्रोतको उपलब्धता र उपयोग एवं नगरको शान्ति सुरक्षा लगायत सबै किसिमका प्रकोप, विपद् तथा आपत्कालीन प्रतिकार्यमा नगरको भूमिका सम्बन्धी विषय पनि यो क्षेत्रमा समेटिएको छ ।

५.४.१. प्राकृतिक स्रोत र वातावरण

क. प्राकृतिक स्रोत

१. परिचय

वालिङ नगरपालिका प्राकृतिक र साँस्कृतिक विविधताले भरिपूर्ण पहाडी क्षेत्र हो । यस नगरपालिका भएर एक दर्जनभन्दा बढी नदी तथा खोलाहरू बग्ने गर्दछन् । आँधीखोला, अर्मादी खोला, धौखोला, बाँया खोला आदि यहाँका प्रमुख खोलाहरू हुन् । नगरमा उपलब्ध हुने कच्चा पदार्थमा चुनढुंगा, गिट्टी, ढुंगा, बालुवा आदि रहेका छन् भने कोइला पनि यहाँ प्रशस्त मात्रामा पाइन्छ । साथै नगरमा घर छाउने ढुङगा, कोसे ढुङ्गा, तामाखानी, चुनढुङ्गा, फलामखानी, कोइलाखानी इत्यादिको पनि सम्भावना रहेको छ । वालिङ नगरपालिका वन, वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न नगरपालिकाको श्रेणीमा पर्दछ। यस नगरपालिकामा उष्ण (Tropical) देखि समशितोष्ण (Temperate Climate) मा हुने वन्यजन्तु तथा वनस्पतिहरू पाइएका छन् । यसैगरी घिस्रने जन्तुहरू, विभिन्न प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीह रू समेत पाइन्छन्।

यस नगरपालिकामा ८६ सामुदायिक वनहरूलाई वन उपभोक्ता समूहमा हस्तान्तण गरिएको छ । यसका साथै नगरमा २.५ हेक्टरमा फैलिएको बैडाथाम कबुतलियती वन पनि रहेको छ भने केही निजी वनहरू समेत रहेका छन् । यस नगरपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा रिट्ठा, टिमुर, सतावरी, बोझो, कुरिलो, दालचिनी, पावन, तेजपात, गुँरास, चिउरी, हर्रो, बर्रो, सजीवन, चिराँइतो लहरेगुर्जो, सुगन्धवाल, चुत्रो, अमला, रुदिलो, तितेपाती आदि रहेका छन् । यी जडिबुटीहरू सङ्कलन तथा बिक्री हुने पर्याप्त सम्भावना छ।

मानव बस्तीको क्रमिक विकास, अव्यवस्थित चरीचरन एवं उपयोग, नदीनाला छेउछाउ अव्यवस्थित बसोबास र त्यहाँबाट निस्किएका फोहोरहरूले गर्दा प्राकृतिक जलक्षेत्रहरू सुक्ने एवं विनाश हुने क्रममा रहेको छ । एकातिर वनको चुरे महाभारत क्षेत्र नजिक बस्ने बासिन्दाहरूबाट वन संरक्षणको प्रयास भइरहेको छ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका बासिन्दाहरूका लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ । यहाँको हावापानीले जीवजन्तु र वनस्पतिहरूलाई संरक्षित गर्न सकिने बासस्थान उपलब्ध गराएको भएता पनि यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको समस्याबाट मुक्त छैन ।

२. मुख्य अवसर र चुनौती

नगरमा रहेको पानीको खोलानाला लगायतका पानीका स्रोत एवं वनजंगल तथा अन्य प्रकृतिक सम्पदा संरक्षण गरी पर्यटकीय आकर्षकको केन्द्रको रूपमा विकसित गर्दै लाने अवसर छ । जैविक विविधता र स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, साँस्कृतिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण ठानिएका विभिन्न स्थानहरूको संरक्षणलाई समान महत्वका साथ अघि बढाएर धार्मिक तथा साँस्कृतिक पर्यटनका साथै पर्या पर्यटन प्रवर्द्धन गर्ने अवसर छ । नगरपालिकाको प्राकृतिक सौन्दर्यता, नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने हिमश्रृंखलाहरूको रमणीयतामा आन्तरिक तथा बाह्य

पर्यटकहरूको आकर्षण गर्न सकिन्छ । नगरमा रहेको सम्भावना पहिल्याएर विभिन्न प्राकृतिक स्रोतको प्रशोधन गरी उद्योगको विकास तथा अर्थतन्त्र बलियो बनाउने अवसर पनि भने प्राकृतिक स्रोतहरूको दीगो व्यवस्थापनमार्फत् आय र रोजगारी वृद्धि गरी नगरको समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने अवसर नगरलाई छ ।

कृषि लगायत स्वरोजगारीका अवसरमा वन्यजन्तुको अवरोध रोक्ने तथा वन तथा वन्यजन्तु संरक्षण गर्ने दुबै महत्वपूर्ण दायित्वलाई पूरा गर्ने चुनौती नगरलाई छ । पूर्वाधार विकासका क्रममा स्थानीय स्रोत र सम्पदाको संरक्षण सुनिश्चितता गर्ने, अतिक्रमण, कटानी, चोरी निकासी, चरिचरन, आगलागी जस्ता कारणले हुने वन विनाशका साथै वनजन्य स्रोत संरक्षण रोक्ने तथा प्राकृतिक स्रोतको उपयोग र उत्खननलाई व्यवस्थित जलवायु परिवर्तन अनुकुलनको अभ्यासलाई पनि संस्थागत गर्ने चुनौती नगरलाई छ ।

३. लक्ष्य

प्राकृतिक स्रोत संरक्षण र व्यस्थापनमार्फत् स्थानीय विकास र समृद्धि हाँसिल गर्नमा टेवा प्रदान गर्ने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य १: वन क्षेत्रको पूर्ण क्षमताको उपयोग हुने गरी सहभागितामूलक व्यवस्थापन र प्रकृतिमा आधारित पर्यटनको विकास एवं वस्तु र सेवाको विस्तार र विविधिकरण गर्नु ।

नीति क. वन कार्यालयसँगको सहमति एवं समन्वयमा वनहरूमा काष्ठ तथा गैरकाष्ठ वन पैदावरको उत्पादन वृद्धि हुने गरी नगरमा रहेका वनहरूको व्यवस्थापन योजनाहरूलाई परिमार्जित गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

नीति ख. नगरमा रहेका वनहरूलाई प्रकृतिमा आधारित पर्यटकीय गन्तव्य बनाउँदै पर्यटकहरूलाई आकर्षित गरिने छ ।

नीति ग. व्यवसायीकरण हुन सक्ने जडिबुटी एवं गैरकाष्ठ वन पैदावारहरूको सम्भाव्यता अध्ययन गरी पकेट क्षेत्र निर्धारण, जडिबुटी खेती प्रविधिको विकास र विस्तार एवं जडिबुटी प्रशोधन केन्द्रको स्थापना गरिनेछ ।

नीति घ. गैरकाष्ठ वनपैदावर एवं जडिबुटीमा आधारित मझौला वा ठूला उद्योगको स्थापना गरी नगरमा गैरकाष्ठ वन पैदावरको स्वदेशी उत्पादन र आपूर्ति बढाई आयातलाई प्रतिस्थापन गरिनेछ ।

नीति ङ. वन क्षेत्रमा सामुदायिक वन लगायत वन व्यवस्थापन पद्धतिमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिलाई विशेष प्राथमिकतामा राखिने छ । प्राकृतिक स्रोतबाट प्राप्त लाभको न्यायोचित वितरणको सुनिश्चिता गरिने छ ।

नीति च. नगरमा प्रशस्त पाइने विभिन्न प्रजातिका बाँसहरूलाई विभिन्न औद्योगिक कच्चा पदार्थ तथा घरायसी सामान बनाउने उद्योग स्थापना गर्न निजी क्षेत्रसँग समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

उद्देश्य २: वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको एकीकृत रूपमा संरक्षण र व्यवस्थापन गर्नु ।

नीति क. वन, चरनक्षेत्र र जैविक विविधता संरक्षणलाई समेत सम्बोधन हुने गरी दीगो व्यवस्थापन योजना निर्माण र रैथाने तथा संकटासन्न अवस्थामा रहेका प्रजातिको संरक्षण कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।

नीति ख. वन्यजन्तु र तिनको बासस्थान तथा दुर्लभ वनस्पतिको संरक्षण र व्यवस्थापनका लागि जैविक स्रोत संरक्षण अभियानलाई प्राथमिकतामा राखिने छ ।

नीति ग. वन नर्सरीहरू स्थापना गरिने छ ।

नीति घ. नगरमा रहेका जंगलहरूको दीगो व्यवस्थापनलाई प्रवर्द्धन गरिने साथै वन फडानी नियन्त्रित गरिने र क्षतिग्रस्त जंगलहरूको पुनर्स्थापना एवं वनक्षेत्र वृद्धि गरिने छ ।

नीति ङ. वनमा संलग्न समूह लगायत अन्य नगरवासीको समेत वनजंगल एवं जैविक विविधता संरक्षण सम्बन्धी चेतनास्तर बढाउँदै आवश्यक तालिम, शिक्षा, सेमिनारहरूको आयोजना गरिने छ ।

नीति च. कुनै निश्चित क्षेत्र विशेषमा धार्मिक र पर्यावरणीय रूपमा महत्वपूर्ण मानिएका वर, पिपल, र स्वामी जस्ता रुखहरू मात्र भएका वन क्षेत्रको निर्माण गरिने छ ।

नीति छ. केही आवश्यक सामुदायिक वनहरूलाई Agro Forest को रूपमा विकास गरिनेछ ।

उद्देश्य ३: वैकल्पिक/नवीकरणीय ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको महत्वपूर्ण अंशको रूपमा विकास र बहुउपयोग प्रवर्द्धन गर्नु ।

नीति क. लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, जैविक ऊर्जा जस्ता वैकल्पिक ऊर्जाको उपयोग, विकास एवं विस्तार गरिनुका साथै उत्पादित ऊर्जाको उपयोग बढाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

नीति ख. सौर्य ऊर्जाको सम्भाव्यता अध्ययन गरी स्थलगत तथ्याङ्क संकलन गरी सौर्य ऊर्जा प्रणालीको विकास गरिने छ ।

नीति ग. वैकल्पिक ऊर्जाको उपयोगलाई ग्रामीण महिला एवं बालबालिकाहरूको स्वास्थ्यमा सुधारको आधारका रूपमा लिइने छ ।

नीति घ. कृषि तथा पशुपालन र उद्योगहरूसँग सहकार्यमा सो क्षेत्रबाट उत्पादित जैविक पदार्थ/फोहोरको प्रयोग गरी बायोग्याँस उत्पादन गरिनुका साथै बायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गरिने छ ।

उद्देश्य ४: नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन गर्नु ।

नीति क. नदी प्रणालीको विभिन्न तहको समन्वयमा एकीकृत जलाधार व्यवस्थापन नीति तथा योजना तयार गरी कार्यान्वयन गरिने छ ।

नीति ख. नदीजन्य पदार्थहरू जस्तैः ढुंगा, गिट्टी, बालुवाको उपलब्धता लेखाजोखा गरी गरी निर्दिष्ट क्षेत्रहरूबाट त्यस्ता वस्तुहरूको उत्खनन्, संकलन, प्रशोधन, ओसारपसार र बिक्री वितरणलाई व्यवस्थित र प्रभावकारी बनाइने छ ।

नीति ग. नदीजन्य पदार्थहरू जस्तैः ढुंगा, गिट्टी, बालुवा उत्खनन् प्रक्रियालाई अनिवार्य रूपमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारको परिणाममा गर्नका लागि प्रतिवेदन प्रमाणीकरण प्रक्रियालाई पारदर्शी बनाउनुका साथै नियमित अनुगमन गरिनेछ ।

उद्देश्य ५: खानी तथा खनिज पदार्थ उद्योगको लागत प्रभावी र तुलनात्मक लाभका आधारमा विकास गर्ने ।

नीति क. खनिज पदार्थको उत्खनन, प्रशोधन र प्रयोग गर्न आवश्यक कानुन एवं कार्यविधिहरूको विकास गरिने छ ।

नीति ख. सम्बन्धित विश्वविद्यालयका विज्ञ एवं अनुसन्धानकर्ता एवं निजी क्षेत्रहरूसँग समन्वय गरी नगरमा रहेका खनिज पदार्थहरूको अन्वेषण एवं प्रशोधन सम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ ।

नीति ग. नगरको आय एवं समुदायको सामाजिक आर्थिक कल्याणको लागि उपयुक्त र दीगो योगदान पुग्ने गरीनगरमा अवस्थित खनिजजन्य पदार्थहरूमा आधारित उद्योगहरूको विकास गरिने छ ।

नीति घ. खनिजजन्य पदार्थहरूको दीगो उत्खनन गरी उद्योगहरू सञ्चालनमा लगानी गर्न निजी क्षेत्रलाई प्रेरित गरिनेछ ।

ख. वातावरण

१. परिचय

बढ्दो जनसंख्या, अव्यवस्थित शहरीकरण, परिवर्तित शहरी जीवनयापन, प्रविधि विकाससँगै आधुनिक उपकरणहरू प्रयोग, पूर्वाधार विकास र वातावरण बिचको असन्तुलन, एकीकृत र योजनावद्ध विकासको अभाव, मापदण्ड एवं नीति निर्देशन एवं वातावरण सम्बन्धी जनचेतनाको अभावका कारण वालिङ नगरपालिकामा वातावरणीय प्रदुषणको समस्या रहेको छ । फोहोरमैलाको व्यवस्थापनमा रहेका केही समस्या, ढलनिकासको उचित प्रबन्ध हुन नसक्नु तथा वायु, ध्वनी प्रदुषण जस्ता समस्याहरू नगरका प्रमुख वातावरणीय समस्याका रूपमा रहेका छन् ।

नगरपालिकामा रहेका कुल घरपरिवारहरू मध्ये २,९७२ अर्थात् २५.२६ प्रतिशत घरपरिवारमा घरबाटै नगरले फोहोर संकलन गर्ने गरेको, ३००५ अर्थात् २६.४४ घरपरिवारहरूले आफ्नै घरको कम्पाउण्डभित्र बाल्ने गरेको, २,३९५ अर्थात् २१.०७ प्रतिशतले घरको कम्पाउण्डभित्र गाड्ने/थुपार्ने, १,२२२ अर्थात् १०.७५ प्रतिशतले नदी वा खोल्सामा फाल्ने, ५३१ अर्थात् ४.६७ प्रतिशतले फोहोर थुपार्ने ठाउँमा/क्यानमा, १,२९२ अर्थात् ११.६७ प्रतिशतको कम्पोष्ट मल बनाउने गरेको, ३९ अर्थात् ०.३४ प्रतिशतले सडक/सार्वजनिक स्थलमा फ्याल्ने गरेको घरधुरी सर्वेक्षण २०७५ को क्रममा पाइयो । नगरका सबै क्षेत्रमा फोहोरमैलाको उचित व्यवस्थापनका हुन नसक्दा स्थानीयले फोहोर नदी खोलामा फाल्ने र जलाउने गरेका छन् । यसका साथै नगरपालिकामा व्यवस्थित ढल निकासको प्रबन्ध हुन बाँकी रहेको छ । नगर क्षेत्रमा तीनवटा सार्वजनिक शौचालयहरू रहेका छन् । नगरपालिकामा आवश्यक आधारभूत सार्वजनिक भौतिक पूर्वाधारको विद्यमान अवस्थालाई हेर्दा ढलजस्तो सामुदायिक सरसफाई, स्वास्थ्य तथा व्यक्तिगत र पारिवारिक स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषय व्यवस्थापनको स्थिति कमजोर छ । पुराना सवारी साधन, सडकबाट निस्कने धुलोका कारणले वायु प्रदुषण पनि बढ्दै गइरहेको छ ।

२. मुख्य अवसर र चुनौती

वातावरण संरक्षण र प्रवर्द्धनमा स्थानीय समुदाय तथा सामुदायिक संघसंस्थासँग साझेदारी व्यवस्थित गर्ने अवसर नगरलाई छ । संविधानले दिएको प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको प्रत्याभूतिलाई यो क्षेत्रको कार्य व्यवस्थित गर्ने अवसरका रूपमा लिई संघ तथा प्रदेश सरकारबाट सहयोग प्राप्त गर्ने अवसर छ । जैविक उत्पादन र सामुदायिक वनको उपलब्धतालाई वायु प्रदुषण नियन्त्रित राखिराख्ने र जलवायु परिवर्तनसँग जुध्ने माध्यम वा अवसर हो भने वायु प्रदुषण र ध्वनी प्रदुषणका समस्याबारेमा रहेको नागरिक सचेतनालाई वातावरण संरक्षणमा हरेक नगरवासीको योगदान बढाउने अवसरका रूपमा लिइएको छ ।

संघीय तथा प्रादेशिक सरकारको अधिकार क्षेत्र प्रतिकुल नहुने गरी नगरको जिम्मेवारी अनुरूप वालिङ नगरपालिकाको वातावरण संरक्षण र प्रवर्द्धन गर्ने चुनौती नगरलाई छ । नगरलाई औद्योगिकीरणको दिशामा लैजाने आवश्यकता, विकाससँगै सवारीसाधनहरूको उपयोगका कारण बढ्न सक्ने ध्वनी र वायु प्रदुषण नियन्त्रण गर्ने जीविकोपार्जनको रक्षा र हरित क्षेत्रको संरक्षण तथा पर्या प्रणाली (इको सिस्टम) रक्षाका बिचमा सन्तुलन कायम गर्ने जस्ता चुनौती पनि नगरलाई छ ।

३. लक्ष्य

नगरलाई प्रदुषण रहित, स्वच्छ र हरित नगर बनाउने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य १: प्रदुषणरहित स्वस्थ जल सम्पदाहरू जगेर्ना र दीगो व्यवस्थापन गर्नु ।

नीति क. पानी गुणस्तर र फोहोर पानी बिसर्जनका लागि आवश्यक मापदण्ड, निर्देशिका निर्माण गरिनेछ ।

नीति ख. नगरमा रहेका उद्योग एवं अन्य व्यवसायबाट निष्कासन हुने फोहोर पानी जलस्रोतमा मिसाउने कार्यलाई निरुत्साहित गर्न आवश्यक दण्ड सजायसहितको कानुनी व्यवस्था गरिनेछ ।

नीति ग. नगरमा रहेका नदी, खोला, जलाधार, पोखरीहरूको भौगर्भिक सूचना प्रणाली GIS को माध्यमद्वारा नक्साकंन तयार गरिने छ ।

नीति घ. जलाधार संरक्षण र सम्बर्द्धन गर्न सार्वजनिक र निजी जग्गामा जल पुनर्भरण Water recharge का विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

नीति ङ. जलस्रोत विकास र व्यवस्थापन एकीकृत जलस्रोत व्यवस्थापन Integrated water resource management को आधारमा गरिने छ ।

नीति च. जलसम्पदाहरूको दीगो संरक्षणमा समुदायको सहभागितालाई बढावा दिइने छ । यसका लागि संस्थागत क्षमता र समन्वय वृद्धि गरिने छ ।

नीति छ. जलस्रोतको संरक्षण र सम्बर्द्धन गर्नका लागि आवश्यक प्रवर्द्धनात्मक र जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

उद्देश्य २: : ध्वनी, माटो र वायु प्रदुषणको स्तर सम्बन्धी स्थानीय मापदण्ड तयार गरी सबै प्रकारका प्रदुषणको रोकथाम र नियन्त्रण गर्नु ।

नीति क. जमिन, ध्वनी, वायु प्रदुषण रोकथाम सम्बन्धी अन्तर्राष्ट्रिय एवं राष्ट्रिय मापदण्ड अनुकुल कार्यविधि एवं निर्देशिकाहरू तयार गरी कार्यान्वयनका साथै सोको नियमित अनुगमन पनि गरिने छ ।

नीति ख. बजार, औद्योगिक क्षेत्र र जोखिममा रहेका क्षेत्रहरूको वायु गुणस्तरको एकीकृत नक्सांकन (Air Quality Mapping), वायु प्रदुषण यकिन र पूर्वानुमान (Air Pollution Prediction and ForecasT) गरी उत्सर्जनका गतिविधिमा नियन्त्रण गरिने छ ।

नीति ग. नगर क्षेत्रमा बन्ने औद्योगिक क्षेत्रहरूमा प्रदुषण नियन्त्रण प्रणाली स्थापना गरिने छ ।

नीति घ. उद्योग एवं अन्य व्यवसायहरूबाट निष्कासन हुने धुवाँ धुलो, दुषित र फोहोर पानीको सुरक्षित व्यवस्थापनका लागि वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने छ ।

नीति ङ. उद्योगहरू स्थापनाका लागि औद्योगिक क्षेत्रबाट कुनै पनि वातावरणीय प्रदुषण नगर्ने प्रतिवेदनका साथ प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरिनेछ ।

नीति च. कृषिफर्म, उद्योग र अन्य व्यवसायहरूमा प्रयोग गरिने विषादी एवं उक्त स्थानहरूबाट निष्कासन हुने रसायन, ग्याँसहरू निरुत्साहित गर्न उपयुक्त विकल्पको खोजी गरिने छ ।

नीति छ. ध्वनी प्रदुषण हुने गरी अत्याधिक पुराना सवारी साधनहरू चलाउन प्रतिबन्धका साथै यसरी चलाएमा ऐन बमोजिम दण्ड जरिवाना समेतको व्यवस्था गरिने छ ।

नीति ज. विषादी प्रयोग न्यूनिकरणका लागि विषादी परीक्षण प्रयोगशाला निर्माण गरिनेछ र प्राङ्गारिक खेती गर्ने किसानलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ ।

नीति झ. माटो, जमिन, पानी, ध्वनी, वायु प्रदुषण मापन, परीक्षण एवं अध्ययन अनुसन्धानका लागि नगरमा वातावरण प्रयोगशाला निर्माण गरिने छ ।

नीति ञ. वातावरणीय प्रदुषण नियन्त्रणका लागि नगरमा स्थानीय लगायत, उद्योग व्यवसायी, कृषक लगायत अन्य सरोकारवालाहरूलाई जनचेतना जगाउने कार्यक्रम सञ्चालन गरिने छ ।

नीति ट. प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सम्बन्धी सचेत गराउनुका साथै र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन नगरका तर्फबाट पहल गरिने छ ।

नीति ठ. हानीकारक ग्याँस उत्सर्जनको स्तर कम गर्न उत्सर्जनको नियमित निगरानी र नियन्त्रणका उपायहरू अपनाइने छ ।

उद्देश्य ३: नगरमा वर्षात्को पानी एवं दिसाजन्य लेदो व्यवस्थापनका लागि एक विस्तृत ढल निकास प्रणाली स्थापना गर्नु ।

नीति क. सेप्टिक ट्याङ्क घरघरमा स्थापना गर्न उपयुक्त मापदण्ड बनाई शौचालय निर्माणलाई घर निर्माणको अनुमति प्रक्रियामा अन्तरनिहीत गरिने छ ।

नीति ख. वर्षात्को पानी व्यवस्थापनका लागि बस्तीहरूमा नाला निकास प्रणालीको विस्तार गरिने छ र बस्तीबाट अप्रशोधित ढल खुल्ला निष्कासन गर्ने कार्यलाई निरुत्साहित गरिने छ ।

नीति ग. सेप्टिक ट्याङ्क एवं सोबाट निष्कासन हुने फोहोर पानीको उचित व्यवस्था गर्न पूर्वाधारसहितको वातावरणमैत्री प्रविधि अपनाइने छ ।

नीति घ. ढल प्रणालीको नियमित मर्मत तथा सञ्चालन खर्च स्थानीय तह एवं लाभग्राही समूहको लागत सहभागितामा व्यवस्था गरिने छ ।

उद्देश्य ४: सबै नगरवासीलाई आधारभूत स्तरको सरसफाई सेवामा पहुँच तथा मानव मलमुत्र र फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरण स्वच्छता कायम गर्नु ।

नीति क. पानी तथा सरसफाईसँग सम्बन्धित नीति नियम, मापदण्ड निर्देशिका तर्जुमा तथा समयानुकुल परिमार्जन गरिने छ ।

नीति ग. सरसफाई लगायत पानीको भण्डारण तथा शुद्धिकरण सम्बन्धी चेतना अभिवृद्धि एवं तालिमहरू सञ्चालनका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय, सामुदायिक एवं अन्य सरोकारवालाहरूसँग समन्वय गरिने छ ।

नीति घ. स्थानीयको सरसफाई अभियान, वृक्षारोपण र पोखरी संरक्षण गतिविधिहरूमा सक्रिय सहभागितालाई प्रोत्साहन गरिने छ ।

नीति ङ. फोहोर पानी संकलन गर्ने प्रणालीको निर्माण र प्रशोधन केन्द्रको स्थापना गरिने छ ।

नीति च. नगरका प्रत्येक वडामा अपाङ्गमैत्री, वातावरणमैत्री र महिला एवं ज्येष्ठ नागरिकलाई समेत मध्यनजर गरी शौचालय (सार्वजनिक तथा संस्थागत) को व्यवस्था गरिने छ ।

नीति छ. नगरका शौचालय नभएका बासिन्दासँग सहकार्य गर्दै उपयुक्त शौचालयको निर्माण एवं सञ्चालन गरिनेछ ।

नीति ज. वालिङलाई पूर्ण सरसफाईयुक्त नगरको रूपमा विकास गर्ने कार्यलाई पर्यटन व्यवसाय प्रवर्द्धनको आधारको रूपमा समेत अघि बढाइने छ ।

उद्देश्य ५: फोहोरमैला व्यवस्थापनमा स्थानीय लगायत निजी क्षेत्रको सहभागितासहित नवीन प्रविधिको अवलम्बन गर्नु ।

नीति क. फोहोर मैला व्यवस्थापन सम्बन्धी स्पष्ट नीति, मापदण्ड एवं कार्यविधि, निर्देशनहरू तर्जुमा गरिने छ ।

नीति ख. फोहोरमैला संकलनको लागि Door to door collection लाई विस्तार गरिने र यसको लागि गुणस्तरीय ढुवानी साधनको व्यवस्था गरिने छ । साथै फोहोर मैला संकलनका लागि नगरले गैरसरकारी संस्थालाई सम्झौतामार्फत् नाफामूलक किसिमले सञ्चालन गर्न सकिनेछ ।

नीति ग. फोहोरमैला संकलन गरे बापतको रकम स्थानीयले तिर्नुपर्ने प्रणालीको विकास गरी फोहोरमैला व्यवस्थापन गर्ने प्रक्रियालाई विस्तार गरिनेछ ।

नीति घ. अस्पतालजन्य फोहोर बिसर्जन गर्न दिँदा शुरुमै जीवाणुरहित (Sterilized) गरे पश्चात् मात्र संकलनकर्तालाई दिइने प्रावधान बनाई लागु गरिने छ । यसका लागि नगरमा स्थापित अस्पताल तथा अन्य स्वास्थ्य चौकीहरूमा जीवाणुरहित बनाउने उपकरणहरूको प्रबन्ध अनिवार्य हुनुपर्ने व्यवस्था गरिने छ ।

नीति ङ. पुनःचक्रण गर्न सकिने तथा नसकिने वस्तुहरूको वर्गीकरणलाई फोहोरमैला व्यवस्थापन सम्बन्धी स्थानीय कानुनको अंग बनाइने छ ।

नीति च. तोकिएको मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थको पुनःप्रयोगको नीति अवलम्बन गरिने छ ।

नीति छ. नदीको स्वच्छता कायम राख्न फोहोरमैला नदी एवं अन्य जलस्रोतमा मिसाउने कार्य नियन्त्रण गरिने छ ।

नीति ज. संकलन भएका फोहोरहरूको लागि आवश्यक स्थानान्तरण स्टेशन Transfer station हरू एवं Resource recovery center एवं ल्याण्डफिल साइटको व्यवस्था गरिने छ । वर्तमान फोहोर मैला ब्यवस्थान केन्द्रको स्तरोन्नती गरिने छ ।

नीति झ. ल्याण्डफिल साइट तथा स्थानान्तरण स्टेशनहरू छनोट, निर्माण र सञ्चालन अन्तर्राष्ट्रिय एवं राष्ट्रिय नीति एवं मापदण्ड अनुरूप गरिने छ ।

नीति ञ. नगरमा उत्पादित पुनःचक्रण योग्य फोहोरहरू सदुपयोग गर्ने उद्योगहरू स्थापना गरिने छ ।

नीति ट. वातावरणमैत्री कार्ययोजना तयार गरी जैविक ऊर्जा, प्राङ्गारिक मल उत्पादन जस्ता गतिविधिहरू सञ्चालन गरिने छ ।

नीति ठ. नगरक्षेत्रबाट निष्कासित फोहोरहरूमध्ये अत्यन्त न्यून (करिब १० प्रतिशत) फोहोरहरू मात्र ल्याण्डफिलमा जाने अवधारणालाई आत्मसाथ गरिने छ ।

नीति ड.फोहोर प्रशोधन केन्द्र, फोहोर संकलन केन्द्र एवं फोहोरमैलामा काम गर्ने कामदारहरूको स्वास्थ्य सुरक्षाको ख्याल गरिनेछ । व्यवसायिक स्वास्थ्य सुरक्षा (Occupational health safety plan) योजना तयार गरिनेछ र सो अनुरूप कामदारहरूलाई व्यक्तिगत सुरक्षाका उपकरण (Personal Protective Equipment PPE) प्रदान एवं नियमित स्वास्थ्य परीक्षण पनि गरिनेछ ।

नीति ढ. स्थानीय समुदायको सहकार्यमा नगरमा विभिन्न स्थान एवं सडक किनारामा वृक्षारोपण र पुष्पबाटिका निर्माण आदिमार्फत् हरियाली प्रवर्द्धन कार्य गरिने छ ।

नीति ण. कम प्रयोग, पुनःप्रयोग तथा पुनःचक्रण (3R' concept) का जनचेतना कार्यक्रमहरू समुदाय तथा विद्यालयहरूमा पुऱ्याउने गरी 3R' concept प्रवर्द्धनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू गरिने छ ।

उद्देश्य ५: पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम गर्न आवश्यक कानुन र संरचना निर्माण गरी वातावरणीय प्रभाव मूल्याकंन र न्यूनिकरणलाई पूर्वाधार विकासको अभिन्न अंग बनाउने ।

नीति क. नगरमा प्राथमिकतामा प्राप्त आयोजना र वातावरणमा प्रभाव पार्ने अन्य आयोजनाहरू व्यवस्थित गर्न वातावरण व्यवस्थापनका समग्र पक्ष समेट्ने गरी कानुन, मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

नीति ख. हरित अर्थतन्त्र Green economy को लागि सरोकारवालाहरूसँग समन्वय गरी वातावरण विकासका क्षेत्रगत कार्यक्रममा मूलप्रवाहीकरण गरिने छ ।

नीति ग. प्रारम्भिक वातावरणीय परीक्षण र वातावरण प्रभाव मूल्यांकन मापदण्ड व्यवहारिक बनाई प्रतिवेदन स्वीकृति प्रक्रियालाई पारदर्शी र सरलीकृत गरिने छ ।

नीति घ. वातावरण र विकास बिचको सम्बन्ध बुझ्न र यसको मूल्याकंन गर्न समुदायमा चेतना जगाउने कार्यक्रमहरू सञ्चालन गरिने छ ।

तालिका १/५.४.१ : आवधिक प्राथमिकता : प्राकृतिक स्रोत तथा वातावरण

क. नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार अन्तर्गत स्थानीय बजार व्यवस्थापन, वातावरण, संरक्षण र जैविक विविधता सम्बन्धी अधिकार समेटेकोले स्थानीय तहको वातावरण संरक्षण संस्थागत नेतृत्व नगरपालिकाले लिनुपर्छ । त्यसैले जैविक विविधता र वातावरण संरक्षण कार्यलाई निर्देशित र व्यवस्थित गर्ने नीतिगत र कानुनी प्रबन्ध गर्ने नगरको प्राथमिकताका कार्यहरू हुन् । तसर्थ वातावरण संरक्षणका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थलहरूको संरक्षण गरी वातावरणीय सन्तुलन कायम राख्न कानुनको निर्माण एवं समीक्षा र समयानुसार परिमार्जन गर्नु आवश्यक छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन एवं नियमावली निर्माण गर्ने ।	१. वातावरण संरक्षण ऐन एवं नियमावलीको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने ।	१. संघ, प्रदेश र स्थानीय तहमा प्राथमिकता प्राप्त आयोजना र वातावरणमा प्रभाव पार्ने अन्य आयोजनाहरू व्यवस्थित गर्न वातावरण व्यवस्थापनको समग्र पक्ष समेट्ने गरी कानुन, मापदण्ड तर्जुमा तथा संशोधन गरी कार्यान्वयनका लागि समन्वय गर्ने ।
२. वातावरण संरक्षण कोष (सञ्चालन) कार्यविधि निर्माण गर्ने ।	२. वातावरण व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाई स्वच्छ र स्वस्थ वातावरण सृजना गर्दै प्राकृतिक स्रोतहरूको प्रभावकारी प्रयोगको माध्यमले दीगो लक्ष्य हाँसिल गर्न आवश्यक सहकार्यका साथै कोषको विवेकशील प्रयोग गर्ने ।	२. विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरी नगरको वातावरण संरक्षण कोषको मुलधनको आकार वृद्धि गर्ने ।

ख.नगरमा उपलब्ध हुने कच्चा पदार्थमा ढुङ्गा, बालुवा, गिट्टी आदि प्रशस्त मात्रामा रहेको छ तर यी नदीजन्य पदार्थहरूको जथाभावी उत्खनलाई व्यवस्थित र वैज्ञानिक बनाउन सकिएको छैन । आँधीखोलाको गिट्टी बालुवाको अव्यवस्थित उपयोग नगरको समस्याको रूपमा आउनसक्ने अवस्था छ। यसरी अव्यवस्थित तरिकाले यस्ता प्राकृतिक पदार्थहरूको उत्खननले वातावरणीय पारिस्थितिक प्रणालीमा ह्रास हुनुका साथै वातावरणीय प्रदुषण समेत बढ्दै जाने भएका कारण यस्ता प्राकृतिक श्रोतहरूको समुचित उपयोग र व्यवस्थापन तथा मानव निर्मित संरचनालाई पर्यावरणमैत्री बनाउन कानुनको आवश्यकता रहेको छ। साथै सरोकारवालाहरूलाई नगरमा भएका स्रोतहरूको दीगो संकलन गर्न प्रेरित गर्दै समय परिवर्तनसँगै नयाँ नीति नियमहरू बनाउनु मध्यकालीन तथा दीर्घकालीन प्राथमिकता हो ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. परियोजना प्रस्तावकले वातावरणमैत्री विकास आयोजना निर्माण गर्न तोकिए बमोजिमका क्षेत्रमा परियोजना प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याकंन अनिवार्य गर्न निर्देशिका तयार गर्ने ।	१. नदीजन्य वस्तुहरूको उत्खनन सम्बन्धी बनेका निर्देशिकाको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने ।	१. नदीजन्य वस्तुहरूको उत्खनन सम्बन्धी बनेका निर्देशिकालाई संघीय एवं प्रादेशिक नीतिलाई समेत मध्यनजर गरी सो नीतिहरूसँग तालमेल गराई आवश्यक संशोधन गर्ने ।
२. नदीजन्य वस्तुहरू जस्तैः ढुंगा, बालुवा, गिट्टीको आँकलन गरी निर्दिष्ट क्षेत्रहरूबाट त्यस्ता वस्तुहरूको उत्खनन्, संकलन, प्रशोधन, ओसारपसार र बिक्री वितरणलाई व्यवस्थित एवं प्रभावकारी बनाउने ।	२. उत्खनन भइरहेका स्थानहरूमा प्रारम्भिक वातावरणीय प्रभाव मुल्याकंन प्रतिवेदन अनुसार स्रोतहरूको उत्खनन भएको हो वा होइन भनी नियमित अनुगमन गर्ने ।	२. उत्खनन प्रक्रियाले वातावरणीय पारिस्थितिक प्रणालीमा ल्याउन सक्ने ह्रासलाई न्यूनिकरण गर्दै नगरमा प्राकृतिक स्रोतको रूपमा रहेको ढुंगा, बालुवा, गिट्टी जस्ता पदार्थहरूको दीगो सदुपयोग, बिक्रीवितरण एवं निकासी गरी नगरको आर्थिक वृद्धिमा टेवा पुऱ्याउने ।

ग. नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार अन्तर्गत खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी अधिकार पनि समेटिएको छ। नगरमा चुनढुङ्गा, फलाम, तामा, कोइला खानी अवस्थित छ। साथै नगरमा घर छाउने ढुंगा जस्ता वस्तुहरू समेत रहेका छन्। तर नगरमा रहेका यी अमुल्य वस्तुहरूको उत्खननका निम्ति हालसम्म पनि कुनै नीति नबनेको अवस्था रहेको छ। तसर्थ यी वस्तुहरूको दीगो सदुपयोग गर्दै नगरमा विभिन्न उद्योगको विकास गर्दै अर्थतन्त्र बलियो बनाउनको निमित्त उपयुक्त नीति निर्देशिकाको आवश्यकता रहेको छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. खानी तथा खनिज पदार्थ सम्बन्धी ऐन एवं निर्देशिका निर्माण गर्ने ।	१. खानी तथा खनिज पदार्थ सम्बन्धी बनेका नीतिहरूको आवधिक समीक्षा गर्ने र आवश्यकता अनुरूप संशोधन गर्ने।	१. खनिज पदार्थको उत्खननमा बनेका कानुनमा आवश्यकता अनुरूप संशोधन एवं परिमार्जन गर्ने ।
२. नगरमा रहेका खानी तथा खनिज पदार्थको खोजतलास एवं गुणस्तर तथा परिमाण यकिन कार्यका लागि आवश्यक अध्ययन गर्ने।	२. विभागको अनुमतिमा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी उत्खनन्सम्बन्धी कार्य गर्ने र बजारीकरणको लागि आवश्यक समन्वय गर्ने ।	२. नगरमा रहेका खनिज पदार्थहरूको उत्खनन गर्दै सो सम्बन्धी वातावरणमैत्री उद्योगहरूको स्थापना गर्ने ।
३. खनिज पदार्थहरूको अनुसन्धान कार्यमा सम्बन्धित विद्यार्थी, भू-वैज्ञानिक एवं अनुसन्धानकर्ताहरूलाई अध्ययन तथा खोज अनुसन्धान गर्न प्रोत्साहन एवं प्राथमिकता दिने ।	३. खनिज पदार्थहरूको खोज अनुसन्धान एवं उत्खनन् कार्यहरूमा नियमित अनुगमन एवं मुल्यांकन गर्ने ।	३. खनिज पदार्थहरूमा नयाँ नयाँ अनुसन्धानबाट प्राप्त परिणाम एवं नयाँ प्रविधिहरूलाई अँगाल्दै दीगो संकलनका निमित्त अनुसन्धान जारी राख्ने ।

घ. नगरमा जडिबुटीको प्रचुर सम्भावना रहेको छ। सामुदायिक वन उपभोक्ता समूहको निगरानीमा रहेकाले वनको उचित संरक्षण भएको छ। वनको चुरे महाभारत क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत रहेको छ। तसर्थ जीवजन्तु अवैध चोरी शिकारी नगरको समस्या बन्दै गरेकोले यसको तत्काल कारवाहीका लागि कानुनको व्यवस्था गर्नुपर्दछ। यी वस्तुहरूको संरक्षण, उत्पादन तथा निकासी एवं व्यवसायिक खेती विकास सम्बन्धी कुनै पनि नीति नभएकाले सोको स्पष्ट नीति एवं कार्यविधि निर्माण आवश्यक छ। साथै जडिबुटीको उचित संरक्षण, व्यवस्थापन, खेती विकास र प्रशोधन एवं जडिबुटीको संकलन, ओसार-पसार तथा निकासीलाई सरल, सहज, व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाउँदै रोजगार प्रवर्द्धनसँग जोड्नु आवश्यक छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. जडिबुटीहरूको संरक्षण, उत्पादन तथा निकासी एवं व्यवसायिक खेती विकास सम्बन्धी स्पष्ट नीति एवं कार्यविधि निर्माण गर्ने।	१. जडिबुटीहरूको दीगो संकलन गर्नका लागि नगरमा भएका नीति एवं कार्यविधिहरूमा आवश्यकता अनुरूप संशोधन गर्ने।	१.समय परिवर्तनसँगै प्राकृतिक स्रोत दीगो संरक्षणमा भएका आविष्कार प्रविधि विकास एवं नवीनतम सोचलाई आत्मसात गर्दै नीति निर्माण एवं परिमार्जन तथा संशोधन गर्दै प्रभावकारी कार्यान्वयन गर्ने।
२. जीवजन्तु एवं वनस्पतिको चोरीशिकारी अन्त्य गर्न आवश्यक ऐनको व्यवस्था गर्ने।	२. वन्यजन्तु चोरी शिकारी न्यूनिकरण गर्न नगरमा रहेका वनजंगलहरूमा घेराबार लगाई संरक्षण गर्ने ।	२. जीवजन्तु चोरीशिकारी अन्त्य गर्न बनेको ऐनको आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्ने।
३. वन कार्यालयको अनुमतिमा नगरमा पाइने जडिबुटीहरूको अध्ययन तथा अनुसन्धान गर्ने। वन क्षेत्रको उत्पादकत्व वृद्धि र जैविक विविधता संरक्षण गर्न सामुदायिक वन उपभोक्ता समिति सदस्यहरू समेतको क्षमता र सीप विकास तथा प्रचार प्रसार कार्यका लागि रणनीतिहरू बनाउने।	३. नगरमा जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्ने र जडिबुटीको बजारीकरण गर्ने।	३. नगरमा रहेका स्थानीय श्रोतहरूको दीगो संकलन गर्ने उद्देश्यका साथ नगरमा स्थानीय, उद्योग वाणिज्य संघ एवं सरोकारवालाहरूसँग सहकार्य गरी थप ठूला तथा मझौला उद्योगहरू स्थापना गरी पूर्ण रोजगारमय नगर निर्माण गर्ने।

ङ. नगरमा पानीका मुहानहरू प्रशस्त रहेका छन्। अव्यवस्थित बाटो निर्माण एवं संरक्षणको अभावमा यी पानीका मुलहरू माँसिदै एवं सुक्दै गएको अवस्था रहेको छ। पानीका मुहानहरू सुक्ने अवस्थाको गहन अध्ययन गरी मुहानहरूको खोजनीति गरी पानीको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं पानीको लाभदायक उपयोग निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय प्रभाव तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने तथा पानीका मुहानलाई प्रदुषणमुक्त राख्न आवश्यक छ। तसर्थ पानीका मुल एवं पोखरीहरूको संरक्षण गर्नका निम्ति निम्न प्राथमिकताहरू तल प्रस्तुत गरिएको छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. पानीका मुहानहरू संरक्षण एवं सम्बर्द्धन गर्नका निमित्त नगरमा गठन गरिएका टोल सुधार समितिहरूको प्रमुख जिम्मेवारी रहने गरी कार्यविधि निर्माण गर्ने।	१. पानीका मुहान संरक्षणमा बनेको कार्यविधिको आवधिक समीक्षा गर्ने।	१. पानीका मुहान संरक्षणमा बनेको कार्यविधिको आवधिक समीक्षा गर्दै आवश्यक संशोधन गर्ने।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२. जमिन सुख्खा हुने जस्ता समस्या भइरहेको सन्दर्भमा नगरमा भएका पोखरीहरूको संरक्षण गर्दै ठाउँ ठाउँमा रिचार्ज पोखरीहरू निर्माण गर्ने ।	२. कम्तीमा एक वडा एक पोखरी निर्माण गर्ने ।	२. आवश्यकता अनुरूप पोखरीहरूको मर्मत गर्दै पोखरी निर्माण कार्यलाई निरन्तरता दिने ।
३. पानीका मुहान एवं पोखरीहरूको संरक्षणका लागि नगरवासीहरूमा सचेतनाका कार्यक्रमहरू गर्ने ।	३. पोखरीहरूको संरक्षणमा नगरवासीहरूलाई बढी प्राथमिकता दिई संरक्षण कार्यमा अघि बढाउने ।	३. पोखरीलगायत पानीका मुहानहरूको सरसफाई एवं संरक्षण कार्यलाई निरन्तरता दिने ।

च. फोहोरमैला व्यवस्थापन ऐन, २०६८ सम्वत् २०६८ सालको ऐन नं. ४ अनुसारफोहोरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन स्टेशन), कम्पोष्ट प्लाण्ट, बायोग्याँस प्लाण्ट लगायत फोहोरमैलाको संकलन, अन्तिम बिसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय निकाय (तत्कालीन) को हुने व्यवस्था रहेको छ । यसका साथै नगरले फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७६ बनाई लागु गरेको छ जसमा नगर प्रमुखको अध्यक्षतामा दैनिक फोहोर मैला सम्बन्धी कार्य गर्न र फोहोरमैला व्यवस्थापन र पूर्ण सरसफाईयुक्त नगर बनाउनका लागि फोहोरमैला व्यवस्थापन समिति रहने साथै फोहोर उत्पादन गर्ने व्यक्ति वा संस्थाले आफुले उत्पादन गरेको फोहोरहरूलाई स्रोतमा जैविक र अजैविक फोहोरहरू वर्गीकरण गरी पुनःप्रशोधन वा पुनःप्रयोग गर्न सकिने फोहोरहरूको आफै व्यवस्थापन गर्ने र अन्य पुनः प्रयोग गर्न नसकिने फोहोरहरूलाई मात्र बिसर्जन गर्ने व्यवस्था रहेको छ। नगरपालिकामा वैज्ञानिक तवरले फोहोरमैला व्यवस्थापनका लागि आवश्यक कार्यप्रणालीको पूर्णतया विकास गर्न अझै नसकिएको अवस्था छ ।

नगरपालिकामा विशेषतः मुख्य बजार क्षेत्रमा कुल घरपरिवारमध्ये २,९७२ अर्थात् २५.२६ प्रतिशत घरधुरीमा मात्र फोहोरहरू घरमै संकलन गर्ने व्यवस्था रहेको छ भने गाउँघरमा फोहोर संकलन गर्ने व्यवस्था नभएको अवस्था रहेको छ जसलाई नक्सा १/५.५.१. मा पनि देखाइएको छ । नक्सामा नगरका केही वडाहरूका केही घरहरू मात्र घरधुरी फोहोर संकलनको सुविधा पुगेका देखिन्छ भने बाँकी घरहरू यस सेवाको पहुँचमा पुग्न नसकेको अवस्था रहेको छ ।

नगरमा फोहोरहरू व्यवस्थापनका लागि वडा नं. १ मा फोहोरमैला प्रशोधन केन्द्र समेत रहेको छ । नक्सा २/५.५.१. प्रशोधन केन्द्र देखाइएको छ जसमा नगरका घरधुरी एवं वडाको केन्द्रिय बिन्दुबाट उक्त प्रशोधन केन्द्र सम्मको दूरीलाई देखाइएको छ। हाल नगरमा मुख्यतया बजार क्षेत्रमा मात्र घरदैलो फोहोर संकलन कार्य भइरहेको छ तर जनसंख्या वृद्धि भएसँगै फोहोरहरूको अनुपात पनि स्वतः वृद्धि हुने भएका कारण नगरको उक्त प्रशोधन केन्द्रबाट टाढा रहेका वडाहरूमा समेत फोहोरहरू संकलन गर्ने सुविधाको पहुँच पुऱ्याउनको निमित्त पायक पर्ने स्थानमा फोहोर प्रशोधन केन्द्र समेत स्थापना गर्न सकिने देखिन्छ ।

नगरपालिका सरसफाई केन्द्र एवं नगरमा नगरपालिकाभित्र उत्पादन भएको फोहोरमैलाको संकलन गरी व्यवस्थापन केन्द्रसम्म लैजानका लागि आवश्यक संकलन र ढुवानी गर्ने व्यवस्था नगरपालिकामा भएतापनि नगरपालिकामा निष्कासित फोहोरहरूको स्रोतमै कुहिने र नकुहिने फोहोरमा वर्गीकरण गरी फोहोरहरूको प्रकृति अनुरूप फोहोरहरूको व्यवस्थापन गर्ने चेतना वडाका सबै स्थानीयमा नभएको अवस्था रहेको छ। तसर्थ सडकहरूको स्तरोन्नतीसँगै फोहोर संकलन साधनहरूको व्यवस्था गरी फोहोर संकलन प्रक्रियालाई गाउँघरमा समेत पुऱ्याई नगरको आयआर्जनमा गर्न सकिने अवस्थामा नगरलाई पुऱ्याउन फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रभावकारी कार्यान्वयनको आवश्यकता छ । तसर्थ फोहोर व्यवस्थापन गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सोचको आवश्यकता भएको र विभिन्न वातावरण विज्ञहरू एवं स्थानीयसहितको संयुक्त प्रयासमा फोहोर व्यवस्थापनमा नयाँ प्रविधिको अध्ययन गर्न निम्न प्राथमिकताहरू तय गरिएको छ ।

नक्सा १/५.४.१ : घरदैलोमा फोहोर संकलन गरिएका घरघुरीहरू



Ward	Solid Waste Collected From House	Solid Waste Not Collected From House
1	452	356
2	103	427
3	4	332
4	31	459
5	21	532
6	179	558
7	0	512
8	743	600
9	872	778
10	296	427
11	0	668
12	7	604
13	96	855
14	14	1077

नक्सा २/५.४.१: वडाको केन्द्रीय विन्दुबाट फोहोर प्रशोधन केन्द्र सम्मको दुरी (सडकको अवस्थासँग तुलना नगरिएको)



अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. शुन्य फोहोरको अवधारणालाई आत्मसात गरी फोहोरहरू स्रोतमै वर्गीकरण गरे पश्चात् मात्र उचित व्यवस्थापन गर्ने प्रक्रियाको विकास गर्ने ।	१. फोहोरहरू स्रोतमै कुहिने र नकुहिने फोहोरमा छुट्टाछुट्टै वर्गीकरण गर्ने कार्यलाई निरन्तरता दिने ।	१. कुहिने र नकुहिने फोहोरहरूमा वर्गीकरण गरिएका फोहोरहरू मात्र घरदैलो फोहोर संकलनकर्ताले लैजाने भएकोले वर्गीकरण प्रक्रियालाई निरन्तरता दिने ।
२. बजार क्षेत्रमा मात्र घरदैलो फोहोर संकलन प्रक्रियालाई क्रमशः विस्तार गर्दै गाउँघरमा समेत यसको सुविधा पुऱ्याउन आवश्यक प्रबन्ध मिलाउने ।	२. घरदैलो (Door-to-door) फोहोर संकलनका लागि पर्याप्त सवारी साधनहरूको व्यवस्था गरी उक्त सुविधा नगरका प्रत्येक घर एवं फोहोर निष्कासन हुने स्थानहरूमा पुऱ्याउने ।	२. घरदैलो फोहोर संकलन प्रक्रियाले नगरका फोहोर निष्कासन गर्ने उद्योग, कल-कारखाना, होटल, अस्पताल, बजार क्षेत्र, विद्यालय लगायत अन्यलाई समेत समेटिने गरी फोहोरमैला संकलनमा विकास भएका नवीनतम् उपायहरू अपनाई फोहोरहरू संकलन प्रक्रियालाई अझ सरल सहज बनाउने ।
	३. बढ्दो फोहोर मैलासँगै सो को व्यवस्थापनका लागि वैज्ञानिक तवरले व्यवस्थापनका लागि नगरमा स्थानान्तरण केन्द्र (Transfer Station) (यदि फोहोर बिसर्जन गर्ने स्थानको दूरी १० कि.मि.भन्दा टाढा भएमा) निर्माण गर्ने ।	३. प्रशोधन केन्द्र एवं स्थानान्तरण केन्द्रहरूको मर्मत संभार सँगै नियमित अनुगमन गर्ने ।
	४. बढ्दो फोहोरको अनुपातलाई मध्यनजर गरी सबै वडाको पहुँचमा पायक पर्ने स्थानमा फोहोर प्रशोधन केन्द्र स्थापना गरी सञ्चालन गर्ने ।	४. निर्माणाधीन फोहोर, इलेक्ट्रोनिक्स फोहोर, हानीकारक फोहोर, धातु, सिसा प्लाष्टिक लगायत सबै किसिमका फोहोर हरूको व्यवस्थापन नगर आफैले गर्न सक्ने अवस्थामा पुग्ने ।
५. फोहोरमैला व्यवस्थापनका लागि बिलिङ्ग र राजस्व संकलन प्रणालीहरूको व्यवस्थापन गर्ने ।	५. फोहोरमैला व्यवस्थापनका लागि बिलिङ्ग र राजस्व संकलन प्रणाली सुधार गर्दै व्यवस्थापन गर्ने ।	५. फोहोरमैला व्यवस्थापन सम्बन्धी राजस्व संकलन प्रक्रियामा सुधार गरी पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गर्ने ।
६. नगरका मुख्य मुख्य स्थान, बसपार्क, पैदल मार्गहरूमा डस्टविनहरू व्यवस्था गर्ने ।	६. डस्टबिनहरूको व्यवस्था नगरका प्रत्येक मुख्य स्थानहरूमा राख्ने र आगन्तुक एवं यात्रुहरूले फोहोरहरू उक्त डस्टविनमा मात्र फाल्ने प्रकृतिको विकास गर्ने ।	६. डस्टविनहरू राखिएका स्थानहरूको अवलोकन गरी आवश्यक स्थानमा डस्टविनको संख्यामा वृद्धि गरी सफा नगर निर्माण गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूलाई अनुशरण गर्दै ल्याण्डफिल साइटको लागि सम्भाव्यता अध्ययन गर्ने ।	७. ल्याण्डफिल साइट सञ्चालन एवं अपग्रेडका लागि परिचालन निर्देशिका निर्माण गरी फोहोरमैला व्यवस्थापनका लागि बिलिङ्ग र राजस्व संकलन प्रणालीहरूको व्यवस्था एवं सुधार गर्ने ।	७. छनौट गरिएका ल्याण्डफिल साइटको अवधि ख्याल राखी, भविष्यको लागि वैकल्पिक साइटहरू रोजेर अधिग्रहणमा ल्याउने ।

छ. नगरमा रहेका नदीहरूमा प्रदुषणको समस्या भइरहेको छ। होटलबाट निस्कने फोहोर लगायत अस्पतालजन्य फोहोरहरू नदीखोलामा मिसाउने गरेको अवस्था छ। साथै कुखुरा पालन एवं बंगुर पालन गर्ने व्यवसायीहरूले पनि फोहोरहरू नदी खोलामा मिसाउनाले पनि नदी प्रदुषण बढ्दो छ। तसर्थ जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं त्यस्तो उपयोगबाट हुने वातावरणीय प्रभाव तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने तथा जलस्रोतलाई प्रदुषणमुक्त राख्ने सम्बन्धमा ऐन, नियमावली एवं निर्देशिका निर्माण गर्नु अत्यावश्यक छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि निर्माण गर्ने ।	१. जलस्रोत संरक्षणमा भएका ऐन तथा नीति कार्यान्वयनको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने ।	१. जल संरक्षणमा आवश्यक कानुन, नीति, नियम, निर्देशिकाहरू पुनरावलोकन, परिमार्जन र संशोधन गर्दै जाने ।
२. होटल व्यवसायी, पशुपालन व्यवसायी, उद्योग व्यवसायी, पसल व्यवसायी एवं फोहोर निस्कासन गर्ने अन्यहरूलाई फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने नीतिको जानकारी हुने गरी नियमनकारी कानूनहरू जारी गर्ने ।	२. नगरमा फोहोरमैला व्यवस्थापन सम्बन्धी भएका आदेशहरूको पालना भए नभएको जानकारीका निमित्त नियमित अनुगमन एवं मुल्याकंन गर्ने ।	२. फोहोरमैला व्यवस्थापन सम्बन्धी हुने अनुगमन प्रक्रियालाई निरन्तरता दिने ।

ज. नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम दर्ता भई सञ्चालनमा रहेको उद्योगहरूलाई खुल्ला रूपमा फोहोर जलाउन प्रतिबन्ध लगाइएको भएतापनि नगरमा औद्योगिक फोहोरहरू जलाउने गरेका छन् । नगरमा प्लाष्टिकको प्रयोग अत्यधिक मात्रामा भएको र सस्तो, सजिलो र बलियो हुने भएकाले यसको प्रयोग अझै बढ्दै गएको छ । नगरमा करिब ३००५ घरधुरी अर्थात् २६.४४ प्रतिशत घरपरिवारहरूले आफ्नै घरको कम्पाउण्डभित्र बाल्ने गरेको जसले गर्दा प्लाष्टिकजन्य फोहोरहरूबाट हुने नकारात्मक असरहरू जस्तै: फालिएका प्लाष्टिकहरू सेवन गरेर पशुहरूको मृत्यु हुने, प्लाष्टिकले ढल नालीहरू, सिचाईका कुलोहरू थुनिने साथै खोलानालाहरू फोहोर हुने, नगरको शोभा घट्ने जस्ता प्रभावहरू हुनुका साथै प्लाष्टिकहरू बाल्दा निस्कने हानिकारक ग्याँसहरू जस्तै हाइड्रोक्लोरिक एसिड (Hydrochloric acid), सल्फर डाइअक्साइड (Sulfur dioxide), डाइअक्जिन (Dioxins), युरान्स (Urans) हेभी धातुहरू (Heavy metals) र कणहरू (Particulates) ले मानवमा प्राणघातक रोगहरू लाग्न सक्दछ । तसर्थ सो समस्याहरू हटाउन एवं प्लाष्टिकको वैकल्पिक व्यवस्थापन र निषेधात्मक कार्यक्रम ल्याउन तथा शुन्य फोहोर अवधारणामा गई भएका फोहोरहरूलाई आधुनिक प्रविधि प्रयोग गरी श्रोतको रूपमा उपयोग गर्न नगरपालिकामा प्लाष्टिक व्यवस्थापन सम्बन्धी कार्ययोजनाहरूको आवश्यकता छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. प्लाष्टिकको प्रयोग बढ्दै गएको सन्दर्भमा प्लाष्टिकलाई व्यवस्थापन गर्न, तोकिएको मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिक ब्लक, बिटुमेन (Bitumen) तथा अन्य पुन:चक्रण विधि एवं प्लाष्टिकजन्य पदार्थको पुन:प्रयोगको नीति अवलम्बन गर्ने।	१. पुन:प्रयोग, पुन:चक्रण, कम प्रयोग (3R' Concept) लाई अवलम्बन गर्दै अधिकतम सदुपयोग गरी नगरमा अत्यन्तै थोरै फोहोरहरू मात्र बिसर्जन गर्ने प्रणाली तयार गर्ने ।	१. पुन:चक्रण गर्न सकिने फोहोर हरूलाई व्यवस्थापन गर्न सो सम्बन्धित उद्योगहरू पहिचान गरी स्थापना गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२. वातावरणमैत्री झोला प्रयोगलाई प्राथमिकता दिनको निमित्त नगरका महिलाहरूको सक्रिय भूमिकामा वातावरणमैत्री झोला उत्पादन सम्बन्धी आवश्यक परामर्श एवं तालिमहरूको व्यवस्था गर्ने ।	२. वातावरणमैत्री झोला निर्माण एवं प्रयोगलाई निरन्तरता दिने ।	२. प्लाष्टिकको मात्रा बढेसँगै प्लाष्टिक व्यवस्थापनका नवीनतम् उपायहरूलाई अबलम्बन गर्दै जाने ।
३. औद्योगिक फोहोरहरू जलाउन प्रतिबन्ध लगाएको बारे उद्योग व्यवसायीहरूलाई समेत जानकारीमा ल्याई सो को दीगो व्यवस्थापनका लागि अनुगमनसहित समुदायमा यसबारे जनचेतना जगाउने ।	३. प्लाष्टिक उत्पादन, प्रयोग एवं बिसर्जन प्रक्रियाहरूको नियमित अनुगमन एवं समुदायस्तरमा जनचेतना जगाउने क्रियाकलापहरूको निरन्तरता दिने ।	३. प्लाष्टिक सम्बन्धी सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने ।
४. फोहोरबाट मोहर भन्ने अवधारणालाई नगरका समुदायमा विकास गराउन फोहोरहरूलाई कच्चा पदार्थको रूपमा उपयोग गरी स्थापना गर्न सकिने उद्योगहरू बारेमा जानकारी एवं प्रशिक्षण एवं यस्ता उद्योगहरू सञ्चालन गर्ने व्यक्ति वा समुदायलाई नगरले प्रोत्साहन गर्ने कार्यक्रमहरू गर्ने ।	४. फोहोरहरूलाई कच्चा पदार्थको रूपमा प्रयोग गरी उद्योगहरू स्थापना गर्ने ।	४. फोहोरहरूलाई सक्दो सदुपयोग गरी पर्यावरणीय उद्योगहरू सञ्चालन गर्ने र भएका उद्योगहरूको नियमित अनुगमन गर्ने ।

झ. नगरमा निष्कासन हुने फोहोरहरूमा बढी प्रतिशत फोहोर जैविक फोहोर रहेको छ । तर नगरमा जैविक फोहोरहरूको उचित व्यवस्थापनका कार्यविधिहरू नभएका कारण स्थानीयले उक्त फोहोरहरू नदी खोल्सा एवं अन्य स्थानमा फाल्ने, गाड्ने र जलाउने गरेका छन् । जसले वायु प्रदुषणसँगै वातावरणीय ह्रास भइरहेको छ । तसर्थ जैविक फोहोरहरूलाई नगरको स्रोतको रूपमा प्रयोग गर्न सकिने गरी कार्यविधिहरूको आवश्यकता रहेको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. कृषिप्रधान नगर समेत भएका कारण जैविक फोहोरहरू समाधान गर्ने उद्देश्यका साथ घरघरमा कम्पोष्ट मल बनाउन प्रेरित गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने ।	१. जैविक फोहोरहरूको व्यवस्थापनका लागि समुदायस्तरमा सामुदायिक कम्पोष्ट मल प्लाण्टहरू राख्ने ।	१.जैविक फोहोरहरूको व्यवस्थापनका लागि नगरमा ठूलो स्केलको कम्पोष्ट प्लाण्ट राख्ने ।

ञ. यस नगरपालिकामा रहेका ११,३६६ घरपरिवारहरू मध्ये धारा तथा पाइपको पानी पिउने घरधुरिको सङ्ख्या १०,१६९ अर्थात् ८९.४७ प्रतिशत भएकाले सामान्यतया धेरैजसो घरपरिवारले धारा तथा पाइपको पानी पिउने गर्दछन् ।

दोस्रोमा ढुङ्गे धारामार्फत् आपूर्ति गरिएको पानी पिउने परिवारको सङ्ख्या ७२८ अर्थात् ६.४१ प्रतिशत रहेका छन् त्यस्तै नढाकिएको इनार/कुवामार्फत् पानी पिउनेको सङ्ख्या १९१ अर्थात् १.६८ प्रतिशत रहेको छ ।

नगरमा पिउने गरेको पानी पिउन वा अन्य प्रयोगका लागि पूर्ण रूपमा सुरक्षित नहुने सम्भावना बढिरहेको उक्त पानी पिउन योग्य वा अयोग्य जाँच गर्नका लागि नगरमा कुनै पनि किसिमको प्रयोगशाला समेत नभएको अवस्था रहेको छ । तसर्थ दीगो विकास लक्ष्य Sustainable Development Goals Status & Roadmap २०१६-२०३० समेतलाई आधार बनाई नगरमा स्वच्छ खानेपानीको आपूर्ति गरी स्वच्छ खानेपानी उपभोग जनसङ्ख्या क्रमशः वृद्धि गर्नको निमित्त नगरमा खानेपानी तथा सरसफाई सम्बन्धी नीति निर्देशिका एवं पानी शुद्धिकरण सम्बन्धी निर्देशिकाको आवश्यकता छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. खानेपानी तथा सरसफाई सम्बन्धी नीति निर्देशिका निर्माण गर्ने ।	१. खानेपानी आयोजना वृद्धिसँगै नगरमा खानेपानी तथा सरसफाई सम्बन्धी नीतिहरू आवश्यकता अनुरूप परिमार्जन गर्ने ।	१. खानेपानी सम्बन्धी नीति निर्देशिकाहरूको समीक्षा गर्ने एवं संशोधन एवं परिमार्जन गरी पूर्ण स्वच्छ खानेपानी उपभोग नगर निर्माण गर्ने ।
२. पानी शुद्धिकरण सम्बन्धी निर्देशिका निर्माण गर्ने ।	२. पानी शुद्धिकरण सम्बन्धी निर्देशिकामा आवश्यक परिमार्जन गर्ने ।	२. पानी शुद्धिकरण सम्बन्धी निर्देशिकामा आवश्यक परिमार्जन गर्ने ।
३. पानीको उपयुक्तताको परीक्षणका लागि आवश्यक प्रयोगशाला एवं दक्ष जनशक्तिको व्यवस्था गर्ने ।	३. सबै प्रकारका पानीको परीक्षण नगरमै गर्न सक्ने अवस्थामा पुऱ्याउन विभिन्न प्रयोगशालाका सामग्री, रसायनहरू एवं उपयुक्त स्थानहरूको व्यवस्था गर्ने ।	३. पानी परीक्षणमा दक्ष जनशक्तिहरू नगरकै स्थानीयलाई तयार गर्ने र सम्पूर्ण सुविधायुक्त प्रयोगशाला निर्माण गर्ने ।
४. पानी शुद्धिकरणका विविध उपायहरू सम्बन्धी नगरवासी-हरूलाई तालिमहरू दिने एवं सुरक्षित पानी सम्बन्धी व्यापक जनचेतना फैलाउने र पानी शुद्धिकरणका विविध प्रक्रियाहरू नपढेका ग्रामीण महिलाहरू समेतले बुझ्ने गरी चित्रमा प्रस्तुत गरी सूचना बोर्डहरू राख्ने ।	४. पानी शुद्धिकरण सम्बन्धी तालिम, जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने र यी कार्यक्रमहरूमा महिला स्वयंसेविका एवं नगर स्वयंसेवकहरूलाई सम्मिलित गर्ने ।	४. पानी शुद्धिकरण सम्बन्धी तालिम, जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने ।

ट. नगरपालिकाको कुल घरपरिवारहरू मध्ये ६,०६६ अर्थात् ५३.३७ प्रतिशतले खाना पकाउने प्रयोजनको निमित्त काठ दाउराको प्रयोग गर्ने गरेको जसले गर्दा नगरमा काठको खपत धेरै हुने गरेको साथै स्थानीयहरूले अधिकांश काठ दाउराको प्रयोग गरेबाट एकातर्फ वनजंगल र पर्यावरणमा क्षति पुग्ने र अर्कोतर्फ धुवाँ र दाउरा सङ्कलन गर्दा लाग्ने समयले क्रमशः स्वास्थ्यमा असर पुऱ्याउनुका साथै समयसमेत बढी खर्च हुने समस्या रहेको छ । नेपालले प्रस्तावित SDG–7 माइन्धनको प्राथमिक स्रोतको रूपमा काठ, दाउरा, गुइँठा आदि प्रयोग गर्ने जनसमुदाय सन् २०३० सम्म १० % मा झार्नेतथा बिजुलीको पहुँच ९९% मा ल्याउनेबाट लक्ष्य राखेको छ। यसै राष्ट्रिय लक्ष्यलाई मनन गर्दै नगरमा समेत नीति तथा कार्यक्रमहरूलाई सोही उन्मुख बनाउनु आवश्यक छ ।

नगरपालिकामा भएका स्रोत र साधनहरूको प्रयोग गरी नवीकरणीय ऊर्जाहरूको खोजी, उत्पादन एवं कार्यान्वयनका लागि नीति निर्देशिकाहरू निर्माण गर्दै नगरवासीमा ऊर्जाको सहज उपलब्धताको सुनिश्चित गर्न आवश्यक छ । त्यसलै सम्भाव्यताका आधारमा विद्युत तथा वैकल्पिक ऊर्जामार्फत् काठ दाउरालाई इन्धनको प्रयोगलाई कमी ल्याउन तल उल्लिखित कार्यक्रमले योगदान गर्नेछ ।

नक्सा ३/५.४.१ : काठ दाउरालाई खाना पकाउने ऊर्जाको प्रमुख स्रोत बनाउने घरधुरी



अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. सौर्य ऊर्जाका लागि नगरमा सम्भाव्यता अध्ययन प्रक्रिया अगाडि बढाउने ।	१. सौर्य ऊर्जा उपयोगका बिचको तुलनात्मक लाभका आधारमा सौर्य ऊर्जाको उपयोग गर्ने र नगरका घरहरूमा सहुलियतमा सौर्य उपकरणहरू जडान गर्ने ।	१. वैकल्पिक ऊर्जाहरू जस्तैः सौर्य ऊर्जा, सुधारिएको चुलो, बायोग्याँस आदि जस्ता वैकल्पिक ऊर्जाको खपत बढाई कार्वन उर्त्सजनमा न्यूनिकरण गर्ने ।
२. विद्युत आपूर्तिको कमी पूर्तिका पूर्वाधार निर्माणका लागि समन्वय गर्ने ।	२. जलविद्युत आपूर्ति बढाउन समन्वयात्मक प्रयास गरी दाउराको उपयोगलाई न्यूनिकरण गर्ने ।	२. नगरमा कम मूल्यमा घरेलु माग पूरा गर्न लागत प्रभावी मध्यम जलविद्युत आयोजनाहरू सञ्चालन गर्न अध्ययन गर्ने ।

ठ. नगर पार्श्वचित्र २०७५ अनुसार नगरपालिकामा रहेका कुल ११,३६६ घरपरिवारहरू मध्ये ६,९५७ अर्थात् ६१.२१ प्रतिशत घरपरिवार फ्लस भएको (सेफ्टी टयाङ्की) शौचालय प्रयोग गरेको, ३,७०२ अर्थात् ३२.९७ प्रतिशतले साधारण शौचालय, ४३८ अर्थात् ३.८५ प्रतिशतले फ्लससहितको सार्वजनिक ढल भएको चर्पी, १०३ अर्थात् ०.९१ प्रतिशतले सामुदायिक चर्पीको प्रयोग गरेको र १६३ अर्थात् १.४३ प्रतिशतले भने चर्पीको प्रयोग नगरेको अवस्था रहेको छ । पछिल्लो समय शौचालय बनाउन बाँकी मध्ये अधिकांशले बनाइ सकेकोले शौचालय प्रयोग नगर्ने शुन्य प्रायः भएको छ । स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन- २०७५ रहेको छ जसमा अनुसार एक परिवारको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारणले अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नुपर्ने प्रावधान समेत रहेको छ । तर नगरपालिकामा आवश्यक आधारभूत सार्वजनिक भौतिक पूर्वाधारको विद्यमान अवस्थालाई हेर्दा ढलजस्तो सामुदायिक सरसफाई, स्वास्थ्य तथा व्यक्तिगत र पारिवारिक स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषय व्यवस्थापनको स्थिति कमजोर रहेको छ तसर्थ ढलजस्ता भौतिक पूर्वाधारको समुचित विकास गर्न तथा शौचालय निर्माण एवं सञ्चालन गरी सरसफाई र स्वच्छता कायम राख्न आवश्यक देखिन्छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरमा सेप्टिक ट्याङ्कसहितको चर्पीको प्रयोगलाई अनिवार्य गर्न नीति निर्माण गर्ने ।	१. सेप्टिक ट्याङ्कसहितको चर्पी निर्माणमा बनेका नीतिको आवधिक समीक्षा गर्दै आवश्यक परिमार्जन गर्ने ।	१. शौचालय प्रयोगमा बनेको नीतिमा परिमार्जन गर्ने ।
२. दिसाजन्य लेदो व्यवस्थापन हेतु नगरमा Feacal Sludge Management Treatment Plant स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्ने ।	२. Feacal Sludge Management treatment plant सञ्चालनका निमित्त विभिन्न सरकारी एवं गैरसरकारी, दातृ निकाय एवं स्थानीयहरूसँगको समन्वयमा आवश्यक संरचनाको निर्माण एवं कार्यप्रणाली विकास गर्ने ।	२. Feacal Sludge Management treatment लाई व्यवस्थित र सुरक्षित गरी नीति निर्माण गरी श्रोतको रूपमा उपभोग गर्ने ।
३. नगरवासीसँगको सहकार्यमा शौचालयको निर्माण गर्ने ।	३. महिला बालबालिका, ज्येष्ठ नागरिक अपाङ्गमैत्री शौचालयहरू नगरका मुख्य मुख्य स्थानहरू, बजार क्षेत्र, बसपार्कहरूमा निर्माण गर्ने र शौचालयको नियमित अनुगमन गर्ने ।	३. शौचालयहरूको मर्मत सम्भार गर्दै शौचालय प्रयोगको अनुगमन एवं समीक्षा गर्ने ।

ङ. पूराना सवारी साधन, कच्ची सडक, मोटरबाटोको धुलो, कलकारखाना जस्ता साधनको प्रयोगले धुवाँ धुलो बढेको छ। साथै घरधुरी सर्वेक्षणका क्रममा नगरका १,२७८ घरपरिवारले नगरमा वायु प्रदुषणको समस्या भएको जनाएका छन् । तसर्थ वायु प्रदुषण नियन्त्रणको कानुनी व्यवस्था तथा अनुगमन र नियमनको आवश्यकता रहेको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरमा यातायात व्यवसायी संघसँग समन्वय गरी उच्च वायु प्रदुषण गर्ने पुराना सवारी साधनहरू हटाउने सम्बन्धमा नीति निर्माण गर्ने ।	१. नगरमा सञ्चालित गाडीहरूको नियमित अनुगमन गरी वातावरणमैत्री (प्रदुषणकारी यातायातका साधनसहित) सडक निर्माण प्रक्रियालाई अगाडि बढाउने ।	१. एकदमै न्यून वायु प्रदुषण गर्ने र वातावरणमैत्री सवारी साधन जस्तैः विद्युतीय सवारी साधन लगायत अन्य नवीनतम् उपायहरूलाई प्रयोगमा ल्याउने ।
२. वातावरण प्रदुषणलाई मध्यनजर गरी ग्रामीण कच्ची सडकहरूको स्तरोन्नती गर्ने ।	२. गाउँघरका कच्ची सडकहरू कालोपत्रे गर्ने ।	२. वातावरणीय प्रदुषण परीक्षण प्रयोगशालाका लागि आवश्यक दक्ष कर्मचारीहरूको व्यवस्था गर्ने ।
३. बजार क्षेत्र, उद्योग कलकारखाना जस्ता वायु प्रदुषणबाट जोखिममा रहेका स्थानहरूको अध्ययन एवं अनुसन्धान गर्ने ।	३. बजार क्षेत्र, औद्योगिक प्रतिष्ठान र जोखिममा रहेका क्षेत्रमा वायु गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन, वायु गुणस्तरको एकीकृत नक्साकंन, वायु प्रदुषण क्षमता यकिन र पूर्वानुमान गरी उत्सर्जन गतिविधिमा नियन्त्रण गर्ने ।	३. वातावरणीय प्रदुषण परीक्षण प्रयोगशालाका लागि आवश्यक दक्ष कर्मचारीहरूको व्यवस्था गर्ने ।

ढ. नगरमा वातावरण तथा सरसफाई इकाई रहेको भएपनि बढ्दो वातावरणीय प्रदुषण निराकरणका साथै वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्नका साथै जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्वेक्षण, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन र सरसफाई तथा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन गर्नका निमित्त नगरमा वातावरण तथा प्राकृतिक सम्पदाहरूको संरक्षण सम्बन्धी ज्ञान एवं दक्षता हाँसिल गरेका वातावरण शाखा एवं कर्मचारी व्यवस्थापन भएको छैन । यसका साथै नगरवासीमा वातावरण सम्बन्धी जनचेतनाको पनि कमि देखिन्छ । तसर्थ मानव संशाधनको व्यवस्थासँगै क्षमता विकासका कार्यक्रमहरू आवश्यक छ ।		
अल्पकालीन (पहिलो २ वर्ष)	**मध्यकालीन (३ देखि ७ वर्ष)**	**दीर्घकालीन (८ देखि २० वर्ष)**
१. वातावरण सम्बन्धी बालबालिका समेतमा चेतना जगाउन विद्यालयको पाठ्यक्रममा वातावरण विषय समावेश गर्ने र वार्षिक कार्ययोजनामा कम्तीमा महिनाको एकपटक वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलापहरू समावेश गर्ने ।	१. वातावरण विषय समावेश भएको पाठ्यक्रममा समयानुसार परिमार्जन गर्ने र वातावरण सम्बन्धित अतिरिक्त क्रियाकलापहरूलाई विद्यालयमा निरन्तरता दिने ।	१. वातावरण विषय समावेश भएको पाठ्यक्रममा समयानुसार परिमार्जन गर्ने र वातावरण सम्बन्धित अतिरिक्त क्रियाकलापहरूलाई विद्यालयमा निरन्तरता दिने ।
२. वातावरण सम्बन्धी विविध गतिविधि सञ्चालनका लागि प्रमुख समन्वयकारी भूमिका निर्वाहका लागि नगरमा वातावरण सम्बन्धी दक्षता हाँसिल गरेका निपूर्ण कर्मचारीहरूको व्यवस्था गर्ने ।	२. विभागमा फोहोर व्यवस्थापन अधिकारी, वातावरण विद्, वातावरण इञ्जिनियर, रणनीतिक कार्य गर्न वातावरणीय अधिकृत एवं फोहोरमैला एवं सरसफाईमा कार्य गर्ने कर्मचारीहरूको समेत व्यवस्था गर्ने ।	२. वातावरण विषय एकदमै बहुआयामिक विषय भएका कारण यसका विविध पक्षहरूमा समावेशी रूपमा कार्यहरू गर्नका लागि नगरमा फोहोरमैला, खानेपानी तथा सरसफाई, जलस्रोत, ऊर्जा जस्ता विषयहरूका लागि छुट्टाछुट्टै एकाई निर्माण गर्ने ।
३. नगरको दूरदृष्टि नै स्मार्ट नागरिकः स्मार्ट वालिङ समेत भएका कारण स्मार्ट वालिङ नगर निर्माणका लागि वातावरण, वन जंगल, जैविक विविधता सम्बन्धी विविध जनचेतनाका कार्यक्रमहरू एवं तालिमहरू नियमित सञ्चालन गर्ने ।	३. वातावरण एवं प्राकृतिक स्रोत, जैविक विविधता सम्बन्धी व्यापक जनचेतना फैलाउन विभिन्न क्रियाकलापहरू गर्ने ।	३. नगरवासीहरूमा वातावरण संरक्षण सम्बन्धी चेतनास्तर वृद्धि गर्दै वातावरणमैत्री नगर निर्माण गर्ने ।

तालिका २/५.४.१ : प्राकृतिक स्रोत र वातावरणको परिमाणात्मक लक्ष्य

विषय	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
नगरको शहरी क्षेत्रमा फोहोरमैला संकलन (Door to door waste collection) को पहुँच पुगेको परिवार	९५	९७	१००	१००
नगरभर फोहोरमैला संकलन (Door to door waste collection) को पहुँच पुगेको परिवार (%)	२५.२६	४०	६०	८५
फोहोरमैला जलाएर व्यवस्थापन गर्ने परिवार (%)	४६.४४	३५	०	०
फोहोरमैला नदी तथा खोलामा फालेर व्यवस्थापन गर्ने परिवार संख्या (%)	१०.७५	५	०	०

विषय	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
कम्पोष्टिङ्ग गर्ने परिवार (%)	२६.०९	३०	४५	५५
फोहोरमैला जथाभावी खुल्ला स्थानमा फालेर, कम्पाउण्डभित्र, सार्वजनिक स्थलमा फालेर व्यवस्थापन गर्ने परिवार (%)	२९.३९	२०	०	०
शहरी क्षेत्रमा फोहोरमैला कुहिने र नकुहिनेमा छुट्याई फोहोर स्रोतमै वर्गीकरण गर्ने परिवार (%)	८०	८५	९०	१००
नगरभर फोहोरमैला कुहिने र नकुहिनेमा छुट्याई फोहोर स्रोतमै वर्गीकरण गर्ने परिवार संख्या (%)	-	३०	६०	१००
स्यानिटरी ल्याण्डफिल साइट	०	-	-	१
प्रशोधन केन्द्रमा फोहोर लैजानु अघि अस्थायी रूपमा फोहोर संकलन हुने स्थानान्तरण केन्द्र (Transfer station)	०	-	-	१
फोहोर प्रशोधन केन्द्र	१	१	१	२
सार्वजनिक ढल वा दिसाजन्य लेदो व्यवस्थापन सेवाको पहुँचमा रहेको परिवार (%)		२०	४०	९५
सार्वजनिक शौचालय संख्या	३	५	१०	२०
खाना पकाउनको लागि काठदाउराको प्रयोग गर्ने परिवारको संख्या (%)	५३.३७	५०	४०	५
खाना पकाउनको लागि एल.पि.जि. ग्याँसको प्रयोग गर्ने परिवारको संख्या (%)	४३.८१	३०	२०	५
खाना पकाउनको लागि विद्युतको प्रयोग गर्ने परिवारको संख्या (%)	०.११	५	३०	८०
गोबर ग्याँस प्रयोग गरेर खाना पकाउने परिवार संख्या (%)	२.५२	३	५	१०
नगर मापदण्ड अनुसार शुरक्षित र पर्याप्त पानीको पहुँचमा रहेको जनसंख्या (%)				८०

५.४.२. विपद् तथा आपत्कालीन व्यवस्थापन

१. परिचय

भरपर्दो र विश्वसनीय विपद् पूर्व तयारी र प्रतिकार्यको प्रणालीको उपलब्धता तथा नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउनु आमनागरिकमा नगरप्रतिको विश्वसनीयता हाँसिल गर्न र विपद् तथा असुरक्षाको कारणले जीवन तथा निजी तथा सार्वजनिक सम्पतिको क्षति कम गर्न अपरिहार्य हुन्छ। २०७२ को भुकम्पबाट आंशिक रूपमा प्रभावित यस नगरपालिकामा भुकम्प, आगलागी, विद्युतीय खतरा, सडक दुर्घटना, चट् याङ, पहिरो, असिना पानी, बाँदरको समस्या जस्ता प्रकोप वा विपद् जोखिम रहेको छ। धनजनको क्षतिको हिसाबले ठूलो विपद्को विपद् सामना गर्नु नपरेको भएपनि वर्षेनी विभिन्नस्तरका पहिरो र भू-क्षयको प्रभाव भने नगरमा देखिने गरेको छ। बर्डफ्लु, स्वाइन फ्लु, अन्य किटजन्य सरुवा रोग, लामखुट्टेको टोकाइबाट हुने तथा पानीजन्य रोगको महामारीको जोखिम पनि अन्यत्र जस्तै यस नगरमा पनि रहेको छ। यो योजना निर्माणको अन्तिम चरणमा देखिएको विश्वव्यापी कोभिड १९ को महामारीका कारण वालिङ नगरवासी समेत प्रत्यक्ष रूपमा प्रभावित छन्। यस सन्दर्भमा सघन बस्तीहरू विकास भइरहेको तथा भविष्यमा स्मार्ट सिटीको रूपमा विकास गर्ने सोचसहित अघि बढेको यस नगरपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य एवं जलवायु अनुकुलनका विषयलाई अन्तरसम्बन्धित र विशिष्ठ क्षेत्रका रूपमा लिएर विकासका गतिविधि अगाडी बढाउनु पर्ने अवश्यकता रहेको छ।

नगरले विपद् व्यवस्थापन ऐन तथा स्वास्थ्य र सरसफाई ऐनमार्फत् विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको विषयलाई व्यवस्थित गर्ने प्रयास गरेको छ । विपद् पछिको राहतका लागि नगरको आपत्कालीन प्रतिकार्य कोष रहेको छ । नगरस्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा विपद् प्रतिकार्य सामग्रीको पूर्व व्यवस्था पनि भएको छ । विपद् व्यवस्थापन हेर्ने प्रशासनिक स्रोतव्यक्ति तोकिएको छ । नगरमा वारुणयन्त्र र यसको सञ्चालनका लागि जनशक्तिको आधारभूत व्यवस्थापन गरिएको छ । नगरमा विभिन्न संघ संस्थामार्फत् एम्बुलेन्स (६) सेवा प्रवाह भइरहेको भएपनि कतिपय स्थानमा वर्षाको समयमा यातायातको कारणले एम्बुलेन्स सेवा समेत सहज रूपमा उपलब्ध हुन कठिन रहेको छ । भवन संहिताको कार्यान्वयनबाट विपद् जोखिम कम हुने गरी व्यक्तिगत तथा संस्थागत भवनको संरचनागत मजबुतीका मापदण्ड कायम गरिएको छ । पहिले नै बनेका संरचनाको मजबुतीको सुनिश्चितता गर्न भने सकिएको छैन ।

वडास्तरमा विपद् व्यवस्थापन समितिले औपचारिक रूपमा गठन गरी क्रियाशील गराउन बाँकी रहेको, सामुदायिक विपद् प्रतिकार्यका संरचना निर्माण गर्न बाँकी रहेको तथा नगर र वडास्तरीय विपद् तथा जलवायु उत्थानशील योजना बनाई समुदायस्तरबाट विपद् व्यवस्थापनको सबाललाई मूल प्रवाहीकरण गर्ने प्रक्रियालाई संस्थागत रूपमा अघि बढाउन बाँकी नै रहेको छ । नगरपालिका स्रोत सीमितता तथा तत्कालीन आवश्यकताको सम्बोधनका विषय तथा अन्य दैनिक जनजीवनसँग प्रत्यक्ष जोडिएका पूर्वाधार र सेवामा नै केन्द्रित हुनुपर्दा विपद् जोखिम न्यूनिकरणका पूर्वाधार तयारीलाई पर्याप्त प्राथमिकता दिन सकिएको छैन । विपद् व्यवस्थापन तथा आपत्कालीन व्यवस्थापनका लागि नगरभित्र आपत्कालीन कार्य सञ्चालन वा प्रकोप तथा विपद् सम्बन्धी सूचना संकलन र विश्लेषण गर्ने एकाई तयार गर्न सकिएको छैन ।

वालिङ नगरपालिकामा वडा प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, तथा प्रहरी बिटहरू रहेका छन् । यसबाट नगरवासीमा शान्ति सुरक्षाको न्यूनतम प्रत्याभूति रहेको छ । नगरपालिकाले संवैधानिक अधिकार बमोजिम नगर प्रहरी गठन गरी साँस्कृतिक जमघट, मेला तथा महोत्सव, बजार तथा सवारीको जथाभावी पार्किङ नियन्त्रण आदि क्षेत्रमा नगरको सुरक्षाका लागि परिचालन गर्न बाँकी रहेको छ ।

२. मुख्य अवसर र चुनौती

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत विपद् ब्यवस्थापन तथा नगर प्रहरी सम्बन्धी अधिकार पनि समेटेकोले विपद् तथा आपत्कालीन ब्यवस्थापनका कार्यका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने अवसर नगरलाई छ । विपद् व्यवस्थापन योजना तथा रणनीति बनाउनमा विभिन्न संघसंस्थासँग हुँदै आएको साझेदारीलाई निरन्तरता दिने अवसर छ भने रेडक्रस, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाल सेना जस्ता निकायसँगको स्थानीय साझेदारीका आधारमा विपद् ब्यवस्थापनका कार्यलाई संस्थागत रूपमा अघि बढाउने अवसर रहेको छ । पूर्वाधार विकासका अन्य काममा विपद् व्यस्थापनका पक्षलाई मूल प्रवाहीकरण गरी ती कार्यक्रमको अंगका रूपमा विपद् पूर्वतयारीका संरचनागत (पूर्वाधारजन्य) तथा गैरसंरचनागत कार्यलाई व्यवस्थित गर्ने अवसर पनि रहेको छ ।

पूर्वाधार विकासका क्रममा उत्पन्न हुने विपद् जोखिम घटाउने, प्रकोपको विविधता र अनुमान गर्न नसकिने विपद् व्यवस्थापनका लागि पर्याप्त जनशक्ति र स्रोतको उपलब्धता सुनिश्चित गर्ने, विपद्को समयमा सबैको उचित संरक्षण गर्ने र विपद्बाट सामान्य अवस्थामा फर्कने समय कम गर्ने र दीगो विकासको लक्ष्य अनुसार संकाटासन्न परिवारको उत्थानशीलता प्रवर्द्धन गर्ने, विपद्का कारण आर्थिक विवकासमा पर्ने असर कम गर्ने तथा जलवायु परिवर्तन अनुकुलनको क्षमता विकास गर्ने लक्ष्य प्राप्ति गरी राष्ट्रिय लक्ष्य प्राप्तिमा नगरको तर्फबाट समेत योगदान गर्नु चुनौतीपूर्ण छ ।

३. लक्ष्य

विपद् उत्थानशील नगर बनाउने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य १: विपद् तथा आपत्कालीन व्यवस्थापनका लागि पर्याप्त भौतिक, नीतिगत तथा मानव संशाधनको उपलब्धता सुनिश्चित गर्नु ।

नीति क. विपद् पूर्वतयारीका संरचनागत र गैरसंरचनागत कार्यलाई समान प्राथमिकतामा राखी कार्यान्वयन गरिने छ ।

नीति ख. नगरको विपद् तथा आपत्कालीन व्यवस्थापन एवं जलवायु परिवर्तन अनुकुलन कार्ययोजना बनाउनुका साथै सो योजनाले निर्देश गरे अनुरूप बाढी, आगलागी तथा स्वास्थ्यजन्य महामारी नियन्त्रणका तथा तत्काल प्रतिकार्यका लागि चाहिने खुला स्थान निर्धारण र न्यूनतम जनशक्ति तथा पूर्वाधार एवं उपकरणको भरपर्दो व्यवस्थापन गरिने छ ।

नीति ग. नगरमा प्रकोप, विपद् तथा जलवायु परिवर्तनका समस्या सम्बन्धी सूचना संकलन, विश्लेषण, पूर्व तयारी र प्रतिकार्यका गतिविधि नियमित रूपमा सञ्चालन गर्ने दक्ष जनशक्तिसहितको विपद् व्यवस्थापन एकाई गठन गरिने छ ।

नीति घ. नगरको विपद् प्रतिकार्य अन्तर्गत राहत, पुनर्स्थापना तथा पुनर्लाभका मापदण्ड निर्माण गरी लागु गरिने छ ।

नीति ङ. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाले निर्दिष्ट गरेका कार्यक्रम कार्यान्वयनका लागि न्यूनतम बजेट विनियोजन सुनिश्चितता गरिने छ ।

नीति च. समयवद्ध रूपमा विपद् व्यवस्थापन योजना कार्यान्वयनको समीक्षा तथा परिमार्जन गरी सान्दर्भिक कार्यक्रमलाई बृहत् योजनाको अंग बनाउँदै लगिने छ ।

नीति छ. पूर्वाधार, उपकरण तथा नीति निर्धारणका आवश्यकता अनुसार संघ, प्रदेश तथा बाह्य सहायता निकायसँगको समन्वयन गरिने छ ।

नीति ज. भवन संहितालाई बाढी, पहिरो, आगलागी, चट्याङ लगायतका विपद् जोखिम न्यूनिकरणका विषय समेत समेटेर परिमार्जन गरिने छ । साथै, कार्यान्वयनका लागि प्राविधिक जनशक्तिको क्षमता विकास गरिने छ ।

उद्देश्य २: विपद्को प्रकृति अनुसार विशिष्टीकृत पूर्वाधारको उपलब्धता सुनिश्चित गर्नु ।

नीति क. जोखिम बस्ती पहिचान गरी दीर्घकालीन बस्ती व्यवस्थापन, आवश्यकता अनुसार स्थानान्तरण तथा जोखिम न्यूनिकरण र अल्पीकरणका कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।

नीति ख. वर्षाको पानी सडक तथा बस्ती क्षेत्रबाट भू-क्षय नगरी नदी प्रणालीमा मिसिने गरी आकासेपानी व्यवस्थापनका गतिविधि सञ्चालन गरिने छ । आवश्यकता अनुसार बायो इञ्जिनियरिङ तथा संचरनागत विपद् जोखिम अल्पीकरणका कार्य समेत अघि बढाइने छ ।

नीति ग. सुरक्षित आश्रयस्थल निर्धारण वडास्तरमा गरिनुका साथै सुरक्षित भवन निर्माणको बेग्लै संहिता बनाई सुरक्षित भवन निर्माणमा नगरको स्रोत तथा बाह्य स्रोतको अधिकतम उपयोग गरी सघन बस्ती क्षेत्रमा सुरक्षित सामुदायिक भवन निर्माण गरिने छ ।

नीति घ. संस्थागत, व्यवसायिक एवं अन्य ठूला भवनहरूमा आपत्कालीन निकास (Emergency exit) व्यवस्था गर्न पहल गरिने छ ।

नीति ङ. उपलब्ध वारुणयन्त्रको पहुँच विश्लेषण गरी १५ मिनेटभित्र आगलागी नियन्त्रण स्थलमा पुगिसक्ने गरी वारुणयन्त्र व्यवस्थापन तथा २४ घण्टा सञ्चालन हुने अवस्थामा पुग्ने गरी पूर्वाधार तथा आन्तरिक व्यवस्थापनको कार्य गरिने छ ।

नीति च. वारुणयन्त्रमा नै आगलागीजन्य स्वास्थ्य सम्बन्धी समस्या कम गर्न प्राथमिक उपचार गर्न सक्ने जनशक्ति तथा स्वास्थ्य उपकरणको व्यवस्था गरिनुका साथै आगलागी नियन्त्रणको प्राविधिक तालिमयुक्त जनशक्ति परिचालित हुने व्यवस्था मिलाइने छ ।

नीति छ. स्वास्थ्यजन्य महामारी नियन्त्रण तथा प्रतिकार्यका लागि नगरस्तरमा द्रुत प्रतिकार्य टोली बनाइनुका साथै अस्पतालमा महामारी नियन्त्रण एकाई गठनमा सहयोगी र समन्वयनकारी मूमिका निर्वाह गरिने छ ।

नीति ज. कम्तीमा राष्ट्रिय मापदण्ड अनुसारको स्वास्थ्यकर्मीसहितको बी वर्गको एम्बुलेन्स नगरमा सञ्चालन गर्ने तथा हाल सञ्चालनमा रहेका एम्बुलेन्स सेवाको स्तरोन्नती गर्दै समग्र एम्बुलेन्स सेवाको स्तरमा सुधार गरिने छ ।

नीति झ. सडक दुर्घटना न्यूनिकरणका लागि सचेनामूलक तथा संरचनागत कार्य गरिने छ ।

नीति ञ. सडक दुर्घटना, विद्युतजन्य विपद् तथा अन्य कारणले घाइते भएकाहरूको जीवन रक्षा गर्न आपत्कालीन ट्रमा प्रणालीलाई व्यवस्थित गरिने छ ।

नीति ट. विपद् तथा आपत्कालीन व्यवस्थापनको लागि स्थानीयस्तरमै दक्ष जनशक्ति उत्पादन गरिने छ ।

उद्देश्य ३: विपद् प्रभावितको सम्मान सुरक्षा तथा तत्काल राहत र पुनर्लाभ सुनिश्चित गर्नु ।

नीति क. कुनै पनि प्रकारको प्रकोप सिर्जित विपद् प्रतिकार्य गर्दा प्रभावितहरूको सेवा तथा सुरक्षाको नगर मापदण्ड त्यसको पूर्ण कार्यान्वयन गरिने छ ।

नीति ख. विपद्को समयमा अपाङ्गता भएका, जेष्ठ नागरिक, बालबालिका र गर्भवती र बिरामीहरूको सेवाको लागि विशेष प्रबन्ध गरिने छ ।

नीति ग. नगरको विपद् प्रतिकार्य कोषलाई समृद्ध बनाई मध्यमस्तरको विपद् प्रतिकार्य तथा पुनर्लाभका गतिविधिका लागि नगरलाई आत्मनिर्भर बनाइने छ ।

उद्देश्य ४: नगर विकासका सबै पक्षमा विपद् तथा जलवायु परिवर्तन अनुकुलनलाई मूल प्रवाहीकरण गर्नु ।

नीति क. जलवायु परिवर्तन अनुकुलन बजेट तर्जुमा विधि निर्धारण गरी कार्यान्वयन गरिने छ ।

नीति ख. सबै सार्वजनिक भौतिक पूर्वाधारका कार्यमा विपद् जोखिम न्यूनिकरण तथा अल्पीकरणका संरचनागत कार्य समावेश गरिने छ ।

नीति ग. निश्चित रकम भन्दामाथिका पूर्वाधार निर्माणका कार्यको योजना बनाउँदा विपद् व्यवस्थापन तथा जलवायु अनुकुलनको कार्ययोजना समावेश गर्ने व्यवस्था गरिने छ ।

नीति घ. उद्योग तथा कलकारखाना स्थापना गर्दा हरितगृह ग्याँस उत्सर्जन निरुत्साहित गरिनुका साथै न्यूनिकरणका कार्यक्रम समेत एकीकृत रूपमा अघि बढाउनु पर्ने व्यवस्था गरिने छ ।

नीति ङ. नगर सरसफाई, खानेपानी व्यवस्थापन, स्वास्थ्य सेवा आदि सञ्चालनका पूर्वाधार तयार गर्दा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा प्रत्यक्ष योगदान गर्ने गरी गरिने छ ।

नीति च. व्यक्तिगत आवास लगायतका संरचना निर्माण गर्दा शौचालयको फोहोर पानीका स्रोत वा संकलन र उपयोग बिन्दुमा मिसिन नदिने कुराको सुनिश्चितता गरिने छ ।

उद्देश्य ५ : नगर सुरक्षामा नगरपालिकाको भूमिका प्रभावकारी बनाउनु ।

नीति क. नगर प्रहरी गठन तथा काम, कर्तव्य र अधिकारसहितको नगर प्रहरी ऐन तथा नियमावली निर्माण गरी कार्यान्वयन गरिने छ ।

नीति ख. ऐनमा व्यवस्था गरे अनुसार नगर प्रहरी गठन र परिचालन गरिने छ। नगर प्रहरीलाई आपत्कालीन समयमा साथै हाट तथा अन्य प्रयोजनमा हुने भिडभाड नियन्त्रण, बजार व्यवस्थापन, फोहोर मैला व्यवस्थापन जस्ता कार्यको नियमन तथा साँस्कृतिक जमघट व्यवस्थापन जस्ता कार्यमा परिचालन गरिनेछ।

नीति ग. ट्राफिक प्रहरी तथा जनपद प्रहरीका साथै सशस्त्र प्रहरी लगायत सुरक्षा निकायसँगको समन्वयमा नगरको शान्ति सुरक्षा, लागुऔषध नियन्त्रण र सवारी व्यवस्थापन लगायतका कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

नीति घ. आवश्यकता अनुसार क्लस्टरस्तरमा प्रहरी चौकी तथा बिटहरूको व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वयन गरिने छ।

नीति ङ. सडक बत्ती तथा सघन बस्ती र बजार क्षेत्रमा सिसी क्यामेरामार्फत् सुरक्षा निगरानी तथा प्रतिकार्यका लागि नेतृत्वदायी भूमिका निर्वाह गरिने छ।

तालिका १/५.४.२ : आवधिक प्राथमिकता : विपद् तथा आपत्कालीन ब्यवस्थापन

क. संविधानको अनुसूची ८ मा विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा सूचीकृत गरेको छ। त्यसैगरी अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा समेत विपद् व्यवस्थापनलाई समेटेको छ। नगरपालिकामा नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ रहेको छ तर विपद् ब्यवस्थापन सम्बन्धी ऐन अन्तर्गत निर्माण हुनुपर्ने नियमावली लगायतका पुरक कानुनी औजार निर्माण नभएको अवस्था रहेको छ। यसका साथै नगर वा वडाहरूमा विपद् स्थानीय विपद् जोखिम ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना निर्माण भएको छैन। ऐनमा विपद् अल्पीकरण र अनुकुलनका सबाल सम्बोधन गरिएको भएतापनि विपद् ब्यवस्थापन र जलवायु परिवर्तनका सबाललाई सबै विकास र सेवा क्षेत्रको अन्तर सम्बन्धित सबालका रूपमा समेट्ने विधि ऐनमा परिभाषित नभएको अवस्था रहेको छ। संघीय ऐनले गरेको व्यवस्था, विपद् प्रतिकार्य कार्यढाँचा, कार्ययोजनाको मार्गदर्शन तथा निर्णय अनुसारको विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तयार नभएको अवस्था रहेको छ। तसर्थ ऐनको प्रावधान अनुसार नगरको विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन नियमावली, कार्यविधि, रणनीति र कार्यक्रम तय गरी स्थानीय तहको विपद् तथा आपत्कालीन ब्यवस्थापनको संस्थागत नेतृत्व नगरपालिकाले लिने गरी विपद् तथा जलवायु उत्थानशील नगर निर्माण गर्न निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐनअन्तर्गत नियमावली, कार्यविधि तथा निर्देशिका बनाउने।	१. विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी कानुनको पुनरावलोकन र संशोधन गर्ने।	१. परिवर्तित सन्दर्भमा विपद् तथा आपत्कालीन व्यवस्थापन र अनुकुलन सम्बन्धी स्थानीय कानुनमा आवश्यक परिमार्जन तथा नयाँ कार्यविधि तथा निर्देशिका निर्माण गर्ने।
२. जलवायु अनुकुलन सम्बन्धी निर्देशिका निर्माण गर्ने।	२. पूर्वाधार निर्माण सम्बन्धी स्थानीय कानुनमा विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलताको विषय समेटी आवश्यक परिमार्जन गर्ने।	२. आर्थिक विकास, सामाजिक विकास र पूर्वाधार विकास अन्तर्गतका कार्यक्रममा संलग्न गरिएका विपद् व्यवस्थापन तथा जलवायु अनुकुलनका मापदण्ड कार्यान्वयनको आवधिक समीक्षा गर्ने।
३. विद्यमान विपद् व्यवस्थापन ऐनमा जलवायु अनुकुलन तथा आपत्कालीन व्यवस्थापन (शान्ति सुरक्षा, आगलागी नियन्त्रण, सडक सुरक्षा, वन्यजन्तु आतंक, स्वास्थ्यजन्य महामारी नियन्त्रण) का विषय समेटी संशोधन गर्ने ।		

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
४. दीगो विकास लक्ष्य १३ लाई समेत लक्षित गर्दै नगरपालिकाले जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकुलनका उपायहरूलाई आफ्नो योजनाहरूमा समायोजन गर्ने ।	४. जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकुलनका उपायहरूलाई नगरको योजनाहरूमा समायोजन गर्ने ।	४. जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरूको सामना गर्न र अनुकुलनका उपायहरूलाई आफ्नो योजनाहरूमा समायोजन गर्ने ।
५. जलवायु परिवर्तन अनुकुलनमैत्री बजेट तर्जुमा र कार्यान्वयन निर्देशिका तयार गर्ने ।	५. जलवायु परिवर्तन अनुकुलनमैत्री बजेट तर्जुमा र कार्यान्वयन निर्देशिकामा आवश्यक परिमार्जन गर्ने ।	५. स्थानीय बजेटलाई जलवायु परिवर्तन अनुकलनमा केन्द्रित बजेट वर्गीकरणको पद्धति विकास गर्ने ।
६. नगरस्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तथा वडास्तरमा सामुदायिक विपद् तथा जलवायु उत्थानशील योजना तथा विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गर्ने ।	६. स्थानीय, सामुदायिक एवं विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको वार्षिक रूपमा समीक्षा तथा परिमार्जन गर्ने एवं नयाँ योजनाहरू निर्माण गर्ने ।	६. स्थानीय, सामुदायिक तथा विद्यालयस्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणलाई निरन्तरता दिने ।

ख. संविधानको भाग ४ धारा ५१ 'छ' को प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जल उत्पन्न प्रकोप नियन्त्रण गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनिकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने कुरा उल्लेख छ । वि.सं. २०७२ सालको भुकम्पले आंशिक प्रभावित यस नगर भुकम्प, बाढी एवं पहिरोबाट जोखिममा रहेको छ । भौगोलिक हिसाबले कमजोर भू-भाग र मध्यमखालको जलाधारीय अवस्थाले गर्दा यस नगरपालिकामा वर्षेनी बाढी तथा पहिरो हुने गरेको छ । मदिखोलाका दायाँबायाँका बस्ती, बडर्दीखोला नजिकका बस्ती, पण्डितथोक, राङ्दी, तल्लो वालिङ जस्ता बस्तीहरू, वडा नं. १३ का झलुङ्गेबजार, ठूलाखेत जस्ता बस्तीहरू जोखिममा रहेका छन् । यसका साथै अर्मादी खोलाका दायाबाँयाका बस्ती,वालिङ बजार, खरिबोट बजार, डुम्रीकोट, गह्रौकालिका आधारभूत विद्यालय, (डुबान) आम्डाली, एक्लेपिपल, सुर्कोदी, तल्लो कल्लेरी, तल्लो वालिङ, वन कार्यालय वरपर, छिस्तुङ, बाह्रविसे, डुडखोला, झलुङ्गेबजार, ठूलाखेत जस्ता स्थानहरूडुबान हुनसक्ने सम्भावना रहेको छ । जसलाई नक्सा नं.१/५.४.२ पनि देखाइएको छ । नक्सामा डुबानको सम्भावना भएका विभिन्न नदीको ५० र १०० मिटर आसपासका बस्ती चित्रण गरिएको छ । नक्साको आधारमा जोखिममा रहेका बस्तीहरू पहिचान गरी बस्ती स्थानान्तरण एवं उक्त जोखिमयुक्त स्थानहरूमा आवश्यक स्थानहरूमा तटबन्धन कार्यहरू पनि गर्न सकिन्छ । तसर्थ वातावरणलाई क्षति पुऱ्याउन सक्ने सम्भावित घटना वा आपत्कालीन स्थितिको विश्लेषण गरी त्यस्ता घटना वा परिस्थितिलाई प्रभावकारी एवं उपयुक्त ढङ्गले सामना गर्न सक्षम हुनका निमित्त विभिन्न योजनाहरू निर्माण एवं प्रभावकारी कार्यान्वयनको आवश्यकता छ ।

नक्सा १/५.४.२ : डुबान र पहिरोबाट जोखिमयुक्त बस्ती



Settlement	Households
Within 50m from Armadi, Madhi, Andhi River	153
Within 100m from Armadi, Madhi, Andhi River	418

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. पहिरो जोखिम रहेका क्षेत्रमा तारजाली वा टेवा पर्खाल निर्माण तथा बायो-इञ्जिनियरिङ अघि बढाउने ।	१. सडक क्षेत्रको दायाँबायाँ रहेका एकाध परिवार मात्र बसोबास गर्ने जोखिमयुक्त घरलाई सार्ने र बढी जोखिममा रहेका टोल बस्ती लक्षित टेवा पर्खाल निर्माण कार्य सम्पन्न गर्ने ।	१. पहिरोको जोखिमलाई मध्यनजर गर्दै पहिरो जोखिम रोकथामका नवीनतम खोज तथा प्रविधिहरूलाई अँगाल्दै पहिरो जोखिम न्यून बनाउने ।
२. बाढी तथा डुबानको जोखिममा रहेका स्थानहरू तथा बस्तीहरूको सुरक्षाका लागि संकटासन्न क्षेत्रमा भू-क्षय तथा नदी कटान रोकथामका लागि तटबन्धन कार्यक्रम सञ्चालन गर्ने ।	२. बाढी डुबानबाट क्षतिग्रस्त क्षेत्रहरूको पहिचान गरी विभिन्न संघ संस्थाहरूसँगको समन्वयमा भू-क्षय तथा नदी कटान रोकथामका लागि तटबन्धन गर्ने ।	२. साझेदारीमा विपद् तथा जलवायु समानुकुलित विकास योजनाहरू सञ्चालन गर्दै आगामी वर्षहरूमा नगरपालिका आफैले विगतका साझेदारीमा भएका सकारात्मक कार्ययोजनाहरूको अनुशरण गर्दै विपद् व्यवस्थापनका लागि कार्ययोजनाहरू बनाई कार्यान्वयन गर्ने ।
३. सम्भावित हानी, नोक्सानी एवं क्षति कम गर्न जोखिम क्षेत्रमा रहेका व्यक्ति, समुदाय एवं सङ्घ/संस्थाहरूलाई पूर्वतयारीमा रहन र समयमा नै उपयुक्त ढङ्गले कार्य गर्न आवश्यक पर्ने पूर्वसूचना चेतावनी प्रणालीको विकास गर्ने ।	३. मुख्य नदीहरूमा बाढीको अनुगमन गरी पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउने ।	३. मुख्य नदीहरूमा बाढीको अनुगमन गरी पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउँदै लैजाने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
४. प्राकृतिक प्रकोपका हिसाबले जोखिममा रहेका स्थानहरूमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी वातावरणीय सन्तुलन कायम राख्दै हरियाली प्रवर्द्धन गर्ने।	४. वृक्षारोपण बिरुवाहरूको संरक्षण गर्दै वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिने ।	४. वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिने ।

ग. २०७२ सालको विनाशकारी भूकम्पको प्रभाव यस नगरमा पनि परेकोमा क्षेतीग्रस्त कतिपय संरचनाको पुनर्निर्माणका कार्य अझै बाँकी रहेको छ। जलवायु परिवर्तनको प्रभावबाट पनि नगर मुक्त छैन। यसै सन्दर्भमा भूकम्प पछिको पुनर्निर्माणका कार्य सम्पन्न गर्ने र स्थानीय विकासका सवालमा भूकम्प लगायतका प्रकोप सिर्जित विपद् जोखिम न्यूनिकरण र जलवायु अनुकुलका सवाललाई समाहित गर्दै अघि बढ्ने आवश्यकता रहेको छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. संघ तथा प्रदेशसँगको समन्वय र स्थानीय समुदायसँगको सहकार्यम २०७२ को भुकम्पबाट क्षतिग्रस्त भएका र पुनर्निर्माण गर्न बाँकी सबै विद्यालय भवन, स्वास्थ्य चौकी तथा वडा कार्यालय भवनको पुनर्निर्माण कार्य सम्पन्न गर्ने तथा एकीकृत बस्ती लगायत व्यवस्थित आवास निर्माण वा पुनर्निर्माणको कार्य सम्पन्न गर्ने ।	१. भौतिक पूर्वाधारका योजनाहरूलाई जलवायु अनुकुल बनाउँदै लैजाने ।	१. विपद् व्यवस्थापन एवं जलवायु परिवर्तनलाई समेत मध्यनजर गरी निर्माणका कार्यहरू गर्ने ।
२. भुकम्पीय सुरक्षा बाहेक सुरक्षित निर्माणको बहुआयामलाई समेटेर भवन तथा पूर्वाधार निर्माणमा प्राविधिक सहायता गर्न सक्ने गरी प्राविधिक शाखाको क्षमता विकास गर्ने ।	२. आवश्यकता हेरी भवन तथा पूर्वाधार निर्माणमा प्राविधिकहरू थप गर्ने र उक्त शाखाका कर्मचारीहरूका लागि अनुशिक्षण उपलब्धतालाई निरन्तरता दिने ।	२. आवश्यकता हेरी भवन तथा पूर्वाधार निर्माणमा दक्ष प्राविधिकहरू थप गर्ने ।

घ. नगरपालिकामा खोज, उद्दार, राहत तथा शीघ्र पुनर्लाभका लागि आवश्यक विपद् प्रतिकार्य सामग्रीको नगरपालिका कार्यालयमा पूर्व व्यवस्था गरिएको छ। तर विपद् व्यवस्थापन ऐनमा व्यवस्था गरिए अनुसार राहतको न्यूनतम मापदण्ड तय नगरिएको तथा राहत सामग्रीको न्यूनतम पूर्व व्यवस्था नभएको अवस्था रहेको छ। तसर्थ नगरपालिकामा विपद् व्यवस्थापन योजना एवं प्रतिकार्य योजना निर्माणको अभ्यास नगरमा नभएको सन्दर्भमा योजना निर्माण र अद्यावधिक गर्ने अभ्यासलाई नियमित गराउनु तथा सबै विपद् प्रभावितलाई स्फेयर मापदण्ड अनुकुलको राहत वितरण हुने अवस्थामा पुग्नु नगरको प्राथमिकतामा रहेको छ। त्यसैले आपत्कालीन अवस्थामा जनधनको सुरक्षा तथा सेवा प्रदान गर्न आकस्मिक योजना लगायत विपद् प्रतिकार्यका लागि आवश्यक सामग्रीहरूको व्यवस्था गरी वडास्तरमा समेत प्रतिकार्य एवं राहतका सामग्री एवं गोदाम घरको व्यवस्थापन गरी सेवा प्रवाह गर्नको निमित्त निम्न कार्यक्रमलाई आवधिक प्राथमिकतामा राखिएको छ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. विपद्को समयमा अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका एवं ज्येष्ठ नागरिकको सुरक्षा तथा आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा अनुकुलनका प्रावधानसहितको स्थानीय कार्यविधि निर्माण गर्ने ।	१. अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका एवं ज्येष्ठ नागरिकको सुरक्षा तथा आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा अनुकुलका प्रावधानसहितको स्थानीय कार्यविधिमा आवश्यकता अनुरूप परिमार्जन गर्ने।	१. आपत्कालीन सेवामा पहुँच सम्बन्धी स्फेयर कार्यढाँचा अनुकुलनका प्रावधानसहितको स्थानीय कार्यविधिमा समयानुसार संशोधन एवं परिमार्जन गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२. विपद् प्रभावितका लागि विपद् प्रतिकार्य कोष सञ्चालन तथा राहत वितरण कार्यविधि निर्माण गर्ने ।	२. सरोकारवालासँगको समन्वय बढाई विपद् व्यवस्थापन कोषमा जुट्ने सहयोगको दायरा विस्तार गरी मुलधनको आकार वृद्धि गरी सबै किसिमका विपद् प्रतिकार्य गर्न सक्ने अवस्थामा पुऱ्याउने ।	२. विभिन्न संघ संस्थाहरूसँग समन्वय गरी विपद् प्रतिकार्य कोषको रकम वृद्धि गर्ने ।
३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने ।	३. विपद् व्यवस्थापन (पूर्वतयारी, आपत्कालीन प्रतिकार्य र पुनर्लाभ) को वित्तीय रणनीति तयार गरी लागु गर्ने । विपद् प्रतिकार्यका औजारहरू उपयुक्त अवस्थामा राख्नुका साथै क्लस्टरगत रूपमा सामुहिक बसोबासको सामग्री सेटको पूर्व व्यवस्था गर्ने ।	३. समयानुसार विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाहरूमा परिमार्जन गर्दै आवश्यकता अनुरूप नयाँ योजनाहरू निर्माण गर्ने ।
४. खोज तथा उद्धार सामग्रीहरूको पूर्वव्यवस्था गर्ने ।	४. विपद् व्यवस्थापनका निमित्त बनाइने गोदाम घरको सञ्चालन एवं व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गरी आवश्यकता हेरी गोदाम घरको व्यवस्था प्रत्येक वडामा गर्ने ।	४. क्लस्टरगत रूपमा रहेका विपद् प्रतिकार्य औजारमा आवश्यक थपघट तथा सामुहिक बसोबासका सामग्रीको अपुग पूर्ति र उपयोगिता कायम गर्ने ।
५. नगरपालिकाको बजार अनुगमन निर्देशिकामा आपत्कालीन अवस्थामा बजारको नियमन सम्बन्धी व्यवस्था समेत समेटिने गरी संशोधन गर्ने ।	५. विपद्लाई मध्यनजर गर्दै बजार अनुगमन निर्देशिकाको आवधिक समीक्षा गर्दै आवश्यकता अनुरूप परिमार्जन गर्ने ।	५. बजार अनुगमन निर्देशिकाको समयानुसार परिमार्जन एवं संशोधन गर्ने ।

ङ. आपत्कालीन आश्रयस्थलको रूपमा प्रयोग गर्नको लागि नगरपालिकामा खुला स्थान र पार्कहरू रहेको छ । विपद् व्यवस्थापन समितिले विद्यालय, सामुदायिक भवन लगायतलाई सुरक्षित आश्रयस्थलका रूपमा प्रयोग गर्ने निर्णय समेत लिएको छ । तर, नगर क्षेत्रमा जनघनत्व बढेसँगै सुरक्षित भवन एवं खुल्ला स्थानहरूको आवश्यकता भएकाले आगामी वर्षका लागि प्रति भवन २०० व्यक्ति अटाउने थप सुरक्षित भवन निर्माण गर्नुपर्ने आवश्यकता छ । तसर्थ विपद्का दृष्टिकोणले आपत्कालीन आश्रयस्थलको रूपमा प्रयोग गर्नको लागि नगरपालिकामा खुल्ला स्थान, सुरक्षित भवन र पार्कहरूको संख्यामा अपर्याप्तता भएकाले निम्न बुँदाहरू प्राथमिकतामा राखिएका छन् ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगर तथा वडास्तरमा रहेका सुरक्षित भवनको अवस्था विश्लेषण गर्ने । ग्रामीण क्षेत्रमा आपत्कालीन आश्रयस्थल पहिचान र निर्धारण गर्ने र सुरक्षित आश्रयस्थलको निर्माण गर्ने । साथै कोभिड १९ महामारीको सामना गर्नका निमित्त क्वारेनटाइन तथा आइसोलेसन कक्षहरूको उचित व्यवस्था गर्ने ।	१. बाल तथा अपाङ्गमैत्री र विपद् प्रतिरोधात्मक बहुउपयोगी शौचालय, खानेपानी, वैकल्पिक ऊर्जाको व्यवस्था भएको प्रत्येक नगरवासीको पहुँचमा पुग्ने गरी नगरमा सुविधायुक्त सुरक्षित भवनहरू निर्माण गरी समुदायको जानकारीमा ल्याउने ।	१.जोखिमयुक्त बस्ती स्थानान्तरण गरी भू-उपयोग योजना बमोजिम कम्तीमा ५ वटा सुरक्षित एकीकृत बस्ती निर्माण गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२. विपद् परेको समयमा प्रयोग गर्नका लागि खुल्ला स्थान तथा चौरहरूको पहिचान र नक्सांकन गर्ने र सबै वडामा खुला स्थान पहिचान गरी इन्भेन्टरी तयार पार्ने टोलगत रूपमा खुला स्थान सम्बन्धी सूचना प्रवाह गर्ने ।	२. खुल्ला स्थानहरूको संरक्षणमा स्थानीयलाई प्राथमिकता दिँदै सरसफाई लगायत संरक्षणका कार्यक्रमहरू गर्ने र निर्माण भएका सुरक्षित स्थलहरूको नियमित अनुगमन गर्ने ।	२. सुरक्षित आश्रयस्थलको व्यवस्थापन तथा उपयोगिता कायम राख्ने र खुल्ला स्थान एवं सुरक्षित आश्रयस्थलहरूको नियमित अनुगमन गर्ने ।
३. पूर्वाधार र सेवा व्यवस्थापन शाखाका कर्मचारीका लागि विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी आधारभूत अनुशिक्षण उपलब्ध गराउने ।	३. पूर्वाधार र सेवा व्यवस्थापन शाखाका कर्मचारीका लागि विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी आधारभूत अनुशिक्षण उपलब्ध गराउने ।	३. विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी आधारभूत अनुशिक्षण उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने ।

च. नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार अन्तर्गत नगर प्रहरी सम्बन्धी अधिकार पनि समेटेको र नेपालको संविधानको धारा २१६ को उपधारा (१) बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बनाएको जस अन्तर्गत नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्दार, राहत तथा पुनर्स्थापनामा नगर प्रहरी परिचालन गर्न सकिने विषय समेटिएको छ । नगरले विपद् जोखिम न्यूनिकरण ब्यवस्थापन ऐन २०७५ जारी गरेको छ । नगरमा ३ जना नगर प्रहरीको व्यवस्था भई नगरका विभिन्न कार्यक्रममा परिचालन गरिएको छ । नगर प्रहरीलाई आपत्कालीन समयमा साथै हाट तथा अन्य प्रयोजनमा हुने भिडभाड नियन्त्रण, बजार व्यवस्थापन, फोहोर मैला व्यवस्थापन जस्ता कार्यको नियमन तथा साँस्कृतिक जमघट व्यवस्थापन जस्ता कार्यमा परिचालन गर्नका निमित्त नगर प्रहरी व्यवस्थापन सम्बन्धी नीति निर्देशिकाको आवश्यकता रहेको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगर प्रहरी गठन र सञ्चालन सम्बन्धी ऐन र नियमावली निर्माण गर्ने ।	१. नगर प्रहरी सञ्चालन सम्बन्धी बनेका नीतिहरूको आवधिक समीक्षा गरी आवश्यकता अनुरूप परिमार्जन गर्ने ।	१.नगर प्रहरी सञ्चालन सम्बन्धी बनेका नीतिहरूको आवधिक समीक्षा गरी आवश्यकता अनुरूप संशोधन गर्ने ।
२. विपद् प्रतिकार्य तथा आपत्कालीन सेवा प्रवाहमा आवश्यकता अनुसार नगर प्रहरी परिचालनको अभ्यास शुरु गर्ने । कोभिड १९ लगायत अन्य विपद् बाट नगरवासीलाई जोगाउन नेपाल प्रहरीसँग सहकार्य गरी नगर प्रहरीलाई आवश्यकता अनुरूप विपद प्रतिकार्य तथा आपत्कालीन सेवा प्रवाहमा परिचालन गर्ने ।	२. विपद् प्रतिकार्य र आपत्कालीन सेवामा नगर प्रहरीलाई परिचालन गर्ने ।	२. नगर प्रहरीको थप व्यवस्थासँगै विपद् प्रतिकार्य र आपत्कालीन सेवामा नगर प्रहरीलाई परिचालन गर्ने ।
३. समुदाय स्वयं तथा नगर प्रहरी र अन्य सुरक्षा संयन्त्र (प्रहरी, सेना आदि) को सहयोगमा पार्क, मनोरञ्जन, खुला क्षेत्र र खेलकुद मैदानहरू लगायत सम्पदा क्षेत्र संरक्षण गर्ने ।	३. नगर प्रहरी, अन्य सुरक्षा संयन्त्र र स्थानीय (प्रहरी, वन विभागआदि) को सहयोगमा पार्क, मनोरञ्जन, खुला क्षेत्र र खेलकुद मैदानहरू संरक्षण गर्ने ।	३. नगर प्रहरीको सेवाको निरन्तरता र विस्तार गर्दै जाने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
४. सम्बन्धित निकायसँगको समन्वयमा नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाईलाई स्थानीय शान्ति सुरक्षाको चुनौती सामना गर्न सघाउने गरी क्षमता विकासका सैद्धान्तिक कक्षा सञ्चालन गर्ने ।	४. नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाईलाई स्थानीय शान्ति सुरक्षाको चुनौती सामना गर्न सघाउने गरी क्षमता विकासका कार्यक्रमहरू आयोजना गर्ने ।	४. नगर प्रहरी र नेपाल प्रहरीका स्थानीय इकाइको क्षमता विकासका कार्यक्रमहरूलाई निरन्तरता दिने ।

छ. नगरमा सडक दुर्घटना पनि प्रमुख समस्याको रूपमा रहेको छ । नगरका बजार क्षेत्रमा केही संख्यामा सिसी क्यामेरा जडान गरिएको र वडा प्रहरी कार्यालयबाट त्यसको सूचना ब्यवस्थापन भएको छ । उद्योग वाणिज्य संघ, नगरपालिका, बैंक तथा वित्तीय संस्थाको समन्वयमा थप सिसी क्यामेरा जोड्ने प्रक्रिया समेत अघि बढेको छ । तर सिसी क्यामेराको नियमित मर्मत सम्भार र ब्यवस्थापन हुन नसकेको अवस्था रहेको छ । सडक दुर्घटना नियन्त्रणका लागि विभिन्न प्रयास भएको भएता पनि नगरमा दुर्घटना हुने क्रम बढ्दो रहेकोले सडक सुरक्षाको दुष्टिकोणबाट दुर्घटनाको सम्भाव्यतालाई मध्यनजर गर्दै सडक सुरक्षा कायम गर्न विभिन्न नीतिका साथै सडक स्तरोन्नति आवश्यक भएकाले निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. जडान भएका सिसी क्यामेराको मर्मत सम्भारसँगै आवश्यक स्थानमा सिसी क्यामेराको थप व्यवस्था गर्ने ।	१. सडक दुर्घटना एवं अन्य सामाजिक अपराधका गतिविधि न्यूनिकरण गर्न आवश्यक स्थानहरूमा सिसी क्यामेराको व्यवस्था गर्ने ।	१. सडक दुर्घटना न्यूनिकरणका लागि भएका प्रविधिहरूको विकासलाई सम्भाव्यता हेरी नगरमा व्यवस्था गरी सडक दुर्घटना एकदमै न्यून बनाउने ।
२. समुदाय र निजी क्षेत्रको समन्वयमा बजार क्षेत्रमा सडक बत्तीको व्यवस्थापन गर्ने ।	२. सडक बत्ती एवं सिसी क्यामेराको व्यवस्था नगरका प्रत्येक स्थानमा पुऱ्याउने ।	२. सडक बत्तीको व्यवस्थासँगै आवश्यक मर्मत गरी यसको विस्तार गर्ने ।
३. सडक दुर्घटनालाई मध्यनजर गरी आवश्यक स्थानमा सडक चिन्हहरू, सिग्नलहरू, जेब्राक्रस एवं ट्राफिक पोलिसहरूको व्यवस्था गर्ने ।	३. सबै घरमा आपत्कालीन सेवा सुनिश्चित हुने गरी सडक पूर्वाधार विकास गर्ने । सडक दुर्घटना नियन्त्रणका लागि जोखिमयुक्त स्थानहरूमा सडक सुरक्षाको संरचना बनाउने ।	३. आवश्यकता हेरी नगरमा रहेका स्थानमा ट्राफिक चिन्ह, ट्राफिक लाइटहरूको मर्मत सम्भार गर्ने तथा आवश्यक स्थानमा ट्राफिक चिन्ह, ट्राफिक लाइट एवं ट्राफिकहरूको व्यवस्था गर्ने ।
४. प्रहरी बिटहरूको व्यवस्थापन गर्ने ।	४. आवश्यकता अनुरूप ट्राफिक बिट एवं ट्राफिक प्रहरीहरूको थप व्यवस्था गर्ने ।	४. शहरीकरण बढेसँगै ट्राफिक बिट एवं ट्राफिक प्रहरीहरूको थप व्यवस्था गर्ने ।
५. सडक दुर्घटना हुने क्षेत्रहरूको पहिचान गरी न्यूनिकरणका लागि ट्राफिक सचेतना कार्यक्रमका साथै ट्राफिक प्रहरी तथा जनपद प्रहरीका स्थानीय एकाईसँगको नगरको शान्ति सुरक्षा, लागुऔषध नियन्त्रण र सवारी व्यवस्थापन लगायतका कार्यक्रम समन्वय बैठक नियमित सञ्चालनको अभ्यास गर्ने ।	५. सडक दुर्घटना न्यूनिकरणका लागि सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने ।	५. सडक दुर्घटना न्यूनिकरणका लागि सचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने ।

ज. अव्यवस्थित विद्युतीय तारहरूका कारण नगरमा आगलागी हुने सम्भावना बढिरहेको छ। आगलागी नियन्त्रणका लागि नगरपालिकामा वारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन निर्देशिकाले वारुणयन्त्रको सेवालाई व्यवस्थित गरेको छ। नगरले आपत्कालीन सेवाका लागि महत्वपूर्ण मानिएको वारुणयन्त्र आफैंले सञ्चानल गरेको छ। नगरमा एउटा दमकल रहेको तथा अन्य संघ संस्थाबाट एम्बुलेन्स सञ्चालनमा रहेको छ।

आपत्कालीन अवस्थाका लागि नगरमा एम्बुलेन्स एवं वारुणयन्त्रहरू अपर्याप्तता रहेको छ जसलाई तलको चित्र २/ ५.५.२ द्वारा प्रस्ट्याइएको छ। नगरमा रहेका एम्बुलेन्स एवं दमकलले केही आसपासका क्षेत्रमा मात्र सेवा पुऱ्याउन सक्दछ तर नगरका अन्य वडावासीहरू आपत्कालीन समयमा यस सुविधालाई छिटोछरितो सेवाको पहुँचमा पुग्न नसकेको अवस्था रहेको छ। तसर्थ सम्पूर्ण नगरवासीले एम्बुलेन्स, शवबाहन, दमकल जस्ता सेवाहरूमा सहज पहुँच पुऱ्याई विपद् जोखिमबाट सुरक्षित नगर निर्माण गर्नका निमित्त निम्न प्राथमिकताहरू तल प्रस्तुत गरिएको छ।

नक्सा २/५.४.२ : नगरमा रहेका आपत्कालीन प्रतिक्रिया क्षमता



अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. जनावर एवं चराचुरुङ्गीबाट सर्ने महामारीलाई समेत मध्यनजर गरी उक्त विषय समेटी सरसफाई निर्देशिका निर्माण गर्ने। जसमा पशुपंक्षीहरूबाट सर्ने रोगहरूलाई मध्यनजर गरी कुखुरा, बंगुरलाई नियमित चेकजाँच गराउने, पशुपंछी बस्ती भन्दा टाढा पालन गर्ने, क्वारेन्टाइनको व्यवस्था गर्ने जस्ता विषयहरू समेटिने।	१. महामारीको समयमा महामारी नियन्त्रण एवं सुरक्षित हुन महामारी सम्बन्धी निर्देशिकाको समीक्षा गर्दै आवश्यक परिमार्जन गर्ने। निर्माण गर्ने।	१. महामारी सम्बन्धी भएका निर्देशिका एवं कार्यविधिलाई आवश्यकता हेरी संशोधन गर्ने।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
२. वारुणयन्त्र सञ्चालन, शवबाहन, एम्बुलेन्स तथा फायरम्यान परिचालन सम्बन्धी कार्यविधि निर्माण गर्ने ।	२. वारुणयन्त्र सञ्चालन, शवबाहन, एम्बुलेन्स तथा फायरम्यान परिचालन कार्यविधिको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने ।	२. वारुणयन्त्र सञ्चालन, शवबाहन, एम्बुलेन्स तथा फायरम्यान परिचालन कार्यविधिको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्ने ।
३. सम्बन्धित निकाय एवं स्थानीय-हरूको सहकार्यमा विद्युतीय एवं केवल नेटवर्कका लागि टाँगिएका अनावश्यक तारहरू हटाउने ।	३. विद्युतीय एवं केवल नेटवर्कका तारहरूको नियमित अनुगमन गरी आवश्यकता अनुरूप मर्मत गर्ने ।	३. विद्युतीय एवं केवल नेटवर्कका तारहरूलाई भूमिगत गर्न आवश्यक व्यवस्था मिलाउने ।
४. वारुणयन्त्र सञ्चालनका लागि प्रशिक्षित फायरम्यानको व्यवस्था गर्ने ।	४. वारुणयन्त्रहरूको संख्या वृद्धिसँगै प्रशिक्षित फायरम्यानहरूको व्यवस्था गर्ने ।	४. वारुणयन्त्रहरूको मर्मत सम्भारसँगै आवश्यकतानुसार प्रशिक्षित फायरम्यानहरूको व्यवस्था गर्ने ।
५. व्यवसायिक, संस्थागत तथा सामुदायिक भवन, विद्यालय, सरकारी भवन, कलकारखाना जस्ता मानिसको बढी जमघट हुने संरचनामा अग्नी नियन्त्रक ग्याँस (Fire Extinguisher) अनिवार्य रूपमा राख्ने सम्बन्धी निर्देशिका निर्माण गर्ने ।	५. अग्नी नियन्त्रक ग्याँस (Fire Extinguisher) अनिवार्य राख्ने सम्बन्धमा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने ।	५. अग्नी नियन्त्रक ग्याँस (Fire Extinguisher) अनिवार्य राख्ने सम्बन्धमा निर्देशिकाको आवधिक समीक्षा गर्दै आवश्यक परिमार्जन गर्ने ।
६. वारुणयन्त्र तथा एम्बुलेन्सको सेवा सबैतिर समयमा पुऱ्याउनका लागि भौतिक पूर्वाधार, जनशक्ति तथा सम्बन्धित उपकरणको व्यवस्थापन गर्ने ।	६. नगर अस्पतालमार्फत् 'ख'वर्गको (स्वास्थ्य सहायकसहितको) एम्बुलेन्स सेवा सञ्चालन गर्ने ।	६. 'ख' वर्गको एम्बुलेन्स सेवामा सबै नागरिकको पहुँच सुनिश्चित हुने गरी कम्तीमा ३ वटा एम्बुलेन्स नगर अस्पताल वा क्लस्टरस्तरबाट सञ्चालन गरी हालको एम्बुलेन्स सेवालाई विस्थापित गर्ने ।
७. बढी जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा गर्भवती) लाई आपत्कालीन स्वास्थ्य सेवा पुऱ्याउन सहयोग गर्न एम्बुलेन्स सेवा निःशुल्क गराउन पहल गर्ने ।	७. बढी जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा गर्भवती) लाई आपत्कालीन स्वास्थ्य सेवा पुऱ्याउन सहयोग गर्न एम्बुलेन्स सेवा निःशुल्क गराउन नगरपालिकाबाट लागत व्यहोर्ने व्यवस्था मिलाउने ।	७. एम्बुलेन्स लगायतका आपत्कालीन सेवामा जोखिममा रहेका (अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा गर्भवती) को निःशुल्क पहुँच सुनिश्चित गर्ने ।
८. एम्बुलेन्स, दमकल समयमा पुऱ्याउनको निमित्त सडक स्तरोन्नति गर्ने ।	८. सबै किसिमका आपत्कालीन सेवा कम्तीमा टोलस्तरमा पुग्ने गरी वडास्तरका सडकलाई ग्राभेल गरिसक्ने र क्लस्टरस्तरमा एम्बुलेन्स रहने गरी स्थानीय र बाह्य संघ संस्था तथा निजी क्षेत्रसँग सहकार्य गर्ने ।	८. वारुणयन्त्रको संख्या र पहुँच विस्तार गरी सबै घरमा १५ मिनेटभित्र वारुणयन्त्र पुग्ने पद्धति विकास गर्ने ।

झ. नगरपालिकामा स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५ मा महामारी रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्था समेटिएको छ । विपद् व्यवस्थापन तथा न्यूनिकरण ऐनमा विपद् व्यवस्थापन समितिमा स्वास्थ्यकर्मी वा स्वास्थ्य शाखाको प्रतिनिधित्वको व्यवस्था नभएकोले महामारी रोकथाम तथा नियन्त्रणको विषयले समितिका नियमित प्राथमिकता नपाउन सक्ने अवस्था रहेको छ । यसका साथै चराबाट सर्ने बर्डफ्लु, सुंगुर वा अन्य तवरबाट सर्ने स्वाइनफ्लु जस्ता महामारीबाट नगर सुरक्षित राख्नको निमित्त नगरमा पर्याप्त प्रावधान नभएको अवस्था रहेको छ । तसर्थ नगरमा महामारी फैलन सक्ने सम्भावना बढी भएकोले नगरवासीलाई महामारी सम्बन्धमा सचेतीकरण गर्न निम्न प्राथमिकता तल प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. जनावर एवं चराचुरुङ्गीबाट सर्ने महामारीलाई समेत मध्यनजर गरी उक्त विषय समेटी सरसफाई निर्देशिका निर्माण गर्ने । जसमा पशुपंक्षीहरूबाट सर्ने रोगहरूलाई मध्यनजर गरी कुखुरा, बंगुरलाई नियमित चेकजाँच गराउने, पशुपंछी बस्ती भन्दा टाढा पालन गर्ने, क्वारेन्टाइनको व्यवस्था गर्ने जस्ता विषयहरू समेटिने ।	१. महामारीको समयमा महामारी नियन्त्रण एवं सुरक्षित हुन महामारी सम्बन्धी निर्देशिकाको समीक्षा गर्दै आवश्यक परिमार्जन गर्ने । निर्माण गर्ने ।	१. महामारी सम्बन्धी भएका निर्देशिका एवं कार्यविधिलाई आवश्यकता हेरी संशोधन गर्ने ।
२. कोभिड १९ लाई समेत मध्यनजर गरी अस्पताल एवं स्वास्थ्य चौकीहरूमा आपत्कालीन प्रतिकार्य योजनाहरू निर्माण गर्ने ।	२. विपद्लाई मध्यनजर गरी नगरमा भएका स्वास्थ्य चौकीहरूमा आपत्कालीन सेवा प्रदान गर्ने व्यवस्थासहित स्वास्थ्य चौकीहरूको स्तरोन्नति गर्ने ।	२. महामारी फैलँदा समेत नगर सुरक्षित हुनसक्ने अवस्थामा पुग्न पूर्वाधार, जनशक्ति, साधन स्रोतहरूको पूर्व व्यवस्था गर्ने ।
३. कोभिड १९ लगायत महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने ।	३. महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने ।	३. महामारी सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने ।
४. टोल सुधार तथा सरसफाई समितिको संलग्नता हुने गरी नगरको नियमित सरसफाई गर्ने ।	४. पर्यटकीय नगर निर्माण गर्ने नगरको दूरदृष्टि समेत भएका कारण नगर सरसफाई गर्ने अभियानलाई निरन्तरता दिने ।	४. पर्यटन व्यवसायलाई समेत टेवा पुऱ्याउन सरसफाई अभियान सञ्चालन गरी सुन्दर स्वच्छ नगर निर्माण गर्ने ।

ञ. बेरोजगारी एवं अन्य विविध कारणहरूले गर्दा युवाहरूमा लागुपदार्थ दुर्व्यसनी बढ्दो रहेको छ। तसर्थ रोजगारको व्यवस्थासँगै मदिरा सेवन एवं लागुपदार्थ दुर्व्यसनीमुक्त नगर निर्माण गर्नका लागि निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. मदिराको व्यवस्थित बिक्री वितरण सम्बन्धी स्थानीय कार्यविधि बनाउने ।	१. मदिरा बिक्री वितरण सम्बन्धी बनेका कार्यविधिको आवधिक समीक्षा गरी आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्ने ।	१. मदिरा बिक्री वितरण सम्बन्धी बनेका कार्यविधिको आवधिक समीक्षा गरी आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्ने ।
२. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी विविध जनचेतनाका कार्यक्रमहरू विद्यालयहरू लगायत प्रत्येक वडाहरूमा सञ्चालन गर्ने ।	२. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने ।	२. लागुपदार्थ दुर्व्यसनी सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई निरन्तरता दिने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
३. युवाहरूलाई बढी भन्दा बढी सामाजिक कार्यहरूमा संलग्न गराउनका लागि आवश्यक रणनीतिहरू निर्माण गर्ने ।	३. लागुपदार्थ दुर्व्यसनीमा लागेका व्यक्तिहरू लक्षित गर्दै नगरमा विभिन्न रोजगारको व्यवस्था गर्ने ।	३. युवाहरूलाई स्वरोजगार बनाई लागुपदार्थ दुर्व्यसनीमुक्त नगर निर्माण गर्ने ।

ट. नगरमा हावाहुरीको समस्या पनि रहेको छ । हावाहुरीको कारण नगरमा विद्युतीय पोलहरू, रुखहरू ढल्ने एवं विद्युत सर्ट हुने र छाना उडाउने जस्ता समस्याहरू भइरहेको छ । तसर्थ हावाहुरीले गर्दा हुने जनधनको क्षतिलाई न्यूनिकरण गर्न निम्न प्राथमिकताहरू तल प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. हावाहुरीलाई मध्यनजर गरी कमजोर संरचनामा बनेका टहराहरू, जस्तापाताहरू र जोखिम हुन सक्ने अन्य संरचनाहरूलाई मजबुत गरी निर्माण गर्न आदेशहरू जारी गर्ने ।	१. नगरमा बनेका संरचनाहरूको नियमित अनुगमन गर्ने ।	१. अनुगमन प्रक्रियालाई निरन्तरता दिंदै संरचनाहरू हावाहुरीबाट पनि सुरक्षित हुने गरी निर्माण गर्न प्रोत्साहन गर्ने ।

ठ. नगरपालिकामा पर्याप्त रूपमा खेतीयोग्य जमिन रहेको साथै कृषि एवं पशुपालनको सम्भावना प्रचुर मात्रामा रहेका छन् । तर जंगल नजिक बस्ती एवं खेत भएका कारण किसानहरूले बाँदर, चितुवा जस्ता जंगली जनावर आतंकको समस्या भोग्नु परेको छ । जंगली जनावर आतंक (विशेषगरी बाँदरको समस्या) ले नगरका प्रायःजसो सबै वडाका बासिन्दाहरूलाई असर गरेको छ र नगरको सबै वडाहरूमा यो एउटा प्रमुख समस्याको रूपमा स्थापित भएको छ । जसलाई नक्सा ३/५.५.२ मार्फत् पनि देखाइएको छ । जंगली जनावर आतंकबाट प्रभावित क्षेत्रको १ कि.मि. भित्र पर्ने बस्तीहरूको नक्साकंन गरिएको छ । नक्सा अनुसार उक्त नक्सांकित क्षेत्रभित्र पर्ने घरधुरीको संख्या करिब ८१०३ रहेको छ । तसर्थ भू-उपयोग योजना निर्माणमा समेत जंगली जनावर आतंकलाई मध्यनजर गरी जोखिम भएका स्थानहरूको पहिचानका साथै यसलाई प्राथमिकतामा राख्नु आवश्यक छ । जंगली जनावर आतंकले जनजीवनमा नै असर गरेको साथै कृषि उत्पादनमा ह्रास ल्याएको कारणले जंगल एवं जंगली जनावरको सुरक्षासँगै उपयुक्त उपायहरूको नितान्त आवश्यक भएकोले निम्न प्राथमिकताहरूलाई तल प्रस्तुत गरिएको छ ।

नक्सा ३/५.४.२ : वन्यजन्तु आतंकबाट प्रभावित बस्ती



अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. जंगली जनावरद्धारा नाश हुन नसक्ने खेतीहरूबारे अनुसन्धान गरी वैकल्पिक खेतीको विकास गर्ने ।	१. वन कार्यालय एवं सामुदायिक वन उपभोक्ता समूहहरूसँगको सहकार्य एवं समन्वयमा वन जंगलमै जंगली जनावरको पर्याप्त आहाराको लागि विविध फलफूलको बिरुवा एवं अन्य बिरुवाहरू रोप्ने ।	१. जंगली आतंक शुन्य गर्न नवीनतम प्रविधिहरूको विकासलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने ।
२. जंगली जनावरको आतंकलाई मध्यनजर गरी वन कार्यालयसँग सहकार्य गरी जंगलमा घेराबार लगाउने ।	२. नगरमा रहेका वनहरूको संरक्षण गर्ने ।	२. जंगली आतकंबाट हुने नोक्सानी न्यूनिकरण गर्न जंगली जनावर आतंक बीमाको अवधारणाको विकास गर्ने ।

ड. यस नगरपालिकामा विभिन्न २ वटा स्थानीय एफ.एम.हरू रहेका छन् भने अन्तर्राष्ट्रियस्तरका बीबीसी नेपाली सेवा तथा राष्ट्रियस्तरका रेडियो नेपाल पनि प्रसारण हुने गरेको पाइन्छ । यसका साथै नगरमा वालिङ टेलिभिजन समेत प्रशारण हुने गरेको छ भने नगरपालिकाको धेरै वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेलजस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । पत्रपत्रिकाहरूको सुविधा पनि नगरमा रहेको छ । विपद्को समयमा सञ्चार माध्यमको प्रमुख भूमिका रहने भएका कारण नगरमा रहेका रेडियो, टेलिभिजन लगायत सञ्चारका अन्य माध्यमहरूको सदुपयोग गरी विपद् व्यवस्थापन एवं जलवायु परिवर्तन सम्बन्धी सबै सूचना एवं जनचेतनाका निमित्त निम्न प्राथमिकताहरू तल प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. प्रकोप, विपद् तथा आपत्कालीन सूचना सामग्री निर्माण तथा प्रचार प्रसारको निमित्त विभिन्न सञ्चार माध्यम जस्तैः रेडियो, अनलाइन, एसएमएस, सामाजिक सञ्जाल आदि सम्बन्धी स्थानीय निर्देशिका निर्माण गर्ने ।	१. विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका सूचना सम्प्रेषण सम्बन्धी बनेका निर्देशिकाको आवश्यकता अनुरूप परिमार्जन गर्ने ।	१. विपद् पत्रकारितामा लागेका व्यक्तिहरूलाई सूचना सम्प्रेषण गर्नका निमित्त विपद् पुस्तिकाहरू निर्माण गर्ने ।
२. सूचना प्रविधि इकाईसँगको समन्वयमा कोभिड १९ लगायत अन्य विपद् सम्बन्धी भएका घटनाहरूको तथ्याङ्क राख्नको निमित्त तथ्याङ्क व्यवस्थापनको विकास गर्ने ।	२. विपद् व्यवस्थापन समितिको प्रमुख भूमिका रहने गरी विपद् व्यवस्थापन सम्बन्धी घटनाहरू डिजिटल माध्यमबाट तथ्याङ्क राख्ने प्रणालीको व्यवस्था गर्ने ।	२. विपद् व्यवस्थापन समितिको संलग्नतामा सबै प्रकारका प्रकोप समेटिने गरी डाटाहरू राख्ने र उक्त डाटालाई सुरक्षित राखी व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिने ।
३. कोभिड १९ लगायत अन्य विपद् सम्बन्धी सचेतनामूलक गतिविधिमा सामाजिक सञ्जाललगायत सूचना प्रविधिलाई उपयोगमा ल्याउने ।	३. सञ्चार माध्यमलाई सचेतनामूलक गतिविधिमा उपयोग गर्ने ।	३. सञ्चार माध्यमलाई सचेतनामूलक गतिविधिमा उपयोग गर्ने ।

ढ. नगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू गर्न कार्यालयमा वडा अध्यक्ष मध्ये एकको अध्यक्षतामा नगर कार्यपालिका अन्तर्गत वन, वातावरण तथा विपद् ब्यवस्थापन समिति तथा नगर प्रमुखको अध्यक्षतामा विपद् तथा जलवायु उत्थानशील समिति गठन र नगरमा विपद् हेर्न स्रोतव्यक्ति पनि तोकिएको छ । यसका साथै नगरमा पूर्वसूचना कार्यदलका सदस्यहरू, प्रथामिक उपचार कार्यदलका सदस्यहरू र खोज तथा उद्धार कार्यदलका सदस्यहरू नगरमा रहेका छन् तर विपद् व्यवस्थापन उपशाखामा हाल पनि आवश्यक कर्मचारीहरूको व्यवस्था गर्न नसकिएको अवस्था रहेको छ । नगरका प्रत्येक वडाहरू समेट्न सक्ने गरी प्रतिकार्य टोलीहरू एवं अन्य मानव संशाधनको अपर्याप्तता छ । यसका साथै नगरमा स्थानीयहरूमा विपद् व्यवस्थापन सम्बन्धी चेतनामा कमी छ । प्रकोप एवं जलवायु परिवर्तन, विपद् व्यवस्थापन कोष, विपद् प्रतिकार्य टोली, आपत्कालीन योजना, आपत्कालीन नम्बरहरू लगायत विपद्का विविध पक्षहरूबारे हाल पनि वडावासीहरूमा जानकारीको कमी भएका कारण निम्न प्राथमिकताहरू प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरपालिकामा अवस्थित विभिन्न संघ संस्थाहरूसँग आपसी समन्वयमा प्रत्येक वडाहरू समेटिने गरी विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू गर्ने साथै नियमित रूपमा यी संघ संस्थाहरूद्धारा गरिने कार्यहरूको अनुगमन एवं मुल्यांकन गर्ने ।	१. विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान र प्रविधि विकासका क्षेत्रमा सरकारी निकाय, शिक्षण संस्थान, अनुसन्धानकर्ता तथा निजी क्षेत्रको साझेदारी र सहकार्यलाई प्रवर्द्धन र सुदृढ गर्ने ।	१. अनुगमन एवं मुल्यांकनसँगै विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान र प्रविधि विकासका क्षेत्रमा सरकारी निकाय, शिक्षण संस्थान, अनुसन्धानकर्ता तथा निजी क्षेत्रको साझेदारी निरन्तरता दिने ।
२. प्रकोप र विपद् जोखिमको अनुगमन, सूचना सम्प्रेषण, खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आधुनिक प्रविधि तथा उपकरण, बन्दोबस्तीका सामग्री र दक्ष जनशक्तिसहितको क्षमता अभिवृद्धि गर्ने ।	२. जलवायु परिवर्तन अल्पीकरण, अनुकुलन, प्रभाव न्यूनिकरण मानव तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने ।	२. खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आधुनिक प्रविधि तथा उपकरण, बन्दोबस्तीका सामग्री र दक्ष जनशक्तिसहितको क्षमता अभिवृद्धि गर्ने ।
३. सबै वडामा स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत परिचालित हुने गरी सामुदायिक विपद् प्रतिकार्य तथा प्राथमिक उपचार टोली गठन र टोलीको क्षमता बढाई टोलीको न्यूनतम व्यवस्थापन र परिचालन गर्ने ।	३. सामुदायिक विपद् प्रतिकार्य तथा प्राथमिक उपचार टोली गठन र टोलीको क्षमता बढाई टोलीको व्यवस्थापन र परिचालनलाई निरन्तरता दिने ।	३. जलवायु परिवर्तन अनुकुलन तथा अन्य विपद् तथा आपत्कालीन व्यवस्था सम्बन्धी आवश्यक क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।
४. विपद्का हरेक प्रकोप समेटिने गरी नगरमा विपद् व्यवस्थापन सम्बन्धी जनसमुदायमा चेतना अभिवृद्धिका लागि बृहत् कार्यक्रमहरू सञ्चालन गर्ने ।	४. विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने ।	४. नगर, वडा र सामुदायिक विपद् व्यवस्थापन समितिबाट हुने सचेतनामूलक गतिविधिको कार्यान्वयनलाई निरन्तरता दिने ।
५. विपद् तथा आपत्कालीन व्यवस्थापन सम्बन्धी ऐन, नियम वा निर्देशिका सम्बन्धी अनुशिक्षण सबै कर्मचारीहरूलाई दिने ।	५. वडा र नगरस्तरको विपद् व्यवस्थापन समितिमा नव निर्वाचित प्रतिनिधिसहित आवश्यक परिवर्तन र विपद् र जलवायु परिवर्तन सम्बन्धी अनुशिक्षण र वार्षिक रूपमा पुनर्ताजगी दिने ।	५. नयाँ कर्मचारी तथा जनप्रतिनिधिलाई जलवायु परिवर्तन अनुकुलन तथा अन्य विपद् तथा आपत्कालीन व्यवस्था सम्बन्धी नीति र अभ्यासको अनुशिक्षण र आवश्यक सैद्धान्तिक तालिम दिने ।

तालिका २/५.४.२ : विपद् तथा आपत्कालीन व्यवस्थापनको परिमाणात्मक लक्ष्य

विषय	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
सुरक्षित भवन		२	५	१४
वारुणयन्त्र	१	१	२	२
एम्बुलेन्स	१	२	५	१४
नगर प्रहरी	३	३	६	१४
'ख' वर्गको एम्बुलेन्स			१	३

विषय	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
फायर स्टेशन (अग्नी नियन्त्रकयन्त्रमा पानी भर्ने बिन्दु व्यवस्थापन)	१	१	३	५
आपत्कालीन निकास द्वारसहितका संस्थागत भवन		१	१०	३०
स्थानीय र सामुदायिक विपद् तथा जलवायु उत्थानशील योजना			१४	१४
तालिम प्राप्त खोज तथा उद्धार स्वयंसेवक (प्राथमिक उपचार समेत)		२८	४२	५६
तालिम प्राप्त पूर्वसूचना कार्यदलका सदस्यहरू		२८	४२	५६
तालिम प्राप्त खोज तथा उद्धार कार्यदलका सदस्यहरू		२८	४२	५६

५.५. संस्थागत विकास र सुशासन

यो खण्डमा यस नगरपालिकाको आन्तरिक संगठन संरचना तथा संयन्त्रको वर्तमान अवस्थामा आवश्यक परिमार्जन र क्षमता विकास गरी नगरको सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन गरिने कार्यक्रम तथा सुशासन प्रवर्द्धनका नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

५.५.१. संस्थागत विकास

संविधानले निर्धारण गरे अनुसारको नगरसभा नगरको संगठन संरचनाको सबैभन्दा माथिल्लो अंग हो जसले नगरको व्यवस्थापिकाको जिम्मेवारी निर्वाह गर्छ । नगर कार्यपालिका नगर सभाप्रति उत्तरदायी कार्यकारी अंग हो । नगर कार्यपालिका नगर प्रमुखको अध्यक्षतामा रहन्छ भने नगर उपप्रमुखले न्यायिक समितिको संयोजकका साथै नगर प्रमुखको अनुपस्थितिमा नगर कार्यपालिकाको अध्यक्षको भूमिका निर्वाह गर्छन् । प्रमुख प्रशासकीय अधिकृतले नगर कार्यपालिकाको सदस्य सचिवको अतिरिक्त नगरको प्रशासनिक नेतृत्व गर्छन् । संविधान र संघीय कानुनले निर्धारण गरेका उल्लिखित संरचना तथा जिम्मेवारी अनुरूप नगरमा विभिन्न प्रयोजनका लागि विभिन्न समिति तथा संयन्त्र निर्माण र सञ्चालन वालिङ नगरपालिकाले गरिरहेको छ ।

संस्थागत क्षमता विकासले नीतिगत भूमिकामा रहने नेतृत्व तथा नीति कार्यान्वयनको भूमिकामा रहने स्थानीय कर्मचारी संयन्त्र एवं सान्दर्भिक अन्य संयन्त्र तथा इकाईको संगठनात्मक स्वरूप तयारी गर्ने, जिम्मेवारी परिभाषित गर्ने र क्षमता विकासका विषय समेट्छ । बृहत् योजना तर्जुमाका क्रममा पहिचान गरिएका आन्तरिक क्षमतामा रहेको कमी पूरा गर्ने योजना बनाई त्यसको कार्यान्वयनका लागि आवश्यक क्षमता तयारीका कार्यक्रमलाई नगरले अघि बढाउने छ ।

नगरको कार्यगत संरचना तथा संस्थागत क्षमता विकासका सबाल ४ वटा विषयगत क्षेत्र तथा ती क्षेत्र अन्तर्गतका उपक्षेत्रको नीति तथा प्राथमिकतामा नै समेटिएको छ । त्यसैले क्षेत्रगत रूपमा संगठन व्यवस्थापनका आवधिक प्राथमिकतालाई यस खण्डमा समेटिएको छैन ।

सबै क्षेत्रमा समेटिएका संस्थागत विकास सम्बन्धी विषय तथा तत् क्षेत्रमा छुटेका अन्तर सम्बन्धित यो क्षेत्रमा गरिने प्रमुख प्राथमिकताका विषयलाई बुँदागत रूपमा निम्नानुसार तय गरिएको छ ।

- शासकीय जिम्मेवारीमा रहने नगरको माथिल्लो अंग अर्थात् नगर सभा र नगर कार्यपालिका लागि क्षमता विकासका कार्यक्रम निर्माण र कार्यान्वयनमा प्रदेश, संघ तथा अन्य निकायसँग समन्वय र सहकार्य गर्ने ।
- नगरको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नगर बृहत् योजनाले प्रस्ताव गरेको क्षेत्रगत शाखा तथा इकाईहरू गठन वा हाल भएका शाखा तथा इकाईमा आवश्यक परिवर्तन गर्ने र सेवा शर्त तथा जिम्मेवारी थप परिभाषित गर्ने ।
- प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरिवेक्षण हुनेगरी नगरपालिकामा नगरस्तरीय योजना शाखा बनाउनुका साथै सो अन्तर्गत स्मार्ट सिटी निर्माण गर्ने सम्बन्ध यो प्रक्रियाको समन्वय गर्न न्यूनतम जनशक्तिसहितको स्मार्ट सिटी निर्माण समन्वय इकाई समेत स्थापना गर्ने । शाखाबाट बृहत् योजना कार्यान्वनको आवधिक समीक्षा, योजनामा आवश्यक परिमार्जनको सहजीकरण, वार्षिक नीति तथा कार्यक्रम तयारीमा सहजीकरण तथा पुँजी सुधार योजना निर्माण र कार्यान्वयन, स्मार्ट सिटीका परिसूचकका आधारमा वार्षिक उपलब्धी विश्लेषण र अर्ध वार्षिक तथा वार्षिक प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतमार्फत् नगर शहरी नियोजनाका कार्यमा समन्वय जस्ता समग्र पक्षमा नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ ।
- दीर्घकालमा सबै किसिमका भौतिक पूर्वाधार र सम्बन्धित सेवा व्यवस्थापनको जिम्मेवारीसहितको शहरी विकास महाशाखाको अंग हुने गरी प्राविधिक शाखालाई विशिष्ठ शाखा तथा ती शाखा अन्तर्गतका इकाईमा राख्ने र प्राविधिक कर्मचारीको कार्य विशिष्टीकरण गर्ने ।

- राजस्व तथा पूर्वाधार, कृषि, पर्यटन तथा उद्योग व्यवसायलगायत आर्थिक विकासका समग्र पक्ष हेर्ने जिम्मेवारीसहित आर्थिक विकास शाखा बनाउने तथा त्यस अन्तर्गत क्षेत्रगत इकाईहरू बनाउने ।
- शिक्षा र स्वास्थ्य, सरसफाई जस्ता सामाजिक विकासका संयन्त्रलाई थप जनशक्ति र क्षमतायुक्त बनाउने । ती क्षेत्रको अनुगमन र सुपरिवेक्षणका संयन्त्रलाई प्राविधिक सहयोगसहित क्रियाशील गराउने ।
- प्राकृतिक स्रोत तथा वातावरण, विपद् तथा आपत्कालीन व्यवस्थापन, सम्पदा संरक्षण, पार्क तथा मनोरञ्जन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, सूचना प्रविधिआदिलाई थप प्राथमिकता दिन सम्बन्धित क्षेत्रको संगठन विकासका कार्यक्रम कार्यान्वयन गर्ने । यस अन्तर्गत सम्बन्धित क्षेत्रको जिम्मेवारीमा रहने कर्मचारीको क्षमता तथा नगर र वडास्तरका समिति वा संयन्त्र स्थापना र तिनको प्रभावकारिता विस्तारका कार्य गर्ने ।
- सबै क्षेत्रका राजनीतिक समिति, संयन्त्र, आयोग आदि गठन र क्षमता विकासका कार्यक्रम सम्बन्धित क्षेत्रको प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने ।
- दीर्घकालमा नगर योजना आयोग गठन गरी नगर विकास योजना निर्माणको माथिल्लो निकायको रूपमा क्रियाशील गराउने ।

५.५.२. सुशासन

१. परिचय

वालिङ नगरपालिकाले नगरको शासकीय अभ्यासलाई पारदर्शी र सहभागितामूलक बनाउन विभिन्न प्रयास गरिरहेकोछ । सूचनाको हक सम्बन्धी संघीय ऐनको कार्यान्वयन, विकास आयोजनामा सामाजिक जवाफदेहिताका औजारहरूको कार्यान्वयन, उपभोक्ता समिति सञ्चालन कार्यविधिमार्फत् स्थानीय विकासका कार्यक्रमलाई सहभागितामूलक र व्यवस्थित बनाउने प्रयास, खुला कार्यस्थल व्यवस्थापनको शुरुवात यसका केही उदाहरण हुन् । स्मार्ट सिटीको सोचसहित अघि बढेको यस नगरपालिकाले सूचना प्रविधिको अधिकतम प्रयोगलाई सुशासनयुक्त स्थानीय शाशनको आधारका रूपमा अघि बढाइरहेको छ । पारदर्शी, जवाफदेही, उत्तरदायी र सहभागितामूलक स्गानीय शासन र प्रतिस्पर्धी र गुणस्तरीय स्थानीय सेवासहितको सदाचारयुक्त शासन प्रणालीलाई संस्थागत गर्न नगर प्रयासरत छ ।

सार्वजनिक सरोकारका सबै सूचनामा नागरिकको सरल र सहज पहुँच सुनिश्चित गर्न नगरले संस्थागत प्रबन्ध गरेको छ। तथापि सुशासनको माग तथा यस क्षेत्रमा आएका नयाँ अभ्यासलाई आत्मसाथ गरी नगर र नागरिकका बिचको परसम्पर विश्वास कायम गरी नगरवासीलाई जनउत्तरदायी स्थानीय सरकारको अनुभूति दिलाउन हाल अघि बढेका प्रयासलाई संस्थागत गर्नु तथा थप कदम चाल्नुपर्ने आवश्यकता नगरले महसुस गरेको छ । सेवा प्रवाहको विधि र प्रकृयालाई छिटो र सहज बनाउन आधुनिक प्रकृयामा आधारित विद्युतीय शासन प्रणालीको विकास र विस्तार गर्दै नागरिकका तहसम्म सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन नगर दृढ छ ।

२. मुख्य अवसर र चुनौती

नगरको विगतदेखिको अनुभवका आधारमा योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनको अभ्यासलाई पारदर्शी र प्रभावकारी बनाउन सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई लगायतका सामाजिक जवाफदेहिता र सामुदायिक सहभागिताका औजारको अधिकतम उपयोग गर्ने अवसर रहेको छ। सुशासनको बलियो माग पक्षलाई सुशासनयुक्त स्थानीय शासन प्रवर्द्धनको अवसरका रूपमा लिएको छ । आमसञ्चार र सामाजिक सञ्जालको बढ्दो प्रयोग तथा सूचना प्रविधिको विकासलाई सुशासन प्रवर्द्धनमा तिनको उपयोगको अवसरमा रूपान्तरण गर्न सकिन्छ । नगरले नीति तथा योजना परिषद्, वडा

तथा टोलस्तरका विभिन्न नागरिक समिति आदिलाई विकास प्रक्रियालाई थप सहभागितामूलक बनाउन सहयोगी संरचनाका रूपमा उपयोग गर्ने अवसर रहेको छ । सूचनाको हक सम्बन्धी संघीय कानुनको कार्यान्वयनलाई अझ प्रभावकारी बनाई नगर र नागरिक बिचको परस्पर विश्वास बढाउने अवसर पनि रहेको छ । स्मार्ट सिटी योजना कार्यान्वयनको क्रममा स्थानीय सूचना तथा तथ्याङ्क व्यवस्थापन र निरन्तर खुलासाको अभ्यासलाई संस्थागत गर्ने अवसर पनि छ । सीमित स्रोत, समय र छरिएका आयोजनाहरूमा समुदायलाई आधारभूत प्राविधिक पक्षमा अनुशिक्षण गराई सबै प्रक्रियामा नागरिकको सुसूचित सहभागिता र निगरानी बढाउने, विभिन्न किसिमका तत्कालिक आवश्यकता र सामाजिक अपेक्षाका बिच जनसहभागिताका आधारमा योजनाको प्राथमिकीकरण गरी प्राथमिकताका आधारमा विकास कार्यक्रम छनोट तथा कार्यान्वयन गर्ने, उपभोक्तामार्फत् कार्यान्वयन हुने स्थानीय पूर्वाधारमा समितिको स्वयंसेवी भूमिका सुनिश्चित गर्ने तथा सबै क्षेत्रका आर्थिक तथा प्राविधिक सूचना एकीकृत गरी समयवद्ध खुलासाको अभ्यास संस्थागत गर्ने चुनौती नगरलाई छ ।

३. लक्ष्य

नगरवासीलाई सुशासनयुक्त स्थानीय शासनको प्रत्याभूति सुनिश्चित गर्ने ।

४. उद्देश्य तथा नीतिहरू

उद्देश्य १ : नगरको शासकीय अभ्यासको पारदर्शिता अभिवृद्धि गर्नु ।

नीति क. सूचनाको हक सम्बन्धी संघीय ऐनको पूर्ण कार्यान्वयन गरिने छ । जसका लागि अभिलेख व्यवस्थापन प्रणाली तथा सूचनाको स्वतः खुलासालाई अद्यावधिक र समयवद्ध गराइने छ ।

नीति ख. नगरका विकास तथा सेवा सम्बन्धी सूचनालाई अद्यावधिक गरी नागरिकले बुझ्न सक्ने भाषा र स्वरूपमा समय समयमा सार्वजनिक गरिने छ ।

नीति ग. विकासका कार्यक्रम सम्बन्धी सूचना सम्बन्धित समुदायले सहज रूपमा प्राप्त गर्न सक्ने गरी कानुनी र प्रक्रियागत प्रबन्ध गरिने छ ।

नीति घ. नगरको आन्तरिक संयन्त्रको क्षमता विकास र कार्यस्थलको स्वरूपमा आवश्यक परिवर्तन गरी खुला कार्यस्थलको अवधारणाको पूर्ण कार्यान्वयन गरिने छ ।

नीति ङ. नगरका निर्णय तथा आर्थिक गतिविधिका सूचनामा आमनागरिकको पहुँच बढाउन सूचना व्यवस्थापन र प्रवाहका बढी भन्दा बढी माध्यमको उपयोग गरिने छ ।

नीति च. वार्षिक बजेट तथा खर्चसहितको आवधिक प्रतिवेदनको सारांश सरल भाषामा संक्षेपीकरण गरी सार्वजनिक गर्ने अभ्यासको शुरुवात गरिने छ ।

नीति छ. विकास, सेवा, आम्दानी तथा खर्च सम्बन्धी सूचना समयवद्ध रूपमा अनलाइन माध्यमबाटै प्राप्त गर्न सक्ने गरी सूचना प्रविधिमा आधारित सूचना प्रवाहको संस्थागत अभ्यास गरिने छ ।

नीति ज. नगर संसदको भूमिकामा रहने नगरसभामा हुने छलफल तथा काम कारवाहीको प्रत्यक्ष प्रसारण लगायत सबै नगरसभा सदस्यको धारणा अभिलेखनको अभ्यास शुरु गरिने छ ।

उद्देश्य २ : स्थानीय विकास प्रक्रियालाई सहभागितामूलक बनाउनु ।

नीति क. नगरबाट कार्यान्वयन हुने सबै किसिमका पूर्वाधार निर्माणका कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र निगरानीमा नागरिक सहभागिता सुनिश्चित गर्ने विधि तय गरी कार्यान्वयन गरिने छ ।

नीति ख. उपभोक्ता समितिमा पदाधिकारी तहमा महिला सहभागिता अनिवार्य हुने गरी कम्तीमा ३३ प्रतिशत महिला सहभागिता र सम्बन्धित समुदायको जनसाङ्खिक समिश्रणका आधारमा दलित, आदिवासी जनजाति तथा सीमान्तकृत वर्गको सहभागिता सुनिश्चित गरिने छ ।

नीति ग. विकासका कार्यक्रम र बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी र गरिबी निवारण केन्द्रित पद्धति कार्यान्वयन गरिने छ ।

नीति घ. विकास कार्यक्रमको उपलब्धी मुल्यांकन तथा परिमार्जन सम्बन्धी निर्णयमा सम्बन्धित समुदायको प्रतिनिधित्वका लागि आवश्यक प्रबन्ध गरिने छ ।

नीति ङ. नगरको दीर्घकालीन, मध्यकालीन तथा वार्षिक योजना तथा कार्यक्रमको प्रभावकारिता मुल्यांकन समयवद्ध रूपमा गरिने छ । यो प्रक्रियालाई सहभागितामूलक बनाइने छ ।

उद्देश्य ३ : स्थानीयस्तरमा सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्नु ।

नीति क. नगर तथा अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा तथा सुविधामा नागरिकको धारणा र सन्तुष्टी आँकलन गर्न सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, टाउनहल बैठक, नागरिक प्रतिवेदन प्रणाली जस्ता सामाजिक जवाफदेहिताका उपयुक्त औजारहरूको समयवद्ध रूपमा उपयोग गरिने छ ।

नीति ख. सेवा र विकासका प्रक्रियाप्रति नागरिक तहमा रहनसक्ने असन्तुष्टी सम्बोधनका लागि नगरस्तरमा गुनासो संकलन र सुनुवाईका लागि संयन्त्र तयार गरी क्रियाशील गराइने छ ।

नीति ग. विकास निर्माणको निर्णय लिनु अघि स्थानीय परम्परा, संस्कृति तथा सम्पदा एवं निश्चित समुदायको हितमा पर्नसक्ने नकारात्मक प्रभावको लेखाजोखा प्रक्रियामा सम्बन्धित समुदायको प्रतिनिधित्व सुनिश्चित गरिने छ।

नीति घ. नगरको कार्यप्रतिको नागरिक धारणा अभिव्यक्त हुने वातावरण बनाउन अनलाइन विधिहरू निर्धारण र प्रचारप्रसार गरिने छ ।

उद्देश्य ४ : स्थानीय प्रशासनको सदाचारिता सुनिश्चित गर्नु ।

नीति क. नगर र नगर अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा र सुविधा प्राप्तिको प्रक्रिया थप सरल बनाइने छ ।

नीति ख. राजस्व भुक्तानी, सिफारिस, नक्सा स्वीकृति प्रक्रिया आदिलाई विद्युतीय प्रणालीमा आवद्ध गरिने छ ।

नीति ग. नगरको संयन्त्र तथा नगरभित्रका सबै सार्वजनिक निकायको सेवा प्रवाहमा हुनसक्ने आर्थिक अनियमितताको सूचना संकलन, विश्लेषणका लागि नगरस्तरीय संयन्त्र निर्माण गरिने छ ।

नीति घ. आन्तरिक र बाह्य रूपमा आर्थिक अनियमितता सम्बन्धी सूचना उपलब्ध गराउने सूचनादाताको संरक्षण गरिने छ ।

नीति ङ. आर्थिक अनियमितता सम्बन्धी अनुसन्धान, अभियोजन र तहकिकातका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिने छ ।

तालिका १/५.५.२ : आवधिक प्राथमिकता : सुशासन प्रवर्द्धन

क. नेपालको संविधानको धारा ५१ म उल्लिखित सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने संघीय नेपालको नीतिलाई मार्गदर्शक नीतिको रूपमा लिँदै नगरपालिकाको शासकीय अभ्यासलाई थप पारदर्शी, जवाफदेही र सहभागितामूलक बनाउन संस्थागत सुशासन सम्बन्धी आवधिक प्राथमिकतालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
१. नगरको विगतदेखिका महत्वपूर्ण अभिलेख तथा सबै किसिमका सूचना तथा तथ्याङ्क व्यवस्थित र सकेसम्म डिजिटाइज गर्ने । सबै क्षेत्रको सूचनालाई नगरस्तरको केन्द्रित सूचना व्यवस्थापन प्रणालीको साथै अभिलेख व्यवस्थापन प्रणालीमा आवद्ध हुने व्यवस्था गर्ने । सुधार गर्न सूचना अधिकारी तथा सम्बन्धित सूचना व्यवस्थापन शाखाका कामको बिचमा समन्वयात्मक रूपमा कार्य गर्ने ।	१. सूचना प्राप्ति र प्रवाहको कार्यलाई प्रभावकारी बनाउन अभिलेख ब्यवस्थापन, सूचनाको स्वतः सार्वजनिकीकरण तथा सूचनाको मागको सम्बोधनको अभ्यासलाई अधिकतम ओपन डाटा तथा अनलाइन पद्धतिमा आधारित बनाई सो विधिबाट दस्ताबेजको प्रमाणित प्रतिलिपि सेवाग्राहीले पाउने ब्यवस्था गरी नगरवासीलाई सूचनाको हकको पूर्ण प्रत्याभूति दिलाउने ।	१. अन्तरशाखा समन्वयमा सबै क्षेत्रको सूचनाको उचित व्यवस्थापनमार्फत् सूचनाको हक सम्बन्धी संघीय कानुनले तोकेको समय भन्दा छिटो नगरवासीले सूचना सेवा पाउने अवस्थामा पुऱ्याउने ।
२. व्यक्तिको गोपनियताको हकको सम्मान गर्दै नगरका विकास, सेवा तथा आर्थिक सूचनालाई डिजिटाइज गरी अनलाइन पद्धतिबाट सार्वजनिक पहुँचमा उपलब्ध गराउने प्रक्रिया प्रारम्भ गर्ने ।	२. सूचनाको हक सम्बन्धी ऐन अनुसारको स्वतः खुलासाको व्यवस्था र ओपन डाडाको उपलब्धताको आवश्यकताको आधारमा नगरमा भएका सूचनाको प्राविधिक वर्गीकरण गर्ने ।	२. सूचना सार्वजनिकीकरणको विधिलाई अनलाइन बनाई निर्धारित मितिमा नागरिक सम्बाद सञ्चालन हुने ब्यवस्था गर्ने ।
३. नगरको विशेषता तथा परिचय नागरिक वडापत्रमा रहनुपर्ने सूचना लगायत आर्थिक तथा अन्य सूचना सार्वजनिक गर्ने पद्धतिसहितको डिजिटल सूचना पार्टीको व्यवस्था गर्ने । साथै यस क्रममा तयार हुने आर्थिक सूचनालाई टाउनहल बैठक, सार्वजनिक सुनुवाई आदि विधिमार्फत् सार्वजनिकीकरण र छलफल गर्ने ।	३. आर्थिक सूचना नगरका सरोकारवाला बिच सार्वजनिक गर्ने पद्धतिलाई समयवद्ध बनाउने । खुला तथ्याङ्क (कम्प्युटरकृत ओपन डाटा) तयारी गरी स्वतः खुलासाको अभ्यासलाई थप प्रभावकारी बनाउने ।	३. आर्थिक र विकास सम्बन्धी तथ्यमा आधारित बहसलाई अनलाइन पद्धति समेतमा आवद्ध गर्ने ।
४. कर भुक्तानी तथा नक्सा पास तथा सिफारिस प्रक्रियालाई अनलाइन बनाउन पूर्व तयारीका कार्य पूरा गरी कार्य प्रारम्भ गर्ने ।	४. विद्युतीय माध्यमबाट नक्सा स्वीकृति तथा राजस्व भुक्तानी तथा सिफारिस प्रणालीको पूर्ण कार्यान्वयन गर्ने ।	४. नगर र वडाका सिफारिस लगायतका सेवालाई अनाइन बनाउने ।
५. उपभोक्ताबाट कार्यान्वयन हुने कार्यक्रम कार्यान्वनको विद्यमान अभ्यासलाई संस्थागत र थप प्रभावकारी बनाउन र स्थानीय योजना तर्जुमा, कार्यान्वयन र अनुगमन पद्धतिलाई थप सहभागितामूलक बनाउन स्थानीय विकास कार्यक्रम सञ्चालन र व्यवस्थापन ऐन तथा अन्य सान्दर्भिक स्थानीय कानुन बनाउने ।	५. विकास योजना तर्जुमा तथा कार्यान्वयन र नागरिक निगरानीको विधिलाई सहभागितामूलक बनाउन तय गरिएका स्थानीय कानुन कार्यान्वयनको समीक्षा गरी थप रणनीति निर्माण गर्ने ।	५. बृहत् योजना तथा पुँजी सुधार कार्यक्रम निर्माण वा परिमार्जनलाई सहभागितामूलक बनाउन स्थापित विधि तथा मापदण्डमा आवश्यक परिवर्तन गर्ने ।

अल्पकालीन (पहिलो २ वर्ष)	मध्यकालीन (३ देखि ७ वर्ष)	दीर्घकालीन (८ देखि २० वर्ष)
६. निर्वाचित जनप्रतिनिधि, कर्मचारी तथा विभिन्न संयन्त्रलाई स्मार्ट सिटी योजनाका सूचक र उपलब्धी मापन सम्बन्धी अनुशिक्षण दिने ।	६. स्मार्ट सिटी योजना कार्यान्वयनको जिम्मेवार इकाई तथा नगरको योजना शाखाको कार्य सम्पादन सूचक बनाई मापनको अभ्यास शुरु गर्ने ।	६. स्मार्ट सिटी योजना तथा नगरको दूरदृष्टि अनुसार स्मार्ट नगर र स्मार्ट नागरिकको स्तर हाँसिल गर्नमा भएका प्रगतिको समहगितामूलक समीक्षा गर्ने ।
७. नागरिकको गुनासो संकलन तथा समयवद्ध सुनुवाई वा फछ्र्यौटको विधि निर्माण गरी कार्यान्वयन गर्ने ।	७. गुनासो संकलन र फछ्र्यौटको अभ्यासलाई अनलाइन बनाउने ।	७. गुनासो सुनुवाई तथा फछ्र्यौट प्रणालीलाई थप व्यवस्थित र संस्थागत गर्ने ।
८. जनप्रतिनिधि तथा कर्मचारीलाई सुशासन र सूचनाको हक तथा सामाजिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी अनुशिक्षण उपलब्ध गराउने ।	८. जनप्रतिनिधि तथा कर्मचारीलाई सुशासन र सूचनाको हक सम्बन्धी अनुशिक्षण उपलब्ध गराउने अभ्यासलाई वार्षिक रूपमा निरन्तरता दिने ।	८. जनप्रतिनिधि तथा सूचनाको हक, सुशासन तथा सुशासन प्रवर्द्धनका लागि नगरले तय गरेका विधि तथा मापदण्ड सम्बन्धी अनुशिक्षण दिने ।
	९. सामाजिक जवाफदेहिता र सुशासन प्रवर्द्धनलाई सम्बन्धित शाखा र कर्मचारीको कार्यसम्पादन मापनका सूचकका रूपमा संस्थागत गर्ने ।	९. पारदर्शिता र सुशासनमा योगदान गर्ने एकजना कर्मचारी र एकजना नागरिक समाजका सदस्यलाई वार्षिक रूपमा पुरस्कृत गर्ने अभ्यास शुरु गर्ने ।
	१०. बजेट तर्जुमा तथा कार्यान्वयनको अभ्यासलाई बृहत् योजना, मध्यकालीन खर्च संरचना र पुँजी सुधार कार्यक्रममा आधारित बनाउने अभ्यास संस्थागत गरिसक्ने ।	१०. बृहत् योजना कार्यान्वयनको उपलब्धी समीक्षाको सहभागितामूलक पद्धतिलाई संस्थागत गर्ने ।
११. खुला कार्यकक्षका लागि कार्यस्थल तयारीको आधारभूत कार्य पूरा गर्ने ।	११. नगरपालिका कार्यालयमा रहेका कार्यस्थलको वर्तमान स्वरूपमा आवश्यक परिवर्तन गरी खुला (पारदर्शी) कार्यकक्षको अवधारणा पूर्ण कार्यान्वयनमा ल्याइसक्ने ।	११. खुला कार्य कक्ष, खुला निर्णय प्रक्रियासहित नगरलाई खुला सरकारको अभ्यासयुक्त बनाउने ।

तालिका २/५.५.२ : सुशासन प्रवर्द्धनको परिमाणात्मक लक्ष्य

उपलब्धी सूचक	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
स्मार्ट सिटी अवधारणा तथा सूचक, सान्दर्भिक स्थानीय नीति तथा कानुन सम्बन्धी प्रशिक्षण प्राप्त जनप्रतिनिधि (हरेक पटक निर्वाचित)		८०	८०	८०/८०
सूचनाको हक र सुशासन सम्बन्धी विषयमा प्रशिक्षित स्थानीय जनप्रतिनिधि तथा कर्मचारी (वार्षिक)		१५०	१५०	१५०
सूचनाको हक सम्बन्धी सूचनाको स्वयं खुलासाको अभ्यास (वार्षिक पटक)		४	४	४

उपलब्धी सूचक	आधार वर्ष	२०७८/७९	२०८३/८४	२०९६/९७
स्मार्ट सिटीका सूचक र सुशासनका सूचक समेत समावेश भएको स्थानीय कार्य सम्पादन सूचक तयार गरी मापन		प्रारम्भ	संस्थागत	संस्थागत
नगर सभा बैठकको प्रत्यक्ष जानकारी नागरिकलाई हुने अवस्था		शुरुवात	सबै बैठक	सबै बैठक
नगरका विषयगत समितिका बैठकको खुलापनको सुनिश्चितता (प्रतिशत)		शुरुवात	१००	१००
राजस्व भुक्तानीको अनलाइन पद्धतिमा आवद्ध करदाता (प्रतिशत)			१००	
अनलाइन सिफारिस पद्धति कार्यान्वयन		शुरुवात	५०	१००
चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगतिका वित्तीय तथ्याङ्कसहितको प्रतिवेदन अनलाइन विधिबाट सार्वजनिक (वार्षिक)		३	५	५
अनलाइन गुनासो संकलन र फछ्र्यौटको अनलाइन प्रणाली स्थापना भई कार्यान्वयनमा आएको अवस्था		शुरुवात	संस्थागत	संस्थागत
नगर र वडास्तरमा डिजिटल सूचना पाटीको व्यवस्था		१	१५	१५
सदाचारी कर्मचारी र सुशासन प्रवर्द्धनमा योगदान गर्ने नागरिक सम्मान (वार्षिक)			१/१	१/१
खुला कार्य स्थल अवधारणाको प्रगति (प्रतिशत)	शुरुवात	७५	१००	१००
स्मार्ट सिटी योजना तथा नगरको दूरदृष्टि अनुसार स्मार्ट नगर र स्मार्ट नागरिकको स्तर हाँसिल गर्नमा भएको प्रगति			४०	८०

खण्ड ६
अनुगमन र मूल्याङ्कन

वालिङ नगरपालिकाले बृहत् योजना निर्माण गर्दा वार्षिक एवं आवधिक विकास कार्यक्रम लगायत विकास र सेवाका गतिविधिलाई निर्देशित र व्यवस्थित गरी समयवद्ध रूपमा कार्यान्वयन गर्न मार्गदर्शन गर्ने जीवन्त नीतिगत दस्ताबेजका रूपमा तयार गरेको हो । बृहत् योजना स्थानीय कानुनका आधारमा समय समयमा अद्यावधिक हुने छ । बृहत् योजना तयार गर्दाका बखत यो योजनाको समयावधि हरेक २० वर्ष निर्धारण गरिएको छ । हरेक ३ वर्षमा अद्यावधिक गर्ने क्रममा पुनः नयाँ २० वर्षको योजनाको रूप यसले पाउने छ भने यो प्रक्रिया निरन्तर चल्ने छ ।

यो योजनाका नीति तथा प्राथमिकता संशोधनका लागि सुझाव लिन तथा संशोधन गर्न नीति तथा प्राथमिकताका लागि दिइएका संकेत वा नम्बर र अवधिलाई आधार बनाइने छ । यसका लागि खण्ड, विषय, उद्देश्य, नीति तथा आवधिक प्राथमिकतालाई नम्बर वा संकेत दिइएको छ । यी नम्बर र संकेत कार्यक्रमको कार्यान्वयन, अनुगमन र मुल्यांकनमा समेत प्रयोग गरिने छ ।

बृहत् योजना कार्यान्वयनको समग्र पक्ष कार्यान्वयन, अनुगमन र मुल्यांकनको जिम्मा नगर कार्यपालिका र कार्यपालिकाले तोकेको संयन्त्रको हो । नगर कार्यपालिका तथा जिम्मेवार अन्य संयन्त्रलाई प्रमुख प्रशासकीय अधिकृत तथा विभिन्न शाखा तथा एकाईबाट कार्यक्रम अनुगमन र मुल्यांकनको कार्यमा सहयोग हुनेछ । नगर परिषद् अन्तर्गतका समिति तथा नगर सभाले तोकेका अन्य संयन्त्रले पनि अनुगमन र मुल्यांकनमा भूमिका निर्वाह गर्नेछन् ।

बृहत् योजना कार्यान्वनको अनुगमन मुल्यांकनको पद्धतिलाई बुँदागत रूपमा यहाँ प्रस्तुत गरिएको छ । जसलाई आगामी दिन थप विस्तृत बनाइने छ ।

१. बृहत् योजनामा समेटिएका विकास र सेवा क्षेत्रको आवधिक रूपमा अपेक्षित उपलब्धी परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ । यसलाई क्षेत्रगत योजनाको प्रभावकारिता मुल्यांकनको आधार बनाई सम्बन्धित शाखाबाट तयार हुने वार्षिक तथ्याङ्कलाई एकीकृत रूपमा प्रमुख प्रशासकीय अधिकृतको सहजीकरणमा नगर कार्यपालिकाबाट हरेक तीन वर्षमा मुल्यांकन हुनेछ भने वार्षिक रूपमा तथ्याङ्क अध्ययन गरी त्यसका आधारमा सुधारात्मक कार्यक्रम तय गरी कार्यान्वयन गर्दै लगिने छ ।

२. हरेक कार्यक्रम कार्यान्वनको अनुगमनका तहगत संयन्त्र रहने छन् । कार्यको प्रकृति अनुसार सम्बन्धित शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न समिति, नगर कार्यपालिका जस्ता तहबाट अनुगमन र मुल्यांकनको कार्य हुनेछ ।

३. बृहत् योजनामा तय गरिएका आवधिक प्राथमिकताका आधारमा नगर प्रमुखको नेतृत्वमा रहने राजस्व पूर्वानुमान तथा बजेट सीमा निर्धारण समितिले वार्षिक योजना तथा बजेट तर्जुमा निर्देशिका बनाउने छ । यसरी बन्ने निर्देशिकाका आधारमा आर्षिक योजना तथा बजेट तर्जुमाको कार्यलाई बजेट तथा योजना समितिले निर्देशित र व्यवस्थित गर्नेछ ।

४. नगरले तय गर्ने वार्षिक विकास कार्यक्रमको अंग हुने गरी बृहत् योजनाले अनुमान गरेको अपेक्षित उपलब्धीका आधारमा वार्षिक कार्यतालिका र परिमाणात्मक लक्ष्य सम्बन्धित शाखाले तयार गर्नेछन् । यसका आधारमा सम्बन्धित शाखाको आन्तरिक अनुगमन र मुल्यांकनको विधि तय गरिने छ ।

५. बृहत् योजनामा निर्धारित प्राथमिकता मध्ये स्थानीय कानुन तथा विभिन्न नीति निर्माणको कार्यान्वयन पक्ष नगर कार्यपालिका र विषयगत समिति हुने हुनाले ती विषय नगर परिषद् तथा विषयगत समितिको अनुगमन र मुल्यांकनको क्षेत्रमा समेटिने छन् ।

६. वस्तु तथा सेवा सम्बन्धी कार्यको अनुगमनको कार्य सम्बन्धित शाखा प्रमुखको प्राविधिक सहयोगमा नगर उपप्रमुख नेतृत्वको नगरस्तरीय अनुगमन समितिले गर्नेछ ।

७. संगठन विकाससँग सम्बन्धित विषयको अनुगमन तथा मुल्यांकनको कार्य प्रमुख प्रशासकीय अधिकृतको मुख्य प्राविधिक सहयोगमा नगर कार्यपालिकाले गर्नेछ ।

८. योजना कार्यान्वयन अनुगमन र मुल्यांकनको समग्र पक्षको अभिलेखीकरण र व्यवस्थापनको कार्य नगरको नीति तथा योजना शाखाले गर्नेछ ।

९. वडास्तरमा कार्यान्वयन गरिने गतिविधिको अनुगमनको कार्य र मुल्यांकनमा सहयोग सम्बन्धित वडा समिति तथा वडास्तरीय अनुगमन समितिबाट हुनेछ ।

१०. यो योजना कार्यान्वयनको समीक्षा र प्रगति मुल्यांकनमा नागरिकहरूको भूमिका बढाउन नगर नीति तथा योजना परिषद्लाई क्रियाशील गराइने छ ।

११. स्मार्ट सिटी योजना र बृहत् योजनाका बिचमा सामञ्जस्यता कायम गर्ने गरी नगरको स्मार्ट सिटी स्रोतव्यक्ति तथा इकाईले प्राविधिक भूमिका निर्वाह गर्नेछ ।

अनुसूची १
बृहत् योजना कार्यान्वयनको आर्थिक पक्ष

वालिङ नगरपालिकाले आन्तरिक राजस्व, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, संघ र प्रदेश तथा अन्य निकायबाट प्राप्त हुने विभिन्न अनुदान आदिबाट स्रोत जुटाई वार्षिक विकास तथा सेवा प्रवाहका कार्य गरिरहेको छ । आर्थिक वर्ष २०७६/७७ मा नगरले शिक्षा र स्वास्थ्य क्षेत्रमा प्राप्त हुने सशर्त अनुदान बाहेक वार्षिक करिब ६५ करोड स्रोत प्राप्त हुने सोही अनुसार खर्च गर्ने लक्ष्य राखेको थियो । आर्थिक वर्ष २०७५/७६ मा नगरले सशर्त अनुदानबाट खर्च हुने रकम बाहेक करिब ५८ करोड वार्षिक खर्च गरेको थियो भने सशर्त अनुदानको रकम तथा संघ र प्रदेश सरकार तथा विभिन्न निकायबाट हुने लगानीबाट समेत विकासका पूर्वाधारका महत्वपूर्ण कार्य हुने गरेकोमा त्यसको वास्तविक खर्चसहितको विवरण भने नगरसँग छैन । जसमा पारिश्रमिक र सेवा उपभोग खर्च (प्रशासनिक खर्च) लगायत समग्र चालु खर्चको हिस्सा झण्डै ३८ करोड भएको सन्दर्भमा पुँजी निर्माणका लागि गरिने लगानी सीमित रहेको छ । तथापि शिक्षा, स्वास्थ्य, कृषि र पशुपालन क्षेत्रका कार्यक्रम र पूर्वाधारमा बेग्लै खर्च हने भएकोले पुँजीगत खर्चको समग्र रकम भने यो भन्दा बढी हुनेछ ।

बृहत् योजनाका सबै लक्षित कार्यक्रम कार्यान्वयन गर्न लाग्ने यथार्थ लागत अनुमान गर्नका लागि कतिपय कार्यक्रमको सम्भाव्यता अध्ययन गर्नुपर्ने, दीर्घकालका लागि गरिने कतिपय कार्यक्रका लागि त्यस समयमा सो कार्यक्रमको आवश्यकता र औचित्य विश्लेषण समेत गर्नुपर्ने सन्दर्भमा हालको अवस्थालाई दृष्टिगत गरी कार्यक्रमको हालको मुल्यका आधारमा अल्पकालीन र मध्यकालीन कार्यक्रको लागत अनुमान तल प्रस्तुत गरिएको छ । दीर्घकालका कतिपय कार्यक्रम पछि नगरपालिकाले परिभाषित गर्नुपर्ने भएकोले सो अवधिको लागत अनुमान प्रस्तुत गरिएको छैन । नगरसभाबाट स्वीकृत बृहत् योजना कार्यान्वयनको क्रममा सन्दर्भ सामग्रीको रूपमा मात्र यो अनुमान प्रस्तुत गरिएको हो । लागत अनुमान गर्दाको विस्तृत विवरण नगरमा सुरक्षित रहेकोले त्यसलाई अद्यावधिक गरी वार्षिक योजना कार्यान्वयनको क्रममा उपयोग गरिने छ ।

तालिका ६.१ : लागत अनुमानको सार संक्षेप

क. आर्थिक बिकास

क्र. सं.	आर्थिक विकास अन्तर्गतका उपक्षेत्र	लागत अनुमान (रू. लाखमा)		
		कुल लागत	अल्पकालीन (पहिलो २ बर्ष)	मध्यकालीन (३ देखि ७ बर्ष)
१	कृषि तथा पशुपालन	४३६०	१८४०	२५२०
२	पर्यटन	५६५०	९२५	४७२५
३	उद्योग र वाणिज्य	७३४०	१६४०	५७००
४	आर्थिक पूर्वाधार तथा राजस्व अभिवृद्धि	८१०	२८५	५२५
५	सहकारी	२४०	२१०	३०
६	सीप तथा रोजगारी	३१८५	५१०	२६७५
७	संस्थागत विकास (आर्थिक विकास)	२३०	१३०	१००
	जम्मा	**२१८१५**	**५५४०**	**१६२७५**

ख. सामाजिक विकास

क्र. सं.	सामाजिक विकास अन्तर्गतका उपक्षेत्र	लागत अनुमान (रू. लाखमा)		
		कुल लागत	अल्पकालीन (पहिलो २ बर्ष)	मध्यकालीन (३ देखि ७ बर्ष)
१	शैक्षिक विकास	११,७८६	२,०६०.५०	९,७२५.५०
२	स्वास्थ्य	३१७४	१७८२	१३९२
३	सम्पदा संरक्षण	११५४	७५९	३९५
४	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	९५२	३३१	६२१
	जम्मा	**१७,०६६**	**४,९३२.५०**	**१२,१३३.५०**

ग. पूर्वाधार विकास

क्र. सं.	पूर्वाधार विकास अन्तर्गतका उपक्षेत्र	लागत अनुमान (रू. लाखमा)		
		कुल लागत	अल्पकालीन (पहिलो २ बर्ष)	मध्यकालीन (३ देखि ७ बर्ष)
१	भू-उपयोग तथा आवास व्यवस्थापन	१०३०	३१०	७२०
२	पार्क तथा मनोरञ्जन	१७२५	५१५	१२१०
३	यातायात	२०७७२	३०८४	१६७८८
४	सार्वजनिक निर्माण	४५२१	१४३६	३०८५
	जम्मा	**२८०४८**	**६२४५**	**२१८०३**

घ. बन, वातावरण तथा विपद् व्यवस्थापन

क्र. सं.	बन, वातावरण तथा विपद् व्यवस्थापनका उपक्षेत्र	लागत अनुमान (रू. लाखमा)		
		कुल लागत	अल्पकालीन (पहिलो २ बर्ष)	मध्यकालीन (३ देखि ७ बर्ष)
१	प्राकृतिक स्रोत र वातारण	२२०४	८५९	१३४५
२	विपद् तथा आपत्कालीन व्यवस्थापन	३५०३	१३८३	२१२०
	जम्मा	**५७०७**	**२२४२**	**३४६५**

ङ. संस्थागत विकास र सुशासन (संस्थागत विकासका कार्यक्रम सम्वन्धित क्षेत्रमा नै समेटिएको)

क्र. सं.	संस्थागत बिकास र सुशासनका उपक्षेत्र	लागत अनुमान (रू. लाखमा)		
		कुल लागत	अल्पकालिन (पहिलो २ बर्ष)	मध्यकालिन (३ देखि ७ बर्ष)
१	सुशासन	७५	४०	३५
	जम्मा	**७५**	**४०**	**३५**

समग्र लागत अनुमान (रू. लाखमा)

कुल जम्मा	अल्पकालीन (पहिलो २ बर्ष)	मध्यकालीन (३ देखि ७ बर्ष)
७२,७११	१८,९९९.५०	५३,७११.५०

माथि उल्लिखित लागत अनुमानमा प्रशासनिक खर्च तथा सेवा उपभोग खर्च समावेश छैन। त्यसैले करिब ३० प्रतिशत लागत त्यसका लागि थप हुने अनुमान गरिएको छ भने यो अनुमान आ.व. २०७६/७७ को मुल्यमा गरिएको हुनाले मुद्रास्फितीलाई ध्यान दिएर मौद्रिक मुल्यलाई यथार्थ मुल्यमा रूपान्तरण गर्दै जानुपर्ने हुन्छ।

माथि उल्लिखित खर्चको अनुमानित स्रोत :

१. आन्तरिक राजस्वको रकम हरेक वर्ष औसत २० प्रतिशतले वृद्धि भई आ.व. २०९६/९७ सम्ममा २५ करोड हाराहारी पुग्ने अनुमान गरिएको छ।

२. संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा संघ, प्रदेश र स्थानीय सरकार बिचको राजस्व बाँडफाँडको रकम क्रमशः बढ्दै जाने अपेक्षा गरिएको छ।

३. नीति निर्माण र प्रवर्द्धनात्मक कार्यक्रमका लागि स्थानीय सामुदायिक संस्था तथा अन्य विभिन्न संघ संस्थासँग साझेदारी हुने अपेक्षा गरिएको छ।

४. कतिपय महत्वपूर्ण पूर्वाधारका लागि स्मार्ट सिटी योजना अनुसार शहरी विकास मन्त्रालय र अन्य कतिपय भौतिक पूर्वाधार विकासका लागि संघ, प्रदेश र अन्य बाह्य निकायको लगानीका लागि आवश्यक पहल गरिने छ।

५. आर्थिक विकास अन्तर्गतका सीपमूलक कार्यक्रम तथा पूर्वाधार विकासका कार्यक्रममा निजी, सार्वजनिक, सहकारी साझेदारीका आधारमा कार्य अघि बढाइने छ।

६. राजस्वको दायरा विस्तारमा केन्द्रित गतिविधि र लगानी समेत बढाउने गरी कार्यक्रम प्रस्ताव गरिएको छ।

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, वालिङ, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल
कार्यालय फोन नं : +९७७ ६३ ४४०१७७ फ्याक्स : +९७७ ६३ ४४०१७७
इमेल : walingmun@gmail.com, info@walingmun.gov.np
वेबसाइट : www.walingmun.gov.np